# उनीहरु कहाँ छन् ?

## भाग ३

### बलपूर्वक बेपत्ता भएका व्यक्तिहरूको विवरण

(२०५२ फागुन १ गतेदेखि २०६३ मङ्सिर ५ गतेसम्म)

**सल्लाहकार**

सुबोधराज प्याकुरेल

विजयराज गौतम

**सम्पादक मण्डल**

योगीश खरेल, मदन पौडेल, प्रशन्नता वस्ती

दीपेन्द्रप्रसाद पन्त, गणेश भण्डारी, नीर लामा

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

कलङ्की, स्यूचाटार, पो.ब.नं. २७२६, काठमाडौँ

फोनः ४२७८७७०, फ्याक्सः ४२७०५५१

इमेलः insec@insec.org.np

वेबसाइटः www.insec.org.np/www.inseconline.org

# उनीहरू कहाँ छन् ?
## भाग ३


**तथ्याङ्क प्रशोधन**

प्रमीन घिमिरे

अनुज केसी

**सहयोगी**

प्रार्थना भट्टराई

सृजना नेपाल

**आवरण**

गीता माली

**लेआउट**

गोविन्दप्रसाद त्रिपाठी

गीता माली

**प्रकाशन मिति**

२०६७

**सङ्ख्या**

एक हजारप्रति

**प्रकाशक**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)



**सर्वाधिकार**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)मा सुरक्षित



**मुद्रक**

धौलागिरी अफसेट प्रेस, मदननगर, बल्खु

फोन २००४६१२

# भूमिका

नेपालमा नागरिक बेपत्ता पारिने परम्पराको इतिहास आधा शताब्दीभन्दा पुरानो छ। आजभन्दा करिब ६० वर्ष अघिदेखि मानवअधिकार विरोधी यस्तो क्रियाकलाप हुँदै आएको छ। फरक यत्तिमात्र हो कि कुनै कालखण्डमा केही कम नागरिक यस्तो ज्यादतीबाट पीडित भए भने कुनै कालखण्डमा अत्यधिक बढी। नेपालमा राज्य संयन्त्रद्वारा बलपूर्वक बेपत्ता पारिने क्रमको शुरूवात २००७ सालको दिल्ली सम्झौताको विरोधमा भएका कार्यक्रमहरूको दौरान भएको पाइन्छ। दिल्ली सम्झौताको विरोधमा जुटेका र २००८ सालदेखि बेपत्ता पारिएका रामप्रसाद राईको अवस्थाबारे अहिलेसम्म केही पत्ता लाग्न सकेको छैन। त्यसैगरी हनुमाननगर, सप्तरीका सुकदेव सिंहलाई २०१३ सालमा सप्तरीकै हनुमाननगर इनरूवाबाट गिरफ्तार गरी बेपत्ता पारिएकोमा अहिलेसम्म उनको अवस्थाको बारेमा कुनै यथार्थ खुल्न सकेको छैन।

२०१७ सालमा निरङ्कुश पञ्चायती शासन व्यवस्थाको स्थापनासँगै नेपालमा नागरिकहरूलाई बेपत्ता पार्ने क्रम बढेको हो। पञ्चायतकालमा राजनीतिक प्रतिशोधका कारण गिरफ्तार गरी बेपत्ता पारिएका नागरिकहरूका सम्बन्धमा छानबिन गर्न २०४७ साउन १६ गते सूर्यबहादुर शाक्य अध्यक्ष तथा वरिष्ठ अधिवक्ता वासुदेव ढुङ्गाना, डा. सच्चेकुमार पहाडी र स्व. प्रकाश काफ्ले सदस्य रहनुभएको “प्रजातन्त्र पुनर्स्थापनाको सिलसिलामा बेपत्ता पारिएका मानिस पत्ता लगाउने समिति” को गठन भएको थियो। उक्त समितिले २०४८ वैशाख ८ गते तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईसमक्ष प्रतिवेदन बुझाएको थियो। तर बिडम्बना, अहिलेसम्म उक्त प्रतिवेदनले गरेका सिफारिशहरू कार्यान्वयन गरिएका छैनन्।

प्रजातन्त्र पुनर्स्थापना भएपछि यस्तो क्रम रोकिन्छ भन्ने आशा आम नागरिकहरूमा पलाएको थियो। तर, २०५२ सालमा सशस्त्र द्वन्द्वको शुरूवात भएपछि बेपत्ता पारिने क्रम व्यवस्थित ढङ्गबाट आरम्भ भयो। ऐतिहासिक रूपमा स्थापित हुँदै आएको दण्डहीनताको संस्कृतिले त्यस्ता कार्यलाई प्रोत्साहन मिलेको थियो। दण्डहीनताको संस्थागत प्रश्रयका कारण मानवअधिकार उल्लङ्घनका गम्भीर घटनाहरूका बारेमा पनि राज्य संयन्त्र पूर्णत: मौन रहने परम्परा अद्यावधि कायमै छ । बेपत्ता पारिनेजस्तो जघन्य अपराधलाई रोक्न नेपाल सरकारले जबर्जस्ती बेपत्ताबाट व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तराष्ट्रिय महासन्धि अनुमोदन गर्नु जरुरी छ।

सशस्त्र द्वन्द्व अवधिभर राज्यद्वारा नागरिकहरू बेपत्ता पार्ने कार्य योजनाबद्ध ढङ्मा अगाडि बढाइयो। अर्कातर्फ, विद्रोही नेकपा माओवादी पनि नागरिकहरूलाई अपहरण गरी बेपत्ता पार्ने कार्यमा अग्रसर रह्यो। युद्धरत दुवैपक्षले युद्ध रणनीतिको रूपमा बेपत्ता र अपहरण जस्ता मानवअधिकार विरोधी कार्यलाई अङ्गीकार गरे। फलस्वरूप बेपत्ता पार्ने र अपहरण गर्ने कार्यमा तत्कालीन समयमा नेपाल विश्वमा सबैभन्दा बढी नागरिक बेपत्ता पारिने राष्ट्रहरूको सूचीमा अग्रपङ्क्तिमा दर्ज हुन पुग्यो। यस्तो भयावह अवस्था अवलोकन गरेर बलपूर्वक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यदलले २०६१ मङ्सिर २१ देखि

२९ गते (६-१४ डिसेम्बर २००४) सम्म नेपाल भ्रमण गरेको थियो। कार्यदलको प्रतिनिधित्व यसका अध्यक्ष समाधिक्षक स्टेफन जे. टुप र कार्यदलका सदस्य सैयद राजी खोरासनीले गरेका थिए। कार्यदलले सन् १९८० देखि २००७ सम्म नेपालमा जबर्जस्ती बेपत्ताका कूल ५ सय ३१ वटा घटनाका सम्बन्धमा सरकारसमक्ष चासो व्यक्त गर्दै पत्राचार गरेको थियो। कार्यदलले गरेका सिफारिसहरूकै आधारमा केही कानुनमा संशोधन भएका छन्। बेपत्तासम्बन्धी विधेयक निर्णयार्थ संसद्मा प्रस्तुत भएको छ। यद्यपि मस्यौदा विधेयकमा सुधारिनु पर्ने स्थान प्रशस्त छन्।

सरकार र नेकपा माओवादीले २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य त भयो। तर, सम्झौतामा उल्लेख भएबमोजिम बलपूर्वक बेपत्ता पारिएका मानिसहरूको अवस्था ६० दिनभित्र सार्वजनिक गरिने प्रतिबद्धताको कार्यान्वयनको प्रतीक्षामा पीडितका परिवार छन्। यस पुस्तकमा राज्यपक्षबाट र तत्कालीन विद्रोही पक्षबाट गरी बलपूर्वक बेपत्ता पारिएका ९ सय ३५ जनाको अद्यावधिक विवरण समाविष्ट छ। शान्ति सम्झौता भएको चार वर्ष पुग्दा पनि उनीहरूको अवस्थाका पत्ता लगाउने कार्यमा राज्य तथा राजनीतिक दलले उल्लेख्य काम गर्न सकेका छैनन्। त्यसैले हामी सबैले सोधौँ- **उनीहरू कहाँ छन् ?**

**१० डिसेम्बर २०१०, अन्तर्राष्ट्रिय मानवअधिकार दिवस**

**सुबोधराज प्याकुरेल**
अध्यक्ष

# विषयसूची


१. नेपालमा बलपूर्वक बेपत्ताः एक सङ्क्षिप्त विश्लेषण १–१४

२. क्षेत्रगत विवरण १५–३४७

२.१ पूर्वाञ्चल १५

२.२ मध्यमाञ्चल ४९

२.३ पश्चिमाञ्चल ११७

२.४ मध्यपश्चिमाञ्चल १६७

२.५ सुदूरपश्चिमाञ्चल ३२९

अनुसूचीहरू

१. सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता भएकाहरूको नामावली ३४८

२. बेपत्ता पारिने कार्यविरुद्ध र बेपत्ता पारिनबाट नागरिकलाई संरक्षण प्रदान गर्ने अन्तर्राष्ट्रिय मापदण्डहरू ३५५

३. बेपत्ता पारिने कार्यविरुद्ध र बेपत्ता पारिनबाट नागरिकलाई संरक्षण प्रदान गर्ने राष्ट्रिय मापदण्डहरू ३७५

४. उनीहरू कहाँ छन् ? भाग ३ तयारीका क्रममा संलग्न व्यक्तिहरू ३८३

# उल्लेख गर्नैपर्ने विषयहरू

१. यस पुस्तकमा २०५२ फागुन १ देखि २०६३ मङ्सिर ५ गतेसम्म भएको सशस्त्र द्वन्द्वको अवधिमा द्वन्द्वरतपक्षबाट बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको विवरण मात्र समावेश गरिएको छ।

२. पुस्तकमा विवरणसहित उल्लेख गरिएका व्यक्तिहरू सशस्त्र द्वन्द्वका क्रममा बलपूर्वक बेपत्ता पारिएकाहरू हुन्। पुस्तकमा द्वन्द्वमा सामेल भएका वा हराएका व्यक्तिहरूको विवरण उल्लेख छैन। उनीहरूको नाम ठेगाना पुस्तकको अनुसूची १ मा संलग्न गरिएको छ।

३. पुस्तकमा उल्लेख गरिएको विवरणलाई यथासक्य विश्वसनीय बनाउन प्रयास गरिएको छ। देशका ७५ जिल्लामा रहेका प्रतिनिधि घटनाको पुष्टि र पुर्नपुष्टि गर्न पीडितको थातथलोसम्म पुगेका छन्। जसमा तेह्रथुम, सर्लाही, दोलखा, मनाङ, मुस्ताङ, पाल्पा, गुल्मी, प्युठान, डोल्पा, हुम्ला, बझाङ र दार्चुला जिल्लामा बलपूर्वक बेपत्ताका घटनाहरू भएको पाइएन।

४. बेपत्ता पारिएका व्यक्तिहरूको विषयमा इन्सेकले नियमित अनुगमन गरिरहेको छ। नवीनतम जानकारीका आधारमा अद्यावधिक गरिने भएकाले यसका तथ्याङ्कमा कहिलेकाहीँ फेरबदल हुनसक्छ। अद्यावधिक तथ्याङ्क र विवरणका लागि http://www.insec.org.np/victim/ हेर्नुहुन अनुरोध छ।

# नेपालमा बलपूर्वक बेपत्ता :
# एक सङ्क्षिप्त विश्लेषण

## १ पृष्ठभूमि

नेपालमा राज्य संयन्त्रद्वारा बलपूर्वक बेपत्ता पारिने कार्यको शुरूवातको अभिलेख प्रजातन्त्रको अभ्यासको क्रममा २००७ सालमा सम्पन्न दिल्ली सम्झौताको विरोधमा भएका कार्यक्रमहरूको दौरानबाट भएको पाइन्छ। दिल्ली सम्झौताको विरोधमा क्रियाशील रामप्रसाद राईको अवस्थाबारे अहिलेसम्म केही पत्ता लाग्न सकेको छैन। त्यसैगरी हनुमाननगर, सप्तरीका सुकदेव सिंहलाई २०१३ सालमा सप्तरीकै इनरूवाबाट गिरफ्तार गरी बेपत्ता पारिएकोमा उनको बारेमा यथार्थ ज्ञान हुन सकेको छैन। पञ्चायतकालमा व्यवस्था विरोधीलाई समन गर्ने उद्देश्यका साथ बलपूर्वक बेपत्ता पार्ने कार्य व्यवस्थित तवरले आरम्भ गरियो भने ०४६ सालमा प्रजातन्त्र पुनस्थापना भएपछि पनि यो क्रम भङ्ग भएन। नेकपा माओवादीले "जनयुद्ध" आरम्भ गरेपछि बेपत्ता गर्ने कार्य दिनानुदिन फैलँदै गएको त थियो नै, झन् ०५८ मङ्सिर ११ गते देशमा सङ्कटकाल घोषणाको साथसाथै लागू भएको आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशले बलपूर्वक बेपत्ता बनाउने काममा मलजल थप्यो। अर्कोतिर, तत्कालीन नेकपा माओवादीले मानिसहरूको अपहरणलाई युद्ध रणनीतिको रूपमा उपयोग गरेकाले अपहरितमध्ये कैयनको अवस्था अज्ञात छ। नेपालमा विद्यमान दण्डहीनताले ज्यादै ठूलो सङ्ख्यामा मानिसहरूलाई पीडा दिने कारणमध्ये एक बलपूर्वक बेपत्ता पार्ने कार्य र यससम्बन्धी पीडित परिवारका अनुत्तरित प्रश्न हुन्। प्रचलित नेपाल कानुनले बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधको कोटीमा नराखे तापनि अन्तर्राष्ट्रिय कानुनले बलपूर्वक बेपत्ता पार्ने कार्यबाट व्यक्तिहरूलाई संरक्षण प्रदान गरेको छ। विगतको सशस्त्र द्वन्द्वका क्रममा मानिसलाई बलपूर्वक बेपत्ता पार्ने कार्य व्यापक र व्यवस्थित ढङ्गबाट भयो।[1] सशस्त्र द्वन्द्वको विधिवत अन्त्यका लागि गरिएको बृहत् शान्ति समझौता भएको तीन वर्ष बितिसक्दा पनि सशस्त्र द्वन्द्वको अवधिमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको न अवस्था सार्वजनिक हुन सकेको छ न त दोषीहरू पत्ता लगाउने विधिवत संयन्त्रको गठन नै भएको छ।

## २. नेपालमा बलपूर्वक बेपत्ता पार्ने कार्यको इतिवृत

### २.१ पञ्चायतकालमा बलपूर्वक बेपत्ता


राणा शासनको निरङ्कुश १ सय ४ वर्ष र त्यस अघिको नेपालमा बलपूर्वक बेपत्ता पारिएका घटनाहरूको अभिलेख पाइदैन । बरू शासकहरूले राजनीतिक प्रतिद्वन्द्वी वा सरकार विरूद्ध लाग्नेलाई मृत्युदण्ड दिने गरेको इतिहासले बताउँछ । २००८ सालमा रामप्रसाद राई बेपत्ता पारिएका पहिलो व्यक्ति थिए। बलपूर्वक बेपत्ता पार्ने कृत्य पञ्चायती शासन व्यवस्थाको स्थापनासँगै बढ्दै गएको हो। प्रहरीद्वारा २०१७ सालमा गिरफ्तार गरिएका रामेछापका रूद्रप्रसाद भट्टराई र २०१८ सालमा गिरफ्तार गरिएका पाँचथर रवि गाविसका कल्याण राईको हालसम्म कुनै पत्ता लाग्न सकेको छैन। त्यसैगरी २०१८ सालमै बेपत्ता पारिएका धादिङका बैकुण्ठ अधिकारी र सेते गुरूङ, पाँचथरका डाकमान तामाङ र पासाङ तामाङ, २०३६ सालमा बेपत्ता पारिएका सर्लाहीका हरिहर राय यादव तथा २०१७ वा २०१८ साल यकिन हुन नसकेको मितिमा बेपत्ता पारिएका पाँचथर जिल्ला अम्बरपुर गाविसका लालबहादुर राईको अवस्था पनि सार्वजनिक हुन सकेको छैन।

बेपत्ता हुँदाको अवस्थामा गिरफ्तार परेको भन्ने खुल्न नआए तापनि सङ्खुवासभाका महेश्वर चौलागाईं र गोविन्दप्रसाद दाहाल, भोजपुरका पूर्णलाल उदास, ओखलढुङ्गाका टीकाराम अधिकारी, रामहरि दाहाल र पहलमान कार्की, सिन्धुलीका खड्गबहादुर लुङ्गेली मगर, रामेछापका केशरबहादुर खड्का, चितवनका श्रीहर्ष खनाल, स्याङ्जाका जीतबहादुर सिँजाली (राना), लमजुङका हर्षबहादुर प्रधान, सल्यानका शङ्करप्रसाद शर्मा (रेग्मी), बाँकेका गणेशराज गौतम र बैतडीका बलभद्र जोशी पनि पञ्चायतकालमै राजनीतिक आस्थाकै कारण बेपत्ता पारिएका थिए।

काठमाडौं तथा देशका अन्य विभिन्न भागमा २०४२ असार ६ गते बम विस्फोटन भएपछि गिरफ्तार गरिएकामध्ये धनुषाका पद्मबहादुर मोक्तान (पदम लामा), ईश्वरचन्द्र लामा (ईश्वर लामा), डा. लक्ष्मीनारायण झा,

१. गोविन्द बन्दी, नेपालमा दण्डहीनताको अपसंस्कार एक विश्लेषण, पृष्ठ ६, इन्सेक २०६५

**बेपत्ता पारिएका व्यक्तिहरूको सङ्ख्या वर्षको आधारमा**




सत्यनारायण झा, सूर्यनाथ राय (यादव) तथा सप्तरीका दिलीप चौधरी र शाकेतचन्द्र मिश्रसमेत सातजनालाई सरकारले बेपत्ता पारेको थियो। त्यसैताका सङ्खुवासभाका महेश्वर चौलागाईंलाई पनि सरकारले बेपत्ता पारेको घटना सार्वजनिक भएको थियो।[२]

पञ्चायतकालमा राजनीतिक प्रतिशोधका कारण गिरफ्तार गरी बेपत्ता पारिएका नागरिकहरूका सम्बन्धमा छानबिन गर्न २०४७ साउन १६ गते सूर्यबहादुर शाक्य अध्यक्ष तथा वरिष्ठ अधिवक्ता वासुदेव ढुङ्गाना, डा. सच्चेकुमार पहाडी र स्व. प्रकाश काफ्ले सदस्य रहेका "प्रजातन्त्र पुनर्स्थापनाको सिलसिलामा बेपत्ता पारिएका मानिस पत्ता लगाउने समिति" को प्रतिवेदन अनुसार प्रजातन्त्र पुनर्स्थापनाको क्रममा २०१७ सालपछि कम्तिमा २७ जना र २०४२ सालको बमकाण्डको क्रममा सात जना नागरिकलाई बेपत्ता पारिएको थियो। त्यसमध्ये पाँच जना व्यक्तिको मृत्यु भएको समितिले उल्लेख गरेको छ। उक्त समितिले २०४८ वैशाख ८ गते तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईसमक्ष प्रतिवेदन बुझाएको थियो। तर बिडम्बना, अहिलेसम्म उक्त प्रतिवेदनका सिफारिशहरू कार्यान्वयन गरिएका छैनन्।[३]

**२.२ प्रजातन्त्र स्थापनापश्चात् बेपत्ता**

प्रजातन्त्र स्थापनापश्चात् मानवअधिकारको संरक्षण हुने आशा त्यतिखेर तुहिन थाल्यो जब बलपूर्वक बेपत्ता पार्ने क्रम २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना भएपछि पनि रोकिएन। २०४९ सालको स्थानीय निर्वाचनताका प्रहरीद्वारा गिरफ्तार गरिएका रामेछाप जिल्ला दोरम्बा गाविसका भुवनलाल थापा मगरलाई २०४९ जेठ १० गतेदेखि बेपत्ता पारियो। उनको अवस्थाका बारेमा सरकारले हालसम्म पनि उनका परिवारलाई यथार्थ जानकारी गराएको छैन।


त्यसैगरी रूपन्देही जिल्ला बुटवल नगरपालिका-६ लक्ष्मीपुर घर भई ललितपुर जिल्ला पुल्चोकस्थित इञ्जिनियरिङ क्याम्पसमा अध्ययनरत २० वर्षीय प्रभाकर सुवेदीलाई नेकपा (एमाले) को आह्वान र अन्य वामपन्थी दलहरूको समर्थनमा सञ्चालित आन्दोलनका क्रममा २०५० असार ११ गते रत्नपार्कमा प्रहरीले कुटपिट गर्दै गिरफ्तार गरेपछि बेपत्ता पारेको थियो। प्रहरीको कुटपिटबाट

---

२. लेखनाथ भण्डारी, कृष्ण गौतम, प्रकाश ज्ञवाली उनीहरू कहाँ छन्? भाग २, पृष्ठ २६, इन्सेक २०५६

३. कुन्दन अर्याल, संयोजक, उनीहरू कहाँ छन्? पृष्ठ ३, २०५०, इन्सेक

**सशस्त्र द्वन्द्वका क्रममा राज्यबाट बेपत्ता पारिएका व्यक्तिहरूको सङ्ख्या क्षेत्रगत आधारमा**




बेहोस भएका सुवेदीलाई प्रहरीले घिसार्दै लगेको फोटोसमेत सार्वजनिक भएको छ। उक्त घटनाका सम्बन्धमा २०५० असोज १५ गते सर्वोच्च अदालतमा मुद्दा दर्ता भएकोमा ५ वर्षपछि २०५५ मङ्सिर १५ गते अदालतले मुद्दा नै खारेज गरेको थियो।

प्रजातन्त्र स्थापनापश्चात् पनि आम नागरिकलाई बेपत्ता पार्ने काममा संलग्न दोषीहरूलाई कानुनको दायरामा ल्याउन र पीडित पक्षलाई न्याय दिन राज्य अनिच्छुक रहको देखियो। यसबाट दण्डहीनताको संस्कृतिलाई टेवा पुग्न गयो। संभवत पछिल्ला दिनमा बलपूर्वक बेपत्ता पार्नेलगायत मानअवधिकार विरोधी कृयाकलाप गर्न हौसल्यायो पनि।

### २.३ सशस्त्र द्वन्द्व र बलपूर्वक बेपत्ताको प्रवृत्ति

सशस्त्र द्वन्द्वका क्रममा नागरिकहरू दुई किसिमले बेपत्ता भएको पाइन्छ। पहिलो, द्वन्द्वरत पक्षले बलपूर्वक बेपत्ता पार्ने र दोश्रो स्वेच्छाले सङ्र्षमा सहभागी हुँदा वा अन्यत्र गएर बेपत्ता हुने। यी दुवै प्रकारबाट बेपत्ता भएका व्यक्तिहरू परिवार, समाज र राज्यको सरोकारको विषय हुन्छन् । पछिल्लो समयमा एकीकृत माओवादीको गोरखाको पालुङ्टारमा विस्तारित बैठकमा सार्वजनिक भएको विकास गन्धर्वको घटना दोश्रो कोटीको बेपत्तामा पर्दछ। मानवअधिकारका दृष्टिले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि र बलपूर्वक बेपत्ताबाट व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा परिभाषित दायराअन्तर्गतका बेपत्ताको अध्ययन गर्नुपर्ने हुन्छ।

बाल्यकालमा नै माओवादीसँग हिँडेको आफ्नो एक मात्र छोरो विकास गन्धर्व ७ वर्षअघि भोजपुरमा मारिएको खबर बैठकका सहभागीले दिएपछि गोरखाकी समुन्द्राकुमारी गन्धर्व नेताहरूकै अगाडि बेहोस भएको खबर राष्ट्रिय महत्वको विषय बन्यो। "अहिलेसम्म छोरो आउला आउला भनेर बाँचेकी थिएँ " उनको यो अभिव्यक्तिले बेपत्ता परिवारको पीडाको प्रतिनिधित्व गर्दछ। यद्यपि विकास गन्धर्व बलपूर्वक बेपत्ता पारिएका थिएनन्। सशस्त्र सङ्घर्षमा मारिएका थिए। इन्सेक र रेडक्रसको अन्तराष्ट्रिय समितिको सूचिमा विकासको नाम बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूमा समाविष्ट छैन। उनको मृत्युको यथार्थ खुल्नुअघि उनको अवस्था भने बेपत्ताकै थियो। यस्ता बेपत्ता भएकाहरूको यथार्थ त्यतिखेरमात्र खुल्न सक्छ जब एकीकृत नेकपा माओवादीले द्वन्द्वका क्रममा मारिएका व्यक्तिहरूको नाम सार्वजनिक गर्छ।

नेकपा (माओवादी) द्वारा २०५२ फागुन १

## पूर्वाञ्चल क्षेत्रमा बेपत्ता पारिएका व्यक्तिहरूको सङ्ख्या

| स्थायी ठेगाना | गैर राज्य | राज्य | | | जम्मा |
|---|---|---|---|---|---|
| | माओवादी | सेना | प्रहरी | संयुक्त सुरक्षफौज | |
| इलाम | १ | | | १ | २ |
| उदयपुर | | २ | १ | | ३ |
| ओखलढुङ्गा | | ४ | ७ | | ११ |
| खोटाङ | | १ | | | १ |
| झापा | | १० | १ | १ | १२ |
| ताप्लेजुङ्ग | २ | | | | २ |
| धनकुटा | २ | | | | २ |
| पाँचथर | १ | | | १ | २ |
| भोजपुर | | ४ | १ | २ | ७ |
| मोरङ | ५ | | २ | ६ | १३ |
| संखुवाभा | | ३ | | १ | ४ |
| सप्तरी | १ | | | ७ | ८ |
| सिराहा | २ | | १ | ८ | ११ |
| सुनसरी | १ | | | १४ | १५ |
| सोलुखुम्बु | ३ | | | | ३ |
| **जम्मा** | १८ | २४ | १३ | ४१ | ९६ |


गतेदेखि सञ्चालित "जनयुद्ध"का क्रममा नेपालको इतिहासमा सबैभन्दा बढी नागरिकहरू बेपत्ता पारिए। त्यतिमात्र होइन, नेपाल संसारमै सबैभन्दा बढी नागरिकहरू बेपत्ता पारिने राष्ट्रहरूको सूचीमा अग्रस्थानमा दरिन पुग्यो। "जनयुद्ध" दमन गर्न प्रहरीले माओवादी प्रभावित जिल्लाहरूमा २०५५ जेठ महिनादेखि "किलो शेरा टु" अप्रेशन शुरू गऱ्यो। जिल्ला-जिल्लामा विशेष कमाण्डो फोर्स परिचालन गर्न थालियो। २०५४ सालमा राज्य पक्षबाट २ र माओवादी पक्षबाट १ जना बेपत्ता पारिएका थिए भने एक वर्ष बित्दा नबित्दै क्रमश: ५८ र ३ मा उक्लिएको पाइन्छ। माओवादी र सरकारबीच पहिलो वार्ता भइरहेको समय २०५७ सालमा यो सङ्ख्या ८ र ५ मा झरेको थियो।

डोल्पा जिल्ला त्रिपुरा गाविस-२ का ३४ वर्षीय नन्दप्रसाद न्यौपाने र सर्मी गाविस-३ का प्रसाद बुढालाई २०५५ जेठ १२ गते जाजरकोट जिल्लाको रग्दा गाविसको घ्यारखोलाबाट गिरफ्तार गरी बेपत्ता पारियो।

यसैगरी महादेवपुरी गाविस-५, बाँकेका शिक्षक ३२ वर्षीय मोहनलाल वलीलाई २०५५ जेठ २९ गते राती घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी बेपत्ता पारेको थियो। गोरखा जिल्ला हर्मी गाविस घर भई कानुन व्यवसायमा संलग्न मानवअधिकार संरक्षण मञ्च, गोरखाका सदस्य राजेन्द्र ढकाललाई २०५५ पुस २४ गते माओवादीको आरोपमा तनहुँ जिल्लाको खैरेनीटार गाविस-६ जाम्दी खोलामा नुहाइरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी बेपत्ता पारेकोमा उनको स्थिति अज्ञात नै छ।

राज्यद्वारा विभिन्न जिल्लामा नागरिकहरूलाई गिरफ्तार गरी बेपत्ता पार्ने क्रममा देशको राजधानी काठमाडौँको बागबजार, टेबहाललगायत्का ठाउँबाट २०५६ जेठ २ र ७ गते दण्डपाणि न्यौपाने, नवीन गौतम, गोरेबहादुर पुर्कोटी, मिलन नेपाली, पाल्साङ लामा र डुण्डु तिवारीलाई गिरफ्तार गरी बेपत्ता पारिएको थियो। यसरी बेपत्ता पारिने क्रमको विरोध गर्दै बेपत्ता

### सशस्त्र द्वन्द्वका क्रममा राज्यपक्षबाट बेपत्ता पारिएका व्यक्तिहरू



**सशस्त्र द्वन्द्वका क्रममा राज्यपक्षबाट बेपत्ता पारिएका व्यक्तिहरू उमेर समूहका आधारमा**

| उमेर समूह | पुरुष | महिला | नखुलेको | जम्मा |
|---|---|---|---|---|
| ०–१८ | ८८ | ४४ | | १३२ |
| १९–६० | ७३५ | ५७ | | ७९२ |
| ६१ + | २ | | | २ |
| नखुलेको | | | ९ | ९ |
| जम्मा | ८२५ | १०१ | ९ | ९३५ |

पारिएकाहरूलाई तत्काल सार्वजनिक गर्न इन्सेकका तत्कालीन अध्यक्ष सुशील प्याकुरेल, कपिल श्रेष्ठ, कृष्ण पहाडी लगायतका मानवअधिकारकर्मीले दुई महिना लामो आन्दोलनको घोषणा समेत गरेका थिए। बलपूर्वक बेपत्ताको भयावह श्रृङ्खला विरुद्ध मानवअधिकारकर्मीहरूले आवाज उठाउनु स्वभाविक थियो। यसरी शुरू भएको बेपत्ता पार्ने क्रम २०५८ मङ्सिरमा देशमा पहिलो पटक सङ्कटकालीन अवस्था र त्यसलगत्तै आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश लागू भएपछि अत्यधिक मात्रामा बढ्न पुग्यो। यस्तो क्रम २०६३ वैशाख अर्थात् लोकतन्त्रको स्थापना नहोउञ्जेलसम्म जारी नै रह्यो।[४]

सशस्त्र द्वन्द्वका क्रममा सुरक्षा निकायले कुनै पनि व्यक्तिलाई माओवादीको आशङ्कामा गिरफ्तार गर्ने, तर किन गिरफ्तार गरिएको हो ? भन्ने जानकारी पनि परिवारलाई गराउँदैनथ्यो। सादा पोशाकमा आएका सुरक्षाकर्मीहरूले गिरफ्तार पूर्जीका साथै आफ्नो परिचयसमेत दिँदैनथे। बिनासूचना व्यक्तिहरूलाई जहाँ, जुनसुकै ठाउँबाट पनि गिरफ्तार गरिने प्रचलन सामान्य हुँदै गयो। राज्य उत्तरदायीविहीन भूमिकामा रहेका कारण बेपत्ता पारिने क्रम पनि बढ्दै गयो।

२०५८ सालदेखि २०६१ सालसम्मको अवधिमा राज्यपक्षबाट ६ सय ६३ जना र विद्रोही माओवादीबाट ५६ जना बेपत्ता पारिएका थिए। परिवारले विभिन्न माध्यमबाट आफ्नो मान्छेलाई गिरफ्तार गरेको थाहा पाएको अवस्थामा आफन्तलाई भेट्न सुरक्षा निकायहरूसमक्ष पुग्दा गिरफ्तार नै नगरिएको जवाफ त्यस्ता निकायका पदाधिकारीहरूले दिने गर्दथे। यसै कालमा पहिलो पटक शाही नेपाली सेना परिचालन गरिएको थियो। बेपत्ता पार्ने काममा सेना नै बढी अग्रसर रहेको पाइएको छ।

गङ्गापुर गाविस-४ का २० वर्षीय अयोध्याप्रसाद गोडियालाई माओवादीको आरोपमा २०६० कार्तिक १२ गते बिहान संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। सोही दिन सुरक्षाकर्मीले उनका

**पश्चिमाञ्चल क्षेत्रका बेपत्ता पारिएका व्यक्तिहरूको सङ्ख्या**

| स्थायी ठेगाना | गैर राज्य | | राज्य | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | माओवादी | नखुलेको | सेना | प्रहरी | संयुक्त सुरक्षाकर्मी | |
| अर्घाखाँची | | | १ | | १ | २ |
| कपिलवस्तु | ४ | | ५ | | २ | ११ |
| कास्की | १ | | ६ | १ | ८ | १६ |
| गोरखा | | | १३ | १० | | २३ |
| तनहुँ | | | २ | ८ | | १० |
| नवलपरासी | ३ | | ४ | ४ | २ | १३ |
| पर्वत | | | ३ | | १ | ४ |
| बाग्लुङ | २ | | २ | | १५ | १९ |
| म्याग्दी | | | १ | | १ | २ |
| रुपन्देही | | | १ | | १ | २ |
| लमजुङ | २ | | ४ | ५ | ७ | १८ |
| स्याङ्जा | ३ | १ | ३ | | २ | ९ |
| **जम्मा** | १५ | १ | ४५ | २८ | ४० | १२९ |

४. प्रेक्षा ओझा, विद्या चापागाईं कमजोर जवाफदेहीता पृष्ठ ५, २०५६, इन्सेक

**मध्यपश्चिमाञ्चल क्षेत्रका बेपत्ता पारिएका व्यक्तिहरूको सङ्ख्या**


| स्थायी ठेगाना | गैर राज्य | राज्य | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | माओवादी | सशस्त्र प्रहरी | सेना | प्रहरी | संयुक्त सुरक्षाफौज | |
| कालिकोट | ६ | १ | ९ | २ | ७ | २५ |
| जाजरकोट | ३ | | ४ | १४ | | २१ |
| जुम्ला | | | १ | १ | | २ |
| डोल्पा | | | २ | | | २ |
| दाङ | ८ | ३ | ३७ | ४ | १७ | ६९ |
| दैलेख | १ | | | | | १ |
| बर्दिया | १३ | | १६९ | १९ | १९ | २२० |
| बाँके | ४ | १ | २१ | २४ | ११ | ६१ |
| मुगु | १ | | १ | | | २ |
| रोल्पा | ४ | | १२ | ११ | | २७ |
| सल्यान | २ | | १७ | ८ | १ | २८ |
| सुर्खेत | ३ | | ६ | ४ | १ | १४ |
| जम्मा | ४५ | ५ | २७९ | ८७ | ५६ | ४७२ |

पीडितका बाबु बिहारी गोडियालाई पनि गिरफ्तार गरी बेपत्ता पारेका थिए। परिवारका मानिस संयुक्त सुरक्षा क्याम्पको वेश क्याम्प, सोनवर्षामा जाँदा सेन्ट्रीमा बसेका सुरक्षाकर्मीले अयोध्या त्यहीं भएको बताएका थिए। परिवारका सदस्यले उनलाई कपडा लगिदिएका थिए। एक महिनासम्म त्यही क्याम्पमा राखिएका अयोध्यालाई त्यसपछि कहाँ लगियो केही थाहा हुन सकेन। यसबाट पनि सुरक्षा निकाय जनताको सुरक्षामा बेजिम्मेवार देखिन्छ।

२०६१ सालदेखि २०६३ सालसम्म आइपुग्दा बलपूर्वक बेपत्ताका घटना न्यून हुँदै गयो। यसबीच राज्यपक्षबाट ७३ र माओवादी पक्षबाट ३८ जना बेपत्ता पारिएका थिए। यो तत्कालीन राजा ज्ञानेन्द्रको निरङ्कुशता विरुद्ध दलहरू र माओवादीबीचको सम्बन्ध नजिकिँदै गएको समय थियो।

क्षेत्रगत आधारमा हेर्ने हो भने सबैभन्दा बढी

**जातजातिका आधारमा बलपूर्वक बेपत्ता सङ्ख्या**



बलपूर्वक बेपत्ता मध्यपश्चिमाञ्चल क्षेत्रमा पारिएको थियो। जहाँ माओवादी जनयुद्धको प्रभाव अन्य क्षेत्रको तुलनामा घनिभूत थियो।

मध्यपश्चिम क्षेत्रमा पनि बर्दिया जिल्ला सबैभन्दा बढी बेपत्ता पारिएको जिल्ला हो जहाँ राज्य पक्षबाट २०७ र माओवादी पक्षबाट १३ जना बेपत्ता पारिएका थिए। बर्दिया जिल्लाको चिसापानी ब्यारेक बेपत्ता पार्ने ब्यारेकको सबैभन्दा ठूलो भूमिका रहेको यस पुस्तकका विवरणहरूबाट पनि प्रष्टिन्छ। बर्दियापछि दाङ र बाँके त्यस्तो जिल्लामा पर्दछन् जहाँ बढी सर्वसाधारणहरू बेपत्ता पारिएका थिए।

जातजातिका अधारमा हेर्ने हो भने सबैभन्दा बढी जनजाति ४०८ जना र बाहुनक्षेत्री ३६८ जना यस अवधिमा बेपत्ता पारिएका थिए भने २५० भन्दा बढी थरका व्यक्तिहरू बलपूर्वक बेपत्ताा पारिएका थिए। लैङ्गिक आधारमा हेर्ने हो भने माओवादीपक्षले महिलाहरूलाई कम सङ्ख्यामा  बेपत्ता पारेको छ । बलपूर्वक बेपत्ता पारिएका १ सय १ जना महिलामध्ये माओवादीले ८ जना महिलामात्र बेपत्ता पारेको छ। सबैभन्दा बढी महिला बर्दिया जिल्लामा राज्यबाट बेपत्ता पारिएका छन् जसको सङ्ख्या २७ जना रहेको छ।

**३ बलपूर्वक बेपत्ताको विषयमा सर्वोच्च अदालत**

सरकारको उदासीनताबाट निराशोन्मुख पीडित परिवारले न्यायको लागि सर्वोच्च अदलतदेखि अन्तराष्ट्रिय तहसम्म गुहार माग्नुको विकल्प भेटेनन्। नेपालमा बेपत्ता पारिएकाहरूको सार्वजनिकीकरणका लागि सर्वोच्च अदालतले २०६४ जेठ १८ गते गरेको फैसला अत्यन्त महत्वपूर्ण मानिन्छ। सर्वोच्च अदालतले विभिन्न समयमा अदालतमा दायर हुन आएका ८३ वटा बन्दी प्रत्यक्षीकरणका रिट निवेदनहरूलाई एकै ठाउँमा राखी जेठ १८ गते एक निर्णय गरी बेपत्ता नागरिक छानबिनका लागि अधिकारसम्पन्न आयोग गठन गर्न, बेपत्ता पार्ने कार्यलाई अपराध मानी कानुन बनाई लागू गर्न र बेपत्ता पारिएका व्यक्तिहरूका परिवारलाई क्षतिपूर्ति दिन सरकारलाई आदेश दिएको थियो।[५]

यसअघि, विभिन्न समयमा गिरफ्तार परेका नागरिकहरूलाई काठमाडौँस्थित सेनाको भैरवनाथ गणमा चरम यातना दिइएको र बेपत्ता बनाएको दाबी गर्दै परेको रिटमा २०६३ पुस २५ गते सर्वोच्च अदालतले उक्त गणमा बेपत्ता बनाइएका ४९ बन्दीको अवस्था खोजबिन गरी प्रतिवेदन बुझाउन न्यायाधीश टोलीलाई आदेश दिएको थियो। सुरक्षाकर्मीहरूद्वारा सन् १९९९ र २००२ मा गिरफ्तार गरिएका चारजना व्यक्तिको बेपत्ता स्थितिका सम्बन्धमा अनुसन्धान गर्ने प्रयोजनका लागि पहिलो पटक सर्वोच्च अदालतले २८ अगष्ट २००६ (२०६३ भदौ) मा आदेश दिएको थियो। उक्त आदेशबमोजिम २०६३ असोजमा पुनरावेदन अदालतका न्यायाधीश लोकेन्द्रबहादुर मल्लिकको अध्यक्षतामा एक टोली गठन भयो। जनवरी २००७ मा उक्त टोलीलाई ओएचसीएचआरको प्रतिवेदनमा उल्लेख गरिएका, भैरवनाथ गणबाट बेपत्ता पारिएका ४९ जना व्यक्तिहरूको अवस्था सम्बन्धमा पनि अनुसन्धान गर्ने आदेश सर्वोच्च अदालतले दिएको थियो।

सो समितिले बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा छानबिन गर्नका लागि उच्चस्तरीय छानबिन समिति गठन

**बर्दिया जिल्लामा बेपत्ता पारिएका व्यक्तिहरू (जातका आधारमा)**

| जात | गैरराज्य | राज्य | | | जम्मा |
|---|---|---|---|---|---|
| | माओवादी | सेना | प्रहरी | संयुक्त सुरक्षाकर्मी | |
| अन्य | | ३ | | | ३ |
| क्षेत्री | | १ | | | १ |
| जनजाति | ५ | १३७ | १७ | १८ | १७७ |
| दलित | १ | ३ | | | ४ |
| बाहुन क्षेत्री | ५ | २३ | २ | १ | ३१ |
| मधेसी | १ | २ | | | ३ |
| मुस्लिम | १ | | | | १ |
| जम्मा | १३ | १६९ | १९ | १९ | २२० |

५. सर्वोच्च अदालत, सर्वोच्च अदालत बुलेटिन, काठमाडौं, २०६४ जेठ, पृ. १-२

गर्न र बेपत्ता पार्ने कार्यलाई अपराध घोषित गरी कानुन निर्माण गर्न सुझाव दिएको थियो।

सरकारले बेपत्ता पारिएको भनिएका नागरिकहरूको अवस्था सार्वजनिक गर्न केही वर्षअघि दुईवटा सरकारी समितिहरू गठन भएका थिए। ती दुई समितिहरूले कूल ५ सय ८१ जनाको अवस्था सार्वजनिक गरे। तर पनि, बेपत्ता पारिएका सयौं व्यक्तिहरूको बारेमा ती सूचीमा कुनै तथ्य उल्लेख गरिएको छैन। पछिल्लोपटक २०६३ जेठ ११ गते सरकारले बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गर्न अर्को एक सदस्यीय समिति गठन गरेको थियो, जसले ६ सय २ जनाको अवस्था अज्ञात रहेको र १ सय ७४ जनाको अवस्थाका बारेमा जानकारी भएको उल्लेख गरेको थियो।

बेपत्ता नागरिकहरूको यथास्थिति पत्ता लगाई सार्वजनिक गर्नका लागि सरकारले सशस्त्र द्वन्द्वको अवधिभर कुनै न्यायिक आयोग गठन गरेन। तर, यससम्बन्धमा चौतर्फी दबाब बढ्दै गएपछि सरकारले सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता भएकाको स्थिति सार्वजनिक गर्न २०६४ असार १२ गते सर्वोच्च अदालतका पूर्वन्यायाधीश नरेन्द्र न्यौपानेको संयोजकत्वमा तीन सदस्यीय उच्चस्तरीय छानबिन आयोग गठन गरेको घोषणा गर्‍यो। छानबिन आयोगको सदस्यमा नेपाल बार एसोसिएसनका पूर्वउपाधक्ष्य शेरबहादुर केसी र नेपाल बार एसोसिएसनका महासचिव रमन श्रेष्ठ नियुक्त गरिएको सार्वजनिक गरियो।

बेपत्ता पार्ने कार्यविरूद्ध सर्वोच्च अदालतको आदेशबमोजिम कानुन बनाउने र त्यसका आधारमा शक्तिसम्पन्न आयोग गठन गर्नुपर्ने मानवअधिकार समुदायको मागलाई सरकारले लत्याउन सकेन। फलत: आयोगका पदाधिकारीहरूलाई हालसम्म नियुक्ति पत्रसमेत दिइएको छैन। यसरी बलपूर्वक बेपत्ता पार्ने कार्य विरूद्ध कानुन निर्माण नै नगरिकन केवल सरकारले काम गरेको देखाउने नियतका साथ अगाडि सारिएको आयोग अन्तत: अस्तित्वमा नै आउन सकेन।

विस्तृत शान्ति सम्झौता, सर्वोच्च अदालतको आदेश एवम् राष्ट्रिय तथा अन्तराष्ट्रिय मानवअधिकार समुदाय, पीडितपक्षको चाहनाअनुरूप बलपूर्वक बेपत्ता पारिएका नागरिकहरूको अवस्था छानबिन गर्न आयोग बनाउने उल्लेख भए अनुसार सरकारले ढिलै भए पनि बेपत्ता नागरिकहरूको छानबिन र तथ्य पत्ता लगाउने गरी "व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) विधेयक" व्यवस्थापिका संसद्मा पेश गरेको छ। प्रस्तावित विधेयकमा "२०५२ फागुन १ गतेदेखि २०६३ मङ्सिर ५ सम्म भएको सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका, भएका र त्यस्तो कार्यमा संलग्न व्यक्तिहरूबारे छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्ने" उल्लेख गरिएको छ। तर मानवअधिकार समुदायले उक्त विधेयक अपर्याप्त ठहर्‍याउँदै आ-आफ्ना तरफबाट सुझाव समेत प्रस्तुत गरेको छ। यसै सन्दर्भमा इन्सेकलगायतका मानवअधिकार संस्थाले प्रस्तावित विधेयकमाथि टिप्पणी गर्दै केही बुँदा सुधार गर्नका लागि सुझावसमेत प्रस्तुत गरेको थियो। संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा १० जनवरी २०१० मा प्रस्तुत प्रतिवेदनमा पनि मस्यौदा विधेयक अन्तराष्ट्रिय मापदण्ड अनुरुप नरहेको जनाइएको छ।[६]

### सुदूरपश्चिमाञ्चल क्षेत्रका बेपत्ता पारिएका व्यक्तिहरूको सङ्ख्या

| स्थायी ठेगाना | गैर राज्य | राज्य | | | जम्मा |
|---|---|---|---|---|---|
| | माओवादी | सेना | प्रहरी | संयुक्त सरक्षाकर्मी | |
| अछाम | | ३ | | | ३ |
| कञ्चनपुर | | २२ | | ४ | २६ |
| कलाली | ३ | ४ | १ | ४ | १२ |
| डडेलधुरा | ३ | | | १ | ४ |
| डोटी | १ | | | २ | ३ |
| बाजुरा | | १ | | | १ |
| वैतडी | ३ | | | १ | ४ |
| **जम्मा** | १० | ३० | १ | १२ | ५३ |

६. http://www.insec.org.np/pics/1251717394.pdf

## ४ बलपूर्वक बेपत्ता र संयुक्त राष्ट्रसङ्घीय सरोकार

विगतमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटना कानुनी प्रक्रियाअनुरुप अगाडि बढ्ने र त्यसबाट पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने एवम् पीडकलाई अभियोजनको भागी बनाउनेतर्फ कुनै कदम चालिएन। दण्डहीनताको संस्थागत प्रश्रयका कारण मानवअधिकार उल्लङ्घनका गम्भीर घटनाहरूका बारेमा पनि राज्य संयन्त्र पूर्णत: मौन रहन थाल्यो। यस्तो दुरावस्थाप्रति विश्व समुदायको ध्यानाकर्षण हुनु स्वाभाविक थियो। यस क्रममा संयुक्त राष्ट्रसङ्घका महासचिव, मानवअधिकार उच्चायुक्त लगायत् मानवअधिकारसम्बन्धी अन्य संयन्त्रहरूद्वारा नेपालको बिग्रँदो मानवअधिकार अवस्थाबारे निरन्तर चासो व्यक्त गर्ने क्रम बढ्न थाल्यो।

यसै सन्दर्भमा राष्ट्रसङ्घको मानवअधिकारसम्बन्धी विशेष कार्यविधि अन्तर्गतका विभिन्न विषयगत क्षेत्रका समाधिक्षक एवम् कार्यदलहरूले नेपालमा आफूहरूले भ्रमण गर्न तथा यथार्थ अवस्थाको अध्ययन गर्न पाउनुपर्ने भन्दै नेपाल सरकारसँग अनुरोध गरे। बढ्दै गएको अन्तर्राष्ट्रिय चासो र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार संयन्त्रहरूको आग्रहलाई औपचारिक रूपमा नेपाल सरकारले स्वीकार गर्नु र उनीहरूलाई निमन्त्रणा गर्नुको विकल्प रहेन।

बलपूर्वक बेपत्ता सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यदलले सन् १९८० देखि २००७ सम्म नेपालमा जबर्जस्ती बेपत्ताका कूल ५ सय ३१ वटा घटनाका सम्बन्धमा सरकारसमक्ष चासो व्यक्त गर्दै पत्राचार गरेको थियो। जसमध्ये २ सय ११ वटा घटनाका सम्बन्धमा कार्यदलले सरकार र गैरसरकारी स्रोतबाट थप सूचना प्राप्त गरी यथार्थ अवस्था एकिन गरिसकेको छ भने अझैसम्म ३ सय २० वटा घटना थाँती रहेका छन्। कार्यदललाई थप सूचना दिइएका घटनाहरूमध्ये सरकारद्वारा सूचना पठाइएका १ सय ३२ वटा र गैरसरकारी स्रोतका ७९ वटा घटना थिए। अवस्था एकिन भइसकेका घटनाहरूमध्ये सूचना दिइएको मितिसम्म १ सय ५० ओटामा पीडितहरू मुक्त भइसकेको, ५९ ओटामा हिरासत वा थुनामै रहेको र एउटामा पीडितको मृत्यु भइसकेको पाइएको थियो। कार्यदलद्वारा सरकारसमक्ष प्रेषित सूचनामा ६१ जना महिला पीडित भएको देखिएको थियो। तीमध्ये ४७ जना महिलाको बारेमा समितिले अझैसम्म कुनै जानकारी प्राप्त गरेको छैन। बलपूर्वक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यदलले सरकारको निमन्त्रणामा २०६१ मङ्सिर २१ देखि २९ गते (६-१४ डिसेम्बर २००४) सम्म नेपाल भ्रमण गरेको थियो। कार्यदलको प्रतिनिधित्व यसका अध्यक्ष समाधिक्षक स्टेफन जे. टुप र कार्यदलका सदस्य सैयद राजी खोरासनीले गरेका थिए। भ्रमणको उद्देश्य कार्यदलले प्राप्त गरी सञ्चार/सम्पर्क गरेका बलपूर्वक बेपत्ताका घटनाका सम्बन्धमा नेपाल सरकारसँग छलफल गर्नु र मानवअधिकारको अन्तर्राष्ट्रिय मान्यताका आधारमा

**सबैभन्दा बढी बेपत्ताका घटना भएका पाँच जिल्ला**

| जिल्ला | राज्यबाट | | | गैर राज्यबाट | जम्मा |
|---|---|---|---|---|---|
| | शाही नेपाली सेना | प्रहरी | सुरक्षकर्मी | नेकपा माओवादी | |
| बर्दिया | १६९ | १९ | १९ | १३ | २२० |
| दाङ | ३७ | ४ | २० | ८ | ६९ |
| बाँके | २१ | २४ | १२ | ४ | ६१ |
| सल्यान | १७ | ८ | १ | २ | २८ |
| धादिङ | १९ | २ | ५ | १ | २७ |
| रोल्पा | १२ | ११ | | ४ | २७ |
| जम्मा | २७५ | ६८ | ५७ | ३२ | ४३२ |

राष्ट्रमा जबर्जस्ती बेपत्ताको स्थितिको जाँच गर्नु रहेको थियो।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले नेपालमा बेपत्ता पारिएकाहरूका सम्बन्धमा मे २००५ मा स्थापना भएदेखि नै सरोकार व्यक्त गर्दै आएको छ। यसक्रममा कार्यालयले नेपालस्थित विभिन्न सरोकारवालाहरू, जस्तै गैरसरकारी संस्थाहरू, राष्ट्रिय मानवअधिकार आयोग, बेपत्ता नागरिकका परिवारहरू आदिसँग पनि विभिन्न तहमा सहकार्य गर्दै आएको छ। खासगरी उनीहरूको क्षमता अभिबृद्धिको क्षेत्रमा कार्यालयको महत्वपूर्ण योगदान रहिआएको छ। दण्डहीनताको अन्त्य र बेपत्ताजस्ता गम्भीरखाले मानवअधिकार उल्लङ्घनमा संलग्न दोषीहरूलाई कारबाही गर्नका लागि उच्चायुक्तको नेपालस्थित कार्यालयले सरकारसँग बारम्बार आग्रह गर्दै आएको छ। उच्चायुक्तको नेपालस्थित कार्यालयले सन् २००३ मा काठमाडौँको महाराजगञ्जस्थित भैरवनाथगण गणमा राखिएका व्यक्तिहरूको गिरफ्तार, थुना, यातना र उनीहरूलाई निरन्तर बेपत्ता पार्ने कार्यका सम्बन्धमा छानबिन गरी मे २००६ मा प्रतिवेदन सार्वजनिक गरेको थियो। उक्त प्रतिवेदन उच्चायुक्तको कार्यालयले प्रधानमन्त्रीका साथै प्रधानसेनापतिलाई समेत पेश गरेको थियो। उक्त प्रतिवेदनमा सेनाले सन् २००३ मा गिरफ्तार गरी बेपत्ता पारिएको भनी ४९ जनाको नामावली उल्लेख गरिएको थियो।

नागरिक तथा राजनीतिक अधिकारको अवस्था अनुगमन गर्ने संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिले ०६६ कात्तिक १२ गते एक ऐतिहासिक निर्णय गर्दै नेपाल सरकारलाई ०५८ माघ १ गते सैनिक टोलीद्वारा गिरफ्तार भई सम्पर्कबाहिर हिरासतमा राखिएका र यसपछि बलपूर्वक बेपत्ता पारिएका बाग्लुङ जिल्ला कालिका गाविस-७ का सूर्यप्रसाद शर्माका सम्बन्ध निश्पक्ष अनुसन्धानका लागि निर्देशन दियो। स्वतन्त्र विशेषज्ञहरूसम्मिलित सो मानवअधिकार समितिले सरकारलाई प्रभावकारी र कार्यान्वयन योग्य उपचार प्रदान गर्न र १८० दिनभित्र यससम्बन्धमा आफूले गरेका कार्यको प्रतिवेदन पेश गर्न निर्देश दियो। समितिले आफ्नो निर्णयमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिमा उल्लेखित प्रभावकारी उपचारसम्बन्धी अधिकार धारा २ (३), यातनाविरुद्धको अधिकार धारा (७), व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकारसम्बन्धी धारा ९ र वैयक्तिक सम्मानसम्बन्धी धारा १० लाई छोएको छ।

शर्मालाई २०५८ माघ १ गते बिहान करिब ५ बजेतिर सैनिक पोशाकमा रहेका १० /१५ जनाको टोलीले घरबाट गिरफ्तार गरेको

**मध्यमाञ्चल क्षेत्रका बेपत्ता पारिएका व्यक्तिहरूको सङ्ख्या**

| स्थायी ठेगाना | गैर राज्य | राज्य | | | जम्मा |
|---|---|---|---|---|---|
| | माओवादी | सेना | प्रहरी | संयुक्त सुरक्षाकर्मी | |
| काठमाडौ | १ | १ | ४ | १४ | २० |
| काभ्रेपलाञ्चोक | ५ | ४ | ३ | ८ | २० |
| चितवन | | ४ | ४ | ६ | १४ |
| धनुषा | २ | | | ८ | १० |
| धादिङ | १ | १९ | २ | ५ | २७ |
| नुवाकोट | | १४ | | ४ | १८ |
| पर्सा | १ | १ | | | २ |
| बारा | १ | | | | १ |
| भक्तपुर | | | ३ | २ | ५ |
| मकवानपुर | | ४ | १ | ७ | १२ |
| महोत्तरी | | | २ | | २ |
| रसुवा | | १ | | | १ |
| रामेछाप | १ | ४ | २ | २ | ९ |
| रौतहट | १ | | २ | २ | ५ |
| ललितपुर | २ | २ | १ | ३ | ८ |
| सिन्धुपाल्चोक | ५ | १० | १ | १ | १७ |
| सिन्धुली | १ | ५ | २ | ६ | १४ |
| जम्मा | २१ | ६९ | २७ | ६८ | १८५ |

थियो। २०५९ माघ २० गते उनकी श्रीमती जसोदा शर्माले सर्वोच्च अदालमा बन्दी प्रत्यक्षीकरणमा मुद्दा दायर गरिन्। माओवादीको आश्रयस्थल चिनाउन लगेको समयमा भाग्ने प्रयास गर्दा शर्माको नदीमा डुबेर मृत्यु भएको भन्ने नागरिक र सैनिक पदाधिकारीको भनाइलाई आधार मानी २०६१ फागुन ५ गते सर्वोच्च अदालतले शर्मा हिरासत या राज्यको नियन्त्रणमा नरहेको भन्दै मुद्दा खारेज गरिदियो। सबै राष्ट्रिय कानुनी उपचारका उपायले नभएपछि जसोदाले आफ्ना पतिको मुद्दा मानवअधिकार समितिसम्म लगेकी थिइन्।

**५ निराश हुँदै भइरहेका पीडित परिवार**

२०६३ मङ्सिर ५ गते सरकार र नेकपा (माओवादी) बीच विस्तृत शान्ति सम्झौतामा औपचारिक हस्ताक्षर गरिएपछि दश वर्षसम्म जारी सशस्त्र द्वन्द्वको विधिवत समापन भयो। त्यसदिन देखि बलपूर्वक बेपत्ता पारिएका मानिसहरूको बारेमा बेला बेलामा लिखित सम्झौताहरू भए। युद्धविराम आचारसंहिता, २०६३, सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकको निर्णय, २०६३, विस्तृत शान्ति सम्झौता, २०६३, नेपालको अन्तरिम संविधान, २०६३, अन्तरिम सरकारको साझा सहमतिको न्यूनतम कार्यक्रम, २०६३ र नेकपा (माओवादी) समेत सात राजनीतिक दलबीच सम्पन्न समझदारी, २०६४ (२३-बुँदे समझदारी) मा बेपत्ता पारिएका नागरिकहरूको खोजी गर्ने, उनीहरूको अवस्था सार्वजनिक गर्ने, यससम्बन्धी उच्चस्तरीय छानबिन आयोग गठन गर्ने, पीडितका परिवारहरूलाई क्षतिपूर्ति/राहत प्रदान गर्नेजस्ता विभिन्न प्रतिबद्धता गरिएका छन्। *(हेर्नुहोस् अनुसूचि)*

तर ती प्रतिबद्धता पूरा गराउने तर्फ न सरकार न प्रमुख दलहरू संवेदनशील देखिए। बेपत्ता पारिएका परिवारका तर्फबाट शर्मिला त्रिपाठीलगायतको टोलीले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई ज्ञापनपत्र बुझाउन जाँदा दिइएको जबाफ यसको उदाहरण हुन्। प्रधानमन्त्री कोइरालाले बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्न सरकार तयार रहेको बताउँदै त्यसको निमित्त माओवादीले पनि आफूले बेपत्ता पारेका भनिएका व्यक्तिहरूको अवस्था पनि सार्वजनिक गर्नु पर्ने कुरो बताएका थिए। उनले सरकारसँग “लिस्ट” रहेको बताउँदै माओवादीका तर्फबाट बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सर्वजनिक गर्नासाथ सरकार सार्वजनिक गर्न तयार रहेको बताएका थिए।[७]

उता एकीकृत माओवादीका अध्यक्ष प्रचण्ड अहिले आफूहरू सरकारमा नभएको तर्क गर्दै बेपत्ता छानविन आयोग गठन गरी सत्यतथ्य पत्ता लगाउन अझै प्रतिबद्ध रहेको दोहोऱ्याउँदै छन् ।[८] प्रधानमन्त्री भइसकेका प्रचण्डले यसअघि बेपत्ता पार्नेहरूलाई कारबाही गर्न खोज्दा आफूले राजीनामा दिनुपरेको बताएका थिए।[९]

माथिका दुवै दृष्टान्तले बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्थाप्रति दलहरू गम्भीर एवम् संवेदनशील रहेका छैनन् भन्ने देखिन्छ। बेपत्तापीडितहरूप्रति देखाइने सरोकारमा पनि निरन्तरता छैन। एउटा ठोस काम भनेको चाहिँ मारिएका वा बेपत्ता पारिएकाहरूको परिवारलाई तात्कालिक राहतस्वरुप दिइएको पैसा हो। तर राजनीतिक हस्तक्षेप हुने गरेको तथा पैसा वितरणको प्रभावकारी अनुगमन नभएको हुँदा पैसा बाँड्ने कार्यमा पनि कमीकमजोरी आएको छ।अझै बेपत्ता रहेका एक हजारभन्दा बढी व्यक्तिका परिवारमा दुख निराशा र विश्वासघात भएको भावना बढ्दो छ।[१०]

यसै भावनाका कारण बेपत्ता भएका आफ्ना आफन्त भेटिएर न्याय पाउने आशा मर्दै गएपछि पीडित परिवारले राहतका लागि मृत्यु दर्ता गर्न थालेका छन्। बाँके, बर्दिया र सुर्खेतमा राज्य र माओवादीबाट बेपत्ता पारिएका ९६ जना नागरिकको मृत्यु दर्ता भइसकेको छ।[११]

७. http://www.bbc.co.uk/nepali/news/story/2006/09/060912_disappearance.shtml

८. http://nagariknews.com/politics/party-politics/20828-2010-11-28-14-39-26.html

९. http://www.cmprachanda.com/samachar-detail.php?id=565583143226

१०. http://www.crisisgroup.org/en/regions/asia/south-asia/nepal/184-nepal-peace-and-justice.aspx¿alt_lang=ne-NP

११. http://202.166.193.40/kantipur/news/news-detail.php?news_id=225576

जिम्मेवार अधिकारीहरु भने बेलाबखत प्रतिबद्धता दोहऱ्याउन चुक्दैनन्। २०६६ चैत ५ गते प्रधानमन्त्री माधव नेपालले पनि बेपत्ता परिवारको पाँच बुँदे ज्ञापनपत्र बुझ्दै बेपत्ता पारिएका व्यक्तिहरूको खोजी गर्ने र दोषीलाई कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। विस्तृत शान्ति सम्झौता भएपछिका तीनै जना प्रधानमन्त्री बेपत्ता पारिएकाहरूको अवस्था सार्वजनिक गर्न र दोषीलाई कारबाही गराउन इच्छुक हुँदाहुँदै पनि किन हुन सकिरहेको छैनन् ? कतै दलहरूका नेता समय बित्दै जाँदा विगत बिर्सदैं गइन्छ भन्ने सोचाइमा त रहेका छैनन् ? भन्ने प्रश्न उठनु अस्वभाविक होइन। तसर्थ विगतमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्न र भविष्यमा यस्ता कार्य हुन नदिन निम्नलिखित उपाय अवलम्बन गर्नु पर्दछ। अनि मात्र पीडित पक्षले न्याय पाउन सक्दछन्।

- बेपत्ता पारिएको भनिएका घटनाहरू, तिनका कारण र पीडितहरूको अवस्थाबारे जाँचबुझ गर्न अधिकारसम्पन्न उपयुक्त आयोग गठन गर्ने।
- एकीकृत माओवादीले द्वन्द्वकालमा मारिएका आफ्ना सम्पूर्ण कायकर्ताको नामावली प्रकाशन गर्नुपर्ने।
- पीडित परिवारहरूका लागि उपयुक्त राहत कार्यक्रम तर्जुमा गरी विना भेदभाव लागू गर्ने लगायत्का विषयमा सर्वोच्च अदालतद्वारा १८ जेठ २०६४ मा भएको निर्देशनात्मक आदेशको शीघ्र कार्यान्वयन गर्नुपर्ने।
- जबर्जस्ती बेपत्ताबाट व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गर्ने
- बेपत्ता पार्ने कार्यलाई कसूर कायम गरी जबर्जस्ती बेपत्ता पारिएको कार्य सम्बन्धमा जबर्जस्ती बेपत्ताबाट व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६ परिभाषाअनुरूपको कानुन बनाउने।
- नागरिकलाई जबर्जस्ती बेपत्ता गराइएको आरोप लागेका सैनिक अधिकारीलाई नागरिक अदालतमा मुद्दा चलाउने गरी सैनिक ऐन संशोधन गर्नुपर्ने।
- विगतमा सेनाद्वारा गरिएका सबै कोर्टमार्सलका पूर्ण विवरण, छन् भने लिखित फैसलासहित सार्वजनिक गर्नुपर्ने, साथै वर्तमान कानुनअनुसार सर्वसाधारणको अपरहण गरेको र यातना दिएको आरोप लागेका सैनिक अधिकारीविरूद्ध न्यायाधीश र महान्यायाधिवक्ताले भविष्यमा प्रभावकारी अभियोजन गर्नुपर्ने।
- नेपाल सरकार र नेपालका सुरक्षाकर्मीले सबै बन्दीहरूको सबैभन्दा पछिल्लो अवस्थाबारेको सूचना सरोकारवालाहरूले सजिलै प्राप्त गर्नसक्ने गरी राख्नुपर्ने, र सो सूचना राष्ट्रिय मानवअधिकार आयोगलगायत् नागरिक समाजका संस्था र बन्दीका परिवारजनलाई उपलब्ध गराउनुपर्ने।
- सर्वोच्च अदालतले आफ्नो मानहानिको मुद्दा दायर गर्ने अधिकारलाई सक्रियरूपमा उपयोग गरी अदालतमा इमान्दारीका साथ प्रस्तुत नहुने पदाधिकारीलाई कारवाही गर्नु पर्ने।
- सरकारले राष्ट्रिय मानवअधिकार आयोगलाई बलियो बनाउनका लागि यथाशक्य कदम चाल्नुपर्ने, साथै राष्ट्रिय मानवअधिकार आयोगले पूर्वजानकारीविना निर्वाधरूपमा सेनाका ब्यारेकलगायत् हिरासतमा अनुगमन गर्न पाउनुपर्ने।
- राष्ट्रिय मानवअधिकार आयोगद्वारा बेपत्ता नागरिकको सम्बन्धमा भएको निर्णय र सिफारिसको तत्काल कार्यान्वयन गर्नुपर्ने।
- राष्ट्रसङ्घीय शान्ति स्थापना कार्य विभागले भविष्यमा नेपाली सैनिकलाई शान्ति सेनामा संलग्न गराउन नेपालमा सेनाद्वारा गरिएको भनिएका बेपत्ता बनाउने क्रम र अन्य मानवअधिकार उल्लङ्घनमा हुने सुधारका आधारमा मूल्याङ्कन गर्नुपर्ने र यससम्बन्धी पुनर्विचारका लागि मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको सहयोग लिनुपर्ने।
- जबर्जस्ती बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यदललाई नेपाल भ्रमणको लागि निमन्त्रणा गर्नुपर्ने।
- विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान, २३-बुँदे सहमति लगायतमा जबर्जस्ती बेपत्ता नागरिकको स्थिति पत्ता लगाउन गरिएको व्यवस्थाको शीघ्र कार्यान्वयन गर्नुपर्ने।

**- विजयराज गौतम**
कार्यकारी निर्देशक, इन्सेक

# पूर्वाञ्चल

१.१ झापा

१.२ इलाम

१.३ पाँचथर

१.४ ताप्लेजुङ

१.५ मोरङ

१.६ सुनसरी

१.७ धनकुटा

१.८ तेह्रथुम

१.९ भोजपुर

१.१० सङ्खुवासभा

१.११ सप्तरी

१.१२ सिराहा

१.१३ उदयपुर

१.१४ खोटाङ

१.१५ ओखलढुङ्गा

१.१६ सोलुखुम्बु

# १.१ झापा

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

(१) **राजकुमार मेचे**

जन्म मिति/उमेर : २०४८/१३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ असोज
घटनास्थल : मोरङ जिल्ला विराटनगर उपमनपा
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : झापा जिल्ला गोलधाप गाविस-२
बाबुको नाम : इवुलीचन मेचे
आमाको नाम : जलश्री मेचे
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

गोलधाप गाविस-२ का १३ वर्षीय राजकुमार मेचेलाई २०६१ असोजमा मोरङ जिल्लाको विराटनगर उपमनपामा सुरक्षाकर्मीको टोलीले गिफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडित काठमाडौंको गलैंचा कारखानामा काम गर्दागर्दै माओवादी कार्यकर्ता भई हिँडेका थिए। सोही क्रममा विराटनगर उपमनपा आएको समयमा सुरक्षाकर्मीको टोलीले गिरफ्तार गरी बेपत्ता पारेको उनकी आमाले बताइन्।

### शाही नेपाली सेनाबाट

(२) **घना सुवेदी**

जन्म मिति/उमेर : २०३४ साउन २८/२५ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५९ पुस १३ गते
घटनास्थल : झापा जिल्ला बाहुनडाँगी गाविस-५
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : झापा जिल्ला बाहुनडाँगी गाविस-५, गोलाटार
बाबुको नाम : रामप्रसाद सुवेदी
आमाको नाम : रोहिनीदेवी सुवेदी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

बाहुनडाँगी गाविस-५ का २५ वर्षीया नेकपा माओवादी कार्यकर्ता घना सुवेदीलाई २०५९ पुस १३ गते भारतीय प्रहरीले सिलगुडीबाट गिरफ्तार गरी चारआली सेनाको ब्यारेकमा बुझाएको थियो। पीडित त्यस बेला देखि नै चारआली ब्यारेकबाट बेपत्ता भएको थिए। जिल्ला प्रशासन कार्यालय झापाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(३) **शान्तिराम भट्टराई**

जन्म मिति/उमेर : २०२६ मङ्सिर १८/३४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० मङ्सिर ५ गते
घटनास्थल : काठमाडौं जिल्ला
कामनपा-१०, नयाँ बानेश्वर
पेशा : जागिर
स्थायी ठेगाना : झापा जिल्ला बैगुनधारा गाविस-९
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : टंका भट्टराई
छोरा/छोरी सङ्ख्या : ०/२

**विवरण**



बैगुनधारा गाविस-९ का ३४ वर्षीय माओवादी निकट अखिल नेपाल मजदुर ट्रेड युनियन सदस्य शन्तिराम भट्टराईलाई काठमाडौं जिल्लाको काठमाडौं मनपा नयाँ बानेश्वरस्थित कोठामा २०६० मंसिर ५ गते साधा पोसाकमा आएका शाही नेपाली सेनाले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडित काठमाडौं

मनपास्थित एक गर्मेट कम्पनीमा नेकपा माओवादी निकट मजदुर फाँटमा काम गर्दै आएका थिए। पीडित माओवादी निकट अखिल नेपाल मजदुर ट्रेड युनियन सदस्य थिए। जिल्ला प्रशासन कार्यालय झापाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(४) धिरेन्द्र बस्नेत**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४० माघ १६/२० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० मङ्सिर २८ गते |
| घटनास्थल | : काठमाडौँ जिल्ला कामनपा-१४, कलङ्की |
| पेशा | : विद्यार्थी (नेकपा माओवादी ललितपुर जिल्ला सदस्य) |
| स्थायी ठेगाना | : झापा जिल्ला दमक नपा-२ |
| बाबुको नाम | : भीमबहादुर बस्नेत |
| आमाको नाम | : चन्द्रकुमारी बस्नेत |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



दमक नपा-२ का २० वर्षीय नेकपा माओवादी ललितपुर जिल्ला सदस्य धिरेन्द्र बस्नेतलाई २०६० मङ्सिर २८ गते काठमाडौँ जिल्लाको काठमाडौँ मनपा-१४, कलंकीबाट शाही नेपाली सेनाले गिरफ्तार गरी भैरवनाथ गणमा लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय झापाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(५) पुष्प बस्नेत**

| | |
|---|---|
| जन्म मिति/उमेर | : ०३५ पुस १७/ २५ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : ०६० मङ्सिर १९ गते |
| घटनास्थल | : काठमाडौँ जिल्ला कामनपा-१३, कालीमाटीचोक |
| पेशा | : राजनीति (नेकपा माओवादी काठमाडौँ जिल्ला सदस्य) |
| स्थायी ठेगाना | : झापा जिल्ला दमक नपा-२ |
| बाबुको नाम | : भीमबहादुर बस्नेत |
| आमाको नाम | : चन्द्रकुमारी बस्नेत |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



दमक नपा-२ का २५ वर्षीय नेकपा माओवादी काठमाडौँ जिल्ला सदस्य पुष्प बस्नेतलाई २०६० मंसिर १९ गते काठमाडौँ जिल्लाको काठमाडौँ मनपा-१३, कालीमाटी चोकबाट शाही नेपाली सेनाले गिरफ्तार गरी भैरवनाथ गण लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय झापाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(६) चतुरमानसिंह राजवंशी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३३ असोज १८/२६ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : ०५९ पुस १३ गते |
| घटनास्थल | : झापा जिल्ला दुवागढी गाविस-४, चारआली सैनिक ब्यारेक |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : झापा जिल्ला हल्दिवारी गाविस-२ |
| बाबुको नाम | : पातलु राजवंशी |
| आमाको नाम | : आन्द्री राजवंशी |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : गीता राजवंशी |
| छोरा/छोरी सङ्ख्या | : १/० |

**विवरण**

हल्दिवारी गाविस-२ का २६ वर्षीय नेकपा माओवादी सदस्य चतुरमानसिंह राजवंशीलाई २०५९ पुस १३ गते भारतको सिलगुडी बसपार्कबाट भारतीय प्रहरीले



माओवादीको आरोपमा गिरफ्तार गरी सोही दिन नेपाल प्रहरीलाई सुर्पुदर्गी गरेको र शाही नेपाली सेनाले चारआली ब्यारेकमा लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडित नेकपा माओवादी सदस्य थिए। सोही घटनामा उनीलगायत ६ जना गिरफ्तार भएका थिए। जिल्ला प्रशासन कार्यालय झापाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(७) सुरेश पोखरेल 'ध्रुव'**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२८ कार्तिक २९/३१ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ पुस १३ गते |
| घटनास्थल | : झापा जिल्ला दुवागढी गाविस-४, चारआली सैनिक ब्यारेक |
| पेशा | : राजनीति (नेकपा माओवादी इन्चार्ज) |
| स्थायी ठेगाना | : झापा जिल्ला सुरुङ्गा गाविस-१ |
| बाबुको नाम | : पुष्पराज पोखरेल |
| आमाको नाम | : राधादेवी पोखरेल |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**

सुरुङ्गा गाविस-१ का ३१ वर्षीय नेकपा माओवादी इन्चार्ज सुरेश पोखरेललाई २०५९ पुस १३ गते भारतको सिलगुडी बसपार्कबाट भारतीय प्रहरीले माओवादीको आरोपमा गिरफ्तार गरी सोही दिन नेपाल प्रहरीलाई सुपुर्दर्गी गरेको र शाही नेपाली सेनाले चारआली ब्यारेकमा लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। सोही घटनामा उनीलगायत ६ जना गिरफ्तार भएका थिए। जिल्ला प्रशासन कार्यालय झापाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(८) सम्झना अधिकारी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२८ पुस १/३१ वर्ष |
| लिङ्ग | : महिला |
| घटना मिति | : २०५९ पुस १३ गते |
| घटनास्थल | : झापा जिल्ला दुवागढी गाविस-४, चारआली सैनिक ब्यारेक |
| पेशा | : राजनीति (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : झापा जिल्ला सुरुङ्गा गाविस-९, जामुनाबाडी |
| बाबुको नाम | : पुष्पलाल अधिकारी |
| आमाको नाम | : प्रेमकुमारी अधिकारी |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**

सुरुङ्गा गाविस-९, जामुनाबाडीका ३१ वर्षीया नेकपा माओवादी कार्यकर्ता सम्झना अधिकारीलाई २०५९ पुस १३ गते भारतको सिलगुडी बसपार्कबाट भारतीय प्रहरीले माओवादीको आरोपमा गिरफ्तार गरी सोही दिन नेपाल प्रहरीलाई सुर्पुदर्गी गरेको र शाही नेपाली सेनाले चारआली ब्यारेकमा लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।सोही घटनामा उनीलगायत ६ जना गिरफ्तार भएका थिए। जिल्ला प्रशासन कार्यालय झापाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(९) चुडामणि चौलागाई**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २००३ असार ८/५८ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ साउन २ गते |
| घटनास्थल | : काठमाडौं जिल्ला जोरपाटी गाविस-५, जोरपाटी |
| पेशा | : ज्यालादारी |
| स्थायी ठेगाना | : झापा जिल्ला गोलधाप गाविस-७ |
| बाबुको नाम | : रामचन्द्र चौलागाई |
| आमाको नाम | : नरमाया चौलागाई |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : रीता चौलागाई |
| छोरा/छोरी सङ्ख्या | : २/० |

**विवरण**
गोलधाप गाविस-७ का ५८ वर्षीय चुडामणि चौलागाई २०६१ साउन २ गते माओवादीको आरोपमा सादा पोसाकमा आएको शाही नेपाली सेनाले गिरफ्तार गरी लगेकोमा हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय झापाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१०) **तारा रिजाल**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३१ मङ्सिर २३ गते/२८ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ पुस १३ गते |
| घटनास्थल | : | झापा जिल्ला दुवागढी गाविस-४, बटुकदल सैनिक ब्यारेक |
| पेशा | : | राजनीति (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : | झापा जिल्ला गौरादह गाविस |
| बाबुको नाम | : | जयप्रसाद रिजाल |
| आमाको नाम | : | चन्द्रकला रिजाल |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**
गौरादह गाविस निवासी माओवादी कार्यकर्ता २८ वर्षीय तारा रिजाललगायत छजनालाई ०५९ पुस १३ गते भारतीय प्रहरीले भारतको सिलगुडी बसपार्कबाट गिरफ्तार गरी नेपाल प्रहरीलाई सुपुर्दगी गऱ्यो। नेपाल प्रहरीले दाहाललाई सेनाको बटुकदल ब्यारेक चारआलीलाई बुझाएपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय झापाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(११) **मिश्रीलाल धामी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२३ असार १५ गते/३६ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ पुस १३ गते |
| घटनास्थल | : | झापा जिल्ला दुवागढी गाविस-४, बटुकदल सैनिक ब्यारेक |
| पेशा | : | राजनीति (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : | झापा जिल्ला शनिश्चरे गाविस-७ |
| बाबुको नाम | : | नापीलाल धिमाल |
| आमाको नाम | : | नरमाया धिमाल |
| वैवाहिक स्थिति | : | अविवाहित |


**विवरण**
शनिश्चरे गाविस-७ निवासी माओवादी कार्यकर्ता ३६ वर्षीय मिश्रीलाल धिमाललगायत छजनालाई ०५९ पुस १३ गते भारतीय प्रहरीले भारतको सिलगुडी बसपार्कबाट गिरफ्तार गरी नेपाल प्रहरीलाई सुपुर्दगी गऱ्यो। नेपाल प्रहरीले धिमाललाई सेनाको बटुकदल चारआलीलाई बुझाएपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय झापाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

## नेपाल प्रहरीबाट

(१२) **राजेन्द्र घिमिरे 'चन्द्र'**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३९ भदौ २१ गते/२१ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० भदौ २१ गते |
| घटनास्थल | : | मोरङ जिल्ला मृगौलिया गाविस |
| पेशा | : | राजनीति (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : | झापा जिल्ला राजगढ गाविस-५, बुटावारी |
| बाबुको नाम | : | रत्नबहादुर घिमिरे |
| आमाको नाम | : | शोभा घिमिरे |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**



राजगढ गाविस-५ का २१ वर्षीय नेकपा माओवादी कार्यकर्ता चन्द्र भनिने राजेन्द्र घिमिरेलाई २०६० भदौ २१ गते मोरङ जिल्लाको मृगौलिया

गाविसबाट नेपाल प्रहरीले गिरफ्तार गरी विराटनगर उपमहानपा क्षेत्रीय प्रहरी कार्यालयमा लगेकोमा हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय झापाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

# १.२ इलाम

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

(१) **गोकुल निरौला**

जन्म मिति/उमेर : २०३६ भदौ १०/२३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ साउन
घटनास्थल : काठमाडौँ, बागबजार
पेशा : विद्यार्थी (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : इलाम जिल्ला फाकफोक गाविस-१, ठिगेपुर
बाबुको नाम : ज्ञानबहादुर निरौला
आमाको नाम : दीपमाया निरौला
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

फाकफोक गाविस-१, ठिगेपुरका २३ वर्षीय नेकपा माओवादी कार्यकर्ता गोकुल निरौलालाई २०५९ साउन महिनामा काठमाडौँ जिल्लाको काठमाडौँ महानपा, बागबजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

### पीडक पक्ष नेकपा माओवादीबाट

**(२) अगमसिंह राई**

जन्म मिति/उमेर : २०४० साउन ६/२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ जेठ ७ गते
घटनास्थल : इलाम जिल्ला माबु गाविस
पेशा : कृषि (नेकपा माओवादी सदस्य)
स्थायी ठेगाना : इलाम जिल्ला पुवामजुवा गाविस-८
बाबुको नाम : तेजबहादुर राई
आमाको नाम : नरीमाया राई
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

पुवामजुवा गाविस-८ का २१ वर्षीय अगमसिंह राईलाई २०६१ जेठ ७ गते नेकपा माओवादीले माबु गाविसको माथिल्लो गुम्बाबाट अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडितलाई माओवादीले पार्टीमा लाग्नु पर्छ भनी बारम्बार दवाबको कारण विदेश जान तयार भएको कुरा माओवादीले थाहा पाएपछि उनको परिवारलाई कता पठाएको भनी अपहरण गर्ने धम्की दिएका थिए। माओवादीले विदेश नजान र गए अभिभाकलाई नै अपहरण गर्ने कुरा दाजु डिल्लीले भनेपछि घरबाट राती नै भागे। भाग्दै गर्दा माओवादीहरूले अपरहण गरी पार्टीमा हिँडाएका थिए। त्यस दिनदेखि उनको अवस्था अज्ञात छ। उनको परिवारले जिल्ला प्रशासन कार्यालयमा बेपत्ता भएको भन्दै उजुरी दिएका थिए।

# १.३ पाँचथर

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

(१) **पदमकुमार राई**

जन्म मिति/उमेर : २०३७ साउन ४/२३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० कार्तिक २६ गते
घटनास्थल : पाँचथर जिल्ला फिदिम गाविस-१, जिल्ला प्रशासन कार्यालय
पेशा : कृषि

स्थायी ठेगाना : पाँचथर जिल्ला प्राङवुङ गाविस-४
बाबुको नाम : देवीप्रसाद राई
आमाको नाम : श्याममाया राई
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : कविता राई
छोरा/छोरी सङ्ख्या : ०/२

**विवरण**



प्राङबुङ गाविस-४ का २३ वर्षीय पदमकुमार राईलाई २०६० कार्तिक २६ गते फिदिम गाविस-१ स्थित जिल्ला प्रशासन कार्यालयबाट सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरी वटुक दल गण ब्यारेकमा लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडित नागरिता बनाउन गएको समयमा माओवादीको आशङ्कामा प्रहरीले गिरफ्तार गरेको प्रत्यक्षदर्शी उनका बाबु देवीप्रसाद राईले बताए।

### पीडक पक्ष नेकपा माओवादीबाट

(२) **हेमन्त भट्टराई**

जन्म मिति/उमेर : २०४७ मङ्सिर १३/१२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ मङ्सिर १३ गते
घटनास्थल : पाँचथर जिल्ला यासोक गाविस-७, पुवाँ
पेशा : विद्यार्थी
स्थायी ठेगाना : पाँचथर जिल्ला यासोक गाविस-७, पुवाँ
बाबुको नाम : किशोरचन्द्र भट्टराई
आमाको नाम : सितादेवी भट्टराई
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

यासोक गाविस-७ पुवाँका १२ वर्षीय हेमन्त भट्टराईलाई २०५९ मंसिर १३ गते नेकपा माओवादीले विद्यालय गएको अवस्थामा सोही गाविसको पृथ्वी उच्च माविबाट अपहरण गरेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

## १.४ ताप्लेजुङ

### पीडक पक्ष नेकपा माओवादीबाट

(१) **किरण लिम्बू**

जन्म मिति/उमेर : २०३३ फागुन/२७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० असोज १८ गते
घटनास्थल : ताप्लेजुङ जिल्ला नाम्खोल्याङ गाविस, ऐसेम्बु
स्थायी ठेगाना : लिमखिम गाविस-६, ताप्लेजुङ
बाबुको नाम : प्रेमबहादुर लिम्बू
वैवाहिक स्थिति : विवाहित

**विवरण**

लिमखिम गाविस-६ का २७ वर्षीय किरण लिम्बूलाई नेकपा माओवादी कार्यकर्ताले २०६० असोज १८ गते बिहान नाम्खोल्याङ गाविस, ऐसेम्बुबाट अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनीसँगै अपहरण गरेका अन्य दुई जनालाई ३ दिनपछि ०६० असोज २२ गते मुक्त गरेका थिए भने पीडितको अवस्था हालसम्म अज्ञात छ।

(२) **लोकबहादुर साम्सोहाङ्ग**

जन्म मिति/उमेर : २०२१ मङ्सिर/३९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० असोज १८ गते
घटनास्थल : पाँचथर जिल्ला ओयाम गाविस-६
स्थायी ठेगाना : ताप्लेजुङ जिल्ला डुम्रिसे गाविस-६
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : रामकुमारी साम्सोहाङ्ग
छोरा/छोरी सङ्ख्या : १/२

**विवरण**

डुम्रिसे गाविस-६ का लोकबहादुर साम्सोहाङगलाई २०६० असोज १८ गते ससुराली गएका बेला पाँचथर जिल्लाको ओयम गाविस-६ बाट नेकपा माओवादीले अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

# १.५ मोरङ

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

(१) **दाताराम तिम्सिना**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२७ माघ २८/३३ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० असोज १० गते |
| घटनास्थल | : | मोरङ जिल्ला विराटनगर उपमनपा-५, बरगाछी अच्युत चिउरामिल |
| पेशा | : | शिक्षक |
| स्थायी ठेगाना | : | मोरङ जिल्ला शनिश्चरे गाविस-१ |
| बाबुको नाम | : | तिलप्रसाद तिम्सिना |
| आमाको नाम | : | विष्णुमाया तिम्सिना |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**



शनिश्चरे गाविस-१ का नेकपा माओवादी निकट अखिल नेपाल साँकृतिक संघका केन्द्रीय उपाध्यक्ष ३३ वर्षीय दाताराम तिम्सिनलाई २०६० असोज १० गते ३ बजे दिउँसो विराटनगर उपमनपा-५ स्थित अचुत राइसमिल पछाडि लक्ष्मी अधिकारी र जानुका अधिकारीको घरनजिक पुजारी ढकालको घरमा कलबाट पानी निकाली पिउँदै गर्दा जिप्रका मोरङ र तत्कालीन शाही नेपाली सेनाको ५० जना जतिको सुरक्षाकर्मीले घेरा हाली गिरफ्तार गरेको थियो। त्यसपछि लक्ष्मी अधिकारीको घरमा लगेर पाल्स्टिकको डोरीले हात बाँधेर भ्यानमा हाली विराटनगर विमानस्थलतर्फ लगे। २०६० असोज १२ गते शाही नेपाली सेनाको इटहरी नपास्थित पुर्वी पृतना लगेको र २०६० असोज २२ सम्म त्यहीं राखेको इन्द्रपुर गाविस-४ का हरीप्रसाद दंगालले पुर्वी पृतनामा खाना खादाँ मेसमा देखेका थिए। पीडित नेकपा माओवादी निकट अखिल नेपाल सांस्कृतिक सङ्घ केन्द्रीय उपाध्यक्ष थिए। जिल्ला प्रशासन कार्यालय मोरङले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(२) **पन्नालाल पासवान**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२८ / ३३ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६१ कार्तिक १४ गते |
| घटनास्थल | : | मोरङ जिल्ला रङ्गेली गाविस, भारतीय सिमा |
| पेशा | : | ज्यालादारी (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : | मोरङ जिल्ला दादरवैरिया गाविस-३, कालाबजार |
| बाबुको नाम | : | सेबिलाल पासवान |
| आमाको नाम | : | उर्मीलादेवी पासवान |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | कल्पनादेवी पासवान |
| छोरा/छोरी सङ्ख्या | : | १/३ |

**विवरण**

दादरबैरिया गाविस-३ का ३३ वर्षीय नेकपा माओवादी कार्यकर्ता पन्नालाल पासवानलाई २०६१ कार्तिक १४ गते पार्टीको कामको सिलसिलामा भारत गएको अवस्थामा भारतीय प्रहरीको सहयोगमा इलाका रंगेलीस्थित संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय मोरङले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(३) **मीना लिम्बू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३८ भदौ १३/२३ वर्ष |
| लिङ्ग | : | महिला |
| घटना मिति | : | २०६१ वैशाख २० गते |
| घटनास्थल | : | मोरङ जिल्ला मोतीपुर गाविस |
| पेशा | : | विद्यार्थी |

स्थायी ठेगाना : मोरङ जिल्ला इटहरा गाविस-६, दाब्राभिटा
बाबुको नाम : चन्द्रजीत लिम्बू
आमाको नाम : विष्णुमाय लिम्बू
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



इटहरा गाविस-६, दाब्राभिटा का २३ वर्षीया नेकपा माओवादी निकट अखिल नेपाल महिला सङ्घका मीना लिम्बूलाई २०६१ वैशाख २० गते पार्टी कामको सिलसिलामा मोतीपुर गाविस गएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडित नेकपा माओवादी निकट अखिल नेपाल महिला सङ्घमा आबद्ध थिइन्। जिल्ला प्रशासन कार्यालय मोरङले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(४) टङ्क लामा**

जन्म मिति/उमेर : २०३० असोज १४/३० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० कार्तिक २ गते
घटनास्थल : मोरङ जिल्ला गोविन्दपुर-५, केरौन्जा
पेशा : व्यापारी
स्थायी ठेगाना : मोरङ जिल्ला गोविन्दपुर गाविस-१
बाबुको नाम : जिवनाथ तामाङ
आमाको नाम : मनमाया तामाङ
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : लीलामाया तामाङ
छोरा/छोरी सङ्ख्या : १/२
अन्य आश्रित सङ्ख्या : १

**विवरण**

गोविन्दपुर गाविस-१ का ३० वर्षीय टङ्क लामालाई २०६० कार्तिक २ गते विरामी भएकोले छिमेकी



स्वास्थ्यकर्मी रामेश्वर मण्डलकोमा उपचार गराउन जाँदै गर्दा सोही गाविस-५ को केरौन्ज भन्ने स्थानमा दिउँसो २ बजे रङ्गेलीबाट मुखमा कालो पट्टी बाँधेर सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय मोरङले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(५) लक्ष्मी खतिवडा**

जन्म मिति/उमेर : २०३६ पुस १५/२३ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५९ भदौ २५ गते
घटनास्थल : सुनसरी जिल्ला खनार गाविस
पेशा : राजनीति(नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : मोरङ जिल्ला हसनदह गाविस-१
बाबुको नाम : जनकलाल खतिवडा
आमाको नाम : रत्नमाया खतिवडा
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

हसनदह गाविस-१ का २३ वर्षीय नेकपा माओवादी कार्यकर्ता लक्ष्मी खतिवडा २०५९ भदौ २५ गते कामको सिलसिलामा सुनसरी जिल्लाको खनार गाविस गएको अवस्थामा इटहरीबाट आएका सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय मोरङले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(६) कुबेर आपागाईं**

जन्म मिति/उमेर : २०३७ असार १/२३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० असोज २९ गते
घटनास्थल : मोरङ जिल्ला विराटनगर उपमहानपा-६, सम्झाना चोक

पेशा : विद्यार्थी
स्थायी ठेगाना : मोरङ जिल्ला उर्लावारी गाविस-२, स्कुलडाँडा
बाबुको नाम : तुलसीप्रसाद आपागाई
आमाको नाम : सुभद्रा आपागाई
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



उर्लावारी गाविस-२, स्कूलडाँडा का २३ वर्षीय नेकपा माओवादी निकट अखिल नेपाल ट्रेड युनियन महासङ्घका कुबेर आपागाईंलाई २०६० असोज २९ गते विराटनगर उपमहानपा-६, सम्झना चोकबाट सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडित नेकपा माओवादी निकट अखिल नेपाल ट्रेड युनियन महासंघमा आवद्ध थिए। जिल्ला प्रशासन कार्यालय मोरङले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## नेपाल प्रहरीबाट

(७) **नवराज लिम्बू**

जन्म मिति/उमेर : २०४० भदौ ५/२० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० भदौ २१ गते
घटनास्थल : मोरङ जिल्ला हरैचा गाविस, हरैचा बजार
पेशा : कृषि
स्थायी ठेगाना : मोरङ जिल्ला शिसवानी गाविस-६
बाबुको नाम : अमृतबहादुर लिम्बू
आमाको नाम : माइतीमाया लिम्बू
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

शिसवानी गाविस-६ का २० वर्षीय नेकपा माओवादी इलाका कमिटी सचिव नवराज लिम्बूलाई २०६० भदौ २१ गते इलाका प्रहरी कार्यालय हरैचाका तत्कालीन इन्चार्ज असई अर्जुन पोखरेलको नेतृत्वमा हरैचा गाविसको हरैचा बजारबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। गिरफ्तारपछि सोही दिन पीडितको घरमा खानतलासी गरी महत्वपूर्ण कागजात र फोटोहरू समेत प्रहरीले जफत गरेको थियो।

(८) **गोपाल दङ्गाल**

जन्म मिति/उमेर : २०३५ असार १२/२५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० असोज १० गते
घटनास्थल : मोरङ जिल्ला विराटनगर उपमहानपा-११, मधुमारा
स्थायी ठेगाना : मोरङ जिल्ला गोविन्दपुर गाविस-१
बाबुको नाम : डिल्लीप्रसाद दंगाल
आमाको नाम : तुलसा दंगाल
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



गोविन्दपुर गाविस-१ का २५ वर्षीय गोपाल दङ्गाललाई २०६० असोज १० गते विराटनगर उपमहानपा-११, मधुमाराबाट प्रहरीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय मोरङले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## पीडक पक्ष नेकपा माओवादीबाट

(९) **खेमराज सरदार**

जन्म मिति/उमेर : २०२५ माघ २८/३७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६२ फागुन २५ गते
घटनास्थल : मोरङ जिल्ला दादरवैरिया गाविस-१, बैरिया
पेशा : कृषि
स्थायी ठेगाना : मोरङ जिल्ला दादरवैरिया गाविस-१, बैरिया

बाबुको नाम : मुरीलाल सरदार
आमाको नाम : सुना सरदार
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : श्यामवती सरदार
छोरा/छोरी सङ्ख्या : १/३
अन्य आश्रित सङ्ख्या : ४

**विवरण**

दादरवैरिया गाविस-१, बैरिया का ३७ वर्षीय खेमराज सदारलाई २०६२ फागुन २५ गते नेकपा माओवादीले सोही गाविसस्थित आफ्नै घरबाट राती सुतेको बेलामा तपाईसँग केही सोध्नु छ भनी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय मोरङले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१०) **अर्जुन खवास**

जन्म मिति/उमेर : २०२४ असोज ४/३८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६२ वैशाख २३ गते
घटनास्थल : मोरङ जिल्ला थलाहा गाविस-१, तकीया
स्थायी ठेगाना : मोरङ जिल्ला थलाहा गाविस-२
बाबुको नाम : विष्णु खवास
आमाको नाम : आनोदेवी खवास
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : गहीवतीकुमारी खवास
छोरा/छोरी सङ्ख्या : १/३

**विवरण**



थलाहा गाविस-१ तकीयाका ३८ वर्षीय अर्जुन खवासलाई २०६२ वैशाख २३ गते छिमेकी मदन खवासको घरमा विवाह भोज खान गएको अवस्थामा मुखमा पट्टी बाँधेर आएका नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडितकी पत्नीले आफ्ना पतिलाई नेकपा माओवादीका जिल्ला कमिटी सदस्य बालेश्वर कामतको निर्देशनमा अपहरण गरेको बताइन्। सोही घटनामा पीडितसँगै पीडितका ६ वर्षीय छोरा अजित खवास पनि अपरहणमा परेका थिए। पीडितका छोराको पनि अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय मोरङले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(११) **अजित खवास**

जन्म मिति/उमेर : २०५५ चैत २९/६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६२ वैशाख २३ गते
घटनास्थल : मोरङ जिल्ला थलाहा गाविस-१, तकीया
स्थायी ठेगाना : मोरङ जिल्ला थलाहा गाविस-२
बाबुको नाम : अर्जुन खवास
आमाको नाम : गहीवतीकुमारी खवास
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



थलाहा गाविस-१ तकीया का ६ वर्षीय अजित खवासलाई २०६२ वैशाख २३ गते आफ्ना बाबुकोसँग छिमेकी मदन खवासको घरमा विवाह भोज खान गएको अवस्थामा मुखमा पट्टी बाँधेर आएका नेकपा माओवादीका कार्यकर्ताले उनका बाबु विष्णु खवाससँगै अपहरण गरी लगेकोमा उनीहरूको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय मोरङले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१२) **चन्द्र शाही**

जन्म मिति/उमेर : २०१४/४७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ साउन ३१ गते
घटनास्थल : मोरङ जिल्ला शनिश्चरे गाविस

पेशा : ज्यालादारी
स्थायी ठेगाना : मोरङ जिल्ला
पथरी गाविस-३
बाबुको नाम : भिमबहादुर शाही
आमाको नाम : गंगा शाही
वैवाहिक स्थिति : विवाहित
छोरा/छोरी सङ्ख्या : २/४

**विवरण**



पथरी गाविस-३ का ४७ वर्षीय चन्द्र शाहीलाई २०६१ साउन ३१ गते नेकपा माओवादीका कार्यकर्ता शनिश्चरे गाविसका मुक्ति राईसहित ६ जनाले काठ तस्करी गरेको आरोपमा शनिश्चरे गाविसबाट नियन्त्रणमा लिएकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडितका छिमेकी बद्रीमाया तामाङ आफ्नो छोरालाई भेट्न एक्लै जान नसकेर पीडितलाई साथ लिएर गएको अवस्थामा नेकपा माओवादी कार्यकर्ताले पीडितलाई नियन्त्रणमा लिएका थिए। जिल्ला प्रशासन कार्यालय मोरङले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१३) **राजन राई**
जन्म मिति/उमेर : २०२६ पुस १५/३५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ कार्तिक १५ गते
घटनास्थल : मोरङ जिल्ला पथरी
गाविस-९
पेशा : कृषि
स्थायी ठेगाना : मोरङ जिल्ला पथरी
गाविस-९
बाबुको नाम : मनीकुमार राई
आमाको नाम : राममाया राई
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : हर्कमाया राई
छोरा/छोरी सङ्ख्या : १/१
अन्य आश्रित सङ्ख्या : २

**विवरण**



पथरी गाविस-९ का राजन राईलाई २०६१ कार्तिक १५ गते नेकपा माओवादीले सोही गाविसस्थित आफ्नै घरबाट अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय मोरङले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

# १.६ सुनसरी

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

(१) **रण सम्शेर (तारा)**
जन्म मिति/उमेर : २०३४ असार ०३/२५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ मंसिर
घटनास्थल : भक्तपुर जिल्ला भक्तपुर नपा
पेशा : राजनीति(नेकपा माओवादी
जिल्ला सदस्य)
स्थायी ठेगाना : सुनसरी जिल्ला विष्णुपादुका
गाविस-५
बाबुको नाम : छत्रबहादुर सम्शेर
आमाको नाम : मनकुमारी सम्शेर
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

विष्णुपादुका गाविस-५ का २५ वर्षीय नेकपा माओवादी जिल्ला सदस्य रण सम्शेरलाई २०५९ मंसिरमा सुरक्षाकर्मी भक्तपुर जिल्लाको भक्तपुर नपाबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय

सुनसरीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(२) **जयकुमार शाह (रिसक)**

जन्म मिति/उमेर : २०२७ असार ०१/३२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ १५ गते
घटनास्थल : सुनसरी जिल्ला वकलौरी गाविस-४
पेशा : राजनीति (नेकपा माओवादी एरिया कमिटी सदस्य)
स्थायी ठेगाना : सुनसरी जिल्ला डुम्राहा गाविस-५
बाबुको नाम : दिलबहादुर शाह
आमाको नाम : पदमकुमारी शाह
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



डुम्राहा गाविस-५ का ३२ वर्षीय नेकपा माओवादी एरिया कमिटी सदस्य जयकुमार शाह (रिसक)लाई २०५९ जेठ १५ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा वकलौरी गाविस-४ स्थित आफ्नै घरमा बसी रहेको अवस्थामा गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय सुनसरीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(३) **पुष्प भण्डारी (शशी)**

जन्म मिति/उमेर : २०२२ पुस १५/३८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० कार्तिक ३ गते
घटनास्थल : सुनसरी जिल्ला धरान नपा
पेशा : राजनीति (नेकपा माओवादी एरिया कमिटी सदस्य)
स्थायी ठेगाना : सुनसरी जिल्ला इटहरी नपा-४
बाबुको नाम : समिरबहादुर भण्डारी
आमाको नाम : मानकुमारी भण्डारी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : जमुना भण्डारी
अन्य आश्रित सङ्ख्या : ७

**विवरण**



इटहरी नपा-४ का ३८ वर्षीय नेकपा माओवादी एरिया कमिटी सदस्य शशी भनिने पुष्प भण्डारीलाई २०६० कार्तिक ३ गते धरान नपाको धरान बजारमा हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

(४) **चिरञ्जीवी गौतम (त्रिलोक)**

जन्म मिति/उमेर : २००६ कार्तिक १७/५३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ १५ गते
घटनास्थल : सुनसरी जिल्ला वकलौरी गाविस-४
पेशा : राजनीति (नेकपा माओवादी जिल्ला सदस्य)
स्थायी ठेगाना : सुनसरी जिल्ला भादगाउँ सिनुवारी गाविस-५
बाबुको नाम : श्रीविशाल गौतम
आमाको नाम : अयोध्या गौतम
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : गोमा गौतम
छोरा/छोरी सङ्ख्या : ३/१
अन्य आश्रित सङ्ख्या : ४

**विवरण**

भादगाउँ सिनुवारी गाविस-५ का ५३ वर्षीय नेकपा माओवादी जिल्ला सदस्य त्रिलोक भनिने चिरञ्जीवी



गौतमलाई २०५९ जेठ १५ गते सुरक्षाकर्मीले वकलौरी गाविस-४ पँन्चायतमा साथी दिपकको घरमा रहेको बेला गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय सुनसरीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(५) जयप्रकाश पहाडी**

जन्म मिति/उमेर : २००१/६० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ वैशाख ४ गते
घटनास्थल : सुनसरी भादगाउँ सिनुवारी गाविस-५
पेशा : राजनीति (नेकपा माओवादी समर्थक)
स्थायी ठेगाना : सुनसरी भादगाउँ सिनुवारी गाविस-५
बाबुको नाम : कृष्णप्रसाद पहाडी
आमाको नाम : धनमाया पहाडी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : हरिमाया पहाडी
छोरा/छोरी सङ्ख्या : २/०
अन्य आश्रित सङ्ख्या : ४

**विवरण**



भादगाउँ सिनुवारी गाविस-५ का ६० वर्षीय नेकपा माओवादी समर्थक जयप्रकाश पहाडीलाई सादा पोसाकमा आएका सुरक्षाकर्मीले २०६१ वैशाख ४ गते सोही गाविसस्थित घरदेखी उत्तर तर्फ चतरा जाने बाटोबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय सुनसरीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(६) चेतनाथ ढुङगाना (सीएन)**

जन्म मिति/उमेर : २०३२ असोज ७/२८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० भदौ ०७ गते
घटनास्थल : काठमाडौँ जिल्ला काठमाडौँ महानपा
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : सुनसरी जिल्ला सिङ्गिया गाविस-९
बाबुको नाम : पुन्यप्रसाद ढुङ्गाना
आमाको नाम : खगेन्द्रदेवी ढुङ्गाना
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : अनु प्रधान ढुङ्गाना
अन्य आश्रित सङ्ख्या : १

**विवरण**



सिङ्गिया गाविस-९ का २८ वर्षीय नेकपा माओवादी कार्यकता सीएन भनिने चेतनाथ ढुङगानालाई २०६० भदौ ०७ गते काभ्रे जिल्लाबाट औषधी लिएर फर्कने क्रममा काठमाडौँ मनपामा सुरक्षाकर्मीले गिरफ्तार गरी भैरवनाथ गण लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय सुनसरीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(७) उत्तम लिम्बू**

जन्म मिति/उमेर : २०३४ असार २५/२५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ १४ गते
घटनास्थल : सुनसरी जिल्ला महेन्द्रनगर गाविस-४, चक्रघटी
पेशा : राजनीति (नेकपा माओवादी, कमाण्डर)

स्थायी ठेगाना : सुनसरी जिल्ला महेन्द्रनगर गाविस-४, चक्रघटी
बाबुको नाम : मचेन्द्रकुमार लिम्बू
आमाको नाम : दनमाया लिम्बू
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



महेन्द्रनगर गाविस-४, चक्रघटी का २५ वर्षीय नेकपा माओवादी, कमाण्डर उत्तम लिम्बूलाई २०५९ जेठ १४ गते सोही गाविसस्थित आफ्नै घरमा सुतिहेको अवस्थामा सुरक्षा-कर्मीले माओवादीको आरोपमा गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय सुनसरीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(८) **हरिबहादुर मगर**
जन्म मिति/उमेर : २०३४ चैत ७/२५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ १४ गते
घटनास्थल : सुनसरी महेन्द्रनगर गाविस-४, चक्रघटी
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : सुनसरी महेन्द्रनगर गाविस-४, चक्रघटी
बाबुको नाम : दलबहादुर मगर
आमाको नाम : हरीमाया मगर
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : सुष्मा मगर
छोरा/छोरी सङ्ख्या : २/०
अन्य आश्रित सङ्ख्या : ४

**विवरण**
महेन्द्रनगर गाविस-४, चक्रघटी का २५ वर्षीय नेकपा माओवादी कार्यकर्ता हरिबहादुर मगरलाई २०५९ जेठ १४ गते सोही गाविसस्थित आफ्नै घरमा सुतिहेको अवस्थामा सुरक्षाकर्मीले घेरा हाली उत्तम लिम्बूको घर देखा भनी गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय सुनसरीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(९) **हर्क माझी**
जन्म मिति/उमेर : २०२५ असार ७/३४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ १४ गते
घटनास्थल : सुनसरी जिल्ला महेन्द्रनगर गाविस-४, चक्रघटी
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : सुनसरी जिल्ला महेन्द्रनगर गाविस-४, चक्रघटी
बाबुको नाम : मंगलबहादुर माझी
आमाको नाम : नन्दकुमारी माझी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : सन्तमाया माझी
छोरा/छोरी सङ्ख्या : ३/०
अन्य आश्रित सङ्ख्या : ४

**विवरण**
महेन्द्रनगर गाविस-४, चक्रघटी का ३४ वर्षीय नेकपा माओवादी कार्यकर्ता हर्क माझीलाई २०५९ जेठ १४ गते सोही गाविसस्थित आफ्नै घरमा सुतिहेको अवस्थामा सुरक्षाकर्मीले केही काम छ भनी उठाएर लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय सुनसरीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१०) **दीपक विक (प्रज्वल)**
जन्म मिति/उमेर : २०३७/२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ १५ गते
घटनास्थल : सुनसरी जिल्ला वकलौरी गाविस-४
पेशा : राजनीति(नेकपा माओवादी एरिया कमिटी सदस्य)

स्थायी ठेगाना : सुनसरी जिल्ला वकलौरी गाविस-४
बाबुको नाम : विरुदास विक
आमाको नाम : पार्वती विक
वैवाहिक स्थिति : अविवाहित
अन्य आश्रित सङ्ख्या : २

**विवरण**




वकलौरी गाविस-४ का २२ वर्षीय नेकपा माओवादी एरिया कमिटी सदस्य प्रज्वल भनिने दीपक विकलाई २०५९ जेठ १५ गते सोही गाविसस्थित आफ्नै घरमा दुई जना साथीसँग बसिरहेको अवस्थामा सुरक्षाकर्मीको टोलीले गिरफ्तार गरी लगेकोमा हालसम्म अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय सुनसरीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(११) **निराजन पाठक**

जन्म मिति/उमेर : २०३७ जेठ १९/२३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० साउन १४ गते
घटनास्थल : सुनसरी जिल्ला श्रीपुरजब्दी गाविस-६, यादवटोल
पेशा : राजनीति (नेकपा माओवादी गाउँ कमिटी इन्चार्ज)
स्थायी ठेगाना : सुनसरी जिल्ला हरिपुर गाविस-३
बाबुको नाम : नित्यानन्द पाठक
आमाको नाम : विनादेवी पाठक
वैवाहिक स्थिति : अविवाहित
अन्य आश्रित सङ्ख्या : ४

**विवरण**

हरिपुर गाविस-३ का २३ वर्षीय नेकपा माओवादी गाउँ कमिटी इन्चार्ज निराजन पाठकलाई सुरक्षाकर्मीले २०६० साउन १४ गते श्रीपुर



गाविस-६, यादवटोलमा बैठक गर्न गएको अवस्थामा गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय सुनसरीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१२) **दिनेश चौधरी**

जन्म मिति/उमेर : २०३९ मंसिर ५/२३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६२ पुस २२ गते
घटनास्थल : सुनसरी जिल्ला दुहवी गाविस
पेशा : राजनीति (नेकपा माओवादी कार्यकार्त)
स्थायी ठेगाना : सुनसरी जिल्ला पूर्वाकुशाहा गाविस-५
बाबुको नाम : भजनलाल चौधरी
आमाको नाम : रेलीदेवी चौधरी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : भुट्टीदेवी चौधरी
छोरा/छोरी सङ्ख्या : ०/१
अन्य आश्रित सङ्ख्या : ३

**विवरण**



पूर्वकुशाहा गाविस-५ का २३ वर्षीय नेकपा माओवादी कार्यकर्ता दिनेश चौधरीलाई २०६२ पुस २२ गते सुरक्षाकर्मीले दुहवी गाविसको दुहवी बजारस्थित मैदा फ्याक्ट्रीबाट काम गरी घर फर्कने क्रममा गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय सुनसरीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१३) **फुलकुमार विक (सूर्य)**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३२ भदौ १२/२९ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६१ साउन २५ गते |
| घटनास्थल | : | सुनसरी जिल्ला धरान नपा, घोपा क्याम्प |
| पेशा | : | राजनीति(नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : | सुनसरी जिल्ला सिंगिया गाविस-७, बुधनगर |
| बाबुको नाम | : | अमरलाल विक |
| आमाको नाम | : | लिलामाया विक |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | फम्फा विक |
| छोरा/छोरी सङ्ख्या | : | १/१ |
| अन्य आश्रित सङ्ख्या | : | ३ |

**विवरण**



सिंगिया गाविस-७, बुधनगर का २९ वर्षीय नेकपा माओवादी कार्यकर्ता सुर्य भनिने फुलकुमार विकलाई २०६१ साउन २५ गते धरान नपा स्थित घोपा क्याम्पमा उपचार गराई फर्कने क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय सुनसरीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## शाही नेपाली सेनाबाट

(१४) **देवहरि रिजाल (क्षितिज)**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३६ असोज १९/२३ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ भदौ २४ गते |
| घटनास्थल | : | सुनसरी जिल्ला हाँसपोसा गाविस-२, आँपगाछी |
| पेशा | : | राजनीति (नेकपा माओवादी केन्द्रीय सदस्य) |
| स्थायी ठेगाना | : | सुनसरी जिल्ला मधेसा गाविस-५ |
| बाबुको नाम | : | भोलानाथ रिजाल |
| आमाको नाम | : | छमयन्तीदेवी रिजाल |
| वैवाहिक स्थिति | : | अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : | ३ |

**विवरण**




मधेसा गाविस-५ का २३ वर्षीय नेकपा माओवादी केन्द्रिय सदस्य क्षितिज भनिने देवहरि रिजाललाई २०५९ भदौ २४ गते हाँसपोसा गाविस-२, आँपगाछी स्थित साथीको घर गएको अवस्थामा पूर्वी पृतना मुख्यालय इटहरीबाट खटीएको शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

## पीडक पक्ष नेकपा माओवादीबाट

(१५) **भोजराज तिम्सिना**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३९ पुस १०/२२ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६२ पुस २६ गते |
| घटनास्थल | : | सुनसरी महेन्द्रनगर गाविस-९, सालबन्दी |
| पेशा | : | विद्यार्थी |
| स्थायी ठेगाना | : | सुनसरी महेन्द्रनगर गाविस-९, सालबन्दी |
| बाबुको नाम | : | मेहनीप्रसाद तिम्सिना |
| आमाको नाम | : | कौसिला तिम्सिना |
| वैवाहिक स्थिति | : | अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : | २ |



**विवरण**

महेन्द्रनगर गाविस-९, सालबन्दी का २२ वर्षीय भोजराज तिम्सिनालाई २०६२ पुस २६ गते नेकपा माओवादीले सोही

गाविसबाट अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडित श्री महेन्द्र उमाविमा कक्षा १२ मा अध्यारत थिए। रेडक्रस सुनसरीले पीडित परिवारलाई १० हजार रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

# १.७ धनकुटा

## पीडक पक्ष नेकपा माओवादीबाट

(१) **जयकुमार राई (श्याम)**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२७ साउन २३/३५ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६२ साउन २५ गते |
| घटनास्थल | : धनकुटा जिल्ला आहाले गाविस-४ |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : धनकुटा जिल्ला आहाले गाविस-४ |
| बाबुको नाम | : चतुरमान राई |
| वैवाहिक स्थिति | : विवाहित |

**विवरण**

आहाले गाविस-४ का ३५ वर्षीय जयकुमार राईलाई २०६२ साउन २५ गते नेकपा माओवादी सोही गाविसस्थिथत आफ्नै घरबाट अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

(२) **वीरबहादुर तामाङ**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२५/३६ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ माघ १७ गते |
| घटनास्थल | : धनकुटा जिल्ला वेलहरा गाविस-१ |
| स्थायी ठेगाना | : धनकुटा जिल्ला वेलहरा गाविस-१ |
| बाबुको नाम | : इखबहादुर तामाङ |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**

वेलहरा गाविस-१ का ३६ वर्षीय पूर्व नेकपा माओवादी सेना वीरबहादुर तामाङलाई २०६१ माघ १७ गते सोही गाविसस्थित आफ्नै घरबाट नेकपा माओवादीले अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडित नेकपा माओवादी सेनामा काम नगर्ने भनी घर फर्किएपछि उनलाई माओवादी कार्यकर्ताले घरैमा आई अपहरण गरेका थिए।

# १.९ भोजपुर

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

## संयुक्त सुरक्षाकर्मीबाट

(१) **विवन राई**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४५ वैशाख /१७ |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : ०६२ असार ८ गते |
| घटनास्थल | : लेखर्क गाविस-७, भुल्के |
| पेशा | : राजनीतिक कार्यकर्ता, जनमिलिसिया, नेकपा माओवादी |
| स्थायी ठेगाना | : भुल्के गाविस-७, भुल्के, भोजपुर |
| बैवाहित स्थिति | : अविवाहित |

**विवरण**

भुल्के गाविस-७ निवासी नेकपा माओवादीका जनमिलिसिया १७ वर्षीय विवन राई ०६२ असार ८ गते भोजपुरको लेखर्क गाविस-४ पाचघरेमा संयुक्त सुरक्षाकर्मी र माओवादीबीच भिडन्तको क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेका थिए। पीडित परिवारलाई राज्यपक्षबाट कुनै राहत उपलब्ध गराइएको छैन।

(२) **धनबहादुर तामाङ**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०१९ वैशाख/४० वर्ष |

लिङ्ग : पुरुष
घटना मिति : ०५८ फागुन १ गते
घटनास्थल : खादबारी नगरपालिका, सङ्खुवासभा
पेशा : कृषि
स्थायी ठेगाना : बोया गाविस-६, बोया, भोजपुर
बाबुको नाम : पदमबहादुर तामाङ

**विवरण**

बोया गाविस-६, बोयाका ४० वर्षीय धनबहादुर तामाङलाई ०५९ मङ्सिर २३ गते सङ्खुवासभाको सदरमुकाम खादबारी नगरपालिका-२ बाट गस्तीमा रहेको सुरक्षँकर्मीले गिरफ्तार गरेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडित नेकपा माओवादी कार्यकर्ता थिए। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

## शाही नेपाली सेनाबाट

**(३) गम्भीर योञ्जन**

जन्म मिति/उमेर : २०२३ वैशाख१/३६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०५९ जेठ १ गते
घटनास्थल : कीर्तिपुर नगरपालिका-१२, काठमाडौँ
पेशा : व्यापार
स्थायी ठेगाना : वोखिम गाविस-८, तामाङ गाउँ, भोजपुर
बाबुको नाम : भक्तबहादुर योञ्जन
पति/पत्नीको नाम : पदममाया तामाङ
छोरा/छोरी सङ्ख्या : २/१
अन्य आश्रित सङ्ख्या : २

**विवरण**



वोखिम गाविस-८ का ३६ वर्षीय गम्भीर योञ्जनलाई ०५९ जेठ महिनामा कीर्तिपुर नपा-१२ बाट सेनाले गिरफ्तार गरी लगेकोमा उनको अवस्था अज्ञात छ। माओवादी कार्यकर्ता योञ्जन कीर्तिपुरमा तराकारी व्यापार गर्दै आएका थिए। पीडित परिवारलाई राज्यबाट कुनै राहत उपलब्ध गराइएको छैन।

**(४) नवीन राई**

जन्म मिति/उमेर : २०३३/२५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०५८ फागुन १ गते
घटनास्थल : कालीमाटी, काठमाडौँ नगरपालिका-१३, काठमाडौँ
पेशा : राजनीति, केन्द्रीय सदस्य अनेरास्ववियु (क्रान्तिकारी), नेकपा माओवादी
स्थायी ठेगाना : नागी गाविस-६, भोजपुर
बाबुको नाम : रणबहादुर राई
आमाको नाम : कृष्णकुमारी राई
पति/पत्नीको नाम : अविवाहित

**विवरण**



नागी गाविस-६ का २५ वर्षीय नवीन राईलाई ०५८ फागुन ११ गते काठमाडौँ मनपा १३ कालीमाटीबाट शाही नेपाली सेनाले गिरफ्तार गरी महाराजगञ्जस्थित भैरवनाथ गणमा राखेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकाले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(५) रामबहादुर कार्की**

जन्म मिति/उमेर : २०३९ वैशाख १ गते/२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०६० माघ २० गते
घटनास्थल : थानकोट गाविस, काठमाडौँ
पेशा : कृषि
स्थायी ठेगाना : नेपाले डाँडा गाविस-६, जिल्ला भोजपुर
बाबुको नाम : खड्गबहादुर कार्की
पति/पत्नीको नाम : मञ्जू कार्की

छोरा/छोरी सङ्ख्या : २/१
अन्य आश्रित सङ्ख्या : १

**विवरण**

नेपाले डाँडा गाविस-६का २१ वर्षीय रामबहादुर कार्कीलाई ०६० चैत २० गते काठमाडौं जान लागेको अवस्थामा थानकोट चेकपोस्टमा खटिएको शाही नेपाली सेनाको टोलीले माओवादी भएको आरोमा गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। उनीसँगै गिरफ्तार गरिएका दुर्गा विष्ट र नन्द विष्टलाई भने शारीरिक यातना दिएर त्यसै महिना रिहा गरिएको थियो। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(६) **देशभक्त चापागाई**

जन्म मिति/उमेर : २०३९ साल वैशाख/२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०६० कात्तिक २६ गते
घटनास्थल : भक्तपुर
पेशा : राजनीति, नेकपा माओवादी
स्थायी ठेगाना : नेपालेडाडा-७, नेपाले डाँडा, भोजपुर
बाबुको नाम : मोहन चापागाई
आमाको नाम : विष्णुमाया चापागाईपति/
पत्नीको नाम : अविवाहित

**विवरण**



नेपालेडाँडा-७, नेपाले डाडाका २१ वर्षीय देशभक्त चापागाईलाई ०६० कात्तिक २६ गते शाही नेपाली सेनाले गिरफ्तार गरी काठमाडौँको महाराजगञ्जस्थित भैरवनाथ गणमा राखेकोमा त्यहीबाट उनलाई बेपत्ता पारेका थिए। पीडित परिवारलाई सरकारका तर्फबाट १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराइएको छ।

## नेपाल प्रहरीबाट

(७) **इन्द्रकुमारी राई**

जन्म मिति/उमेर : २०४०/२० वर्ष
लिङ्ग : महिला
घटना मिति : ०६० माघ २ गते
घटनास्थल : भानुचोक, धरान नगरपालिका-१, सुनसरी
पेशा : विद्यार्थी
स्थायी ठेगाना : खेराङ गाविस-१ फलामढुङ्गा, भोजपुर
बाबुको नाम : हैकमसिंह राई
पति/पत्नीको नाम : अविवाहित

**विवरण**



खेराङ गाविस-१ फलामढुङ्गाकी २० वर्षीया इन्द्रकुमारी राईलाई ०६० माघ २ गते सुनसरी जिल्लाको धरान नगरपालिका-२ स्थित बसपार्कबाट अञ्चल प्रहरी कार्यालयबाट आएको प्रहरी टोलीले माओवादी भएको आरोपमा गिरफ्तार गरी बेपत्ता पारेको थियो। सगरमाथा उच्च मावि घोडेटारमा कक्षा १० मा अध्ययनरत राई एसएलसी परीक्षा दिन तयारी गर्नै क्रममा धरान गएकी थिइन्। पीडित परिवारलाई सरकारका तर्फबाट कुनै राहत सहयोग उपलब्ध गराइएको छैन।

# १.१० सङ्खुवासभा

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

## शाही नेपाली सेनाबाट

(१) **तिलक अधिकारी केसी (रमेश)**

जन्म मिति/उमेर : २०३५ चैत १२/२५ वर्ष
लिङ्ग : पुरुष

घटना मिति : ०६० असोज १०
घटनास्थल : विराटनगर उपमहानगरपालिका-३, मोरङ
पेशा : विद्यार्थी अनेरास्ववियु (क्रान्तिकारी) का सदस्य
स्थायी ठेगाना : बानेश्वर गाविस-२, संखुवासभा
बाबुको नाम : शङ्कर अधिकारी
आमाको नाम : मदनलक्ष्मी अधिकारी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



बानेश्वर गाविस-२ का रमेश भनिने २५ वर्षीय तिलक अधिकारीलाई ०६० असोज १० गते विराटनगर उपमहा-नगरपालिका-४ स्थित जनता माध्यमिक विद्यालय अघिल्तिरबाट सुरक्षा-कर्मीको एक टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। अनेरास्ववियु क्रान्तिकारीका सदस्य रहेका अधिकारी महेन्द्र मोरङ क्याम्पसमा अध्ययनरत थिए। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२) **हरि खड्का**
जन्म मिति/उमेर : ०३३ कात्तिक २८/२६ वर्ष
लिङ्ग : महिला
घटना मिति : ०५९ फागुन १९ गते
घटनास्थल : शिवगञ्ज गाविस, झापा
स्थायी ठेगाना : चैनपुर गाविस-४, सङ्खुवासभा
बाबुको नाम : भीमबहादुर खड्का

**विवरण** :
चैनपुर गाविस-४का २६ वर्षीय हरि खड्कालाई ०५९ फागुन १९ गते झापाको शिवगञ्जबाट सेनाले गिरफ्तार गरकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप कुनै सहयोग उपलब्ध गराएको छैन।

(३) **चन्द्रबहादुर कटुवाल**
जन्म मिति/उमेर : ०३७ भदौ १० गते/२३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०६० असार १३ गते
घटनास्थल : इटहरी नगरपालिका-५, सुनसरी
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : खराङ गाविस-६, सङ्खुवासभा
बाबुको नाम : समरबहादुर कटुवाल
आमाको नाम : यशोदा कटुवाल
वैवाहिक स्थिति : अविवाहित

**विवरण**
खराङ गाविस-६ निवासी माओवादी कार्यकर्ता २३ वर्षीय चन्द्रबहादुर कटुवाललाई ०६० असार १३ गते सुनसरी जिल्लाको इटहरी नगरपालिका-५ स्थित उनको डेराबाट सेनाले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप कुनै सहयोग उपलब्ध गराएको छैन।

(४) **मनमाया पुरी**
जन्म मिति/उमेर : २०३७ असार १८ गते/२१ वर्ष
लिङ्ग : महिला
घटना मिति : ०५८ मङ्सिर १३ गते
घटनास्थल : रुम्जाटार गाविस-६, ओखलढुङ्गा
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : स्याबून गाविस-४, सङ्खुवासाभा
बाबुको नाम : चन्द्र पुरी
आमाको नाम : माया पुरी
पति/पत्नीको नाम : अविवाहित

**विवरण**
स्याबून गाविस-४ निवासी नेकपा माओवादीका कार्यकर्ता २१ वर्षीय मनमाया पुरीलाई ०५८ मङ्सिर

१३ गते ओखलढुङ्गा जिल्लाको रुम्जाटारमा माओवादी र सेनाबीच भिडन्त भएपछि फर्कने क्रममा सेनाले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप कुनै सहयोग उपलब्ध गराएको छैन।

# १.११ सप्तरी

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

**(१) रमाकान्त साह**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३६ साल /२२ |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ मङ्सिर १२ गते |
| घटनास्थल | : | नेङडा गाविस-५, सप्तरी |
| पेशा | : | विद्याथी, अनेरास्ववियु(क्रान्तिकारी)का कार्यकर्ता |
| स्थायी ठेगाना | : | फूलकाही गाविस-४, सप्तरी |
| आमाको नाम | : | नेवलीदेवी साह |
| पति/पत्नीको नाम | : | अविवाहित |

**विवरण**

फूलकाही गाविस-४का २२ वर्षीय रमाकान्त साहलाई ०५८ मङ्सिर १२ गते राजबिराजबाट घरतर्फ गइरहेको अवस्थामा सुरक्षाकर्मीले नेङडा गाविस-५ बैरिया टोलबाट गिरफ्तार गरी बेपत्ता पारेका थिए। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(२) विनोद साह**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३९ वैशाख १२ गते/१९ |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | ०५८ मङ्सिर १२ गते |
| घटनास्थल | : | फूलकाही गाविस-४, सप्तरी |
| पेशा | : | विद्यार्थी, अनेरास्ववियु (क्रान्तिकारी)का कार्यकर्ता |
| स्थायी ठेगाना | : | फूलकाही गाविस-४, सप्तरी |
| बाबुको नाम | : | कृष्णलाल साह |
| आमाको नाम | : | रामसुनैरदेवी साह |
| पति/पत्नीको नाम | : | अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : | २ |

**विवरण**




फूलकाही गाविस-४का १९ वर्षीय विनोद साहलाई ०५८ मङ्सिर १२ गते राजबिराजबाट घरतर्फ गइरहेको अवस्थामा सुरक्षाकर्मीले नेङडा गाविस-५ बैरिया टोलबाट गिरफ्तार गरी बेपत्ता पारेका थिए। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(३) द्वारिका तिम्सिना**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२५ मङ्सिर/३३ |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | ०५८ फागुन १९ गते |
| घटनास्थल | : | भगनी बजार, कमलपुर गाविस-६, सप्तरी |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | फत्तेपुर गाविस-९, गङ्गाजली, सप्तरी |
| बाबुको नाम | : | डिल्लिराम तिम्सिना |
| आमाको नाम | : | सरस्वती तिम्सिना |
| पति/पत्नीको नाम | : | उर्मिला तिम्सिना |
| छोरा/छोरी सङ्ख्या | : | २/१ |

**विवरण**



फत्तेपुर गाविस-९, गङ्गाजलीका ३३ वर्षीय द्वारिका तिम्सिनालाई ०५८ फागुन १९ गते भगनी बजार, कमलपुर गाविस-६ बाट

मोटरसाइकल चढेर आएका दुई सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था अझै अज्ञात छ। पीडित परिवारलाई सरकारका तर्फबाट कुनै राहत सहयोग उपलब्ध गराइएको छैन।

(४) **राजेन्द्र साह**

जन्म मिति/उमेर : २०१८ साल/४० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०५८ मङ्सिर १२ गते
घटनास्थल : मधवापर गाविस-८, सप्तरी
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : मधवारपुर गाविस-८ अर्जी टोल, सप्तरी
बाबुको नाम : नथू साह
आमाको नाम : झलियादेवी साह
पति/पत्नीको नाम : ललितादेवी साह
छोरा/छोरी सङ्ख्या : १/०
अन्य आश्रित सङ्ख्या : २

**विवरण**

मधवापर गाविस-८, अर्जीटोलका माओवादी कार्यकर्ता ४० वर्षीय राजेन्द्र साहलाई ०५८ मङ्सिर १२ गते सुरक्षाकर्मीले केही बुझ्नु छ भनी लगेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारका तर्फबाट कुनै राहत सहयोग उपलब्ध गराइएको छैन।

## नेपाल प्रहरीबाट

(५) **नरसिंह चौधरी**

जन्म मिति/उमेर : २०१५/४३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०५८ मङ्सिर १४ गते
घटनास्थल : खडगपुर गाविस-४
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : खडगपुर गाविस-४, सप्तरी
बाबुको नाम : भगवती चौधरी
आमाको नाम : गर्भीदेवी चौधरी
पति/पत्नीको नाम : शान्तिदेवी चौधरी
छोरा/छोरी सङ्ख्या : २/०
अन्य आश्रित सङ्ख्या : २

**विवरण**



खडगपुर गाविस-४ का माओवादी कार्यकर्ता नरसिंह चौधरीलाई ०५८ मङ्सिर १४ गते घरबाटै गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(६) **अनीता श्रेष्ठ**

जन्म मिति/उमेर : २०३० साल/२८
लिङ्ग : महिला
घटना मिति : ०५८ मङ्सिर ८ गते
घटनास्थल : भगवतपुर गाविस, सप्तरी
पेशा : विद्यार्थी
स्थायी ठेगाना : जोगनिया(२) गाविस-४, सप्तरी
बाबुको नाम : स्व हस्तबहादुर श्रेष्ठ
आमाको नाम : तुलसीमाया श्रेष्ठ
पति/पत्नीको नाम : अविवाहित

**विवरण**



जोगनिया (२) गाविस-४ की ३२ वर्षीया अनीता श्रेष्ठलाई ०५८ मङ्सिर ८ गते भगवतपुर गाविसस्थित भगवतपुर बोर्डिङ स्कूलबाट केही बुझ्नु छ भनी प्रहरीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था अज्ञात छ। गिरफ्तारपश्चात् उनलाई जिल्ला प्रहरी कार्यालय सप्तरीमा राखिएको थियो। पीडित परिवारलाई सरकारका तर्फबाट कुनै राहत सहयोग उपलब्ध गराइएको छैन।

(७) **राजेन्द्रप्रसाद चौधरी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३०/२८ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : ०५८ साल पुस २७ गते |
| घटनास्थल | : खडगपुर गाविस-४ |
| पेशा | : राजनीति, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : खडगपुर गाविस-४, सप्तरी |
| बाबुको नाम | : समनलाल चौधरी |
| आमाको नाम | : अघोरीदेवी चौधरी |
| पति/पत्नीको नाम | : शोभादेवी चौधरी |
| छोरा/छोरी सङ्ख्या | : ३/१ |
| अन्य आश्रित सङ्ख्या | : १ |

**विवरण**

खडगपुर गाविस-४का माओवादी कार्यकर्ता राजेन्द्रप्रसाद चौधरीलाई ०५८ पुस २७ गते भारतको मधुवनी प्रहरीले गिरफ्तार गरी सप्तरी जिल्ला प्रहरी कार्यालयमा बुझाएकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारका तर्फबाट कुनै राहत सहयोग उपलब्ध गराइएको छैन।

## पीडक पक्ष नेकपा माओवादीबाट

(८) **तेतर सदा मुसहर**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०१० साउन ६/५२ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : ०६२ वैशाख २६ गते |
| घटनास्थल | : शम्भूनाथ गाविस-१, सप्तरी |
| पेशा | : मजदूरी |
| स्थायी ठेगाना | : मलेकपुर गाविस-१, सप्तरी |
| बाबुको नाम | : चिनगिया सदा मुसहर |
| आमाको नाम | : स्व लालोदेवी |
| पति/पत्नीको नाम | : मनियादेवी सदा |
| छोरा/छोरी सङ्ख्या | : २/३ |

**विवरण**

मलेकपुर गाविस-१ का ५२ वर्षीय तेतर सदा मुसहरलाई ०६२ वैशाख २६ गते शम्भूनाथ



गाविस-१ सखुवाबाट नेकपा माओवादीको एक समूहले अपहरण गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले कुनै राहत सहयोग उपलब्ध गराएको छैन।

# १.१२ सिराहा

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

## संयुक्त सुरक्षाकर्मीबाट

(१) **गणेशी सदा मुसहर**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२४ असार १५ गते/३५ |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ भदौ मिति एकिन नभएको |
| घटनास्थल | : राजपुर गाविस-६, सिराहा |
| पेशा | : मजदूरी |
| स्थायी ठेगाना | : राजपुर गाविस-६, सिरहा |
| बाबुको नाम | : अवध मुसहर |
| आमाको नाम | : रुन्ची मुसहर |
| पति/पत्नीको नाम | : वास्मतिया मुसहर |
| छोरा/छोरी सङ्ख्या | : ३/२ जना |
| अन्य आश्रित सङ्ख्या | : ५ जना |

**विवरण**



राजपुर गाविस-६ का गणेशी सदा मुसहरलाई ०५९ भदौ (जितीया पर्वको दिन)मा संयुक्त सुरक्षाकर्मीको टोलीले उनकै गाउँबाट गिरफ्तार गरेकोमा हालसम्म उनको अवस्था अज्ञात छ। जितिया पर्व मनाएको राति ३ बजे सुरक्षाकर्मीले गाउँ घेरेर मुसहर टोलका सबै पुरुष महिला बालबालिकालाई

लाइनमा उभ्याएर राखेका थिए। सुरक्षाकर्मीसँगै आएको सुराकीले रामभगत सदा मुसहरसमेत चार जनालाई चिनाएपछि उनीहरू चारै जनालाई गिरफ्तार गएिको थियो। पीडित परिवारलाई सरकारले राहतस्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२) **रघुवीर साह**

जन्म मिति/उमेर : २०२७ असार १७ गते/३४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ साल
घटनास्थल : राजपुर गाविस-३, सिरहा
पेशा : कृषि, नेकपा माओवादीका कार्यकर्ता
स्थायी ठेगाना : राजपुर गाविस-३, सिरहा
बाबुको नाम : वासुदेव साह
आमाको नाम : रामप्यारी साह
पति/पत्नीको नाम : फेकनी साह
छोरा/छोरी सङ्ख्या : २/२ जना
अन्य आश्रित सङ्ख्या : ६

**विवरण**



राजपुर गाविस-६ का ३४ वर्षीय रघुवीर साहलाई ०६१ सालमा संयुक्त सुरक्षाकर्मीको टोलीले उनकै गाउँबाट गिरफ्तार गरेकोमा हालसम्म उनको अवस्था अज्ञात छ। उनी माओवादी समर्थक थिए। पीडित परिवारलाई सरकारका तर्फबाट कुनै राहत सहयोग उपलब्ध गराइएको छैन।

(३) **विनोद महतो**

जन्म मिति/उमेर : २०२६ साल/३४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०६० असोज ३० गते
घटनास्थल : अर्नामा पप्री गाविस-२, सिरहा
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : अर्नामा पप्री गाविस-२, सिरहा
बाबुको नाम : राजदेव महतो
आमाको नाम : उर्मिला महतो
पति/पत्नीको नाम : शकुन्तला महतो
छोरा/छोरी सङ्ख्या : ०/१ जना
अन्य आश्रित सङ्ख्या: २ जना

**विवरण**



अर्नामा पप्री गाविस-२ निवासी नेकपा माओवादी कार्यकर्ता ३४ वर्षीय विनोद महतोलाई ०६० असोज ३० गते राति संयुक्त सुरक्षाकर्मीले घर घेरा हालेर गिरफ्तार गरी चोहरवास्थित इन्द्रध्वज गणमा लगेको थियो। त्यसपछि उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारका तर्फबाट कुनै राहत सहयोग उपलब्ध गराइएको छैन।

(४) **रामखेलावन महतो**

जन्म मिति/उमेर : २०२३ जेठ १८ गते/३६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०५९ मङ्सिर २१
घटनास्थल : महदेवा पोर्ताहा गाविस, सिरहा
पेशा : कृषि, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : ब्रम्हानगोछारी गाविस-९, गोर्छारी, सिरहा
बाबुको नाम : हरिचन महतो
आमाको नाम : सुगावतीदेवी महतो
पति/पत्नीको नाम : कुश्मादेवी महतो
छोरा/छोरी सङ्ख्या : २/१ जना
अन्य आश्रित सङ्ख्या: ८ जना

**विवरण**

ब्रम्हानगोछारी गाविस-९, गोर्छारीका ३६ वर्षीय रामखेलावन महतोलाई ०५९ मङ्सिर २१ गते बाटोमा हिँडिरहेको बेला महादेवपोर्ताहा गाविसबाट



संयुक्त सुरक्षाकर्मीको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनीसगै गिरफ्तार गरिएका अशेश्वर यादव भने लहानस्थित सैनिक पोस्टबाट केही दिनपछि रिहा भएका थिए। पीडित परिवारलाई सरकारका तर्फबाट कुनै राहत सहयोग उपलब्ध गराइएको छैन।

**(५) श्रीराम सदा**

जन्म मिति/उमेर : २०२४ असार १५ गते/३५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ भदौ मिति एकिन नभएको (जितीया पर्वको दिन)
घटनास्थल : राजपुर गाविस-६, सिरहा
पेश : ज्यालादारी
स्थायी ठेगाना : राजपुर गाविस-६, सिरहा
बाबुको नाम : बद्री सदा
आमाको नाम : विजला सदा
पति/पत्नीको नाम : अर्के विवाह गरेको
छोरा/छोरी सङ्ख्या : ०/१ जना
अन्य आश्रित सङ्ख्या: ७ जना

**विवरण**

राजपुर गाविस-६ का श्रीराम सदालाई ०५९ भदौ (जितीया पर्वको दिन)मा संयुक्त सुरक्षाकर्मीको टोलीले उनकै गाउँबाट गिरफ्तार गरेकोमा हालसम्म उनको अवस्था अज्ञात छ। जितीया पर्व मनाएको राति ३ बजे सुरक्षाकर्मीले गाउँ घेरेर मुसहर टोलका सबै पुरुष महिला बालबालिकालाई लाइनमा उभ्याएर राखेका थिए। सुरक्षाकर्मीसँगै आएको सुरकीले रामभगत सदा मुसहरसमेत चार जनालाई चिनाएपछि उनीहरू चारै जनालाई गिरफ्तार गएिको थियो। पीडित परिवारलाई सरकारले राहतस्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(६) चन्द्रेश्वरप्रसाद सिंह**

जन्म मिति/उमेर : २०१५/४५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०६० भदौ ४ गते
घटनास्थल : अर्नामा गाविस-२, सिरहा
पेशा : कृषि, नेकपा माओवादी कार्यकता
स्थायी ठेगाना : ब्रम्हपुरी,अर्नामा प्रपी गाविस-२, सिरहा
बाबुको नाम : दामोदर महतो
आमाको नाम : भुलियादेवी महतो
पति/पत्नीको नाम : उर्मिला महतो
छोरा/छोरी सङ्ख्या : २/१ जना
अन्य आश्रित सङ्ख्या : ५

**विवरण**



अर्नामा पप्रि गाविस-२ ब्रम्हपुरीका माओवादी कार्यकर्ता ४५ वर्षीय चन्द्रेश्वरप्रसाद सिंहलाई ०६० भदौ ४ गते राति संयुक्त सुरक्षाकर्मीको टोलीले घर घेरा हाले गिरफ्तार गरी लगेकोमा उनको अवस्था अज्ञात छ। गिरफ्तार गर्ने क्रममा २० हजार रुपियाँ पनि टोलीले लगेको पीडित परिवारले बताए। पीडित परिवारलाई सरकारका तर्फबाट कुनै राहत सहयोग उपलब्ध गराइएको छैन।

**(७) रामभगत सदा मुसहर**

जन्म मिति/उमेर : २०३१ साल/२८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ भदौ मिति एकिन नभएको (जितीया पर्वको दिन)
घटनास्थल : राजपुर गाविस-६ सिरहा
पेशा : मजदूरी
स्थायी ठेगाना : राजपुर गाविस-६
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : नाम नखुलेको
छोरा/छोरी सङ्ख्या : १/२
अन्य आश्रित सङ्ख्या : ३

**विवरण**

राजपुर गाविस-६ ३५ वर्षीय रामभगत सदा

मुसहरलाई ०५९ भदौ मिति (एकिन नभएको) संयुक्त सुरक्षाकर्मीको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। जितीया पर्व मनाएको राति ३ बजे सुरक्षाकर्मीले गाउँ घेरेर मुसहर टोलका सबै पुरुष महिला बालबालिकालाई लाइनमा उभ्याएर राखेका थिए। सुरक्षाकर्मीसँगै आएको सुराकीले रामभगत सदा मुसहरसमेत चार जनालाई चिनाएपछि उनीहरू चारै जनालाई गिरफ्तार गएिको थियो। पीडित परिवारलाई सरकारले राहतस्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(८) **जागेश्वर सदा मुसहर**

| | |
|---|---|
| **जन्म मिति/उमेर** | : **२०३१ साल / २८वर्ष** |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ भदौ (जितीया पर्वको दिन) |
| घटनास्थल | : राजपुर गाविस-६, सिराहा |
| पेशा | : मजदूरी |
| स्थायी ठेगाना | : राजपुर गाविस-६ |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : हिरादेवी सदा |
| छोरा/छोरी सङ्ख्या | : १/ १ |
| अन्य आश्रित सङ्ख्य | : २ |

**विवरण**


राजपुर गाविस-६ २८ वर्षीय जागेश्वर सदा मुसहरलाई ०५९ भदौ (जितीया पर्वको दिन) संयुक्त सुरक्षाकर्मीको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ । जितिया पर्व मनाएको राति ३ बजे सुरक्षाकर्मीले गाउँ घेरेर मुसहर टोलका सबै पुरुष महिला बालबालिकालाई लाइनमा उभ्याएर राखेका थिए। सुरक्षाकर्मीसँगै आएको सुरकीले रामभगत सदा मुसहरसमेत चार जनालाई चिनाएपछि उनीहरू चारै जनालाई गिरफ्तार गएिको थियो। पीडित परिवारलाई सरकारले राहतस्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

## नेपाल प्रहरीबाट

(९) **रामखेलावन साह**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०१३ साउन ३ गते/४५ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ मङ्सिर १८ गते |
| घटनास्थल | : मिर्चैया गाविस-२, सिरहा |
| पेशा | : शिक्षण, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : मटिहवा, रामनगर मिर्चैया गाविस-२, सिरहा |
| बाबुको नाम | : माथवर साह |
| आमाको नाम | : दयादेवी साह |
| पति/पत्नीको नाम | : धरमशीला साह |
| छोरा/छोरी सङ्ख्या | : १/१ जना |
| अन्य आश्रित सङ्ख्या | : ४ |

**विवरण**



मिर्चैया गाविस-२ मटिहवाका ४५ वर्षीय रामखेलावन साहलाई ०५८ मङ्सिर १८ गते साझ इलाका प्रहरी कार्यालय मिर्चैयाको टोलीले उनकै घरबाट गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। सिन्धुली जिल्लाको श्री भवानी उच्च मावि भीमस्थानका शिक्षक साह माओवादी कार्यकर्ता थिए। पीडित परिवारलाई सरकारका तर्फबाट कुनै राहत सहयोग उपलब्ध गराइएको छैन।

## पीडक पक्ष नेकपा माओवादीबाट

(१०) **सङ्गीता सेन**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४२ साल / १९ वर्ष |
| लिङ्ग | : महिला |
| घटना मिति | : ०६१ असोज १९ गते |
| घटनास्थल | : धनगढी गाविस-१, सिरहा |
| पेशा | : व्यापार |
| स्थायी ठेगाना | : मुकसार गाविस-१, सिरहा |
| बाबुको नाम | : पृथ्वीबहादुर सेन |
| आमाको नाम | : टीकाकुमारी सेन |
| पति/पत्नीको नाम | : अविवाहित |

**विवरण**

मुकसार गाविस-१ की १९ वर्षीया सङ्गीता सेनलाई ०६१ असोज १९ गते सिरहाको धनगढी गाविस-२



बाट मोटरसाइकलमा आएका दुईजना माओवादी कार्यकर्ताले अपहरण गरकोमा उनको अवस्था अज्ञात छ।उनी धनगढीमा कुखुरापालनको व्यसाय सञ्चालन गर्दै आएकी थिइन्। पीडित परिवारलाई सरकारका तर्फबाट कुनै राहत सहयोग उपलब्ध गराइएको छैन।

(११) **हरिप्रसाद यादव**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२०/४१ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : ०६१ जेठ २३ गते |
| घटनास्थल | : इनर्वा गाविस, सिरहा |
| पेशा | : व्यापार, नेपाली काङ्ग्रेस कार्यकर्ता |
| स्थायी ठेगाना | : महदेवा पोर्ताहा गाविस-५, सिरहा |
| बाबुको नाम | : श्रीचन यादव |
| आमाको नाम | : गजरीदेवी |
| पति/ पत्नीको नाम | : रामसुनेरदेवी यादव |
| छोरा/छोरी सङ्ख्या | : ३/० जना |
| अन्य आश्रित सङ्ख्या | : ६ |

**विवरण**



महदेवा पोर्ताहा गाविस-५ का ४१ वर्षीय हरिप्रसाद यादवलाई ०६१ जेठ २३ गते साँझ भारतको लौकाहा बजारबाट सामान बेचेर आउदै गर्दा सिरहाको इनर्वा बजारमा माओवादी कार्यकर्ताले अपहरण गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारका तर्फबाट कुनै राहत सहयोग उपलब्ध गराइएको छैन।

# १.१३ उदयपुर

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

## संयुक्त सुरक्षाकर्मीबाट

(१) **लीलाराज आचार्य**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३५ भदौ ५ गते/२५ |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : ०६० पुस १० गते |
| घटनास्थल | : काठमाडौँ महानगरपालिका |
| पेशा | : राजनीति, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : सरिदार टोल,त्रियुगा नपा-१, उदयपुर |
| बाबुको नाम | : बर्जलाल आचाय |
| आमाको नाम | : लक्ष्मुमाया आचार्य |
| पति/पत्नीको नाम | : अविवाहित |

**विवरण**



त्रियुगा नपा-१ सरिदार टोलका लिलाराज आचार्यलाई ०६० पुस १० गते काठमाडौँ मनपा-२ चाबहिलबाट गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। उनी नेकपा माओवादीको मजदूर सङ्ठनमा आबद्ध थिए। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

## शाही नेपाली सेनाबाट

(२) **प्रकाश तामाङ**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३८/२२ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : ०६० पुस २३ गते |
| घटनास्थल | : तीनकुने, धरान नगरपालिका, सुनसरी |
| पेशा | : राजनीति, नेकपा माओवादी कार्यकर्ता |

स्थायी ठेगाना : लामीडाडा, कटुञ्जेबाबला गाविस-७, उदयपुर
बाबुको नाम : डिकबहादुर तामाङ

**विवरण**

लामीडाडा, कटुञ्जेबाबला गाविस-७ निवासी माओवादीद्वारा गठित जिल्ला जनसरकार सदस्य वार्पवा भनिने २२ वर्षीय प्रकाश तामाङलाई ०६० पुस २३ गते शाही नेपाली सेनाको एक टोलीले धरान नगरपालिका तीनकुनेबाट गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

### नेपाल प्रहरीबाट

(३) **मेघबहादुर कटुवाल**

जन्म मिति/उमेर : २०१७ वैशाख २७ गते/४१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५६ साल
घटनास्थल : पुरी टोल , त्रिवेणी गाविस-१, उदयपुर
पेशा : कृषि
स्थायी ठेगाना : त्रिवेणी गाविस-१ पुरी टोल, उदयपुर
बाबुको नाम : कनकसिंह कटुवाल
आमाको नाम : मनमाया कटुवाल
पति/ पत्नीको नाम : वदेमाया कटुवाल
छोरा/छोरी सङ्ख्या : २/२ जना
अन्य आश्रित सङ्ख्या : ६

**विवरण**

त्रिवेणी गाविस-१ पुरी टोलका माओवादी कार्यकर्ता ४१ वर्षीय मेघबहादुर कटुवाललाई ०५६ सालमा प्रहरीले त्रिवेणी गाविस-६ बाट घिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

# १.१४ खोटाङ


## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### शाही नेपाली सेनाबाट

(१) **प्रतापलाल परियार**

जन्म मिति/उमेर : २०२७ चैत १२ गते/३१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०५८ चैत २२ गते
घटनास्थल : दिक्तेल गाविस-६, खोटाङ
पेशा : मजदूरी
स्थायी ठेगाना : हाचुर गाविस-५, खोटाङ
बाबुको नाम : मानबहादुर परियार
आमाको नाम : जुल्फीमाया परियार
पति/पत्नीको नाम : अविवाहित

**विवरण**



हाचुर गाविस-५ का ३१ वर्षीय प्रतापललाल परियारलाई ०५८ चैत २२ गते दिक्तेल गाविस-६ बाट घर फर्कने क्रममा भवानीदल गुल्मको सेनाको टोलीले मुडे ब्यारेक नजि( कबाट गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

# १.१५ ओखलढुङ्गा

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

## संयुक्त सुरक्षाकर्मीबाट

(१) **हिमालकाजी कार्की**

जन्म मिति/उमेर : २०३३/२५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०५८ मङ्सिर १५ गते
घटनास्थल : कटारी, उदयपुर
पेशा : विद्यार्थी
स्थायी ठेगाना : भदौरे गाविस-२, ओखलढुङ्गा
बाबुको नाम : चक्रबहादुर कार्की
पति/पत्नीको नाम : पशुपति कार्की
छोरा/छोरी सङ्ख्या : ०/१ जना

**विवरण**

भदौरे गाविस-२ का २५ वर्षीय हिमालकाजी कार्कीलाई ०५८ मङ्सिर १५ गते उदयपुर जिल्लाको कटारी बजारस्थित डोल्मा होटलबाट गिरफ्तार गरिएकोमा उनको अवस्थामा अज्ञात छ। उनीसगै उनकी पत्नी पशुपति कार्की र नाबालिग छारीसमेतलाई १५ दिन मिर्चैया प्रहरी चौकीमा राखेको थियो। तत्पश्चात् पशुपति कार्कीलाई ओखलढुङ्गा कारागार चलान गरी ३ महिनापछि रिहा गरिएको थियो भने हिमालकाजीलाई मिर्चैयाबाट बेपत्ता पारिएको थियो। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२) **राजेन्द्र खडका**

घटना मिति : ०६१ भदौ ८
घटनास्थल : काठमाडौँ मनपा, काठमाडौँ
स्थायी ठेगाना : कालिकादेवी गाविस-८, ओखलढृङ्गा
बाबुको नाम : गणेशबहादुर खडका
पति/पत्नीको नाम : अविवाहित

**विवरण**

कालिकादेवी गाविस-८ का राजेन्द्र खडकालाई ०६१ भदौ ८ गते काठमाडौँ मनपाबाट गिरफ्तार गरेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(३) **गजराज राई**

जन्म मिति/उमेर : २०४१ पुस ९ गते/१७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०५८ मङसिर १५ गते
घटनास्थल : कटारी गाविस उदयपुर
पेश : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : माम्खा गाविस-५, ओखलढुङ्गा
बाबुको नाम : गोकर्ण राई
आमाको नाम : कुन्तिमाया राई
पति/पत्नीको नाम : अविवाहित

**विवरण**

माम्खा गाविस-५ का १७ वर्षीय गजराज राईलाई ०५८ मङ्सिर १५ गते कटारी बजारस्थित डोल्मा होटलबाट गिरफ्तार गरिएकोमा उनको अवस्थामा अज्ञात छ। उनीसगै हिमालकाजी कार्की, पत्नी पशुपति कार्की र नाबालिग छारीसमेतलाई १५ दिन मिर्चैया प्रहरीचौकीमा राखेको थियो। तत्पश्चात् पशुपति कार्कीलाई ओखलढुङ्गा कारागार चलान गरी ३ महिनापछि रिहा गरिएको थियो भने गजराज राईलगायत सबैलाई बेपत्ता पारिएको थियो। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(४) **चक्रबहादुर कटुवाल**

जन्म मिति/उमेर : २०१० भदौ ८ गते/४८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०५८ पुस १ गते
घटनास्थल : कुइभीर गाविस-२, ओखलढुङ्गा
पेशा : शिक्षण, प्रधानाध्यापक, कुइभीर मावि, ओखलढुङ्गा

स्थायी ठेगाना : कुइभीर गाविस-२
पति/पत्नीको नाम : पिवाकुमारी कटुवाल
छोरा/छोरी सङ्ख्या : २/२ जना

**विवरण**

कुइभीर गाविस-२ कुइभीरटारका ४८ वर्षीय चक्रबहादुर कटुवाललाई २०५८ मङ्सिर २६ गते जिल्ला शिक्षा कार्यालय, ओखलढुङ्गाका जिल्ला शिक्षा अधिकारी मेघबहादुर केसीले विद्यालयसम्बन्धी आवश्यक कुरा सोधपुछका लागि सोही विद्यालयका शिक्षक वीरबहादुर अधिकारी हस्ते पत्र पठाएको। उनी २०५८ मङ्सिर २८ गते जिल्ला शिक्षा कार्यालय, ओखलढुङ्गामा हाजिर भई साढे ११ बजे समयमा जिल्ला शिक्षा कार्यालयबाट बाहिर निस्कँदा सोही कार्यालय परिसरको प्रवेशद्वारमा नाम थाहा नभएका सादा पोसाकमा रहेका ६ जना नेपाली सेनाका सुरक्षाकर्मीले पक्राउ गरी लगेका थिए। पक्राउ गरेको अवस्थामा सोही विद्यालयका शिक्षक वीरबहादुर अधिकारीले देखेका थिए। पक्राउ गरेपछि जिल्ला शिक्षा कार्यालयबाट सैनिक ब्यारेकमा लगी गैरकानुनी थुनामा राखी शारीरिक यातना दिएपछि २०५८ मङ्सिर ३० गते दिनको १२ बजे चार जना सेनाले ब्यारेकबाट चार हातखुट्टा समाती झुन्ड्याउँदै जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गामा ल्याइयो। उदयबहादुर राईसमेत थुनामा राखेको कोठामा कटुवाललाई २०५८ पुस २ गतेसम्म सँगै थुनामा राखेको थियो। उदयबहादुर राई थुनाबाट मुक्त भएपछि कटुवालको परिवारलाई घटनाको बारेमा पूर्ण जानकारी भएको थियो। कटुवालको अवस्था हालसम्म अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

## शाही नेपाली सेनाबाट

**(५) हेमनारायण श्रेष्ठ**

जन्म मिति/उमेर : २०३० साल/३० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० असोज ८ गते
घटनास्थल : धापासी गाविस, काठमाडौँ
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : गाम्नाङटार गाविस-६, ओखलढुङ्गा
बाबुको नाम : गिरिबहादुर श्रेष्ठ
आमाको नाम : इन्द्रमाया श्रेष्ठ
पति/पत्नीको नाम : अविवाहित

**विवरण**

गाम्नाङटार गाविस-६ का ३० वर्षीय हेमनारायण श्रेष्ठलाई ०६० असोज ८ गते काठमाडौँको धापासीबाट शाही नेपाली सेनाले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(६) **रेवकला तिवारी** (धमला)

जन्म मिति/उमेर : २०४० साल/२० वर्ष
लिङ्ग : महिला
घटना मिति : ०६० कात्तिक १३
घटनास्थल : चावहिल, काठमाडौँ महानगरपालिका-७
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : बेतिनी गाविस-९ ओखलढुङ्गा
बाबुको नाम : धनलाल तिवारी
पति/पत्नीको नाम : भवनाथ धमला

**विवरण** : बेतिनी गाविस-९ की २० वर्षीया रेवकला तिवारी (धमला)लाई ०६० कात्तिक १३ गते कामपा-७ चाबहिलबाट सेनाले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(७) भवनाथ धमला**

जन्म मिति/उमेर : २०३८/२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०६० मङ्सिर १३
घटनास्थल : चावहिल, काठमाडौँ महानगरपालिका-७, काठमाडौँ

पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : बेतिनी गाविस-९, ओखलढुङ्गा
बाबुको नाम : गोविन्द धमला
पति/पत्नीको नाम : रेवकला तिवारी (धमला) सेनाद्वारा नै बेपत्ता पारिएकी

**विवरण**

बेतिनी गाविस-९ की २२ वर्षीय भवनाथ धमलालाई ०६० कात्तिक १३ गते काठमाडौं महानगरपालिका-७ चाबहिलबाट सेनाले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(८) **दिनेश गौतम**

जन्म मिति/उमेर : ०३९ माघ २/२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०६० पुस २१
घटनास्थल : सिन्धुपाल्चोक
स्थायी ठेगाना : पोकली गाविस-१, ओखलढुङ्गा
बाबुको नाम : गणेशबहादुर गौतम

**विवरण**

पोकली गाविस-१का २१ वर्षीय दिनेश गौतमलाई ०६० पुस २१ गते सिन्धुपाल्चोकबाट सेनाले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

## नेपाल प्रहरीबाट

(९) **शम्भू कटुवाल**

जन्म मिति/उमेर : २०३०/२८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०५८ मङ्सिर १५ गते
घटनास्थल : कटारी गाविस, उदयपुर
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : ठूलाछाप गाविस-१, ओखलढुङ्गा
पति/पत्नीको नाम : अविवाहित

**विवरण**

ठूलाछाप गाविस-१ का २८ वर्षीय शम्भू कटुवाल ०५८ मङ्सिर १५ गते उदयपुर जिल्लाको कटारी बजारस्थित डोल्मा होटलबाट प्रहरीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१०) **प्रदीप राई**

जन्म मिति/उमेर : २०३३/२५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०५८ मङ्सिर १५
घटनास्थल : कटारी गाविस, उदयपुर
पेशा : राजनीति, नेकपा माओवादी
स्थायी ठेगाना : बर्नालू गाविस-४, ओखलढुङगा
आमाको नाम : धनकुमारी राई

**विवरण**

बर्नालू गाविस-४ का प्रदीपकुमार राईलाई काठमाडौं जाने क्रममा ०५८ मङ्सिर १५ गते उदयपुर जिल्लाको कटारी बजारस्थित एक होटलबाट प्रहरीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(११) **प्रचण्ड कटुवाल**

जन्म मिति/उमेर : ०३८ कात्तिक २५/२० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०५८ मङ्सिर १५ गते
घटनास्थल : कटारी गाविस, उदयपुर
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : ठूलाछाप गाविस-४, ओखलढुङ्गा
बाबुको नाम : ज्ञानबहादुर कटुवाल
पति/पत्नीको नाम : अविवाहित

**विवरण**
ठूलाछाप गाविस-४ का २० वर्षीय प्रचण्ड कटुवाललाई ०५८ मङसिर १५ गते उदयपुरको कटारी बजारस्थित एक होटलबाट प्रहरीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

# १.१८ सोलुखुम्बु

## पीडक पक्ष नेकपा माओवादीबाट

(१) **कामीदावा शेर्पा**

जन्म मिति/उमेर : २०४० जेठ ३/२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०६२ फागुन १९
घटनास्थल : केरुङ गाविस-३, सोलुखुम्बू
पेशा : कृषि
स्थायी ठेगाना : केरुङ गाविस-३, सोलुखुम्बू
बाबुको नाम : पेम्बा शेर्पा
पति/पत्नीको नाम : अविवाहित

**विवरण**
केरुङ गाविस-३ का २२ वर्षीय कामीदावा शेर्पालाई चोरी गरेको आरोपमा ०६२ फागुन १९ गते माओवादीकै एक समूले अपहरण गरी लगेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले कुनै राहत सहयोग उपलब्ध गराएको छैन।

(२) **ग्यालजेन शेर्पा**

जन्म मिति/उमेर : २०४२ वैशाख/२० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०६२ फागुन २४
घटनास्थल : केरुङ गाविस-४, सोलुखुम्बू
पेश : कृषि
स्थायी ठेगाना : केरुङ गाविस-४, सोलुखुम्बू
बाबुको नाम : ङिमा शेर्पा
पति/पत्नीको नाम : अविवाहित

**विवरण**
केरुङ गाविस-४ का २० वर्षीय ग्याल्जेन शेर्पालाई चोरी गरेको आरोपमा ०६२ फागुन २४ गते माओवादीकै एक समूहले अपहरण गरी लगेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले कुनै राहत सहयोग उपलब्ध गराएको छैन।

(३) **पेम्बा शेर्पा**

लिङ्ग : पुरुष
जन्म मिति/उमेर : २०४२ फागुन ११ गते/२० वर्ष
घटना मिति : ०६२ फागुन १९ गते
घटनास्थल : केरुङ गाविस-३,सोलुखुम्बू
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : केरुङ गाविस-३, सोलुखुम्बू
आमाको नाम : कमिनी शेर्पा
पति/पत्नीको नाम : अविवाहित

**विवरण**



केरुङ गाविस-३ का माओवादी कार्यकर्ता २० वर्षीय पेम्बा शेर्पालाई चोरी गरेको आरोपमा ०६२ फागुन १९ गते माओवादीकै एक समूले अपहरण गरी लगेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले कुनै राहत सहयोग उपलब्ध गराएको छैन।

# मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाडौँ
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

# २.१ धनुषा

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

(१) **संजीवकुमार कर्ण (दिपू)**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३५ फागुन २५/२५ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० असोज २१ गते |
| घटनास्थल | : | धनुषा जिल्ला जनकपुर नपा-४, कटैयाचौरी एरिया |
| पेशा | : | विद्यार्थी (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : | धनुषा जिल्ला जनकपुर नपा-१०, शहिद चोक |
| बाबुको नाम | : | जयकिशोर कर्ण |
| आमाको नाम | : | विमलादेवी कर्ण |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**



जनकपुर नपा-१०, शहिद चोक निवासी नेकपा माओवादी कार्यकर्ता २५ वर्षीय दिपु भनिने संजीवकुमार कर्णलाई ०६० असोज २१ गते सोही नपा-४ कटैयाचौरी एरियाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। सुरक्षाकर्मीले पीडितसहित १०/११ जनालाई गिरफ्तार गरी क्षेत्रीय प्रहरी ईकाइ कार्यालयमा ल्याएको र कार्यालय प्रमुख एसएसपी डा. चुडाबहादुर श्रेष्ठले तत्कालीन एसपी कुवेर सिंह राणा, प्रहरी जिल्ला अधिकृत खेती राज काफ्ले, मेजर अनूप अधिकारी, राष्ट्रिय अनुसन्धानका डीएसपी विष्णु पोखरेललगायत सुरक्षा समितिका अन्य सदस्यहरूसमेतको रोहबरमा छानविन गरिरहेको चिन्ता लिनु नपर्ने पीडितका परिवारलाई बताए। तर साँझमा पुन: पीडितका बारे सोधखोज गर्दा सबै गिरफ्तार परेकाहरूलाई अन्यत्र लगिएको, तर कहाँ लगियो सोको जानकारी नभएको बताए। जिल्ला प्रशासन कार्यालय धनुषाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(२) **मनोज दत्त**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२१ पुस २२ गते/३९ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० असोज २५ गते |
| घटनास्थल | : | धनुषा जिल्ला जनकपुर नपा-९, साकेतनगर |
| पेशा | : | राजनीति (नेकपा माओवादी एरिया इन्चार्ज) |
| स्थायी ठेगाना | : | धनुषा जिल्ला जनकपुर नपा-९, साकेतनगर |
| बाबुको नाम | : | उग्रनारायण दत्त |
| आमाको नाम | : | उमादेवी दत्त |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | अन्जुदेवी दत्त |
| छोरा/छोरी सङ्ख्या | : | ०/१ |

**विवरण**



जनकपुर नपा-९ का नेकपा माओवादी एरिया इन्चार्ज ३९ वर्षीय मनोज दत्तलाई ०६० असोज २५ गते सोही नपा-९ स्थित पीडितकै घरबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले कुटपिट गर्दै गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय धनुषाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(३) **अमर विश्वकर्मा**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३४ माघ १६ गते/२७ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६१ मङ्सिर ५ गते |
| घटनास्थल | : | काठमाडौं जिल्ला काठमाडौं महानपा-१२, टेकु |

| | | |
|---|---|---|
| पेशा | : | राजनीति (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : | धनुषा जिल्ला बेङ्गाडावर गाविस-९, लालगढ |
| बाबुको नाम | : | तलाराम विश्वकर्मा |
| आमाको नाम | : | फूलमाया विश्वकर्मा |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | श्रृजना शाही |
| छोरा/छोरी सङ्ख्या | : | १/१ |

**विवरण**



बेङ्गाडावर गाविस-९, लालगढका नेकपा माओवादी कार्यकर्ता २७ वर्षीय अमर विश्वकर्मालाई ०६१ मंसिर ५ गते सुरक्षाकर्मीले काठमाडौं जिल्लाको काठमाडौं महानपा-१२, टेकुबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडितकी आमाले छोराको रिहाईको पहलको आग्रह विभिन्न संस्थामा निवेदन दिएकी थिइन्। जिल्ला प्रशासन कार्यालय धनुषाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(४) **प्रमोदनारायण मण्डल**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४३ जेठ १०/१७ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० असोज २१ गते |
| घटनास्थल | : | धनुषा जिल्ला जनकपुर नपा-४, कटैया चौरी एरिया |
| पेशा | : | विद्यार्थी (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : | धनुषा जिल्ला कुर्था गाविस-१ |
| बाबुको नाम | : | रामअवतार मण्डल |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

कुर्था गाविस-१ निवासी नेकपा माओवादी कार्यकर्ता



१६ वर्षीय प्रमोदनारायण मण्डललाई २०६० असोज २१ गते जनकपुर नपा-४, कटैयाचौरी एरियाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। सुरक्षाकर्मीले पीडितसहित १०/११ जनालाई गिरफ्तार गरी क्षेत्रीय प्रहरी ईकाइ कार्यालयमा ल्याएको र कार्यालय प्रमुख एसएसपी डा. चुडाबहादुर श्रेष्ठले तत्कालीन एसपी कुवेर सिंह राणा, प्रहरी जिल्ला अधिकृत खेती राज काफ्ले, मेजर अनूप अधिकारी, राष्ट्रिय अनुसन्धानका डीएसपी विष्णु पोखरेललगायत सुरक्षा समितिका अन्य सदस्यहरूसमेतको रोहबरमा छानविन गरिरहेको चिन्ता लिनु नपर्ने पीडितका परिवारलाई बताए। तर साँझमा पुनः पीडितका बारे सोधखोज गर्दा सबै गिरफ्तार परेकाहरूलाई अन्यत्र लगिएको, तर कहाँ लगियो सोको जानकारी नभएको बताए। जिल्ला प्रशासन कार्यालय धनुषाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(५) **शैलेन्द्र यादव**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४२ फागुन ७/१८ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० असोज २१ गते |
| घटनास्थल | : | धनुषा जिल्ला जनकपुर नपा-४, कटैया चौरी एरिया |
| पेशा | : | विद्यार्थी (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : | धनुषा जिल्ला दुहवी गाविस-७, करमाही |
| बाबुको नाम | : | बौएराम यादव |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

दुहवी गाविस-७, करमाही निवासी नेकपा माओवादी कार्यकर्ता १८ वर्षीय शैलेन्द्र यादवलाई ०६० असोज २१ गते जनकपुर नपा-४, कटैया चौरी एरियाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था




हालसम्म अज्ञात छ। सुरक्षाकर्मीले पीडितसहित १०/११ जनालाई गिरफ्तार गरी क्षेत्रीय प्रहरी ईकाइ कार्यालयमा ल्याएको र कार्यालय प्रमुख एसएसपी डा. चुडाबहादुर श्रेष्ठले तत्कालीन एसपी कुवेर सिंह राणा, प्रहरी जिल्ला अधिकृत खेती राज काफ्ले, मेजर अनूप अधिकारी, राष्ट्रिय अनुसन्धानका डीएसपी विष्णु पोखरेललगायत सुरक्षा समितिका अन्य सदस्यहरूसमेतको रोहबरमा छानविन गरिरहेको चिन्ता लिनु नपर्ने पीडितका परिवारलाई बताए। तर साँझमा पुन: पीडितका बारे सोधखोज गर्दा सबै गिरफ्तार परेकाहरूलाई अन्यत्र लगिएको, तर कहाँ लगियो सोको जानकारी नभएको बताए। जिल्ला प्रशासन कार्यालय धनुषाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(६) **दुर्गेशकुमार लाल**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३० भदौ २२/३० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० असोज २१ |
| घटनास्थल | : धनुषा जिल्ला जनकपुर नपा-४, कटैयाचौरी एरिया |
| पेशा | : विद्यार्थी (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : धनुषा जिल्ला जनकपुर नपा-१०, शहिद चोक |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



जनकपुर नपा-१०, शहिद चोक निवासी १८ वर्षीय नेकपा माओवादी कार्यकर्ता दुर्गेशकुमार लाललाई ०६० असोज २१ गते जनकपुर नपा-४, कटैया चौरी एरियाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। सुरक्षाकर्मीले पीडितसहित १०/११ जनालाई गिरफ्तार गरी क्षेत्रीय प्रहरी ईकाइ कार्यालयमा ल्याएको र कार्यालय प्रमुख एसएसपी डा. चुडाबहादुर श्रेष्ठले तत्कालीन एसपी कुवेर सिंह राणा, प्रहरी जिल्ला अधिकृत खेती राज काफ्ले, मेजर अनूप अधिकारी, राष्ट्रिय अनुसन्धानका डीएसपी विष्णु पोखरेललगायत सुरक्षा समितिका अन्य सदस्यहरूसमेतको रोहबरमा छानविन गरिरहेको चिन्ता लिनु नपर्ने पीडितका परिवारलाई बताए। तर साँझमा पुन: पीडितका बारे सोधखोज गर्दा सबै गिरफ्तार परेकाहरूलाई अन्यत्र लगिएको, तर कहाँ लगियो सोको जानकारी नभएको बताए। जिल्ला प्रशासन कार्यालय धनुषाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(७) **जितेन्द्र झा (मछली)**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३९ असोज २२/२१ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० असोज २१ |
| घटनास्थल | : धनुषा जिल्ला जनकपुर नपा-४, कटैया चौरी एरिया |
| पेशा | : राजनीति (अखिल नेपाल युवा सङ्घ क्रान्तिकारी) |
| स्थायी ठेगाना | : धनुषा जिल्ला जनकपुर गाविस-४, कटैया चौरी नजिक |
| बाबुको नाम | : परिबोध झा |
| आमाको नाम | : इन्दीरादेवी झा |
| वैवाहिक स्थिति | : अविवाहित |



**विवरण**


जनकपुर गाविस-४, कटैयाचौरी निवासी अखिल नेपाल युवा सङ्घ क्रान्तिकारीका सदस्य २१ वर्षीय मछली भनिने जितेन्द्र झालाई ०६० असोज २१ गते जनकपुर नपा-४, कटैया चौरी एरियाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। सुरक्षाकर्मीले

पीडितसहित १०/११ जनालाई गिरफ्तार गरी क्षेत्रीय प्रहरी ईकाइ कार्यालयमा ल्याएको र कार्यालय प्रमुख एसएसपी डा. चुडाबहादुर श्रेष्ठले तत्कालीन एसपी कुवेर सिंह राणा, प्रहरी जिल्ला अधिकृत खेती राज काफ्ले, मेजर अनूप अधिकारी, राष्ट्रिय अनुसन्धानका डीएसपी विष्णु पोखरेललगायत सुरक्षा समितिका अन्य सदस्यहरूसमेतको रोहबरमा छानविन गरिरहेको चिन्ता लिनु नपर्ने पीडितका परिवारलाई बताए। तर साँझमा पुन: पीडितका बारे सोधखोज गर्दा सबै गिरफ्तार परेकाहरूलाई अन्यत्र लगिएको, तर कहाँ लगियो सोको जानकारी नभएको बताए। जिल्ला प्रशासन कार्यालय धनुषाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(८) **रामचन्द्रलाल कर्ण**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०१७ असार ५/४३ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० असोज २५ गते |
| घटनास्थल | : धनुषा जिल्ला जनकपुर नपा-९, साकेतनगर |
| पेशा | : राजनीति (नेकपा माओवादी सदस्य) |
| स्थायी ठेगाना | : धनुषा जिल्ला नगराइन गाविस-१, दछिनवारी टोल |
| बाबुको नाम | : केदारलाल कर्ण |
| आमाको नाम | : नगिनादेवी कर्ण |
| वैवाहिक स्थिति | : विवाहित |
| छोरा/छोरी सङ्ख्या | : १/१ |
| अन्य आश्रित सङ्ख्या | : २ |

**विवरण**



नगराइन गाविस-१, दछिनवारी टोल निवासी नेकपा माओवादी सदस्य ४३ वर्षीय रामचन्द्रलाल कर्णलाई ०६० असोज २५ गते जनकपुर नपा-९, साकेतनगर स्थित मनोज दत्तको घरबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले कुटपिट गर्दै गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय धनुषाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## पीडक पक्ष नेकपा माओवादीबाट

(९) **कामेश्वर ठाकुर**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२०/४० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० वैशाख १७ गते |
| घटनास्थल | : धनुषा जिल्ला एकराही गाविस-७ |
| स्थायी ठेगाना | : धनुषा जिल्ला एकराही गाविस-७ |
| बाबुको नाम | : कारी ठाकुर |
| आमाको नाम | : दानादेवी ठाकुर |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : दुखनिदेवी ठाकुर |
| छोरा/छोरी सङ्ख्या | : ३/२ |

**विवरण**

एकराही गाविस-७ का ४० वर्षीय कामेश्वर ठाकुरलाई २०६० वैशाख १७ गते डकैती गरेको आरोपमा सोही गाविसको तीनकौरिया चोकबाट नेकपा माओवादी कार्यकर्ताले अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडित तीनकौरिया चोकमा बसिरहेको बेला माओवादी कार्यकर्ताले नियन्त्रणमा लिई खुट्टा बाँधी कुटपिट गरी सख्त भएपछि बेहोस अवस्थामा अपहरण गरेका थिए।

(१०) **दीपनारायण यादव**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२९/३४ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६३ साउन २१ गते |
| घटनास्थल | : धनुषा जिल्ला बरमझिया गाविस-६ |
| पेशा | : ज्यालादारी |
| स्थायी ठेगाना | : धनुषा जिल्ला वरमझिया गाविस-७ |
| बाबुको नाम | : वतहा यादव |
| आमाको नाम | : देशीयादेवी यादव |
| वैवाहिक स्थिति | : विवाहित |

**विवरण**

बरमझिया गाविस-७ का ३४ वर्षीय दीपनारायण यादवलाई २०६३ साउन २१ गते सुराकी गरेको आरोपमा नेकपा माओवादी कार्यकर्ताले सोही गाविस-६ बाट अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय धनुषाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

# २.२ महोत्तरी

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

(१) **दीपक रिखाम**

जन्म मिति/उमेर : २०३०/३० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० भदौ
घटनास्थल : महोत्तरी गौशाला गाविस-२, थानाचोक
पेशा : ज्यालादारी
स्थायी ठेगाना : महोत्तरी गौशाला गाविस-५, रजखोर

**विवरण**

गौशाला गाविस-५ का ३० वर्षीय दीपक रिखामलाई ०६० भदौमा इलाका प्रहरी कार्यालय गौशालाका प्रहरीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। घटनापछि सबै परिवार विस्थापित भएर भारत गएको र सो ठेगानामा हाल पीडितको कोही पनि आफन्त छैनन्।

(२) **विल्टु यादव**

जन्म मिति/उमेर : २०२०/४० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० असोज १४ गते
घटनास्थल : महोत्तरी गौशाला गाविस-२, थानाचोक
पेशा : ज्यालादारी
स्थायी ठेगाना : महोत्तरी गौशाला गाविस-५, शिवभक्ति
बाबुको नाम : पल्टन यादव
आमाको नाम : मिनाक्षीदेवी यादव
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : कमलीदेवी यादव

**विवरण**



गौशाला गाविस-५, शिवभक्तिका ४० वर्षीय विल्टु यादवलाई ०६० असोज १४ गते गौशाला गाविस-२, थानाचोकबाट सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

# २.४ सिन्धुली

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

(१) **तेजमान विश्वकर्मा**

जन्म मिति/उमेर : २०२९ असार १६/३१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० मङ्सिर १० गते
घटनास्थल : काठमाडौं जिल्ला काठमाडौं महानपा-७, चावहिल
पेशा : विद्यार्थी
स्थायी ठेगाना : सिन्धुली जिल्ला हतपते गाविस-४
बाबुको नाम : जगतमान विश्वकर्मा
आमाको नाम : सनौलीमाया विश्वकर्मा
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

हतपते गाविस-४ का ३१ वर्षीय तेजमान विश्वकर्माले ०६० मङ्सिर १० गते काठमाडौं

जिल्ला काठमाडौं महानपा-७, चावहिलबाट सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडित त्यस अघि १५ महिना जेल बसेर छुटेर घर आएको र घरबाट काठमाडौं गएदेखि अहिलेसम्म घरमा कुनै सम्पर्क नभएको पीडितकी आमा सुनौलीमायाले बताइन्। जिल्ला प्रशासन कार्यालय सिन्धुलीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(२) **सन्तोषी धामी**

जन्म मिति/उमेर : २०४६ पुस १४/१४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० कार्तिक १९ गते
घटनास्थल : सिन्धुली जिल्ला कमलामाई नपा-११, भीमान
पेशा : राजनीति
स्थायी ठेगाना : सिन्धुली जिल्ला शीरथौली गाविस-१
बाबुको नाम : विर्जु धामी
आमाको नाम : लहरेवती धामी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

शीरथौली गाविस-१ का १४ वर्षीय सन्तोषी धामीलाई ०६० कार्तिक १९ गते कमलामाई नपा-११, भीमानस्थित सुरक्षा चेकपोष्टका सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय सिन्धुलीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(३) **राजनबहादुर बुढाथोकी**

जन्म मिति/उमेर : २०३० वैशाख १/३० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० असोज ३० गते
घटनास्थल : सिन्धुली जिल्ला कमलामाई नपा-११, भिमान
स्थायी ठेगाना : सिन्धुली कमलामाई नपा-१५
बाबुको नाम : चन्द्रबहादुर बुढाथोकी
आमाको नाम : यसोदा बुढाथोकी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

कमलामाई नपा-१५ का ३० वर्षीय राजनबहादुर बुढाथोकीलाई ०६० असोज ३० गते सोही नपा-११, भिमानबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय सिन्धुलीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(४) **रामचन्द्र काफ्ले**

जन्म मिति/उमेर : २०३२ साउन / २८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० कार्तिक १२ गते
घटनास्थल : काठमाडौं जिल्ला काठमाडौं महानपा-६, बौद्ध
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : सिन्धुली जिल्ला डाँडीगुराँसे गाविस-५, सुवारा
बाबुको नाम : केदारप्रसाद काफ्ले
आमाको नाम : सावित्री काफ्ले
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : शान्ता अधिकारी
छोरा/छोरी सङ्ख्या : ०/१
अन्य आश्रित सङ्ख्या : ३

**विवरण**

डाँडीगुराँसे गाविस-५, सुवाराका नेकपा माओवादी कार्यकर्ता २८ वर्षीय रामचन्द्र काफ्लेलाई ०६० कार्तिक १२ गते दिउँसो काठमाडौं जिल्लाको काठमाडौं महानपा-६, बौद्ध डेराबाट माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी भैरवनाथगण लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

(५) **समशेरबहादुर विश्वकर्मा**

जन्म मिति/उमेर : २०२१ कार्तिक १५/३५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५६ वैशाख १२ गते

| | | |
|---|---|---|
| घटनास्थल | : | सिन्धुली जिल्ला तीनकन्या गाविस-९, किराँते |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | सिन्धुली जिल्ला तीनकन्या गाविस-९, किराँते |
| बाबुको नाम | : | कृष्णबहादुर सापकोटा विक |
| आमाको नाम | : | सुकुमाया सापकोटा विक |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | दिलकुमारी विक सापकोटा |
| छोरा/छोरी सङ्ख्या | : | ३/३ |

**विवरण**

तीनकन्या गाविस-९, किराँतेका ३५ वर्षीय समशेरबहादुर विश्वकर्मालाई २०५६ वैशाख १२ गते सोही गाविसस्थित आफ्नै घरबाट नेकपा माओवादीलाई बन्दुक बनाएर बेचेको आरोपमा दङ्गा प्रहरीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडितसहित दुई जनालाई बाशेश्वर गाविसको सुँगुरेसम्म पुऱ्याएको जानकारी पाएको र त्यसपछि अवस्था थाहा नभएको परिवारिक श्रोतले जनायो। जिल्ला प्रशासन कार्यालय सिन्धुलीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## शाही नेपाली सेनाबाट

**(६) हरिबहादुर थापामगर (उमेश)**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३८/२१ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ असार |
| घटनास्थल | : | ललितपुर जिल्ला ठैव गाविस-७, ठैव |
| पेशा | : | राजनीति(नेकपा माओवादी निकट मजदुर सङ्गठन) |
| स्थायी ठेगाना | : | सिन्धुली जिल्ला वालाजोर गाविस-७ |
| बाबुको नाम | : | भक्तबहादुर थापा |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | तिलामाया थापामगर |
| छोरा/छोरी सङ्ख्या | : | १/० |

**विवरण**

वालाजोर गाविस-७ का नेकपा माओवादी निकट मजदुर सङ्गठन आबद्ध २१ वर्षीय उमेश भनिने हरिबहादुर थापामगरलाई २०५९ असारमा ललितपुर जिल्लाको वैठ गाविस-७, बैठकबाट शाही नेपाली सेनाले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी काठमाडौंमा गलैचा कारखानामा काम गर्दै आएका थिए। पीडितका बाबु भक्तबहादुर थापामगरले आफूहरू गाउँमा बस्ने भएकोले गिरफ्तार मिति जानकारी नभएको बताए।

**(७) रीतबहादुर गुरुङ**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२४ कार्तिक १५/३६ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० कार्तिक १२ गते |
| घटनास्थल | : | सिन्धुली जिल्ला कमलामाई नपा-६, स्टल बजार |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | सिन्धुली जिल्ला तीनकन्या गाविस-८, रानीखोला |
| बाबुको नाम | : | मुक्तिबहादुर गुरुङ |
| वैवाहिक स्थिति | : | विवाहित |
| छोरा/छोरी सङ्ख्या | : | १/१ |

**विवरण**

तीनकन्या गाविस-८, रानीखोला का ३६ वर्षीय रीतबहादुर गुरुङलाई २०६० कार्तिक १२ गते जिल्ला सदरमुकाममा पासपोर्ट बनाउन आएको अवस्थामा माओवादी भनी कमलामाई नपा-६, स्टल बजारबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

**(८) होमबहादुर राना(विज्ञान)**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४१ भदौ ९ / १९ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० कार्तिक २५ गते |
| घटनास्थल | : | सर्लाही जिल्ला लालबन्दी गाविस |
| पेशा | : | राजनीति (नेकपा माओवादी जनसेना) |
| स्थायी ठेगाना | : | सिन्धुली जिल्ला वालाजोर गाविस-२, विजयपुर |

बाबुको नाम : तोयाबहादुर रानामगर
आमाको नाम : बालकुमारी रानामगर
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

वालाजोर गाविस-२, विजयपुरका नेकपा माओवादी जनसेना १९ वर्षीय विज्ञान भनिने होमबहादुर रानालाई २०६० कार्तिक २५ गते सर्लाही जिल्लाको लालबन्दी गाविसबाट शाही नेपाली सेनाले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

**(९) अम्बिका विक (शर्मिला)**

जन्म मिति/उमेर : २०४५ माघ ११/१७ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०६२ असोज
घटनास्थल : भक्तपुर जिल्ला
पेशा : राजनीति (नेकपा माओवादी समर्थक)
स्थायी ठेगाना : सिन्धुली जिल्ला क्यानेश्वर गाविस-४
बाबुको नाम : मानबहादुर विक
आमाको नाम : सुकुमाया विक
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

क्यानेश्वर गाविस-४ का नेकपा माओवादी समर्थक १७ वर्षीया शर्मिला भनिने अम्बिका विकलाई ०६२ असोजमा भक्तपुर जिल्लाबाट शाही नेपाली सेनाले गिरफ्तारी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

**(१०) जालन्धर बास्तोला**

जन्म मिति/उमेर : २०३१ असोज ४/३० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ कार्तिक २० गते
घटनास्थल : काठमाडौं जिल्ला काठमाडौं महानपा-३, महाराजगंज
पेशा : राजनीति(नेकपा माओवादी निकट नेपाल ट्रेडयुनियन)
स्थायी ठेगाना : सिन्धुली जिल्ला दुधौली गाविस-२
बाबुको नाम : चित्रप्रसाद बास्तोला
आमाको नाम : शुभद्रा बास्तोला
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : सीता बास्तोला
छोरा/छोरी सङ्ख्या : २/२
अन्य आश्रित सङ्ख्या : ३

**विवरण**



दुधौली गाविस-२ का नेकपा माओवादी निकट नेपाल ट्रेड युनियन गलैंचा मजदुर सङ्गठन काठमाडौं अध्यक्ष ३० वर्षीय जालन्धर बास्तोलालाई ०६१ कार्तिक २० गते काठमाडौं जिल्ला काठमाडौं महानपा-३, महाराजगञ्जबाट भैरवनाथ गणका सैनिकले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडित नुवाकोट जिल्लामा बम राख्दा विष्फोटनमा परि मृत्यु भएको समाचार सेनाले सार्वजनिक गरेको पीडितका बाबुले बताए। जिल्ला प्रशासन कार्यालय सिन्धुलीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## नेपाल प्रहरीबाट

**(११) श्यामवीर माझी**

जन्म मिति/उमेर : २०१९ मङ्सिर १०/३८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५७ जेठ २० गते
घटनास्थल : सर्लाही जिल्ला हरिवन गाविस-६
पेशा : राजनीति (नेकपा माओवादी जनमुक्ति सेना)
स्थायी ठेगाना : सिन्धुली जिल्ला महादेवस्थान गाविस-९, घाटा
बाबुको नाम : प्रेमबहादुर माझी
आमाको नाम : शन्तमाया माझी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : कालीमाया माझी
छोरा/छोरी सङ्ख्या : ३/३

**विवरण**

महादेवस्थान गाविस-९, घाटाका नेकपा माओवादी जनमुक्ति सेना श्यामवीर माझीलाई २०५७ जेठ २० गते सर्लाही जिल्ला हरिवन गाविस-६ बाट सिन्धुली जाने बसमा चढेको अवस्थामा प्रहरीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय सिन्धुलीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१२) **चित्रनारायण श्रेष्ठ**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २००५ कार्तिक २९/५२ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५७ जेठ १७ गते |
| घटनास्थल | : सर्लाही जिल्ला हरिवन गाविस-६ |
| पेशा | : राजनीति (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : सिन्धुली जिल्ला कमलामाई नपा-९, ढुंग्रेवास |
| बाबुको नाम | : मधुनारायण श्रेष्ठ |
| आमाको नाम | : जनमाया श्रेष्ठ |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : सावित्री श्रेष्ठ |
| छोरा/छोरी सङ्ख्या | : २/३ |

**विवरण**

कमलामाई नपा-९, ढुङ्ग्रेवासका नेकपा माओवादी कार्यकर्ता ५२ वर्षीया चित्रनारायण श्रेष्ठलाई ०५७ जेठ १७ गते सर्लाही जिल्लाको हरिवन गाविस-६ बाट प्रहरीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडितलाई सिन्धुली जाने बसमा बसेको अवस्थामा गिरफ्तार गरिएको थियो। उनीसँग अन्य दुई जनालाई प्रहरीले गिरफ्तार गरेको थियो। तीनै जनाको अवस्था हालसम्म अज्ञात छ। प्रजिअ थानेश्वर देवकोटा र एसपी छोक्पा शेर्पाको आदेशमा गिरफ्तार गरिएको पीडित पक्षको भनाइ छ। जिल्ला प्रशासन कार्यालय सिन्धुलीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१३) **डिल्लीबहादुर सापकोटा विक**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२६ माघ १०/३० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५६ वैशाख १२ गते |
| घटनास्थल | : सिन्धुली जिल्ला तीनकन्या गाविस-९,किराँते |
| पेशा | : ज्यालादारी |
| स्थायी ठेगाना | : सिन्धुली जिल्ला तीनकन्या गाविस-९,किराँते |
| बाबुको नाम | : खम्बासिंह कामी सापकोटा |
| आमाको नाम | : ज्योतीमाया कामी सापकोटा |
| वैवाहिक स्थिति | : विवाहित |
| छोरा/छोरी सङ्ख्या | : २/१ |

**विवरण**

तीनकन्या गाविस-९, किराँते का ३० वर्षीय डिल्लीबहादुर सापकोटा विकलाई २०५६ वैशाख १२ गते सोही गाविसस्थित आफ्नै घरबाट नेकपा माओवादीलाई बन्दुक बनाएर दिएको आरोपमा दंगा प्रहरीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडितसहित दुई जनालाई बाशेश्वर गाविसको सुँगुरेसम्म पुऱ्याइएको जनकारी पाएको र त्यसपछि अवस्था थाहा नभएको परिवारिक श्रोतले जनायो। जिल्ला प्रशासन कार्यालय सिन्धुलीले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## पीडक पक्ष नेकपा माओवादीबाट

(१४) **सुरेश चन्द्र कोइराला (वशिष्ठ)**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०१४ कार्तिक १४/४६ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० असोज २६ गते |
| घटनास्थल | : सिन्धुली जिल्ला वासेश्वर गाविस-१, देउरालीटार |
| पेशा | : (कृषि) नेपाली काङ्ग्रेसका कृयाशील सदस्य |
| स्थायी ठेगाना | : सिन्धुली जिल्ला वासेश्वर गाविस-१, देउरालीटार |
| बाबुको नाम | : ठेटराज कोइराला |
| आमाको नाम | : कुन्तादेवी कोइराला |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : उर्मिला कोइराला |

**विवरण**



वासेश्वर गाविस-१, देउरालीटार निवासी नेपाली काङ्ग्रेसका कृयाशील सदस्य ४६ वर्षीय सुरेशचन्द्र कोइराला (वशिष्ठ)लाई २०६० असोज २६ गते साँझ आफ्नै घरबाट माओवादीले सुराकी गरेको आरोपमा अपहरण गरी बेपत्ता पारे। पीडितसँग सोधपुछ गर्ने क्रममा तेस्रो दिन तीनकन्या गाविसमा मृत्यु भएको माओवादीले मौखिक जानकारी गराएका थिए। तर, पीडितको लास हालसम्म पीडितका परिवारले पाएका छैनन्। पीडितका परिवारले बेपत्ता कोइरालाको खोजी जारी राखेका छन्।

# २.५ रामेछाप

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

(१) **पदमबहादुर सार्की**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०१७ जेठ १/४० |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५७ कात्तिक १० |
| घटनास्थल | : रामेछाप जिल्ला, प्रिती गाविस-९, झिंगामली |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : रामेछाप जिल्ला, प्रिती गाविस-९, झिंगामली |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : टकी सार्की |
| छोरा/छोरी सङ्ख्या | : ०/४ |

**विवरण**

प्रिती गाविस-९ का पदमबहादुर सार्कीलाई ०५७ कात्तिक १० गते प्रहरी चौकी बाम्तीबाट गएको प्रहरीले बिहान ७ बजे, माओवादीमा संलग्न भएको आरोपमा घरबाट नियन्त्रणमा लिई बेपत्ता बनायो। केही बुझ्नु छ भनी बाम्ती चौकीतर्फ लगिएका सार्कीलाई चौकीमा नपुऱ्याई बीच बाटोबाटै बेपत्ता पारिएको थियो। प्रहरीले उनी बीचबाट भागेको बताए पनि हालसम्म उनी घर फर्किएका छैनन्। उनको परिवारले कुनै राहत सहयोग प्राप्त गरेको छैन।

(२) **पुष्पकुमार गिरी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३२ असार ४/२८ |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० कात्तिक २१ |
| घटनास्थल | : काठमाडौं जिल्ला काठमाडौं मनपा-३१, बागबजार |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : रामेछाप जिल्ला, पुरानागाउँ गाविस-६, पुरानागाउँ |
| बाबुको नाम | : नन्दलाल गिरी |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : भक्तकुमारी गिरी (मीना गिरी) |
| छोरा/छोरी सङ्ख्या | : २/० |

**विवरण**



पुरानागाउँ गाविस-६ का पुष्पकुमार गिरीलाई ०६० कात्तिक २१ गते काठमाडौंको बागबजार स्थित आफ्नै कोठामा सुतिरहेको बेला सेनाको जस्तो कपाल काटेका ५/६ जनाको समूहमा आएका मानिसहरूले नियन्त्रणमा लिई बेपत्ता बनाए। त्यसअघि पनि उनलाई काठमाडौं बसेको समयमा सेनाले नियन्त्रणमा लिई लामो समय हिरासतमा राखेको थियो। सेनाकै यातनाका कारण रोगी भएका उनी पछिल्लो पटक उपचार गराउन काठमाडौं गएका थिए। सोही अवस्थामा उनी बेपत्ता पारिएका

थिए। उनलाई लैजाँदै गर्दा उनका घरधनीले देखेका थिए। उनको परिवारले जिल्ला प्रशासन कार्यालय रामेछापबाट रु. १ लाख राहतस्वरूप प्राप्त गर्‍यो।

(३) **किरणकुमार तामाङ**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३७ साउन १७/२४ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ भदौ ९ गते |
| घटनास्थल | : सिन्धुपाल्चोक जिल्ला चेहरे गाविस |
| स्थायी ठेगाना | : रामेछाप जिल्ला चुचुरे गाविस-७, फुस्रे |
| आमाको नाम | : कुलमाया तामाङ |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



चुचुरे गाविस-७, फुस्रेका २४ वर्षीय किरणकुमार तामाङलाई २०६१ भदौ ९ गते काठमाडौं आउने क्रममा सिन्धुपाल्चोक जिल्लाको चेहरेबाट सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडित काठमाडौं आउने क्रममा चेहरेका आएपछि उनीहरूको गाडी भएको ठाउँमा सेना र माओवादीबीच दोहोरो भिडन्त भएको थियो। सोही भिडन्तपछि सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरी लगेका थिए।

(४) **चन्द्रबहादुर भुजेल**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३२/२३ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५५ माघ १५ गते |
| घटनास्थल | : काठमाडौं जिल्ला काठमाडौं मनपा-१०, बानेश्वर |
| पेशा | : ज्यालादारी |
| स्थायी ठेगाना | : रामेछाप जिल्ला पकरबास गाविस-५, फँलाटे |
| बाबुको नाम | : मुक्तबहादुर धर्ती |
| आमाको नाम | : भगवती धर्ती |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**

पकरबास गाविस-५, फँलाटेका २३ वर्षीय चन्द्रबहादुर भुजेललाई ०५५ माघ १५ गते राती काठमाडौं जिल्लाको काठमाडौं मनपा-१०, बानेश्वरस्थित कोठामा सुतिरहेको बेला ४/५ जनाको समूहमा आएका सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडितलाई कोठाबाट लगेको पीडितसँगै होटेलमा काम गर्ने साथी रामबहादुर श्रेष्ठले देखेका थिए।

(५) **राजकुमार थापा मगर**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४१ वैशाख १/१८ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ पुस २१ गते |
| घटनास्थल | : सिन्धुपाल्चोक जिल्ला चौतारा गाविस-८, जिल्ला कारागार शाखा |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : रामेछाप जिल्ला हिलेदेवी गाविस-२, खोटपा |
| बाबुको नाम | : मानबहादुर थापा मगर |
| आमाको नाम | : धनलक्ष्मी थापा मगर |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**

हिलेदेवी गाविस-२ का १८ वर्षीय राजकुमार थापा मगरलाई २०६१ पुस २१ गते सिन्धुपाल्चोक जिल्लाको जिल्ला कारागार शाखाबाट सुरक्षाकर्मीले बेपत्ता पारे। जिल्ला कारागार शाखामा रहेका पीडितलाई २०६१ सालको वैशाख महिनामा उनका बुबाले भेट गरेका थिए भने असोज २० गते उनले रजिष्टर पत्र घरमा पठाएका थिए। पुस २१ गते उनलाई जेल सार्ने बहानामा बेपत्ता पारेको र हालसम्म विभिन्न ठाउँमा खोजतलास गर्दा समेत उनको अवस्था पत्ता नलागेको पीडितका परिवारले बताए।

## शाही नेपाली सेना

**(६) दिलबहादुर थापामागर**

जन्म मिति/उमेर : २०४० फागुन १९/१९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ पुस २१ गते
घटनास्थल : सिन्धुपाल्चोक जिल्ला चौतारा गाविस-८
पेशा : राजनीति(नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : रामेछाप जिल्ला हिमगंगा गाविस-१, माझ
्बाबुको नाम : लोकबहादुर थापामगर
आमाको नाम : धनकुमारी थापामगर
वैवाहिक स्थिति : अविवाहित


**विवरण**

हिमगंगा गाविस-१, माझका १९ वर्षीय दिलबहादुर थापामगरलाई ०६१ पुस २१ गते शाही नेपाली सेनाले सिन्धुपाल्चोक जिल्लाको चौतारा गाविस-८ बाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। सेनाले गिरफ्तार गरी केही समय चौतारा जेलमा राखेपछि सुन्दरीजल जेलमा राखिएको र त्यसयता पीडितको अवस्था अज्ञात छ।

**(७) डण्डुप्रसाद तिवारी**

जन्म मिति/उमेर : २०१९ कार्तिक १४/३६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ माघ २२ गते
घटनास्थल : ललितपुर जिल्ला ललितपुर उपमहानपा, पाटनढोका
पेशा : शिक्षक
स्थायी ठेगाना : रामेछाप जिल्ला लखनपुर गाविस-३, ढाँडे
बाबुको नाम : डिल्लीप्रसाद तिवारी
आमाको नाम : मनमाया तिवारी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : सीता तिवारी

**विवरण**



लखनपुर गाविस-३ निवासी शिक्षक ३६ वर्षीय डण्डुप्रसाद तिवारीलाई २०५५ माघ २२ गते ललितपुर जिल्लाबाट प्रहरीले माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता बनायो। पीडितलाई मारिसकेको भनेर स्थानीय हरिप्रसाद गौतमले पीडितकी पत्नी सीता तिवारीलाई जानकारी दिएका भए पनि प्रमाणित हुन सकेको छैन। उनको अवस्था हालसम्म अज्ञात रहेको छ।

**(८) ईश्वरकुमार लामा**

जन्म मिति/उमेर : २०३९ असार २०/२० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख १३ गते
घटनास्थल : काठमाण्डौ जिल्ला काठमाडौँ महानपा-१४, कलङ्की
पेशा : राजनीति
स्थायी ठेगाना : रामेछाप जिल्ला राकाथुम गाविस-३, ढुवारे
बाबुको नाम : पदमसिं लामा
आमाको नाम : डोल्मा लामा
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



राकाथुम गाविस-३ का २० वर्षीय ईश्वरकुमार लामालाई २०५९ वैशाख १३ गते राति काठमाडौँ जिल्लाको कलङ्कीबाट नेपाली सेनाले गिरफ्तार गरी बेपत्ता बनायो। पीडित अनेरास्ववियु (क्रान्तिकारी) का नेता पूर्ण पौडेलको कोठमामा सुतेको अवस्थामा उनीसँगै अन्य दुई जना माओवादी कार्यकर्तालाई पनि बेपत्ता बनाएको पीडितका परिवारले बताए।

## पीडक पक्ष नेकपा माओवादीबाट

(९) **उपेन्द्रप्रसाद गुरागाई**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१९/४० वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ पुस १२ गते |
| घटनास्थल | : | रामेछाप जिल्ला प्रिती गाविस-६, भस्मे |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | रामेछाप जिल्ला प्रिती गाविस-६, तुलेपु |
| बाबुको नाम | : | तिलहरि गुरागाई |
| आमाको नाम | : | पवित्र उपाध्याय |
| वैवाहिक स्थिति | : | विवाहित |
| छोरा/छोरी सङ्ख्या | : | ५/० |

**विवरण**



प्रिती गाविस-६, तुलेपुका ४० वर्षीय उपेन्द्रप्रसाद गुरागाईलाई ०५९ पुस १२ गते सोही गाविसको इन्द्रबहादुर कटुवालकी पत्नीको मृत्युको काजकिरिया गर्न गएको अवस्थामा राती सोही घरबाट नेकपा माओवादीले अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनको छोरा सेनामा जागिरे भएको कारण अपहरण गरेको माओवादीले बताए। युद्धविरामपछि माओवादीका एरियास्तरका एक कार्यकर्ताले पीडितको ओखलढुंगाको टारकेराबारी गाविसमा हत्या भएको जानकारी परिवारलाई गराएको भए पनि माओवादी पार्टीले अधिकारिक रूपमा केही बताएको छैन।

# २.८ रौतहट

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### नेपाल प्रहरीबाट

(१) **कमलमणि दाहाल**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३४ साउन २२/२४ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ मङ्सिर ११ गते |
| घटनास्थल | : | रौतहट जिल्ला, चन्द्र निगाहपुर गाविस-९, बेल्डी |
| पेशा | : | विद्यार्थी, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | रौतहट जिल्ला, चन्द्रनिगाहपुर गाविस-२, जंगलटोल |
| बाबुको नाम | : | लोकहरि दाहाल |
| आमाको नाम | : | रुद्रकुमारी दाहाल |
| वैवाहिक स्थिति | : | अविवाहित |



**विवरण**

चन्द्रनिगाहपुर गाविस-२, जंगलटोल निवासी नेकपा माओवादी कार्यकर्ता २४ वर्षीय कमलमणि दाहाललाई २०५८ मङ्सिर ११ गते सन्तपुर गाविसबाट चन्द्रनिगाहपुर जाने क्रममा प्रहरीले गिरफ्तार गरी बेपत्ता बनाएको पीडितका परिवारले बताए।

(२) **रुपा सापकोटा**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२२/३७ वर्ष |
| लिङ्ग | : | महिला |
| घटना मिति | : | २०५९ भदौ १७ |
| घटनास्थल | : | रौतहट जिल्ला, भसेडवा गाविस-६, ढोलबाजाखोर |
| पेशा | : | कृषि |

स्थायी ठेगाना : रौतहट जिल्ला, डुमरिया-मटिऔन गाविस-२, सिन्धुरेखारी
बाबुको नाम : नेत्रबहादुर खत्री
आमाको नाम : शिवकुमारी खत्री
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : हरिबहादुर सापकोटा
छोरा/छोरी सङ्ख्या : २/३

**विवरण**



डुमरिया गाविस-२ निवासी ३७ वर्षीया रुपा सापकोटालाई ०५९ भदौ १७ गते बिहान ८ बजे जिल्ला प्रहरी कार्यालयबाट चारओटा मोटरसाइकलमा सादा पोसाकमा आएका सुरक्षाकर्मीले भसेडवा गाविस-६ स्थित छोरीको घरबाट गिरफ्तार गरी अज्ञातस्थलतर्फ लगी बेपत्ता पारे। उनीसँग उनकी छोरी मेनुकालाई सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेको थियो। पीडितको परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरुप रु १ लाख प्राप्त गऱ्यो।

(३) **मेनुकाकुमारी सापकोटा पोखरेल**

जन्म मिति/उमेर : २०४२ माघ १०/१७ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५९ भदौ १७ गते
घटनास्थल : रौतहट जिल्ला, भसेडवा गाविस-६, ढोलबाजाखोर
पेशा : राजनीति, अनेमसंघ क्रान्तिकारी जिल्ला कमिटी सचिव
स्थायी ठेगाना : रौतहट जिल्ला, भसेडवा गाविस-६, ढोलबाजाखोर
बाबुको नाम : हरिबहादुर सापकोटा
आमाको नाम : रुपा सापकोटा
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : रुपेश पोखरेल

**विवरण**



भसेडवा गाविस-६, ढोलबाजाखोर निवासी अनेमसङ्घ क्रान्तिकारी जिल्ला कमिटी सचिव १७ वर्षीया मेनुकाकुमारी सापकोटालाई ०५९ भदौ १७ गते बिहान ८ बजे चारओटा मोटरसाइकलमा आएका सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरी अज्ञातस्थलतर्फ लगेकोमा उनको अवस्था हालसम्म पनि थाहा हुन सकेको छैन। पीडितसँग उनकी आमा रुपा सापकोटालाई पनि सुरक्षाकर्मीले सँगै लगेका थिए। दुवै जना हालसम्म बेपत्ता रहेका छन्। पीडित नौ महिनाकी गर्भवती थिइन्। छोरी सुत्केरी गराउन र स्याहार गर्न रुपा छोरीको घर गएकी थिइन्।

(४) **चेतबहादुर बस्नेत**

जन्म मिति/उमेर : २०३८ फागुन ५/२० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ मङ्सिर ११ गते
घटनास्थल : रौतहट जिल्ला सन्तपुर-मटिऔन गाविस-४, बैतौना
पेशा : विद्यार्थी (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : रौतहट जिल्ला सन्तपुर-मटिऔन गाविस-४, बेतौना
बाबुको नाम : भुपालबहादुर बस्नेत
आमाको नाम : चन्द्रमायादेवी बस्नेत
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



सन्तपुर मटिऔन गाविस-४, बैतौनाका नेकपा माओवादी कार्यकर्ता २० वर्षीय चेतबहादुर बस्नेतलाई ०५८ मङ्सिर ११ गते सोही गाविसस्थित घरबाट

चन्द्रनिगाहपुर जानेक्रममा प्रहरीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

### पीडक पक्ष नेकपा माओवादीबाट

**(५) गोपी लिम्बू**

जन्म मिति/उमेर :२०३१/३१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६२ चैत ३०
घटनास्थल : रौतहट जिल्ला, चन्द्र निगाहपुर गाविस-१
पेशा : ज्यालादारी
स्थायी ठेगाना : रौतहट जिल्ला, चन्द्र निगाहपुर गाविस-३
बाबुको नाम : मानबहादुर लिम्बू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : उमा लिम्बू
छोरा/छोरी सङ्ख्या : २ /३

**विवरण**



चन्द्रनिगाहपुर गाविस-१ निवासी ३१ वर्षीय गोपी लिम्बूलाई ०६२ चैत ३० गते राति घरबाट माओवादीले अपहरण गरी लगेकोमा हालसम्म उनको अवस्था अज्ञात छ।

## २.८ बारा

### पीडक पक्ष नेकपा माओवादीबाट

**(१) रामसागर यादव भन्ने हिरालाल यादव**

जन्म मिति/उमेर : २०४०/२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ साउन २०
घटनास्थल : बारा जिल्ला उचिडिह गाविस
पेशा : कृषि
स्थायी ठेगाना : बारा जिल्ला कचोर्वा गाविस-९ बसबरीया
बाबुको नाम : रामकेश्वर यादव
आमाको नाम : सुगियादेवी यादव
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : साठझादेवी यादव
छोरा/छोरी सङ्ख्या : १/०

**विवरण**

बरमझिया गाविस-७ रामसागर यादव भनिने हिरालाल यादवलाई २०६१ साउन २० गते घरबाट घरायसी कामले सिम्रौनगढ जाने क्रममा माओवादीले सोही जिल्लाको बचिडिहबाट अपहरण गरी बेपत्ता बनाएका थिए। पीडित परिवारलाई सरकारले क्षतिपूर्ति उपलब्ध गराएको छैन।

## २.९ पर्सा

### पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### शाही नेपाली सेनाबाट

**(१) वसन्त भण्डारी**

जन्म मिति/उमेर : २०२२ चैत १३/३८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० कात्तिक १५
घटनास्थल : पर्सा जिल्ला बगवन्ना गाविस-४
पेशा : राजनीति (नेकपा माओवादीसँग आबद्ध)
स्थायी ठेगाना : पर्सा जिल्ला ठोरी गाविस-६
बाबुको नाम : मेघनाथ भन्डारी
आमाको नाम : मैना भन्डारी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : मैना भन्डारी
छोरा/छोरी सङ्ख्या : ० /२
अन्य आश्रित सङ्ख्या : १

**विवरण**

ठोरी गाविस-६ निवासी माओवादी कार्यकर्ता ३८ वर्षीय वसन्त भण्डारीलाई कात्तिक १५ गते वागवन्ना गाविसको पशुपतिनगर टोलका एकजनाको घरमा



सुतिरहेको बेलामा सेनाले पक्राउ गरी बेपत्ता पारेको थियो। जिल्ला प्रशासन कार्यालय पर्साले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

### पीडक पक्ष नेकपा माओवादीबाट

**(२) रामाकान्त गिरी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१२/५८ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० वैशाख १ |
| घटनास्थल | : | पर्सा जिल्ला गादी गाविस |
| पेशा | : | राजनीति (नेपाली काङ्ग्रेससँग आबद्ध) |
| स्थायी ठेगाना | : | पर्सा जिल्ला सोनवर्षा गाविस-६ |
| बाबुको नाम | : | महावीर गिरी |
| आमाको नाम | : | चन्द्रकला गिरी |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | वासमती गिरी र माया गिरी |
| छोरा/छोरी सङ्ख्या | : | ४/३ |
| अन्य आश्रित सङ्ख्या | : | २ |

**विवरण**



सोनवर्षा गाविस-६ निवासी रामाकान्त गिरीलाई २०६० वैशाख ९ गते गादी गाविसमा पिकनिक मनाउन गएको बेला माओवादीले बेपत्ता बनाएका थिए। जिल्ला प्रशासन कार्यालय पर्साले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

# २.९ चितवन

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

**(१) रुपक अधिकारी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३९ फागुण १/२१ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० कार्तिक ४ |
| घटनास्थल | : | काठमाडौँ जिल्ला काठमाडौँ महानपा |
| पेशा | : | विद्यार्थी (अखिल क्रान्तिकारीसँग आबद्ध) |
| स्थायी ठेगाना | : | चितवन जिल्ला पिठूवा गाविस-९ |
| बाबुको नाम | : | निलप्रसाद अधिकारी |
| आमाको नाम | : | सरस्वती अधिकारी |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

पिठूवा गाविस-९ निवासी २१ वर्षीय रुपक अधिकारीलाई ०६० कार्तिक ४ गते काठमाडौँको नारायणगोपाल चोकबाट सुरक्षाकर्मीले पक्राउ गरी लगेर बेपत्ता बनाएका थिए।। जिल्ला प्रशासन कार्यालय चितवनले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

**(२) भोलाराज सेढाई**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१५ असोज १५/४३ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ मङ्सिर १३ |
| घटनास्थल | : | चितवन जिल्ला वीरेन्द्रनगर गाविस-२ |
| पेशा | : | राजनीति (नेकपा माओवादीसँग आबद्ध) |
| स्थायी ठेगाना | : | चितवन जिल्ला भण्डारा गाविस-५ |
| बाबुको नाम | : | निलबहादुर सेढाई |

आमाको नाम : नन्दकुमारी सेढाई
वैवाहिक स्थिति : विवाहित
पत्नीको नाम : जमुना सेढाई
छोरा/छोरी सङ्ख्या : १/०
अन्य आश्रित सङ्ख्या : २

**विवरण**



भण्डारा गाविस-५ का ४३ वर्षीय भोलाराज सेढाइलाई ०५८ मङ्सिर ३ गते पार्टीको कामको सिलसिलामा घरबाट निस्केको र सोही महिनाको १३ गतेसम्म वीरेन्द्रनगर गाविस-२ को खुरखुरेमा भेटिएको प्रत्यक्षदर्शीले बताए पनि हालसम्म बेपत्ता छन्। उनी नेकपा माओवादीका कार्यकर्ता थिए। पीडितलाई सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाएको पीडितका परिवारले बताए।। जिल्ला प्रशासन कार्यालय चितवनले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(३) **कृष्ण प्याकुरेल**

जन्म मिति/उमेर : २०२६ जेठ २६/३४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० फागुन १४
घटनास्थल : बराहक्षेत्र गाविस, सुनसरी
पेशा : राजनीति
स्थायी ठेगाना : चितवन जिल्ला भरतपुर नपा-१२
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : सरस्वती प्याकुरेल



**विवरण**

भरतपुर नपा-१२ का कृष्ण प्याकुरेललाई २०६० फागुन १४ गते सुनसरी जिल्लाको बराहक्षेत्र गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। जिल्ला प्रशासन कार्यालयले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(४) **खेमलाल आचार्य**

जन्म मिति/उमेर : २०२२ भदौ २३ /३८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० माघ २९ गते
घटनास्थल : पर्सा जिल्ला वगवन्ना गाविस ९, जमुनाटोल
पेशा : कृषि
स्थायी ठेगाना : भरतपुर नापा-१२
बाबुको नाम : कश्माखर आचार्य
आमाको नाम : भक्तिमाया आचार्य
वैवाहिक स्थिति : विवाहित

**विवरण**

भरतपुर नपा-१२ का ३८ वर्षीय खेमलाल आचार्यलाई २०६० माघ २९ गते सेना र प्रहरीको संयुक्त टोलीले पर्सा जिल्लाको वगबन्ना गाविस ९ जमुना टोलबाट गिरफ्तार गरी बेपत्ता पारे।

## शाही नेपाली सेनाबाट

(५) **राजन न्यौपाने**

जन्म मिति/उमेर : २०२६ असोज २६/३२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुण ५
घटनास्थल : चितवन जिल्ला मंगलपुर गाविस-५
स्थायी ठेगाना : चितवन जिल्ला मंगलपुर गाविस-५
बाबुको नाम : भवनाथ न्यौपाने
आमाको नाम : नानीमैया न्यौपाने
वैवाहिक स्थिति : विवाहित
छोरा/छोरी सङ्ख्या : १/१

**विवरण**

मंगलपुर गाविस-५ निवासी ३२ वर्षीय राजन न्यौपानेलाई ०५८ फागुन ५ गते सेनाले नेकपा माओवादी कार्यकर्ताको घर नदेखेको भन्दै गिरफ्तार गरी सेनाको गाडीमा राखी लगेकोमा उनको अवस्था

अज्ञात छ। जिल्ला प्रशासन कार्यालय चितवनले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

### (६) **भोजराज गिरी**

जन्म मिति/उमेर : २००७ फागुण ६/५१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ चैत १६
घटनास्थल : चितवन जिल्ला भरतपुर नपा-४
पेशा : ज्यालादारी
स्थायी ठेगाना : चितवन जिल्ला भरतपुर नपा-११
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : भोजमाया गिरी

**विवरण**

भरतपुर नपा-२ क्षेत्रपुर डेरा गरी बस्ने ५१ वर्षीय भोजराज गिरीलाई ०५८ चैत १६ गते भरतपुर नपा-४ आनन्दमार्गस्थित एक घरमा डच्यूटीको अवस्थामा सेनाले गिरफ्तार गरी बेपत्ता पारे। जिल्ला प्रशासन कार्यालय चितवनले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

### (७) **आइते सुनुवार**

जन्म मिति/उमेर : २०२४ जेठ १७/३५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ २० गते
घटनास्थल : चितवन जिल्ला पटिहानी गाविस-८
पेशा : ज्यालादारी
स्थायी ठेगाना : चितवन जिल्ला पटिहानी गाविस-८
बाबुको नाम : ललितबहादुर सुनार
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : निनु सुनार

**विवरण**


पटिहानी गाविस-८ का ३५ वर्षीय आइते सुनारलाई २०५९ जेठ २० गते सेनाले पीडितको घरबाटै गिरफ्तार गरी बेपत्ता पारे। पीडित सहित अन्य १० जनालाई सेनाको भरतपुर स्थित व्यारेकको हिरासतमा राखेकोमा अन्य सबैको अवस्था सार्वजनिक भयो भने पीडित सुनारको अवस्था हालसम्म अज्ञात रहेको छ।

### (८) **ज्ञानेन्द्र त्रिपाठी**

जन्म मिति/उमेर : २०२५ जेठ १४ /३५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० असोज १० गते
घटनास्थल : काठमाडौँ जिल्ला काठमाडौँ मनपा-३५
पेशा : विद्यार्थी
स्थायी ठेगाना : रत्ननगर नपा-१३
बाबुको नाम : डोलनाथ त्रिपाठी
आमाको नाम : भगवती त्रिपाठी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : शर्मिला पन्त (त्रिपाठी)

**विवरण**

रत्ननगर नपा १३ निवासी अनेरास्ववियु



(क्रान्तिकारी) का नेता ३५ वर्षीय ज्ञानेन्द्र त्रिपाठीलाई काठमाण्डौबाट शाही नेपाली सेनाले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई काठमाडौँको भैरवनाथ गणमा हिरासतमा राखिएको र सोही ठाउँबाट उनलाई बेपत्ता पारेको थियो।

### (९) **खेमलाल आचार्य**

जन्म मिति/उमेर : २०२२ भदौ २३/३८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० माघ २९ गते
घटनास्थल : पर्सा जिल्ला वगवन्ना गाविस ९, जमुनाटोल
पेशा : कृषि
स्थायी ठेगाना : भरतपुर नापा-१२
बाबुको नाम : कुश्माखर आचार्य
आमाको नाम : भक्तिमाया आचार्य

वैवाहिक स्थिति : विवाहित

**विवरण**

भरतपुर नपा-१२ का ३८ वर्षीय खेमलाल आचार्यलाई २०६० माघ २९ गते सेना र प्रहरीको संयुक्त टोलीले पर्सा जिल्लाको वगबन्ना गाविस-९ जमुना टोलबाट गिरफ्तार गरी बेपत्ता पार्‍यो।

(१०) **कृष्णबहादुर विक**

जन्म मिति/उमेर : २०३४ /२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ भदौ ३१ गते
घटनास्थल : चितवन जिल्ला गीतानगर गाविस-३, चम्पानगर
पेशा : ज्यालादारी
स्थायी ठेगाना : पटिहानी गाविस-८, गंगानगर
वैवाहिक स्थिति : विवाहित

**विवरण**

पटिहानी गाविस ८ गंगानगरका २१ वर्षीय कृष्णबहादुर विकलाई २०५९ भदौ ३१ गते गीतानगर गाविस ३ चम्पानगरबाट सेनाले गिरफ्तार गरी बेपत्ता पारे। उनलाई सोही ठाउँको एक होटलमा चिया खाइरहेको अवस्थामा सेनाले पिछा गर्दै लखेटी गिरफ्तार गरी हालसम्म बेपत्ता पारेको छोरी सुशीला विकले बताइन। सोही घटनामा उनीसँगै रहेका धनप्रसाद गुरुङलाई होटलबाट भाग्दै गर्दा सेनाले गोली हानी हत्या गरेको थियो।

## नेपाल प्रहरीबाट

(११) **ललितबहादुर गुरुङ**

जन्म मिति/उमेर : २०२६ फागुण १७/३३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ २५
घटनास्थल : चितवन जिल्ला भरतपुर नपा-१०
स्थायी ठेगाना : चितवन जिल्ला भरतपुर नपा-८
बाबुको नाम : नन्दप्रसाद गुरुङ
आमाको नाम : नरमाया गुरुङ
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : अनिता गुरुङ

**विवरण**

भरतपुर नपा-८ शरदपुर निवासी ३३ वर्षीय ललितबहादुर गुरुङलाई ०५९ जेठ २५ गते प्रहरीले भरतपुर नपा-१० बालमन्दिर टोलबाट माओवादीको आरोपमा गिरफ्तार गरी फस्ट राइफल गण भरतपुर व्यारेकलाई बुझाएकोमा पीडित हालसम्म बेपत्ता छन्। सेनाले सोही राती उनी सम्बन्धित परिवारको भएनभएको टेलिफोनबाट आफूहरूसँग बुझेको पीडित परिवार बताउँछन्। पक्राउ परेपछि उनले आफू माओवादी कार्यकर्ता भएको बताएको प्रहरीको भनाई रहेको छ। उनी मानसिकरूपमा बिरामी रहेको पीडित परिवारको भनाइ छ। जिल्ला प्रशासन कार्यालय चितवनले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(१२) **रामबहादुर ब्लोन**

जन्म मिति/उमेर : २०३९ माघ २०/२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ मङ्सिर ८
घटनास्थल : काठमाडौँ जिल्ला थानकोट गाविस
पेशा : कृषि
स्थायी ठेगाना : मकवानपुर जिल्ला गोगने गाविस-८
बाबुको नाम : रामबहादुर ब्लोन
आमाको नाम : माहिलीमाया ब्लोन
वैवाहिक स्थिति : विवाहित
छोरा/छोरी सङ्ख्या : १/१

**विवरण**

गोगने गाविस-८ निवासी २२ वर्षीय रामबहादुर ब्लोनलाई ०६१ मङ्सिर ८ गते काठमाडौँको थानकोट प्रहरीले चेकजाँच गर्ने क्रममा पक्राउ गरी बेपत्ता पारेको थियो। पीडितसँगै काठमाडौँ जान लागेका ज्ञानबहादुर लामा र राजकुमारलाई भने चेकजाँच गरेर छाडेका थिए। पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइएको छैन।

(१३) **दण्डपाणि न्यौपाने**

जन्म मिति/उमेर : २००३ चैत १२/५३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५६ जेठ ७
घटनास्थल : काठमाडौँ जिल्ला काठमाडौँ महानपा
पेशा : राजनीति (नेकपा माओवादीसँग आबद्ध)
स्थायी ठेगाना : चितवन जिल्ला गीतानगर गाविस-२
बाबुको नाम : बुद्धिसागर न्यौपाने
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : शान्ता न्यौपाने
छोरा/छोरी सङ्ख्या : १/३

**विवरण**

गीतानगर गाविस-२ निवासी ५३ वर्षीय दण्डपाणि न्यौपानलाई ०५६ जेठ ७ गते काठमाडौँको कलङ्कीबाट नेपाल प्रहरीले गिरफ्तार गरी बेपत्ता बनाएको थियो। जिल्ला प्रशासन कार्यालय चितवनले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(१४) **ऐतबहादुर थापा मगर**

जन्म मिति/उमेर : २०३० कार्तिक २६/२८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ मङसिर
घटनास्थल : कास्की जिल्ला पोखरा उपमनपा
पेशा : राजनीति (नेकपा माओवादीसँग आवद्ध)
स्थायी ठेगाना : चितवन जिल्ला चैनपुर गाविस-२
बाबुको नाम : नरबहादुर थापा
आमाको नाम : पेवलादेवी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

चैनपुर गाविस-२ निवासी ज्यामिरेका २८ वर्षीय ऐतबहादुर थापा मगरलाई २०५८ मङसिर कास्की जिल्लाको चिप्लेढुङ्गास्थित डेराबाट फूलबारी व्यारेकका सेनाले गिरफ्तार गरी बेपत्ता बनाएको थियो। सँगै बस्ने साथीका अनुसार पीडित बसेको घरमा रहेको मेडिकलसमेत सेनाले जलाएको थियो। जिल्ला प्रशासन कार्यालय चितवनले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(१५) **फणिन्द्र सिंखडा**

जन्म मिति/उमेर : २०२५/३० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ फागुण ३
घटनास्थल : चितवन जिल्ला भरतपुर नपा-४
स्थायी ठेगाना : चितवन जिल्ला पिठूवा गाविस-५
बाबुको नाम : भोदत्त सिंखडा
वैवाहिक स्थिति : विवाहित
छोरा/छोरी सङ्ख्या : २/१

**विवरण**

पिठूवा गाविस-५ का ३४ वर्षीय फणिन्द्र सिंखडालाई ०५५ फागुण ३ गते वडा प्रहरी कार्यालय नारायणगढका प्रहरीले भरतपुर नपा-४ स्थित नारायणी पुलमुनि नारायणी नदीमा नुहाउँदै गरेको बेलामा गिरफ्तार गरेकोमा हालसम्म बेपत्ता छन्। पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइएको छैन।

# २.११ मकवानपुर

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

(१) **रञ्जीत दर्नाल**

जन्म मिति/उमेर : २०३९ असोज १३/२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० पुस २५
घटनास्थल : काठमाडौं जिल्ला कपन गाविस
पेशा : ज्यालादारी (नेकपा माओवादीसँग आबद्ध)
स्थायी ठेगाना : मकवानपुर जिल्ला हटिया गाविस-४
बाबुको नाम : नेत्रबहादुर दर्नाल
आमाको नाम : सुभद्रा दर्नाल
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : रन्जु दर्नाल
छोरा/छोरी सङ्ख्या : ०/१
अन्य आश्रित सङ्ख्या : १

**विवरण**



हटिया गाविस-४ का २१ वर्षीय रञ्जीत दर्नाललाई काठमाडौंको कपनबाट ०६० पुस २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाएको थियो। जिल्ला प्रशासन कार्यालय मकवानपुरले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(२) **अमृत दर्नाल**

जन्म मिति/उमेर : २०४२ साउन ७/१८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० पुस २८
घटनास्थल : काठमाडौं जिल्ला कपन गाविस
पेशा : ज्यालादारी
स्थायी ठेगाना : मकवानपुर जिल्ला हटिया गाविस-४
बाबुको नाम : नेत्रबहादुर दर्नाल
आमाको नाम : सुभद्रा दर्नाल
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : पत्नीले अर्को विवाह गरेको
छोरा/छोरी सङ्ख्या : ०/१

**विवरण**



हटिया गाविस-४ निवासी १८ वर्षीय अमृत दर्नाललाई २०६० पुस २८ गते सुरक्षाकर्मीले काठमाडौंको कपनबाट नियन्त्रणमा लिएर बेपत्ता बनाएको थियो। जिल्ला प्रशासन कार्यालय मकवानपुरले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(३) **कृष्णबहादुर घलान**

जन्म मिति/उमेर : २००५ जेठ १०/५६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ साउन २७
घटनास्थल : मकवानपुर जिल्ला मनहरी गाविस-३
पेशा : कृषि
स्थायी ठेगाना : मकवानपुर जिल्ला मनहरी गाविस-३
बाबुको नाम : मानबहादुर घलान
आमाको नाम : ठूलीमाया घलान
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : मनमाया घलान
छोरा/छोरी सङ्ख्या : २/३

**विवरण**

मनहरी गाविस-३ का ५६ वर्षीय कृष्णबहादुर

घलानलाई ०६१ साउन २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाएका थिए। जिल्ला प्रशासन कार्यालय, सुनाचुरी ब्यारेक पर्सा वन्यजन्तु आरक्षणमा पटकपटक श्रीमती मनमायाले सम्पर्क गर्न गएको तर कसैले पनि जानकारी दिएनन्। जिल्ला प्रशासन कार्यालय मकवानपुरले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(४) **सन्तबहादुर वाइवा**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०११ भदौ ८/४९ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० कार्तिक १३ |
| घटनास्थल | : मकवानपुर जिल्ला मकवानपुरगढी गाविस-३ |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : मकवानपुर जिल्ला गोगने गाविस-३ |
| बाबुको नाम | : पदमबहादुर वाइवा |
| आमाको नाम | : बलकुमारी वाइवा |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : छुल्ठिमडोल्मा वाइवा |
| छोरा/छोरी सङ्ख्या | : ३ /२ |
| अन्य आश्रित सङ्ख्या | : १ |

**विवरण**




मकवानपुरगढी गाविस-३ निवासी ४९ वर्षीय सन्तबहादुर वाइवालाई ०६० कार्तिक १३ गते सुरक्षाकर्मीले हेटौंडा आउँदै गर्दा वाइवालाई नियन्त्रणमा लिएको थियो। पीडित परिवारले क्षतिपूर्ति पाएको छैन।

(५) **नोमनाथ श्रीराम लामिछाने**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३६ वैशाख १८/२५ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ मङ्सिर १७ |
| घटनास्थल | : काठमाडौं जिल्ला काठमाडौं मनपा |
| पेशा | : ज्यालादारी (नेकपा माओवादीसँग आबद्ध) |
| स्थायी ठेगाना | : मकवानपुर जिल्ला हेटौंडा नपा-६ |
| बाबुको नाम | : फणिन्द्रप्रसाद लामिछाने |
| आमाको नाम | : टीकाकुमारी लामिछाने |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



हेटौंडा नपा-६ का २५ वर्षीय नोमनाथ श्रीराम लामिछानेलाई ०६१ मङ्सिर १७ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले काठमाडौं बागेश्वरीबाट नियन्त्रणमा लिएर बेपत्ता बनाएका थियो। जिल्ला प्रशासन कार्यालय मकवानपुरले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

## शाही नेपाली सेनाबाट

(६) **ज्ञानेन्द्र कालाखेती**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३२ चैत ६/२७ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ असार १८ |
| घटनास्थल | : मकवानपुर जिल्ला मनहरि गाविस-४ |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : मकवानपुर जिल्ला मनहरि गाविस-४ |
| बाबुको नाम | : डोलनाथ कालखेती |
| आमाको नाम | : रामदेवी कालखेती |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**

मनहरि गाविस-४ का २७ वर्षीय ज्ञानेन्द्र कालाखेतीलाई ०५९ असार १८ गते सेनाले मनहरि गाविस-४ बाट गिरफ्तार गरी बेपत्ता बनायो। पीडितका आफन्त जिल्ला प्रशासन कार्यालय हेटौंडा, जिल्ला प्रहरी कार्यालय हेटौंडा र सुनाचुरी ब्यारेकमा

पटक-पटक गएर बुझ्दा पनि ती निकायले गिरफ्तार गरेको स्वीकार गरेनन्। तर गाउँलेहरूले सादा पोसाकमा आएका सेनाले पक्राउ गरेको देखेको बताए। जिल्ला प्रशासन कार्यालय मकवानपुरले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(७) **सुकलाल थिङ**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४६ मङसिर ५/२० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६२ माघ २९ |
| घटनास्थल | : पर्सा जिल्ला बगवन्ना गाविस-९ |
| पेशा | : राजनीति (नेकपा माओवादीसँग आबद्ध) |
| स्थायी ठेगाना | : मकवानपुर जिल्ला पदमपोखरी गाविस-३ |
| बाबुको नाम | : मानबहादुर थिङ |
| आमाको नाम | : कान्छीमाया थिङ |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : मनमाया थिङ |
| छोरा/छोरी सङ्ख्या | : १/० |
| अन्य आश्रित सङ्ख्या | : १ |

**विवरण**

पदमपोखरी गाविस-३ निवासी २० वर्षीय सुकलाल थिङलाई ०६२ माघ २९ गते सेनाले पर्सा जिल्लाको बगवन्ना गाविस-९ बाट गिरफ्तार गरी बेपत्ता बनाएको थियो। पीडितका परिवारले खोजी गरिदिन जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय हेटौंडामा पटकपटक मौखिक र लिखित आग्रह र अनुरोध गरेपनि उनको अवस्था हालसम्म अज्ञात रहेको छ। जिल्ला प्रशासन कार्यालय मकवानपुरले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(८) **अर्जुन रखाल**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३३ मङ्सिर १/२५ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ चैत १ |
| घटनास्थल | : रौतहट जिल्ला पौराइ गाविस |
| स्थायी ठेगाना | : मकवानपुर जिल्ला बेतिनी गाविस-३ |
| बाबुको नाम | : भीमबहादुर रखाल |
| आमाको नाम | : र्वतमाया रखाल |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : सरस्वती रखाल |
| छोरा/छोरी सङ्ख्या | : ० /१ |
| अन्य आश्रित सङ्ख्या | : २ |

**विवरण**

बेतिनी गाविस-३ का २५ वर्षीय अर्जुन रखाललाई ०५८ चैत १ गते सेनाले रौतहट जिल्लाबाट गिरफ्तार गरी बेपत्ता बनायो। पीडितका परिवारले जिल्ला प्रशासन कार्यालय रौतहट र सर्लाहीको प्रशासन कार्यालयमा पीडितको अवस्था बारे जानकारी माग गरेका थिए। जिल्ला प्रशासन कार्यालय मकवानपुरले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(९) **राजेन्द्र चौरेल**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३६ कार्तिक ४/२४ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० पुस २५ |
| घटनास्थल | : काठमाडौं जिल्ला कपन गाविस |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : मकवानपुर जिल्ला धियाल गाविस-९ |
| बाबुको नाम | : जयबहादुर चौरेल |
| आमाको नाम | : सरस्वती चौरेल |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : गायत्री चौरेल |
| छोरा/छोरी सङ्ख्या | : १/० |
| अन्य आश्रित सङ्ख्या | : २ |

**विवरण**

धियाल गाविस-९ का २४ वर्षीय राजेन्द्र चौरेललाई ०६० पुस २५ गते बिहान काठमाडौं कपनबाट सेनाले गिरफ्तार गरी बेपत्ता बनायो। उनीसँगै

गिरफ्तार भएका अन्य २ जना पनि बेपत्ता छन्। स्थानीय प्रशासनले पीडित परिवारलाई २ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(१०) **देशी ब्लोन**

जन्म मिति/उमेर : २०१० कार्तिक १३/५० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० कार्तिक १३
घटनास्थल : मकवानपुर जिल्ला मकवानपुरगढी गाविस-३
पेशा : कृषि
स्थायी ठेगाना : मकवानपुर जिल्ला मकवानपुरगढी गाविस-२
बाबुको नाम : विवई ब्लोन
आमाको नाम : सोममाया ब्लोन
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : तर्थकुमारी ब्लोन
छोरा/छोरी सङ्ख्या : २ /५
अन्य आश्रित सङ्ख्या : १

**विवरण**



मकवानपुरगढी गाविस-२ निवासी ५० वर्षीय देशी ब्लोनलाई ०६० कार्तिक १३ गते दिउँसो घरबाट बस चढेर हेटौंडा आउने क्रममा गढी गाविस ३ मा सर्चमा बसेका शाही नेपाली सेनाले बस रोकेर नियन्त्रणमा लिएर बेपत्ता बनाएका थिए। जिल्ला प्रशासन कार्यालय मकवानपुरले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(११) **सुकराम विक 'विक्रम'**

जन्म मिति/उमेर : २०४० वैशाख १५/२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६२ असोज ५
घटनास्थल : मकवानपुर जिल्ला हेटौंडा नपा-४
पेशा : व्यापारी
स्थायी ठेगाना : मकवानपुर जिल्ला फापरबारी गाविस-२
बाबुको नाम : तुलबहादुर विक
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : पत्नीले अर्को विवाह गरेको
छोरा/छोरी सङ्ख्या : ० /२

**विवरण**



फापरबारी गाविस-२ निवासी २२ वर्षीय सुकराम विक विक्रमलाई ०६२ असोज ५ गते हेटौंडा नगरपालिका कान्ति राजपथबाट सादा पोसाकका सैनिकले गिरफ्तार गरी बेपत्ता बनाएका थिए। पीडित विक भैंसी व्यापारी हुन्। जिल्ला प्रशासन कार्यालय मकवानपुरले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

## नेपाल प्रहरीबाट

(१२) **रामबहादुर ब्लोन**

जन्म मिति/उमेर : २०३९ माघ १० गते/२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ मङ्सिर ८ गते
घटनास्थल : काठमाडौं जिल्ला भीमढुङ्गा गाविस, नागढुङ्गा
पेशा : कृषि
स्थायी ठेगाना : मकवानपुर जिल्ला गोगने गाविस-८
बाबुको नाम : रामबहादुर ब्लोन
आमाको नाम : माहिलीमाया ब्लोन
वैवाहिक स्थिति : विवाहित

**विवरण**

गोगने गाविस ८ का २२ वर्षीय रामबहादुर

ब्लोनलाई २०६१ मङ्सिर ८ गते काठमाडौँको नागढुङ्गामा चेकजाँज गर्ने क्रममा प्रहरीले गिरफ्तार गरी बेपत्ता बनायो। पीडितसँग काठमाडौँ जान लागेका ज्ञानबहादुर लामा र राजकुमारलाई भने प्रहरीले सोधपुछ गरी रिहा गरेको थियो।

# २.१२ ललितपुर


## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

**संयुक्त सुरक्षाकर्मीबाट**

(१) **बाबुराजा माली**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३८ वैशाख २४/२३ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ पुस ३ |
| घटनास्थल | : ललितपुर जिल्ला ललितपुर उपमानपा |
| पेशा | : राजनीति (नेकपा माओवादीसँग आबद्ध) |
| स्थायी ठेगाना | : ललितपुर जिल्ला ठेचो गाविस-६ |
| बाबुको नाम | : धर्म माली |
| आमाको नाम | : रत्नकुमारी माली |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



ठेचो गाविस-६ का २३ वर्षीय बाबुराजा मालीलाई ललितपुर उपमहानपा नटोलबाट ०६१ पुस ३ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाएका थिए। मुर्ती बनाउने कामको सिलसिलामा नटोल जाँदा उग्रचण्डी मन्दिर अगाडिबाट पीडितलाई गिरफ्तार गरिएको थियो। जिल्ला प्रशासन कार्यालय ललितपुरले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(२) **नन्दगोपाल माली**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३३ जेठ ८/२८ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ असार ८ |
| घटनास्थल | : ललितपुर जिल्ला ललितपुर उपमनपा-१६ |
| पेशा | : ज्यालादारी (नेकपा माओवादीसँग आबद्ध) |
| स्थायी ठेगाना | : ललितपुर जिल्ला ठेचो गाविस-६ |
| बाबुको नाम | : सानु माली |
| आमाको नाम | : मिश्र माली |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : शोभा माली |
| छोरा/छोरी सङ्ख्या | : ०/२ |
| अन्य आश्रित सङ्ख्या | : १ |

**विवरण**



ठेचो गाविस-६ का २८ वर्षीय नन्दगोपाल मालीलाई काम गरिरहेको अवस्थामा सुरक्षाकर्मीले काठमाडौं जिल्ला कामनपा-१६ ताहचालबाट गिरफ्तार गरी ०६१ असार ८ गते बेपत्ता बनाएका थिए। जिल्ला विकास समितीले पीडित परिवारलाई २० हजार रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(३) **राजेन्द्र माली**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३४ असोज २/२६ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० असोज १५ |
| घटनास्थल | : ललितपुर जिल्ला ललितपुर उपमहानपा |
| पेशा | : नखुलेको (नेकपा माओवादीसँग आबद्ध) |

स्थायी ठेगाना : ललितपुर जिल्ला ठेचो गाविस-६

बाबुको नाम : भाई माली

आमाको नाम : मोहनमाया माली

वैवाहिक स्थिति : विवाहित

पति/पत्नीको नाम : रुबी श्रेष्ठ

छोरा/छोरी सङ्ख्या : ०/१

**विवरण**



ठेचो गाविस-६ का २६ वर्षीय राजेन्द्र मालीलाई पार्टीको कामको सिलसिलामा ललितपुर उपनपा मंगलबजार चौगलबाट ०६० असोज १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाएका थिए। जिल्ला विकास समितिले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

## शाही नेपाली सेनाबाट

**(४) गोपाल नगरकोटी**

जन्म मिति/उमेर : २०३२/२५ वर्ष

लिङ्ग : पुरुष

घटना मिति : २०५८ पुस १९

घटनास्थल : ललितपुर जिल्ला ललितपुर उपमहानपा-१३

पेशा : ज्यालादारी (नेकपा माओवादीसँग आबद्ध)

स्थायी ठेगाना : ललितपुर जिल्ला छम्पी गाविस-४

बाबुको नाम : रामकृष्ण नगरकोटी

आमाको नाम : कान्छी नगरकोटी

वैवाहिक स्थिति : विवाहित

पति/पत्नीको नाम : पत्नीले अर्को विवाह गरेको

छोरा/छोरी सङ्ख्या : १/१

**विवरण**

छम्पी गाविस-४ का २५ वर्षीय गोपाल नगरकोटीलाई माओवादी भएको आरोपमा ०५८ पुस



१९ गते ललितपुर उपमनपा-१३, कुसुन्तीस्थित गारमेन्ट कारखानाबाट सेनाले गिरफ्तार गरी बेपत्ता बनाएको थियो। जिल्ला प्रशासन कार्यालय ललितपुर र जिल्ला विकास समितिले पीडित परिवारलाई २ लाख २० हजार रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

**(५) पदमनारायण नकर्मी**

जन्म मिति/उमेर : २०३३ वैशाख ५/२७ वर्ष

लिङ्ग : पुरुष

घटना मिति : २०६० असोज ५

घटनास्थल : ललितपुर जिल्ला बुङ्मती गाविस-३

पेशा : राजनीति (नेकपा माओवादीसँग आबद्ध)

स्थायी ठेगाना : ललितपुर जिल्ला बुङ्मती गाविस-३

बाबुको नाम : कृष्णनारायण नकर्मी

आमाको नाम : राजमाया नकर्मी

वैवाहिक स्थिति : अविवाहित

**छोरा/छोरी सङ्ख्या** : १/१

**विवरण**



ललितपुर जिल्ला बुङ्मती गाविस-३ का २७ वर्षीय पदमनारायण नकर्मीलाई ०६० असोज ५ गते घरमा सुतिरहेको अवस्थामा मुखमा पट्टी बाँधी आएका सेनाले घेरा हाली सोधपुछ गर्नु छ भनी गिरफ्तार गरेर बेपत्ता बनाएका थिए। पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइएको छैन। पीडित नकर्मीकी पत्नी राममाया नकर्मीले २०६३ पुस २० गते सर्वोच्च अदालतमा कि सास देउ कि लास देउ भन्दै दायर रिट २०६७ भदौ ११ गते सर्वोच्च अदालतका न्यायाधीशद्वय बलराम केसी र

भरतराज उप्रेतिको संयुक्त इजलासले बेपत्ता व्यक्तिका विषयमा कानुन बन्न बाकी नै रहेको र त्यसको विषयमा सर्वोच्चले थप बोलिरहनु नपर्ने भन्दै रिट खारेजी गरेको छ। राज्यले बेपत्ता पार्नेविरुद्ध कानुन बनाएपछि मात्रै आयोगलाई छानबिनको अधिकार हुने न्यायाधीशको राय छ नकर्मीसँगै गिरफ्तार गरेका अन्तुमान श्रेष्ठ, मच्छिन्द्र श्रेष्ठ, अमिर शाक्य, राम शाही, अमृतमान श्रेष्ठ धर्मराज डंगोललाई सेनाले छाडेको थियो। पदमनारायणलाई सेनाले भैरवनाथ गणबाट बेपत्ता बनाएको थियो। सर्वोच्चले राष्ट्रिय मानवअधिकार ओयोगसँग नकर्मीको स्थितिको बारेमा जवाफ माग्दा सेनाको छाउनी हस्पिटलमा बिरामी भएर उपचार गर्न लगेकोसम्मको अवस्था थाहा भएको र त्यसपछिको स्थिति अज्ञात भएको बताएको छ। काठमाडौं प्रहरी परिसर हनुमानढोका र आर्मी हेडक्वाटरले पनि नकर्मीको विषयमा कुनै प्रतिकृया दिएको छैन। राममायाले सरकारले दिने भएको एकलाख क्षतिपूर्ति बुझेकी छैनन्।


**नेपाल प्रहरीबाट**

**(६) मिलन नेपाली**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२५ जेठ/३१ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५६ जेठ ७ |
| घटनास्थल | : काठमाडौं जिल्ला काठमाडौं महानपा-११ |
| पेशा | : पत्रकारिता (नेकपा माओवादीसँग आबद्ध) |
| स्थायी ठेगाना | : ललितपुर जिल्ला इमाडोल गाविस-८ |
| बाबुको नाम | : तिलबहादुर खवास |
| आमाको नाम | : भगवति खवास |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : सविता बस्नेत |
| छोरा/छोरी सङ्ख्या | : १/१ |

**विवरण**

इमाडोल गाविस-८ का जनादेश साप्तहिकका प्रबन्ध सम्पादक ३१ वर्षीय मिलन नेपालीलाई पत्रिकाको लागि कागज खरिद गर्न हिँडेको अवस्थामा ०५६ जेठ



७ गते सादा पोशाकमा आएका प्रहरीका ७-८ जनाले गिरफ्तार गरी भ्यानमा राखेर अज्ञात स्थानतर्फ लगेका थिए। सो दिनदेखि उनलाई बेपत्ता बनाइएको हो। उनलाई बेपत्ता बनाएको भन्दै उनका परिवारले ०५६ जेठ १० गते सर्वोच्चमा रिट दायर गरेकोमा सर्वोच्चले रिट खारेज गरेको थियो। पुन: रिट दायर गरेकोमा सो रिट पनि सर्वोच्चले खारेज गरेको थियो। जिल्ला प्रशासन कार्यालय ललितपुरले पीडित परिवारलाई १ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ।

## पीडक पक्ष नेकपा माओवादीबाट

**(७) अशोक लामा तामाङ**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३४ माघ २८/२७ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ असार २६ |
| घटनास्थल | : ललितपुर जिल्ला देवीचौर गाविस-२ |
| पेशा | : व्यापारी |
| स्थायी ठेगाना | : ललितपुर जिल्ला देवीचौर गाविस-२ |
| बाबुको नाम | : रामबहादुर तामाङ |
| आमाको नाम | : चिनमाया तामाङ |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : अञ्जना तामाङ |
| छोरा/छोरी सङ्ख्या | : २/० |
| अन्य आश्रित सङ्ख्या | : ३ |

**विवरण**



देवीचौर गाविस-२ का २७ वर्षीय अशोक तामाङलाई पसलमा बसिरहेको बेला माओवादीका कार्यकर्ताले ०६१ असार २६ गते साँझ ८ बजे अपहरण गरी बेपत्ता बनाएका

थिए। जिल्ला विकास समितिले पीडित परिवारलाई २० हजार रुपियाँ राहत स्वरूप उपलब्ध गराएको छ। अपहरण गरेको करिब एक वर्षपछि सबै विवरण खुलाई २०६२ साउन १३ गते उनको परिवारले राष्ट्रिय मानवअधिकार आयोगमा खोजीको लागि निवेदन दिएको थियो। आयोगमा निवेदन १ सय ८८ नम्बरमा दर्ता छ भने अशोकको फइल नम्बर ३ हजार ८६ रहेको छ। आयोगले उनको स्थिति बारे जिल्ला प्रशासन कार्यालय ललितपुरमा सोधपुछ गर्दा माओवादीले अपहरण गरी लगेको भन्ने जवाफ पठाएको थियो।

(८) **रवि खड्का**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३१ असार २६/ ३० वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६१ जेठ ७ |
| घटनास्थल | : | ललितपुर जिल्ला देवीचौर गाविस-५ |
| स्थायी ठेगाना | : | ललितपुर जिल्ला देवीचौर गाविस-५ |
| बाबुको नाम | : | जगतबहादुर खड्का |
| आमाको नाम | : | बालकुमारी खड्का |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | रेनुका खड्का |
| छोरा/छोरी सङ्ख्या | : | ० /१ |
| अन्य आश्रित सङ्ख्या | : | ४ |

**विवरण**



देवीचौर गाविस-५ का ३० वर्षीय रवि खड्कालाई ०६१ जेठ ७ गते १२ बजे दिउँसो घरबाट माओवादी कार्यकर्ताले अपहरण गरेर मकवानपुरको मन्थली गाविसमा पुऱ्याई बेपत्ता बनाएका थिए। पीडित परिवारले क्षतिपूर्ति पाएको छैन।

# २.१३ काभ्रे

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मी

(१) **कान्छामान ब्लोन 'लालकुमार'**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३६ माघ १७ गते/२६ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६२ पुस १३ गते |
| घटनास्थल | : | भक्तपुर जिल्ला भक्तपुर नपा-१७ |
| पेशा | : | राजनीति (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : | काभ्रेपलाञ्चोक जिल्ला मेच्छे गाविस-९ छापगाउँ |
| बाबुको नाम | : | चन्द्रबहादुर ब्लोन |
| आमाको नाम | : | राम्री तामाङ |
| पत्नीको नाम | : | डोल्मो तामाङ |
| छोरा/छोरी सङ्ख्या | : | १/१ जना |

**विवरण**



मेच्छे गाविस-८ का लालकुमार भनिने २६ वर्षीय कान्छामान ब्लोन २०६२ पुस १३ गतेदेखि बेपत्ता भए। माओवादीका पूर्णकालीन कार्यकर्ताको रूपमा काम गर्दै आएकोमा पार्टीको सम्पर्कमा नआएकाले सुरक्षाकर्मीले बेपत्ता पारेको भनी माओवादीले परिवारलाई जानकारी दिए। सामान ओसार-पसारको काममा सक्रिय उनको खोजीका लागि परिवारले मानवअधिकार सङ्घसंस्थामा निवेदन दिए पनि उनको अवस्था हालसम्म अज्ञात रहेको छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(२) सगुन श्रेष्ठ**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३५ असार ३० गते/२६ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६१ पुस १५ गते |
| घटनास्थल | : | काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल नपा-३ |
| पेशा | : | व्यापारी |
| स्थायी ठेगाना | : | काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल नपा-३ सञ्जीवनीबजार |
| बाबुको नाम | : | पूर्णमान श्रेष्ठ |
| आमाको नाम | : | लक्ष्मी श्रेष्ठ |
| पत्नीको नाम | : | दुर्गा श्रेष्ठ |
| छोरा/छोरी सङ्ख्या | : | १/१ जना |

**विवरण**




धुलिखेल नपा-३ का २६ वर्षीय सगुन श्रेष्ठ ०६१ पुस १५ गते दिउँसो धुलिखेलस्थित घरबाट बेपत्ता भए। पीडित परिवारका अनुसार उनलाई सूर्यविनायकस्थित सेनाको व्यारेकमा देखेको कुरा त्यहाँबाट छुटेका बन्दीहरूले बताए। ०६१ पुस २२ गते मध्यरात उनलाई सँगै लिएर सेनाले काठमाडौँ, ललितपुर र सानेपास्थित आफन्तको घरमा सर्च गरेका थिए। पीडितको अवस्थाबारे सुरक्षा निकायले परिवारलाई कुनै जानकारी दिएको छैन। पीडित परिवारले अवस्थाको खोजी गरिदिन संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायोग, रेडक्रसको अन्तर्राष्ट्रिय समिति, राष्ट्रिय मानवअधिकार आयोग, एम्नेष्टी इन्टरनेशनल र इन्सेकलगायतका मानवअधिकार सङ्घसंस्थामा अनुरोध गरेका थिए। गिरफ्तारीका विषयमा केही थाहा नभएको स्थानीय प्रशासनले बतायो। नेपाल सरकारले पीडित परिवारलाई २ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(३) इन्द्रबहादुर पाठक**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३५ माघ १२ गते/२५ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० फागुन २५ गते |
| घटनास्थल | : | काठमाडौँ जिल्ला काठमाडौँ मनपा-२० |
| पेशा | : | सामाजिक कार्यकर्ता धुलिखेल अस्पताल, छत्रेखेउराली शाखा) |
| स्थायी ठेगाना | : | काभ्रेपलाञ्चोक जिल्ला मादनकुँडारी गाविस-६ विङ्थली |
| बाबुको नाम | : | टहलबहादुर पाठक |
| आमाको नाम | : | कुष्णकुमारी पाठक |
| वैवाहिक स्थिति | : | अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : | २ जना |

**विवरण**



मादनकुँडारी गाविस-६ विङ्थली निवासी स्वास्थ्य कार्यकर्ता २५ वर्षीय इन्द्रराज पाठकलाई धादिङबाट काठमाडौँ गइरहेको अवस्थामा ०६० फागुन २५ गते सादा पोशाकमा रहेका सुरक्षाकर्मीले भिमसेनस्थानबाट गिरफ्तार गरी बेपत्ता बनाए। धुलिखेल अस्पतालको छत्रेदेउराली शाखामा कार्यरत सीएमए पाठकलाई बा१भ ७२६२ नम्बरको गाडीमा हाली लगिएको जानकारी धुलिखेल अस्पतालले दिएको थियो। पीडित विरामी भएकाले उपचारका लागि धादिङबाट चिरञ्जीवी खकुरेल र राजु खकुरेलका साथ काठमाडौँ आइरहेका थिए। पीडित नेकपा माओवादीका केन्द्रीय कमिटी सदस्य थिए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(४) इन्द्रबहादुर श्रेष्ठ 'बाबुकाजी'**

जन्म मिति/उमेर : २०३१ भदौ २२ गते/२९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० पुस १४ गते
घटनास्थल : भक्तपुर जिल्ला चित्तपोल गाविस-१
पेशा : कार्यकर्ता (नेकपा माओवादी)
स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला पाँचखाल गाविस-९ तिनपिप्ले
बाबुको नाम : रामबहादुर श्रेष्ठ
पत्नीको नाम : ज्ञानीमाया श्रेष्ठ
छोरा/छोरी सङ्ख्या : १/१ जना

**विवरण**



पाँचखाल गाविस-९ का बाबुकाजी भनिने इन्द्रबहादुर श्रेष्ठलाई काठमाडौं जाँदै गर्दा ०६० पुस १४ गते सुरक्षाकर्मीले भक्तपुरको नलिनेचोकस्थित चेक प्वाइन्टबाट गिरफ्तार गरी बेपत्ता बनाए। माओवादीका काभ्रे जनसरकार उपप्रमुख र नेपाल राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय सदस्यसमेत रहेका श्रेष्ठलाई रिहाइ गर्न अनुरोध गर्दै नेकपा माओवादीले ०६१ साउन ३२ गते जारी गरेको वक्तव्यमा भदौ १२ गते सम्म बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गरी रिहाइको प्रक्रियालाई अगाडि नबढाए कडा सङ्घर्षमा उत्रन बाध्य हुने बताएको थियो। नेपाल सरकारले पीडित परिवारलाई २ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(५) प्रकाश घिमिरे 'सुवास'**

जन्म मिति/उमेर : २०३६ जेठ १७ गते/२५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ मङ्सिर ७ गते
घटनास्थल : काठमाडौं जिल्ला काठमाडौं मनपा-३५
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला उग्रतारा जनगाल गाविस-६ सिनागाल
बाबुको नाम : वेदप्रसाद घिमिरे
आमाको नाम : सावित्री घिमिरे
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



उग्रतारा जनगाल गाविस-६ सिनागालका २५ वर्षीय प्रकाश घिमिरे ०६१ मङ्सिर ७ गतेदेखि काठमाडौंको कोटेश्वरबाट बेपत्ता भएका थिए। सादा पोशाकमा आएका सुरक्षाकर्मीले कोटेश्वरको जडिबुटीस्थित साथीको कोठाबाट बेपत्ता बनाएका थिए। पीडितको आमा सावित्रीका अनुसार, भ्यानमा चढेर सादा पोशाकमा आएका सुरक्षाकर्मीहरूले उनलाई लगेका थिए। कसैले शिवपुरी, कसैले नख्खु जेलमा भन्छन् तर छोरा भेट्न त के, कुनै जानकारीसमेत नपाइएको उनी बताउँछिन्। आफ्नो छोरा काठमाडौंमा प्रमाणपत्र तहको दोस्रो वर्षमा पत्रकारिता लिएर अध्ययनरत् रहेको र कुनै पार्टीमा लागेको आफूहरूलाई थाहा नभएको बताउने सावित्री अहिले छोराकै खोजीमा लागि विभिन्न सेनाको व्यारेकमा पुगिसकेकी छिन्। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(६) कृष्णनाथ चिमौरिया**

जन्म मिति/उमेर : २०४१ पुस २७ गते/१८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ कार्तिक १२ गते
घटनास्थल : बाँके जिल्ला नेपालगञ्ज नपा-१
पेशा : कृषि
स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला मेथिनकोट गाविस-२, आरुटार
बाबुको नाम : पपदमनाथ चिमौरिया

आमाको नाम : मीनकुमारी चिमौरिया
पत्नीको नाम : सविना चिमौरिया

**विवरण**



मेथिनकोट गाविस-२ आरुटारका १८ वर्षीय कृष्णनाथ चिमौरिया २०५९ कार्तिक १२ गतेदेखि बेपत्ता भएका थिए। जनक माविको कक्षा ८ मा अध्ययनरत् उनी घर सल्लाहले नेपालगञ्ज जान्छु भनेर हिँडेको भए पनि त्यसपछि कहिल्यै घरमा आएनन्। कुखुरा पोल्ट्री फर्ममा काम गर्न भनेर उनी गएपछि त्यहाँ फोन गर्दा यहाँबाट गइसक्यो भनेर परिवारलाई उत्तर दिइयो। नेपालगञ्जमा स्थानीयले परिवारलाई भनेअनुसार सुरक्षाकर्मीले गाडीमा हालेर लगेका थिए। त्यसपछि पीडितसँग कहिल्यै सम्पर्क भएन्। पीडित सर्वसाधारण व्यक्ति थिए।

(७) **उमेशकुमार सेढाई**

जन्म मिति/उमेर : २०३० माघ १ गते/२९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ २८ गते
घटनास्थल : काठमाडौँ जिल्ला काठमाडौँ मनपा-३१
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला विर्तादिउराली गाविस-६ पाटीगैरा
बाबुको नाम : भिमभत सेढाई
आमाको नाम : भगवती सेढाई
पत्नीको नाम : उषा सेढाई
छोरा/छोरी सङ्ख्या : ०/१ जना

**विवरण**

विर्तादिउराली गाविस-६ पाटीगैराका कोपिला भनिने २९ वर्षीय उमेरकुमार सेढाईलाई २०५९ जेठ २८ गते सुरक्षाकर्मीहरूले गिरफ्तार गरी बेपत्ता बनाए।



उनको अवस्थाबारे हालसम्म जानकारी हुन सकेको छैन। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## शाही नेपाली सेनाबाट

(८) **कुमार दाहाल**

जन्म मिति/उमेर : २०३१ वैशाख १८ गते/३० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ जेठ २४ गते
घटनास्थल : काभ्रेपलाञ्चोक जिल्ला उग्रचण्डी नाला गाविस-९
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला उग्रचण्डी नाला गाविस-९ सुमारा
बाबुको नाम : षडानन्द दाहाल
आमाको नाम : चित्रकुमारी दाहाल
पत्नीको नाम : देवकी दाहाल
छोरा/छोरी सङ्ख्या : २/२ जना

**विवरण**



उग्रचण्डी नाला गाविस-९ सुमाराका ३० वर्षीय कुमार दाहाल ०६१ जेठ २४ गतेदेखि बेपत्ता भए। घरबाट चिया खान भनी पसलमा गएको तर, घरमा नफर्किएको परिवारको भनाइ छ। त्यसदिन भन्दा पहिले उनलाई पुलिसले खोजिरहेको छ, गाउँमा नबस् भन्ने खालका कुरा भएको भतिज सीतारामले बताए। केही दिन पहिले रविओपी निवासी एक जना सेनालाई उनले धम्की दिएको र ती सेनाको हत्यापछि उनलाई सेनाले समातेर लगेको अनुमान परिवारको छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(९) तारामान तामाङ 'जोइके, रुपक'**

जन्म मिति/उमेर : २०२९ वैशाख १६ गते /३१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : काठमाडौँ जिल्ला काठमाडौँ मनपा-१५
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला खहरेपाँगु गाविस-३ पाँगु
बाबुको नाम : पमानबहादुर लामा
आमाको नाम : नाक्साल डोल्मा लामा
पत्नीको नाम : माया तामाङ
छोरा/छोरी सङ्ख्या : २/० जना

**विवरण**



खहरेपाँगु गाविस-३ पाँगुका रुपक भनिने ३१ वर्षीय तारामान तामाङ ०६० मङ्सिर १० गतेदेखि बेपत्ता भए। ०६० कार्तिकको अन्तिमतिर भक्तपुरस्थित पत्नीको कोठामा अन्तिम पटक उनको पत्नीसँग भेट भएको थियो। पार्टीको काममा हतार छ भनेर उनी गएका थिए। भक्तपुरस्थित बाग्लुङ कार्पेटमा गलैँचा बुन्ने काममा रहेको अवस्थामा सेनाले तारामानको पत्नीलाई मङ्सिर ४ र ६ गते दुई पटक सोधपुछ गर्ने र तर्साउने गरेको थियो। कोठामा खानतलासी लिएको पनि पत्नीले बताइन्। उनका अनुसार डल्लुबाट चार जना कपाल लामो देखिने मोटा मान्छेहरूले ट्याक्सीमा हालेर लगेका थिए। पत्नीलाई आफन्तहरूले कहिले थुनेको त कहिले बेपत्ता भयो भनेका थिए। त्यसपछि पत्नीसँग कहिल्यै भेट भएन खोजविनका लागि माओवादी पार्टी, मानवअधिकार सङ्घसंस्था र बेपत्ता परिवार समाजमा आग्रह गरिएको परिवारको भनाइ छ। पीडित नेकपा माओवादी कार्यकर्ता थिए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(१०) बुद्धिबहादुर तामाङ**

जन्म मिति/उमेर : २०२७/३३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० मङ्सिर १३ गते
घटनास्थल : ललितपुर जिल्ला इकुडोल गाविस-५
पेशा : राजनीति
स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला मादनकुँडारी गाविस-३ हरदन
बाबुको नाम : पञ्जबहादुर तामाङ
आमाको नाम : मैया तामाङ
पत्नीको नाम : बसुन लामा

**विवरण**



मादनकुँडारी गाविस-३ हरदनका ३३ वर्षीय बुद्धिबहादुर तामाङ ०६० मङ्सिर १३ गतेदेखि बेपत्ता भएका थिए। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालले काठमाडौँ महाराजगञ्जस्थित शाही नेपाली सेनाको ब्यारेकमा भएको स्वेच्छाचारी थुना, यातना र बेपत्तासम्बन्धी प्रतिवेदनमा तीनजना पूर्व थुनुवाले बुद्धि लामा तामाङले पाएको यातनाबारे एकै प्रकारको बयान दिएको उल्लेख छ। उनलाई ललितपुर जिल्ला डुकुछाप गाविसबाट पक्राउ गरिएको र प्रत्यक्षदर्शीका अनुसार बुद्धि लामालाई यातना दिइएको कारण उनी हलमा सुत्न दिएको परालको कार्पेटमाथि पल्टिन पनि सकेनन्। रगत र पिपले ढाडमा टाँसिएको र नङ्मा पीनले घोचिएकाले उनका हातका औँलाका नङ्हरू सबै पाकेका थिए। पीडित नेकपा माओवादी कार्यकर्ता थिए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(११) **चन्द्रकुमार ढकाल**

जन्म मिति/उमेर : २०३६ वैशाख २ गते/२४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० कार्तिक २६ गते
घटनास्थल : काठमाडौँ जिल्ला काठमाडौँ मनपा-१६
पेशा : विद्यार्थी
स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला पोखरीचौरी गाविस-९, खार
बाबुको नाम : कृष्णप्रसाद ढकाल
आमाको नाम : टुकुमाई ढकाल
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



पोखरीचौरी गाविस-९ खारका २४ वर्षीय चन्द्रकुमार ढकाल ०६० कार्तिक २६ गतेदेखि बेपत्ता भए। परिवारका अनुसार दिउँसो सरस्वती क्याम्पसमा पढ्न आउँदाको समयमा सेनाले पक्रिएर लगेको भन्ने कुरा रेडियोबाट भोलिपल्ट सुनेर थाहा पाएको हो। क्रान्तिकारी विद्यार्थी सङ्गठनमा लागेको भन्ने कुरा पछि मात्र थाहा भयो। माओवादीका स्थानीय नेताहरूले पनि पक्राउमा परेको कुरा परिवारलाई भनेका थिए। पीडितका बाबुको भनाइमा अघिल्लो वर्ष उनी घरमा गएका थिए। हाल उनको खोजबिन भइरहेको तर अवस्था पत्ता नलागेको परिवारको भनाइ छ। पीडित नेकपा माओवादी पार्टीसँग आवद्ध थिए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१२) **दावा लामा 'गौरव'**

जन्म मिति/उमेर : २०३९ वैशाख १६ गते/२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० भदौ ४ गते
घटनास्थल : सर्लाही जिल्ला नेत्रगञ्ज गाविस-६
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला मङ्गलटार गाविस-७ पिन्थली
बाबुको नाम : बहादुरसिं तामाङ
आमाको नाम : माइली तामाङ
पत्नीको नाम : अन्यत्र विवाह

**विवरण**



मङ्गलटार गाविस-७ पिन्थलीका २१ वर्षीय गौरव भनिने दावा लामा ०६० भदौ ४ गतेदेखि बेपत्ता भएका थिए। पार्टी काममा गएको समयमा सर्लाहीको नवलपुरबाट सेनाले उनलाई बेपत्ता पारेको माओवादीले परिवारलाई बताएका थिए।

## नेपाल प्रहरीबाट

(१३) **कमला शर्मा**

जन्म मिति/उमेर : २०२३/३३ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५६ जेठ ७ गते
घटनास्थल : काठमाडौँ जिल्ला काठमाडौँ मनपा-११
पेशा : राजनीति (नेकपा माओवादी कार्यकता)
स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला माझीफेदा गाविस-१
बाबुको नाम : परमानन्द गौतम
आमाको नाम : सरस्वती गौतम
पतिको नाम : दिनेश शर्मा

**विवरण**



काठमाडौँ टेबहाल डेरा गरी बस्ने पोखरी चौरी गाविस-७ बोफे माइती घर भई माझीफेदा गाविस-१ की ३३ वर्षीया कमला शर्मालाई २०५६ जेठ ७ गते काठमाडौँबाट

प्रहरीले गिरफ्तार गरी बेपत्ता बनाएका थिए। उनको अवस्था जानकारी लिन सर्वोच्च अदालतमा मुद्दा दर्ता गरिएकोमा प्रहरीले उनलाई गिरफ्तार नै नगरेको प्रतिउत्तर लगायो। नेपाल सरकारले पीडित परिवारलाई २ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१४) **नबीनकुमार गौतम**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२५ मङ्सिर २२ गते/३१ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५६ जेठ ७ गते |
| घटनास्थल | : काठमाडौँ जिल्ला काठमाडौँ मनपा-११ |
| पेशा | : राजनीति (नेकपा माओवादी पूर्वी जनसेना कमाण्डर) |
| स्थायी ठेगाना | : काभ्रेपलाञ्चोक जिल्ला पोखरीचौरी गाविस-७, बोझे |
| बाबुको नाम | : परमानन्द गौतम |
| आमाको नाम | : सरस्वती गौतम |
| पत्नीको नाम | : रेणुका चौलागाई |
| छोरा/छोरी सङ्ख्या | : ०/१ जना |

**विवरण**



पोखरीचौरी गाविस-७ बोझे घर भई काठमाडौँ टेबहाल डेरा गरी बस्ने ३१ वर्षीय नबीन गौतमलाई ०५६ जेठ ७ गते काठमाडौँबाट प्रहरीले गिरफ्तार गरी बेपत्ता बनाएका थिए। उनको अवस्था जानकारी लिन सर्वोच्च अदालतमा मुद्दा दर्ता गरिएकोमा प्रहरीले उनलाई गिरफ्तार नै नगरेको प्रतिउत्तर लगायो। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१५) **पाल्साङ लामा 'सागर'**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३० जेठ २ गते/२६ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५६ जेठ २ गते |
| घटनास्थल | : काठमाडौँ जिल्ला काठमाडौँ मनपा-३१ |
| पेशा | : राजनीति (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : काभ्रेपलाञ्चोक जिल्ला होक्सेबजार गाविस-५ भँगेरी टोल |
| बाबुको नाम | : धनबहादुर तामाङ |
| आमाको नाम | : माइली तामाङ |
| पत्नीको नाम | : कुमारी लामा |
| छोरा/छोरी सङ्ख्या | : १/१ जना |

**विवरण**



होक्सेबजार गाविस-५ भँगेरीका सागर भनिने काठमाडौँमा ट्याक्सी चलाउँदै आएका २६ वर्षीय पाल्साङ लामालाई बागबजारबाट हिँड्दै गर्दा २०५६ जेठ २ गते गिरफ्तार गरी प्रहरीले बेपत्ता पारेका थिए। पीडितलाई बेपत्ता बनाएको बारे निर्मला फुर्कोटी र जगत लामाले २०५६ जेठ ७ गते सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षिकरणको रिट दर्ता गराएकोमा २०५६ जेठ १० गते कारण देखाउ आदेश जारी भई प्रहरीले गिरफ्तार नै नगरेको प्रतिउत्तर दियो। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## पीडक पक्ष नेकपा माओवादीबाट

(१६) **धनबहादुर तामाङ**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४१ जेठ ४ गते/२० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ असार ६ गते |
| घटनास्थल | : सिन्धुली जिल्ला कुशेश्वरदुम्जा गाविस-९ खानीगाउँ टोल |

पेशा : कृषि
स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला ठूलोपर्सेल गाविस-३
बाबुको नाम : मानबहादुर तामाङ
आमाको नाम : माइली तामाङ
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



ठूलोपर्सेल गाविस-३ का धनबहादुर तामाङलाई २०६१ असार १६ गतेदेखि माओवादीले बेपत्ता बनाए। माओवादी कार्यकर्ताले आफन्तको घरमा गएको अवस्थामा रातको समयमा अपहरण गरी बेपत्ता बनाएकोमा परिवारले माओवादीको जिल्ला कार्यालयमा पटक-पटक निवेदन हाले पनि केही उत्तर नदिएको बताए।

(१७) **सूर्जमान थिङ 'तस्वीर'**
जन्म मिति/उमेर : २०३५ वैशाख १ गते/२४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख २७ गते
घटनास्थल : काभ्रेपलाञ्चोक जिल्ला फलामेटार गाविस-५
पेशा : कृषि
स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला फलामेटार गाविस-५ सिंगारीडाँडा
बाबुको नाम : मानबहादुर तामाङ
आमाको नाम : माइली तामाङ
पत्नीको नाम : लक्ष्मीमाया थिङ
छोरा/छोरी सङ्ख्या : १/१ जना

**विवरण**

फलामेटार गाविस-५ का तस्विर भनिने धनबहादुर तामाङ २०५९ माघ २७ गतेदेखि माओवादीद्वारा बेपत्ता पारिए। माओवादीले चोरी गरेको आरोपमा अपहरण गरी लगेकोमा घर फिर्ता आएनन्। माओवादीको डरत्रासका कारण यो परिवारले कहीँ



उजुरी गर्न नसकेको बतायो। पीडितलाई साल्मेचाकल गाविसको स्यार्ते भन्ने स्थानमा लगी जिउँदै गाडेको अनुमान गाउँलेको छ। माओवादीलाई उनको अपहरणका विषयमा जानकारी माग्दा हामीले अपहरण गरेका हौँ तर ऊ भाग्यो भन्ने उत्तर दिए।

(१८) **पूर्णमान तामाङ**
जन्म मिति/उमेर : २०२३ चैत ३१ गते/३८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ मङ्सिर ५ गते
घटनास्थल : काभ्रेपलाञ्चोक जिल्ला स्यामपाटी गाविस-७
पेशा : कृषि
स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला स्यामपाटी गाविस-७ कुरगाउँ
बाबुको नाम : शेरबहादुर तामाङ
आमाको नाम : मोतिमाया तामाङ
पत्नीको नाम : सीतामाया तामाङ
छोरा/छोरी सङ्ख्या : १/१ जना

**विवरण**



स्यामपाटी गाविस-७ कुरगाउँ टोलका ३८ वर्षीय पूर्णबहादुर तामाङ र उनीलगायत चार जनालाई स्यामपाटी गाविसका मुकुन्द पाठकको घर लुटी लुकिरहेको अवस्थामा ०५९ चैत १९ गते माओवादीले अपहरण गरेकोमा पूर्णबहादुर हालसम्म बेपत्ता छन्। उनीहरूलाई नक्कली माओवादी बनेर विभिन्न लुटपाट गर्दै आएको आरोप लगाइएको थियो। पूर्णबहादुर तामाङको अवस्थाबारे परिवारलाई माओवादीले केही जानकारी दिएको छैन।

### (१९) अर्जुन सापकोट 'जादु'

जन्म मिति/उमेर : २०३१ फागुन १५/२७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ असार १० गते
घटनास्थल : काभ्रेपलाञ्चोक जिल्ला जैसीथोक गाविस-४
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला जैसीथोक गाविस-४ राम्चेबेशी टोल
बाबुको नाम : कविप्रसाद सापकोटा
आमाको नाम : मोखड्गकुमारी सापकोटा
पत्नीको नाम : निर्मला सापकोटा
छोरा/छोरी सङ्ख्या : १/२ जना

**विवरण**



जैसीथोक गाविस-४ का जादु भनिने २७ वर्षीय अर्जुन सापकोटा माओवादीमा लागेर हिँडे पनि माओवादीबाटै बेपत्ता पारिए। माओवादीले २०५९ कार्तिक २६ गते गाउँका विभिन्न टोलमा पार्टीलाई धोका दिएकाले सफाया गरेको भनी पर्चा टाँसेका थिए। घरबाट हिँड्नुभन्दा अघिल्लो दिन बेलुकी २ जना माओवादी कार्यकर्ताले घरमा आएर उनका विषयमा सोधपुछ गरेका थिए। चड्कन हान्दा ठहरै भएको भनी माओवादीले भनेको विषयलाई स्थानीय पत्रिकाले समाचार बनाएर प्रकाशन गरेको थियो। विभिन्न समयमा उनी जीवितै रहेको भन्ने हल्ला चलाएका कारण परिवारले प्रहरी प्रशासनमा उजुरी गर्न समेत नसकेको बताए। पत्नी निर्मलाले ०५८ असार १० गतेदेखि पतिसँग भेटघाट, कुराकानी या अन्य सम्पर्क केही नभएको बताइन्।

### (२०) जितबहादुर तामाङ

जन्म मिति/उमेर : २०२५/३२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५७ चैत १९ गते
घटनास्थल : काभ्रेपलाञ्चोक जिल्ला जैसीथोक गाविस-४
पेशा : कृषि
स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला जैसीथोक गाविस-४ राम्चेबेशी टोल
बाबुको नाम : सेते तामाङ
आमाको नाम : वीरुमाया तामाङ
पत्नीको नाम : कमला तामाङ (अन्यत्र विवाह गरी हाल आत्महत्या गरेको)
छोरा/छोरी सङ्ख्या : ३/० जना
अन्य आश्रित सङ्ख्या : १ जना

**विवरण**



जैसीथोक गाविस-५ का ३२ वर्षीय जितबहादुर तामाङलाई ०५७ चैत १९ गते नेकपा माओवादीका छापामारहरूले गाउँमा भएका अपराधिक घटनामा संलग्न भएको आरोपमा अपहरण गरी मरणासन्न हुने गरी कुटपिट गरे। उनलाई जैसीथोक गाविस-४ स्थित पञ्चकन्या प्राविमा लगी नाङ्गै बनाई मुक्का, लाठी र लात्तीले कुटपिट गरी बेपत्ता पारे। पीडितकी पत्नी कलाले साँगामा विवाह गरी २०६४ वैशाख २१ गते विष सेवन गरी आत्महत्या गरिन्।

# २.१४ भक्तपुर

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना, नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मी

(१) **बासुदेव चुवाल**

जन्म मिति/उमेर : २०३० चैत १२ गते/३१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ पुस ३ गते
घटनास्थल : ललितपुर जिल्ला ललितपुर उपमहानपा-१९
पेशा : राजनीति (नेकपा माओवादी जिल्ला सदस्य ललितपुर)
स्थायी ठेगाना : भक्तपुर जिल्ला कटुञ्जे गाविस-६ सुवर्णेश्वर महादेव
बाबुको नाम : ज्ञानबहादुर चुवाल
आमाको नाम : चन्द्रमाया चुवाल
पत्नीको नाम : नारायणदेवी श्रेष्ठ
छोरा/छोरी सङ्ख्या : १/० जना
अन्य आश्रित सङ्ख्या : २ जना

**विवरण**



कटुञ्जे गाविस-६ सुवर्णेश्वर महादेव निवासी नेकपा माओवादीका ललितपुर जिल्ला सदस्य ३१ वर्षीय बासुदेव चुवाललाई ०६१ पुस ३ गते ललितपुर जिल्ला ललितपुर उपमनपा-१९ बाट माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गरायो।

(२) **दुर्गा विसुङ्खे**

जन्म मिति/उमेर : २०३६ चैत १८ गते/२४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० पुस २ गते
घटनास्थल : काठमाडौँ जिल्ला वडा-३ भैरवनाथगण
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : भक्तपुर जिल्ला कटुञ्जे गाविस-७
बाबुको नाम : रामबहादुर न्यौपाने
आमाको नाम : जमुना न्यौपाने
पतिको नाम : स्व. रामगोपाल विसुङ्खे
छोरा/छोरी सङ्ख्या : १/१ जना
अन्य आश्रित सङ्ख्या : ३ जना

**विवरण**



कटुञ्जे गाविस-७ की २४ वर्षीय दुर्गा विसुङ्खेलाई ०६० पुस २ गते सुरक्षाकर्मीले काठमाडौँ जिल्ला भैरवनाथगणबाट बेपत्ता बनाएका थिए। राष्ट्रिय मानवअधिकार आयोगले पीडितका आफन्त जमुना न्यौपानेलाई ०६६ भदौ २८ गते एक पत्र लेखी ०६० कार्तिक १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बलपूर्वक बेपत्ता पारेको सम्बन्धमा दर्ता भएको उजुरीमा आयोगबाट ०६६ भदौमा निर्णय हुँदा पीडितलाई नेपाली सेना १० नं. बाहिनी अन्तरगतको भैरवनाथ गणबाट बेपत्ता परेको देखिएको भन्दै आवश्यक कारबाहीको लागि सरकारलाई सिफारिश गरी पठाएको जानकारी गराएको पत्र पठाएको थियो। नेपाल सरकार र नेकपा माओवादी पार्टीबाट पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## नेपाल प्रहरीबाट

**(३) सत्यनारायण प्रजापति**

जन्म मिति/उमेर : २०२६ असार १५ गते/३३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख १३ गते
घटनास्थल : भक्तपुर जिल्ला नङ्खेल गाविस-१
पेशा : राजनीति (नेकपा माओवादी जिल्ला कमिटी सदस्य भक्तपुर)
स्थायी ठेगाना : भक्तपुर जिल्ला भक्तपुर नपा-१
बाबुको नाम : आशकुमार प्रजापति
आमाको नाम : कृष्णबेती प्रजापति
पत्नीको नाम : कृष्णदेवी प्रजापति
छोरा/छोरी सङ्ख्या : १/५ जना
अन्य आश्रित सङ्ख्या : ७ जना

**विवरण**



भक्तपुर नपा-१ निवासी भक्तपुर जिल्लाका माओवादी जिल्ला कमिटी सदस्य ३३ वर्षीय सत्यनारायण प्रजापतिलाई ०५९ वैशाख १३ गते भक्तपुर जिल्लाको नङ्खेल गाविस-१ साँगा भञ्ज्याङबाट भक्तपुर जिल्ला प्रहरी कार्यालयका प्रहरीहरूले गिरफ्तार गरी सूर्यविनायकको नयाँ गोरख गण ब्यारेकमा जिम्मा लगाएका थिए। उक्त समयदेखि उनी बेपत्ता रहेका छन्। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(४) गंगाराम श्रेष्ठ**

जन्म मिति/उमेर : २०४० भदौ १५/२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ चैत १२ गते
घटनास्थल : भक्तपुर जिल्ला भक्तपुर नपा-११
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : भक्तपुर जिल्ला भक्तपुर नपा-१७
बाबुको नाम : तुलसीनारायण श्रेष्ठ
आमाको नाम : इन्द्रकेशरी श्रेष्ठ
वैवाहिक स्थिति : अविवाहित

**विवरण**




भक्तपुर नपा-१७ निवासी माओवादी कार्यकर्ता २१ वर्षीय गंगाराम श्रेष्ठलाई ०६१ चैत १२ गते सोही नपा-११ बाट माओवादीको आरापेमा जिल्ला प्रहरी कार्यालय भक्तपुरका प्रहरीले गिरफ्तार गरी गोरख गण सूर्य विनायक ब्यारेकमा बुझाएको थियो। सोही गणबाट पीडित बेपत्ता भएका थिए। शान्ति मन्त्रालयले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(५) बद्रीनारायण न्वायना**

जन्म मिति/उमेर : २०३८ पुस २६ गते/२० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ चैत १२ गते
घटनास्थल : भक्तपुर जिल्ला भक्तपुर नपा-४
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : भक्तपुर जिल्ला भक्तपुर नपा-१३
बाबुको नाम : नारायणभक्त न्वायना
आमाको नाम : पञ्चमाया न्वायना
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

भक्तपुर नपा-१३ निवासी माओवादी कार्यकर्ता २० वर्षीय बद्रीनारायण न्वायनालाई २०५८ चैत १२ गते माओवादीको आरोपमा जिल्ला प्रहरी कार्यालय भक्तपुरका प्रहरीले भक्तपुर नपा-४ बाट गिरफ्तार



गरी सूर्य विनायकमा रहेको नयाँ गण ब्यारेकमा बुझाएको थियो। सोही ठाउँबाट पीडितलाई बेपत्ता पारिएको थियो। जिल्ला प्रशासन कार्यालयबाट २०६६ मा पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

# २.१५ काठमाडौं

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना, नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

**(१) मीना श्रेष्ठ**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३७ मङ्सिर २५ गते/२४ वर्ष |
| लिङ्ग | : महिला |
| घटना मिति | : २०६१ मङ्सिर ५ गते |
| घटनास्थल | : काठमाडौं जिल्ला |
| पेशा | : राजनीति (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : काठमाडौं जिल्ला नैकाप नयाँ भञ्ज्याङ-६ बेनीगाउँ |
| बाबुको नाम | : बैकुण्ठ श्रेष्ठ |
| आमाको नाम | : मोतिमाया श्रेष्ठ |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



नैकाप नयाँ भञ्ज्याङ-६ बेनीगाउँका २४ वर्षीया मीना श्रेष्ठलाई २०६१ मङ्सिर २ गते सुरक्षाकर्मीले काठमाडौंबाट गिरफ्तार गरी बेपत्ता बनायो। श्रेष्ठको अवस्था आजसम्म अज्ञात रहेको छ। जिल्ला प्रशासन कार्यालयबाट पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(२) सुचेन्द्र श्रेष्ठ**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २९ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० मङ्सिर २१ गते |
| घटनास्थल | : काठमाडौं जिल्ला |
| पेशा | : विद्यार्थी (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : काठमाडौं जिल्ला सतुङ्गल-९ |
| बाबुको नाम | : केदार श्रेष्ठ |
| पत्नीको नाम | : रुपा श्रेष्ठ |
| छोरा/छोरी सङ्ख्या | : ०/१ जना |
| अन्य आश्रित सङ्ख्या | : ७ जना |

**विवरण**



सतुङ्गल-९ का २९ वर्षीय सुचेन्द्र श्रेष्ठलाई २०६० मङ्सिर २१ गते सुरक्षाकर्मीले काठमाडौं इतुम्बहादलबाट गिरफ्तार गरी हालसम्म बेपत्ता बनायो। श्रेष्ठको खोजीका लागि पीडितपक्षले राष्ट्रिय मानवअधिकार आयोग र जिल्ला प्रशासन कार्यालय काठमाडौंमा निवेदन दिएका थिए। जिल्ला प्रशासन कार्यालयबाट पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(३) देवराज दङ्गाल**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४०/२० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० मङ्सिर २९ गते |
| घटनास्थल | : काठमाडौं जिल्ला |
| पेशा | : विद्यार्थी (नेकपा माओवादी) |
| स्थायी ठेगाना | : काठमाडौं जिल्ला नाङ्लेभारे गाविस-८ |
| बाबुको नाम | : खिलप्रसाद दङ्गाल |

आमाको नाम : भगवती दङ्गाल
पति/पत्नीको नाम : अविवाहित

**विवरण**



नाङ्लेभारे गाविस-८ का २० वर्षीय देवराज दङ्गाललाई २०६० मङ्सिर २९ गते काठमाडौँको दक्षिण ढोकाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनायो। दङ्गाललाई कहाँबाट बेपत्ता बनाइयो भन्ने कुरा पीडित परिवारलाई समेत थाहा नभएको बताए।

**(४) आइते लामा**

जन्म मिति/उमेर : २०४२/१८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० मङ्सिर १६ गते
घटनास्थल : काठमाडौँ जिल्ला
काठमाडौँ मनपा-७
पेशा : कृषि
स्थायी ठेगाना : काठमाडौँ जिल्ला
नाङ्लेभारे गाविस-९
बाबुको नाम : राम लामा
आमाको नाम : हिरमाया लामा
पत्नीको नाम : चतरी लामा
छोरा/छोरी सङ्ख्या : १/१ जना
अन्य आश्रित सङ्ख्या : ४ जना

**विवरण**




नाङ्लेभारे गाविस-९ का १८ वर्षीय आइते लामालाई २०६० मङ्सिर १६ गते सुरक्षाकर्मीले नेकपा माओवादीको गतिविधिमा संलग्न भन्दै काठमाडौँ मनपा-७ चाबहिलबाट गिरफ्तार गरी बेपत्ता बनायो। उनको अवस्था हालसम्म अज्ञात रहेको छ। पीडित नेकपा माओवादी पार्टीमा आबद्ध थिए। जिल्ला प्रशासन कार्यालयले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(५) ध्रुव नेपाल**

जन्म मिति/उमेर : २०४० माघ २३ गते/२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ मङ्सिर १६ गते
घटनास्थल : काठमाडौँ जिल्ला
काठमाडौँ मनपा-१६
पेशा : कृषि
स्थायी ठेगाना : नाङ्लेभारे गाविस-७
बाबुको नाम : खिलप्रसाद नेपाल
वैवाहिक स्थिति : नखुलेको

**विवरण**



नाङ्लेभारे गाविस-७ का २१ वर्षीय ध्रुव नेपाललाई २०६१ मंसिर १६ गते सुरक्षाकर्मीले काठमाडौँको गौशालास्थित पवन निवासबाट गिरफ्तार गरी बेपत्ता बनायो। उनको अवस्था हालसम्म अज्ञात रहेको छ। पीडित नेकपा माओवादी पार्टीमा आबद्ध थिए। जिल्ला प्रशासन कार्यालयले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(६) दिनेश लामिछाने**

जन्म मिति/उमेर : २०३८ वैशाख १७ गते/२० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ चैत २६ गते
घटनास्थल : काठमाडौँ जिल्ला
काठमाडौँ मनपा-१४
पेशा : विद्यार्थी
स्थायी ठेगाना : काठमाडौँ जिल्ला
महादेवस्थान गाविस-७
बाबुको नाम : श्यामप्रसाद लामिछाने
आमाको नाम : टङ्ककुमारी लामिछाने
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



महादेवस्थान गाविस-७ का २० वर्षीय दिनेश लामिछानेलाई २०५८ चैत २६ गते सुरक्षाकर्मीले काठमाडौँ महानपा-१४ कलङ्कीबाट गिरफ्तार गरी बेपत्ता बनाए। पीडितका परिवारले लामिछानेको सकुसल रिहाई गराई दिन पहलका लागि २०५९ सालमा राष्ट्रिय मानवअधिकार आयोगमा निवेदनसमेत दिएका थिए। बेपत्ता पारिएका लामिछानेको अवस्था हालसम्म अज्ञात रहेको छ। पीडत नेकपा माओवादी पार्टीमा आबद्ध थिए।

(७) **पिपल श्रेष्ठ**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४२ असार/१८ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० |
| घटनास्थल | : काठमाडौँ जिल्ला |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : सितापाइला गाविस-२ |
| बाबुको नाम | : बाबुराम नगरकोटी |
| आमाको नाम | : लक्ष्मी नगरकोटी |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



सितापाइला गाविस-२ का १८ वर्षीय पिपल श्रेष्ठलाई २०६० सालमा सुरक्षाकर्मीले काभ्रे जिल्लाबाट गिरफ्तार गरी हालसम्म बेपत्ता बनाएको छ। जिल्ला प्रशासन कार्यालयले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(८) **हरिशरण महर्जन**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३८ पुस १५ गते/२३ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ असार १८ गते |
| घटनास्थल | : काठमाडौँ जिल्ला सतुङ्गल गाविस-४ |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : सतुङ्गल गाविस-३ भुसीगाउँ |
| बाबुको नाम | : हरिकृष्ण महर्जन |
| आमाको नाम | : बभनी महर्जन |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**

सतुङ्गल गाविस-३ भुसिगाउँका २३ वर्षीय हरिशरण महर्जनलाई ०६१ असार १८ गते सुरक्षाकर्मीले सतुङ्गल गाविस-४ स्थित मच्छिन्द्रनाथ इट्टाभट्टाबाट गिरफ्तार गरीव बेपत्ता बनाए। पीडितको खोजीका लागि पहल गरिदिन राष्ट्रिय मानवअधिकार आयोग र बलम्बुस्थित प्रहरी कार्यालयमा पीडित परिवारले निवेदनसमेत दिएका थिए। जिल्ला प्रशासन कार्यालयबाट पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(९) **अजय शाही**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३०/३१ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ साउन ४ |
| घटनास्थल | : काठमाडौँ जिल्ला |
| काठमाडौँ | महानपा-६ |
| पेशा | : व्यापारी |
| स्थायी ठेगाना | : काठमाडौँ जिल्ला कीर्तिपुर नपा-११ |
| बाबुको नाम | : इन्द्रबहादुर शाही |
| आमाको नाम | : रामकुमारी शाही |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



कीर्तिपुर नपा-११ का ३१ वर्षीय अजय शाहीलाई ०६१ साउन ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए।

(१०) **दीपक पोखरेल**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३१/२९ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० साउन ७ गते |
| घटनास्थल | : काठमाडौँ जिल्ला बल्खु |
| पेशा | : जागिर |
| स्थायी ठेगाना | : काठमाडौँ जिल्ला काठमाडौँ मनपा-३ बाँसबारी |
| बाबुको नाम | : दुर्गाप्रसाद पोखरेल |
| आमाको नाम | : गङ्गामाया पोखरेल |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



काठमाडौँ महानपा-३ बाँसबारीका २९ वर्षीय दीपक पोखरेललाई २०६० साउन ७ गते माओवादीको आरोपमा काठमाडौँको बल्खुबाट सुरक्षाकर्मीले गिरफ्तार गरी भैरवनाथ गणमा राखी बेपत्ता बनाए। यस अघि पनि ०५९ सालमा गिरफ्तार गरी २० दिनपछि छोडिएको थियो। जिल्ला प्रशासन कार्यालयबाट परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(११) **निश्चल नकर्मी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३८ जेठ १८ गते र २२ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० मङ्सिर १७ गते |
| घटनास्थल | : काठमाडौँ जिल्ला थानकोट चेकपोष्ट |
| पेशा | : राजनीति (नेकपा माओवादी, काठमाडौँ भ्याली कमाण्डर) |
| स्थायी ठेगाना | : काठमाडौँ जिल्ला महादेवस्थान गाविस-५ |
| बाबुको नाम | : सूर्यबहादुर नकर्मी |
| आमाको नाम | : मनोरमा नकर्मी |
| पति/पत्नीको नाम | : कमला नकर्मी |
| छोरा/छोरी सङ्ख्या | : १/० जना |
| अन्य आश्रित सङ्ख्या | : ६ जना |

**विवरण**



महादेवस्थान गाविस-५ निवासी नेकपा माओवादी काठमाडौँ भ्याली कमाण्डर २२ वर्षीय निश्चल नकर्मीलाई ०६० मङ्सिर १७ गते थानकोट चेकपोष्टबाट संयुक्त सुरक्षाकर्मीले उनीसहित चार जनालाई एउटै कोठाबाट लगेकोमा गणेश ढकाल, कृष्णलाल केसी, रमेह गुरागाई रिहा भए पनि निश्चललाई बेपत्ता बनाए। जिल्ला प्रशासन कार्यालयबाट परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१२) **अर्जुन महर्जन**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२८ माघ १ गते/३२ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० कार्तिक १२ गते |
| घटनास्थल | : काठमाडौँ जिल्ला कामनपा-१४ |
| पेशा | : व्यापारी |
| स्थायी ठेगाना | : काठमाडौँ जिल्ला कीर्तिपुर नपा-५ सागलटोल |
| बाबुको नाम | : राम महर्जन |
| आमाको नाम | : कृष्णमाया महर्जन |
| पति/पत्नीको नाम | : रामती महर्जन |
| छोरा/छोरी सङ्ख्या | : ०/२ जना |
| अन्य आश्रित सङ्ख्या | : ३ जना |

**विवरण**



कीर्तिपुर नपा-५ सागलटोलका ३२ वर्षीय अर्जुन महर्जनलाई ०६० कार्तिक १२ गते सुरक्षाकर्मीले कामनपा-१४ कालिमाटीबाट गिरफ्तार गरी बेपत्ता बनाए

महर्जनको खोज गरिदिन तथा रिहाईको पहल गरी दिन इन्सेक, राष्ट्रिय मानवअधिकार आयोग र सर्वोच्च अदालतमा निवेदन दिएका थिए। पीडित नेकपा माओवादी पार्टीसँग आवद्ध थिए। जिल्ला प्रशासन कार्यालयबाट परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१३) **बुद्धिप्रसाद पोखरेल**

जन्म मिति/उमेर : २०३९ चैत ६ गते/२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ पुस २ गते
घटनास्थल : भक्तपुर जिल्ला सुडाल गाविस सल्लाघारी, कामीडाँडा
पेशा : ज्यालादारी
स्थायी ठेगाना : काठमाडौँ जिल्ला मूलपानी गाविस-८
बाबुको नाम : गुरुप्रसाद पोखरेल
आमाको नाम : यशोदादेवी पोखरेल
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



मूलपानी गाविस-८ का २२ वर्षीय बुद्धिप्रसाद पोखरेललाई ०६१ पुस २ गते संयुक्त सुरक्षाकर्मीले भक्तपुर जिल्लाको सल्लाघारी कामीडाँडाबाट गिरफ्तार गरी बेपत्ता बनाए। पीडितको खोजीका लागि पीडित परिवारले राष्ट्रिय मानवअधिकार आयोगमा ०६२ वैशाख १ गते निवेदन दिएका थिए। ६ महिनापछि छाउनीमा राखेको थाहा पाएको १८ जनालाई त्यहाँबाट हेलिकेप्टरमा राखेर लगेको त्यहाँदेखि केही जानकारी छैन। पीडित नेकपा माओवादी कार्यकर्ता थिए। जिल्ला प्रशासन कार्यालयले परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१४) **रेणुका दुलाल**

जन्म मिति/उमेर : २०४२ वैशाख २३ गते/१८ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०६० मङ्सिर १४ गते
घटनास्थल : कामनपा-७ चाबहिल
पेशा : विद्यार्थी
स्थायी ठेगाना : काठमाडौँ जिल्ला तीनथाना गाविस-५
बाबुको नाम : चन्द्र दुलाल
आमाको नाम : नानीमैया दुलाल
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



तीनथाना गाविस-५ की १८ वर्षीया रेणुका दुलाललाई ०६० मङ्सिर १४ गते संयुक्त सुरक्षाकर्मीले कामनपा-७ चाबहिलबाट गिरफ्तार गरी भैरवनाथ गणमा राखिएकोमा त्यहाँबाट बेपत्ता बनाइयो। पीडित दुलाल अनेरास्ववियु क्रान्तिकारी भक्तपुर जिल्ला कोषाध्यक्ष थिइन्। पीडितको रिहाईका लागि सर्वोच्च अदालतमा रिट दिएपछि सर्वोच्चले तत्काल सुरक्षा निकायमा पत्राचार गरेर उनीहरूको खोजी गरी सार्वजनिक गर्न आदेश दिएको थियो। तर, हालसम्म दुलालको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालयबाट परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१५) **तीर्थ विश्वकर्मा**

जन्म मिति/उमेर : २०३८ फागुन १६ गते/२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ पुस
घटनास्थल : कामनपा-३५
स्थायी ठेगाना : काठमाडौँ जिल्ला मूलपानी गाविस-७
बाबुको नाम : ज्ञानबहादुर विश्वकर्मा
आमाको नाम : मसली विश्वकर्मा
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



मूलपानी गाविस-७ निवासी नेकपा माओवादी कार्यकर्ता २३ वर्षीय तीर्थ विश्वकर्मालाई ०५९ पुसमा कामनपा-३५ बाट संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरी हालसम्म बेपत्ता बनाएको छ। जिल्ला प्रशासन कार्यालयबाट परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## नेपाल प्रहरीबाट

(१६) **ठाकुर लामिछाने**

जन्म मिति/उमेर : २०३६/२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ चैत १४ गते
घटनास्थल : भक्तपुर जिल्ला भक्तपुर नपा-४
पेशा : विद्यार्थी (माओवादी निकट अनेरास्ववियू क्रान्तिकारी, जिल्ला उपाध्यक्ष)
स्थायी ठेगाना : भोरमहाङ्काल-९
बाबुको नाम : सूर्यप्रसाद लामिछाने
आमाको नाम : कान्छी लामिछाने
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



भोरमहाङ्काल-९ का २२ वर्षीय ठाकुर लामिछानेलाई २०५८ चैत १४ ते नेपाल प्रहरीको एक टोलीले भक्तपुर नपा-४ महालक्ष्मीस्थानबाट गिरफ्तार गरी सूर्यविनायकस्थित सेनाको ब्यारेकमा लगेकोमा हालसम्म उनको अवस्था अज्ञात रहेको छ।

(१७) **दिलबहादुर राई 'प्रवीण'**

जन्म मिति/उमेर : २०३१ फागुन २८ गते/२८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ असार ३ गते
घटनास्थल : काठमाडौं
पेशा : राजनीति (नेकपा माओवादी निकट अनेरास्ववियू क्रान्तिकारी केन्द्रीय सदस्य)
स्थायी ठेगाना : काठमाडौं जिल्ला कपन गाविस-६ सरस्वतीनगर
बाबुको नाम : उदय राई
आमाको नाम : उमा राई
वैवाहिक स्थिति : नखुलेको

**विवरण**



काठमाडौं महानपा-६ सरस्वतीनगर निवासी नेकपा माओवादी निकट अनेरास्ववियु क्रान्तिकारी केन्द्रीय सदस्य २८ वर्षीय दिलबहादुर राईलाई २०५९ असार ३ गते काठमाडौं जिल्ला कपन गाविस-६ सरस्वतीनगरबाट गिरफ्तार गऱ्यो। सोह्रखुट्टे प्रहरी कार्यालयमा १६ दिन राखेर चरम यातना दिएको र त्यसपछि बालाजु प्रहरी कार्यालयमा लगेर बोरामा बाँधेर कुटपिट गरेपछि कहाँ लगे कुनै जानकारी छैन। जिल्ला प्रशासन कार्यालयले पीडित परिवारलाई २ लाख ५० हजार रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१८) **भीमराज महर्जन**

जन्म मिति/उमेर : २०३८ कार्तिक ३ गते/२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० कार्तिक ४ गते.
घटनास्थल : काठमाडौं जिलला गोङ्गबु गाविस-४
पेशा : राजनीति (नेकपा माओवादी)

स्थायी ठेगाना : काठमाडौँ जिल्ला गोङ्गबु गाविस-३
बाबुको नाम : भिण्डेया महर्जन
आमाको नाम : बसमाया महर्जन
पत्नीको नाम : सानु महर्जन
छोरा/छोरी सङ्ख्या : १/० जना

**विवरण**




गोङ्गबु गाविस-३ का २२ वर्षीय भीमराज महर्जनलाई ०६० कार्तिक ४ गते नेपाल प्रहरीले काठमाडौँको बराहीबाट गिरफ्तार गरी महाराजगञ्ज २ नम्बर गणमा राखिएकोमा उनको अवस्था अज्ञात छ। पीडितको रिहाइको लागि पीडित परिवारले ०६० कार्तिक १९ गते सर्वोच्च अदालतमा रिट दिएका थिए। जिल्ला प्रशासन कार्यालयले परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१९) **विपिन भण्डारी**

जन्म मिति/उमेर : २०३७ पुस २४ गते/२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ असार ३ गते
घटनास्थल : काठमाडौँ जिल्ला कामनपा-५ सुकेधारा
पेशा : विद्यार्थी
स्थायी ठेगाना : काठमाडौँ जिल्ला कामनपा-१ गोलढुङ्गा
बाबुको नाम : एकराज भण्डारी
आमाको नाम : शान्ता भण्डारी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

कामनपा-१ गोलढुङ्गाका २२ वर्षीय विपिन भण्डारीलाई ०५९ असार ३ गते बालाजु प्रहरी कार्यालयको इन्चार्ज विक्रमसिंह थापाको नेतृत्वको टोलीले कामनपा-५ सुकेधाराबाट गिरफ्तार गरी बेपत्ता बनाए। पीडित भण्डारी अनेरास्ववियु



क्रान्तिकारीका केन्द्रीय सदस्य र अस्कल क्यामपस स्ववियु सहसचिव थिए। पीडित परिवारले इन्सेक, राष्ट्रिय मानवअधिकार आयोग, एम्नेष्टी इन्टरनेशल र सर्वोच्च अदालतमा खोजीका लागि ०६४ असोज ८ गते निवेदन दिएका थिए। यसैगरी पीडित भण्डारीले बालाजु प्रहरी इन्चार्ज विक्रमसिंह थापालगायतलाई कारबाहीको माग गरी सर्वोच्च अदालतमा निवेदन दिएका थिए। जिल्ला प्रशासन कार्यालयबाट परिवारलाई २ लाख ५० हजार रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## पीडक पक्ष नेकपा माओवादीबाट

(२०) **श्याम भट्ट**

जन्म मिति/उमेर : २०२८ मङ्सिर २२ गते/३० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ असोज १८ गते
घटनास्थल : काठमाडौँ जिल्ला नैकाप पुरानो भञ्ज्याङ-४
पेशा : जागिर
स्थायी ठेगाना : काठमाडौ जिल्ला नैकाप पुरानो भञ्ज्याङ-४
बाबुको नाम : बलराम भट्ट
आमाको नाम : विष्णुदेवी भट्ट
पत्नीको नाम : शोभा भट्ट
छोरा/छोरी सङ्ख्या : १/१ जना
अन्य आश्रित सङ्ख्या : १ जना

**विवरण**



नैकाप पुरानो भञ्ज्याङ-४ का ३० वर्षीय श्याम भट्ट घरमा बसिरहेको बेला पाँच जनाको सङ्ख्यामा आएका माओवादी कार्यकर्ताले २०५८ असोज १८ गते विहान साढे आठ बजे सोधपुछ गर्नु छ भनी लगेर

गएपछि उनको अवस्था हालसम्म अज्ञात रहेको छ। सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

# २.१६ धादिङ

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना, नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मी

**(१) विदुर रेग्मी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३३ असार २६ गते/२७ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० पुस २९ गते |
| घटनास्थल | : काठमाडौं जिल्ला कामनपा-१८ मखनटोल |
| पेशा | : जागिर |
| स्थायी ठेगाना | : धादिङ जिल्ला जीवनपुर गाविस-२ भहेडाँडा |
| बाबुको नाम | : बटुराम रेग्मी |
| आमाको नाम | : दुर्गादेवी रेग्मी |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



जीवनपुर गाविस-२ भहेडाँडा घर भई कामनपा-१८ नरदेवी डेरा भएका २७ वर्षीय विदुर रेग्मीलाई ०६० पुस २९ गते सादा पोशाकमा आएका चार जना सुरक्षाकर्मीले सुरज आर्केडबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडितको अवस्था हालसम्म अज्ञात छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(२) केदार कुँवर**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३५/२५ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० कार्तिक ३ गते |
| घटनास्थल | : काठमाडौं महानपा-७ गौरीघाट |
| पेशा | : राजनीति (नेकपा एमाले वडाध्यक्ष) |
| स्थायी ठेगाना | : धादिङ जिल्ला जीवनपुर गाविस-४ |
| बाबुको नाम | : प्रेमध्वज कुँवर |
| आमाको नाम | : मैयाँ कुँवर |
| पत्नीको नाम | : शोभाकुमारी कुँवर |
| छोरा/छोरी सङ्ख्या | : २/० जना |

**विवरण**



जीवनपुर गाविस-४ का २५ वर्षीय केदार कुँवरलाई २०६० कार्तिक ३ गते संयुक्त सुरक्षाकर्मीले कामनपा-७ गौरीघाटबाट गिरफ्तार गरी बेपत्ता बनाए। मरेको जिउँदो जे भए पनि चाँडोभन्दा चाँडो फैसला हुनुपर्‍यो भन्ने पीडितको पत्नी शोभाकुमार कुँवरको भनाइ रहेको छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(३) लीला पाण्डे**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४१ वैशाख १८ गते/१९ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० कार्तिक २३ गते |
| घटनास्थल | : काठमाडौं जिल्ला कामनपा-३१ बागबजार |
| पेशा | : विद्यार्थी (अनेरास्ववियु क्रान्तिकारी) |
| स्थायी ठेगाना | : धादिङ जिल्ला गजुरी गाविस-२ |
| बाबुको नाम | : रङ्गनाथ पाण्डे |
| आमाको नाम | : नेत्रमायाँ पाण्डे |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



गजुरी गाविस-२ का १९ वर्षीय लीला पाण्डेलाई २०६० कार्तिक २३ गते संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। पीडितसँग कार्तिक २ गतेसम्म फोनमा कुरा भएको थियो। सूर्य विनायक ब्यारेकमा भएको भन्ने थाहा भयो। काठमाडौँमा कोठामा बस्ने गरेको पीडित त्यतिखेर विरामी थिए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(४) **रामप्रसाद आचार्य**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२० माघ २१ गते/४० वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० कार्तिक १३ गते |
| घटनास्थल | : | धादिङ जिल्ला नौबस्से गाविस-१ धार्के |
| पेशा | : | व्यापारी |
| स्थायी ठेगाना | : | धादिङ जिल्ला नौबीसे गाविस-१ धार्के) |
| पत्नीको नाम | : | रुकु आचार्य |
| छोरा/छोरी सङ्ख्या | : | २/३ जना |

**विवरण**



नौविसे गाविस-१ धार्केका ४० वर्षीय रामप्रसाद आचार्यलाई २०६० कार्तिक १३ गते माओवादीलाई सघाएको आरोपमा संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए त्यसपछि हालसम्म उनको अवस्था अज्ञात रहेको छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(५) **इन्द्रबहादुर अर्याल**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२३ वैशाख ५ गते/३७ वर्ष |
| लिङ्ग | : | धादिङ जिल्ला थाक्रे गाविस-३ महादेवबेसी |
| घटना मिति | : | २०६० कार्तिक २५ गते |
| घटनास्थल | : | धादिङ जिल्ला थाक्रे गाविस-३ महादेवबेसी |
| पेशा | : | व्यापारी |
| स्थायी ठेगाना | : | धादिङ जिल्ला थाक्रे गावि-३ महादेवबेसी |
| बाबुको नाम | : | अमरबहादुर अर्याल |
| आमाको नाम | : | चन्द्रकुमारी अर्याल |
| पत्नीको नाम | : | राधिका अर्याल |
| छोरा/छोरी सङ्ख्या | : | २/१ जना |
| अन्य आश्रित सङ्ख्या | : | १ जना |

**विवरण**



थाक्रे गाविस-३ का ३५ वर्षीय इन्द्रबहादुर अर्याललाई २०६० कार्तिक २५ गते संयुक्त सुरक्षाकर्मीले सोही गाविसबाट गिरफ्तार गरी बेपत्ता बनाए। पीडितलाई कीर्तिपुरको एक जनाले आफूले भेटेको भनेको। छाउनी गएर बुझ्दा आफूहरूले नसमातेको बताएको जानकारी पीडितका पत्नी राधिका अर्याललले दिएका थिए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(६) **दिवाकर लुइँटेल**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१९ माघ १९ गते/४० वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ साउन २९ गते |
| घटनास्थल | : | काठमाडौँ जिल्ला कालिमाटी |
| पेशा | : | व्यापारी |
| स्थायी ठेगाना | : | धादिङ जिल्ला छत्रेदेउराली गाविस-५ आँपचौर |
| बाबुको नाम | : | रामजी लुइँटेल |
| आमाको नाम | : | बालादेवी लुइँटेल |

पत्नीको नाम : रमा लुइँटेल
छोरा/छोरी सङ्ख्या : १/१ जना

**विवरण**



छत्रेदेउराली गाविस-५ आँपचौरका ४० वर्षीय दिवाकर लुइँटेललाई २०५९ साउन २९ गते संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। शाही नेपाली सेनाको छाउनी ब्यारेकका मेजरका अनुसार पीडित पहिले यसै कार्यालयमा ल्याइएको थियो। तर, अहिले जहाँबाट ल्याएको हो त्यहीँ छाडिएको जानकारी दिएका थिए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(७) **हरिशरण थापा**

जन्म मिति/उमेर : २०२३ भदौ १६ गते/३७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० माघ १६ गते
घटनास्थल : धादिङ जिल्ला थाक्रे गाविस-९
पेशा : कृषि
स्थायी ठेगाना : धादिङ जिलला थाक्रे-९ बाँनियाटार
बाबुको नाम : भैरवबहादुर थापा
आमाको नाम : विन्दा थापा
पत्नीको नाम : शारदा थापा
छोरा/छोरी सङ्ख्या : ३/१ जना

**विवरण**



थाक्रे गाविस-९ का ३७ वर्षीय हरिशरण थापालाई २०६० माघ १६ गते संयुक्त सुरक्षाकर्मीले सोही गाविसबाट गिरफ्तार गरी बेपत्ता बनाए। पीडितका बुबा भैरवबहादुर थापालाई पटक-पटक ब्यारेकमा बोलाउँदै फर्काउँदै गरेको तर छोराको अवस्थाबारे जानकारी नदिएको बताए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(८) **नानीराम काफ्ले**

जन्म मिति/उमेर : २०३८ कार्तिक ८ गते/२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ असोज ४ गते
घटनास्थल : धादिङ जिल्ला नौबीसे गाविस-१
पेशा : विद्यार्थी
स्थायी ठेगाना : धादिङ जिल्ला नौबीसे गाविस-१ धार्के
बाबुको नाम : नारायणप्रसाद काफ्ले
आमाको नाम : देवकी काफ्ले
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



नौबीसे गाविस-१ धार्केका २२ वर्षीय नानीराम काफ्लेलाई २०६१ असोज ४ गते संयुक्त सुरक्षाकर्मीले सोही गाविसबाट गिरफ्तार गरी बेपत्ता बनाए। सेनाको बैरेनी ब्यारेक, भैरवनाथ गण, जिल्ला प्रहरी कार्यालयमा पटक-पटक सोधखोज गर्न बोलाएको र जाँदा छोराको बारेमा केही पनि जानकारी नदिई फर्काउने गरेको र उनलाई यसभन्दा अगाडि पनि ०५७ फागुन १ गते गिरफ्तार गरी रिहा गरिएको थियो। पुनः ०५८ फागुन ४ गते पनि गिरफ्तार गरी ३ महिनापछि छाडिएको कुरा पीडितका बुबा नारायणप्रसाद काफ्लेले बताए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख १० हजार रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## शाही नेपाली सेनाबाट

**(९) मुकुन्द सेढाई**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२६ असोज/३४ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० पुस ४ गते |
| घटनास्थल | : काठमाडौँ जिल्ला कामनपा भिमसेनस्थान |
| पेशा | : व्यापारी |
| स्थायी ठेगाना | : धादिङ जिल्ला जीवनपुर गाविस-६ |
| बाबुको नाम | : भवानीप्रसाद सेढाई |
| आमाको नाम | : चुनुदेवी सेढाई |
| पत्नीको नाम | : शान्ता सेढाई |
| छोरा/छोरी सङ्ख्या | : १/१ जना |

**विवरण**



जीवनपुर गाविस-६ का ३४ वर्षीय मुकुन्द सेढाईलाई २०६० पुस ४ गते सेनाले गिरफ्तार गरी बेपत्ता बनाए। तीन पटकसम्म चिट्ठी आएको र छाउनी जगदल गणमा रहेको पीडितकी पत्नीले जानकारी दिइन्। नेपाल सरकार र रेडक्रसबाट पीडित परिवारलाई २ लाख १० हजार रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(१०) सुचन्द्र भण्डारी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४१ भदौ १ गते/१७ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ चैत २९ गते |
| घटनास्थल | : धादिङ जिल्ला बुढाथुम गाविस ढोडेनी |
| पेशा | : राजनीति (नेकपा माओवादी सेना) |
| स्थायी ठेगाना | : धादिङ जिल्ला आगिनचोक गाविस-१ हासेपसल |
| बाबुको नाम | : रामबहादुर भण्डारी |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



आगिनचोक गाविस-१ हासेपसलका १७ वर्षीय सुचन्द्र भण्डारीलाई २०५८ चैत २९ गते नेपालीसेनाको आरुघाट ब्यारेकबाट आएका सेनाले नेकपा माओवादीको भेलामा गएको बेलामा घेरामा पारेर पक्राउ गरी लगे त्यसपछि उनलाई सेनाको ब्यारेकमा एक पटक भेटिएको थियो। पछि उनलाई कहाँ लगियो थाहा भएन। आइसीआरसीले परिवारसँग सुचन्द्रलाई गोरखाको ३ याम्पेसाल नजिकै मारेको हुन सक्ने आशङ्का गरेको कुरा सुनाएको भए पनि यसबारे केही पुष्टि भएको छैन। नेपाल सरकारले पीडित परिवारलाई १ लाख १ रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(११) केदार रुपाखेती**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४२ जेठ २० गते/१८ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० मङ्सिर १४ गते |
| घटनास्थल | : काठमाडौँ जिल्ला कामनपा कालिमाटी कुलेश्वर |
| पेशा | : व्यापारी |
| स्थायी ठेगाना | : धादिङ जिल्ला केवलपुर गाविस-४ सुवेदीचोक |
| बाबुको नाम | : हरिप्रसाद रुपाखेती |
| आमाको नाम | : गङ्गा रुपाखेती |
| वैवाहिक अवस्था | : अविवाहित |

**विवरण**



केवलपुर गाविस-४ सुवेदीचोकका १८ वर्षीय केदार रुपाखेतीलाई ०६० मङ्सिर १४ गते काठमाडौँ जिल्ला कालिमाटी कुलेश्वरबाट सेनाले गिरफ्तार गरी बेपत्ता पारे। उनलाई भैरवनाथ गणमा लगेको भन्दै पीडितका परिवारले

पटक-पटक खोज्न जाँदा सेनाले फेरि आउनुस् भन्ने गरेको जानकारी दिए। पीडितको अवस्था हालसम्म अज्ञात छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१२) **बैकुण्ठ भुजेल**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३६ असार २ गते/२४ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० कार्तिक १३ गते |
| घटनास्थल | : धादिङ जिल्ला जीवनपुर गाविस-९ भुजेलगाउँ |
| पेशा | : व्यापारी |
| स्थायी ठेगाना | : धादिङ जिल्ला जीवनपुर गाविस-९ भुजेलगाउँ |
| बाबुको नाम | : जबर सिंह |
| आमाको नाम | : तीर्थकुमारी भुजेल |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



जीवनपुर गासि-९ भुजेलगाउँका २४ वर्षीय बैकुण्ठ भुजेललाई ०६० कार्तिक १३ गते राती सुतेको बेला नेपाली सेनाले घर सर्च गरी घरबाटै गिरफ्तार गरी बेपत्ता पारे। सेनाको श्री नं. ६ बाहिनी अड्डा बैरेनीले परिवारलाई पीडितको बारे जानकारी लिन जाँदा पछि पनि आउन भन्यो तर कहिलयै भेट गराएन। पीडितको अवस्था हालसम्म अज्ञात रहेको छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१३) **माधव अधिकारी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४० फागुन २० गते/२२ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६२ साउन २० गते |
| घटनास्थल | : काठमाडौँ कामनपा बालाजु बसपार्क |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : धादिङ जिल्ला मार्पाक गाविस-७, बोराङ |
| बाबुको नाम | : लालबहादुर अधिकारी |
| आमाको नाम | : रिनकुमारी अधिकारी |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



मार्पाक गाविस-७ बारोङका २२ वर्षीय माधव अधिकारीलाई २०६२ साउन २० गते बालाजु ब्यारेकबाट आएका सेनाले कामनपा बालाजु बसपार्कबाट गिरफ्तार गरी बेपत्ता पारे। उनलाई भैरवनाथ गणमा देखिएको आइसीआरसीको प्रतिवेदनमा उल्लेख छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१४) **सुवास भण्डारी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३९ पुस २० गते/२१ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० असोज २९ गते |
| घटनास्थल | : काठमाडौँ जिल्ला कामनपा नयाँबजार |
| पेशा | : राजनीति (नेकपा माओवादी सेना) |
| स्थायी ठेगाना | : धादिङ जिल्ला आगिनचोक गाविस-१ हासेपसल |
| बाबुको नाम | : रामबहादुर भण्डारी |
| वैवाहिक स्थति | : अविवाहित |

**विवरण**



आगिनचोक गाविस-१ हासेपसलका २१ वर्षीय सुवास भण्डारीलाई ०६० असोज २९ गते सेनाका समूहले काठमाडौँ जिल्ला नयाँबजारबाट पक्राउ गरी बेपत्ता पाऱ्यो। सेनाले गोरखा

हुँदै पोखरासमेत लगेर यातना दिएको उपचारसमेत गराएको एक जना सेनामा कार्यरत गाउँकै स्वास्थ्यकर्मीले जानकारी गराएको भए पनि उनको हालसम्म अत्तोपत्तो नभएको र सेनाले कुनै जानकारी नदिएको पीडितका पिता रामबहादुर भण्डारीले बताए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१५) **दीपक सुवेदी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३९ चैत २४ गते/२० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ वैशाख ५ गते |
| घटनास्थल | : काठमाडौँ जिल्ला कामनपा |
| पेशा | : जागिर |
| स्थायी ठेगाना | : धादिङ जिल्ला केवलपुर गाविस-६ सुवेदीथोक |
| बाबुको नाम | : जगनाथ सुवेदी |
| आमाको नाम | : दुर्गादेवी सुवेदी |
| वैवाहिक स्थिति | : विवाहित |

**विवरण**

केवलपुर गाविस-६ सुवेदीथोकका २० वर्षीय दीपक सुवेदीलाई २०५९ वैशाख ५ गते सादा पोशाकमा आएका सेनाले कामनपाबाट पक्राउ गरी बेपत्ता बनाए। उनीहरूमध्ये तीन जना सेनाले एसएलआर हतियार बोकेका थिए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१७) **राजेन्द्र बराम**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४० असार ८ गते/२१ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ मङ्सिर १७ गते |
| घटनास्थल | : काठमाडौँ जिल्ला कामनपा-७ चाबहिल |
| पेशा | : राजनीति (नेकपा माओवादी इलाका सदस्य) |
| स्थायी ठेगाना | : धादिङ जिलला बेनीघाट गाविस-२ |
| बाबुको नाम | : सन्तबहादुर बराम |
| आमाको नाम | : धनमाया बराम |
| पत्नीको नाम | : मुना श्रेष्ठ |

**विवरण**



बेनीघाट गाविस-२ का २१ वर्षीय राजेन्द्र बरामलाई २०६१ मङ्सिर १७ गते संयुक्त सुरक्षाकर्मीले कामनपा-७ चाबहिलबाट गिरफ्तार गरी बेपत्ता बनाए। पटक-पटक सेनासँग सम्पर्क गर्दा पक्राउ परेको भए छुट्छ भनेर भनेको थियो पछि थाहा छैन भने। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१८) **अमृत कँडेल**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३४ भदौ १२ गते/२६ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० असोज २३ |
| घटनास्थल | : काठमाडौँ जिल्ला कामनपा-७ चाबहिल |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : धादिङ जिल्ला बेनीघाट गाविस-२ |
| बाबुको नाम | : टिका कँडेल |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



बेनीघाट गाविस-२ का २६ वर्षीय अमृत कँडेललाई २०६० असोज २३ गते सेनाले कामनपा-७ चाबहिलबाट गिरफ्तार गरी बेपत्ता पारेको थियो। अदालतले जानकारी माग्दा नेपाली सेनाले आफूहरूलाई थाहा नभएको बताएको थियो। पीडितलाई श्री नं. ६ बाहिनी अड्डा बैरेनी ब्यारेकमा २०६० मङ्सिर २४ गते भेटेको र पीडितलाई सेनाले नै बेपत्ता पारेको हो भन्ने पीडितको बुबा टिका कँडेलको भनाइ छ।

(१९) **ओपबहादुर तामाङ**

जन्म मिति/उमेर : २०४४ साउन ८/१६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० भदौ १६
घटनास्थल : काठमाडौं जिल्ला भीमढुङ्गा
पेशा : ज्यालादारी
स्थायी ठेगाना : धादिङ जिल्ला बैरेनी गाविस-४
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



बैरेनी गाविस-४ का १६ वर्षीय ओपबहादुर तामाङलाई ०६० भदौ १६ गते सेनाले गिरफ्तार गरी बेपत्ता पार्‍यो। पीडितबारे श्री ६ नं. बाहिनी अड्डा बैरेनीसँग जानकारी माग्दा काठमाडौंबाट बुझ्नु भनेका थिए। तर काठमाडौंमा कहाँ राखियो खोज्दा थाहा भएन।

(२०) **हरिप्रसाद आचार्य**

जन्म मिति/उमेर : २०१५ जेठ १५ गते/४५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० कार्तिक १९ गते
टनास्थल : धादिङ जिल्ला नौविसे गाविस-१ चालिसे
पेशा : व्यापारी
स्थायी ठेगाना : धादिङ जिल्ला नौविसे गाविस-१ चालिसे
बाबुको नाम : भवनाथ आचार्य
आमाको नाम : सन्नानी आचार्य
पति/पत्नीको नाम : सावित्री आचार्य
छोरा/छोरी सङ्ख्या : २/१ जना
अन्य आश्रित सङ्ख्या : ४ जना



**विवरण**

नौविसे गाविस-१ चालिसेका ४५ वर्षीय हरिप्रसाद आचार्यलाई २०६० कार्तिक १९ गते बैरेनीबाट आएका सेनाले गिरफ्तार पारे। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(२१) **राजकुमार मानन्धर**

जन्म मिति/उमेर : २०२८ पुस/३४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ असार ४ गते
घटनास्थल : धादिङ जिल्ला जीवनपुर गाविस-९
पेशा : राजनीति
स्थायी ठेगाना : धादिङ जिल्ला जीवनपुर गाविस-९
बाबुको नाम : कुलबहादुर मानन्धर
आमाको नाम : राधिका मानन्धर
पत्नीको नाम : कल्पना मानन्धर
छोरा/छोरी सङ्ख्या : ०/१ जना

**विवरण**



जीवनपुर गाविस-९ का ३४ वर्षीय राजकुमार मानन्धरलाई २०६१ असार ४ गते सेना गिरफ्तार गरी बेपत्ता बनायो। चिनेकोले बैरेनी ब्यारेक र काठमाडौंका ब्यारेकमा गएर सोध्दा थाहा छैन भने पीडितका पत्नीको भनाई छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(२२) **शिव सापकोटा**

जन्म मिति/उमेर : २०३१ भदौ १४ गने/२९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० कार्तिक १९ गते
घटनास्थल : काठमाडौं जिल्ला कीर्तिपुर नपा
पेशा : विद्यार्थी
स्थायी ठेगाना : धादिङ जिल्ला जीवनपुर गाविस-१
बाबुको नाम : भैरवबहादुर सापकोटा

आमाको नाम : मालतीमैया सापकोटा
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



जीवनपुर गाविस-१ का २९ वर्षीय शिव सापकोटालाई २०६० कार्तिक १९ गतेदेखि बेपत्ता बनाए। भैरवनाथ गणमा सोधपुछ गरिएकोमा आफूहरूलाई थाहा नभएको बताएको र प्रहरीमा बुझ्दा सेनाले पक्रेकाले आफूहरूलाई थाहा नहुने भन्ने गरेको पिताको भनाई छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(२३) **रामहरि रूपाखेती**
जन्म मिति/उमेर : २०३३/२६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ असार ३ गते
घटनास्थल : काठमाडौं जिल्ला सिफल
पेशा : विद्यार्थी
स्थायी ठेगाना : धादिङ जिल्ला पीडा गाविस-४
बाबुको नाम : तोयाराज रुपाखेती
आमाको नाम : रत्नकुमार रुपाखेती
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



पीडा गाविस-४ का २६ वर्षीय तोयाराज रूपाखेतीलाई २०५९ असार ३ गते सेना ड्रेस लगाएका र हतियार भिरेका मानिसले काठमाडौं जिल्लाको सिफलबाट पक्राउ गरी लगिएको हो। घटनाका प्रत्यक्षदर्शीहरूले पनि सेनाले पक्रेको बताए। नेपाल सरकारबाट पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(२४) **नवराज थापा**
जन्म मिति/उमेर : २०३० साउन २१ गते/३० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० कार्तिक २६ गते
घटनास्थल : धादिङ जिल्ला थाक्रे गाविस-२, चारकिलो
पेशा : व्यापारी
स्थायी ठेगाना : धादिङ जिल्ला थाक्रे गाविस-२
बाबुको नाम : मदन थापा
आमाको नाम : तारा थाप
पत्नीको नाम : सृजना थापा
छोरा/छोरी सङ्ख्या : ०/३ जना


**विवरण**



थाक्रे गाविस-२ का ३० वर्षीय नवराज थापालाई आफ्नै पसलमा बसिरहेको अवस्थामा २०६० कार्तिक २६ गते सेनाल गिरफ्तार गरी बेपत्ता पारेको थियो। पीडितको अवस्था हालसम्म अज्ञात रहेको छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(२४) **गोपाल मिजार**
जन्म मिति/उमेर : २०२६/३५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ असार ३ गते
घटनास्थल : धादिङ जिलला केवलपुर गाविस-८
पेशा : कृषि
स्थायी ठेगाना : धादिङ जिल्ला केवलपुर गाविस-८ छापडाँडा
बाबुको नाम : भक्तबहादुर मिजार
आमाको नाम : आइती मिजार
पत्नीको नाम : सुन्तली परियार
छोरा/छोरी सङ्ख्या : ०/२ जना
अन्य आश्रित सङ्ख्या : ३ जना

**विवरण**




केवलपुर गाविस-८ छापडाँडाका ३५ वर्षीय गोपाल मिजारलाई ०६१ असार ३ गते बैरेनी ब्यारेकमा राखेको भन्ने जानकारी पाएको तर, पटक-पटक भेट्न बोलाएर पनि फर्काउने गरेका थिए। पीडित नेकपा माओवादी पार्टी समर्थक थिए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख १० हजार रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(२५) **हरिप्रसाद लुइँटेल**

जन्म मिति/उमेर : २०२४ चैत २ गते/३६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० फागुन १२६ गते
घटनास्थल : धादिङ जिल्ला नौविसे गाविस-२
पेशा : कृषि
स्थायी ठेगाना : धादिङ जिल्ला नौबीसे गाविस-२ भदौरे
बाबुको नाम : लोकनाथ लुइँटेल
आमाको नाम : मैया लुइँटेल
पति/पत्नीको नाम : सीता लुइँटेल
छोरा/छोरी सङ्ख्या : १/२ जना
अन्य आश्रित सङ्ख्या : २ जना

**विवरण**



नोबीसे गाविस-२ का ३६ वर्षीय हरिप्रसाद लुइँटेललाई ०६० फागुन १६ गते सेनाले सोही गाविसबाट बेपत्ता पारे। नेपाली सेना र प्रहरीसँग बुझ्न जाँदा कुनै जानकारी छैन भनी फर्काउने गरेका थिए। पीडित नेकपा माओवादी पार्टी समर्थक थिए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## पीडक पक्ष नेकपा माओवादीबाट

(२६) **गोमा कोइराला**

जन्म मिति/उमेर : २०२४ भदौ ५/३६ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०६० पुस २९ गते
घटनास्थल : धादिङ जिल्ला केवलपुर गाविस-२ पोडारे गैडो
पेशा : कृषि
स्थायी ठेगाना : धादिङ जिल्ला केवलपुर गाविस-२ पोडारे गैडो
बाबुको नाम : भुवराज दाहाल
पतिको नाम : परशुराम कोइराला
छोरा/छोरी सङ्ख्या : १/३ जना

**विवरण**



केवलपुर गाविस-२ पोडारे गैडोका ३६ वर्षीय गोमा कोइरालालाई ०६० पुस २८ गते सोही गाविसबाट नेकपा माओवादीले अपहरण गरी बेपत्ता बनाए। माओवादीले पटक-पटक धम्की दिने गरेको थियो। एक दिन राती आएर पत्नी गोमालाई माओवादीले कब्जामा लिई गएका थिए। त्यसपछि माओवादीले तेरो मान्छे सकुसल छ हामी फर्ता गर्छौं भन्दै आएका थिए। यसै बीच एक वर्षपछि धादिङ बेसीमा माओवादीले पत्रकार सम्मेलनमा गोमा कोइरालालाई मारेको बताए। पीडितले विभिन्न मानवअधिकारकर्मी संस्थाहरू तथा राष्ट्रिय मानवअधिकार आयउोगमा पनि उजुरी दिएका थिए। पीडित अझै पनि कि लास कि सास चाहियो भनेर मारिएको स्वीकार्न तयार छैनन्। उनलाई माओवादी कार्यकर्ता रामशरण सुवेदी, सृजना रिजाल र नारायण केसीले तपाईंसँग कुरा गर्नु छ पार्टीले बोलाएको छ भनी घरमै आएर अपरहणको शैलीमा लगेका थिए। पीडित कोइरालाका एक छोरा र तीन छोरी छन्। नेपाल सरकारबाट पीडित परिवारलाई १ लाख ७५ हजार रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

# २.१७ सिन्धुपाल्चोक

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना, नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मी

**(१) विष्णुप्रसाद न्यौपाने**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३२ साउने ७ गते/२६ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ असार २० गते |
| घटनास्थल | : काठमाडौँ जिल्ला कामनपा-३५ कोटेश्वर |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : सिन्धुपाल्चोक जिल्ला फूलपिङ्कोट गाविस-३ कल्लेरी |
| बाबुको नाम | : रामप्रसाद न्यौपाने |
| आमाको नाम | : योगमाया न्यौपाने |
| पत्नीको नाम | : लक्ष्मी न्यौपाने |
| छोरा/छोरी सङ्ख्या | : २/० जना |

**विवरण**



फुलपिङ्कोट गाविस-३ कल्लेरीका २६ वर्षीय विष्णुप्रसाद न्यौपानेलाई ०५८ असार २० गते माओवादीको आरोपमा सुरक्षाकर्मीले कामनपा-३५ कोटेश्वरबाट गिरफ्तार गरी बेपत्ता बनाए। पीडित सर्वसाधारण थिए।

### शाही नेपाली सेनाबाट

**(२) दीपक राउत**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३० वैशाख २० गते/३० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ कार्तिक २३ गते |
| घटनास्थल | : भक्तपुर जिल्ला भक्तपुर नपा-१५ |
| पेशा | : ज्यालादारी |
| स्थायी ठेगाना | : सिन्धुपाल्चोक जिल्ला बाह्रबीसे गाविस-६ |
| बाबुको नाम | : युक्तबहादुर राउत |
| आमाको नाम | : हर्ककुमार राउत |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



बाह्रबीसे गाविस-६ का ३० वर्षीय दीपक राउतलाई ०५९ कार्तिक २३ गते भक्तपुर जिल्लाको दरबार स्क्वायरका सेनाले भक्तपुर नपा-१५ स्थित दरबार स्क्वायरबाट माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता बनाए। पीडित सर्वसाधारण थिए।

**(३) केशव भट्टराई**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३१ साउन ८ गते/२८ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० मङ्सिर २४ गते |
| घटनास्थल | : काठमाडौँ जिल्ला साँखु बज्रयोगिनी |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : सिन्धुपाल्चोक जिल्ला सिन्धुकोट गाविस-५ |
| बाबुको नाम | : ऋषिराम भट्टराई |
| आमाको नाम | : राधा भट्टराई |
| पत्नीको नाम | : रेणुका भट्टराई |
| छोरा/छोरी सङ्ख्या | : १/१ जना |

**विवरण**



सिन्धुकोट गाविस-५ निवासी नेकपा माओवादी कार्यकर्ता २९ वर्षीय केशव भट्टराईलाई ०६० मङ्सिर २४ गते सेनाले काठमाडौँ जिल्लाको साँखुबाट पक्राउ गरी लगेकोमा हालसम्म फर्केनन्। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(४) **स्वतन्त्र चौलागाई**

जन्म मिति/उमेर : २०३५ कार्तिक ६ गते/२५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० मङसिर १२ गते
घटनास्थल : काठमाडौँ जिल्ला कामनपा-९
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला भोटेचौर गाविस-३ सातमाने
बाबुको नाम : गुरुप्रसाद चौलागाई
आमाको नाम : टिकादेवी चौलागाई
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



सिन्धुपाल्चोक जिल्ला भोटचौर गाविस-३ सातमाने निवासी माओवादी कार्यकर्ता २५ वर्षीय स्वतन्त्र चौलागाईलाई ०६० मङ्सिर १२ गते काठमाडौँको गौशालाबाट सेनाले गिरफ्तार गरी हालसम्म पनि बेपत्ता छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(५) **हिरा तामाङ 'गोक्ते'**

जन्म मिति/उमेर : २०४१ भदौ १४ गते/२० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ भदौ ५ गते
घटनास्थल : भक्तपुर जिल्ला भक्तपुर नपा-१
पेशा : राजनीति (नेकपा माओवादी पार्टी सदस्य)
स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला कर्थली गाविस-६
बाबुको नाम : खाम्सुङ तामाङ
आमाको नाम : पूर्णमाया तामाङ
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

कर्थली गाविस-६ का २० वर्षीय गोक्ते भनिने हिरा तामाङलाई ०६१ भदौ १० गते सेनाले भक्तपुर जिल्लाको च्यामासिंबाट माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता बनाए। पीडित माओवादीको जनमुक्ति सेना थिए।

(६) **माधव नेपाल 'अखिल'**

जन्म मिति/उमेर : २०३९ माघ २९ गते/२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० मङ्सिर १२ गते
घटनास्थल : काठमाडौँ जिल्ला कामनपा-३५, कोटेश्वर
पेशा : विद्यार्थी
स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला कुभिण्डे गाविस-७, तल्लोटोल
बाबुको नाम : कृष्णहरि नेपाल
आमाको नाम : तुलसीकुमारी नेपाल
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



कुभिण्डे गाविस-७ तल्लोटोलका अखिल भनिने २१ वर्षीय माधव नेपाललाई २०६० मङ्सिर १२ गते सेनाले काठमाडौँको कोटेश्वरबाट माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता बनाए। पीडित अखिल क्रान्तिकारी सिन्धुपाल्चोक जिल्ला अध्यक्ष थिए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(७) **प्रीति तामाङ**

जन्म मिति/उमेर : २०४४ वैशाख ८ गते/१७ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०६१ साउन २३ गते
घटनास्थल : सिन्धुपाल्चोक जिल्ला घम्थाङ गाविस-७
पेशा : विद्यार्थी

स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला मानेश्वरा गाविस-३, लामाटोल
बाबुको नाम : धनबहादुर तामाङ
आमाको नाम : कमलाकुमारी तामाङ
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



मानेश्वरा गाविस-३ की १७ वर्षीया प्रीति तामाङलाई ०६१ साउन २३ गते बाह्रबीसेका सेनाले घुम्थाङ गाविस-७ बाट माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता बनाए। पीडित माओवादी कार्यकर्ता थिइन्।

(८) **नेत्रकाजी श्रेष्ठ**
जन्म मिति/उमेर : २०४२ असार २७/१८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० माघ ४ गते
घटनास्थल : भक्तपुर जिल्ला मध्यपुर ठिमी नपा-१६
पेशा : राजनीति (नेकपा माओवादी जनमुक्ति सेना १४ औँ बटालियन सदस्य)
स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला अत्तरपुर गाविस-८ सिक्रे
बाबुको नाम : अक्कलबहादुर श्रेष्ठ
आमाको नाम : पूर्णमाया श्रेष्ठ
वैवाहिक स्थिति : अविवाहित



**विवरण**

अत्तरपुर गाविस-८ का १८ वर्षीय नेत्रकाजी श्रेष्ठलाई ०६० माघ १० गते सेनाले भक्तपुर जिल्लाको लोकन्थलीबाट माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता बनाए। पीडित माओवादी जनमुक्ति सेना १४ औँ बटालियन सदस्य थिए।

(९) **नक्कली श्रेष्ठ**
जन्म मिति/उमेर : २०४२ माघ २७ गते/१८ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०६० कार्तिक २१
घटनास्थल : सिन्धुपाल्चोक जिल्ला चौतारा गाविस-८
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : सिन्धुपाल्चोक जिलला जेठल गाविस-६ बर्ना
बाबुको नाम : रत्नबहादुर श्रेष्ठ
आमाको नाम : कालीमायाँ श्रेष्ठ
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

जेठल गाविस-६ की १८ वर्षीया नक्कली श्रेष्ठलाई ०६० कार्तिक २१ गते नयाँ श्रीनाथ गण चौताराका सेनोल चौताराको जेल अगाडिबाट पुनः गिरफ्तार गरी बेपत्ता बनाए। पीडितलाई नौ महिना नजरबन्दमा राखी जिलला प्रशासन कार्यालयले सोही दिन जेल मुक्त गरेको थियो।

(१०) **दुर्गाबहादुर तामाङ**
जन्म मिति/उमेर : २०३३ असोज २५ गते/२७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० कार्तिक २१ गते
घटनास्थल : सिन्धुपाल्चोक जिल्ला चौतार गाविस-८
स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला राम्चे गाविस-५ जुरे
बाबुको नाम : सोमबहादुर तामाङ
आमाको नाम : डिलमाया तामाङ
पत्नीको नाम : समीता तामाङ
छोरा/छोरी सङ्ख्या : ०/१ जना

**विवरण**

राम्चे गाविस-५ का २७ वर्षीय दुर्गाबहादुर तामाङलाई ०६० कार्तिक २१ गते जिल्ला कारागार शाखा चौताराबाट नयाँ श्रीनाथ गणका सेनाले लिएर गएकोमा हालसम्म बेपत्ता छन्। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(११) **विशाल लामा**

जन्म मिति/उमेर : २०२६/३३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ १८ गते
घटनास्थल : भक्तपुर जिल्ला मध्यपुर ठिमी नपा-१ बोडे
पेशा : ज्यालादारी
स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला साँगाचोक गाविस-४ छाप
बाबुको नाम : कुलबहादुर लामा
आमाको नाम : सुन्तली लामा
पत्नीको नाम : अन्यत्र विवाह गरेको
छोरा/छोरी सङ्ख्या : १ /१ जना

**विवरण**



साँगाचोक गाविस-४ छापका ३३ वर्षीय विशाल लामालाई ०५९ जेठ १८ गते भक्तपुर जिल्ला मध्यपुर ठिमी नपा-१ बोडेबाट सेनाले माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता पारे उनी नेकपा माओवादी कार्यकर्ता हुन्। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## नेपाल प्रहरीबाट

(१२) **गोरेबहादुर पुर्कोटी**

जन्म मिति/उमेर : २०३४ असार १९ गते/२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५६ जेठ २ गते
घटनास्थल : काठमाडौँ जिल्ला कामनपा-३१ बागबजार
पेशा : विद्यार्थी
थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला ठूलो सिरुवारी गाविस-२, कोटडाँडा
बाबुको नाम : बुद्धिबल सार्की
आमाको नाम : डल्ली सार्की
पत्नीको नाम : मैया सार्की
छोरा/छोरी सङ्ख्या : १/० जना

**विवरण**



ठूलो सिरुवारी गाविस-२ कोटडाँडाका २२ वर्षीय गोरबहादुर पुर्कोटीलाई ०५६ जेठ २ गते प्रहरीले कामनापा-३१ बागबजारबाट माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता बनाए। पीडित नेकपा माओवादी समर्थक थिए। नेपाल सरकारले पीडित परिवारलाई २ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## पीडक पक्ष नेकपा माओवादीबाट

(१३) **कृष्णबहादुर बस्नेत**

जन्म मिति/उमेर : २०१८ पुस १६ गते/४३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ फागुन १३ गते
घटनास्थल : सिन्धुपाल्चोक जिल्ला साँगाचोक-४ साँगाभञ्ज्याङ
पेशा : प्रहरी
स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला पिपलडाँडा गाविस-२ पीडालुबारी
बाबुको नाम : डम्बरबहादुर बस्नेत
पत्नीको नाम : सीता बस्नेत
छोरा/छोरी सङ्ख्या : १/१ जना

**विवरण**



पिपलडाँडा गाविस-२ पीडालुबारीका ४३ वर्षीय कृष्णबहादुर बस्नेतलाई ०६१ फागुन १३ गते माओवादी कार्यकर्ताहरूले प्रहरी भएको आरोपमा साँगाचोक गाविस-४ बाट अपहरण गरी बेपत्ता बनाए। पीडित प्रहरी सई थिए।

**(१४) कृष्णबहादुर श्रेष्ठ**

जन्म मिति/उमेर : २००६ असोज ८ गते/५३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ असोज १९ गते
घटनास्थल : सिन्धुपाल्चोक जिल्ला कुभिण्डे गाविस-३
पेशा : कृषि
स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला कुभिण्डे गाविस-३ बासापटी
बाबुको नाम : धनबहादुर श्रेष्ठ
आमाको नाम : धनमाया श्रेष्ठ
पत्नीको नाम : सन्चामाया श्रेष्ठ र कृणमाया श्रेष्ठ
छोरा/छोरी सङ्ख्या : ४/१ जना

**विवरण**



कुभिण्डे गाविस-३ का ५३ वर्षीय कृष्णबहादुर श्रेष्ठलाई ०५९ असोज १२ गते माओवादी कार्यकर्ताले घरबाट अपहरण गरी बेपत्ता बनाए। पीडित सर्वसाधारण थिए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(१५) रामशरण गिरी**

जन्म मिति/उमेर : २०१८ चैत १२ गते/४२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०६० भदौ २४ गते
घटनास्थल : सिन्धुपाल्चोक जिल्ला साँगाचोक गाविस-९ पोखरे
पेशा : कृषि
स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला साँगाचोक गाविस-९, पोखरे
बाबुको नाम : दधिराज गिरी
आमाको नाम : दुधमाया गिरी
पत्नीको नाम : शान्ता गिरबी
छोरा/छोरी सङ्ख्या : २/१ जना

**विवरण**



साँगोचोक गाविस-९ का रामशरण गिरीलाई ०६० भदौ २४ गते माओवादी कार्यकर्ताहरूले घरबाट बोलाई लगेकोमा हालसम्म फर्केनन्। पीडितको अवस्था हालसम्म अज्ञात छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(१६) साङ्गे लामा**

जन्म मिति/उमेर : २०३१ फागुन ३० गते/२६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५७ पुस २७
घटनास्थल : सिन्धुपाल्चोक महाङ्काल गाविस-२
पेशा : कृषि
स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला बाँडेगाउँ गाविस-६ लामाटोल
बाबुको नाम : मिजुर ग्याम्जो लामा
आमाको नाम : सुकु लामा
पत्नीको नाम : चन्द्र लामा
छोरा/छोरी सङ्ख्या : १/१ जना

**विवरण**



बाडेगाउँ गाविस-६ लामाटोलका २६ वर्षीय साङ्गे लामालाई ०५७ पुस २७ गते दिदीको घरमा जान लागेको बेला माओवादी कार्यकर्ताले चोरी गरेको आरोपमा महाङ्काल गाविस-२ ग्याल्थुमबाट अपहरण गरी लगेकोमा पीडितको अवस्था हालसम्म अज्ञात छ।

**(१७) गेदबहादुर बस्नेत**

जन्म मिति/उमेर : २०२७ कार्तिक २२ गते/३२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ फागुन २३

घटनास्थल : कामनपा-१५ सैनिक बस्दोवस्ती शिक्षालय, छाउनी, काठमाडौँ
पेशा : सेना
स्थायी ठेगाना : बतासे गाविस-४, खरीटार, सिन्धुपाल्चोक
बाबुको नाम : जयबहादुर बस्नेत
पति/पत्नीको नाम : अनिताकुमारी बस्नेत
छोरा/छोरी सङ्ख्या : १/१ जना

**विवरण**



बतासे गाविस-४ का ३२ वर्षीय गेदबहादुर बस्नेत ०५९ फागुन २३ गते काठमाडौँबाट घर जान लाग्दा बीच बाटोबाट माओवादीले अपहरण गरी बेपत्ता बनाए। पीडित सैनिक जवान थिए।

# २.१८ नुवाकोट

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना, नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मी

**(१) अर्जुनलाल श्रेष्ठ 'शैले'**

जन्म मिति/उमेर : २०२७ भदौ २७ गते/३४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ पुस ३ गते
घटनास्थल : मनमैजु गाविस, काठमाडौँ
पेशा : राजनीति (नेकपा माओवादी पार्टी उपव्यूरो सदस्य)
स्थायी ठेगाना : नुवाकोट जिल्ला सुन्दरादेवी गाविस-१
बाबुको नाम : पूर्णबहादुर श्रेष्ठ
आमाको नाम : पूर्णकुमारी श्रेष्ठ
पत्नीको नाम : गमला श्रेष्ठ
छोरा/छोरी सङ्ख्या : ०/४ जना
अन्य आश्रित सङ्ख्या : २ जना


**विवरण**

सुन्दरादेवी गाविस-१ का ३४ वर्षीय शैलेश भनिने अर्जुनलाल श्रेष्ठलाई २०६१ पुस ३ गते काठमाडौँ जिल्ला मनमैजु गाविसस्थित मामाको छोरा प्रेमबहादुर श्रेष्ठको घरमा बसिरहेको बेला घर घेरा हाली संयुक्त सुरक्षाकर्मीले पक्राउ गरी लगेकोमा हालसम्म बेपत्ता भएका छन्। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(२) देवीप्रसाद ढुङ्गेल**

जन्म मिति/उमेर : २०३८ साउन ८ गते/२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० माघ १५ गते
घटनास्थल : कामनपा-१४ कलङ्की खसीबजार, काठमाडौँ
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कुमरी गाविस-५, नुवाकोट
बाबुको नाम : राधुनाथ ढुङ्गेल
आमाको नाम : हरिप्रिया ढुङ्गेल
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



कुमरी गाविस-५ का २२ वर्षीय देवीप्रसाद ढुङ्गेललाई ०६० माघ १५ गते काठमाडौँ जिल्ला कलङ्कीको खसीबजारबाट सादा पोशाकमा रहेको संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरि लगेको र भोलिपल्ट सोही ठाउँमा ल्याई फेरि उनीहरूले लिएर गए। पछि बालाजु माछापोखरसिम्म ल्याई एक होटेलमा चिया खुवाएको देखिने मानिस भेटेको र त्यसपछि कहाँ लगेको हालसम्म अज्ञात छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(३) हिराबहादुर रोका 'सञ्जीव'**

जन्म मिति/उमेर : २०२५/३५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० मङ्सिर २० गते
घटनास्थल : हनुमानचोक, काठमाडौँ
पेशा : राजनीति
स्थायी ठेगाना : ककनी गाविस-५, नुवाकोट
बाबुको नाम : टुलबहादुर रोका
पत्नीको नाम : विष्णु रोका
छोरा/छोरी सङ्ख्या : २/० जना

**विवरण**



ककनी गाविस-५ का सञ्जीव भनिने हिराबहादुर रोकालाई २०६० मङ्सिर २० गते पार्टीको कामको सिलसिलामा काठमाडौँ जिल्लाको हनुमानचोकबाट संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरी लगेको छ महिनापछिसम्म भैरवनाथ गणमा रहेको थाहा हुन आएको तर हालसम्म बेपत्ता रहेको छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

## शाही नेपाली सेनाबाट

**(४) कौशल्या पोखरेल 'सरीता'**

जन्म मिति/उमेर : २०३७ जेठ १० गते/२२ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५९ मङ्सिर १३ गते
घटनास्थल : डुकुछाप गाविस, ललितपुर
पेशा : विद्यार्थी
स्थायी ठेगाना : थानापती गाविस-९ खनियाचौर, नुवाकोट
बाबुको नाम : रामप्रसाद पोखरेल
आमाको नाम : हिरामाया पोखरेल
पत्नीको नाम : साधुराम देवकोटा 'प्रशान्त'

**विवरण**

थानापती गाविस-९ की २२ वर्षीया प्रशान्त भनिने कौशल्या पोखरेललाई ०५९ मङ्सिर १३ गते ललितपुर जिल्ला डुकुछाप गाविसबाट गिरफ्तार गरी



लगेकोमा ६ महिनापछिसम्म श्री भैरवनाथ गणमा देखिए पनि हालसम्म पीडित बेपत्ता रहेकी छिन्। तर परिवारले मृत्यु भएको भनी मृत्यु दर्ता प्रमाणपत्र लिई राहत लिएका छन्। पीडित नेकपा माओवादी जिल्ला कमिटी सदस्य र अनेमसङ्घ क्रान्तिकारी जिल्ला सदस्य थिए। जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिबाट पीडित परिवारले १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(५) अर्जुन पोखरेल**

जन्म मिति/उमेर : २०३५ माघ १ गते/२४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ मङ्सिर १० गते
घटनास्थल : किर्तिपुर नपा-७, काठमाडौँ
पेशा : विद्यार्थी
स्थायी ठेगाना : थानापती गाविस-९ खनियाचौर, नुवाकोट
बाबुको नाम : राजचन्द्र पोखरेल
आमाको नाम : हिरामाया पोखरेल
पत्नीको नाम : अर्को विवाह गरेको

**विवरण**



थानापती गासि-९ खनियाचौरका २४ वर्षीय अर्जुन पोखरेललाई काठमाडौ जिल्ला कीर्तिपुर नपा-७ बाट सेनाले गिरफ्तार गरेको हालसम्म पीडितको अवस्था अज्ञात रहेको छ। पीडित नेकपा माओवादीका जिल्ला कमिटी सदस्य थिए। जिल्ला प्रशासन कार्यालयबाट पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

**(६) रामप्रसाद रिमाल**

जन्म मिति/उमेर : २०४०/२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०६१ साल पुस ५ गते
घटनास्थल : नयाँबजार, काठमाडौँ

पेशा : विद्यार्थी
स्थायी ठेगाना : गोर्स्याङ गाविस-९ भँमरा, नुवाकोट
बाबुको नाम : इन्द्रप्रसाद रिमाल
आमाको नाम : धनकुमारी रिमाल
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



गोर्स्याङ गाविस-९ भँमराका २१ वर्षीय रामप्रसाद रिमाललाई ०६१ पुस ५ गते कामनपा नयाँबजारबाट सेनाले गिरफ्तार गरी बेपत्ता बनाए। पीडितको हालको अवस्था अज्ञात छ। पीडित नेकपा माओवादीका समर्थक थिए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख ७ हजार ५ सय रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(७) **राजन डङ्गोल**

जन्म मिति/उमेर : २०४१ साउन १६ गते/२० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ असार ९ गते
घटनास्थल : कामनपा-७ चाबहिल, काठमाडौँ
पेशा : ज्यालादारी
स्थायी ठेगाना : नुवाकोट जिल्ला सामरी गाविस-१
बाबुको नाम : देवीलाल डङ्गोल
आमाको नाम : धनमाया डङ्गोल
पति/पत्नीको नाम : अविवाहित



**विवरण**

सामरी गाविस-१ घर भई भक्तपुर जिल्ला भक्तपुर नपा-१७ बस्ने २० वर्षीय राजन डङ्गोललाई ०६१ असार ९ गते काठमाडौँ जिल्ला कामनपा-७ चाबहिलबाट सेनाले गिरफ्तार गरी हालसम्म बेपत्ता बनाएको छ।

(८) **कृष्णबहादुर तामाङ 'कान्छा'**

जन्म मिति/उमेर : २०३५/२५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० असोज २६ गते
घटनास्थल : महाकाली गाविस-१, नुवाकोट
पेशा : कृषि
स्थायी ठेगाना : महाकाली गाविस-१, नुवाकोट
बाबुको नाम : केदारमान तामाङ
आमाको नाम : ठूलामाया तामाङ
पत्नीको नाम : सुकमाया तामाङ
छोरा/छोरी सङ्ख्या : १/० जना

**विवरण**



महाकाली गाविस-१ का २५ वर्षीय कान्छा भनिने कृष्णबहादुर तामाङलाई ०६० असोज २६ गते सुतिरहेको बेला सेनाले गिरफ्तार गरी हालसम्म बेपत्ता बनाएको छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(९) **केदार परियार दर्जी**

जन्म मिति/उमेर : २०४०/१८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ असोज
घटनास्थल : साङ्गला गाविस, काठमाडौँ
पेशा : ज्यालादारी
स्थायी ठेगाना : थप्रेक गाविस-३, नुवाकोट
बाबुको नाम : तुलबहादुर दर्जी
आमाको नाम : टिकाकुमारी दर्जी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

थप्रेक गाविस-३ का १८ वर्षीय केदार परियार दर्जीलाई ०५८ असोजमा काठमाडौँ जाने क्रममा साङ्गला गाविसबाट सेनाले गिरफ्तार गरी बेपत्ता बनाएको थियो। पीडितको अवस्था हालसम्म पनि

अज्ञात छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१०) **हरि नेपाली**

जन्म मिति/उमेर : २०३०/३१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ मङ्सिर ८ गते
घटनास्थल : कामनपा-२९ गङ्गबु, नुवाकोट
पेशा : ज्यालादारी
स्थायी ठेगाना : तारुका गाविस-२, नुवाकोट
पत्नीको नाम : मधु परियार
छोरा/छोरी सङ्ख्या : १/१ जना

**विवरण**

तारुका गाविस-२ का ३१ वर्षीय हरि नेपालीलाई २०६१ मङ्सिर ८ गते छोरालाई विद्यालय पुऱ्याएर कोठामा फर्कँदै गर्दा काठमाडौँ जिल्ला गोङ्गबुमा सेनाले गिरफ्तार गरे। तर पीडित हालसम्म बेपत्ता छन्। पीडित नेकपा माओवादी पार्टी सदस्य थिए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(११) **रामेश्वर मुडवरी**

जन्म मिति/उमेर : २०२७ माघ १५ गते/३४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ पुस २३ गते
घटनास्थल : मध्यपुर ठिमी नपा-१५ कौशलटार, भक्तपुर
पेशा : कृषि
स्थायी ठेगाना : कुमरी गाविस-४, डाँडागाउँ, नुवाकोट
बाबुको नाम : भुवनेश्वर मुडवरी
आमाको नाम : पवित्रादेवी मुडवरी
पत्नीको नाम : मेनुका मुडवरी
छोरा/छोरी सङ्ख्या : १/२ जना

**विवरण**



कुमरी गाविस-४ डाँडागाउँका ३४ वर्षीय रामेश्वर मुडवरीलाई २०६१ पुस २३ गते भक्तपुर जिल्ला मध्यपुर ठिमी नपा-१५ कौशलटारबाट सेनाले गिरफ्तार गरी लगेको र पीडितको अवस्था हालसम्म अज्ञात छ। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१२) **प्रकाश ढुङ्गेल**

जन्म मिति/उमेर : २०३७ पुस १५ गते/२३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० माघ १५ गते
घटनास्थल : कामनपा-१४ कलङ्की खसीबजार, काठमाडौँ
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कुमरी गाविस-४, नुवाकोट
बाबुको नाम : रामप्रसाद ढुङ्गेल
आमाको नाम : शिवमाया ढुङ्गेल
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



कुमरी गाविस-४ का २३ वर्षीय प्रकाश ढुङ्गेललाई ०६० माघ १५ गते सादा पोशाकका सेनाले काठमाडौँ जिल्ला कलङ्की खसीबजारबाट गिरफ्तार गरी हालसम्म सार्वजनिक गरेको छैन। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१३) **राजेन्द्र थापा**

जन्म मिति/उमेर : २०२४/३५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ पुस ३ गते
घटनास्थल : इमाडोल गाविस-९, ललितपुर
पेशा : ज्यालादारी

स्थायी ठेगाना : लिखु गाविस-७, नुवाकोट
बाबुको नाम : तोरणबहादुर थापा
आमाको नाम : शान्ता थापा
पत्नीको नाम : रीता थापा
छोरा/छोरी सङ्ख्या : ०/१ जना

**विवरण**

लिखु गाविस-७ का ३५ वर्षीय राजेन्द्र थापालाई २०५९ पुस ३ गते ललितपुर जिल्ला इमाडोलमा घर बनाउने मजदुरी गरी बस्ने गरेकोमा सेनाले माओवादीको आशङ्कामा सोही स्थानबाट गिरफ्तार गरी बेपत्ता बनाए।

(१४) **रामचन्द्र भण्डारी**

जन्म मिति/उमेर : २०२७ कार्तिक १२ गते/३३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० मङ्सिर २१ गते
घटनास्थल : कामनपा-१३ बाफल, काठमाडौँ
पेशा : कृषि
स्थायी ठेगाना : नुवाकोट जिल्ला थानसिं गाविस-२
बाबुको नाम : कृष्णदत्त भण्डारी
आमाको नाम : गोमा भण्डारी
पत्नीको नाम : रीता भण्डारी
छोरा/छोरी सङ्ख्या : १/१ जना

**विवरण**



थानसिं गाविस-२ का ३३ वर्षीय रामचन्द्र भण्डारीलाई ०६० मङ्सिर २१ गते मजदुरी गर्ने क्रममा सेनाले कामनपा-१३ बाफलबाट गिरफ्तार गरी हालसम्म बेपत्ता बनाए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१५) **लेखनाथ पौडेल 'ईश्वर'**

जन्म मिति/उमेर : २०३४/२६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० माघ १३ गते
घटनास्थल : जयनगर गाविस-७ कुन्द्राखोला, कपिलवस्तु
पेशा : ज्यालादारी
स्थायी ठेगाना : थानसिं गाविस-८, नुवाकोट
बाबुको नाम : चन्द्रकान्त पौडेल
आमाको नाम : बालकुमारी पौडेल
पत्नीको नाम : गायत्री पौडेल
छोरा/छोरी सङ्ख्या : १/० जना

**विवरण**



थानसिंह गाविस-८ का २६ वर्षीय ईश्वर भनिने लेखनाथ पौडेललाई ०६० माघ १३ गते सेनाले कपिलवस्तु जिल्ला जयनगर गाविस-७ कुन्द्राखोलाबाट गिरफ्तार गरी हालसम्म सास पनि नदिएको लास पनि नदिएको कुरा परिवारले बताए। पीडित नेकपा माओवादीको समर्थक थिए।

(१६) **राजेन्द्र लामिछाने**

जन्म मिति/उमेर : २०३३/२७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० असोज २६ गते
घटनास्थल : भद्रटार गाविस-३, नुवाकोट
पेशा : कृषि
स्थायी ठेगाना : भद्रटार गाविस-३, नुवाकोट
बाबुको नाम : अग्नी लामिछाने
आमाको नाम : अग्नीकुमारी लामिछाने
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

भद्रटार गाविस-३ का २७ वर्षीय राजेन्द्र लामिछानेलाई २०६० असोज २६ गते घरमा बसिरहेको बेला सेनाले घर घेरा हाली गिरफ्तार गरी



हालसम्म पनि बेपत्ता बनाए। पीडित नेकपा माओवादीका पार्टी सदस्य थिए। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

(१७) **माहिला नेपाली**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३५ साउन/२४ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ भदौ ९ गते |
| घटनास्थल | : नर्जामण्डप गाविस-८, नुवाकोट |
| पेशा | : ज्यालादारी |
| स्थायी ठेगाना | : नर्जामण्डप गाविस-८, नुवाकोट |
| बाबुको नाम | : कान्छा नेपाली |
| आमाको नाम | : सानीकान्छी नेपाली |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



नर्जामण्डप गाविस-८ का २४ वर्षीय माहिला नेपालीलाई ०५९ भदौ ९ गते घरबाट सेनाले गिरफ्तार गरी हालसम्म बेपत्ता बनाए।

(१८) **युद्धनाथ नेपाल**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३६/२३ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ पुस १३ गते |
| घटनास्थल | : गङ्गबु, काठमाडौँ |
| स्थायी ठेगाना | : बागेश्वरी गाविस-७, नुवाकोट |
| बाबुको नाम | : टुलराज नेपाल |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**

बागेश्वरी गाविस-७ का युद्धाथ नेपाललाई ०५९ पुस १३ गतेदेखि काठमाडौँ जिल्ला गोङ्गबुबाट नेपाली सेनाले बेपत्ता बनाएको कुरा उनका पिता टुलराज नेपालले बताए।

## नेपाल प्रहरीबाट

(१९) **सत्यनारायण प्रजापति**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२६ असार १५ गते/३३ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ वैशाख १३ गते |
| घटनास्थल | : नङ्खेल गाविस-१, भक्तपुर |
| पेशा | : राजनीति (नेकपा माओवादी जिल्ला कमिटी सदस्य भक्तपुर) |
| स्थायी ठेगाना | : भक्तपुर नपा-१, भक्तपुर |
| बाबुको नाम | : आशकुमार प्रजापति |
| आमाको नाम | : कृष्णबेती प्रजापति |
| पत्नीको नाम | : कृष्णदेवी प्रजापति |
| छोरा/छोरी सङ्ख्या | : १/५ जना |
| अन्य आश्रित सङ्ख्या | : ७ जना |

**विवरण**

भक्तपुर नपा-१ निवासी भक्तपुर जिल्लाका माओवादी जिल्ला कमिटी सदस्य ३३ वर्षीय सत्यनारायण प्रजापतिलाई ०५९ वैशाख १३ गते भक्तपुर जिल्लाको नङ्खेल गाविस-१ साँगा भञ्ज्याङबाट भक्तपुर जिल्ला प्रहरी कार्यालयका प्रहरीहरूले गिरफ्तार गरी सूर्यविनायकको नयाँ गोरख गण ब्यारेकमा जिम्मा लगाएका थिए। उक्त समयदेखि उनी बेपत्ता रहेका छन्। नेपाल सरकारले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

# २.१९ रसुवा

## पीडिक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना, नेपाल प्रहरी)

### शाही नेपली सेनाबाट

(१) **नरेन्द्रबहादुर तामाङ**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४१ मङ्सिर ९ गते/२० वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६१ मङ्सिर ५ गते |
| घटनास्थल | : | काठमाडौँ जिल्ला कामनपा-१४ कलङ्की |
| पेशा | : | विद्यार्थी |
| स्थायी ठेगाना | : | रसुवा जिल्ला धैबुङ्ग गाविस-३ धारापानी |
| बाबुको नाम | : | अमृतबहादुर तामाङ |
| आमाको नाम | : | देवलक्ष्मी तामाङ |
| पत्नीको नाम | : | विवाहित |
| छोरा/छोरी सङ्ख्या | : | १/० जना |

**विवरण**



धैबुङ गाविस-३ धारापानीका २० वर्षीय माओवादी कार्यकर्ता नरेन्द्रबहादुर तामाङलाई ०६१ मङ्सिर ५ गते काठमाडौँ जिल्ला कलङ्कीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी हालसम्म बेपत्ता बनायो नेपाल सरकारबाट पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराएको छ।

# पश्चिमाञ्चल

३.१ तनहुँ

३.२ गोरखा

३.३ लमजुङ

३.४ स्याङ्जा

३.५ कास्की

३.६ मनाङ

३.७ नवलपरासी

३.८ रुपन्देही

३.९ पाल्पा

३.१० कपिलवस्तु

३.११ अर्घाखाँची

३.१२ गुल्मी

३.१३ बाग्लुङ

३.१४ पर्वत

३.१५ म्याग्दी

३.१६ मुस्ताङ

# ३.१ तनहुँ

**पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)**

### शाही नेपाली सेनाबाट

(१) **विजया बुढाथोकी**

जन्म मिति/उमेर : २०३६ असोज ९/२४ वर्ष
लिङ्ग : महिला
घटना मिति : ०६० चैत २
घटनास्थल : तनहुँ व्यास नपा- ६
पेशा : राजनीति
स्थायी ठेगाना : तनहुँ जिल्ला भानु गाविस-६, फुम्रेटार
आमाको नाम : सिन्तुमाया बुढाथोकी
वैवाहिक स्थिति : श्रीमान्‌को मृत्यु भएको

**विवरण**



व्यासनगार नपा- ८ निवासी ३० वर्षीया नेकपा माओवादी कार्यकर्ता विजया बुढाथोकीलाई २०६० चैत २ गते तनहुँ जिल्लाको व्यासनगर नपा-८ चापाघाट स्थित ब्यारेक अगाडिबाट पार्टीको काममा गैरहेको अवस्थामा सेनाले गिरफ्तार गरी बेपत्ता बनाएको थियो। उनको अवस्था हालसम्म अज्ञात छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा नेपाल सरकारबाट रु. १ लाख प्राप्त गऱ्यो।

(२) **पार्वती पौडेल**

जन्म मिति/उमेर : २०३७ वैशाख २३/२३ वर्ष
लिङ्ग : महिला
घटना मिति : ०६० चैत ३०
घटनास्थल : कास्की जिल्लाको पोखरा उमनपा-८ सिमलचौर
पेशा : राजनीति
स्थायी ठेगाना : तनहुँ जिल्ला भानु गाविस-१, नारेश्वर
बाबुको नाम : ओमप्रसाद पौडेल
आमाको नाम : सरस्वती पौडेल
वैवाहिक स्थिति : अविवाहित
पति/पत्नीको नाम : विनोद पन्त

**विवरण**



भानु गाविस-१ निवासी नेकपा माओवादी कार्यकर्ता २३ वर्षीया पार्वती पौडेललाई ०६० चैत ३० गते कास्की जिल्लाको पोखरा उमनपा-८ सिमलचौरबाट नेपाली सेनाले गिरफ्तार गरी बेपत्ता बनाएको थियो। उनको परिवारले क्षतिपूर्तिका रूपमा नेपाल सरकारबाट रु. १ लाख प्राप्त गऱ्यो।

### नेपाल प्रहरीबाट

(३) **केशवसिंह ठकुरी**

जन्म मिति/उमेर : २०३१ मङ्सिर ८/२९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० कात्तिक ११ गते
घटनास्थल : कास्की जिल्लाको भरतपोखरी गाविस
पेशा : राजनीति
स्थायी ठेगाना : तनहुँ जिल्ला वरभञ्याङ गाविस-६, नाबरुङ
बाबुको नाम : चक्रराज सिंह ठकुरी
आमाको नाम : कमला ठकुरी
वैवाहिक स्थिति : अविवाहित



**विवरण**

वरभञ्याङ गाविस-६ निवासी अनेरास्ववियु क्रान्तिकारीसँग आबद्ध केशव सिंह ठकुरी पार्टीको कामको सिलसिलामा कास्की जिल्लाको

भरतपोखरी गाविस गएको समयमा ०६० कात्तिक ११ गते सोही स्थानबाट प्रहरीले गिरफ्तार गरे। सो दिनदेखि उनको अवस्था अ ज्ञात छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा नेपाल सरकारबाट रु. १ लाख प्राप्त गर्‍यो।

(४) **नारायणप्रसाद पण्डित**

लिङ्ग : पुरुष
जन्म मिति/उमेर : २०३१ पुस ११/२५ वर्ष
घटना मिति : ०५६ वैशाख १
घटनास्थल : वरभञ्ज्याङ गाविस-७ नागनागिनी
पेशा : राजनीति
स्थायी ठेगाना : तनहुँ जिल्ला मिर्लुङ गाविस-२, रतनपुर
बाबुको नाम : पशुपति पण्डित
आमाको नाम : कालीदेवी पण्डित
वैवाहिक स्थिति : अविवाहित

विवरण



मिर्लुङ गाविस-२ रतनपुर निवासी नेकपा माओवादीका कार्यकर्ता २५ वर्षीय नारायणप्रसाद पण्डितलाई ०५६ वैशाख १ गते पार्टीको कामको सिलसिलामा वरभञ्ज्याङ गाविस-७ नागनागिनीस्थित एक घरमा बसिरहेको बेला प्रहरीले घर घेरा हाली गिरफ्तार गरेर बेपत्ता बनाएको थियो। उनको परिवारले क्षतिपूर्तिका रूपमा नेपाल सरकारबाट रु. १ लाख प्राप्त गर्‍यो।

(५) **श्रीराम घिमिरे**

लिङ्ग : पुरुष
जन्म मिति/उमेर : २०२३ साउन २७/३३ वर्ष
घटना मिति : ०५६ वैशाख १
घटनास्थल : तनहुँ, वरभञ्ज्याङ गाविस-७, नागनागिनी
पेशा : राजनीति
स्थायी ठेगाना : तनहुँ जिल्ला खैरेनीटार गाविस-८
बाबुको नाम : निलकण्ठ घिमिरे
आमाको नाम : जमुना घिमिरे
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : सर्वदा घिमिरे
छोरा/छोरी सङ्ख्या : १/२

**विवरण**



खैरेनीटार गाविस-८ निवासी अनेरास्ववियु क्रान्तिकारीका जिल्ला अध्यक्ष श्रीराम अधिकारीलाई ०५६ वैशाख १ गते वरभञ्ज्याङ गाविस-७ नागनागिनीबाट गएको दंगा प्रहरीले सोही ठाउँबाट गिरफ्तार गरेको थियो। सो दिनदेखि उनको अवस्था अज्ञात छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा नेपाल सरकारबाट रु. १ लाख प्राप्त गर्‍यो।

(६) **कल्पना पन्त**

जन्म मिति/उमेर : २०३३ असोज १/२२ वर्ष
लिङ्ग : महिला
घटना मिति : ०५५ मङ्सिर २२
घटनास्थल : तनहुँ घाँसीकुवा गाविस-९, तामुङ
पेशा : विद्यार्थी
स्थायी ठेगाना : तनहुँ जिल्ला घाँसीकुवा गाविस-२, बेलघारी
बाबुको नाम : शुकबहादुर पन्त
आमाको नाम : मधुमाया पन्त
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



घाँसीकुवा गाविस-२ निवासी नेकपा माओवादी कार्यकर्ता २२ वर्षीया कल्पना पन्तलाई ०५५ मङ्सिर २२ गते प्रहरीले घाँसीकुवा गाविस-९ तामुङबाट गिरफ्तार गरी बेपत्ता बनाएको थियो।

उनको परिवारले क्षतिपूर्तिका रूपमा नेपाल सरकारबाट रु. १ लाख प्राप्त गऱ्यो।

(७) **रामचन्द्र मिश्र**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३२ फागुन ५/२३ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : ०५५ पुस २९ |
| घटनास्थल | : नवलपरासी मुकुन्दपुर गाविस-५ |
| पेशा | : राजनीति |
| स्थायी ठेगाना | : तनहुँ जिल्ला भानु गाविस-५, सुदौरीखोला |
| बाबुको नाम | : शिखरनाथ मिश्र |
| आमाको नाम | : मिठुमाया मिश्र |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



भानु गाविस-५ निवासी नेकपा माओवादी कार्यकर्ता २३ वर्षीय रामचन्द्र मिश्रलाई ०५५ पुस २९ गते प्रहरीले नवलपरासी जिल्लाको मुकुन्दपुर गाविस-५ बाट प्रहरीले गिरफ्तार गरी बेपत्ता बनाएको थियो। उनको परिवारले क्षतिपूर्तिका रूपमा नेपाल सरकारबाट रु. १ लाख प्राप्त गऱ्यो।

(८) **सरस्वती अधिकारी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२६ माघ ६/२९ वर्ष |
| लिङ्ग | : महिला |
| घटना मिति | : ०५५ मङ्सिर २२ |
| घटनास्थल | : तनहुँ, घाँसीकुवा गाविस- ७, तामुङ |
| पेशा | : राजनीति |
| स्थायी ठेगाना | : तनहुँ जिल्ला घाँसीकुवा गाविस-१, बेलभञ्ज्याङ |
| बाबुको नाम | : कृष्णबहादुर अधिकारी |
| आमाको नाम | : जुना अधिकारी |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : ईश्वर विष्ट |
| छोरा/छोरी सङ्ख्या | : ०/१ |

**विवरण**



घाँसीकुवा गाविस-१ निवासी नेकपा माओवादी कार्यकर्ता २९ वर्षीया सरस्वती अधिकारीलाई ०५५ मङ्सिर २२ गते प्रहरीले घाँसीकुवा गाविस-७ तामुङबाट गिरफ्तार गरी बेपत्ता बनाएको थियो। उनको परिवारले क्षतिपूर्तिका रूपमा नेपाल सरकारबाट रु. १ लाख प्राप्त गऱ्यो।

(९) **मधुमालती लम्साल**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३८ वैशाख १६/१८ वर्ष |
| लिङ्ग | : महिला |
| घटना मिति | : ०५६ वैशाख १ |
| घटनास्थल | : तनहुँ, वरभञ्ज्याङ गाविस-७, नागनागिनी |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : तनहुँ जिल्ला किहुँ गाविस-२, थिदु |
| बाबुको नाम | : कृष्णप्रसाद लम्साल |
| आमाको नाम | : भेषकुमारी लम्साल |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



किहुँ गाविस- २ निवासी अनेरास्ववियु क्रान्तिकारी सदस्य १८ वर्षीया मधुमालती लम्साललाई ०५६ वैशाख १ गते वरभत्तज्याङ गाविस-७ नागनागिनीबाट दङ्गा प्रहरीले माओवादीको आशंकामा गिरफ्तार गरी बेपत्ता बनाएको थियो। घटनापछि अधिकारीको परिवार विस्थापित भई तनहुँ बेलचौतारामा गई बस्यो। सो परिवार ०५६ फागुन

२७ गते गाउँ फर्क्यो। उनको परिवारले क्षतिपूर्तिका रूपमा नेपाल सरकारबाट रु १ लाख प्राप्त गऱ्यो।

(१०) **ईश्वर काफ्ले**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२७ असार १६/३३ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | ०६० असोज १८ |
| घटनास्थल | : | कास्की, लेखनाथ नपा-८, डाँडाकोनाक |
| पेशा | : | राजनीति |
| स्थायी ठेगाना | : | तनहुँ जिल्ला जामुने गाविस-८ |
| बाबुको नाम | : | दुर्गानाथ काफ्ले |
| आमाको नाम | : | सुभद्रा काफ्ले |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | धर्मकुमारी काफ्ले |
| छोरा/छोरी सङ्ख्या | : | ०/२ |

विवरण



जामुने गाविस-८ निवासी नेकपा माओवादी कार्यकर्ता ३३ वर्षीय ईश्वर काफ्लेलाई गाडीमा चढेर पोखराबाट लेखनाथ नपा जाँदै गर्दा कास्कीको लेखनाथ नपा-८ डाँडाको नाक प्रहरी चौकीले गिरफ्तार गरी सोही दिनदेखि बेपत्ता बनाएको थियो। उनको परिवारले क्षतिपूर्तिका रूपमा नेपाल सरकारबाट रु १ लाख प्राप्त गऱ्यो।

# ३.२ गोरखा

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### शाही नेपाली सेनाबाट

(१) **हीराकाजी प्याकुरेल (सन्दिप)**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३० असोज ५/२८ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ पुस १६ गते |
| घटनास्थल | : | बुटवल |
| पेशा | : | राजनीति |
| स्थायी ठेगाना | : | गोरखा जिल्ला धावा गाविस-५, बड्डाँडा |
| छोरा/छोरी सङ्ख्या | : | १ जना |
| अन्य आश्रित सङ्ख्या | : | २ |

**विवरण**



धावा गाविस-५ बड्डडाँडाका सन्दीप भनिने नेकपा माओवादीका कमाण्डर २८ वर्षीय हीराकाजी प्याकुरेल ( सन्दीप) लाई ०५८ पुस १६ गते बुटवलबाट सेनाले गिरफ्तार गरे। उनी नेकपा माओवादीका कम्पनी कमाण्डर थिए। गिरफ्तारीपछि उनलाई गोरकाको ठिगुरेस्वाँरास्थित सेनाको गणमा सैनिक हिरासतमा राखिएकोमा ०५९ भदौसम्म परिवारले भेट्न पाएको थियो। त्यसपछि भेट्न जाँदा औषधि गर्न काठमाडौं लगेको जानकारी गराएपछि प्याकुरेलको अवस्था हालसम्म अज्ञात रहेको उनका आफन्तजनले बताए। परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(२) **राजेन्द्ररमण खनाल**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३३ माघ २७/२५ वर्ष |
| लिङ्ग | : | पुरुष |

घटना मिति : ०५८ पुस १३
घटनास्थल : तनहुँ जिल्ला आँबुखैरेनी गाविस-३
पेशा : राजनीति
स्थायी ठेगाना : गोरखा जिल्ला आरुपोखरी गाविस-८, डाँडागाउँ
बाबुको नाम : नन्दप्रसाद खनाल
आमाको नाम : गणेशकुमारी खनाल
पति/पत्नीको नाम : सुशीला दाहाल
अन्य आश्रित सङ्ख्या : ४ जना

**विवरण**



आरुपोखरी गाविस-८ निवासी नेकपा माओवादीका कार्यकर्ता राजेन्द्ररमण खनाललाई ०५८ पुस १३ गते सेनाले तनहुँ जिल्ला आँबुखैरेनी गाविस-३ बाट गिरफ्तार गरी एक महिनासम्म गोरखाको घ्याम्पेसालको ब्यारेकमा राखेको थियो। त्यसपछि हालसम्म उनको अवस्था अज्ञात रहेको परिवारका सदस्यहरूले बताए। परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(३) **पुष्पराज देवकोटा** (**जनक**)
जन्म मिति/उमेर : २०२९ पुस १३/३१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०६० पुस ९
घटनास्थल : नवलपरासी जिल्ला रजहर गाविस-७
पेशा : विद्यार्थी
स्थायी ठेगाना : गोरखा जिल्ला आँपपिपल गाविस-७, सिम्पानी
बाबुको नाम : देवीप्रसाद देवकोटा
आमाको नाम : देवीमाया देवकोटा
पत्नी/पतिको नाम : अविवाहित

**विवरण**

आँपपिपल गाविस-७ सिम्पानी निवासी अनेरास्ववियू क्रान्तिकारीका जिल्ला अध्यक्ष पुष्पराज देवकोटालाई ०६० पुस ९ गते नवलपरासी जिल्ला रजहर गाविस-७ बाट नेपाली सेनाले माओवादीको आरोपमा गिरफ्तार गरेपछि हालसम्म उनको अवस्था अज्ञात रहेको छ। उनलाई ०६६ माघमा माओवादीले सहिद घोषणा गरेको नेकपा माओवादी, गोरखाले जनाएको छ। परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(४) **अशोक सुनार** (**अकेला**)
जन्म मिति/उमेर : २०३७ जेठ १२/२३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० मङ्सिर ६
घटनास्थल : काठमाण्डौं मनपाको चावहिल
पेशा : विद्यार्थी
स्थायी ठेगाना : गोरखा जिल्ला बोर्लाङ गाविस-५, चण्डीथोक
बाबुको नाम : डिलबहादुर सुनार
आमाको नाम : समुन्द्रकुमारी सुनार
पत्नी/पतिको नाम : अविवाहित

**विवरण**



बोर्लाङ गाविस-५ निवासी दलित मुक्ति मोर्चाका केन्द्रीय सदस्य २३ वर्षीय अशोक सुनारलाई ०६० मङ्सिर ६ गते काठमाडौं मनपाको चावहिलमा बाटोमा हिँडिरहेको बेला नेपाली सेनाले माओवादीको आरोपमा गिरफ्तार गरेपछि हालसम्म उनको अवस्था अज्ञात रहेको छ। परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(५) **बाबुराम कुमाल** (**ठाकुर**)
जन्म मिति/उमेर : २०४१ माघ २२/२० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०६१ असोज ६
घटनास्थल : कास्की जिल्ला पोखरा उपनपा-११

पेशा : विद्यार्थी
स्थायी ठेगाना : गोरखा जिल्ला छोप्राक गाविस-९, कमलाबारी
बाबुको नाम : कृष्णबहादुर कुमाल
आमाको नाम : मनमाया कुमाल
पत्नी/पतिको नाम : निमा कुमाल
अन्या आश्रित सङ्ख्या: ३ जना

**विवरण**



छोप्राक गाविस-९ कमलाबारी निवासी अनेरास्ववियु क्रान्तिकारीका सदस्य २० वर्षीय बाबुराम कुमाललाई ०६१ असोज ६ कास्की जिल्ला पोखरा उपनपा-११ बाट फूलबारी ब्यारेकका नेपाली सेनाले माओवादीको आरोपमा गिरफ्तार गरेपछि हालसम्म उनको अवस्था अज्ञात रहेको छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(६) **दीपेन्द्र पन्त**
जन्म मिति/उमेर : २०३५ चैत २२/२५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०६० असोज २६
घटनास्थल : काठमाण्डौं मनपा-१६ नयाँबजार
पेशा : विद्यार्थी
स्थायी ठेगाना : गोरखा जिल्ला छोप्राक गाविस-९, कमलाबारी
बाबुको नाम : रेशमबहादुर पन्त
आमाको नाम : हिमकुमारी पन्त
वैवाहिक अवस्था : अविवाहित

**विवरण**



गाईखुर गाविस-५ कमलटार निवासी दीपेन्द्र पन्तलाई ०६० असोज २६ गते काठमाडौं मनपा-१६ नयाँबजारबाट क्याम्पस जान लाग्दा सेनाले गिरफ्तार गरी भैरवनाथ गणमा राखेको र त्यसबेला हिमाल शर्मा र कृष्ण केसीले समेत पन्तलाई देखेका थिए। त्यसपछि हालसम्म उनको अवस्था अज्ञात रहेको छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(७) **दीपकचन्द्र न्यौपाने (मुक्तिदीप)**
जन्म मिति/उमेर : २०२८ पुस ७/३१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०५९ फागुन ५ गते
घटनास्थल : कास्की जिल्ला पोखरा उमनपा-१ बगरस्थित पृथ्वीनारायण क्याम्पस नजिकैबाट
पेशा : विद्यार्थी
स्थायी ठेगाना : गोरखा जिल्ला खोप्लाङ गाविस-२, पोखराबेसी
बाबुको नाम : डिल्लीराम न्यौपाने
आमाको नाम : तिलककुमारी न्यौपाने
वैवाहिक अवस्था : अविवाहित

**विवरण**



खोप्लाङ गाविस-२ पोखराबेसी निवासी अनेरास्ववियु क्रान्तिकारीका केन्द्रीय कार्यालयका सचिव ३१ वर्षीय मुक्तिदीप भनिने दीपकचन्द्र न्यौपानेलाई ०५९ फागुन ५ गते कास्की जिल्ला पोखरा उमनपा-१ बगरस्थित पृथ्वीनारायण क्याम्पसमा स्ववियु निर्वाचन संयुक्त वार्ता प्रतिनिधिका रूपमा वार्ता गरेर फर्कने क्रममा पृथ्वीनारायण क्याम्पस नजिकै सादा पोशाकमा आएका नेपाली सेनाले गिरफ्तार गरी दुई दिनसम्म फूलबारी ब्यारेकमा राखे। त्यसपछि हालसम्म उनको अवस्था अज्ञात रहेको छ उनको परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(८) **जमुना कुमाल** (**अमृता**)

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३८/२२ वर्ष |
| लिङ्ग | : | महिला |
| घटना मिति | : | ०६० चैत २ गते |
| घटनास्थल | : | तनहुँ जिल्ला व्यास नपा-८ दमौलीस्थित चापाघाट |
| पेशा | : | विद्यार्थी |
| स्थायी ठेगाना | : | गोरखा जिल्ला पृथ्वीनारायण नपा-१० |
| बाबुको नाम | : | गमबहादुर कुमाल |
| आमाको नाम | : | रेणु कुमाल |
| वैवाहिक अवस्था | : | अविवाहित |

**विवरण**



पृथ्वीनारायण नपा-१० निवासी नेकपा माओवादी कार्यकर्ता अमृता भनिने जमुना कुमाललाई माओवादी भएको आरोपमा ०६० चैत २ गते नेपाली सेनाले तनहुँ जिल्ला व्यास नपा-८ दमौलीस्थित चापाघाटमा गिरफ्तार गरेपछि हालसम्म उनको अवस्था अज्ञात रहेको छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(९) **तुलबहादुर नेपाली**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३८ असोज १४/२० वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | ०५८ पुस २६ |
| घटनास्थल | : | गोरखा जिल्ला पृथ्वीनारायण नपा-३ |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | गोरखा जिल्ला छोप्राक गाविस-७ |
| बाबुको नाम | : | केशरबहादुर नेपाली |
| आमाको नाम | : | टीका नेपाली |
| वैवाहिक अवस्था | : | अविवाहित |

**विवरण**



छोप्राक गाविस-७ निवासी सर्वसाधारण तुलबहादुर नेपालीलाई गोरखा सदरमुकाम आएको बेला ०५८ पुस २६ गते पृथ्वीनारायण नपा-३ बाट नेपाली सेनाले माओवादीको आरोपमा गिरफ्तार गरेपछि हालसम्म उनको अवस्था अज्ञात छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(१०) **सुवर्ण पौडेल** (**सञ्जय**)

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३१ असोज २८/२७ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | ०५८ पुस १३ |
| घटनास्थल | : | चितवन जिल्ला, दारेचोक गाविस, फिस्लिङ |
| पेशा | : | विद्यार्थी |
| स्थायी ठेगाना | : | गोरखा जिल्ला पालुङटार गाविस-२, अल्काचिलाउने |
| बाबुको नाम | : | पिताम्बर पौडेल |
| आमाको नाम | : | रमावती पौडेल |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**



पालुङटार गाविस-२ निवासी सुवर्ण पौडेललाई ०५८ पुस १३ गते पोखराबाट गोरखाको घ्याल्चोक गाविस जाने क्रममा चितवन जिल्ला दारेचोकको फिस्लिङमा सेनाले माओवादीको आरोपमा गिरफ्तार गरेकोमा हालसम्म उनको अवस्था अज्ञात छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(११) **ज्ञानबहादुर तमू**

जन्म मिति/उमेर : २०१८/४० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०५८ मंसिर २
घटनास्थल : तनहुँ जिल्ला पुर्कोट गाविस-७ बाईसजाँघर
पेशा : राजनीति
स्थायी ठेगाना : गोरखा जिल्ला घ्याल्चोक गाविस-५, धवादी
बाबुको नाम : फत्तसिंह तमू
आमाको नाम : सुकमाया तमू
वैवाहिक स्थिति : विवाहित
पत्नी/पतिको नाम : भुमाया गुरुङ
छोरा/छोरी सङ्ख्या : १

**विवरण**




घ्याल्चोक गाविस-२ निवासी नेकपा माओवादी जिल्ला सदस्य ज्ञानबहादुर तमूलाई माओवादी भएको आरोपमा ०५८ पुस २ गते सेनाले तनहुँ जिल्ला पुर्कोट गाविस-७ को बाईसजँघारबाट गिरफ्तार गरेपछि हालसम्म उनको अवस्था अज्ञात छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गर्‍यो।

(१२) **पूर्णचन्द्र आचार्य** (पुष्प)

जन्म मिति/उमेर : २०३५ असार २७/२३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ पुस १८
घटनास्थल : चितवन जिल्ला, भरतपुर नपा, भरतपुर
पेशा : विद्यार्थी
स्थायी ठेगाना : गोरका जिल्ला खोप्लाङ गाविस-२, पोखराबेसी
बाबुको नाम : खिला शर्मा आचार्य
आमाको नाम : रमादेवी आचार्य
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



खोप्लाङ गाविस-२ पोखराबेसी निवासी अनेरास्ववियु क्रान्तिकारीका सदस्य २३ वर्षीय पुष्प भनिने पूर्णचन्द्र आचार्यलाई माओवादी भएको आरोपमा ०५८ पुस १८ गते सेनाले चितवन जिल्ला भरतपुर नपाबाट गिरफ्तार गरेकोमा हालसम्म उनको अवस्था अज्ञात रहेको छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गर्‍यो।

(१३) **भीमसेन धिताल**

जन्म मिति/उमेर : २०३१ साउन २४/३० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ मंसिर ५
घटनास्थल : काठमाडौँ जिल्ला, काठमाडौँ मनपा- २, लाजिम्पाट
पेशा : राजनीति, नेकपा माओवादीका प्लाटुन कमाण्डर
स्थायी ठेगाना : गोरखा जिल्ला, पन्द्रुङ गाविस-७, गैरीछाप
बाबुको नाम : कृष्णप्रसाद धिताल
आमाको नाम : ज्यादुमाया धिताल
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



पन्द्रुङ गाविस-७ गैरीछाप निवासी नेकपा माओवादीका प्लाटुन कमाण्डर ३० वर्षीय भीमसेन धिताललाई माओवादी भएको आरोपमा ०६१ मंसिर ५ गते काठमाण्डौं मनपा-२ स्थित लाजिम्पाटबाट सेनाले गिरफ्तार गरेपछि उनको अवस्था हालसम्म अज्ञात छ। उनको परिवारले

क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट रु. १ लाख प्राप्त गर्‍यो।

## नेपाल प्रहरीबाट

(१४) **गीता थापा मगर (प्रगति)**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३२ चैत ३/२३ वर्ष |
| लिङ्ग | : महिला |
| घटना मिति | : २०५५ पुस ६ गते |
| घटनास्थल | : गोरखा जिल्ला, छोप्राक गाविस-१, चित्रेपोखरी |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : गोरखा जिल्ला, घैरुङ गाविस-१, तीनघरे |
| बाबुको नाम | : पहलमान थापा |
| आमाको नाम | : रनकुमारी थापा |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



घैरङ गाविस-१ तीनघरे निवासी २३ वर्षीया गीता थापा मगरलाई माओवादी भएको आरोपमा ०५५ पुस ६ गते छोप्राक गाविस-१ को चित्रेपोखरीबाट प्रहरीले गिरफ्तार गरेपछि हालसम्म उनको अवस्था अज्ञात रहेको छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गर्‍यो।

(१५) **लीला खनाल (विन्दु)**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३८ पुस १७/१७ वर्ष |
| लिङ्ग | : महिला |
| घटना मिति | : २०५५ कार्तिक ९ |
| घटनास्थल | : लमजुङ जिल्ला, चन्द्रेश्वर गाविस-७, देउतापानी |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : गोरखा जिल्ला, बुङकोट गाविस-२, खाम्दी |
| बाबुको नाम | : रुद्रलाल खनाल |
| आमाको नाम | : हरिमाया खनाल |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**




बुङ्कोट गाविस-२ खाम्दी निवासी १७ वर्षीया लीला खनाललाई लमजुङ जिल्ला चन्द्रेश्वर गाविस-७ देउतापानीस्थित घरमा बसिरहेको अवस्थामा माओवादीको आरोपमा प्रहरीले ०५५ कात्तिक ९ गते गिरफ्तार गरेको थियो। त्यसदिनदेखि उनको अवस्था हालसम्म अज्ञात रहेको छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गर्‍यो।

(१६) **सञ्जय ढकाल**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४१ साउन ३१ /१४ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५५ पुस ११ गते |
| घटनास्थल | : गोरखा जिल्ला छोप्राक गाविस-२, थुम्की |
| पेशा | : राजनीति, अनेरास्ववियु क्रान्तिकारीका जिल्ला अध्यक्ष |
| स्थायी ठेगाना | : गोरखा जिल्ला, बगुवा गाविस-७ |
| बाबुको नाम | : टीकाराम ढकाल |
| आमाको नाम | : खिनाकुमारी ढकाल |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



बगुवा गाविस-७ निवासी अनेरास्ववियु क्रान्तिकारीका जिल्ला अध्यक्ष १४ वर्षीय सञ्जय ढकाललाई छोप्राक गाविस-२ थुम्कीस्थित बाटोमा हिडिरहेको अवस्थामा माओवादीको आरोपमा ०५५ पुस ११ गते प्रहरीले गिरफ्तार गरेकोमा त्यसपछि उनको अवस्था अज्ञात रहेको छ। उनको परिवारले क्षतिपूर्तिका

रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(१७) **कुमार ढकाल**

जन्म मिति/उमेर : २०३७ फागुन १८/१८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ पुस ११ गते
घटनास्थल : गोरखा जिल्ला छोप्राक गाविस-२, थुम्की
पेशा : राजनीति, अनेरास्ववियु क्रान्तिकारीका जिल्ला उपाध्यक्ष
स्थायी ठेगाना : गोरखा जिल्ला, श्रीनाथकोट गाविस-२, तल्लोगोहोरे
बाबुको नाम : भुवनबहादुर ढकाल
आमाको नाम : गोमादेवी ढकाल
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



श्रीनाथकोट गाविस-२ निवासी अनेरास्ववियु क्रान्तिकारीका जिल्ला उपाध्यक्ष १८ वर्षीय कुमार ढकाललाई दिदीको घर जाँदै गर्दा छोप्राक गाविस-२ थुम्कीस्थित बाटोबाट माओवादीको आरोपमा ०५५ पुस ११ गते प्रहरीले गिरफ्तार गरेकोमा त्यसपछि उनको अवस्था अज्ञात रहेको छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(१८) **राजु गुरुङ** (**विजय**)

जन्म मिति/उमेर : २०२९ पुस १८/२६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ कात्तिक १० गते
घटनास्थल : लमजुङ जिल्ला, चन्द्रेश्वर गाविस-७
पेशा : राजनीति, अनेरास्ववियु क्रान्तिकारी आबद्ध
स्थायी ठेगाना : गोरखा जिल्ला, खोप्लाङ गाविस-४, बेलबास
बाबुको नाम : रामबहादुर गुरुङ
आमाको नाम : सुकमाया गुरुङ
वैवाहिक स्थिति : अविवाहित

**विवरण**




खोप्लाङ गाविस-४ बेलबास निवासी अनेरास्ववियु क्रान्तिकारी आबद्ध राजु गुरुङलाई ०५५ कात्तिक १० लमजुङ जिल्ला चन्द्रेश्वर गाविस-७ को देउतापानीबाट प्रहरीले माओवादीको आरोपमा गिरफ्तार गरेपछि हालसम्म उनको अवस्था अज्ञात रहेको छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(१९) **मीजा कुमाल** (**निरु**)

जन्म मिति/उमेर : २०३३ पुस १८/२५ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५५ कात्तिक ८ गते
घटनास्थल : लमजुङ जिल्ला परेवाडाँडा गाविस-२, हाँडेटार
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : गोरखा जिल्ला, च्याङ्ली गाविस-४
बाबुको नाम : जीतबहादुर कुमाल
आमाको नाम : पुतली कुमाल
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



च्याङ्ली गाविस-४ निवासी नेकपा माओवादी कार्यकर्ता २५ वर्षीया निरु भनिने मीजा कुमाललाई माओवादी भएको आरोपमा ०५५ कात्तिक ८ गते प्रहरीले लमजुङ जिल्ला परेवाडाँडा

गाविस-२ हाडेटारबाट गिरफ्तार गरेपछि उनको अवस्था हालसम्म अज्ञात छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(२०) **निर्मला मरहठ्ठा** (**सिर्जना**)

जन्म मिति/उमेर : २०३४ जेठ ८/२१ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५५ कात्तिक १५ गते
घटनास्थल : गोरखा जिल्ला, आँपपिपल गाविस-६, आँपपीपलबजार
पेशा : राजनीति
स्थायी ठेगाना : गोरखा जिल्ला, आँपपिपल गाविस-६, सिमपानी
बाबुको नाम : नवराज मरहठ्ठा
आमाको नाम : नन्दकुमारी मरहठ्ठा
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



आँपपिपल गाविस-६, सिमपानी निवासी २१ वर्षीया सिर्जना भनिने निर्मला मरहठ्ठालाई आँपपीपल गाविस-६ आँपपीपलबजारबाट ०५५ कात्तिक १५ गते हर्मी गाविसस्थित प्रहरी चौकीबाट गएको प्रहरीले गिरफ्तार गरेदेखि उनको अवस्था अज्ञात छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(२१) **रामबहादुर घिमिरे** (**प्रवीण**)

जन्म मिति/उमेर : २०३३ मङ्सिर ६/२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ कात्तिक १४ गते
घटनास्थल : गोरखा जिल्ला बक्राङ गाविस-६
पेशा : विद्यार्थी
स्थायी ठेगाना : गोरखा जिल्ला, गाईखुर गाविस-७ घिमिरेथोक
बाबुको नाम : केशरबहादुर घिमिरे
आमाको नाम : शिरकुमारी घिमिरे
वैवाहिक स्थिति : अविवाहित

**विवरण**




गाईखुर गाविस-७ निवासी २२ वर्षीय प्रवीण भनिने रामबहादुर घिमिरेलाई ०५५ कात्तिक १४ गते बक्राङ गाविस-६ स्थित शिरबहादुर अर्यालको घरबाट माओवादी भएको आरोपमा प्रहरीले गिरफ्तार गरेपछि उनको अवस्था हालसम्म अज्ञात छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(२२) **राजेन्द्र ढकाल**

जन्म मिति/उमेर : २०२५ कात्तिक २८/३० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ पुस २४ गते
घटनास्थल : तनहुँ जिल्ला, खैरेनीटार गाविस-६, जाम्दीखोला
पेशा : कानुन व्यवसायी, नेपाल बार एसोसिएसन गोरखा अध्यक्ष
स्थायी ठेगाना : गोरखा जिल्ला, हर्मी गाविस-८
बाबुको नाम : कलाधर शर्मा ढकाल
आमाको नाम : प्रभा ढकाल
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : बिमला ढकाल
छोरा/छोरी सङ्ख्या : १/२
अन्य आश्रित सङ्ख्या : ५

**विवरण**

हर्मी गाविस-८ निवासी नेपाल बार एसोसिएसन गोरखाको अध्यक्ष राजेन्द्र ढकाललाई ०५५ पुस २४ गते माओवादीको आरोपमा तनहुँ जिल्ला खैरेनीटार गाविस-६ जाम्दी खोलामा नुहाइरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरेको थियो। गिरफ्तारीपछि



दुलेगौडा इलाका प्रहरी कार्यालय तनहुँमा राखिएकोमा ढकालको अवस्था सोही समयदेखि अज्ञात रहेको छ। उनको परिवारले क्षतिपूर्तिका रूपमा शान्ति तथा पुनर्निमार्ण मन्त्रालयबाट रु. १ लाख प्राप्त गऱ्यो।

(२३) **फणिन्द्र सिंखडा**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२१ कात्तिक २१/२४ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५५ फागुन १३ गते |
| घटनास्थल | : | चितवन जिल्ला, भरतपुर नपा, नारायणगढ बजार |
| पेशा | : | राजनीति, माओवादीका इलाका कमिटी सदस्य |
| स्थायी ठेगाना | : | गोरखा जिल्ला, धावा गाविस-४ |
| बाबुको नाम | : | भवदत्त सिंखडा |
| आमाको नाम | : | नखुलेको |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | राधिका सिंखडा |
| छोरा/छोरी सङ्ख्या | : | २/२ |
| अन्य आश्रित सङ्ख्या | : | ५ |

**विवरण**



धावा गाविस-४ निवासी नेकपा माओवादीका इलाका कमिटी सदस्य फणिन्द्र सिंखडालाई व्यक्तिगत कामको सिलसिलामा चितवनको भरतपुर नारायणगढ गएको बेला प्रहरीले ०५५ फागुन ५ गते गिरफ्तार गरे। उनी अस्थायी रूपमा कास्की जिल्ला, पोखरा उमनपा-९ बसपार्क शिवटोलमा बस्दै आएका थिए। उनको परिवारले उनको खोजबिनको लागि विभिन्न मानवअधिकारकर्मीहरूलाई उजुरी दिएका थिए। उनको स्थिति हालसम्म अज्ञात रहेको छ। उनको परिवारले जिल्ला प्रशासन कार्यालयबाट रु. १ लाख प्राप्त गरे।

# ३.३ लमजुङ

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सरक्षाकर्मीबाट

(१) **राजन घिमिरे**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३६ असोज २३/२३ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ असार ८ गते |
| घटनास्थल | : | कास्की जिल्ला, हंशपुर गाविस |
| पेशा | : | राजनीति, नेकपा माओवादी सदस्य |
| स्थायी ठेगाना | : | लमजुङ जिल्ला, इशानेश्वर गाविस-३, चिशंकु |
| बाबुको नाम | : | विश्वनाथ घिमिरे |
| आमाको नाम | : | सावित्रा घिमिरे |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**



इशानेश्वर गाविस-३ चिसंकु निवासी नेकपा माओवादी सदस्य राजन घिमिरेलाई माओवादीको आरोपमा ०५९ असार ९ गते विजयपुर ब्यारेकबाट गएको संयुक्त सुरक्षाकर्मीले कास्की जिल्लाको हंसपुर गाविसको बाटोमा गिरफ्तार गरी लमजुङको भोर्लेटारस्थित सैनिक ब्यारेकमा हिरासतमा राखेपछि उनको अवस्था अज्ञात रहेको छ। उनको परिवारले क्षतिपूर्तिस्वरूप नेपाल सरकारबाट रु १ लाख प्राप्त गऱ्यो।

(२) **सीता अधिकारी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३६ भदौ १३/२२ वर्ष |
| लिङ्ग | : | महिला |
| घटना मिति | : | २०५८ चैत १४ |
| घटनास्थल | : | लमजुङ जिल्ला, नाल्मा गाविस-५ |
| पेशा | : | राजनीति, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | लमजुङ जिल्ला, चण्डिस्थान गाविस-२, गोतामेथोक |
| बाबुको नाम | : | भोजबहादुर अधिकारी |
| आमाको नाम | : | मिठी अधिकारी |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**



चण्डिस्थान गाविस-२ गोतामेथोक निवासी नेकपा माओवादी कार्यकर्ता सीता अधिकारीलाई ०५८ चैत १४ गते नाल्मामा संयुक्त सुरक्षाकर्मीले माओवादी भएको आरोपमा गिरफ्तार गरी बेपत्ता बनाए। उनकी आमाको भनाइ अनुसार उनलाई गिरफ्तार गरी लिएर गएपछि अन्तिम पटक ०५९ वैशाख ७ गते गंगामिलन मावि मकैडाँडामा उनका साथीहरूले देखेका थिए। उनको परिवारले नेपाल सरकारबाट क्षतिपूर्तिको रूपमा रु १ लाख र आईसीआरसीबाट रु १० हजार प्राप्त गऱ्यो।

## शाही नेपाली सेनाबाट

(३) **ध्रुवबाबु तिवारी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१७ भदौ १७/४२ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ पुस ११ |
| घटनास्थल | : | तनहुँ जिल्ला, खैरेनीटार गाविस |
| पेशा | : | राजनीति, अखिल क्रान्तिकारी किसान सङ्घका जिल्ला कमिटी सदस्य |
| स्थायी ठेगाना | : | लमजुङ जिल्ला, चिती गाविस-८, चिती |
| बाबुको नाम | : | डम्बरनिधि तिवारी |
| आमाको नाम | : | रामेश्वरी तिवारी |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | लक्ष्मी तिवारी |
| छोरा/छोरी सङ्ख्या | : | १/२ |
| **अन्य आश्रित सङ्ख्या** | : | १ |

**विवरण**



चिती गाविस-८ निवासी अखिल क्रान्तिकारी किसान सङ्घका जिल्ला कमिटी सदस्य ध्रुवबाबु तिवारीलाई ०५९ पुस ११ गते लमजुङको भोर्लेटारबाट गोरखा जाँदै गर्दा तनहुँ जिल्लाको खैरेनीटारबाट सेनाले गिरफ्तार गरी बेपत्ता बनायो। उनको परिवारले नेपाल सरकारबाट रु १ लाख क्षतिपूर्तिस्वरूप प्राप्त गऱ्यो।

(४) **दलबहादुर भुजेल**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३५ फागुन १०/२३ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ माघ २१ |
| घटनास्थल | : | तनहुँ जिल्ला, पुर्कोट गाविस-६ बाईसजाँघर |
| पेशा | : | कृषि, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | लमजुङ जिल्ला, भार्ते गाविस-६ पाल्लेजरा |
| बाबुको नाम | : | रामबहादुर भुजेल |
| आमाको नाम | : | पदमकुमारी भुजेल |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

भार्ते गाविस-६ पल्लेगरा निवासी नेकपा माओवादी कार्यकर्ता दलबहादुर भुजेललाई ०५८ माघ २१ गते तनहुँ जिल्लको पुर्कोट गाविस-६ बाईसजाँगरस्थित सैनिक चेक पोष्टबाट माओवादीको आरोपमा



गिरफ्तार गरी बेपत्ता पारे। परिवारले माघ २५ गते जिल्ला प्रशासन कार्यालयमा सिडिओ शिवप्रसाद नेपालसँग भुजेलका सम्बन्धमा सोधपुछ गरेको थियो। उनको परिवारले नेपाल सरकारबाट क्षतिपूर्तिको रूपमा रु १ लाख र आईसीआरसीबाट रु १० हजार प्राप्त गऱ्यो।

**(५) विष्णुप्रसाद अधिकारी**

जन्म मिति/उमेर : २०११ असार/४७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन १७
घटनास्थल : लमजुङ जिल्ला, भलायाखर्क गाविस-३, साँइलीटार
पेशा : कृषि
स्थायी ठेगाना : लमजुङ जिल्ला, भलायाखर्क गाविस-३, साँइलीटार
बाबुको नाम : श्रीधर अधिकारी
आमाको नाम : ललितकुमारी अधिकारी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : रेवती अधिकारी
छोरा/छोरी सङ्ख्या : २ /१

**विवरण**



लमजुङ जिल्ला, भलायाखर्क गाविस-३, साँइलीटार निवासी विष्णुप्रसाद अधिकारीलाई ०५८ फागुन १७ गते गोरखाको हर्मी ब्यारेकबाट खटिई आएको सेनाको टोलीले माओवादीको आरोपमा घरबाटै गिरफ्तार गरेदेखि उनको अवस्था अज्ञात रहेको छ। उनको परिवारले नेपाल सरकारबाट क्षतिपूर्तिको रूपमा रु १ लाख र आईसीआरसीबाट रु १० हजार प्राप्त गऱ्यो।

**(६) सुकबहादुर परियार**

जन्म मिति/उमेर : २०४० साउन ९/१८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ पुस २०
घटनास्थल : तनहुँ जिल्ला पुर्कोट गाविस-४, बाईसजँगार
पेशा : राजनीति, माओवादी निकट दलित मुक्ति मोर्चामा आबद्ध
स्थायी ठेगाना : लमजुङ जिल्ला, चक्रतीर्थ गाविस-६, तीनपिप्ले
बाबुको नाम : गुनबहादुर परियार
आमाको नाम : डिलमाया परियार
वैवाहिक स्थिति : अविवाहित
अन्य आश्रित सङ्ख्या : २

**विवरण**



चक्रतीर्थ गाविस-७ निवासी दलित मुक्ति मोर्चामा आबद्ध सुकबहादुर परियार ०५८ पुस २० गते घरबाट काठमाडौँ जाने क्रममा तनहुँको बाईसजँघार गुल्ममा सेनाले माओवादीको आरोपमा गिरफ्तार गरे। उनको परिवारले सोध्न जाँदा केही दिनपछि छोडिदिने भने पनि उनको अवस्था हालसम्म अज्ञात छ। उनको परिवारले नेपाल सरकारबाट क्षतिपूर्तिको रूपमा रु १ लाख र आईसीआरसीबाट रु १० हजार प्राप्त गऱ्यो।

**(७) विष्णुप्रसाद तिवारी**

जन्म मिति/उमेर : २०२६/३२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ पुस २९
घटनास्थल : लमजुङ जिल्ला, भोर्लेटार सैनिक क्याम्प
पेशा : राजनीति
स्थायी ठेगाना : लमजुङ जिल्ला, दुराडाँडा गाविस-२, तिवारी गाउँ
बाबुको नाम : ऋषिराम तिवारी
आमाको नाम : बसुन्धरा तिवारी
वैवाहिक स्थिति : विवाहित

पति/पत्नीको नाम : गंगा तिवारी
छोरा/छोरी सङ्ख्या : १ /२
अन्य आश्रित सङ्ख्या : १

**विवरण**



दुराडाँडा गाविस-२ तिवारीगाँउ निवासी नेकपा माओवादी कार्यकर्ता विष्णुप्रसाद तिवारीलाई ०५८ पुस २९ गते गिरफ्तार गरिएको थियो। सिडिओ चन्द्रप्रसाद पन्तले तिवारीलाई सेनाले तनहुँको व्यास नपा-४ दमौलीमा गिरफ्तार गरी लमजुङ जिल्ला भोर्लेटारस्थित सैनिक क्याम्पमा राखेको र पछि सर्च अभियानमा जाँदा भाग्न खोजेपछि गोली प्रहार गर्दा मृत्यु भएको जनाकारी दिए। उनी बेपत्ता हुनुअगाडि इन्सेक जिल्ला प्रतिनिधिले उनलाई भोर्लेटारमा ०५८ फागुन २८ गते भेट गरेका थिए। घटनापछि उनका श्रीमती र छोराछोरी चितवन विस्थापित भई हालसम्म त्यहीं बस्दै आएका छन्। उनको परिवारले नेपाल सरकारबाट क्षतिपूर्तिको रूपमा रु १ लाख प्राप्त गर्‍यो।

## नेपाल प्रहरीबाट

**(८) विशाल मल्ल**

जन्म मिति/उमेर : २०३८ मंसिर २४/१९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५७ पुस ५
घटनास्थल : नवलपरासी जिल्ला बरघाट
पेशा : कृषि
स्थायी ठेगाना : लमजुङ जिल्ला, परेवाडाँडा गाविस-३ आहाले
बाबुको नाम : भगवान मल्ल
आमाको नाम : प्रार्थनादेवी मल्ल
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



परेवाडाँडा गाविस-३ आहाले निवासी विशाल मल्ललाई ०५७ पुस ५ गते घरबाट बुटवल जाँदै गर्दा नवलपरासी जिल्लाको बरघाटमा प्रहरीले माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता पारे। उनको परिवारले क्षतिपूर्तिस्वरूप केही सहयोग प्राप्त गरेको छैन।

**(९) रामेश्वरी भट्टराई**

जन्म मिति/उमेर : २०३८ वैशाख १/२० वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५८ माघ २
घटनास्थल : लमजुङ जिल्ला, सिमपानी गाविस-२, सेरा
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : लमजुङ जिल्ला, भोटेओडार गाविस-९, फेदिकुना
बाबुको नाम : पदमप्रसाद भट्टराई
आमाको नाम : गोमाकुमारी भट्टराई
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



भोटेओडार गाविस-९, फेदिकुना निवासी नेकपा माओवादी कार्यकर्ता रामेश्वरी भट्टराईलाई माओवादी भएको आरोपमा ०५८ माघ २ गते लमजुङ जिल्लाको सिमपानी गाविसबाट जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरीले गिरफ्तार गरे। उनकी आमाको भनाइ अनुसार सिमपानी गाविसबाट गिरफ्तार भएकै दिन उनीलाई सँगै हिरासतमा रहेकी धनमती गुरुङले देखेकी थिइन्। यसपछि उनको अवस्था अज्ञात छ। उनको परिवारले क्षतिपूर्तिको रूपमा केही सहयोग प्राप्त गरेको छैन।

(१०) **कृष्णबहादुर बस्नेत**

जन्म मिति/उमेर : २०१६ असार ३/४० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५६ असार ३
घटनास्थल : लमजुङ जिल्ला तान्द्राङटक्सार गाविस-९, बस्नेत गाउँ
पेशा : राजनीति, नेकपा माओवादी आबद्ध शिक्षक संगठन
स्थायी ठेगाना : लमजुङ जिल्ला, सूर्यपाल गाविस-५
बाबुको नाम : रुपबहादुर बस्नेत
आमाको नाम : सन्तकुमारी बस्नेत
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : मैयाँ बस्नेत
छोरा/छोरी सङ्ख्या : १/८

**विवरण**




सूर्यपाल गाविस-५ निवासी नेकपा माओवादीआबद्ध शिक्षक सङ्गठनमा सक्रिय कृष्णबहादुर बस्नेतलाई ०५६ असार ३ गते सूर्यपाल प्रहरी चौकीबाट खटिएका प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। उनका परिवारका अनुसार गिरफ्तारीको भोलिपल्ट उनकी पत्नी केही गाउँलेसँगै प्रहरी चौकीमा उजुरी गर्न जाँदा चौकीले उनको निवेदन लिन मानेन। उनको परिवारले नेपाल सरकारबाट क्षतिपूर्तिको रूपमा रु १ लाख र आईसीआरसीबाट रु १० हजार प्राप्त गर्‍यो।

(११) **रमेश पौडेल**

जन्म मिति/उमेर : २०२३ असोज १/३५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ चैत ६ गते
घटनास्थल : कास्की जिल्ला, मिजुरेडाँडा गाविस
पेशा : राजनीति, नेकपा माओवादी
स्थायी ठेगाना : लमजुङ जिल्ला, जिता गाविस-९, जिताबेसी
बाबुको नाम : रामचन्द्र पौडेल
आमाको नाम : कुसुमदेवी पौडेल
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : शकुन्तला पौडेल
छोरा/छोरी सङ्ख्या : १ /२

**विवरण**



जिता गाविस-९ जिताबेसी निवासी नेकपा माओवादी कार्यकर्ता रमेश पौडेललाई ०५८ चैत ६ गते माओवादीको आरोपमा मिजुरे गाविसबाट संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। उनका परिवारका अनुसार उनलाई लिएर गएको केही समयपछि परिवारलाई थाहा दिएको तर त्यसपछि उनको अवस्था अज्ञात रहेको छ। उनको परिवारले नेपाल सरकारबाट क्षतिपूर्तिको रूपमा रु १ लाख र आईसीआरसीबाट रु १० हजार प्राप्त गर्‍यो।

(१२) **तोयनाथ पोखरेल**

जन्म मिति/उमेर : २०१७ मङ्सिर ४/४१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन १७
घटनास्थल : लमजुङ जिल्ला, भलायाखर्क गाविस-३, साँइलीटार
पेशा : शिक्षण
स्थायी ठेगाना : लमजुङ जिल्ला, भलायाखर्क गाविस-३, साँइलीटार
बाबुको नाम : लक्ष्मीप्रसाद पोखरेल
आमाको नाम : तारादेवी पोखरेल
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : भवानी पोखरेल
छोरा/छोरी सङ्ख्या : १ /२

**विवरण**

लमजुङ जिल्ला, भलायाखर्क गाविस-३, साँइलीटार निवासी र शौभाग्योदय माविमा शिक्षकका रूपमा

कार्यरत् तोयनाथ पोखरेललाई गोरखाको हर्मी ब्यारेकबाट खटिई आएको सेनाको टोलीले माओवादीको आरोपमा भलायाखर्क गाविस-३, साँइलीटारबाट बिहान ४ बजे गिरफ्तार गरेदेखि उनको अवस्था अज्ञात रहेको छ। उनको परिवारले नेपाल सरकारबाट क्षतिपूर्तिको रूपमा रु १ लाख र आईसीआरसीबाट रु १० हजार प्राप्त गऱ्यो।



(१३) **तीर्थराज घिमिरे**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २००७ कात्तिक/५१ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ फागुन १७ |
| घटनास्थल | : लमजुङ जिल्ला, भलायाखर्क गाविस-४ |
| पेशा | : राजनीति, नेकपा माओवादी कार्यकता |
| स्थायी ठेगाना | : लमजुङ जिल्ला, भलायाखर्क गाविस-४, साँइलीटार |
| बाबुको नाम | : देवीदास घिमिरे |
| आमाको नाम | : दमन्ता घिमिरे |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : शोभादेवी घिमिरे |
| छोरा/छोरी सङ्ख्या | : ३/२ |

**विवरण**



भलायाखर्क गाविस-४, साँइलीटार निवासी नेकपा माओवादी कार्यकर्ता तीर्थराज घिमिरेलाई सेनाको टोलीले घरनजिकैको विद्यालयबाट बिहान ११ बजे गिरफ्तार गरी गोरखाको हर्मी गाविसस्थित सैनिक बेस क्याम्पमा लगेदेखि उनको अवस्था अज्ञात रहेको छ। उनको परिवारले नेपाल सरकारबाट क्षतिपूर्तिको रूपमा रु १ लाख र आईसीआरसीबाट रु १० हजार प्राप्त गऱ्यो।

(१४) **लीलराज कट्टेल**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२२ साउन २५/३६ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ चैत १९ |
| घटनास्थल | : तनहुँ जिल्ला पुर्कोट गाविस-४ |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : लमजुङ जिल्ला, चक्रतीर्थ गाविस-६, अल्काटार |
| बाबुको नाम | : मेघनाथ कट्टेल |
| आमाको नाम | : बसुन्धरा कट्टेल |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : पार्वती कट्टेल |
| छोरा/छोरी सङ्ख्या | : २ /० |

**विवरण**



चक्रतीर्थ गाविस-६ निवासी लीलराज कट्टेललाई ०५८ चैत १९ गते घरबाट छोरा विजयसहित काठमाडौं जान लाग्दा तनहुँको बाईसजाँगर सैनिक चेक पोष्टमा गिरफ्तार भएका थिए। उनकी पत्नी पार्वतीका अनुसार उनको अवस्था त्यससमयदेखि अज्ञात छ। पार्वतीका अनुसार सेनाले कट्टेलसँग रहेको रकम रु ८० हजारसमेत फिर्ता गरेन। उनको परिवारले नेपाल सरकारबाट क्षतिपूर्तिको रूपमा रु १ लाख र आईसीआरसीबाट रु १० हजार प्राप्त गऱ्यो।

(१५) **तेजबहादुर भण्डारी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २००२ फागुन १२/५६ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ पुस १६ |
| घटनास्थल | : लमजुङ जिल्ला, बेसीशहर गाविस-२ मनाङ्गे चौतारा |
| पेशा | : सामाजिक कार्यकर्ता |
| स्थायी ठेगाना | : लमजुङ जिल्ला, सिमपानी गाविस-३, भलाम |
| बाबुको नाम | : लेखनाथ भण्डारी |

| | | |
|---|---|---|
| आमाको नाम | : | सावित्रा भण्डारी |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | लक्ष्मी भण्डारी |
| छोरा/छोरी सङ्ख्या | : | २ / २ |

**विवरण**



सिमपानी गाविस-३ भलाम निवासी शिक्षक संगठनसँग आबद्ध रहेका तेजबहादुर भण्डारीलाई ०५८ पुस १६ गतेका दिनदेखि गिरफ्तार गरिएको हो। उनका परिवारका अनुसार उनलाई सीडीओ शिवप्रसाद नेपालले गिरफ्तार गर्ने आदेश दिएका थिए। डिएसपी पिताम्बर अधिकारीले बिहान ११.३० बजे हिरासतमा लिएका थिए। तेजबहादुरलाई हिरासतमा चरम यातना दिइएको थियो। मेजर सन्तोष सिंह ठकुरीको निर्देशनमा बेपत्ता पारिएको बताइए पनि अदालतले मागेको जानकारीको जवाफमा जवाफमा तेजबहादुरलाई गिरफ्तार नगरिएको र ०५८ पुस १७ गते सिमपानी जंगलमा भएको भिडन्तमा तेजबहादुरको मृत्यु भएको जानकारी दिइएको थियो। घटनापछि उनको परिवार काठमाण्डौंमा बस्दै आएको छ।

(१६) **देवराज पौडेल**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१५ चैत १२ गते/४१ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५६ असार ३ गते |
| घटनास्थल | : | लमजुङ जिल्ला, सूर्यपाल गाविस-५, जीतबेसी |
| पेशा | : | कृषि, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | लमजुङ जिल्ला, जिता गाविस-९, सोतीपसल |
| बाबुको नाम | : | मणिकण्ठ पौडेल |
| आमाको नाम | : | चुडाबलु पौडेल |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | राधादेवी पौडेल |
| छोरा/छोरी सङ्ख्या | : | १/१ |

**विवरण**



जीता गाविस-९ जीतबेसी निवासी देवराज पौडेललाई ०५६ असार ३ गते सूर्यपाल गाविस-९ स्थित रामचन्द्र गिरीको घरबाट माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गरी बेपत्ता गरे उनको परिवारका अनुसार उनको अवस्थाको बारेमा हालसम्म अवस्था अज्ञात रहेको छ। उनको परिवारले नेपाल सरकारबाट राहतस्वरूप १ लाख रुपियाँ प्राप्त गऱ्यो।

## पीडक पक्ष नेकपा माओवादीबाट

(१७) **कुलबहादुर थापा**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २००४ पुस १५/५८ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६२ असोज १६ |
| घटनास्थल | : | लमजुङ जिल्ला, बेसीशहर गाविस-२, सातविर्श |
| पेशा | : | राजनीति |
| स्थायी ठेगाना | : | लमजुङ जिल्ला, बाभ्राखेत गाविस-७, डाँडागाँउ |
| बाबुको नाम | : | धनबहादुर थापा |
| आमाको नाम | : | सरीमाया थापा |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | सानुकुमारी थापा |
| छोरा/छोरी सङ्ख्या | : | १/३ |

**विवरण**

बाभ्राखेत गाविस-७ डाँडागाँउ निवासी तथा एमाले कार्यकर्ता एवम् पूर्व गाविस उपाध्यक्ष ५८ वर्षीय कुलबहादुर थापालाई ०६२ असोज १६ गते बेसीशहरबाट घर फर्कदैं गर्दा नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी बेपत्ता पारे। उनको परिवारले क्षतिपूर्तिस्वरूप रकम प्राप्त गरे पनि रकम खुल्न सकेन।

(१८) **राजकुमार रिमाल**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४२ कात्तिक १८/१९ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६१ भदौ ११ |
| घटनास्थल | : | लमजुङ जिल्ला, खुदी गाविस-८, ढङ्गै |
| पेशा | : | विद्यार्थी |
| स्थायी ठेगाना | : | लमजुङ जिल्ला, चण्डिस्थान गाविस-८, मकैडाँडा |
| बाबुको नाम | : | सन्तबहादुर रिमाल |
| आमाको नाम | : | उखमाया रिमाल |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**



चण्डिस्थान गाविस-८ मकैडाँडा निवासी १९ वर्षीय राजकुमार रिमाललाई ०६१ भदौ ११ गते नेकपा माओवादीका कार्यकर्ताले सेनामा भर्ती हुन गएको आरोपमा खुदी गाविस-३ बाट अपहरण गरेका थिए। उनको अवस्था हालसम्म अज्ञात रहेको छ। उनको परिवारले नेपाल सरकारबाट रु १ लाख ७५ हजार क्षतिपूर्तिस्वरूप प्राप्त गऱ्यो।

# ३.४ स्याङ्जा

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सरक्षाकर्मीबाट

(१) **अनुप थापा**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३९ जेठ १८ गते/२३ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६२ माघ ७ गते |
| घटनास्थल | : | स्याङ्जा जिल्ला, पुतलीबजार नपा-७, नागडाँडा |
| पेशा | : | राजनीति, नेकपा एमाले कार्यकता |
| स्थायी ठेगाना | : | स्याङ्जा जिल्ला, सेतीदोभान गाविस-७ |
| बाबुको नाम | : | बेदबहादुर थापा |
| आमाको नाम | : | टिकाकुमारी थापा |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | हिरादेवी थापा |
| छोरा/छोरी सङ्ख्या | : | १ /० |
| अन्य आश्रित सङ्ख्या | : | २ |

**विवरण**



सेतीदोभान गाविस-७ निवासी नेकपा एमाले कार्यकर्ता अनुप थापालाई ०६२ माघ ७ गते कास्की जिल्लाको पोखरा उमनपामा काकाको घरमा जाँदै गर्दा गस्तीमा गएको संयुक्त सुरक्षाकर्मीको टोलीले पुतलीबजार नपा-७ बाट गिरफ्ता गरी बेपत्ता पारे। उनको हालसम्म अवस्था अज्ञात छ। उनको परिवारले कुनै निकायबाट राहत रकम प्राप्त गरेको छैन।

(२) **रमेश भट्टराई गौतम**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३८ जेठ ९ गते/२० वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | ०५८ माघ १७ गते |
| घटनास्थल | : | रुपन्देही जिल्ला, बुटवल नपा |
| पेशा | : | विद्यार्थी |
| स्थायी ठेगाना | : | स्याङ्जा जिल्ला, श्रीकृष्णगण्डकी गाविस-९ |
| बाबुको नाम | : | रामेश्वर भट्टराई |
| आमाको नाम | : | पूर्णकला भट्टराई |
| वैवाहिक स्थिति | : | अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : | २ जना |

**विवरण**



श्रीकृष्णगण्डकी गाविस-९ निवासी रमेश भट्टराईलाई संयुक्त सुरक्षाकर्मीको गस्ती टोलीले बुटवल बहुमुखी क्याम्पसबाट कोठामा जाँदै गर्दा ०५८ माघ १७ गते क्याम्पस गेटबाट नियन्त्रणमा लिई बेपत्ता पारे। उनको परिवारले क्षतिपूर्तिस्वरूप रु १ लाख प्राप्त गऱ्यो।

(३) **टङ्क शर्मा**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२७ असोज २९ गते/३१ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ माघ ९ गते |
| घटनास्थल | : | कास्की जिल्ला, लेखनाथ नपा-१२ |
| पेशा | : | राजनीति, नेकपा माओवादी निकट मजदुर संगठनका सदस्य |
| स्थायी ठेगाना | : | स्याङ्जा जिल्ला, किचनास गाविस-६, खैरीकोट |
| बाबुको नाम | : | दुर्गादत्त शर्मा |
| आमाको नाम | : | मनरुपा शर्मा |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | आरती शर्मा |
| छोरा/छोरी सङ्ख्या | : | ० /१ |
| अन्य आश्रित सङ्ख्या | : | ३ |

**विवरण**



किचनाश गाविस-६ खैरीकोट निवासी नेकपा माओवादी निकट मजदुर संगठनका सदस्य ३१ वर्षीय टङ्क शर्मालाई लेखनाथ नपा गगनबजारमा विजयपुर ब्यारेकपुरबाट आएको सेनाले ०५८ माघ ९ गते गिरफ्तार गऱ्यो। उनलाई शुरुमा फूलबारी ब्यारेक पोखरामा राखेर पछि विजयपुर ब्यारेकमा लगिएको थियो। उनको परिवारले विजयपुर ब्यारेकमा पुगी त्यहाँ क्याप्टेन रक्षा केसीसँग पीडितका सम्बन्धमा निवेदनमार्फत् जानकारी माग गरेपछि उनले स्पष्ट जवाफ दिन चाहिनन्। राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन अनुसार गिरफ्तार गरेको भोलिपल्ट स्याङ्जा जिल्लाको भालुपहाडमा भिडन्तमा परी टङ्कको मृत्यु भएको सार्वजनिक गरे पनि पीडित परिवारले अस्वीकार गर्दै आएका छन्। उनको परिवार घटनापछि दुलेगौंडा माछापानीमा विस्थापित भई ०६२ मा गाउँ फर्क्यो। परिवारले जिल्ला प्रशासन कार्यालयबाट रु १ लाख क्षतिपूर्ति प्राप्त गऱ्यो।

## शाही नेपाली सेनाबाट

(४) **हरिप्रसाद डुम्रे**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३३ पुस १५ गते/२५ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ माघ ४ गते |
| घटनास्थल | : | स्याङ्जा जिल्ला कालिकाकोट गाविस-१, हुल्काङ |
| पेशा | : | राजनीति, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | स्याङ्जा जिल्ला, कालिकाकोट गाविस-१, हुल्काङ |
| बाबुको नाम | : | लक्ष्मीपति डुम्रे |
| आमाको नाम | : | चन्द्रकला डुम्रे |
| वैवाहिक स्थिति | : | अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : | २ |

**विवरण**



कालिकाकोट गाविस-१ निवासी नेकपा माओवादी कार्यकर्ता हरिप्रसाद डुम्रेलाई ०५८ माघ ४ गते पोखराबाट हवाइ गस्तीमा आएको सेनाले घरनजिकबाट माओवादीको आरोपमा गिरफ्तार गरी हेलिकप्टरमा चढाई पोखरा लगेकोमा त्यस समयदेखि उनको अवस्था अज्ञात छ। उनको परिवारले नेपाल सरकारबाट रु १ लाख क्षतिपूर्तिस्वरूप प्राप्त गऱ्यो।

## नेपाल प्रहरीबाट

**(५) दीपक रिजाल**

जन्म मिति/उमेर : २०३७ माघ २ गते/२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०५८ मङ्सिर २५ गते
घटनास्थल : स्याङ्जा जिल्ला वालिङ नपा-५
पेशा : कृषि
स्थायी ठेगाना : स्याङ्जा जिल्ला, जगतभञ्ज्याङ गाविस-१
बाबुको नाम : रुक्मागत रिजाल
आमाको नाम : गङ्गाकुमारी रिजाल
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



जगतभञ्ज्याङ गाविस-१ निवासी दीपक रिजाल ०५८ मंसिर २५ गते घरबाट कर्कटपाता लिन भनी वालिङ गएको बेलामा मिर्मीमा पुग्दा सेनाले गिरफ्तार गरेको थियो। सो दिनदेखि हालसम्म उनको अवस्था अज्ञात रहेको छ। उनको परिवारले कुनै क्षतिपूर्ति प्राप्त गरेको छैन।

## पीडक पक्ष नेकपा माओवादीबाट

**(६) कृष्णबहादुर अधिकारी**

जन्म मिति/उमेर : २०२० पुस १८ गते/३९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ साउन २ गते
घटनास्थल : स्याङ्जा जिल्ला, दार्सिङ्गदहथुम गाविस-१, बयरघारी
पेशा : सरकारी जागिर
स्थायी ठेगाना स्याङ्जा जिल्ला, बानेथोकदेउराली गाविस-१
बाबुको नाम : लिप्तमान अधिकारी
आमाको नाम : सरस्वती अधिकारी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : पार्वती अधिकारी
छोरा/छोरी सङ्ख्या : १/२
अन्य आश्रित सङ्ख्या : १

**विवरण**



दार्सिङ्गदहथुम गाविस-१, बयरघारी निवासी भई सोही गाविसको वडा नं. ७ स्थित जिल्ला जनस्वास्थ्य कार्यालय स्याङ्जामा लेखपाल पदमा कार्यरत कृष्णबहादुर अधिकारीलाई ०५९ साउन २ गते नेकपा माओवादीका कार्यकर्ताले दहथुम गाविस-७ बाट बिहान ११ बजे अपहरण गरी बेपत्ता पारे। परिवारका अनुसार अपहरणको केही दिनअघि माओवादीका दुई जना कार्यकर्ताले उनीहरूलाई गल्याङ बजारबाट तल्लो गल्याङ बजारसम्म मोटरसाइकलमा पुऱ्याउन भनेको र उनले सेनाको डरले पुऱ्याउन नसकेपछि उनीहरूले धम्की दिएका थिए। साउन ४ गते वालिङ नपा-८ मा घरबाट हिडेको तर भाइकोमा नपुगेको बुझियो। हालसम्म कृष्णबहादुर अधिकारीको अवस्था अज्ञात रहेको छ। उनको परिवारले हालसम्म कुनै क्षतिपूर्ति प्राप्त गरेको छैन।

**(७) राजेन्द्रप्रसाद ढकाल**

जन्म मिति/उमेर : २०३५ माघ ११/२७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : ०६२ फागुन २९ गते
घटनास्थल : नवलपरासी जिल्ला, रामनगर नपा-१
पेशा : सशस्त्र प्रहरी
स्थायी ठेगाना : स्याङ्जा जिल्ला, फापरथुम गाविस-३, निबुवाकोट
बाबुको नाम : जिवाखर ढकाल
आमाको नाम : खिममाया ढकाल
वैवाहिक स्थिति : अविवाहित
अन्य आश्रित सङ्ख्या : २ जना

**विवरण**

फापरथुम गाविस-३ निवासी सशस्त्र प्रहरी बलका



हवल्दार राजेन्द्रप्रसाद ढकाल घर बिदामा जानेक्रममा नवलपरासीको रामनगर नपा-१ भुम्बाइ भन्ने ठाउँबाट बिहान ७.१५ बजे ०६२ फागुन २९ गते नेकपा माओवादीका महिला कार्यकर्ताले अपहरण गरी सोही दिनदेखि बेपत्ता बनाए। उनको परिवारले हालसम्म कुनै क्षतिपूर्ति प्राप्त गरेको छैन।

(८) **पदमप्रसाद तिवारी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३० साउन ६ गते/३२ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६२ कात्तिक ८ गते |
| घटनास्थल | : बर्दिया जिल्ला ढोढरी गाविस, नयाँ गाउँ |
| पेशा | : सेना |
| स्थायी ठेगाना | : स्याङ्जा जिल्ला, पञ्चमूल गाविस-१, अर्घादी |
| बाबुको नाम | : धनपति तिवारी |
| आमाको नाम | : रेवती तिवारी |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : पवित्रा तिवारी |
| छोरा/छोरी सङ्ख्या | : १/० |
| अन्य आश्रित सङ्ख्या | : १ |

**विवरण**



पञ्चमूल गाविस-१ अर्घादी निवासी रणेश्वर गुल्म, कुसुम ब्यारेकमा कार्यरत लेफ्टिनेन्ट नायक पदमप्रसाद तिवारीलाई ०६२ कात्तिक ८ गते बिहान ९ बजेतिर बर्दिया जिल्ला कर्णालीपुलबाट नेकपा माओवादीले अपहरण गरी बेपत्ता पारे। परिवारका अनुसार सादारण पोशाकमा सामान किन्न बजार जाँदा कर्णाली पुलबाट माओवादीले अपहरण गरेका थिए। परिवारले राज्य वा अन्य कुनै निकायबाट राहत पाएका छैनन्।

# ३.५ कास्की

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सरक्षाकर्मीबाट

(१) **ऋषिराम लामिछाने**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४१ भदौ १९/१० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : ०५८ पुस २४ गते |
| घटनास्थल | : कास्की पोरखा उमनपा-२, विन्दबासिनी चोक |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : कास्की जिल्ला रिभान गाविस-७, पाथ्रे खहरे |
| बाबुको नाम | : देवीलाल लामिछाने |
| आमाको नाम | : शारदा लामिछाने |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



रिभान गाविस-७ निवासी १७ वर्षीय ऋषिराम लामिछानेलाई फूलबारी ब्यारेकबाट गएको संयुक्त सुरक्षाकर्मीको टोलीले पोखरा उमनपा-२ स्थित विन्दबासिनी चोकबाट ०५८ पुस २४ गते गिरफ्तार गरे। उनी भेडाबारी प्राविधिक शिक्षालय धितालका अनेरास्वियु क्रान्तिकारीका अध्यक्ष रहेका थिए। उनको परिवार सोधपुछका लागि फूलबारी र विजयपुर ब्यारेकमा जाँदा भित्र प्रवेश गर्न पाएनन्। उनको परिवारले इन्सेक लगायत विभिन्न मानवअधिकारवादी संस्थाहरूमा उजुरी दिएका थिए। उनको परिवार काठमाडौंस्थित कालीबहादुर गणमा गई १७ दिनसम्म धर्ना बसेपनि कुनै उपलब्धि भएन। त्यसपछि पीडित परिवार कास्की, लमजुङ, पर्वत, तनहुँलगायतका कारागारमा पुगी सोधपुछ गर्दा पनि ती स्थानमा नल्याइएको बताइयो। उनको स्थिति हालसम्म अज्ञात रहेको छ। परिवारले जिल्ला

प्रशासन, नेपाल सरकारबाट राहतस्वरूप रु १ लाख प्राप्त गऱ्यो।

(२) **आनन्द आचार्य**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३६ वैशाख १४/२२ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : ०५८ मंसिर २२ गते |
| घटनास्थल | : कास्की जिल्ला, माछापुच्छ्रे गाविस-४, सरीपाखा |
| पेशा | : राजनीति |
| स्थायी ठेगाना | : कास्की जिल्ला, सार्दीखोला गाविस-१, भुर्जुङखोला |
| बाबुको नाम | : दण्डपाणि आचार्य |
| आमाको नाम | : लोकमाया आचार्य |
| वैवाहिक स्थिति | : अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : ४ |

**विवरण**



सार्दीखोला गाविस-१ निवासी अनेरास्ववियु क्रान्तिकारीका जिल्ला अध्यक्ष २२ वर्षीय आनन्द आचार्यलाई पार्टीको काममा माछापुच्छ्रे गाविस-४ सरीपाखाबाट ०५८ मङ्सिर २२ गते स्थानीयबासीले कब्जामा लिई सुरक्षाकर्मीलाई खबर गरे। त्यसपछि फूलबारी ब्यारेकका सेनासहितको संयुक्त सुरक्षाकर्मीले उनीहरूलाई गिरफ्तार गरी हालसम्म बेपत्ता पारे। पीडितका आफन्तले फूलबारी ब्यारेकमा सोधपुछ गर्दा ब्यारेकका अधिकारीले त्यहाँ नल्याएको बताइयो। पीडित परिवारले राष्ट्रिय मानवअधिकार आयोग र पुनरावेदन अदालतमा बन्दी प्रत्यक्षीकरण रिट दायर गरेको भएतापनि त्यस ब्यारेकमा नराखिएको प्रष्टिकरण दिएको थियो। पीडित जिल्ला प्रहरी कार्यालयमा रहेको भन्ने सूचनाका आधारमा पाँच दिनपछि घरपरिवार भेट्न गएको भएपनि प्रहरीले भेट गर्न दिइनन्। पीडितको परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरूप रु १ लाख प्राप्त गऱ्यो।

(३) **सन्तोष रानाभाट**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४० भदौ ४/२० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० फागुन ६ गते |
| घटनास्थल | : कास्की जिल्ला, लेखनाथ नपा-८ |
| पेशा | : राजनीति (अनेरास्ववियु क्रान्तिकारी जिल्ला सचिव) |
| स्थायी ठेगाना | : कास्की जिल्ला, कालिका गाविस-२, ध्रुवपुर |
| बाबुको नाम | : डीलबहादुर रानाभाट |
| आमाको नाम | : मिठूलक्ष्मी रानाभाट |
| वैवाहिक स्थिति | : अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : ७ जना |

**विवरण**



कालिका गाविस-२ निवासी अनेरास्ववियु क्रान्तिकारी जिल्ला सचिव सन्तोष रानाभाटलाई ०६० फागुन ६ गते लेखनाथ नपाको शिशुवाचोकबाट फूलबारी ब्यारेकबाट आएको सेनाको टोलीले गिरफ्तार गरी बेपत्ता पारेको थियो। पीडितका दाजु सूर्य रानाभाटले ०६० फागुन ८ गते विजयपुर ब्यारेकबाट बाहिर लगेको देखेका भएतापनि असुरक्षाका कारण सोधपुछ गर्न नसकेको बताए। पीडित परिवारले विभिन्न मानवअधिकारवादी सङ्घसंस्थाहरूमा खोजबिनको लागि उजुरी दिएका थिए। उनको अवस्था हालसम्म अज्ञात रहेको छ। उनको परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरूप रु १ लाख प्राप्त गऱ्यो।

(४) **ओमबहादुर तामाङ**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३५ वैशाख १/२३ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ पुस २७ गते |
| घटनास्थल | : कास्की जिल्ला, ल्वाङ्घलेल गाविस-४, ठाँटी |
| पेशा | : कृषि |

स्थायी ठेगाना : कास्की जिल्ला, ल्वाङ्घलेल गाविस-४, ठाँटी
बाबुको नाम : सेते तामाङ
आमाको नाम : डिलकुमारी तामाङ
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : सिर्जना तामाङ
छोरा/छोरी सङ्ख्या : १/०
अन्य आश्रित सङ्ख्या : ७

**विवरण**



ल्वाङ्घलेल गाविस-४, ठाँटी निवासी २३ वर्षीय ओमबहादुर तामाङलाई ०५८ पुस २७ गते फूलबारी ब्यारेकबाट गएको संयुक्त सुरक्षाकर्मीको गस्ती टोलीले घरबाटै गिरफ्तार गरी बेपत्ता पाऱ्यो। पीडित परिवारले खोजबिनका लागि विभिन्न संघसंस्थामा उजुरी दिए। पीडित परिवार फूलबारी ब्यारेक, विजयपुर ब्यारेकलगायतका स्थानमा सोधपुछ गर्न जाँदा त्यहाँका कर्मचारीले ओमबहादुरलाई त्यहाँ नल्याइएको जानकारी दिएका थिए। पीडित परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरूप रु १ लाख प्राप्त गऱ्यो।

(५) **टीका विक**

जन्म मिति/उमेर : २०४२ कात्तिक १८/१५ वर्ष
लिङ्ग : महिला
घटना मिति : ०५८ पुस १८ गते
घटनास्थल : कास्की जिल्ला, सराङकोट गाविस
पेशा : राजनीति, नेकपा माओवादी सदस्य
स्थायी ठेगाना : कास्की जिल्ला, लुम्ले गाविस-१, माझगाउँ
बाबुको नाम : बलबहादुर विक
आमाको नाम : विन्दुमाया विक
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



लुम्ले गाविस-१, माझगाउँ निवासी नेकपा माओवादी सदस्य १५ वर्षीया टीका विकलाई पार्टीको काममा हिड्ने क्रममा ०५८ पुस १८ गते फूलबारी ब्यारेकबाट गएको संयुक्त सुरक्षाकर्मीको टोलीले सराङकोट गाविसबाट गिरफ्तार गरे। उनलाई बेपत्ता हुनुअगाडि केही समय गण्डकी अस्पतालमा राखिएको थियो। उनलाई हालका सभासद दुर्गा विकले ०५८ भदौदेखि पार्टीमा आबद्ध गराएको परिवारका सदस्यले बताए। उनको अवस्था हालसम्म पनि अज्ञात छ। उनको परिवारले केही पनि राहत प्राप्त गरेको छैन।

(६) **नेत्रप्रसाद बराल**

जन्म मिति/उमेर : २०३७ असोज २६/२३ गते
लिङ्ग : पुरुष
घटना मिति : २०६० कात्तिक १९ गते
घटनास्थल : कास्की जिल्ला, भरतपोखरी गाविस-७, डाँडागाउँ
पेशा : राजनीति, नेकपा माओवादी जिल्ला समिति सदस्य
स्थायी ठेगाना : कास्की जिल्ला, लेखनाथ नपा-२, अर्घौं बजार
बाबुको नाम : अणनाथ बराल
आमाको नाम : बुद्धिमाया बराल
वैवाहिक स्थिति : अविवाहित
अन्य आश्रित सङ्ख्या : ४

**विवरण**



लेखनाथ नपा-२ अर्घौं निवासी नेकपा माओवादी जिल्ला समिति सदस्य नेत्रप्रसाद बराललाई भरतपोखरी गाविस-७ डाँडागाउँबाट फूलबारी ब्यारेकबाट गएको संयुक्त सुरक्षाकर्मीको टोलीले ०६०

कात्तिक १९ गते बिहान ५ बजे गिरफ्तार गऱ्यो। पीडित परिवारले घटनापछि पोखराको विजयपुरस्थित ब्यारेकमा गई सोधपुछ गरेपनि त्यहाँका अधिकारीले उनलाई नल्याइएको बताए। त्यसको एक वर्षपछि एक जना सेनाले पीडितको मृत्यु भएको सूचना दिएको थियो। असुरक्षाका कारणले पनि उनको व्यापक खोजी गर्न नसकिएको परिवारले बताए। बरालसँगै चार जनालई एकैचोटि गिरफ्तार गरेमा तीन जनालाई एक वर्षपछि सार्वजनिक गरे पनि उनको भने हालसम्म अवस्था अज्ञात छ। पीडित परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरूप रु १ लाख प्राप्त गऱ्यो।

(७) **देवराज बस्ताकोटी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२० चैत ६/४१ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ माघ २३ गते |
| घटनास्थल | : कास्की जिल्ला, पोखरा उमनपा-१०, औद्योगिक क्षेत्र |
| पेशा | : राजनीति, अखिल नेपाल ट्रेड युनियन महासंघ जिल्ला सदस्य |
| स्थायी ठेगाना | : कास्की जिल्ला, लेखनाथ नपा-४, राखीडाँडा |
| बाबुको नाम | : होमनाथ बस्ताकोटी |
| आमाको नाम | : मेवा बस्ताकोटी |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : सीता बस्ताकोटी |
| छोरा/छोरी सङ्ख्या | : ०/२ |
| अन्य आश्रित सङ्ख्या | : २ |

**विवरण**



लेखनाथ नपा-४, राखीडाँडा निवासी अखिल नेपाल ट्रेड युनियन महासङ्घ जिल्ला सदस्य ४१ वर्षीय देवराज बस्ताकोटीलाई पोखरा उमनपा-१०, औद्योगिक क्षेत्रबाट ०६१ माघ २३ गते विजयपुर ब्यारेकबाट आएको संयुक्त सुरक्षाकर्मीको टोलीले गिरफ्तार गऱ्यो। उनको खोजबिनका लागि पीडित परिवारले इन्सेकलगायत विभिन्न मानवअधिकारवादी संस्थामा निवेदन दिए। हालसम्म उनको अवस्था सार्वजनिक हुन सकेको छैन। पीडित परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरूप रु १ लाख प्राप्त गऱ्यो।

(८) **शिवप्रसाद पराजुली**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३६ कात्तिक २७/२२ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ पुस १८ गते |
| घटनास्थल | : कास्की जिल्ला, पुम्दीभुम्दी गाविस-१, कालिमाटी |
| पेशा | : राजनीति, नेकपा माओवादी जिल्ला सदस्य |
| स्थायी ठेगाना | : कास्की जिल्ला, लेखनाथ नपा-२, हरियाली टोल |
| बाबुको नाम | : कृष्णप्रसाद पराजुली |
| आमाको नाम | : सीता पराजुली |
| वैवाहिक स्थिति | : अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : ५ |

**विवरण**



लेखनाथ नपा-२, हरियाली टोल निवासी नेकपा माओवादी जिल्ला सदस्य २२ वर्षीय शिवप्रसाद पराजुलीलाई पोखराबाट गएको संयुक्त सुरक्षाकर्मीको टोलीले कास्की जिल्ला, पुम्दीभुम्दी गाविस-१, कालिमाटीबाट ०५८ पुस १८ गते गिरफ्तार गरे। पीडित परिवारले पराजुलीलाई विजयपुर ब्यारेकमा राखेको छ भन्ने जानकारी पाई जाँदा त्यहाँको सेनाले थाहा छैन भनेर ठाडो जवाफ दिएको परिवारले बताए। पीडित परिवारले खोजबिनका लागि जिल्ला प्रशासन कार्यालय, कास्की र विभिन्न निकायमार्फत आग्रह गरेपनि उनको अवस्था अहिलेसम्म अज्ञात छ। पीडित परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरूप रु १ लाख प्राप्त गऱ्यो।

(९) **प्रदीप खनाल**

जन्म मिति/उमेर : २०३६ वैशाख १२/२४
लिङ्ग : पुरुष
घटना मिति : २०६० कात्तिक १ गते
घटनास्थल : कास्की जिल्ला, पोखरा उपनपा-८, सिर्जनाचोक
पेशा : राजनीति, नेकपा माओवादी सेना प्लाटुन कमाण्डर
स्थायी ठेगाना : कास्की जिल्ला, थुम्की गाविस-५, स्यात्री
बाबुको नाम : चन्द्रप्रसाद खनाल
आमाको नाम : राधिका खनाल
वैवाहिक स्थिति : अविवाहित
अन्य आश्रित सङ्ख्या : ३

**विवरण**



कास्की जिल्ला, थुम्की गाविस-५, स्यात्री निवासी नेकपा माओवादी सेनाका प्लाटुन कमाण्डर २४ वर्षीय प्रदीप खनाललाई संयुक्त सुरक्षाकर्मीले ०६० कात्तिक १ गते पोखराको सिर्जनाचोकबाट गिरफ्तार गरे। परिवारले कुनै पनि निकायको विश्वास नभएकोले कतै उजुरी नदिएको बतायो। उनको खोजी गरे पार्टीले नै गर्छ भन्ने परिवारको भनाइ रहेको छ। पीडित परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरूप रु १ लाख प्राप्त गऱ्यो।

(१०) **चमनलाल बराल**

जन्म मिति/उमेर : २०१५ असार २५/४४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ साउन २० गते
घटनास्थल : कास्की जिल्ला, पोखरा उमनपा-१३, कुँडहर
पेशा : ड्राइभर, नेकपा माओवादी निकट अखिल नेपाल यातायात मजदुर सङ्गठन जिल्ला सचिव
स्थायी ठेगाना : कास्की जिल्ला, सिल्दुजुरे गाविस-८, नौडाँडा
बाबुको नाम : चिन्तामणि बराल
आमाको नाम : नन्दकली बराल
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : अनुरुपा बराल/जमुना बराल
छोरा/छोरी सङ्ख्या : २/१
अन्य आश्रित सङ्ख्या : ५

**विवरण**



सिल्दुजुरे गाविस-८ नौडाँडा निवासी नेकपा माओवादी निकट अखिल नेपाल यातायात मजदुर सङ्गठन जिल्ला सचिव चमनलाल बराललाई फूलबारी ब्यारेकबाट गएको सेनाको टोलीले ०५९ साउन २० गते पोखरा उमनपा-१३ कुँडहरबाट गिरफ्तार गरे। उनी ०५६ सालबाट संगठनमा आबद्ध भएको र संकलकाल अघि दुई पटक थुनामा परेकामा पीडितकी पत्नीले ऋण काडेर धरौटीमा छुटाएकी थिइन्। उनलाई गिरफ्तार गरेको तीन दिनपछि आफन्तबाट परिवारले थाहा पाई फूलबारी ब्यारेकमा गएर सोध्दा उनलाई गिरफ्तार नगरेको जानकारी दिइयो। दशैंमा काठमाण्डौ जाँदा हनुमानढोका प्रहरीमा अनुसन्धान जारी रहेको बेला त्यहाँबाट बेपत्ता भएको प्रहरीले जानकारी दियो। त्यसपछि हालसम्म उनको अवस्था अज्ञात छ। पीडित परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरूप रु १ लाख प्राप्त गऱ्यो।

## शाही नेपाली सेनाबाट

(११) **खिमबहादुर गुरुङ**

जन्म मिति/उमेर : २०२०/३८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ पुस १८ गते
घटनास्थल : कास्की जिल्ला, पोखरा उमनपा-१३, भद्रकालीचोक

पेशा : कृषि
स्थायी ठेगाना : कास्की जिल्ला, मिजुरेडाँडा गाविस-३, पर्ग्यू
बाबुको नाम : मनराज गुरुङ
आमाको नाम : रुपकुमारी गुरुङ
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : सुस्तक गुरुङ
छोरा/छोरी सङ्ख्या : १/०
अन्य आश्रित सङ्ख्या : ४

**विवरण**



मिजुरेडाँडा गाविस-३, पर्ग्यू निवासी ३८ वर्षीय खिमबहादुर गुरुङलाई आफन्तको घर जाँदै गर्दा ०५८ पुस १८ गते सेनाको टोलीले पोखरा उमनपा-१३ भद्रकालीबाट बेलुका ६ बजेतिर गिरफ्तार गरी बेपत्ता पारे। पीडित परिवारका आफन्तले उनलाई बेपत्ता पारेको दुई महिनापछि मात्र थाहा पाए तापनि असुरक्षा र अज्ञानताका कारण कहींकतै उजुरी हुन सकेन। पीडित गाउँबाट तरुल र कोदोको पिठो लिएर आफन्तको घर पोखरा गएका थिए। उनीसँगै गएका नोरजंग गुरुङलाई पनि सेनाले सँगै गिरफ्तार गरी बेपत्ता पारेका थिए। उनको परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरूप रु १ लाख प्राप्त गऱ्यो।

(१२) **नोरजङ्ग गुरुङ**
जन्म मिति/उमेर : २०२३/३५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ पुस १८ गते
घटनास्थल : कास्की जिल्ला, पोखरा उमनपा-१३, भद्रकालीचोक
पेशा : कृषि
स्थायी ठेगाना : कास्की जिल्ला, मिजुरेडाँडा गाविस-३, पर्ग्यू
बाबुको नाम : कर्णबहादुर गुरुङ
आमाको नाम : सोममाया गुरुङ
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : पदममाया गुरुङ
छोरा/छोरी सङ्ख्या : ३/३
अन्य आश्रित सङ्ख्या : ७

**विवरण**



मिजुरेडाँडा गाविस-३, पर्ग्यू निवासी ३८ वर्षीय नोरजंग गुरुङलाई आफन्तको घर जाँदै गर्दा ०५८ पुस १८ गते सेनाको टोलीले पोखरा उमनपा-१३ भद्रकालीबाट गिरफ्तार गरी बेपत्ता पारे। उनलाई विजयपुर ब्यारेक पुऱ्याएको पीडित परिवारका आफन्तले सुनेपनि संकटकालको समय हुनाले ब्यारेकमा गई सोधपुछ गर्न पनि असुरक्षित महसुस गरी खोजबिन गर्न सकेनन्। पीडित गाउँबाट तरुल र कोदोको पिठो लिएर आफन्तको घर पोखरा गएका थिए। उनीसँगै गएका खिमबहादुर गुरुङलाई पनि सेनाले सँगै गिरफ्तार गरी बेपत्ता पारेका थिए। उनको परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरूप रु १ लाख प्राप्त गऱ्यो।

(१३) **पूर्ण पौडेल**
जन्म मिति/उमेर : २०२८ पुस २४/३१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख १३ गते
घटनास्थल : काठमाण्डौं जिल्ला, काठमाण्डौं मनपा -१४, कालिमाटी
पेशा : राजनीतिक
स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उमनपा-८, जालपारोड
बाबुको नाम : गंगाधर पौडेल
आमाको नाम : मोतिमाया पौडेल
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : सावित्री दुरा
अन्य आश्रित सङ्ख्या : ३

### विवरण



पोखरा उमनपा-८ निवासी नेकपा माओवादीको भातृ सङ्गठन अनेरास्ववियु क्रान्तिकारीका केन्द्रीय महासचिव ३१ वर्षीय पूर्ण पौडेललाई ०५८ वैशाख १३ गते सेनाले काठमाडौँ मनपा कालिमाटीबाट गिरफ्तार गरे। पीडित परिवारले पौडेलले छाउनी ब्यारेकमा राखेको सूचना पाएपछि त्यहाँ गई बुझ्दा ब्यारेकका हवल्दारले पौडेल त्यस ब्यारेकमा नभएको बताएका थिए। पौडेललाई २० दिन जति त्यहाँ राखेको र त्यसपछि विजयपुर ब्यारेक पोखरा, बागलुङ, लमजुङ, गोरखा जिल्लामा लगेको पीडित परिवारले सूचना पाएका थिए। भैरवनाथ गणबाट बेपत्ता पारिएका ४९ जनाको सूचीमा पनि पौडेलको नाम उल्लेख छ। पीडित परिवारले हालसम्म कुनै राहत रकम प्राप्त गरेको छैन।

### (१४) सोमबहादुर विक

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३२ वैशाख २९/२७ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ असार २३ गते |
| घटनास्थल | : कास्की जिल्ला, पोखरा उमनपा-१०, हस्पिटलचोक |
| पेशा | : राजनीति, नेकपा माओवादी इलाका कमिटी सदस्य |
| स्थायी ठेगाना | : कास्की जिल्ला, लेखनाथ नपा-१३, सुकुम्बासी टोल, खुदीखोला |
| बाबुको नाम | : मनबहादुर विक |
| आमाको नाम | : ओमकुमारी विक |
| वैवाहिक स्थिति | : अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : २ |

### विवरण

लेखनाथ नपा-१३ सुकुम्बासी टोल, खुदीखोला निवासी नेकपा माओवादी इलाका कमिटी सदस्य २७ वर्षीय सोमबहादुर विकलाई आफन्तको उपचार गराउन जाने क्रममा ०५९ असार २३ गते पोखरा उमनपा-१०, पश्चिमाञ्चल क्षेत्रीय अस्पतालबाट




बिहान ९ बजे फूलबारी ब्यारेकबाट गएको सेनाको टोलीले गिरफ्तार गर्‍यो। पपीडितलाई बेपत्ता बनाएको जानकारी परिवारले पार्टीबाट एक हप्तापछि थाहा पाएको भए पनि असुरक्षाका कारण तत्काल सोधपुछ गर्न सकेनन्। पीडित परिवारले ०६२ सालमा फूलबारी ब्यारेकमा गई सोध्दा जिल्ला प्रहरी कार्यालयमा सोध्न भनेपछि त्यहाँ गई सोध्दा रिपोर्ट हेर्न मिल्दैन भन्दै फर्काइदिएका थिए। हालसम्म उनको अवस्था अज्ञात रहेको छ। पीडित परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरूप रु १ लाख प्राप्त गर्‍यो।

## नेपाली प्रहरीबाट

### (१५) हरिप्रसाद पौडेल

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३३ कात्तिक २७/२५ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ मङ्सिर २६ गते |
| घटनास्थल | : कास्की जिल्ला, कास्कीकोट गाविस-६, पामे |
| पेशा | : अनेरास्ववियु क्रान्तिकारीका जिल्ला सदस्य |
| स्थायी ठेगाना | : कास्की जिल्ला, कास्कीकोट गाविस-६/दोपहरे |
| बाबुको नाम | : शालिकराम पौडेल |
| आमाको नाम | : तुलसी पौडेल |
| वैवाहिक स्थिति | : अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : १० |

### विवरण



कास्कीकोट गाविस-२ निवासी अनेरास्ववियु क्रान्तिकारीका जिल्ला सदस्य २५ वर्षीय हरिप्रसाद पौडेललाई ०५८ मंसिर २६ गते वडा प्रहरी कार्यालयबाट गएको प्रहरी टोलीले कास्कीकोट गाविस-६ पामेबाट गिरफ्तार गर्‍यो। परिवारले विजयपुर ब्यारेकमा गएर सोधपुछ गर्दा त्यहाँका कर्मचारीले

थाहा नभएको बताए। उनलाई पर्वत जिल्लाको जङ्गलमा लगी मारेको भन्ने हल्ला सुनेको तर पुष्टि हुन नसकेको परिवारले जनायो। उनको स्थिति हालसम्म अज्ञात छ। उनको परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरूप रु १ लाख प्राप्त गऱ्यो।

### पीडक पक्ष नेकपा माओवादीबाट

(१६) **खिमबहादुर सुनार**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२८/३३ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६३ असोज ९ |
| घटनास्थल | : कास्की लुम्ले गाविस-१, माझगाउँ |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : कास्की जिल्ला, भदौरेतामागी गाविस-७, कुइरेडाँडा |
| बाबुको नाम | : धनकाजी सुनार |
| आमाको नाम | : सन्तमाया सुनार |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : डिलमाया सुनार |
| छोरा/छोरी सङ्ख्या | : २/२ |
| अन्य आश्रित सङ्ख्या | : ६ |

**विवरण**



लुम्ले गाविस-१ माझगाउँ निवासी ३३ वर्षीय खिमबहादुर सुनारलाई वैदेशिक रोजगारीमा जाने क्रममा घरबाट निस्केर ०६३ असोज ८ गते भदौरेतामागी गाविस-३ स्थित कुइरेडाँडामा दिदीलाई भेट्न जाँदा सोही गाउँमा भएको चोरीमा संलग्न रहेको आरोपमा स्थानीयबासीले कुटपिट गरी ०६३ असोज ९ गते नेकपा माओवादीलाई बुझाएका थिए। त्यसपछि उनको अवस्था अज्ञात रहेको छ। घटनाबारे नेकपा माओवादीले केही जानकारी दिएको छैन। परिवारले राज्य वा अन्य कुनै निकायबाट राहत पाएका छैनन्।

## ३.७ नवलपरासी

### पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सरक्षाकर्मीबाट

(१) **कृष्णकुमार श्रेष्ठ**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३४ साउन ४/२१ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५५ पुस २९ |
| घटनास्थल | : तनहुँ जिल्ला, रिस्ती गाविस, पोल्ट्याङ |
| पेशा | : राजनीति, अनेरास्ववियु क्रान्तिकारी |
| स्थायी ठेगाना | : नवलपरासी जिल्ला, प्रगतिनगर गाविस-३, प्रगतिनगर |
| बाबुको नाम | : नन्दलाल श्रेष्ठ |
| आमाको नाम | : इनद्रमाया श्रेष्ठ |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



प्रगतिनगर गाविस-३, प्रगतिनगर निवासी अनेरास्ववियु क्रान्तिकारीका कृष्णकुमार श्रेष्ठलाई ०५५ पुस २९ गते बिहान ३ बजे रिसिङ प्रहरी चौकीका प्रहरीले तनहुँ जिल्ला, रिस्ती गाविस, पोल्ट्याङबाट गिरफ्तार गरेकामा हालसम्म उनको अवस्था अज्ञात रहेको छ। उनको परिवारले नेपाल सरकारबाट रु १ लाख राहत रकम प्राप्त गऱ्यो।

(२) **जितबहादुर विक**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२३ वैशाख २३/३२ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ फागुन २० गते |
| घटनास्थल | : नवलपरासी गाविस, दुम्कीबास गाविस-५, तल्लो ज्यामिरे |

पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : नवलपरासी जिल्ला, दुम्कीबास गाविस-५, तल्लो ज्यामिरे
बाबुको नाम : लोकबहादुर विक
आमाको नाम : निमा विक
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : नखुलेको
छोरा/छोरी सङ्ख्या : १/०
अन्य आश्रित सङ्ख्या : १

**विवरण**



दुम्कीबास गाविस-५, तल्लो ज्यामिरे निवासी नेकपा माओवादी कार्यकर्ता जितबहादुर विकलाई ०५५ फागुन २० गते चितवन जिल्ला कसरा ब्यारेकबाट आएको सेनाले सोही स्थानबाट गिरफ्तार गरे। उनको स्थिति हालसम्म अज्ञात रहेको छ। उनको परिवारले हालसम्म कुनै क्षतिपूर्ति प्राप्त गरेको छैन।

(३) **बैजनाथ चौधरी**
जन्म मिति/उमेर : २०४२ कात्तिक १६/२४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६२ वैशाख ८ गते
घटनास्थल : नवलपरासी जिल्ला, माकर गाविस-४, बर्दघाट
पेशा : विद्यार्थी, अनेरास्ववियु क्रान्तिकारी
स्थायी ठेगाना : नवलपरासी जिल्ला अमरौड गाविस-७, अमरौड
बाबुको नाम : चन्द्रिका चौधरी
आमाको नाम : केवलदेवी चौधरी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



अमरौड गाविस-७, अमरौड निवासी अनेरास्ववियु क्रान्तिकारीमा आबद्ध बैजनाथ चौधरी ०६२ वैशाख ८ गतेदेखि माकर गाविस-४, बर्दघाटबाट बेपत्ता भएका छन्।

(४) **राजकुमार विक**
जन्म मिति/उमेर : २०३९ मङ्सिर १०/१६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ चैत १९ गते
घटनास्थल : नवलपरासी जिल्ला अग्रौली गाविस-७
पेशा : राजनीति
स्थायी ठेगाना : नवलपरासी जिल्ला देउराली गाविस-३ गिरुवारी टोल
बाबुको नाम : नैनासिं विक
आमाको नाम : चन्द्रवती विक
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



देउराली गाविस-३ गिरुवारी निवासी नेकपा माओवादीका कार्यकर्ता १६ वर्षीय राजकुमार विकलाई ०५९ चैत १९ गते कावासोतीस्थित क्याम्पबाट खटिएको सेनाको गस्ती टोलीले उक्त स्थानमा साईकलमा हिँडिरहेको अवस्थामा गिरफ्तार गरी लगेपछि बेपत्ता बनाएका थिए र नेपाल सरकारबाट राहतस्वरूप रु १ लाख प्राप्त भएको छ।

## शाही नेपाली सेनाबाट

**(५) परिक्षित रेग्मी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३८ साउन ३०/२१ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ भदौ ६ गते |
| घटनास्थल | : काठमाडौँ जिल्ला, काठमाडौँ मनपा-९, पुरानो बानेश्वर |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : नवलपरासी जिल्ला, मुकुन्दपुर गाविस-७, हर्कपुर |
| बाबुको नाम | : हरि शर्मा रेग्मी |
| आमाको नाम | : तारादेवी रेग्मी |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**

मुकुन्दपुर गाविस-७ हर्कपुर निवासी काठमाडौँ मनपा, पुरानो बानेश्वरस्थित एपेक्स कलेजमा अध्ययनरत परिक्षित रेग्मीलाई ०५९ भदौ ६ गते काठमाडौँ मनपा-९ पुरानो बानेश्वरस्थित डेराबाट क्याम्पसतर्फ जाँदै गर्दा सेनाले गिरफ्तार गऱ्यो। हालसम्म उनको अवस्था अज्ञात छ। उनको परिवारले कुनै क्षतिपूर्ति प्राप्त गरेको छैन।

**(६) तोयनाथ न्यौपाने**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २००८ भदौ/५० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ माघ १ गते |
| घटनास्थल | : नवलपरासी जिल्ला प्रगतिनगर गाविस-२ |
| पेशा | : शिक्षक |
| स्थायी ठेगाना | : नवलपरासी जिल्ला प्रगतिनगर गाविस-२ प्रगतिनगर टोल |
| बाबुको नाम | : खडान्द न्यौपाने |
| आमाको नाम | : हरिमाया न्यौपाने |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : ईश्वरी न्यौपाने |
| छोरा/छोरी सङ्ख्या | : २/१ |

**विवरण**



प्रगतिनगर गाविस–२ प्रगतिनगर घर भई गोरखा जिल्ला खोप्लाङ गाविस पोखराबेसीमा अस्थायी बसोबास गर्ने नेकपा माओवादी निकट बुद्धिजीवी परिषद्का सल्लाहकार रहेका तोयनाथ न्यौपानेलाई ०५८ माघ १ गते संयुक्त सुरक्षाकर्मीले बेपत्ता पारेपछि नेपाल सरकारबाट राहतस्वरूप रु १ लाख प्राप्त भएको छ।

**(७) राजुराम पौडेल**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३५ कार्तिक १४/२३ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ फागुन २८ गते |
| घटनास्थल | : कास्की जिल्ला, पोखरा उमनपा-३, नदीपुर |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : नवलपरासी जिल्ला, माकर गाविस-१, बर्दघाट |
| बाबुको नाम | : घननाथ पौडेल |
| आमाको नाम | : दुर्गा पौडेल |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



नवलपरासी जिल्ला माकर गाविस-१ निवासी अनेरास्ववियु क्रान्तिकारी जिल्ला सदस्य राजुराम पौडेललाई पोखरा उमनपा-३, नदीपुरस्थित डेरामा बसेको बेला फूलबारी ब्यारेकबाट आएको सेनाले ०५८ फागुन २८ गते बिहान ११ बजेतिर गिफ्तार गरी बेपत्ता पारे। पौडेल पृथ्वीनारायण क्याम्पसमा स्नातक तहमा अध्ययनरत् थिए। पौडेलको परिवार पुर्ख्यौली थलो कास्की जिल्ला सल्यान गाविस-९ झोवाङबाट ०३० सालमा नवलपरासी बसाइ सरेका थिए। उनको परिवारले नेपाल सरकारबाट राहतस्वरूप रु १ लाख प्राप्त गऱ्यो।

## नेपाली प्रहरीबाट

(८) **टिका रानाभाट**

जन्म मिति/उमेर : २०३८ वैशाख ४/१७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ पुस २९ गते
घटनास्थल : नवलपरासी जिल्ला रतनपुर गाविस-८
पेशा : राजनीति
स्थायी ठेगाना : नवलपरासी जिल्ला प्रगतिनगर गाविस-३
बाबुको नाम : सन्त बहादुर रानाभाट
आमाको नाम : लिलामाया रानाभाट
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

नवलपरासी जिल्ला प्रगतिनगर गाविस-३ निवासी टिका रानाभाटलाई ०५५ पुस २९ गते बिहान ३ बजे नेपाल प्रहरीले रतनपुर गाविस-८ आहाले गाउँको एक घरबाट कब्जामा लिई बेपत्ता बनाएका थिए र नेपाल सरकार र आईसीआरसीबाट राहतस्वरूप रु. १ लाख १० हजार प्राप्त भएको छ।

(९) **धर्मराज पराजुली**

जन्म मिति/उमेर : २०२८ कात्तिक २६/२७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ पुस २९
घटनास्थल : नवलपरासी जिल्ला रतनपुर गाविस-८
पेशा : राजनीति
स्थायी ठेगाना : नवलपरासी जिल्ला रुचाङ. गाविस-९ बाउनथर टोल
बाबुको नाम : मोतीप्रसाद पराजुली
आमाको नाम : मिठ्ठु पराजुली
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : पार्वती पराजुली
छोरा/छोरी सङ्ख्या : १

**विवरण**

रुचाङ. गाविस-९ बाउनथर निवासी नेकपा माओवादीका पार्टी कार्यकता धर्मराज पराजुलीलाई ०५५ पुस २९ गते रतनपुर गाविस-८ बस्ने खेमराज



पोखरेलले गैंडाकोट इप्रका कार्यालय कावसोती-८ का इन्स्पेक्टरधरिजप्रताप सिं को नेतृत्वमा आएको समूहले गिरफ्तार गरी लगेकोमा अहिलेसम्म जानकारी हुन सकेको छैन । उनको परिवारलाई नेपाल सरकारबाट राहतस्वरूप रु. १ लाख प्राप्त भएको छ।

(१०) **जानकी रानाभाट**

जन्म मिति/उमेर : २०३९ मंसिर ५/१६ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५५ पुस २९
घटनास्थल : नवलपरासी जिल्ला, रतनपुर गाविस-८, आहाले
पेशा : राजनीति, अनेरास्ववियु क्रान्तिकारी सदस्य
स्थायी ठेगाना : नवलपरासी जिल्ला, प्रगतिनगर गाविस-३, प्रगतिनगर
बाबुको नाम : बालकृष्ण रानाभाट
आमाको नाम : मीना रानाभाट
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



प्रगतिनगर गाविस-३ प्रगतिनगर निवासी अनेरास्ववियु क्रान्तिकारीमा सक्रिय जानकी रानाभाटलाई ०५५ पुस २९ गते बिहान ३ बजे रतनपुर गाविस-८ बाट प्रहरीले गिफ्तार गरी बेपत्ता बनाए। इलाका प्रहरी कार्यालय कावासोतीले आफूले गिरफ्तार नगरेको दाबी गर्दै झर्कर जवाफ दिएको जानकीकी आमा मीना रानाभाटले बताइन्। उनको परिवारले नेपाल सरकारबाट राहतस्वरूप रु १ लाख प्राप्त गऱ्यो।

## पीडक पक्ष नेकपा माओवादीबाट

(११) **रुपनारायण थारु**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३८ पुस ६/२३ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ मंसिर ३० |
| घटनास्थल | : अर्घाखाँची जिल्ला, सिद्धधारा गाविस-१, सिस्नेखोला |
| पेशा | : सशस्त्र प्रहरी, हवल्दार |
| स्थायी ठेगाना | : नवलपरासी जिल्ला, कोल्हुवा गाविस-५, चनौली |
| बाबुको नाम | : विश्वनाथ थारु |
| आमाको नाम | : प्रेमकुमारी थारु |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



कोल्हुवा गाविस-५, चनौली निवासी कपिलवस्तु जिल्ला चन्द्रौटास्थित विन्दबासिनी सशस्त्र प्रहरी गणका हवल्दार रुपनारायण थारुको ०६१ मङ्सिर ३० गते अर्घाखाँचीको सिद्धधारा गाविस-१ सिस्नेखोलामा सर्चमा गएको अवस्थामा भिडन्तमा परेका थिए। सो समयदेखि उनको अवस्था अज्ञात छ। उनको परिवारले कुनै क्षतिपूर्ति प्राप्त गरेको छैन।

(१२) **जुन सोती**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४३ मंसिर १४/२३ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ पुस ४ |
| घटनास्थल | : नवलपरासी जिल्ला, दुम्कीबास गाविस-२, सुनटौडी |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : नवलपरासी जिल्ला, धुर्कोट गाविस-८, हुप्सेदमार |
| बाबुको नाम | : देउबहादुर सोती |
| आमाको नाम | : फुलमाया सोती |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



धुर्कोट गाविस-८, हुप्सेकोट निवासी जुन सोतीलाई ०६१ मंसिर ४ गते दुम्कीबास गाविस-२, सुनटौडीबाट नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी लगेकोमा हालसम्म उनको अवस्था अज्ञात छ। अपहरणपछि उनको हत्या भएको परिवारले सुने पनि आधिकारिक रुपमा पुष्टि भएको हुन सकेको छैन। उनको परिवारले आईसीआरसीबाट रु १०,००० राहत रकम प्राप्त गरेको छ।

(१३) **सन्तोषकुमार पाण्डे**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३८ कात्तिक १४/२३ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ असार २६ गते |
| घटनास्थल | : नवलपरासी जिल्ला, रामनगर नपा-१, भुमहीबजार |
| पेशा | : प्रहरी, जवान |
| स्थायी ठेगाना | : नवलपरासी जिल्ला, रामपूर्वा गाविस-३, छोटकी सुनरी |
| बाबुको नाम | : चन्द्रकेशर पाण्डे |
| आमाको नाम | : चम्पादेवी पाण्डे |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



रामपूर्वा गाविस-३ छोटकी सुनरी निवासी जिल्ला प्रहरी कार्यालय नवलपरासीमा कार्यरत प्रहरी जवान सन्तोषकुमार पाण्डेको ०६१ असार २६ गते ड्युटीमा रहेको अवस्थामा नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरे। सो समयदेखि उनको अवस्था अज्ञात रहेको छ। उनको परिवारले कतैबाट राहत रकम प्राप्त गरेको छैन।

# ३.८ रूपन्देही


## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सरक्षाकर्मीबाट

(१) **रामपाल्टु पासी (लाहु पासी)**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३९ कात्तिक २५/२२ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ मंसिर १५ गते |
| घटनास्थल | : रुपन्देही जिल्ला, बोदवार गाविस-३, बुची |
| पेशा | : राजनीति, नेकपा माओवादी गाविस इन्चार्ज |
| स्थायी ठेगाना | : रुपन्देही जिल्ला, बोदवार गाविस-३, बुची |
| बाबुको नाम | : नरेश पासी |
| आमाको नाम | : पार्वती पासी |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : चनरावती पासी |
| छोरा/छोरी सङ्ख्या | : ०/१ |
| अन्य आश्रित सङ्ख्या | : ४ |

**विवरण**



बोदवार गाविस-३ बुची निवासी नेकपा माओवादी गाविस इन्चार्ज २२ वर्षीय लाहु पासी भनिने रामपाल्टु पासीलाई माओवादी भएको आरोपमा सेनाले घरबाट नियन्त्रणमा लियो। यसअघि सेनाले पटकपटक घरमा छापा मार्ने गरेका कारण पासी भागेर भारतमा गएको बेला भारतीय प्रहरीले सवेरत भन्ने स्थानमा गिरफ्तार गरी ०६१ मङ्सिर ८ गते बेलुका ६ बजे नेपाल-भारत सीमानाको नौतनवामा नेपाली सुरक्षाकर्मीलाई बुझाएका थिए। सुनौलीबाट बुटवल ल्याएपछि पासीलाई हालसम्म बेपत्ता पारिएको परिवारले बताएको छ। उनको परिवारले आईसीआरसीबाट रु १० हजार राहतस्वरूप प्राप्त गर्‍यो।

(२) **युवराज पाण्डे**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३७ असोज ५/२३ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० असोज २९ गते |
| घटनास्थल | : रुपन्देही जिल्ला, कमहरिया गाविस-२, मर्चवार क्षेत्र |
| पेशा | : विद्यार्थी, अनेरास्ववियु क्रान्तिकारी |
| स्थायी ठेगाना | : रुपन्देही जिल्ला, दुधराक्ष गाविस-२, बासगढी |
| बाबुको नाम | : झविन्द्रलाल पाण्डे |
| आमाको नाम | : तुलसीदेवी पाण्डे |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



युधराक्ष गाविस-२, बासगढी निवासी अनेरास्ववियु क्रान्तिकारीमा आबद्ध २३ वर्षीय युवराज पाण्डेलाई पार्टीको कामका लागि रुपन्देहीकै मर्चवार क्षेत्रस्थित कम्हरिया गाविस-२ बाट संयुक्त सुरक्षाकर्मीले ०६० असोज २९ गते कन्हरिया गाविस-२ बाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय ल्याई सोही ठाउँबाट बेपत्ता पारियो। रुपन्देहीका प्रमुख जिल्ला अधिकारी ध्रुव शर्माले नेकपा माओवादी-९ बाँसगढीका ३३ वर्षीय युवराज पाण्डेलाई सुरक्षाकर्मीले गिरफ्तार गरी ल्याएका रहेछन्, अहिले ऊ कता थाहा भएन भनी जानकारी गराएका थिए। उनको अवस्था हालसम्म पनि अज्ञात छ।

# ३.१० कपिलवस्तु

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सरक्षाकर्मीबाट

(१) **कृष्ण मुखिया**

जन्म मिति/उमेर : २०३७ मङ्सिर ११/२० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५७ मङ्सिर ११
घटनास्थल : अर्घाखाँची जिल्ला सिमलपानी गाविस
पेशा : राजनीति (नेकपा माओवादी)
स्थायी ठेगाना : कपिलवस्तु जिल्ला गजेहडा गाविस-७, राजापानी
बाबुको नाम : पतिराम मुखिया
आमाको नाम : इन्दिरा कुमाल

**विवरण**

गजेहडा गाविस-७ निवासी २० वर्षीय कृष्ण मुखियालाई २०५७ मङ्सिर ११ गते पार्टी कामको सिलसिलामा अर्गखाँची जिल्लाको सिमलपानी गाविसमा गएको बेला माओवादी र सुरक्षाकर्मी बीच दोहोरो भिडन्त हुँदा कृष्ण मुखियालाई घाइते अवस्थामा गोरुसिंहे शिवदल गणबाट गएको सुरक्षाकर्मीले गिरफ्तार गरी ब्यारेकमा लगेकोमा ब्यारेकबाटै बेपत्ता पारिएको हो। उनको अवस्था हालसम्म अज्ञात रहेको छ।

### शाही नेपाली सेनाबाट

(२) **श्रीकिसुन लोध**

जन्म मिति/उमेर : २०३५ भदौ १२/२५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० असोज ०६
घटनास्थल : रुपन्देही जिल्ला आमा गाविस
पेशा : राजनीति (नेकपा माओवादी)
स्थायी ठेगाना : कपिलवस्तु जिल्ला नन्दनगर गाविस-४
बाबुको नाम : रामहरक लोध
आमाको नाम : सुमित्रा लोध
पत्नीको नाम : मुधुनी लोध
छोरा/छोरी सङ्ख्या : १/३


**विवरण**



नन्दनगर गाविस-४ निवासी २५ वर्षीय श्रीकिसुन लोधलाई ०६० साउन महिनामा माओवादीले ५० हजार चन्दा मागेको र चन्दा नदिएपछि छोरालाई अपहरण गरी पार्टीको साथमा हिँडाए। २०६० असोज ६ गते रुपन्देहीको आमा गाविसमा सेनाले दुई जनाको गोली हानी हत्या गरेको भनी श्रीकुसुन लोधलाई गिरफ्तार गरी प्रहरी कार्यालयमा ल्याएर एक रात एक दिन राखे। त्यहाँबाट बेथुरी चौकीमा पठाएको थियो। वेपत्ता भएको खबर परिवारलाई १० दिनपछि दिइयो। परिवाले क्षतिपूर्ति स्वरूप जिल्ला प्रशासन कार्यालयबाट १ लाख रकम प्राप्त गरे।

(३) **तुलसीराम भुसाल**

जन्म मिति/उमेर : २०२४ पुस ९/३४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ माघ २२
घटनास्थल : कपिलवस्तु जिल्ला कोपुवा गाविस-७
पेशा : राजनीति (नेकपा माओवादी)
स्थायी ठेगाना : कपिलवस्तु जिल्ला कोपुवा गाविस-७, बैकुण्ठपुर
बाबुको नाम : तेजुराम भुसाल
आमाको नाम : उमाकला भुसाल
पत्नीको नाम : धनकला भुसाल (मृत्यु भइसकेको)
छोरा/छोरी सङ्ख्या : २/१



**विवरण**

कोपुवा गाविस-७ निवासी ३४ वर्षीय तुलसीराम भुसाललाई २०५८ माघ २२ गते राती सैनिक पोशाकमा गएका १०/१२ जनाको

समूहले घरबाट राती अपहरण गरी लगेकोमा हाल सम्म उनको अवस्था अज्ञात छ। परिवारले गाविसबाट मृत्यु दर्ता गराई ०६६ सालमा रु १ लाख राहत बुझेका छन्।

(४) **नन्दलाल चौहान**

जन्म मिति/उमेर : २०३४ असार ३०/२८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६२ चैत २५गते
घटनास्थल : कपिलवस्तु जिल्ला खुरुहुरिया गाविस-४
पेशा : कृषि
स्थायी ठेगाना : कपिलवस्तु जिल्ला खुरुहुरिया गाविस-७
बाबुको नाम : बृजे लोनिया
आमाको नाम : योगज्योति लोनिया
पत्नीको नाम : कविता लोनिया
छोरा/छोरी सङ्ख्या : १/१

**विवरण**

खुरुहुरीया गाविस–७ निवासी नन्दलाल चौहानलाई नेकपा माओवादीको आरोपमा दुई महिना पहिले सेनाले गिरफ्तार गरी कारागारमा थुनामा राखेकोमा २०६२ चैत २५गते माओवादीले सदरमुकाम आक्रमण गर्ने क्रममा जेलका बन्दी समेत भगाएकाले सोही दिनदेखि बेपत्ता भएका हुन्। कारागारका बन्दीका अनुसार साँझमा नेकपा माओवादीले सदरमुकाम आक्रमण गर्दैछन् भन्ने हल्ला भएपछि सेना आएर दुई जनालाई लगेको बताए।

(५) **तुलसीराम मरासिनी**

जन्म मिति/उमेर : २०३७ साउन १४/२३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ जेठ १७ गते
घटनास्थल : रुपन्देही जिल्ला बुटवल नगरपालिका-५
पेशा : विद्यार्थी
स्थायी ठेगाना : हरिहरपुर गाविस-
बाबुको नाम : ढुण्डीराज मरासिनी
वैवाहिक अवस्था : अविवाहित
आश्रित सङ्ख्या : २

**विवरण**

हरिहरपुर गाविस- १ हरिहरपुर घर भई रूपन्देही जिल्लाको बुटवल बहुमुखी क्यापसमा आईए प्रथम वर्षमा अध्यनरत २३ वर्षीय तुलसीराम शर्मा मरासिनी अनेरास्ववियु (क्रान्तिकारी) सँग आबद्ध रहेको र सङ्गठन विस्तारको क्रममा ०६२ जेठ १७ गते तत्कालीन शाही सेनाले सर्चको क्रममा बुटवलबाट नियन्त्रणमा लिएकोमा उनको अवस्था हाल सम्म अज्ञात रहेको छ। पीडित परिवारले राहत प्राप्त गरेका छैनन्।

(६) **नारिश्वर गौतम**

जन्म मिति/उमेर : २०१५ पुस ५ गते/४३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ जेठ १७ गते
घटनास्थल : पाल्पा जिल्ला दोभान
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : पटना गाविस-५ कपिलबस्तु
बाबुको नाम : तुलसीराम गौतम
आमाको नाम : नखुलेको
वैवाहिक अवस्था : विवाहित
पति/पत्नीको नाम : दिलकुमारी गौतम
छोरा/छोरी : २/१
आश्रित सङ्ख्या : २

**विवरण**

पटना गाविस-५ निवासी नेकपा माओवादीका कार्यकर्ता ४३ वर्षीय नारिश्वर गौतमलाई ०५८ भदौ १ गते शाही नेपाली सेनाको टोलीले नियन्त्रणमा लिएकोमा उनको अवस्था अज्ञात छ। पाल्पा जिल्ला दोभान गाविसमा नेकपा माओवादी र तत्कालीन सुरक्षाकर्मीसँग भएको दोहोरो भिडन्तपछि सेनाले नियन्त्रणमा लिएकोमा हालसम्म उनको अवस्था अज्ञात रहेको छ। पीडित परिवारलाई सरकारले कुनै राहत सहयोग उपलब्ध गराएको छैन।

## पीडक पक्ष नेकपा माओवादीबाट

**(७) पदमप्रसाद खनाल**

जन्म मिति/उमेर : २०३४ भदौ ४/२५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९/०६/०३
घटनास्थल : अर्घाखाँची जिल्ला जलुके गाविस-३
पेशा : राजनीति (नेकपा माओवादी)
स्थायी ठेगाना : कपिलवस्तु जिल्ला शिवपुर गाविस-६, चनौटा
बाबुको नाम : बुद्धिराम खनाल
आमाको नाम : जुमाकला खनाल
पत्नीको नाम : कमला खनाल

**विवरण**



शिवपुर गाविस-६ चनौटा निवासी २५ वर्षीय पदम प्रसाद खनालाई २०५९ असोज ३ गते लामातालमा रहेको कार्यक्रममा लगेको र त्यस भन्दा पहिले घरबाट १ जना सदस्य माओवादीमा जानु पर्ने भनेकोमा पदमप्रसादलाई लगेको र हाल सम्म उनको अवस्था अज्ञात रहेको छ।

**(८) राधेश्याम कलवार**

जन्म मिति/उमेर : २०२० वैशाख १५/३९ वर्ष
लिङ्ग : पुरुष।
घटना मिति : २०५९ मङ्सिर १५
घटनास्थल : कपिलवस्तु जिल्ला गुगौली गाविस-७
पेशा : कृषि
स्थायी ठेगाना : कपिलवस्तु जिल्ला खुरुहुरिया गाविस-७, खानखजानी
बाबुको नाम : जनकप्रसाद कलवार
आमाको नाम : शिवपति कलवार
पत्नीको नाम : पारुनी कलवार

**विवरण**

खुरुहुरिया गाविस-७ निवासी ३९ वर्षीय राधेश्याम



कलवारलाई २०५८ मङ्सिर १५ गते घरबाट खर काट्न जंगल गएको बेला माओवादीले जंगलबाटै अपहरण गरेको कुरा जंगल गएका व्यक्तिले बताए। उनको हालसम्म अवस्था अज्ञात रहेको भएतापनि गाविसले मृत्यु दर्ता बनाएको छ। सरकारले मृतकलाई १ लाख दिने भएपछि परिवारले मृत्यु दर्ता गरेका हुन्।

**(९) हरिराम कुर्मी**

जन्म मिति/उमेर : २०२४ कार्तिक ५/३७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१कार्तिक ३ गते
घटनास्थल : कपिलवस्तु जिल्ला धनकौली गाविस-२
पेशा : कृषि
स्थायी ठेगाना : कपिलवस्तु जिल्ला धनकौली गाविस-२, मलवा
बाबुको नाम : रामरक्षा कुर्मी
आमाको नाम : ज्ञानमती कुर्मी
पत्नीको नाम : उर्मिला कुर्मी
छोरा/छोरी सङ्ख्या : २

**विवरण**




धनकौली गाविस-२ निवासी ३७ वर्षीय हरिराम कुर्मीलाई ०६१ कार्तिक ३ गते नेकपा माओवादीले गाँउमा आक्रमण गरी तीन जनाको हत्या गर्नुका साथै कुर्मीलाई अपहरण गरेकोमा हालसम्म उनको अवस्था अज्ञात रहेको छ। परिवाले क्षतिपूर्ति स्वरूप जिल्ला प्रशासन कार्यालयबाट १ लाख रकम प्राप्त गरे।

**(१०) मुस्थाफा दर्जी मुसलमान**

जन्म मिति/उमेर : २००८ जेठ २०/५४ वर्ष
लिङ्ग : पुरुष

| | | |
|---|---|---|
| घटना मिति | : | २०६२ चैत २५ गते |
| घटनास्थल | : | कपिलवस्तु जिल्ला तौलिहवा नपा-४ |
| पेशा | : | राजनीति (नेकपा माओवादी) |
| स्थायी ठेगाना | : | कपिलवस्तु जिल्ला चनई गाविस-१ |
| बाबुको नाम | : | रहमूल्लाह मुसलमान |
| आमाको नाम | : | जलेखा मुसलमान |
| पत्नीको नाम | : | जैनम निशा दर्जी |
| छोरा/छोरी सङ्ख्या | : | १/३ |

**विवरण**



चनई गाविस-१ निवासी ५४ वर्षीय मुस्थफा दर्जीलाई २०६१ फागुनमा माओवादीको आरोपमा शिवदल गण गोरुसिङ्गेबाट गएको सुरक्षाकर्मीले गिरफ्तार गरी आतङ्ककारी ऐन अन्तर्गत कारागार शाखामा पूर्पक्षका लागी राखिएकोमा ०६२ चैत २५ गते नेकपा माओवादीले जिल्ला सदरमुकाम तौलिहवा आक्रमण गर्नु पूर्व तौलिहवा ब्यारेकबाट गएको सेनाले गाडीमा राखी लगे। उक्त दिन केही बेर पछि आक्रमण गरी माओवादीले जेलका बन्दी भगाएका थिए। उनको अवस्था हालसम्म अज्ञात रहेको छ। तर सरकारले मृतकका परिवारलाई रु एक लाख दिने भनेपछि परिवारले मृत्यु दर्ता बनाएर राहत बुझेका हुन्। परिवाले क्षतिपूर्ति स्वरूप जिल्ला प्रशासन कार्यालयबाट रु.१ लाख रकम प्राप्त गरे।

(११) **राकेशप्रसाद मिश्र**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३७ असोज ६/२४ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६१ मङ्सिर २० |
| घटनास्थल | : | कपिलवस्तु जिल्ला सिर्सिहवा गाविस-३ |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | कपिलवस्तु जिल्ला सिर्सिहवा गाविस-३ |
| बाबुको नाम | : | कुलबुल मिश्र |
| आमाको नाम | : | मुटुरा मिश्र |

**विवरण**



सिर्सिहवा गाविस-३ निवासी राकेशप्रसाद मिश्रलाई २०६१ पुस २० गते नेकपा माओवादीले घरमा आई केही काम छ भनी घरबाट बोलाएर अपहरण गरी लगेको र १०/१५ दिन गुगौली गाविसमा राखेर बेपत्ता पारे। उनका परिवारका अनुसार हालसम्म उनको अवस्था अज्ञात छ।

# ३.११ अर्घाखाँची

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सरक्षाकर्मीबाट

(१) **मीना खड्का**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४३ फागुन २३ गते/१८ वर्ष |
| लिङ्ग | : | महिला |
| घटना मिति | : | २०६१ असोज २५ गते |
| घटनास्थल | : | कपिलवस्तु जिल्ला जयनगर गाविस-७ |
| पेशा | : | विद्यार्थी |
| स्थायी ठेगाना | : | अर्घाखाँची जिल्ला बाँगी गाविस-३ |
| बाबुको नाम | : | ऋषिराम खड्का |
| आमाको नाम | : | लुर्की खड्का |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

बाँगी गाविस-३ आलुसामारे निवासी १८ वर्षीय मीना खड्कालाई गोरुसिङ्गे ब्यारेकबाट गएको सुरक्षाकर्मीले जलुके गाविस–४ टाकुराबाट ०६१ असोज २५ गते गिरफ्तार गरे। गिरफ्तारपछि शिवदल गणमा राखी तारेखमा छाडिएकोमा पटक-पटक गणमा तारेखका लागि जाने गर्दा ०६१ पुस १४ गतेदेखि बेपत्ता भएकी छन्।

## शाही नेपाली सेनाबाट

(२) **विष्णुप्रसाद अधिकारी**

जन्म मिति/उमेर : २०३४ कार्तिक २३/२३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५७ जेठ २३ गते
घटनास्थल : काठमाडौँ
पेशा : विद्यार्थी
स्थायी ठेगाना : अर्घाखाँची जिल्ला हंसपुर गाविस-२
बाबुको नाम : उदीराम अधिकारी
आमाको नाम : गंगादेवी अधिकारी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

हंसपुर गाविस-२ दोबाटा निवासी विष्णुप्रसाद अधिकारीलाई काठमाडौँ मनपा-१४ कलङ्कीबाट ०५७ जेठ २३ गते नेपाली सेनाद्वारा गिरफ्तार गरी बेपत्ता भएका थिए। घटनाको सम्बन्धमा परिवारले जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीमा उजुरी दिएका छन् भने माओवादीबाट राहत स्वरूप रु २५ हजार प्राप्त भएको छ।

# ३.११ बाग्लुङ

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

## संयुक्त सरक्षाकर्मीबाट

(१) **गौसरी बिक**

जन्म मिति/उमेर : २०४५/१५ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०६० चैत ७ गते
घटनास्थल : म्याग्दी जिल्ला अर्थुङ्गे गाविस-१
पेशा : राजनीति (नेकपा माओवादी)
स्थायी ठेगाना : बाग्लुङ जिल्ला बोबाङ गाविस-९,पाखाथर
बाबुको नाम : काले कामी
आमाको नाम : पुनी विक

**विवरण**

बोबाङ गाविस-९ निवासी १५ वर्षीया गौसरी विक ०५८ सालदेखि माओवादीमा सत्रिय रहेकी थिइन्। ०६० चैत ७ गते म्याग्दी जिल्लाको सदरमुकाममा माओवादीले गरेको बेनी आक्रमणका समयदेखि उनी बेपत्ता भएकी हुन्। उनको अवस्था हालसम्म अज्ञात रहेको बाबु काले विकले बताए।

(२) **तेजेन्द्र दर्लामी**

जन्म मिति/उमेर : २०३६ साल/२४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० मङ्सिर १० गते
घटनास्थल : बाग्लुङ, पाण्डवखानी गाविस, रमुवा
पेशा : राजनीति
स्थायी ठेगाना : बाग्लुङ, मल्म गाविस-१, छिन
बाबुको नाम : चुडाबहादुर दर्लामी
आमाको नाम : पुतली मगर

**विवरण**

मल्म गाविस-१ निवासी माओवादी कार्यकर्ता २४ वर्षीय तेजेन्द्र दर्लामीलाई पार्टी कामको सिलसिलामा पाण्डवखानी गाविसको रमुवाको जंगलमा पुगेको समयमा ०६० मंसिर १० गते सुरक्षाकर्मीले फेला पारेर नियन्त्रणमा लिई बेपत्ता बनाए। उनको अवस्था अहिलेसम्म अज्ञात रहेको छ। परिवारले राहत हवरूप जिल्ला प्रशासन कार्यालयबाट १ लाख रुपियाँ रकम प्राप्त गरे।

(३) **गोरी विक**

जन्म मिति/उमेर : २०२० जेठ ५ गते/३९ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५९ जेठ २३ गते
घटनास्थल : बाग्लुङ जिल्ला बुङगादोभान गाविस-७
पेशा : कृषि
स्थायी ठेगाना : बाग्लुङ जिल्ला बुङगादोभान गाविस-८
बाबुको नाम : गोपीलाल विक
आमाको नाम : रामसरा विक

पति/पत्नीको नाम : हर्कबहादुर विक
छोरा/छोरी सङ्ख्या : २/१

**विवरण**



बुङगादोभान गाविस-८ ठाडास्वारा भालुवाङ निवासी ३९ वर्षीया गोरी विकलाई माओवादीको आरोपमा ०५९ जेठ २३ गते संयुक्त सुरक्षाकर्मीले घरबाट नियन्त्रणमा लिई बेपत्ता बनाए। उनकी दिदी प्रमिला, छोरी दिलमायालाई सुरक्षाकर्मीले एक साथ नियन्त्रणमा लिएकोमा हालसम्म अवस्था अज्ञात रहेको छ। परिवारले प्रशासन कार्यालयबाट १ लाख रुपियाँ रकम प्राप्त गरे।

**(४) प्रमिला विक**

जन्म मिति/उमेर : २०१४ माघ ९ गते/४५ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५९ जेठ २३ गते
घटनास्थल : बाग्लुङ जिल्ला बुङगादोभान गाविस-७
पेशा : कृषि
स्थायी ठेगाना : बाग्लुङ जिल्ला कालिका नपा-७
बाबुको नाम : गोपीलाल विक
आमाको नाम : रामसरा विक
पति/पत्नीको नाम : हर्कबहादुर विक
छोरा/छोरी सङ्ख्या : २/१

**विवरण**



बुङगादोभान गाविस-७ ठाडास्वारा भालुवाङ निवासी ४५ वर्षीया प्रमिला विकलाई माओवादीको आरोपमा संयुक्त सुरक्षाकर्मीले ०५९ जेठ २३ गते सोही गाविस-८ ठाडास्वाराबाट नियन्त्रणमा लिई बेपत्ता बनाए। विकको घरमा आगो लगाई दिएर उनलाई लगेका थिए। परिवारले क्षतिपूर्ति स्वरूप जिल्ला प्रशासन कार्यालयबाट १ लाख रुपियाँ रकम प्राप्त गरे।

**(५) दुर्गाबहादुर साहनी**

जन्म मिति/उमेर : २०२० माघ २० गते/३८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन ३ गते
घटनास्थल : रुपन्देही जिल्ला बुटवल नपा
पेशा : राजनीति (नेकपा माओवादी)
स्थायी ठेगाना : बाग्लुङ जिल्ला हटिया गाविस -३, घुस्तुङ
बाबुको नाम : पहलसिंह साहनी
आमाको नाम : तिलकुमारी साहनी
पति/पत्नीको नाम : डम्बरकुमारी साहनी
छोरा/छोरी सङ्ख्या : २/१

**विवरण**

हटिया गाविस-३ धुम्तुङ निवासी भारतमा रोजगारीमा गएका ३८ वर्षीय दुर्गाबहादुर साहनीलाई ०५८ फागुन ३ गते भारतबाट घर फर्कने क्रममा बुटवलबाट संयुक्त सुरक्षाकर्मीले नियन्त्रणमा लिई बेपत्ता बनाए। बुटवलबाट बाग्लुङ फोन गरी हिड्ने समयमा बेपत्ता भएको पत्नी डम्बरकुमारी साहनीले बताइन्। परिवारले राहत स्वरूप जिल्ला प्रशासन कार्यालयबाट १ लाख रुपियाँ रकम प्राप्त गरे।

**(६) रामबहादुर विक**

जन्म मिति/उमेर : २०३८ माघ २१ गते/२० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ पुस २७ गते
घटनास्थल : बाग्लुङ जिल्ला भिडगिठे गाविस-१
स्थायी ठेगाना : बाग्लुङ जिल्ला दर्लिङ गाविस-२

**विवरण**

दर्लिङ गाविस-२ निवासी २० वर्षीय रामबहादुर विकलाई नेकपा माओवादीको आरोपमा ०५८ पुस २७ गते सुरक्षाकर्मीले नियन्त्रणमा लिइ डेढ

महिनासम्म भिमगीठे स्थित सेनाको क्याम्पमा राखेको र त्यसपछि विकको अवस्था हालसम्म अज्ञात रहेको परिवारको सदस्यले बताए। परिवारले क्षतिपूर्ति नेपाल सरकारबाट १ लाख रुपियाँ रकम प्राप्त गरे।

(७) **नरेश छन्त्याल**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३३ वैशाख १/२७ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० चैत ७ गते |
| घटनास्थल | : | बाग्लुङ जिल्ला तमान गाविस-९ लाममेला |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | बाग्लुङ जिल्ला तमान गाविस-९, लाममेला |
| बाबुको नाम | : | ज्ञानबहादुर छन्त्याल |
| आमाको नाम | : | चन्द्रमती छन्त्याल |

**विवरण**



तमान गाविस-९ निवासी २७ वर्षीय नरेश छन्त्याल घरमा सुतिरहेको समयमा ०६० चैत ७ गते देखि बेपत्ता भए। रातीको समयमा सुरक्षाकर्मीले गाउँमा गस्ती गरेको र उनी सुतेको कोठाबाट बेपत्ता भएकाले घर परिवारले सुरक्षाकर्मीले नियन्त्रणमा लिएको बताएको छ। परिवारले राहतस्वरूप जिल्ला प्रशासन कार्यालयबाट रु.१ लाख रकम प्राप्त गरे।

(८) **दिलमाया विक**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४२ वैशाख १२/१७ वर्ष |
| लिङ्ग | : | महिला |
| घटना मिति | : | २०५९ जेठ २३ गते |
| घटनास्थल | : | बाग्लुङ जिल्ला बुङगादोभान गाविस-७ |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | बाग्लुङ जिल्ला खुङखानी गाविस-३ |
| बाबुको नाम | : | हर्कबहादुर विक |
| आमाको नाम | : | गोरीकला विक |
| पति/पत्नीको नाम | : | भरतबहादुर विक |

**विवरण**



खुङखानी गाविस-३ भालुवाङ घर भई बुङगादोभान गाविस-७ स्थित माइतीघरमा गएको १७ वर्षीया दिलमाया विकलाई ०५९ जेठ २३ गते संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। गर्भवती अवस्थामा रहेकी दिलमायाको गिरफ्तार गरेकै दिन देखि अवस्था अज्ञात रहेको परिवारले जनाएको छ। परिवारले राहतस्वरूप जिल्ला प्रशासन कार्यालयबाट रु. १ लाख रकम प्राप्त गरे।

(९) **गङ्गाबहादुर पुनमगर**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३१ मङसिर/२८ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ जेठ/२३ |
| घटनास्थल | : | बाग्लुङ जिल्ला बुङगादोभान गाविस-९ |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | बाग्लुङ जिल्ला बुङगादोभान गाविस-८, लिगा |
| बाबुको नाम | : | वृषमान पुनमगर |
| आमाको नाम | : | छवकिला पुनमगर |
| पति/पत्नीको नाम | : | खीमकुमारी पुनमगर |
| छोरा/छोरी सङ्ख्या | : | १ |

**विवरण**

बुङगादोभान गाविस-८ लिगा निवासी मानसिक सन्तुलन ठिक नभएका ३० वर्षीय गङ्गाबहादुर पुनमगरलाई माओवादीको आरोपमा ०५९ जेठ २३ गते बोङगादोभान गाविस-९ मनसिल्फुङबाट संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाएको थियो। छिमेकीको घरमा गएको समयमा गिरफ्तार गरेको र सोही दिन देखि सम्पर्क नभएको परिवारका सदस्यले बताए। पीडितको श्रीमतीले अर्को विवाह गरेको र छोरा तिलक पुनमगर मावलीकोमा बसेका छन्। परिवाले राहतस्वरूप रेडक्रस र जिल्ला प्रशासन कार्यालयबाट १ लाख १० हजार रकम प्राप्त गरे।

(१०) **कुलबहादुर खत्री क्षेत्री**

जन्म मिति/उमेर : २०२८ असोज १५ गते/३१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ २३ गते
घटनास्थल : बाग्लुङ जिल्ला बुङगादोभान गाविस-९
पेशा : कृषि
स्थायी ठेगाना : बाग्लुङ जिल्ला बुङगादोभान गाविस-९, मनसुन सिल्फुङ
बाबुको नाम : रेवतीलाल खत्री
आमाको नाम : ताराकुमारी खत्री
पति/पत्नीको नाम : जितकुमारी खत्री
छोरा/छोरी सङ्ख्या : १/३

**विवरण**



बुङगादोभान गाविस-९ मनसुन सिल्फुङका ३१ वर्षीय कुलबहादुर खत्री क्षेत्रीलाई नेकपा माओवादीको आरोपमा संयुक्त सुरक्षाकर्मीले ०५९ जेठ २३ गते गोठ छाड्दै गरेको समयमा घरबाट गिरफ्तार गरी बेपत्ता बनायो। खत्रीसँगै अन्य पाँच जनालाई एकै दिन गिरफ्तार गरेकोमा सबैजना बेपत्ता छन्। परिवारले राहतस्वरूप रेडक्रस र जिल्ला प्रशासन कार्यालयबाट रु. १ लाख १० हजार रकम प्राप्त गरे।

(११) **हेमलाल खत्री**

जन्म मिति/उमेर : २०३१ कात्तिक २१/२८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ २३ गते
घटनास्थल : बाग्लुङ जिल्ला बुङगादोभान गाविस-९
पेशा : कृषि
स्थायी ठेगाना : बाग्लुङ जिल्ला बुङगादोभान गाविस-९, मनसुन सिल्फुङ
बाबुको नाम : रेवतीलाल खत्री
आमाको नाम : ताराकुमारी खत्री
पति/पत्नीको नाम : लालकुमारी खत्री
छोरा/छोरी सङ्ख्या : १

**विवरण**




बुङगादोभान गाविस-९ निवासी २८वर्षीय हेमलाल खत्रीलाई घर नजिकैको खेतमा आलु खनिरहेको समयमा ०५९ जेठ २३ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा खेतबाटै गिरफ्तार गरी भीमगीठे ब्यारेकमा लगे। गिरफ्तार गरेको दिनदेखि नै बेपत्ता रहेको पत्नी लालकुमारी खत्रीले बताइन्। परिवारले क्षतिपूर्ति स्वरूप रेडक्रस र जिल्ला प्रशासन कार्यालयबाट रु.१ लाख १० हजार रकम प्राप्त गरे।

(१२) **ढकबहादुर बस्नेत**

जन्म मिति/उमेर : २०२५ चैत/३३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ चैत २८ गते
घटनास्थल : बाग्लुङ जिल्ला नरठाँटी गाविस-१
पेशा : कृषि
स्थायी ठेगाना : बाग्लुङ जिल्ला नरठाँटी गाविस-१, चिनामली
बाबुको नाम : शिवलाल बस्नेत
आमाको नाम : टीकाकुमारी बस्नेत
पति/पत्नीको नाम : छमकुमारी बस्नेत

**विवरण**



नरठाँटी गाविस-१ चिनामलीका ३३ वर्षीय ढकबहादुर बस्नेतलाई घरमा बसीरहेको समयमा गस्तीमा गएको सुरक्षाकर्मीले माओवादी कार्यकर्ता भन्दै ०५८ चैत २ गते घरबाटै गिरफ्तार गरी लगे। २६ दिन हरिचौर स्थित सेनाको गणमा

राखी ०५८ चैत २८ गते जिल्ला प्रहरी कार्यालयमा लगेकोमा हालसम्म बस्नेतको अवस्था अज्ञात रहेको छ। परिवारले राहतस्वरूप जिल्ला प्रशासन कार्यालयबाट रु. १ लाख रकम प्राप्त गरे।

(१३) **सुरेश विक**

जन्म मिति/उमेर :२०४० साउन १५ गते/२७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ ०९ गते
घटनास्थल : दाङ जिल्ला
पेशा : राजनीति (अनेरास्ववियू क्रान्तिकारी, केन्द्रीय सदस्य)
स्थायी ठेगाना : बाग्लुङ जिल्ला कालिका नपा-६
बाबुको नाम : अणकमान विक
आमाको नाम : मैनाकुमारी विक

**विवरण**



बाग्लुङ नपा-६ ढिकिचौर निवासी अनेरास्ववियू क्रान्तिकारी केन्द्रिय सदस्य २७ वर्षीय सुरेश विक ०५८ पुस ४ गते विहान घरबाट पार्टी काममा जान्छु भनेर हिडेकोमा ०५९ जेठमा दाङमा सुरक्षाकर्मीले गिरफ्तार गरेको थियो। ०५९ जेठ ९ गते दाङ कारागारमा रहेको भन्ने सुनिए पनि हालसम्म उनको अवस्था अज्ञात छ। परिवारले राहतस्वरूप जिल्ला प्रशासन कार्यालयबाट १ लाख रुपियाँ रकम प्राप्त गरे।

(१४) **भीमकुमारी गौचन**

जन्म मिति/उमेर : २०१८ असार १० गते/४० वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५८ मङ्सिर १९ गते
घटनास्थल : बाग्लुङ जिल्ला तारा गाविस-१
पेशा : राजनीति (नेकपा माओवादी, कार्यकर्ता)
स्थायी ठेगाना : बाग्लुङ जिल्ला तारा गाविस-१
बाबुको नाम : दलप्रसाद शेरचन
आमाको नाम : रेमकुमारी शेरचन
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : हेमप्रसाद गौचन
छोरा/छोरी सङ्ख्या : ४/१

**विवरण**



तारा गाविस-१ निवासी ४० वर्षीया भीमकुमारी गौचनलाई गस्तीमा गएको सुरक्षाकर्मीले ०५८ मंसिर १९ गते घरबाट माओवादी भएको आशंकामा गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखेकोमा ०५८ मंसिर २७ गते कारागार चलान गरेको थियो। ०५८ फागुन २७ गते दाजु शेरबहादुर शेरचनलाई जिल्ला प्रहरी कार्यालयमा बोलाएर लिन जाँदा जमानीमा छोडिदिएर पुःन गिरफ्तार गरेर बेपत्ता बनायो। गौचनको अवस्था हालसम्म अज्ञात छ। परिवारले क्षतिपुर्ती स्वरूप जिल्ला प्रशासन कार्यालयबाट १ लाख रुपियाँ रकम प्राप्त गरे।

## शाही नेपाली सेनाबाट

(१५) **वाजिन्द्र घर्तीमगर**

जन्म मिति/उमेर : २०३६ असार १० गते/२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ मङ्सिर १९ गते
घटनास्थल : बाग्लुङ जिल्ला तारा गाविस-७
पेशा : कृषि
स्थायी ठेगाना : बाग्लुङ जिल्ला तारा गाविस-७
बाबुको नाम : बलवीर घर्तीमगर
आमाको नाम : डिला घर्तीमगर
वैवाहिक स्थिति : विवाहित
छोरा/छोरी सङ्ख्या : २

**विवरण**



तारा गाविस-७ निवासी २२ वर्षीय वाजिन्द्र घर्तीमगरलाई घरमा बसिरहेको समयमा नेपाली सेनाको टोलीले ०५८ मङ्सिर १९ गते नियन्त्रणमा लिएर सदरमुकाम लगेका थिए। त्यसपछि छाड्ने नाममा आफन्तलाई बोलाएर हस्ताक्षर गराएपछि पुन: नियन्त्रणमा लिएर ०५८ फागुन २७ गते देखि बेपत्ता बनाएका थिए। परिवाले क्षतिपूर्ति स्वरूप जिल्ला प्रशासन कार्यालयबाट १ लाख रुपियाँ प्राप्त गरे।

(१६) **गणेश केसी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४४ जेठ ५/१४वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ फागुन १२ गते |
| घटनास्थल | : बाग्लुङ जिल्ला नारायणस्थान गाविस |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : बाग्लुङ जिल्ला राङखानी गाविस-७, डाँडापाटा |
| बाबुको नाम | : विमल केसी |
| आमाको नाम | : नन्दकली केसी |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



राङखानी गाविस-७ डाँडापाटाका १४ वर्षीय गणेश केसीलाई ०५८ वैशाखमा घरबाटै नेकपा माओवादीले बोलाएर जैदीबाट पार्टी काममा भन्दै लगे। उनीहरूले ६/७ महिना पार्टी काममा लगेको र त्यसपछि नेकपा माओवादीको कब्जाबाट सेनाले लग्यो। बाग्लुङमा ६/७ महिना राख्यो। पोखरामा पनि देखियो। त्यसपछि केसीको अवस्था हालसम्म अज्ञात रहेको बाबु बिमल केसीले बताए। परिवाले क्षतिपूर्ति स्वरूप जिल्ला प्रशासन कार्यालयबाट १ लाख रुपियाँ रकम प्राप्त गरे।

(१७) **सूर्यप्रसाद शर्मा**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२० असोज ११ गते/३८ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ माघ १ गते |
| घटनास्थल | : बाग्लुङ जिल्ला कालिका नपा |
| पेशा | : राजनीति (नेकपा माओवादी, कार्यकर्ता) |
| स्थायी ठेगाना | : बाग्लुङ जिल्ला कालिका नपा-२, श्रीनगरटोल |
| बाबुको नाम | : नन्दराम शर्मा |
| आमाको नाम | : नन्दकली शर्मा |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : जसोदा शर्मा |
| छोरा/छोरी सङ्ख्या | : १/२ |

**विवरण**



बाग्लुङ जिल्ला कालिका नपा-२ निवासी ३८ वर्षीय सूर्यप्रसाद शर्मा घरमा सुतिरहेको समयमा ०५८ माघ १ गते सेना आएर बाहिर निस्कनु तपाईसँग केही बुझ्नु छ भनेर लगेको परिवारले बताए। त्यसपछि जिउँदै छन्, आउँछन् भनेर भुलाए। त्यसपछि नेकपा माओवादी देखाउन जाँदा नदीमा हाम फालेर मृत्यु भएको भन्ने जानकारी घरपरिवारले पाए। घटना सम्बन्धमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिमा श्रीमति जसोदा शर्माले उजुरी दिएकी छिन्। परिवारले क्षतिपुर्ती स्वरूप जिल्ला प्रशासन कार्यालयबाट १ लाख रकम प्राप्त गरे।

## पीडक पक्ष नेकपा माओवादीबाट

(१८) **तुलसीराम कँडेल**

जन्म मिति/उमेर : २०३८ कात्तिक ०२/२३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१/०८/३०
घटनास्थल : अर्घाखाँची जिल्ला सिद्धरा गाविस
पेशा : प्रहरी
स्थायी ठेगाना : बाग्लुङ जिल्ला पैयुँ थन्थाप गाविस-८
बाबुको नाम : लक्ष्मीप्रसाद कँडेल
आमाको नाम : बसन्धीरी कँडेल
पति/पत्नीको नाम : अविवाहित

**विवरण**



पैयु थन्थाप गाविस-८ मैदानडाडा निवासी सशस्त्र प्रहरी बल कालिका गण मालेपाटन पोखरा दरबन्दी भई सशस्त्र प्रहरी बल तालिम बेश चन्द्रौटा कपिलवस्तुमा कार्यरत २३ वर्षीय तुलसीराम कँडेलको ०६१ मंसिर ३० गते अर्घाखाँची जिल्लाको सिद्धधारा गाविसको सिस्त्रेखोला इलाका तर्फ गस्तीमा जाँदै गर्दा माओवादीबाट संयुक्त सुरक्षाकर्मी माथि आक्रमण भएको र कँडेल हराएका थिए। चन्द्रौटामा सशस्त्र प्रहरी उपरीक्षक दिलिपबहादुर बस्नेतले ०६२ साउन २१ गते बाबु लक्ष्मीप्रसाद कँडेललाई पत्र लेखी फेला नपरेको जनाएका छन्। परिवाले क्षतिपूर्ति स्वरूप जिल्ला प्रशासन कार्यालयबाट १ लाख रकम प्राप्त गरे।

(१९) **बिजुलीदेवी कँडेल**

जन्म मिति/उमेर : २०४० मङ्सिर २५ गते/२२ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०६२ भदौ ३ गते
घटनास्थल : बाग्लुङ जिल्ला दमेक गाविस-३
पेशा : कृषि
स्थायी ठेगाना : बाग्लुङ जिल्ला पैयुँ थन्थाप गाविस-८
बाबुको नाम : टीकाराम सापकोटा
आमाको नाम : भागीरथी सापकोटा
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : दण्डपानी कँडेल
छोरा/छोरी सङ्ख्या : १

**विवरण**



पैयु थन्थाप गाविस-८ निवासी तथा दमेक गाविस-३ माइत भएकी २२ वर्षीया बिजुलीदेवी कँडेललाई ०६२ भदौ ३ गते दलित युवकसँग अवैध सम्बन्ध रहेको आरोपमा नेकपा माओवादीमा निवेदन दिएका र सोही आधारमा नेकपा माओवादीले ०६२ भदौ १८ गते अपहरण गरी १ वर्षका लागि श्रम शिविरमा पठाएको माओवादीले बताए पनि हालसम्म उनको अवस्था अज्ञात छ। परिवारले राहतस्वरूप जिल्ला प्रशासन कार्यालयबाट १ लाख रकम प्राप्त गरे।

# ३.१४ पर्वत

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

## संयुक्त सरक्षाकर्मीबाट

(१) **बेलबहादुर क्षेत्री**

जन्म मिति/उमेर : २०३२ फागुन १५ गते/२६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ जेठ २८ गते
घटनास्थल : पर्वत जिल्ला पाङ गाविस-९
पेशा : कृषि
स्थायी ठेगाना : पर्वत जिल्ला पाङ गाविस-९, सिदाली

बाबुको नाम : शेरबहादुर क्षेत्री
आमाको नाम : लिलाकुमारी क्षेत्री
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



पाङ गाविस-९ निवासी बेलबहादुर क्षेत्री घरमा बसिरहेको अवस्थामा ०५८ जेठ २८ गते विहान ४ बजे घर घेरा हाली विहान ५ बजे नेपाली सेना दुर्गादल गुल्मका सुरक्षाकर्मीले शेरबहादुर र बेलबहादुरलाईसँगै गिरफ्तार गरी खुर्कोट गाविसमा लगेकोमा स्थानीय व्यक्तिको सहयोगमा शेरबहादुर छुटे पनि वेलबहादुर क्षेत्रीको अवस्था हालसम्म अज्ञात रहेको छ। क्षेत्रीको राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी परेको छ।

(२) **सुरज गिरी**

जन्म मिति/उमेर : २०४५ फागुन १०/१७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६२/११/०२
घटनास्थल : पर्वत जिल्ला शिवालय गाविस-२
पेशा : कृषि
स्थायी ठेगाना : पर्वत जिल्ला शिवालय गाविस-२, रोहटे
बाबुको नाम : देवानन्द गिरी
आमाको नाम : पुण्यवति गिरी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



पर्वत जिल्ला शिवालय गाविस-२ घर भई तिलाहार गाविस-६ स्थित दिदीको घरमा जाँदै गरेको अवस्थामा सुरक्षाकर्मीहरूको अपरेशन टोलीले ०६२ फागुन २ गते तिलाहारबाट गिरफ्तार गरी बेपत्ता बनाएको थियो।

## शाही नेपाली सेनाबाट

(३) **टेकबहादुर मल्ल**

जन्म मिति/उमेर : २०१८ चैत २२ गते/ ४३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ जेठ १२ गते
घटनास्थल : कास्की जिल्ला पोखरा उमनपा-१०
पेशा : कृषि
स्थायी ठेगाना : पर्वत जिल्ला लुंखुदेउराली गाविस-८,खोप
बाबुको नाम : लालबहादुर मल्ल
आमाको नाम : ललितकुमारी मल्ल
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : जमुनाकुमारी मल्ल
छोरा/छोरी सङ्ख्या : २/१

**विवरण**



पर्वत जिल्ला लुङ्खुदेउराली गाविस-८ निवासी कास्की जिल्ला पोखरा उमनपा-१० रामबजारमा पेन्सन लिनका लागी पोखरा गएको अवस्थामा ०६१ जेठ १२ गते राती ८ बजेको समयमा होटेलमा बसेको अवस्थामा नेपाली सेनाको फूलबारी ब्यारेकबाट गएको टोलीले गिरफ्तार गरी बेपत्ता पारेको थियो। सेनाको ब्यारेकमा पुग्दा एक दिन बसेको भनी जानकारी प्राप्त भएको थियो। त्यसपछि कहाँ गएको के गरेको खुल्न सकेन।

(४) **अनिल पौडेल**

जन्म मिति/उमेर : २०३८ साउन १२/२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० फागुन ६ गते
घटनास्थल : कास्की जिल्ला पोखरा उमनपा-१
पेशा : विद्यार्थी
स्थायी ठेगाना : पर्वत जिल्ला ठूलीपोखरी गाविस-९,खोरे
बाबुको नाम : दशरथ पौडेल

आमाको नाम : गुमादेवी पौडेल
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



पर्वत जिल्ला ठुलीपोखरी गाविस-९ निवासी अनिल पौडेल पृथ्वीनारायण क्याम्पस पोखरामा अध्ययन गर्न गएको अवस्थामा अखिल क्रान्तिकारीमा संलग्न भएको आशंकामा ०६० फागुन ६ गते फूलबारी ब्यारेकका सैनिकले पोखरा उमनपा-१ बगरबाट गिरफ्तार गरेको थियो। पौडेलको अवस्था हालसम्म अज्ञात रहेको छ। परिवाले क्षतिपूर्तिस्वरूप नेपाल सरकारबाट १ लाख रुपियाँ रकम प्राप्त गरे।

# ३.१५ म्याग्दी

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सरक्षाकर्मीबाट

(१) **ओमप्रसाद पुन**

जन्म मिति/उमेर : २०४१ जेठ ०२/१९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६०/१२
घटनास्थल : कास्की जिल्ला पोखरा उमनपा-८
पेशा : विद्यार्थी
स्थायी ठेगाना : म्याग्दी जिल्ला बरन्जा गाविस-४
बाबुको नाम : पदम पुन
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



बरन्जा गाविस-४पुर्ख्यौली घर भएका १९ वर्षीय ओमप्रसाद पुनलाई अमरसिंह चोकबाट मजदुरी काम गरी डेरामा फर्कने क्रममा ०६० साल चैत महिनाको बेलुका ७ बजेतिर संयुक्त सुरक्षाकर्मीले मुस्ताङ चोकबाट गिरफ्तार गरी बेपत्ता पारे। उनको अवस्था अज्ञात रहेको छ।

### शाही नेपाली सेनाबाट

(२) **दिलबहादुर थापामगर**

जन्म मिति/उमेर : २०२५ असार २१/२७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६२/११/०२
घटनास्थल : स्याङजा जिल्ला चित्रभञ्ज्याङ गाविस
पेशा : राजनीति ( नेकपा माओवादी, जनमुक्ति सेना)
स्थायी ठेगाना : म्याग्दी जिल्ला बरन्जा गाविस-२
बाबुको नाम : इन्द्रबहादुर थापामगर

**विवरण**

बरन्जा गाविस-२ पखेर निवासी माओवादीको जनमुक्तिसेना डिभिजनमा सदस्य २७ वर्षीय दिलबहादुर थापामगरलाई ०६२ फागुन २ गते स्याङजा जिल्लाको जौवारी आक्रमणमा सहभागी हुन गएको अवस्थामा सेनाले गिरफ्तार गरी बेपत्ता बनाए। माओवादीले भने स्याङजा जिल्लाको चित्रे भञ्ज्याङमा सेन्टी बसेको अवस्थामा थापालाई नेपाली सेनाले गिरफ्तार गरी बेपत्ता पारेको बताएको छ।

# मध्य पश्चिमाञ्चल

४.१ दाङ
४.२ प्युठान
४.३ रोल्पा
४.४ सल्यान
४.५ रुकुम
४.६ बाँके
४.७ बर्दिया
४.८ सुर्खेत
४.९ जाजरकोट
४.१० दैलेख
४.११ डोल्पा
४.१२ जुम्ला
४.१३ कालीकोट
४.१४ मुगु
४.१५ हुम्ला

# ४.१ दाङ

## पीडक राज्यपक्षबाट (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

## संयुक्त सुरक्षाकर्मीबाट

**(१) दिलबहादुर कामी**

जन्ममिति/उमेर : २०४१ जेठ १०/ १७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ वैशाख १२
घटनास्थल : दाङ जिल्ला हलवार गाविस-९, रातापहरा
पेशा : राजनीति
स्थायी ठेगाना : दाङ जिल्ला हलवार गाविस-९
बाबुको नाम : चित्रबहादुर कामी
आमाको नाम : चित्रा कामी
अन्य आश्रित सङ्ख्या : ४

**विवरण**

हलवार गाविस-९ निवासी १७ वर्षीय दिलबहादुर कामीलाई ०५८ वैशाख १२ गते हलवार गाविस-९ रातापहराबाट सुरक्षाफौजले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा माओवादीका कार्यकर्ता थिए। जिल्ला प्रशासन कार्यालय दाङले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

**(२) गिरिराज पोखेल**

जन्ममिति/उमेर : २०४२ वैशाख२९/१८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० मङ्सिर १६
घटनास्थल : गोवरडिहा गाविस-९, भैसेखुट्टी
पेशा : विद्यार्थी
स्थायी ठेगाना : दाङ जिल्ला गोवरडिहा गाविस-७, घटैनी
बाबुको नाम : चुडामणि पोखेल
आमाको नाम : इश्वरा पोखेल
अन्य आश्रित सङ्ख्या : ७

**विवरण**

गोवरडिा गाविस-७ निवासी १८ वर्षीय गिरिराज पोखेललाई ०६० मङ्सिर १६ गते सर्चमा गएको सुरक्षाफौजले गोवरडिहा गाविस-९ भैंसुखट्टीबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा माओवादी आबद्ध विद्यार्थी संगठन अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ता थिए। जिल्ला प्रशासन कार्यालय दाङले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

**(३) केदारनाथ चौधरी**

जन्ममिति/उमेर : २०३२ मङ्सिर १५ गते २७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख ६
घटनास्थल : दाङ जिल्ला बेला गाविस-२, कटेवेरुवा
पेशा : कृषि
स्थायी ठेगाना : दाङ जिल्ला बेला गाविस-२, कटेवेरुवा
बाबुको नाम : ओममस्त चौधरी
आमाको नाम : कृष्णकुमारी चौधरी
पति/पत्नीको नाम : सुमित्रा चौधरी
छोरा/छोरी सङ्ख्या : १/१
अन्य आश्रित सङ्ख्या : ७

**विवरण**



बेला गाविस-२ कटवेरुवा निवासी २७ वर्षीय केदारनाथ चौधरीलाई ०५९ वैशाख ६ गते सुरक्षाफौजले सोही गाउँको घर छाउन र काठको काम गर्न लागेको अवस्थामा दुलिराम चौधरीको घरबाट माओवादीको आशंकामा गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

सोही घटनामा चौधरी सहित सात जनालाई सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाएका थिए।

(४) **ज्ञानु चौधरी**

जन्ममिति/उमेर : २०४३ भदौ ५/१५ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५८ पुस २७ गते
घटनास्थल : दाङ जिल्ला बेला गाविस-२, कटवेरुवा
पेशा : विद्यार्थी
स्थायी ठेगाना : दाङ जिल्ला बेला गाविस-२, कटवेरुवा
बाबुको नाम : जिउरखन चौधरी
आमाको नाम : विष्नी चौधरी
अन्य आश्रित सङ्ख्या : ५

**विवरण**

बेला गाविस-२ कटवेरुवा निवासी १५ वर्षीय ज्ञानु चौधरीलाई ०५८ पुस २२ गते माओवादीको आशंकामा सुरक्षाफौजले राजपुर गाविस-९ वनकट्टिबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा माओवादीसँग आवद्ध अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ता थिए। सोही घटनामा सुरक्षाफौजले उनीसहित दुईजनालाई गिरफ्तार गरी बेपत्ता बनाएका थिए।

(५) **खिमबहादुर पुन**

जन्ममिति/उमेर : २००९ भदौ १६ गते ५० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख ६ गते
घटनास्थल : दाङ जिल्ला बेला गाविस-२ कटवेरुवा
पेशा : कृषि
स्थायी ठेगाना : दाङ जिल्ला बेला गाविस-२, कटवेरुवा
बाबुको नाम : सहवीर पुन
आमाको नाम : धनी पुन
पति/पत्नीको नाम : अमृता पुन र मेची पुन
छोरा/छोरी सङ्ख्या : ३/५
अन्य आश्रित सङ्ख्या : ७

**विवरण**

बेला गाविस-२ निवासी ५० वर्षीय खिमबहादुर पुनलाई ०५९ वैशाख ६ गते घर छाउन लागेको अवस्थामा सुरक्षाफौजले माओवादीको आरोपमा गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

(६) **धनीराम चौधरी**

जन्ममिति/उमेर : २०३३/ २६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख ६ गते
घटनास्थल : दाङ जिल्ला बेला गाविस-२, कटवेरुवा
पेशा : कृषि
स्थायी ठेगाना : दाङ जिल्ला बेला गाविस-२, कटवेरुवा
बाबुको नाम : कालीराम चौधरी
आमाको नाम : बिस्री चौधरी
पति/पत्नीको नाम : मीना चौधरी
छोरा/छोरी सङ्ख्या : ०/२
अन्य आश्रित सङ्ख्या : १

**विवरण**

बेला गाविस-२ कटवेरुवा निवासी २६ वर्षीय धनीराम चौधरीलाई ०५९ वैशाख ६ गते गाउँलेको घर छाउँदै गरेको अवस्थामा लमही र हेलिकोप्टरबाट आएको सुरक्षाफौजले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

(७) **उदयराम चौधरी (उदैराम)**

जन्ममिति/उमेर : २०२२ साउन १५ गते ३७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख ६ गते
घटनास्थल : दाङ जिल्ला बेला गाविस-२, कटवेरुवा
पेशा : कृषि
स्थायी ठेगाना : दाङ जिल्ला बेला गाविस-२, कटवेरुवा

बाबुको नाम : गंगाराम चौधरी
आमाको नाम : शिउपति चौधरी
पति/पत्नीको नाम : कालिमैया चौधरी
छोरा/छोरी सङ्ख्या : ५/०

**विवरण**



बेला गाविस-२ कटवेरुवा निवासी ३७ वर्षीय उदयराम चौधरीलाई ०५९ वैशाख ६ गते गाउँलेको घर छाउँदै गरेको अवस्थामा लमही र हेलिकोप्टरबाट आएको सुरक्षाफौजले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

(८) **प्रेमबहादुर नेपाली**

जन्ममिति/उमेर : २०२४ चैत १५ गते
३५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख ६ गते
घटनास्थल : दाङ जिल्ला बेला गाविस-२, कटवेरुवा
पेशा : कृषि
स्थायी ठेगाना : दाङ जिल्ला बेला गाविस-२, कटवेरुवा
बाबुको नाम : सोमन्ते दमाई
आमाको नाम : राधा दमाई
पति/पत्नीको नाम : दीपा नेपाली
छोरा/छोरी सङ्ख्या : १/०

**विवरण**



बेला गाविस-२ कटवेरुवा निवासी ३५ वर्षीय प्रेमबहादुर नेपालीलाई ०५९ वैशाख ६ गते गाउँमा बसिरहेको अवस्थामा लमही र हेलिकोप्टरबाट आएको सुरक्षाफौजले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

(९) **भीमबहादुर चौधरी**

जन्ममिति/उमेर : २०२८ भदौ ६ गते
३१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख ६ गते
घटनास्थल : दाङ जिल्ला बेला गाविस-२, कटवेरुवा
पेशा : कृषि
स्थायी ठेगाना : दाङ जिल्ला बेला गाविस-२, कटवेरुवा
बाबुको नाम : सन्तुराम चौधरी
आमाको नाम : सुन्दरी चौधरी
पति/पत्नीको नाम : सीता चौधरी
छोरा/छोरी सङ्ख्या : ०/३

**विवरण**

बेला गाविस-२ कटवेरुवा निवासी ३१ वर्षीय भीमबहादुर चौधरीलाई ०५९ वैशाख ६ गते गाउँलेको घर छाउँदै गरेको अवस्थामा लमही र हेलिकोप्टरबाट आएको सुरक्षाफौजले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

(१०) **हरीलाल चौधरी**

जन्ममिति/उमेर : २०२८/ ३१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख ६ गते
घटनास्थल : दाङ जिल्ला बेला गाविस-२, कटवेरुवा
पेशा : कृषि
स्थायी ठेगाना : दाङ जिल्ला बेला गाविस-२, कटवेरुवा
बाबुको नाम : रामलाल चौधरी
आमाको नाम : दुखनी चौधरी
पति/पत्नीको नाम : अविवाहित

**विवरण**



बेला गाविस-२ कटवेरुवा निवासी ३१ वर्षीय हरिलाल चौधरीलाई ०५९ वैशाख ६ गते गाउँलेको घर छाउँदै गरेको अवस्थामा लमहीबाट

आएको सुरक्षाफौजले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

(११) **निर्मल रावत**

जन्ममिति/उमेर : २०४० असार २ गते
१८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ पुस २ गते
घटनास्थल : दाङ जिल्ला सोनपुर गाविस-६, सुनडवरी
पेशा : राजनीति
स्थायी ठेगाना : दाङ जिल्ला गोवरडिया गाविस-९, सुपैया
बाबुको नाम : विष्णुबहादुर रावत
आमाको नाम : जिवादेवी रावत
पति/पत्नीको नाम : रोषणी रावत
अन्य आश्रित सङ्ख्या : ४

**विवरण**



गोवरडिहा गाविस-९ निवासी १८ वषीय निर्मल रावतलाई २०५८ पुस २ गते माओवादीको आरोपमा लमहीबाट गएको सुरक्षाफौजले सोनपुर गाविस-६ सुनडगरीबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा माओवादीका कार्यकर्ता थिए। जिल्ला प्रशासन कार्यालय दाङले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(२) **रोशनी थापा क्षेत्री**

जन्ममिति/उमेर : २०३८ चैत ६ गते
२१ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५९ जेठ ९ गते
घटनास्थल : दाङ जिल्ला बेला गाविस-४, बेला जङ्गल
पेशा : राजनीति
स्थायी ठेगाना : दाङ जिल्ला धनौरी गाविस-७, खैरेनी
बाबुको नाम : मुरलीमनोहर थापा क्षेत्री
आमाको नाम : विमला थापा क्षेत्री
पति/पत्नीको नाम : निर्मल रावत

**विवरण**



धनौटी गाविस-७ खैरेनी निवासी २१ वर्षीय रोशनी थापा क्षेत्रीलाई ०५९ जेठ ९ गते माओवादीको आरोपमा संयुक्त सुरक्षाफौजले बेला गाविस बेलाको जङ्गलबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा माओवादी जनमुक्ति सेना थिए। जिल्ला प्रशासन कार्यालय दाङले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(१३) **गीता घर्तीमगर**

जन्ममिति/उमेर : २०४१ साउन १ गते
१७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन १० गते
घटनास्थल : दाङ जिल्ला गढवा गाविस-९, चन्दनपुर
पेशा : राजनीति
स्थायी ठेगाना : दाङ जिल्ला गोवरडिहा गाविस-९, सुपैला
बाबुको नाम : जितबहादुर घर्तीमगर
आमाको नाम : गौमती घर्तीमगर
अन्य आश्रित सङ्ख्या : ८

**विवरण**



गोवरडिया गाविस-९ सुपैला निवासी माओवादी कार्यकर्ता १७ वर्षीय गीता घर्तीमगरलाई ०५८ फागुन १० गते सुरक्षाफौजले गढवा गाविस-९ चन्दनपुरबाट

गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा माओवादीका कार्यकर्ता थिए। जिल्ला प्रशासन कार्यालय दाङले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(१४) **माया चौधरी**

| | |
|---|---|
| जन्ममिति/उमेर | : २०४१ पुस ९ गते १७ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ जेठ २३ गते |
| घटनास्थल | : दाङ जिलला बेला गाविस |
| पेशा | : राजनीति |
| स्थायी ठेगाना | : दाङ जिल्ला गोवरडिहा गाविस-८ |
| बाबुको नाम | : भरत चौधरी |
| आमाको नाम | : दशहरी चौधरी |
| अन्य आश्रित सङ्ख्या | : ८ |

**विवरण**



गोवरडिया गाविस-८ निवासी १७ वर्षीया माया चौधरीलाई ०५८ जेठ २३ गते दिउँसो सर्चमा गएको सुरक्षाकर्मीले बेलाबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा माओवादीका कार्यकर्ता थिए।

(१५) **बलदेव चौधरी**

| | |
|---|---|
| जन्ममिति/उमेर | : २०३९ कार्तिक १५ गते/ १९ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ पुस २ गते |
| घटनास्थल | : दाङ जिल्ला सोनपुर गाविस-२, सुनडवरी |
| पेशा | : राजनीति |
| स्थायी ठेगाना | : दाङ जिल्ला गोवरडिहा गाविस-७ |
| बाबुको नाम | : लक्ष्मण चौधरी |
| आमाको नाम | : पुतली चौधरी |
| पति/पत्नीको नाम | : अविवाहित |

**विवरण**



गोवरडिहा गाविस-७ निवासी १९ वर्षीय बलदेव चौधरीलाई २०५८ पुस २ गते माओवादीको आरोपमा सुरक्षाफौजले सोनपुर गाविस- २ बाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा माओवादीका कार्यकर्ता थिए।

(१६) **मानबहादुर चौधरी**

| | |
|---|---|
| जन्ममिति/उमेर | : २०३१/ २८ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ मङ्सिर ११ गते |
| घटनास्थल | : बाँके जिलला नेपालगञ्ज नपा |
| पेशा | : राजनीति |
| स्थायी ठेगाना | : दाङ जिल्ला गोलटाकुरी गाविस-४ |
| बाबुको नाम | : गुरीलाल चौधरी |
| आमाको नाम | : वसन्ती चौधरी |
पति/पत्नीको नाम : अविवाहित

**विवरण**

कोटगाउँ गाविस-१ माडिचौर निवासी २४ वर्षीय मानबहादुर थापामगरलाई २०५५ माघ १३ गते माओवादीको आरोपमा प्रहरीले बाँके जिल्ला फत्तेपुर गाविसबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा माओवादीका पार्टी सदस्य थिए। जिल्ला प्रशासन कार्यालय रोल्पाले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(२३) **कुलप्रसाद बुढामगर**

जन्ममिति/उमेर : २०३८ असोज ७ गते १७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ माघ ९ गते
घटनास्थल : रोल्पा जिल्ला जङ्कोट गाविस-४
पेशा : राजनीति
स्थायी ठेगाना : रोल्पा जिल्ला जङ्कोट गाविस-१, माडिचौर
बाबुको नाम : भानसिंह बुढा
आमाको नाम : मधु बुढा
पति/पत्नीको नाम : अविवाहित
अन्य आश्रित सङ्ख्या : २

**विवरण**

जङ्कोट गाविस-१ माडिचौर निवासी १७ वर्षीय



कुलप्रसाद बुढामगरलाई २०५५ माघ ९ गते बिहान प्रहरीले माओवादीको आरोपमा जङ्कोट गाविस-३ जङ्कोटबाट गिरफ्तार गरी सदरमुकामस्थित जिल्ला प्रहरी कार्यालय लिवाङ्ग लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा माओवादीका जनमिलिसिया थिए। जिल्ला प्रशासन कार्यालय रोल्पाले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

## नेकपा (माओवादी) बाट

(२४) **लनै बुढामगर**

जन्ममिति/उमेर : २०४२ भदौ १ गते १३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ फागुन १० गते
घटनास्थल : रोल्पा जिल्ला जेलवाङ गाविस-५
स्थायी ठेगाना : रोल्पा जिल्ला जेलवाङ गाविस-४, ठूलोगाउँ
बाबुको नाम : शंखरे बुढामगर
आमाको नाम : गौना बुढामगर
पति/पत्नीको नाम : अविवाहित

**विवरण**

जेलवाङ गाविस-४ ठूलोगाउँ निवासी १३ वर्षीय लनै बुढामगरलाई २०५५ फागुन १० गते माओवादी विरुद्ध सुराकी गरेको आरोपमा नेकपा माओवादीका कार्यकर्ताले सोही गाविस-५ बुर्तिवाङको गोठबाट अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

(२५) **रामचन्द्र थापाक्षेत्री**

जन्ममिति/उमेर : २०१७ जेठ ८ गते ४२ वर्ष
लिङ्ग : पुरुष

घटना मिति : २०५९ वैशाख १७ गते
घटनास्थल : रोल्पा जिल्ला तेवाङ गाविस-१
पेशा : राजनीति
स्थायी ठेगाना : रोल्पा जिल्ला तेवाङ गाविस-१, धाराघर्तीटोल
बाबुको नाम : गजेन्द्र थापा
आमाको नाम : कालु थापा
पति/पत्नीको नाम : तामकली थापा
छोरा/छोरी सङ्ख्या : ३/३

**विवरण**

तेवाङ गाविस-३ धाराघर्तीटोल निवासी ४२ वर्षीय रामचन्द्र थापा क्षेत्रीलाई २०५९ वैशाख १७ गते माओवादी विरुद्ध सुराकी गरेको आरोपमा माओवादीले घरबाट अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी राप्रपा नेपालका कार्यकर्ता थिए। जिल्ला प्रशासन कार्यालय रोल्पाले पीडित परिवारलाई १ लाख ५० हजार रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ। उनको हत्या गरिएको आशंका गरिएको छ।

(२६) **त्रीषन घर्तीमगर**

जन्ममिति/उमेर : २०२०/ ३९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ कार्तिक २८ गते
घटनास्थल : रोल्पा जिल्ला घर्तिगाउँ गाविस
पेशा : जागिर
स्थायी ठेगाना : रोल्पा जिल्ला घर्तिगाउँ गाविस-१, घर्तिगाउँ
पति/पत्नीको नाम : त्रिपना घर्तिमगर
छोरा/छोरी सङ्ख्या : २/३

**विवरण**

घर्तीगाउँ गाविस-१ घर्तिगाउँका ३९ वर्षीय त्रिषन घर्तिमगरलाई २०५९ कार्तिक १८ गते माओवादी विरुद्ध काम गरेको आरोपमा माओवादी कार्यकर्ताले अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी जिल्ला हुलाक कार्यालय घर्तिगाउँका हुलाकी थिए। जिल्ला प्रशासन कार्यालय रोल्पाले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ। उनको हत्या गरिएको आशंका गरिएको छ। पीडितलाई हत्या गरिएको आशंका गरिएको छ तर माओवादीले सार्वजनिक गरेका छैनन्।

(२७) **मुलकुमार बुढामगर**

जन्ममिति/उमेर : २०३३/ २१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५४ असार २६ गते
घटनास्थल : रोल्पा जिल्ला थवाङ गाविस-९
पेशा : राजनीति
स्थायी ठेगाना : रोल्पा जिल्ला थवाङ गाविस-७, कोइजाङ
बाबुको नाम : दिलबहादुर बुढा
आमाको नाम :

**विवरण**

थवाङ गाविस-७ का २१ वर्षीय मुलबहादुर बुढामगरलाई २०५४ असार २६ गते बिहान माओवादी पार्टी विरुद्ध लागेको आरोपमा सोही गाविस-८ आगेवाङ जान लाग्दा बाटोबाट नेकपा माओवादीले अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेपाली काङ्ग्रेसका कार्यकर्ता थिए।

# ४.४ सल्यान

## पीडक राज्यपक्षबाट (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

## संयुक्त सुरक्षाकर्मीबाट

(१) **डोटीराम परियार**

जन्ममिति/उमेर : २०४० पुस २५ गते
१८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन १९ गते
घटनास्थल : सल्यान जिल्ला धनवाङ गाविस-१
पेशा : ज्यालादारी
स्थायी ठेगाना : सल्यान जिल्ला सिद्धेश्वरी गाविस-६, डाँडाकटेरी
बाबुको नाम : नरबहादुर दमाई
आमाको नाम : मनी दमाई
पति/पत्नीको नाम : डवली परियार
छोरा/छोरी सङ्ख्या : १/०

**विवरण**

सिद्धेश्वरी गाविस-६ डाँडाकोटी निवासी १८ वर्षीय डोटीराम परियारलाई २०५९ फागुन १९ गते सुरक्षाकर्मीले धनवाङ गाविस-१ कपुरकोटबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनको परिवारलाई सुरक्षाकर्मीले तपाईको छोरा हामीसँग छ उसले सिलाई कटाइको सिप जानेको छ त्यसकारण ४-५ वर्ष दुःख पाउँछ भनेर कपुरकोट रिपिटर टावरका सुरक्षाकर्मीले बताए। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(२) **छविलाल डिसी**

जन्ममिति/उमेर : २०२८/ २८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० माघ २८ गते
घटनास्थल : बाँके जिल्ला महादेवपुरी गाविस-८
पेशा : कृषि
स्थायी ठेगाना : सल्यान जिल्ला कोर्वाङ झिम्पे गाविस-४, ठूलोखर्क
बाबुको नाम : भोलाल डाँगी
आमाको नाम : रूपी डाँगी
पति/पत्नीको नाम : अविवाहित

**विवरण**

कोर्वाङ झिम्पे गाविस-४ ठूलोखर्क निवासी २८ वर्षीय छविलाल डिसीलाई २०६० माघ २८ गते राति शमशेरगञ्जबाट गएको संयुक्त सुरक्षाफौजले बाँके जिल्ला महादेवपुरी गाविस-८ पेरारीबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनको परिवार काठमाडौं जिल्लास्थित सुकेधारामा २०६० माघ २८ गते विस्थापित भएकोमा २०६३ सालमा पुनर्स्थापित भएका छन्। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

## शाही नेपाली सेनाबाट

(३) **शोभे राना**

जन्ममिति/उमेर : २०२६ वैशाख ५ गते
४१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ भदौ २९ गते
घटनास्थल : बर्दिया जिल्ला
पेशा : कृषि
स्थायी ठेगाना : सल्यान जिल्ला मर्मपरीकाडा गाविस-६, रागेचौर
बाबुको नाम : नाउरो राना
आमाको नाम : सेती राना
पति/पत्नीको नाम : डोटी राना

**विवरण**

मर्मपरीकाँडा गाविस-६ राँगेचौर निवासी ४१ वर्षीय शोभे रानालाई २०५९ भदौ २९ गते माओवादीको आरोपमा बर्दिया जिल्ला चिसापानी स्थित शाही नेपाली सेनाले गिरफ्तार गरी लगेकोमा उनको



अवस्था हालसम्म अज्ञात छ। उनी सर्वसाधारण थिए। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(४) **चोपीराम सार्की**

| | |
|---|---|
| जन्ममिति/उमेर | : २०२९ पुस १० गते ३० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ असार १७ गते |
| घटनास्थल | : सल्यान जिल्ला खलङ्गा गाविस-६ |
| पेशा | : ज्यालादारी |
| स्थायी ठेगाना | : सल्यान जिल्ला थारमारे गाविस-४, लामाडाँडा |
| बाबुको नाम | : लोकबहादुर सार्की |
| आमाको नाम | : बुद्धि सार्की |
| पति/पत्नीको नाम | : सशिली सार्की |
| छोरा/छोरी सङ्ख्या | : ०/१ |


**विवरण**



थारमारे गाविस-४ लामाडाँडा निवासी ३० वर्षीय चोपीराम सार्कीलाई २०५९ असार १७ गते माओवादीको आरोपमा शाही नेपाली सेनाले खलङ्गा गाविस-६ बाट गिरफ्तार गरी गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी सर्वसाधारण थिए। घटना सम्बन्धमा पीडितकी पत्नी सशिली सार्कीले २०५९ असोजमा सेनाले नै गिरफ्तार गरेको लगेको बताइन। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(५) **दिलाराम खत्री**

| | |
|---|---|
| जन्ममिति/उमेर | : २०३१ फागुन १ गते २७ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ पुस १५ गते |
| घटनास्थल | : सल्यान जिल्ला खलङ्गा गाविस-५ |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : सल्यान जिल्ला पिपलनेटा गाविस-५, स्याउलागाउँ |
| बाबुको नाम | : वेदप्रसाद खत्री |
| आमाको नाम | : शोवी खत्री |
| पति/पत्नीको नाम | : डब्बली देवी खत्री |
| छोरा/छोरी सङ्ख्या | : ०/३ |
| अन्य आश्रित सङ्ख्या | : १ |



**विवरण**

पिपलनेटा गाविस-५ स्याउलागाउँ निवासी २७ वर्षीय दिलाराम खत्रीलाई २०५८ पुस १५ गते शाही नेपाली सेनाले खलङ्गा गाविस-५ बाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा माओवादीबाट आत्मसमर्पण गरेका व्यक्ति थिए। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(६) **वेदबहादुर बुढाथोकी**

| | |
|---|---|
| जन्ममिति/उमेर | : २०३९ वैशाख ५ गते २० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ असार २५ गते |
| घटनास्थल | : सल्यान जिल्ला मार्के गाविस-७ |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : सल्यान जिल्ला बाफकाँडा गाविस-५, मेलकोट |
| बाबुको नाम | : खिमबहादुर बुढाथोकी |

आमाको नाम : कौशीला बुढाथोकी
पति/पत्नीको नाम : टीका बुढाथोकी (अर्को विवाह गरेको)
छोरा/छोरी सङ्ख्या : १/१

**विवरण**

बाफकाँडा गाविस-५ मेलकोट निवासी २० वर्षीय वेदबहादुर बुढाथोकीलाई २०५९ असार २५ गते शाही नेपाली सेनाले मार्के गाविस-७ बाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा माओवादीका वडा प्रमुख थिए। घटना सम्बन्धमा पीडितका आमा कौशिला बुढाथोकीले २०५९ असार २५ गते सेनाले गिरफ्तार गरेको लगेको बताइन। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(७) **हरिलाल दमाई**

जन्ममिति/उमेर : २०२७ कार्तिक ३० गते ३१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ माघ २७ गते
घटनास्थल : सल्यान जिल्ला कुपिण्डेदह गाविस-९
पेशा : ज्यालादारी
स्थायी ठेगाना : सल्यान जिल्ला कुपिण्डे दह गाविस-४, ज्यामिरे
बाबुको नाम : सार्के दमाई
आमाको नाम : रती दमाई
पति/पत्नीको नाम : गंगा परियार (अर्को विवाह गरेको)
छोरा/छोरी सङ्ख्या : २/१
अन्य आश्रित सङ्ख्या : १



**विवरण**

कुभिण्डेदह गाविस-४ ज्यामिरे निवासी ३१ वर्षीय हरिलाल दमाईलाई २०५८ माघ २७ गते नेपाली सेनाले सोही गाविस-९ बाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी सर्वसाधारण थिए। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(८) **घनश्याम डाँगी**

जन्ममिति/उमेर : २००६ असोज/ ५६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६२ असोज १ गते
घटनास्थल : सल्यान जिल्ला कालिमाटीकाल्चे गाविस-७
पेशा : पुरुष
स्थायी ठेगाना : सल्यान जिल्ला कालिमाटी काल्चे गाविस-९, सालटाकुरा
बाबुको नाम : शोभु डाँगी
आमाको नाम : कालेकल्चु डाँगी
पति/पत्नीको नाम : नन्नकली डाँगी
छोरा/छोरी सङ्ख्या : ३/३

**विवरण**



कालिमाटी काल्चे गाविस-९ सालटाकुरा निवासी ५६ वर्षीय घनश्याम डाँगीलाई २०६२ असोज १ गते शाही नेपाली सेनाले सोही गावि-७ बाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी सर्वसाधारण थिए। घटना सम्बन्धमा सोही गाविस-९ सालटाकुराका रुद्रबहादुर डाँगीले २०६२ असोज २ गते सेनाले नै गिरफ्तार गरेको लगेको बताए। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(९) **बुद्धि बुढाथोकी**

जन्ममिति/उमेर : २०३२ माघ ५ गते २७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ भदौ ३० गते

घटनास्थल : सल्यान जिल्ला त्रिवेणी गाविस-१
पेशा : राजनीति
स्थायी ठेगाना : सल्यान जिल्ला कालागाउँ गाविस-९, खोर्या खोला
बाबुको नाम : कालु बुढाथोकी
आमाको नाम : गंगी बुढाथोकी
पति/पत्नीको नाम : सर्केनी बुढाथोकी (अर्को विवाह गरेको)
छोरा/छोरी सङ्ख्या : ०/१
अन्य आश्रित सङ्ख्या : २

**विवरण**



कालागाउँ गाविस-९ खोर्याखोला निवासी २७ वर्षीय बुद्धि बुढाथोकीलाई २०५९ भदौ ३० गते शाही नेपाली सेनाले त्रिपणी गाविस-१ बाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा माओवादी सम्बद्ध विद्यार्थी संगठन अनेरास्ववियु (क्रान्तिकारी) का सदस्य थिए। घटना सम्बन्धमा कालागाउँ गाविस-२ निवासी तिलु मल्ले सेनाले नै गिरफ्तार गरेर लगेको बताइन। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(१०) **निमबहादुर वली**
जन्ममिति/उमेर :
लिङ्ग : पुरुष
घटना मिति : २०५८ माघ १२ गते
घटनास्थल : दाङ जिल्ला बिजौरी गाविस-५
पेशा : कृषि
स्थायी ठेगाना : सल्यानजिल्ला कोटबारा गाविस-४, ठूला पोखरा
बाबुको नाम : कर्णबहादुर वली
आमाको नाम : वसन्ती वली
पति/पत्नीको नाम : मीना वली
छोरा/छोरी सङ्ख्या : २/०

**विवरण**



कोटवारा गाविस-४ ठूलो पोखरा निवासी निमबहादुर वलीलाई २०५८ माघ १२ गते शाही नेपाली सेनाले दाङ जिल्ला बिजौरी गाविस-५ बाट गिरफ्तार गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी सर्वसाधारण थिए। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(११) **दलबहादुर विक**
जन्ममिति/उमेर : २०३९ असोज १७ गते २० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ असोज २१ गते
घटनास्थल : सल्यान जिल्ला खलङ्गा गाविस-२
पेशा : राजनीति
स्थायी ठेगाना : सल्यान जिलला दामाचौर गाविस-८, गातिना
बाबुको नाम : देवे कामी
आमाको नाम : सुक्मा विक
पति/पत्नीको नाम : तुल्सी विक
छोरा/छोरी सङ्ख्या : ०/१

**विवरण**

दामाचौर गाविस-८ गातिना निवासी २० वर्षीय दलबहादुर विकलाई २०५९ भदौ २१ गते शाही नेपाली सेनाले खलङ्गा गाविस-२ बाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा माओवादी सेनाका प्लाटुन कमान्डर थिए। घटना सम्बन्धमा दामाचौर गाविस-८ राम्चेका कृष्णबहादुर बस्नेतले सेनाले नै गिरफ्तार गरेको लगेको बताए। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

**(१२) पोखरराज बुढाथोकी**

जन्ममिति/उमेर : २०३२ वैशाख २ गते २६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ चैत २६ गते
घटनास्थल : काठमाडौं जिल्ला कामनपा-३५
पेशा : विद्यार्थी
स्थायी ठेगाना : सल्यान जिल्ला पिपलनेटा गाविस-९, भाटभिटे
बाबुको नाम : घमण्डा बहादुर बुढाथोकी
आमाको नाम : भेभी बुढाथोकी
पति/पत्नीको नाम : पार्वती बुढाथोकी
छोरा/छोरी सङ्ख्या : ०/१

**विवरण**



पिपलनेटा गाविस-९ भाटभिटे निवासी २६ वर्षीय पोखरराज बुढाथोकीलाई २०५८ चैत २६ गते सादा पोशाकमा आएका शाही नेपाली सेनाले काठमाडौं जिल्ला कामनपा-३५ बाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा माओवादी सम्बद्ध विद्यार्थी संगठन अनेरास्ववियु (क्रान्तिकारी) का भ्याली समन्वय समिति संयोजक थिए। घटना सम्बन्धमा पिपलनेटा गाविस-९ का मोतीराम बस्नेतले पीडितलाई भक्तपुर जिल्ला सूर्यविनायक स्थित शाही नेपाली सेनाको ब्यारेकमा राखेको बताए। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

**(१३) राजकुमार बुढाथोकी**

जन्ममिति/उमेर : २०३१ असोज १५ गते/ २७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ चैत २७ गते
घटनास्थल : सल्यान जिल्ला त्रिवेणी गाविस
पेशा : कृषि
स्थायी ठेगाना : सल्यान जिल्ला सिनवाङ गाविस-२, चौर
बाबुको नाम : रतिभान बुढाथोकी
आमाको नाम : डोटी बुढाथोकी
पति/पत्नीको नाम : पातली बुढाथोकी
छोरा/छोरी सङ्ख्या : १/१

**विवरण**



सिनवाङ गाविस-२ चौर निवासी २७ वर्षीय राजकुमार बुढाथोकीलाई २०५८ चैत २७ गते नेपाली सेनाले त्रिवेणी गाविसबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। घटना सम्बन्धमा बुझ्न जाँदा नरसिंह दल गुल्म रिपिटर टावर सुरक्षा बेस क्याम्प कपुरकोटबाट आएको गस्ती सेनाले कब्जामा लिएर लगेको र यस विषयमा जानकारी माग्दा त माओवादीको स्वास्नी होस् किन क्याम्पमा जाने त जान पाउदिनस् भनी फर्काइ दिएको पीडित परिवारले बताए। उनी सर्वसाधारण थिए। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

**(१४) बेदबहादुर बोहरा**

जन्ममिति/उमेर : २०२८ भदौ ४ गते ३१ गते
लिङ्ग : पुरुष
घटना मिति : २०५९ पुस १८ गते
घटनास्थल : सल्यान जिल्ला सिनवाङ गाविस-६
पेशा : शिक्षक
स्थायी ठेगाना : सल्यान जिल्ला सिनवाङ गाविस- ६, सानीखाला
बाबुको नाम : मनबहादुर बोहरा
आमाको नाम : आइती बोहरा
पति/पत्नीको नाम : पद्मी बोहरा
छोरा/छोरी सङ्ख्या : २/२

**विवरण**



सिनवाङ गाविस-६ सानीखाला निवासी ३१ वर्षीय वेदबहादुर बोहरालाई २०५९ पुस १८ गते शाही नेपाली सेनाले घरैबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी जानकी निमावि सिनवाङका शिक्षक थिए। घटना सम्बन्धमा सिनवाङ गाविस-६ निवासी सुशीला खड्काले २०५९ पुस २४ गते दाङ जिल्लास्थित नेपाली सेनाको ब्यारेकमा देखेको बताइन। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(१५) **रेशम बोहरा**

| | |
|---|---|
| जन्ममिति/उमेर | : २०४४ मङ्सिर ८ गते १५ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ वैशाख २० गते |
| घटनास्थल | : सल्यान जिल्ला धनवाङ गाविस-१ |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : सल्यान जिल्ला सिनवाङ गाविस-६, रातमाटा |
| बाबुको नाम | : लोकबहादुर बोहरा |
| आमाको नाम | : रूपा बोहरा |
| पति/पत्नीको नाम | : अविवाहित |

**विवरण**



सिनवाङ गाविस-६ रातमाटा निवासी १५ वर्षीय रेशम बोहरालाई २०५९ वैशाख २० गते नरसिंह दल गुल्मबाट आएको सेनाले नियन्त्रणमा लिएर लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(१६) **रत्नबहादुर दमाई**

| | |
|---|---|
| जन्ममिति/उमेर | : २०३५ माघ १८ गते २३ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ फागुन १९ गते |
| घटनास्थल | : सल्यान जिल्ला धनवाङ गाविस-१ कपुरकोट |
| पेशा | : ज्यालादारी |
| स्थायी ठेगाना | : सल्यान जिल्ला सिद्धेश्वरी गाविस-३, गोलटाकुरा |
| बाबुको नाम | : जोगी दमाई |
| आमाको नाम | : गौरी दमाई |
| पति/पत्नीको नाम | : पम्फी दमाई |
| छोरा/छोरी सङ्ख्या | : १/१ |

**विवरण**

सिद्धेशवरी गाविस-३ गोलटाकुरा निवासी २३ वर्षीय रत्नबहादुर दमाईलाई २०५८ फागुन १९ गते शाही नेपाली सेनाले धनवाङ गाविस-१ बाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडित परिवारले डर र त्रासका कारण कतै पनि उजुरी नगरेको बताए। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(१७) **गौरीलाल परियार**

| | |
|---|---|
| जन्ममिति/उमेर | : २०२९ जेठ २२ गते ३९ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ फागुन १९ गते |
| घटनास्थल | : सल्यान जिल्ला धनवाङ गाविस-१, कपुरकोट |
| पेशा | : ज्यालादारी |
| स्थायी ठेगाना | : सल्यान जिल्ला सिद्धेशवरी गाविस-६, डाँडाकटेरी |
| बाबुको नाम | : गोपीलाल दमाई |

आमाको नाम : कुमरी दमाई
पति/पत्नीको नाम : सुकी परियार
छोरा/छोरी सङ्ख्या : २/१

**विवरण**

सिद्धेश्वर गाविस-६ निवासी ३९ वर्षीय गौरीलाल परियारलाई २०५८ फागुन १९ गते शाही नेपाली सेनाले धनवाङ गाविस-१ बाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा (एमाले) निर्वाचित वडा सदस्य थिए। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

## नेपाल प्रहरीबाट

(१८) **जितबहादुर दमाई**

जन्ममिति/उमेर : २०४० माघ ५ गते
१५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ मङ्सिर २० गते
घटनास्थल : सल्यान जिल्ला
मर्मपरीकाँडा गाविस
पेशा : ज्यालादारी
स्थायी ठेगाना : सल्यान जिल्ला
मर्मपरीकाँडा गाविस-२, कोटवरा
बाबुको नाम : घने दमाई
आमाको नाम : मेवालता दमाई
पति/पत्नीको नाम : अविवाहित

**विवरण**



मर्मपरीकाँडा गाविस-२ कोटवारा निवासी १५ वर्षीय जितबहादुर दमाईलाई २०५५ मङ्सिर २० गते माओवादीको आरोपमा इलाका प्रहरी कार्यालय राँगेचौरका प्रहरीले सोही गाविस-६ बाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी सर्वसाधारण थिए। उनको परिवार २०५५ पुसमा बर्दियामा विस्थापित भएकोमा २०५५ चैतमा आफ्नै गाउँमा पुनर्स्थापित भएका छन्। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(१९) **घने दमाई**

जन्ममिति/उमेर : २००६/ ४९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ मङ्सिर २० गते
घटनास्थल : सल्यान जिल्ला
मर्मपरिकाँडा गाविस-६
पेशा : ज्यालादारी
स्थायी ठेगाना : सल्यान जिल्ला
मर्मपरिकाँडा गाविस-२, कोटवारा
बाबुको नाम : मैते दमाई
आमाको नाम : पञ्ची दमाई
पति/पत्नीको नाम : मेवालता दमाई
छोरा/छोरी सङ्ख्या : २/४

**विवरण**



मर्मपरिकाँडा गाविस-२ कोटवारा निवासी ४९ वर्षीय धने दमाईलाई २०५५ मङ्सिर २० गते इलाका प्रहरी कार्यालय राँगेचौरका प्रहरीले सोही गाविस-६ बाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी सर्वसाधारण थिए। उनको परिवार २०५५ पुसमा बर्दिया जिल्ला भोलागौडीमा विस्थापित भएकोमा २०५५ चैतमा आफ्नै गाउँमा पुनर्स्थापित भएका छन्। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(२०) **देउलाल थापा**

जन्ममिति/उमेर : २०२१ साउन ५ गते
३३ वर्ष
लिङ्ग : पुरुष

घटना मिति : २०५४ पुस १३ गते
घटनास्थल : सल्यान जिल्ला माझकाँडा गाविस-९
पेशा : राजनीति
स्थायी ठेगाना : सल्यान जिल्ला माझकाँडा गाविस-८, आँपचौर
बाबुको नाम : पिपर थापा
आमाको नाम : खिर्मी देवी थापा
पति/पत्नीको नाम : भुइली थापा (अर्को विवाह गरिसकेको)

**विवरण**



माझकाँडा गाविस-८ आँपचौर निवासी ३३ वर्षीय देउलाल थापालाई २०५४ पुस १३ गते माओवादीको आरोपमा इलाका प्रहरी कार्यालय बालुवासंग्रहीका प्रहरीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा (एमाले) का संगठित सदस्य थिए। घटना सम्बन्धमा पीडित परिवारलाई प्रहरीले गिरफ्तार नगरेको बताइए पनि माझकाँडा गाविसका हरि थापाले प्रहरीले नै गिरफ्तार गरी लगेको बताए। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(२१) **भद्रबहादुर खत्री**

लिङ्ग : पुरुष
घटना मिति : २०५५ असार ९ गते
घटनास्थल : सल्यान जिल्ला ढाकाडाम गाविस-२
पेशा : व्यापारी
स्थायी ठेगाना : सल्यान जिल्ला ढाकाडाम गाविस-१, अधेरीखोला
बाबुको नाम : नैनसिँह खत्री
पति/पत्नीको नाम : भुइली खत्री
छोरा/छोरी सङ्ख्या : २/३

**विवरण**



ढाकाडाम गाविस-१ अधेरीखोला निवासी भद्रबहादुर खत्रीलाई २०५५ पुस ३ गते सोही गाविसको बागखोर बजारबाट घरतर्फ फर्कने क्रममा बाटोबाट इलाका प्रहरी कार्यालय फारुलाबाट आएको प्रहरीको गस्ती टोलीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। घटना सम्बन्धमा ढाकाडाम गाविस-२ काँकाडाम निवासी लालविर खत्रीले २०५५ पुस २७ गते प्रहरीले नै गिरफ्तार गरी लगेको बताए। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(२२) **विजय भण्डारी**

जन्ममिति/उमेर : २०३६ असार ५ गते २० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५६ साउन १३ गते
घटनास्थल : सल्यान जिल्ला थारमारे गाविस-४
पेशा : विद्यार्थी
स्थायी ठेगाना : सल्यान जिल्ला थारमारे गाविस-७, सातपहरा
बाबुको नाम : चित्रबहादुर भण्डारी
आमाको नाम : घिनी भण्डारी
पति/पत्नीको नाम : अविवाहित

**विवरण**



थारमारे गाविस-७ सातपहरा निवासी २० वर्षीय विजय भण्डरीलाई २०५६ साउन १३ गते प्रहरीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। उनी नेकपा माओवादी सम्बद्ध

विद्यार्थी संगठन अनेरास्ववियु (क्रान्तिकारी) का एरिया कमिटी सदस्य थिए। घटना सम्बन्धमा उनका बाबु चित्रबहादुर भण्डारीले २०५६ साउन १८ गते प्रहरीले नै गिरफ्तार गरेको लगेको बताए। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

(२३) **राजु भण्डारी**

| | | |
|---|---|---|
| जन्ममिति/उमेर | : | २०३६ माघ ७ गते १९ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५५ फागुन २७ गते |
| घटनास्थल | : | सल्यान जिल्ला बन्गाढ गाविस-१ |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | सल्यान जिल्ला बन्गाढ बामे गाविस-४, बामे बाहुनगाउँ |
| बाबुको नाम | : | तिलक भण्डारी |
| आमाको नाम | : | वसुन्धरा भण्डारी |
| पति/पत्नीको नाम | : | अविवाहित |

**विवरण**

बनगढ बामे गाविस-४ बामे बाहुनगाउँ निवासी १९ वर्षीय राजु भण्डारीलाई २०५५ फागुन २७ गते नेपाल प्रहरीले सोही गाविस-१ बाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

(२४) **ज्ञानप्रकाश नेपाली**

| | | |
|---|---|---|
| जन्ममिति/उमेर | : | २०४० वैशाख १५ गते १५ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५५ फागुन २९ गते |
| घटनास्थल | : | सल्यान जिल्ला सिद्धेश्वरी गाविस-५ |
| पेशा | : | विद्यार्थी |
| स्थायी ठेगाना | : | सल्यान जिल्ला कजेरी गाविस-३, कजेरी |
| बाबुको नाम | : | लालबहादुर वादी |
| आमाको नाम | : | टीकी वादी |
| पति/पत्नीको नाम | : | अविवाहित |

**विवरण**



कजेरी गाविस-३ निवासी १५ वर्षीय ज्ञानप्रकाश नेपालीलाई २०५५ फागुन २९ गते प्रहरीले सिद्धेश्वरी गाविस-५ कुयाँफोल कालालेखबाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडितलाई चाँदे गाविस-६ निवासी लालबहादुर वादीले इलाका प्रहरी कार्यालय श्रीनगरमा २०५५ चैत २ गते देखेको बताए। पीडित परिवार इलाका प्रहरी कार्यालयमा जाँदा उनलाई जिल्ला प्रहरी कार्यालयमा लगिसकियो खलङ्गा जाउ यहाँ नआउ भनेर इलाका प्रहरी कार्यालयले भनेको र खलङ्गा जिल्ला प्रहरी कार्यालयमा जाँदा यहाँ छैन भनेर फर्काइदिए। जिल्ला प्रशासन कार्यालय सल्यानले पीडित परिवारलाई १ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराएको छ।

## नेकपा (माओवादी) बाट

(२५) **मोहनलाल खत्री**

| | | |
|---|---|---|
| जन्ममिति/उमेर | : | २०१४ साउन २२ गते ४८ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६२ मङ्सिर २४ गते |
| घटनास्थल | : | सल्यान जिल्ला कालिमाटीकाल्चे गाविस-८ |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | सल्यान जिल्ला मार्के गाविस-४, काटीगाउँ |
| बाबुको नाम | : | तेजबहादुर खत्री |
| पति/पत्नीको नाम | : | नोखनी कुमारी खत्री |
| छोरा/छोरी सङ्ख्या | : | २/२ |

**विवरण**



मार्के गाविस-४ काटीगाउँ निवासी ४८ वर्षीय मोहनलाल खत्रीलाई बुहारीलाई हत्या गरेको आरोपमा २०६२ मङ्सिर २४ गते माओवादीका कार्यकर्ताले काल्चे गाविस-८ बाट अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

(२६) **निमे बुढा**

| | |
|---|---|
| जन्ममिति/उमेर | : २०२२ कार्तिक २१ गते ३६ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५५ कार्तिक १० गते |
| घटनास्थल | : सल्यान जिल्ला देवस्थल गाविस-९ |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : सल्यान जिल्ला देवस्थलगाविस-९, बुरेली |
| बाबुको नाम | : वीरबल बुढा |
| आमाको नाम | : वसन्ती बुढा |
| पति/पत्नीको नाम | : मनकुमारी बुढा |
| छोरा/छोरी सङ्ख्या | : १/१ |

**विवरण**

देवस्थल गाविस-९ कुरेली निवासी ३३ वर्षीय निमे बुढालाई २०५५ कार्तिक १० गते माओवादीका कार्यकर्ताले घरैबाट अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। घटना सम्बन्धमा नेकपा माओवादीसँग जानकारी माग्दा मारिसकेको जानकारी दिए।

# ४.५ बाँके

## पीडक राज्यपक्षबाट (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

(१) **लालवीर चौधरी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३५ साल / २३ |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ फागुन १ गते |
| घटनास्थल | : बैजापुर-१, बाँके |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : बैजापुर-१, बाँके |
| बाबुको नाम | : चन्द्रलाल थारु |
| आमाको नाम | : सेतुल्या थारु |
| पत्नीको नाम | : मधुवा थारु |

**विवरण**


वैजापुर-१ का २३ वर्षीय लालवीर चौधरीलाई माओवादीको आरोपमा २०५८ फागुन १ गते राति घरमा सुतिरहेको समयमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित पक्ष डरका कारण घटनाका बारेमा जानकारी गराउन सुरक्षा निकायसम्म पुगेनन्। पीडित परिवारलाई सरकारले १ लाख रुपियाँ राहत स्वरुप प्रदान गऱ्यो।

(२) **अयोध्याप्रसाद गोडिया**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४० भदौ १ / २० |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० कात्तिक १२ गते |
| घटनास्थल | : गङ्गापुर -४, बाँके |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : गङ्गापुर -४, बाँके |
| बाबुको नाम | : बिहारी गोडिया |
| आमाको नाम | : सावित्री गोडिया |

**विवरण**

गङ्गापुर गाविस-४ का २० वर्षीय अयोध्याप्रसाद गोडियालाई माओवादी भएको आरोपमा २०६०




कार्तिक १२ गते बिहान संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे। सोही दिन सुरक्षाकर्मीले उनका बाबु बिहारी गोडियालाई पनि गिरफ्तार गरी बेपत्ता पारेका थिए। परिवारका मानिस संयुक्त सुरक्षा क्याम्पको वेश क्याम्प, सोनवर्षामा जाँदा सेन्ट्रीमा बसेका सुरक्षाकर्मीले अयोध्या त्यहीं भएको बताएका थिए। परिवारका सदस्यले उनलाई कपडा लगिदिएका थिए। एक महिनासम्म त्यही क्याम्पमा राखिएका अयोध्यालाई त्यसपछि कहाँ लगियो केही थाहा हुन सकेन।

(३) **बिहारी गोडिया**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१० साल / ५० वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० कात्तिक १२ गते |
| घटनास्थल | : | गड्गापुर -४, बाँके |
| पेशा | : | हुलाकी |
| स्थायी ठेगाना | : | गड्गापुर -४, बाके |
| पत्नीको नाम | : | सावित्री गोडिया |

**विवरण**



गड्गापुर गाविस-४ घर भइ इलाका हुलाक कार्यालय भोजभगवानपुरका हुलाकी ५० वर्षीय बिहारी गोडियालाई माओवादीको आरोपमा २०६० कार्तिक १२ गते बिहान घरबाटै संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। सोही दिन सुरक्षाकर्मीले उनका छोरा अयोध्या गोडियालाई पनि गिरफ्तार गरी बेपत्ता पारेका थिए। परिवारका मानिस कार्तिक १५ गते संयुक्त सुरक्षा क्याम्पको वेश क्याम्प सोनवर्षामा जाँदा बिहारीसँग त्यहीं भेट भएको थियो। परिवारका सदस्यले उनलाई कपडा लगिदिएका थिए। एक महिनासम्म त्यही क्याम्पमा राखिएका बिहारीलाई त्यसपछि कहाँ लगियो केही थाहा हुन सकेन।

(४) **शीतला राना**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४२ चैत १८ गते १८ |
| लिङ्ग | : | महिला |
| घटना मिति | : | २०६० असोज २७ गते |
| घटनास्थल | : | गड्गापुर -४, बाँके |
| पेशा | : | सुपरभाइजर, कानून अनसुन्धान केन्द्र |
| स्थायी ठेगाना | : | मटेहिया-५, बाँके |
| बाबुको नाम | : | च्यासो राना |
| आमाको नाम | : | सुमिता राना |

**विवरण**



मटेहिया गाविस-५ निवासी १८ वर्षीया शीतला रानालाई २०६० असोज २७ गते माओवादीको आरोपमा संयुक्त सुरक्षा वेश क्याम्पका सुरक्षाकर्मीले गङगापुर गाविस-२ सोनवर्षाबाट गिरफ्तार गरी वेपत्ता पारे। पीडित परिवार डर त्रासका कारण सुरक्षा निकायसम्म सोधपुछका लागि पुग्न सकेनन्। छोरीलाई गिरफ्तार गरेपछि डरका कारण बाबु च्यासो राना दश महिना भारतमा निर्वासित भएका थिए। पीडित परिवारलाई सरकारले १ लाख रुपियाँ राहतस्वरुप उपलब्ध गरायो।

(५) **मनोज रोकाय (सुदीप)**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३५ माघ २९ /२५ |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ वैशाख २४ |
| घटनास्थल | : | बाँके जिल्ला, कचनापुर गाविस-१, अगैया |
| पेशा | : | राजनीति, नेकपा माओवादी जिल्ला कमिटी सदस्य |
| स्थायी ठेगाना | : | बाँके जिल्ला, महादेवपुरी गाविस-२, उडडयैन पश्चिमपुरुवा |
| बाबुको नाम | : | अशोक रोकाय |

आमाको नाम : पवित्रा रोकाय
वैवाहिक स्थिति : अविवाहित
अन्य आश्रित सङ्ख्या :२

**विवरण**



महादेवपुरी गाविस-२ का माओवादी जिल्ला कमिटी सदस्य २४ वर्षीय सुदीप भनिने मनोज रोकायलाई २०५९ वैशाख २४ गते कचनापुर गाविस-१ अगैयाबाट समशेरगञ्ज बेस क्याम्प, कुसुमका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। उनकाभाइको पनि सुरक्षाकर्मीद्वारा हत्या भएको थियो। असुरक्षाको कारण पीडितपक्ष घटनाका बारेमा सुरक्षाकर्मीसँग जानकारी माग गर्न गएन। पीडित परिवारले राहतस्वरुप १ लाख रुपैयाँ जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गऱ्यो।

(६) **बाबुराम अधिकारी (अमरनाथ)**

जन्म मिति/उमेर : २०३० पुस २१ गते
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ १९ गते
घटनास्थल : बाँके जिल्ला, बागेश्वरी गाविस-९, भण्डारिया
पेशा : राजनीति, नेकपा माओवादी जनमुक्ति सेना कमाण्डर
स्थायी ठेगाना : बाँके जिल्ला, सीतापुर गाविस-७, एगाउँ
बाबुको नाम : भानुभक्त अधिकारी
आमाको नाम : सावित्रीदेवी अधिकारी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : तुलसा अधिकारी
छोरा/छोरी सङ्ख्या : १/०
अन्य आश्रित सङ्ख्या : ३ जना

**विवरण**



सीतापुर गाविस-७ निवासी नेकपा माओवादी जनमुक्ति सेना कमाण्डर अमरनाथ भनिने बाबुराम अधिकारीलाई २०५९ जेठ १९ गते राति ११ बजे बागेश्वरी गाविस-९ भण्डरिया गाउँका प्रेम बुढाको घरबाट सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेपत्ता पारे। सो दिन सुरक्षाकर्मीले कोहलपुर गाविस-३ का ईश्वरी सुवेदी, फत्तेपुर गाविसका दलबहादुर पुन र बर्दिया जिल्लाका उदय चौधरीलाई पनि पक्राउ गरेको थियो। सो दिन सुरक्षाकर्मीले भण्डारिया गाउँका प्रेम बुढाको हत्या गरेका थियो। बाबुराम अधिकारीको बागेश्वरी गाविससमा सुरक्षाकर्मीको भिडन्तमा मृत्यु भएको भन्ने सुरक्षाकर्मीको भनाइको आधारमा २०५९ जेठ १९ गते नै सुरक्षाकर्मीले हत्या गरेको भनाइप्रति उनको परिवारले बाबुरामको परिवार सहमत छैनन्। उनको परिवारले राहत रकम प्राप्त गरेको छैन।

(७) **छविलाल डीसी**

जन्म मिति/उमेर : २०२८ असोज २८ गते ३२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० माघ २८ गते
घटनास्थल : बाँके जिल्ला, महादेवपुरी गाविस-८, पेराडी डाँडागाउँ
पेशा : ज्यालादारी
स्थायी ठेगाना : बाँके जिल्ला, महादेवपुरी गाविस-८, पेराडी डाँडागाउँ
बाबुको नाम : भोलाल डीसी
आमाको नाम : रुमी डाँगी
वैवाहिक स्थिति : अविवाहित
अन्य आश्रित सङ्ख्या : २ जना

**विवरण**

महादेवपुरी गाविस-८ का ३२ वर्षीय छविलाल डीसीलाई माओवादी भएको आरोपमा २०६०माघ

२८ गते राति ११ बजे घरमा सुतेको अवस्थामा संयुक्त सुरक्षाकर्मीको टोलीले घरबाट गिरफ्तार गरी बेपत्ता पार्‍यो। असुरक्षाका कारण पीडित पक्षले पीडकपक्षसँग जानकारी माग गरेन। उनको परिवारले कुनै राहत रकम प्राप्त गरेको छैन।

(८) **गगन घर्ती मगर**

जन्म मिति/उमेर : २०४३ /१६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ २७ गते
घटनास्थल : बाँके जिल्ला, कोहलपुर गाविस-६, लखनबार
पेशा : कृषि
स्थायी ठेगाना : बाँके जिल्ला, कोहलपुर गाविस-६, लखना
बाबुको नाम : लोकबहादुर घर्ती
आमाको नाम : शीतली घर्ती मगर
वैवाहिक स्थिति : अविवाहित

विवरण

कोहलपुर गाविस-६ का १६ वर्षीय गगन घर्ती मगरलाई माओवादी भएको आरोपमा २०५९ जेठ २७ गते घरमा सुतेको अवस्थामा बिहान ४ बजे इलाका प्रहरी कार्यालय, कोहलपुरबाट आएका सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेपत्ता पारे। गिरफ्तारीपछि उनलाई इलाका प्रहरी कार्यालय लगिएको र केही दिनपछि चिसापानी सैनिक ब्यारेकमा राखिएको थियो। डरत्रासका कारण पीडित पक्ष घटनाका बारेमा जानकारी माग गर्न गएन। पीडित परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरुप १ लाख रुपियाँ प्राप्त गर्‍यो।

(९) **सावितराम थारू**

जन्म मिति/उमेर : २०४२ वैशाख १/ १७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ भदौ २८
घटनास्थल : फत्तेपुर गाविस-७
पेशा : राजनीति , नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : फत्तेपुर गाविस-७
बाबुको नाम : काशिराम थारू
आमाको नाम : सादीकुमारी थारू
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

फत्तेपुर गाविस-७ १७ वर्षीय सावितराम थारूलाई २०५९ भदौ २८ गते संयुक्त सुरक्षा बेस क्याम्पका सुरक्षाकर्मीले फत्तेपुर गाविस-७ सोनपरुवाबाट गिरफ्तार गरी बेपत्ता पारेको थियो। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(१०) **विष्णु थारू**

जन्म मिति/उमेर : २०३६ माघ १०/२४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० भदौ २९ गते
घटनास्थल : फत्तेपुर गाविस-७
पेशा : राजनीति, नेकपा माओवादी एरिया कमिटी सदस्य
स्थायी ठेगाना : फत्तेपुर गाविस-७
बाबुको नाम : श्रीराम थारू
आमाको नाम : सीता चौधरी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : तिलकी चौधरी
छोरा/छोरी सङ्ख्या : २/ १जना

**विवरण**



फत्तेपुर गाविस-७ निवासी नेकपा माओवादी एरिया कमिटी सदस्य २४ वर्षीय विष्णु थारूलाई २०६० भदौ २९ गते संयुक्त सुरक्षा बेसक्याम्पका सुरक्षाकमीले विसमपुरको खेतबाट गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(११) **बर्मादिन गोडिया**

जन्म मिति/उमेर : २०४५ वैशाख २७ १५वर्ष


लिङ्ग : पुरुष
घटना मिति : २०६० कात्तिक २३
घटनास्थल : गङ्गापुर गाविस-४
पेशा : विद्यार्थी
स्थायी ठेगाना : फत्तेपुर गाविस-९
बाबुको नाम : रामसागर गोडिया
आमाको नाम : राजरानी गोडिया
वैवाहिक स्थिति : अविवाहित

विवरण
फत्तेपुर गाविस-९ १५वर्षीय बर्मादिन गोडियालाई २०६० कात्तिक २३ गते संयुक्त सुरक्षा बेसक्याम्प सोनवर्षाका सुरक्षाकर्मीले गङ्गापुर गाविस-४ बाट गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ।पीडित परिवारलाई सरकारले राहतस्वरुप कुनै सहयोग उपलब्ध गराएको छैन।

**शाही नेपाली सेनाबाट**

(१२) **नगेन्द्र कुसारी**
जन्म मिति/उमेर : २०३३ साउन १७/२५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन ११
घटनास्थल : बाँके जिल्ला, महादेवपुर गाविस -५, ढकेरी
पेशा : राजनीति, नेकपा एरिया कमिटी सदस्य
स्थायी ठेगाना : बाँके जिल्ला, महादेवपुरी गाविस-६, बालापुर
बाबुको नाम : हस्ते कुसारी
आमाको नाम : अमृती कुसारी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : मुवा कुसारी
छोरा/छोरी सङ्ख्या : १ /२

**विवरण**
महादेव पुरी गाविस-६ निवासी नेकपा एरिया कमिटी सदस्य २२ वर्षीय नगेन्द्र कुसारीलाई माओवादीको आरोपमा २०५८ फागुन ११ गते राति १० बजे चिसापानी आर्मी ब्यारेकका रमेश स्वाँरको नेतृत्वमा



आएका शाही नेपाली सेनाको टोलीले सोही गाविस-५, ढकेरीबाट गिरफ्तार गरी बेपत्ता पाऱ्यो। पीडित परिवार घटनाका बारेमा जानकारी लिन चिसापानी आर्मी ब्यारेकमा २०५८ चैत १० गते जाँदा गेटमा बस्ने सैनिकले हामीलाई थाहा छैन, नगेन्द्रलाई हामीले ल्याएका छैनौं भन्ने जवाफ दिए। उनलाई अन्तिम पटक २०५८ फागुन ११ गते चिसापानी ब्यारेकमा देखिएको थियो। घटनापछि बागेश्वरी सशस्त्र प्रहरी गणका सुरक्षाकर्मी राति घरमा आउने र दुःख दिने गर्न थालेपछि उनकी पत्नी मुवा कुसारी तीन महिनासम्म सोही ठाउँ निवासी देवरको घरमा विस्थापित भई बसिन्। उनको परिवारले राहत स्वरुप रु १ लाख जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गऱ्यो।

(१३) **मोहम्मद जाकिर शेख**
जन्म मिति/उमेर : २०२० /३८
लिङ्ग : पुरुष
घटना मिति : २०५८ चैत ३१ गते
घटनास्थल : बर्दिया जिल्ला, नेउलापुर गाविस-७, भुरिगाउँ
पेशा : व्यापारी, नेपाली काङ्ग्रेस सक्रिय सदस्य
स्थायी ठेगाना : बाँके जिल्ला, सोनपुर गाविस-९, गोदाना
बाबुको नाम : अब्दुल लतिफ शेख
आमाको नाम : तसलिमा शेख
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : अलिबुल शेख
छोरा/छोरी सङ्ख्या : २/३
अन्य आश्रित सङ्ख्या : १ जना

**विवरण**
सोनपुर गाविस-९ घर भई बर्दिया जिल्ला, नेउलापुर गाविस-७, भुरिगाउँमा औषधी पसल गर्ने ३८ वर्षीय मोहम्मद जाकिर शेखलाई माओवादीको आरोपमा २०५८ चैत ३१ गते बेलुका ४.३० बजे



ठाकुरद्वारास्थित आर्मी ब्यारेकबाट आएको टोलीले भुरिगाउँ बजारबाट अन्य पाँच जनासँगै गिरफ्तार गरेको थियो। पीडितका परिवारले हालसम्म राहत पाएका छैनन्। पीडितपक्षले घटनाका सम्बन्धमा २०५९ वैशाख १ गते ठाकुरद्वारास्थित आर्मी क्याम्पमा जाँदा गेटमा बस्ने आर्मीले मोहम्मद जाकिर त्यहाँ नभएको बताएका थिए। पीडित पक्षले आर्मी ब्यारेकका प्रमुखसँग भेट्न खोज्दा भित्र कोही हुनुहुन्न, सबै बाहिर जानुभएको छ भनी भित्र जान दिएनन्। पीडितकी पत्नी माइतमा र छोराछोरी घरमा बस्ने र दुवैले हकदाबी गरेका कारण राहत कसैले पाएका छैनन्।

(१४) **ईश्वरी सुवेदी (विपुल)**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२५ माघ १३ गते ३४ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ जेठ १९ गते |
| घटनास्थल | : | बाँके जिल्ला, बागेश्वरी गाविस-९, भण्डारिया |
| पेशा | : | राजनीति, नेकपा माओवादी जिल्ला कमिटी सदस्य |
| स्थायी ठेगाना | : | बाँके जिल्ला, कोहलपुर गाविस-३, बसपार्क |
| बाबुको नाम | : | चामुप्रसाद सुवेदी |
| आमाको नाम | : | ऋषिमाया सुवेदी |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | महिमा सुवेदी |
| अन्य आश्रित सङ्ख्या | : | १ जना |

**विवरण**

कोहलपुर गाविस-३ निवासी नेकपा माओवादी जिल्ला कमिटी सदस्य ३४ वर्षीय विपुल भनिने ईश्वरी सुवेदीलाई २०५९ जेठ १९ गते राति ११ बजे बाँके जिल्ला, बागेश्वरी गाविस-९, भण्डरिया गाउँका प्रेम बुढाको घरमा सुतेको अवस्थामा चिसापानी आर्मी ब्यारेकका सुरक्षाकर्मीले घर घेरा हाली गिरफ्तार गरी बेपत्ता पारे। सो दिन सुरक्षाकर्मीले माओवादीलाई बास बस्न दिएको आरोपमा प्रेम बुढालाई घरभित्रै गोली हानी हत्या गरेका थिए भने अन्य तीन जना माओवादी कार्यकर्तालाई गिरफ्तार गरेका थिए। घटनाको बारेमा २०५९ जेठ २५ गते पीडितका परिवार चिसापानी आर्मी ब्यारेकमा जानकारी माग्न जाँदा उनलाई गिरफ्तार नगरिएको बताइयो। पीडितको परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरुप १ लाख रुपियाँ प्राप्त गऱ्यो।

(१५) **भङ्गी थारु**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | १९८५ साल/७३ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ चैत १६ गते |
| घटनास्थल | : | बाँके जिल्ला, रझेना गाविस-६, रझेना |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | बाँके जिल्ला, रझेना गाविस-६, रझेना |
| बाबुको नाम | : | महेश थारु |
| आमाको नाम | : | सोनचिरिया थारु |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | बुधनी थरुनी |
| छोरा/छोरी सङ्ख्या | : | ३ /१ |
| अन्य आश्रित सङ्ख्या | : | १ |

**विवरण**



रझेना गाविस-६, रझेनाका ७३ वर्षीय जङ्गी थारुलाई माओवादीको आरोपमा गिरफ्तार २०५८ चैत १६ गते राति ८ बजे आफ्नै घरबाट भीमकाली गुल्म चिसापानीका सेनाले घरबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडित पक्ष घटनाका बारेमा पीडकपक्षसँग जानकारी माग गर्न २०५८ चैत १७ गते भीमकाली गुल्म चिसापानी गएको अवस्थामा सो गुल्मको गेटमा बसेको सेनाले

जङ्गी थारुलाई त्यहाँ नल्याइएको बताइयो। उनको परिवारले राहत स्वरुप जिल्ला प्रशासन कार्यालयबाट १ लाख रुपियाँ प्राप्त गरेको छ।

**(१६) कमलबहादुर दाहाल क्षेत्री**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२३ भदौ १२ गते<br>३५ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ पुस १७ गते |
| घटनास्थल | : | बाँके जिल्ला, बनकटुवा गाविस-४, जीगाउँ |
| पेशा | : | शिक्षा |
| स्थायी ठेगाना | : | बाँके जिल्ला, बनकटवा गाविस-४, जीगाउँ |
| बाबुको नाम | : | भीमबहादुर दाहाल |
| आमाको नाम | : | अभिमाया दाहाल |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | युगमाया दाहाल |
| छोरा/छोरी सङ्ख्या | : | १ /३ |
| अन्य आश्रित सङ्ख्या | : | २ जना |

**विवरण**



बनकटुवा गाविस-४ जीगाउँ निवासी शिक्षक ३२ वर्षीय कमलबहादुर दाहाल क्षेत्रीलाई माओवादीको आरोपमा २०५८ पुस १७ गते दिउँसो प्रभात माध्यमिक विद्यालय जीगाउँमा टिटी खोपको कार्यक्रममा जाँदा सहभागी भएको अवस्थामा चिसापानी सैनिक ब्यारेकबाट आएका सेनाले विद्यालयबाट गिरफ्तार गरी बेपत्ता पारे। गिरफ्तारीपछि उनलाई चिसापानी सैनिक ब्यारेकमा लगिएको थियो। उनलाई सो राति वनकटुवा गाविस-४ का कुवेर रिजालले ब्यारेकभित्रै देखेका थिए। रिजाललाई पनि सोही ब्यारेकका सैनिकले सोही दिन गिरफ्तार गरी करिब छ महिनापछि रिहा गरेका थिए। कमललाई गिरफ्तार गरेपछि २०५९ सालसम्म पटकपटक सैनिकहरु घर आई दुःख दिने गरेका थिए। घटनापछि सुरक्षाकर्मीका डरले उनका दुई जना छोराछोरी सहारा बालगृह नेपालगञ्जमा दुई वर्षसम्म बसेका थिए। पीडकपक्षसँग २०५८ पुस २६ गते घटनाको बारेमा जानकारी माग्न जाँदा चिसापानी ब्यारेकको गेटका सैनिकले कमल भन्ने व्यक्ति त्यहाँ नभएको बताएका थिए। सेनाले पीडितलाई मारिसकेको बताए पनि पीडित परिवारले लास नपाएकोले मृत्यु स्वीकार्न मानेका छैनन्। पीडितको परिवारले जिल्ला प्रशासन कार्यालयबाट १ लाख रुपियाँ राहत स्वरुप प्राप्त गरेको छ।

**(१७) दमन्ती पुन (रहर)**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४० चैत ३<br>१८वर्ष |
| लिङ्ग | : | महिला |
| घटना मिति | : | २०५८ फागुन ११ |
| घटनास्थल | : | महादेवपुरी गाविस-२ |
| पेशा | : | राजनीति, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | कोहलपुर गविस-४ मसुरीखेत |
| बाबुको नाम | : | जगतमान पुन |
| आमाको नाम | : | गौमती पुन |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

कोहलपुर गविस-४ मसुरीखेतकी १८ वर्षीया दमन्ती पुन (रहर)लाई २०५८ फागुन ११ गते चिसापानी ब्यारेकबाट आएको सेनाको टोलीले महादेवपुरी गाविस-२मा रहेको डिलबहादुर वलीको घरबाट गिरफ्तार गरी बेपत्ता पाऱ्यो। फागुन २१ गतेसम्म चिसापानी ब्यारेकमा राखिएकी पुनलाई त्यसपछि तीन दिनसम्म शाही नेपाली सेनाको मध्यपश्चिम पृतना मनिकापुरमा राखिएको थियो।२०५८ फागुन २४ गते उलनाई पृतनाबाट बाहिर निकालिएको थियो। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

**(१८) चन्द्रबहादुर विक**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३८ भदौ १/२१ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ वैशाख २९ |

घटनास्थल : कोहलपुर गाविस-४
पेशा : विद्यार्थी, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : कोहलपुर गाविस-४
बाबुको नाम : गङ्गा विक
आमाको नाम : सरकेनी विक
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



कोहलपुर गाविस-४ २१ वर्षीय चन्द्रबहादुर विकलाई २०५९ वैशाख २९ गते कोहलपुर गाविस-४ मसुरीखेतबाट इलाका प्रहरी कार्यालय कोहलपुरको प्रहरीले गिरफ्तार गरी बेपत्ता पारेका थियो। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(१९) **राजकुमार थारू**

जन्म मिति/उमेर : २०२८ चैत १२/३१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख ४
घटनास्थल : समशेरगञ्ज गाविस-४,बाँके
पेशा : कृषि
स्थायी ठेगाना : समशेरगञ्ज गाविस-४ चन्न्हवा
बाबुको नाम : सुरदीन थारू
आमाको नाम : ठगिया थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : कुमाली थारू
छोरा/छोरी सङ्ख्या : १ / जना



**विवरण**

समशेरगञ्ज गाविस-४ चन्न्हवाका ३१ वर्षीय राजकुमार थारूलाई २०५९ वैशाख ४ गते चिसापानीबाट आएको शाही नेपाली सेनाको टोलीले घरबाटै गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(२०) **पहाडी थारू**

जन्म मिति/उमेर : २०२६ चैत ५/ ३३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख १
घटनास्थल : समशेरगञ्ज गाविस-४
पेशा : कृषि
स्थायी ठेगाना : समशेरगञ्ज गाविस-४ चन्न्हवा
बाबुको नाम : छोटेलाल थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : इन्दरी र लछमनिया थारू

**विवरण**




समशेरगञ्ज गाविस-४ चन्न्हवाका ३३वर्षीय पहाडी थारूलाई २०५९ वैशाख १ गते बिहान घरमै सुतिरहेको अवस्थामा चिसापानी ब्यारेकबाट आएको शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरी बेपत्ता पार्‍यो।पीडितपक्ष चिसापानी ब्यारेकमा गएर बुझ्दा दुई दिनपछि भेटन आउनु भने ता पनि पछि जाँदा गाली गरेर फिर्ता पठाइएको थियो। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(२१) **भगौतीप्रसाद थारू**

जन्म मिति/उमेर : २०२४ फागुन ११ ३५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख ४
घटनास्थल : समशेरगञ्ज गाविस-४
पेशा : कृषि
स्थायी ठेगाना : समशेरगञ्ज गाविस-४ चन्न्हवा

बाबुको नाम : स्व विश्वनाथा चौधरी
आमाको नाम : दुहनी थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : धनकुमारी थारू
छोरा/छोरी सङ्ख्या : १/ ४जना

विवरण



समशेरगञ्ज गाविस-४ चन्न्हवाका ३५ वर्षीय भगौतीप्रसाद थारूलाई २०५९ वैशाख ४ गते बिहान घरमा सुतिरहेको अवस्थामा चिसापानी ब्यारेकबाट आएको शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरी बेपत्ता पार्‍यो। पीडितपक्ष चिसापानी ब्यारेकमा गएर बुझ्दा दुई दिनपछि भेटन आउनु भने ता पनि पछि जाँदा गाली गरेर फिर्ता पठाइएको थियो। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(२२) **डम्बरबहादुर रानाभाट (अनूप)**
जन्म मिति/उमेर : २०३५ वैशाख १
२३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन ११
घटनास्थल : महादेवपुरी गाविस-७
बाँके
पेशा : राजनीति ,नेकपा
माओवादीको जिल्ला
सदस्य
स्थायी ठेगाना : वागेश्वरी गाविस -१
धौलागिरी टोल
बाबुको नाम : बमबहादुर राना भाट
आमाको नाम : उजेली रानाभाट
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

वागेश्वरी गाविसका अनूप भनिने २३ वर्षीय डम्बरबहादुर रानाभाटलाई २०५८ फागुन ११ गते दिउसो चिसापानी ब्यारेकबाट आएको शाही नेपाली



सेनाको टोलीले महादेवपुरी गाविस-७ ढकेरीबाट गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(२३) **शारदा वली**
जन्म मिति/उमेर : २०४२ असार २३
१९वर्ष
लिङ्ग : महिला
घटना मिति : २०६१ असार १४
घटनास्थल : कोहलपुर गाविस-८
पेशा : राजनीति, नेकपा
माओवादी कार्यकर्ता
स्थायी ठेगाना : महादेवपुरी गाविस-५
ढकेरी
बाबुको नाम : रुद्रबहादुर वली
आमाको नाम : रीमा वली
वैवाहिक स्थिति : अविवाहित

**विवरण** :



महादेवपुरी गाविस-५ ढकेरी निवासी नेकपा माओवादी कार्यकर्ता १९वर्षीय शारदा वलीलाई २०६१ असार १४ गते मनिकापुर राँझाबाट आएको शाही नेपाली सेनाको टोलीले कोहलपुर गाविस-८ पिपरीबाट गिरफ्तार गरी बेपत्ता पार्‍यो। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२४) **नरे बुढा मगर**
जन्म मिति/उमेर : २०३२ माघ १५/२७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ २७
घटनास्थल : कोहलपुर गाविस-६

पेशा : कृषि
स्थायी ठेगाना : कोहलपुर गाविस-६ लखना
बाबुको नाम : हर्कसिंह बुढामगर
आमाको नाम : रवि बुढा मगर
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : स्व सीता बुढा
अन्य आश्रित सङ्ख्या : २

**विवरण**



कोहलपुर गाविस-६ लखनाका २६ वर्षीय नरे बुढा मगरलाई २०५९ जेठ २७ गते बिहान ४ बजे घरमा सुतिरहेको अवस्थामा चिसापानी ब्यारेकबाट आएको शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(२५) **एके बुढा**
जन्म मिति/उमेर : २०३० पुस /२९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ २७
घटनास्थल : कोहलपुर गाविस-६
पेशा : कृषि
स्थायी ठेगाना : कोहलपुर गाविस-६ लखना
बाबुको नाम : हर्कसिंह बुढा
आमाको नाम : रवि बुढा
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : अर्को विवाह गरेको



**विवरण**
कोहलपुर गाविस-६ लखनाका २९ वर्षीय एके बुढालाई २०५९ जेठ २७ गते बिहान ४ बजे घरमा सुतिरहेको अवस्थामा चिसापानी ब्यारेकबाट आएको शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(२६) **राजबहादुर थारू**
जन्म मिति/उमेर : २०४० पुस १२ १९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ भदौ १४
घटनास्थल : नौबस्ता गाविस-८
पेशा : मजदूरी
स्थायी ठेगाना : नौबस्ता गाविस-८ गिदरपुर
बाबुको नाम : चुलबहादुर थारू
आमाको नाम : धुनी चौधरी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : रूपा चौधरी
छोरा/छोरी सङ्ख्या : १/ जना

विवरण



नौबस्ता गाविस-८ गिदरपुरका १९ वर्षीय राजबहादुर थारूलाई २०५९ भदौ १४ गते नौबस्ता गाविस-८ बाट चिसापानी गाविस-१ स्थित चिसापानी ब्यारेकको शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। राजबहादुरका बुबा चुलबहादुर २०५९ भदौ २६ गते चिसापानी ब्यारेकमा जाँदा छोरा भित्र छ भने ता पनि भेटन दिइएको थिएन। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(२७) **सीताराम थारू**
जन्म मिति/उमेर : २०३८ माघ ११ / २१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ साउन १९
घटनास्थल : नौबस्ता गाविस-८

पेशा : कृषि
स्थायी ठेगाना : नौबस्ता गाविस-८ बोरिङ बस्ती
बाबुको नाम : पतिराम थारू
आमाको नाम : चेरेन्चा थारू र अञ्जना थारू
वैवाहिक स्थिति : अविवाहित

विवरण
नौबस्ता गाविस-८ बोरिङ बस्तीका २१ वर्षीय सीताराम थारूलाई २०५९ साउन १९ गते चिसापानी ब्यारेकबाट आएको शाही नेपाली सेनाको टोलीले नौबस्ता गाविस-८ फकलपुरमा गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

२८ **कर्णबहादुर चौधरी**
जन्म मिति/उमेर : २०३८ माघ २५/२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ साउन २९
घटनास्थल : नौबस्ता गाविस-८
पेशा : मजदूरी
स्थायी ठेगाना : नौबस्ता गाविस-८
बाबुको नाम : कृष्णबहादुर चौधरी
आमाको नाम : दूरपति चौधरी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : हिरा चौधरी
छोरा/छोरी सङ्ख्या : /१ जना

**विवरण**
नौबस्ता गाविस-८ २१ वर्षीय कर्णबहादुर चौधरीलाई २०५९ साउन २९ गते चिसापानी ब्यारेकबाट आएको शाही नेपाली सेनाको टोलीले नौबस्ता गाविस-८ फकलपुरमा गिरफ्तार गरेको सात दिनपछि घरमै ल्याएर परिवारसँग भेटघाट गराएर फिर्ता लगेको थियो। त्यसपछि कर्णबहादुरको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(२९) **भूपेन्द्र उप्रेती**
जन्म मिति/उमेर : २०२२ भदौ २०/ ३८वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० मङ्सिर २३
घटनास्थल : नेपालगञ्ज नगरपालिका-१
पेशा : व्यापार
स्थायी ठेगाना : नेपालगञ्ज नगरपालिका-१ धम्बोजी
बाबुको नाम : निलप्रसाद उप्रेती
आमाको नाम : टेकमाया उप्रेती
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : चन्द्रकला उप्रेती
छोरा/छोरी सङ्ख्या : २ /१ जना

**विवरण**

नेपालगञ्ज नपा-१का ३८वर्षीय भूपेन्द्र उप्रेतीलाई २०६० मङ्सिर २३ गते इनामनगर राझाको शाही नेपाली सेनाको टोलीले नेपालगञ्ज नपा-१ बट गिरफ्तार गरेको थियो। उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(३०) **मिलनी चौधरी**
जन्म मिति/उमेर : २०४३ साल/१६ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५९ जेठ २७ गते
घटनास्थल : नौबस्ता गाविस-६
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : नौबस्ता गाविस-८ नेउलापुर
बाबुको नाम : विश्वनाथ चौधरी
आमाको नाम : विस्मतिया चौधरी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

नौबस्ता गाविस-८ नेउलापुर निवासी नेकपा माओवादी कार्यकर्ता १६ वर्षीय मिलनी चौधरीलाई २०५९ जेठ २७ गते नौबस्ता गाविस-६ पेडारीबाट शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(३१) **राजाराम थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३२ वैशाख १ गते २७ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ असार १९ |
| घटनास्थल | : नौबस्ता गाविस-७ |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : नौबस्ता गाविस-७ गाभर |
| बाबुको नाम | : कालीप्रसाद थारू |
| आमाको नाम | : स्व गंगदैया थारू |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : पार्वती थारू |
| छोरा/छोरी सङ्ख्या | : ०/ २जना |

**विवरण**



नौबस्ता गाविस-७ गाभरक २७ वर्षीय राजाराम थारूलाई २०५९ असार १९ गते राति १० बजे भीमकाली गुल्म चिसापानीबाट आएको शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ।असार २० गते गिरफ्तार भइ भोलिपल्ट रिहा भएका सोही गाविसका रामु चौधरीले राजारामलाई चिसापानीमा देखेको बताए। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(३२) **धनकुमारी चौधरी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३४ असोज २६/ २४वर्ष |
| लिङ्ग | : महिला |
| घटना मिति | : २०५८ पुस २९ गते |
| घटनास्थल | : चिसापानी गाविस-१ |
| पेशा | : विद्यार्थी,वागेश्वरी बहुमुखी क्याम्पस |
| स्थायी ठेगाना | : रझेना गाविस-५ कृष्णनगर |
| बाबुको नाम | : सतिराम थारू |
| आमाको नाम | : प्रदेशनी थारू |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



रझेना गाविस-५ कृष्णनगरकी २४ वर्षीय धनकुमारी चौधरीलाई २०५८ पुस २९ गते शाही नेपाली सेनाले गुल्मबाट बेपत्ता पारेको थियो। चिसापानी ब्यारेकका क्याप्टेन रमेश स्वाँरले २०५८ पुस २८ गते साँझ घरमा आएर चिसापानी ब्यारेक आउन भनेपछि धनकुमारी पुस २९ गते गुल्ममा गएकी थिइन्। धनकुमारीलाई भेट्न उनकी आमा प्रदेशनी र बहिनी रामकुमारी चिसापानी ब्यारेकमा जाँदा धनकुमारी त्याहाँ नभएको बताइयो। २०५८ माघ २८ गते धनकुमारीका बुबा सैनिक जवानले उनलाई कुटपिट गरी भोलिपल्ट आउन भनेको थियो। भोलिपल्ट उनलाई क्याप्टेन रमेश स्वाँरले बन्दूकको कुन्दाले हिर्काइ आइन्दा नआउनू भनेका थिए। गिरफ्तार भएर ब्यारेकमा राखिएका रझेना गाविसका प्रेमबहादुर थापाले धनकुमारीलाई पुस २९ गते क्याम्पमा देखेको परिवारजनलाई बताएका थिए। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(३३) **पवन थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४० साल/ १९ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ असार १६ |
| घटनास्थल | : कोहलपुर गाविस-४ |
| पेशा | : ज्यालादारी |
| स्थायी ठेगाना | : रझेना गाविस-२ मैटहवा |

बाबुको नाम : प्रसाद थारू
आमाको नाम : चमरी थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : अर्को विवाह गरेको

**विवरण**



रफ्रेना गाविस-२ मैटहवाका १९ वर्षीय पवन थारूलाई २०५९ असार १६ गते भीमकाली गुल्म चिसापानीको शाही नेपाली सेनाको टोलीले कोहलपुर गाविस-४ चप्परगौडीबाट गिरफ्तार गरकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(३४) **फूलराज चौधरी**

जन्म मिति/उमेर : २०३३ मङ्सिर १० गते २६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ भदौ १३
घटनास्थल : नौबस्ता गाविस-८
पेशा : व्यापार
स्थायी ठेगाना : नौबस्ता गाविस-८ बनियाभार
बाबुको नाम : कालुराम थारू
आमाको नाम : चैनी थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : धनिया थारू
छोरा/छोरी सङ्ख्या : १/ १जना

**विवरण**



नौबस्ता गाविस-८ बनिय(ाभारका २४ वर्षीय फूलराज चौधरीलाई २०५९ पुस २९ गते सोही गाविस-८ बाट शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

## नेपाल प्रहरी

**(३५) प्रशाराम वली**

जन्म मिति/उमेर : २०१९ भदौ १८ / ३९
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन २५ गते
घटनास्थल : कटकुइया-४, बाँके
पेशा : कृषि
स्थायी ठेगाना : विनौना -१, बाँके
बाबुको नाम : स्व. अर्जुन वली
पत्नीको नाम : लक्ष्मीदेवी वली

**विवरण**



विनौना गाविस-१ का ३९ वर्षीय प्रशाराम वलीलाई माओवादीको आरोपमा २०५८ फागुन २५ गते सीमा प्रहरी चौकी कटकुइयाँका प्रहरीले सोही ठाउँबाट गिरफ्तार गरी वेपत्ता पारे। पीडित परिवारले मृत्यु दर्ता गराएका छन्।

(३६) **भीमलाल कामी**

जन्म मिति/उमेर : २०३८ कार्तिक २८ गते २०
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन २५ गते
घटनास्थल : कटकुइयाँ-४, बाँके
पेशा : कृषि
स्थायी ठेगाना : विनौना -१, बाँके
बाबुको नाम : छविलाल कामी
आमाको नाम : पार्वती कामी
पत्नीको नाम : हिरा कामी
छोरा छोरीको सङ्ख्या : २

**विवरण**




गङ्गापुर गाविस-४ रामपुरका २० वर्षीय भीमलाल कामीलाई माओवादीको आरोपमा २०५८ फागुन २५ गते कटकुइयाँ गाविसको सुइयाँ गाउँबाट सीमा प्रहरी चौकीका प्रहरीले गिरफ्तार गरी वेपत्ता पारे। पीडितका परिवारले डरत्रासका कारण कते उजुरी गरेनन्।

(३७) **बीरबहादुर बुढामगर**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२६ मङ्सिर / ३३ |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ साउन ४ गते |
| घटनास्थल | : पिपरहवा-१, बाँके |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : विनौना -४, बाँके |
| बाबुको नाम | : स्व. गज्जे बुढा |
| आमाको नाम | : ननसरी बुढा |
| पत्नीको नाम | : मञ्जली बुढा |
| छोरा छोरीको सङ्ख्या | : ४ |

**विवरण**



विनौना गाविस-४ चिलहरीयाका ३३ वर्षीय बीरबहादुर बुढामगरलाई माओवादीको आरोपमा २०५९ साउन ५ गते दिउँसो सीमा प्रहरी चौकी जमुनाहाका प्रहरीले पिप्रहवा गाविस-१ जमुनाहाबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडित परिवार प्रहरी कार्यालयमा बुझ्न जाँदा गिरफ्तार नगरिएको प्रहरीले बतायो।

(३८) **रामप्रसाद पोखरेल**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२७ वैशाख ३१/ ३१वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ माघ १३ |
| घटनास्थल | : महादेवपुरी गाविस-८ |
| पेशा | : कर्मचारी, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : कोहलपुर गाविस-३ बसपार्क |
| बाबुको नाम | : वेदनिधि पोखरेल |
| आमाको नाम | : मुक्तिमाया पोखरेल |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : चन्द्रकला सुवेदी |
| छोरा/छोरी सङ्ख्या | : १/२ जना |

**विवरण**

कोहलपुर गाविस-३ बसपार्क निवासी नेकपा माओवादीका कार्यकर्ता ३१ वर्षीय रामप्रसाद पोखरेललाई २०५८ माघ १३ गते बिहान महादेवपुरी गाविस-८ पेनारीबाट सशस्त्र प्रहरी बल समशेरगञ्जको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। उनलाई एक हप्तासम्म समशेरगञ्ज ब्यारेकमा राखेपछि चिसापानी ब्यारेकका क्याप्टेन रमेश स्वाँरले बुझेर लगेका थिए।उनकी पत्नीका अनुसार रमेश स्वाँरले दुइपटक घरमा आएर ७ लाख रुपिया र गरगहनासमेत लगेका थिए। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(३९) **जुनकुमारी घर्ती मगर**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३५ साल साउन ६ २० वर्ष |
| लिङ्ग | : महिला |
| घटना मिति | : २०५५ माघ २४ |
| घटनास्थल | : वागेश्वरी गाविस-१ |
| पेशा | : राजनीति, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : फत्तेपुर गाविस-८ हब्रहवा |
| बाबुको नाम | : मनबहादुर घर्तीमगर |
| आमाको नाम | : कौशिला मगर |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**

फत्तेपुर गाविस-८ हब्रहवा निवासी नेकपा माओवादी कार्यकर्ता २० वर्षीया जुनकुमारी घर्ती मगरलाई



२०५५ माघ २४ गते इलाका प्रहरी कार्यालय धनौलीको प्रहरीले वागेश्वरी गाविस-१ खजुराबाट गिरफ्तार गरी बेपत्ता पारे। उनका बुबा मनबहादुरलाई पनि माओवादीको आरोपमा २०५५ फागुनमा र पछिल्लो पटक २०६० सालमा सोनवर्षा क्याम्पको सुरक्षाकर्मीले गिरफ्तार गरी ३१ दिनसम्म यातना दिएको थियो। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(४०) **मनबहादुर थापा**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३४ असार २० गते २१ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५५ माघ १४ |
| घटनास्थल | : | फत्तेपुर गाविस-८ |
| पेशा | : | कृषि, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | फत्तेपुर गाविस-८ |
| बाबुको नाम | : | करवीर थापा |
| आमाको नाम | : | स्व दिल्ला घर्ती |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**



फत्तेपुर गाविस-८ निवासी नेकपा माओवादी कार्यकर्ता २१ वर्षीय मनबहादुर थापालाई २०५५ माघ १४ गते प्रहरी चौकी फत्तेपुरको प्रहरीले फत्तेपुर गाविस-८ भैँसीखोलाबाट गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप कुनै सहयोग उपलब्ध गराएको छैन। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(४१) **टेकबहादुर विक**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३६ कात्तिक १६ /२३ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ वैशाख १३ गते |
| घटनास्थल | : | कोहलपुर गाविस-३ |
| पेशा | : | विद्यार्थी |
| स्थायी ठेगाना | : | कोहलपुर गाविस-३ |
| बाबुको नाम | : | लालबहादुर विक |
| आमाको नाम | : | रेवती विक |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

कोहलपुर गाविस-३ का २३ वर्षीय टेकबहादुर विकलाई २०५९ वैशाख १३ गते इलाका प्रहरी कार्यालय कोहलपुरको प्रहरीले कोहलपुर गाविस-३ पिपलचौताराबाट गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। उनीसँगै गिरफ्तार गरिएकी गोमा शाहीलाई प्रहरीले पाँच दिनपछि रिहा गरेको थियो। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(४२) **गोपाल विक**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४० वैशाख १ /१९ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ वैशाख १३ |
| घटनास्थल | : | कोहलपुर गाविस-३ |
| पेशा | : | मजदूरी |
| स्थायी ठेगाना | : | कोहलपुर गाविस-३ |
| बाबुको नाम | : | रामबहादुर विक |
| आमाको नाम | : | स्व सुन्तली विक |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

कोहलपुर गाविस-३ का १९ वर्षीय गोपाल विकलाई २०५९ वैशाख १३ गते राति घरमा सुतिरहेको बेला इलाका प्रहरी कार्यालय कोहलपुरको प्रहरी टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। उनीसँगै गिरफ्तार भएकी गोमा शाहीलाई प्रहरीले पाँच दिनपछि रिहा गरेको थियो।

(४३) **महेन्द्र वली**

जन्म मिति/उमेर : २०४० कात्तिक ७/१८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन २४
घटनास्थल : पिपरहवा गविस-१
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कोहलपुर गाविस-३ हस्पिटल रोड
बाबुको नाम : जङ्गबहादुर वली
आमाको नाम : झुमादेवी वली
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



कोहलपुर गाविस-३ हस्पिटल रोडका १८ वर्षीय महेन्द्र वलीलाई २०५८ फागुन २४ गते जमुनाहा प्रहरीले पिपरहवा गविस-१ जमुनाहा चोकबाट गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। आफ्ना छोरालाई खोज्न चिसापानी ब्यारेक गएका बुबालाई क्याप्टेन रमेश स्वाँरले महेन्द्रलाई गिरफ्तार नगरेको जानकारी गराएका थिए। उनले महेन्द्रका आमा बुबालाई घरमै गएर कुटेका थिए। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(४४) **हिक्मत विष्ट**

जन्म मिति/उमेर : २०४० वैशाख १ १९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख १३
घटनास्थल : कोहलपुर गाविस-३
पेशा : मजदूरी
स्थायी ठेगाना : कोहलपुर गाविस-३ कालीकानगर
बाबुको नाम : दानबहादुर विष्ट
आमाको नाम : ठूमा विष्ट
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : शर्मिला विष्ट
छोरा/छोरी सङ्ख्या : १/ १जना

**विवरण**



कोहलपुर गाविस-३ कालीकानगरका १९ वर्षीय हिक्मत विष्टलाई २०५९ वैशाख १३ गते राति घरमा सुतिरहेको बेला इलाका प्रहरी कार्यालय कोहलपुरको प्रहरीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ।उनीसँगै गिरफ्तार भएकी गोमा शाही पाँच दिनपछि रिहा भएकी थिइन्। प्रहरीले विष्टलाई गिरफ्तारपश्चात् शाही नेपाली सेनालाई बुझाएको जानकारी गराएको परिवारको भनाइ छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(४५) **राममिलन वाल्मिकी**

जन्म मिति/उमेर : २०३५ साल / २४वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख १३
घटनास्थल : कोहलपुर गाविस-३
पेशा : ज्यालादारी
स्थायी ठेगाना : कोहलपुर गाविस-३ कालीनगर
बाबुको नाम : सुकैलाल बाल्मिकी
आमाको नाम : मैकी बाल्मिकी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : धन्नो बाल्मिकी
छोरा/छोरी सङ्ख्या : ० / २ जना

**विवरण**

कोहलपुर गाविस-३ कालीनगरका २४ वर्षीय राममि( लन वाल्मिकीलाई २०५९ वैशाख १३ गते राति घरमा सुतिरहेको बेला इलाका प्रहरी कार्यालय कोहलपुरको प्रहरीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। उनीसँगै गिरफ्तार भएकी गोमा शाही पाँच दिनपछि रिहा भएकी थिइन्। प्रहरीले विष्टलाई गिरफ्तारपश्चात् शाही नेपाली सेनालाई बुझाएको जानकारी गराएको परिवारको भनाइ छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(४६) **डण्डबहादुर कार्की**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१५ साल / ४० वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५५ जेठ १२ |
| घटनास्थल | : | बडागाउँ गाविस-५, सल्यान |
| पेशा | : | राजनीति, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | रझेना गाविस-२ ड्राइभर टोल |
| बाबुको नाम | : | स्व डिलाराम कार्की |
| आमाको नाम | : | स्व अमृती कार्की |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | नोखी कार्की |
| छोरा/छोरी सङ्ख्या | : | ३/ २जना |

**विवरण**

रझेना गाविस-२ ड्राइभर टोल निवासी नेकपा माओवादी कार्यकर्ता ३९वर्षीय डण्डबहादुर कार्कीलाई २०५५ जेठ १२ गते सल्यान जिल्लाको बडागाउँ गाविस-५ बाट इलाका प्रहरी कार्यालय रागेचौरमर्मको प्रहरीले गिरफ्तार गरकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(४७) **धनसिह कामी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१३ माघ २९ ४६ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ वैशाख १३ |
| घटनास्थल | : | कोहलपुर गाविस-३ |
| पेशा | : | मजदूरी |
| स्थायी ठेगाना | : | कोहलपुर गाविस-३ कालीनगर |
| बाबुको नाम | : | स्व वीरे कामी |
| आमाको नाम | : | स्व सुशीला कामी |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | देउसरा कामी |
| छोरा/छोरी सङ्ख्या | : | ३/ १जना |

**विवरण**



कोहलपुर गाविस-३ कालीनगरका ४६ वर्षीय धनसिह कामीलाई २०५९ वैशाख १३ गते राति घरमा सुतिरहेको बेला इलाका प्रहरी कार्यालय कोहलपुरको प्रहरीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। उनीसँगै गिरफ्तार भएकी गोमा शाही पाँच दिनपछि रिहा भएकी थिइन्। प्रहरीले कामीलाई गिरफ्तारपश्चात् शाही नेपाली सेनालाई बुझाएको जानकारी गराएको परिवारको भनाइ छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(४८) **जगवीर पुन**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२८ /२७ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५५ चैत २५ गते |
| घटनास्थल | : | बाँके जिल्ला, कोहलपुर गाविस-४, निबुवा |
| पेशा | : | राजनीति, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | बाँके जिल्ला, कोहलपुर गाविस-४, निबुवा |
| बाबुको नाम | : | मोतीलाल पुन |
| आमाको नाम | : | देवी पुन |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | हाल अर्को विवाह गरेकी |
| छोरा/छोरी सङ्ख्या | : | २/० |
| अन्य आश्रित सङ्ख्या | : | १ |

**विवरण**

कोहलपुर गाविस-४ निवासी ४० वर्षीय जगवीर पुनलाई माओवादी भएको आरोपमा २०५५ चैत २५ गते इलाका प्रहरी कार्यालय कोहलपुरले कोहलपुर गाविस-४ निबुवा गाउँस्थित बसन्त पुरीको घरबाट गिरफ्तार गरी बेपत्ता पारे। प्रहरीले उनीसँग गिरफ्तार गरेका सोही स्थानका प्रेमबहादुर विकलाई पनि बेपत्ता पारेका थिए। पीडितपक्ष इलाका प्रहरी

कार्यालय कोहलपुरमा २०५५ चैत २७ गते सोध्न जाँदा गेटमा बस्ने प्रहरीले कार्यालयभित्र जान दिएनन् र जगबीर त्यहाँ नभएको बताए। उनको परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरुप १ लाख रुपियाँ प्राप्त गऱ्यो।

(४९) **प्रतिमा गौतम**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३७ चैत ८/२२ गते |
| लिङ्ग | : महिला |
| घटना मिति | : २०५९ मङ्सिर २५ गते |
| घटनास्थल | : बाँके जिल्ला, उढरापुर गाविस-२ |
| पेशा | : राजनीति, अनेरास्ववियु बाँके एरिया कमिटी सदस्य |
| स्थायी ठेगाना | : बाँके जिल्ला, सीतापुर गाविस-७, बी बोरिङ |
| बाबुको नाम | : कान्तुराम गौतम |
| आमाको नाम | : यमसरा गौतम |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



सीतापुर गाविस-७ निवासी अनेरास्ववियु (क्रान्तिकारी)का एरिया कमिटी सदस्य २२ वर्षीया प्रतिमा गौतम बाँके जिल्लाको विद्यार्थी सङ्गठनको अधिवेशनको तयारीको क्रममा उढरापुर गाविस-२, पुरैनी गाउँमा रहेको अवस्थामा २०५९ मङ्सिर २५ गते दिउँसो ३ बजे इलाका प्रहरी कार्यालय, धनौलीका प्रहरीले गाउँ घेरा हाली गिरफ्तार गरी बेपत्ता पारे। गिरफ्तारीपश्चात् उनलाई प्रहरीले कुट्दै नजिकैको सिमलको रुखसम्म पुऱ्याई जीपमा हालेर लगेका थिए। सो ठाउँमा रहेका अन्य माओवादी कार्यकर्ता भागे पनि उनी भाग्न नसकेकाले प्रहरीले पक्राउ गरेका थिए। उनको परिवारले राहत सहयोग प्राप्त गरेको छैन।

(५०) **देवीप्रसाद अधिकारी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२९ भदौ १२ /३० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ वैशाख १४ गते |
| घटनास्थल | : बाँके जिल्ला, कोहलपुर गाविस-८, पिपरी नयाँबस्ती |
| पेशा | : राजनीति, नेकपा माओवादी एरिया कमिटी सदस्य |
| स्थायी ठेगाना | : २०५९ वैशाख १४ गते |
| बाबुको नाम | : लोकनाथ अधिकारी |
| आमाको नाम | : चन्द्रकला अधिकारी |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : डिलकुमारी अधिकारी |
| छोरा/छोरी सङ्ख्या | : १/१ |
| अन्य आश्रित सङ्ख्या | : ३ जना |

**विवरण**

कोहलपुर गाविस-३ निवासी नेकपा माओवादी एरिया कमिटी सदस्य ३० वर्षीय देवीप्रसाद अधिकारीलाई २०५९ वैशाख १४ गते इलाका प्रहरी कार्यालय कोलहपुरका प्रंहरीले कोहलपुर गाविस-८ पिपरी नयाँबस्तीबाट गिरफ्तार गरी बेपत्ता पारे। गिरफ्तारपश्चात् उनलाई इलाका प्रहरी कार्यालय, कोहलपुर लगिएको थियो। देवीप्रसाद भन्ने व्यक्तिलाई आफूहरुले पक्राउ नगरेको प्रहरीले बताए। उनको गिरफ्तारीपछि पनि सुरक्षाकर्मीले पटकपटक घरमा आई पिट्ने र अभद्र व्यवहार गर्ने गरेको परिवारजनले बताए। पीडितका परिवारले जिल्ला प्रशासन कार्यालयबाट १ लाख रुपैयाँ प्राप्त गऱ्यो।

(५१) **पवित्रा वली**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३९ वैशाख १० गते १६ वर्ष |
| लिङ्ग | : महिला |
| घटना मिति | : २०५५ माघ २५ गते |
| घटनास्थल | : बाँके जिल्ला, बागेश्वरी गाविस-१, खजुरा |
| पेशा | : विद्यार्थी, नेकपा माओवादी सदस्य |

स्थायी ठेगाना : बाँके जिल्ला, महादेवपुरी गाविस-२, बुचापुर
बाबुको नाम : वीरबहादुर वली
आमाको नाम : लिला वली
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

महादेवपुरी गाविस-२ की १६ वर्षीया पवित्रा वली र फत्तेपुर गाविस-८ की २१ वर्षीय जुनुकुमारी घर्ती मगरलाई माओवादीको आरोपमा २०५५ माघ २५ गते साँझ ५ बजे जिल्ला प्रहरी कार्यालय नेपालगञ्जका प्रहरीले बागेश्वरी गाविस-१ खजुराबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडितका परिवारले जिल्ला प्रशासन कार्यालयबाट १ लाख रुपैयाँ प्राप्त गर्‍यो।

(५२) **सुनीता सापकोटा**

जन्म मिति/उमेर : २०३३ जेठ ६ गते /२६ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५९ असोज २३ गते
घटनास्थल : कञ्चनपुर जिल्ला, झलारी गाविस-७, झलारी
पेशा : राजनीति, नेकपा माओवादी जिल्ला कमिटी सदस्य
स्थायी ठेगाना : बाँके जिल्ला, कोहलपुर गाविस-४, चप्परगौडी
बाबुको नाम : ओमप्रकाश सापकोटा
आमाको नाम : सावित्रा सापकोटा
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : लेखनाथ पौडेल
छोरा/छोरी सङ्ख्या : १ /०

**विवरण**

कोहलपुर गाविस-७ की २६ वर्षीया सुनीता सापकोटालाई माओवादीको आरोपमा २०५९ असोज २३ गते कञ्चनपुर जिल्ला, झलारी गाविस-७, झलारीबाट इलाका प्रहरी कार्यालय झलारीका प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। उनीसँगै कञ्चनपुर जिल्ला रामपुरविलासपुर गाविस-५ का गणेश चौधरीसहित अन्य नाम थाहा नभएका एक जनालाई पनि सोही दिन प्रहरीले गिरफ्तार गरेका थिए। पीडितका परिवारले जिल्ला प्रशासन कार्यालयबाट १ लाख रुपैयाँ प्राप्त गर्‍यो।

(५३) **प्रेमबहादुर विक**

जन्म मिति/उमेर : २०३६ माघ २५ / १९वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ माघ २५
घटनास्थल : कोहलपुर गाविस-४
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कोहलपुर गाविस-४ मसुरीखेत
बाबुको नाम : रामबहादुर बिक
आमाको नाम : ढोलनी विक
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

कोहलपुर गाविस-४ मसुरीखेतका १९वर्षीय प्रेमबहादुर विकलाई २०५५ माघ २५ गते साँझ ७ बजे कोहलपुर गाविस-४ निबुवा बुद्धखेतस्थित वसन्त पुरीको घरमा बसिरहेको बेला इलाका प्रहरी कार्यालय कोहलपुरबाट आएको प्रहरीले दुवै जनालाई गिरफ्तार गरेको थियो। वसन्त पुरीलाई केही दिनपछि रिहा गरिएको थियो भने प्रेमलाल विकको अवस्था अज्ञात छ।पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(५४) **कमानसिंह पुन**

जन्म मिति/उमेर : २०३६पुस २७/१९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ भदौ २०
घटनास्थल : कोहलपुर गाविस-३
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : कोहलपुर गाविस-४ मसुरीखेत
बाबुको नाम : जगतमान पुन
आमाको नाम : गौमती पुन
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

कोहलपुर गाविस-४ मसुरीखेतका १९ वर्ष कमानसिंह पुनलाई २०५५ भदौ २० कोहलपुर गाविस-३ एनसिसिएनको परिसरबाट प्रहरीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। माओवादीको जनमुक्ति सेनाका सदस्य रहेका बुढालाई भदौ २५ गतेसम्म कोहलपुर इलाका प्रहरी कार्यालयमा राखिएको थियो। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

**(५५) मदन थारु (रोहित)**

जन्म मिति/उमेर : २०३५ कात्तिक १ गते
२४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख २९ गते
घटनास्थल : बाँके जिल्ला, टिटिहिरिया गाविस-७, थपुवा
पेशा : राजनीति, नेकपा माओवादी जनमुक्ति सेना
स्थायी ठेगाना : बाँके जिल्ला, टिटिहिरिया गाविस-४, गुरुदयालपुर
बाबुको नाम : लालबहादुर थारु
आमाको नाम : रामकली थारु
वैवाहिक स्थिति : अविवाहित
अन्य आश्रित सङ्ख्या : २ जना

**विवरण**

टिटिहिरिया गाविस-४, गुरुदयालपुरका २४ वर्षीय रोहित भनिने मदन थारुलाई माओवादीको आरोपमा २०५९ वैशाख २९ गते बिहान ७ बजे कोहलपुरस्थित सशस्त्र प्रहरीले टिटिहिरिया गाविस-७ थपुवाबाट गिरफ्तार गरी बेपत्ता पारे। उनको परिवारले जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरुप १ लाख रुपैयाँ प्राप्त गऱ्यो।

**(५६) जीतबहादुर पुन (शरण)**

जन्म मिति/उमेर : २०३७ कात्तिक / २२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख २९
घटनास्थल : कोहलपुर गाविस-४
पेशा : राजनीति नेकपा माओवादीका एरिया सदस्य
स्थायी ठेगाना : कोहलपुर गाविस-४ मसुरीखेत
बाबुको नाम : मोतिलाल पुन
आमाको नाम : स्व देवी पुन
वैवाहिक स्थिति : अविवाहित

**विवरण**




कोहलपुर गाविस-४ मसुरीखेत निवासी नेकपा माओवादीका एरिया सदस्य शरण भनिने २२ वर्षीय जीतबहादुर पुनलाई २०५९ वैशाख २९ गते राति १२ बजे घरनजिकै रहेको अवस्थामा इलाका प्रहरी कार्यालय कोहलपुरबाट आएको प्रहरीको टोलीले गिरफ्तार गरी बेपत्ता पाऱ्यो। पुनलाई डेढ वर्षसम्म बाँके कारागारमा राखिएको थियो जहाँबाट उनले एसएलसी परीक्षा पनि दिएका थिए। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

**(५७) मोहनलाल वली**

जन्म मिति/उमेर : २०२४ जेठ ३१/ ३१वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ जेठ २८
घटनास्थल : महादेवपुरी गाविस-५ ढकेरी
पेशा : शिक्षण, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : महादेवपुरी गाविस-५ ढकेरी
बाबुको नाम : चुडासिंह ओली
आमाको नाम : सेती वली
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : रीता वली
छोरा/छोरी सङ्ख्या : १/ जना

**विवरण**




महादेवपुरी गाविस-५ ढकेरीका ३१वर्षीय मोहनलाल वलीलाई २०५५ जेठ २८ गते राति १२ बजे घरमा सुतिरहेको बेला समशेरगञ्ज प्रहरी चौकीको प्रहरी टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

## नेकपा माओवादीबाट

**(५८) लालबहादुर डागी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २००५ साल/ ५५वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० असोज २ |
| घटनास्थल | : | कचनापुर गाविस-१ |
| पेशा | : | व्यापार, नेकपा एमाले कार्यकर्ता |
| स्थायी ठेगाना | : | कचनापुर गाविस-१ अगैया |
| बाबुको नाम | : | चन्द्रवीर डाँगी |
| आमाको नाम | : | नखुलेको |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | गनमती डाँगी |
| छोरा/छोरी सङ्ख्या | : | २/ जना |

**विवरण**



कचनापुर गाविस-१ अगैया ५५वर्षीय लालबहादुर डाँगीलाई २०६० असोज २ गते२०६० असोज २ गते राती माओवादीको मङ्गलसेन बटालियनका सेनाको टोलीले घरबाटै अपहरण गरेकोमा उनको अवस्था अज्ञात छ। उक्त टोलीले डाँगीको घर तोडफोड गर्नुका साथै ७ हजार रपिया र पसलमा भएका सामान पनि लुटेर लगेका थिए। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

**(५९) ध्रुवप्रकाश श्रेष्ठ**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१८ असार १३ ४२ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० साउन १९ |
| घटनास्थल | : | कोहलपुर गाविस-४ |
| पेशा | : | व्यापार |
| स्थायी ठेगाना | : | कोहलपुर गाविस-४ चप्परगौडी |
| बाबुको नाम | : | भरतमान श्रेष्ठ |
| आमाको नाम | : | चन्द्रकुमारी श्रेष्ठ |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | कौशिल्या श्रेष्ठ |
| छोरा/छोरी सङ्ख्या | : | /२ जना |
| अन्य आश्रित सङ्ख्या | : | १ |



**विवरण**


कोहलपुर गाविस-४ चप्परगौडीका ४२ वर्षीय ध्रुवप्रकाश श्रेष्ठलाई २०६० साउन १९ गते राति घरमा बसिरहेको बेला माओवादी कार्यकर्ताले अपहरण गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप कुनै सहयोग उपलब्ध गराएको छैन।

**(६०) भोजराज ढकाल**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२३ फागुन ११ गते ३७ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० भदौ २५ गते |
| घटनास्थल | : | बाँके जिल्ला, कोहलपुर गाविस-८, पिपरी |
| पेशा | : | कृषि, नेकपा एमाले कार्यकर्ता |

स्थायी ठेगाना : बाँके जिल्ला, कोहलपुर गाविस-८, पिपरी
बाबुको नाम : चुडामणि ढकाल
आमाको नाम : विष्णुमाया ढकाल
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : हाल दोस्रो विवाह गरेको
छोरा/छोरी सङ्ख्या : १ /२
अन्य आश्रित सङ्ख्या : १ जना

**विवरण**



कोहलपुर गाविस-५ पिपरी निवासी नेकपा एमाले कार्यकर्ता ३७ वर्षीय भोजराज ढकाललाई माओवादी पार्टीको हितविपरीत काम गरेको आरोपमा २०६० भदौ २५ गते दिउँसो ३ बजे घरमा बुबाको श्राद्ध गर्दै गरेको अवस्थामा माओवादीले श्राद्ध गर्न नदिई एक छिन काम छ भनी घरबाटै अपहरण गरे। अपहरण गरेको दिनको राति कोहलपुर गाविस-७ रजडुवा नजिकको जंगलमा कोहलपुर गाविस-८ का बसन्त श्रेष्ठले उनलाई देखेका थिए। उनीसँग अपहरणमा परेका सोही स्थानका दण्डपाणि शर्मा र बसन्त श्रेष्ठ भोलिपल्ट भागेर फर्किए। उनीहरुका अनुसार भोजराजलाई माओवादीले धेरै यातना दिएका थिए। यातनाकै कारण उनी कब्जाबाट भाग्न नसकेको श्रेष्ठले बताए। ढकालका छोरालाई लास फेला पारिएको भन्दै गाउँलेले कुशको लास बनाएर अन्तिम संस्कार गर्न लगाएको पीडितकी आमाले बताइन्। उनको छोराको लास नपाएकोले आफू छोरा मारिएको स्वीकार्न तयार नरहेको बताइन्। उनको परिवारले राहत रकम प्राप्त गरेको छैन।

**(६१) भागीराम थारू**

जन्म मिति/उमेर : २०३५ पुस २० /२६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ माघ १ गते
घटनास्थल : फत्तेपुर गाविस-७, बाके
पेशा : कृषि
स्थायी ठेगाना : फत्तेपुर गाविस-७, झपरतल्ली
बाबुको नाम : माधुराम थारू
आमाको नाम : काली थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : जुगमानी र उमाकुमारी थारू
छोरा/छोरी सङ्ख्या : २/ २जना

**विवरण**



फत्तेपुर गाविस-७ झपरतल्लीका २६ वर्षीय भागीराम थारूलाई माओवादी पार्टीको हितविपरीत काम गरेको आरोपमा २०६१ माघ १ गते उनकै गाउँबाट माओवादीले अपहरण गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

# ४.६ बर्दिया

## पीडक राज्यपक्षबाट (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

(१) **वसन्तु थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३५ मङ्सिर १२ गते २४ वर्ष |
| घटना मिति | : २०५९ कात्तिक ३ गते |
| घटनास्थल | : बदालपुर गाविस-९ बदालपुर,बर्दिया |
| लिङ्ग | : पुरुष |
| स्थायी ठेगाना | : बदालपुर गाविस-९ बदालपुर |
| बाबुको नाम | : भरतमणि थारू |
| आमाको नाम | : लक्ष्मी थारू |
| वैवाहिक स्थिति | : विवाहित |
| पति वा पत्नीको नाम | : बाँधी थारू |
| छोरा/छोरी सङ्ख्या | : २/१ |
| अन्य आश्रित सङ्ख्या | : ६ |

**विवरण**



बदालपुर गाविस-९ बदालपुरका २४ वर्षीय वसन्तु थारूलाई २०५९ कात्तिक ३ गते प्रहरी, सेना र सशस्त्र प्रहरीको संयुक्त टोलीले घरमा सुतिरहेको अवस्थामा उठाएर लगेर बेपत्ता पारेका थिए।उनलाई मानपुर टपरा गाविसको विद्यालयमा स्थानीय बासिन्दाले कात्तिक ५ गते देखेको पीडित परिवारको भनाइ छ। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२) **दुश्पति थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२१ भदौ ५ गते ३९ वर्ष |
| घटना मिति | : २०६० कात्तिक १५ गते |
| घटनास्थल | : सूर्यपटुवा गाविस-४, डल्ला, बर्दिया |
| लिङ्ग | : पुरुष |
| स्थायी ठेगाना | : सूर्यपटुवा गाविस-४, डल्ला |
| बाबुको नाम | : छेदू थारू |
| वैवाहिक स्थिति | : विवाहित |
| पति वा पत्नीको नाम | : पहारी थारू |
| छोरा/छोरी सङ्ख्या | : २/२ |

**विवरण**

सूर्यपटुवा गाविस-४, डल्लाका ३९ वर्षीय दुश्पति थारूलाई २०६० कात्तिक १५ गते ढोढरी गाविस-४ धनौराको नेपाल राष्ट्रिय प्राविबाट संयुक्त बेलवा प्रहरी चौकीबाट आएको संयुक्त सुरक्षाफौजले गिरफ्तार गरी बेपत्ता पारेको थियो ।पीडित परिवारलाई सरकारबाट कुनै क्षतिपूति उपलब्ध गराइएको छैन। दुश्पति नेकपा माओवादीका लडाकू थिए।

(३) **भुवनकुमार थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३८ पुस २२ गते २१ वर्ष |
| घटना मिति | : २०५९ भदौ १६ गते |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ भदौ १६ गते |
| घटनास्थल | : मगरागडी गाविस-८, |
| लिङ्ग | : पुरुष |
| स्थायी ठेगाना | : मोतिपुर गाविस-७, बर्दिया |
| बाबुको नाम | : अमृतलाल थारू |
| आमाको नाम | : रामकृष्णी थारू |
| वैवाहिक स्थिति | : विवाहित |
| पति वा पत्नीको नाम | : रिसमनि थारू |
| छोरा/छोरी सङ्ख्या | : ०/१ |
| अन्य आश्रित सङ्ख्या | : ४ |

**विवरण**



मोतिपुर गाविस-७ का २१ वर्षीय भुवनकुमार थारूलाई २०५९ भदौ १६ गते कामको खोजीमा महेन्द्रनगर हुँदै बसमा गइरहेको अवस्थामा :मगरागडी गाविस-८ मा रम्मापुरमा पुगेपछि सेनाको टोलीले गाडी रोकेर उनीसहित सात जनालाई नियन्त्रणमा लिएर आफैसँग लिएर गएकोमा उनको अवस्था अज्ञात छ।उनीसँगै गिरफ्तार गरिएका तेङ्नु थारू एक महिनापछि रिहा भएका थिए। उनको भनाइ अनुसार भुवनलगायत सँगै पक्राउ परेका सबैलाई रम्मापुर ब्यारेकमा चार दिनसम्म देखेका थिए।पीडित परिवारलाई सरकारले कुनै राहत उपलब्ध गराएको छैन।

(४) **भुखलाल थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३३/२६ वर्ष |
| घटना मिति | : | २०५९ भदौ १६ गते |
| घटनास्थल | : | मगरागडी गाविस-८, बर्दिया |
| लिङ्ग | : | पुरुष |
| स्थायी ठेगाना | : | मोतिपुर गाविस-७,बर्दिया |
| बाबुको नाम | : | जगतराम थारू |
| आमाको नाम | : | पत्या थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| अन्य आश्रित सङ्ख्या | : | १२ |

**विवरण**



मोतिपुर गाविस-७का २६ वर्षीय भुखलाल थारूलाई २०५९ भदौ १६ गते कामको खोजीमा महेन्द्रनगर हुँदै बसमा गइरहेको अवस्थामा :मगरागडी गाविस-८ मा रम्मापुरमा पुगेपछि सेनाको टोलीले गाडी रोकेर उनीसहित सात जनालाई नियन्त्रणमा लिएर आफैसँग लिएर गएकोमा उनको अवस्था अज्ञात छ।उनीसँगै गिरफ्तार गरिएका तेङ्नु थारू एक महिनापछि रिहा भएका थिए। पीडित परिवारलाई सरकारले राहतस्वरू १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(५) **सुखलिया थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३३ साल/२६ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ असोज २२ |
| घटनास्थल | : | डउढकला गविस-३, बर्दिया |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | मनाउ गाविस-३, बर्दिया |
| बाबुको नाम | : | मोहनलाल थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | फूलकेशरी थारू |
| छोरा/छोरी सङ्ख्या | : | ०/३ |

**विवरण**

मनाउ गाविस-३ का २६ वर्षीय सुखलिया थारूलाई २०५९ असोज २२ गते डउढकला गविस-३ शान्तिनगरबाट शाही नेपाली सेनको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ।। पीडित परिवारलाई सरकारले राहत स्वरूप कुनै सहयोग उपलब्ध गराएको छैन।

(६) **दीपक रोका**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३१ माघ १० गते २८ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ जेठ ११ गते |
| घटनास्थल | : | ढोढरी गाविस-८,बर्दिया |
| पेशा | : | राजनीति, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | ताराताल गाविस-७, धर्मवस्ती |
| बाबुको नाम | : | मीनबहादुर रोका |
| आमाको नाम | : | लालीदेवी रोका |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण** ताराताल गाविस-७ धर्मवस्तीका २८ वर्षीय दीपक रोकालाई २०५९ जेठ ११ गते ढोढरी गाविस-७मा रहेको संयुक्त सुरक्षाफौजको टोलीले बाँदरअटिया गाउँबाट गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ।। पीडित परिवारलाई सरकारले राहत स्वरूप कुनै सहयोग उपलब्ध गराएको छैन।

(७) **श्यामबहादुर थापा**

जन्म मिति/उमेर : २०१८ साल/३८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ साउन २४
घटनास्थल : मगरागढी गावस-८
पेशा : कृषि
स्थायी ठेगाना : नेउलापुर गाविस-५ सिंहबाहिनी
बाबुको नाम : लोहरी थापा
आमाको नाम : जसी थापा
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : सावित्री थापा
छोरा/छोरी सङ्ख्या : २/२ जना

**विवरण**



नेउलापुर गाविस-५ सिंहबाहिनीका ३८ वर्षीय श्यामबहादुर थापालाई २०५५ साउन २४ राति मगरागढी गावस-८ का बुधराम थारूको घरबाट गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप कुनै सहयोग उपलब्ध गराएको छैन।

(८) **चमारी थारू**

जन्म मिति/उमेर : २०१५ जेठ ५/४४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ २ गते
घटनास्थल : धधवार गाविस-७, बर्दिया
पेशा : कृषि
स्थायी ठेगाना : धधवार गाविस-७, दूधा
बाबुको नाम : भिखारी थारू
आमाको नाम : जगनी थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : मन्तुरिया थारू
छोरा/छोरी सङ्ख्या : १ /१

**विवरण**



धधवार गाविस-७का ४४ वर्षीय चमारी थारूलाई२०५९ जेठ १ गते आफ्नै खेत जोतिरहेको अवस्थामा मगरागढी गाविस रम्मापुरस्थित ब्यारेकबाट आएको सुरक्षाकर्मीको टोलीले नियन्त्रणमा लिएर ब्यारेक लगेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप कुनै सहयोग उपलब्ध गराएको छैन।

(९) **राजबहादुर चौधरी**

जन्म मिति/उमेर : २०३१ माघ १० गते २७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ चैत ७ गते
घटनास्थल : धधवार गाविस-७, बर्दिया
पेशा : कृषि
स्थायी ठेगाना : धधवार गाविस-७, थानफेना
बाबुको नाम : भगौती थारू
आमाको नाम : पोन्नी थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : सन्तरानी थारू
छोरा/छोरी सङ्ख्या : २/२

**विवरण**



धधवार गाविस-७ थानफेनाका २७ वर्षीय राजबहादुर चौधरीलाई २०५८ चैत ७ गते घरमा बसिरहेका बेला मगरागढी गाविस रम्मापुरस्थित ब्यारेकबाट आएको

सेनाको टोलीले तालीम छ भन्दै बोलाएर लगेकोमा उनको अवस्था अज्ञात छ। उनीसँगै लगिएका धधवार गाविस-२ का गोपाल चौधरी , मनिराम थारू र धधवार गाविस-७कका मानबहादुर भण्डारीलाई त्यसै दिन रिहा गरिएको थियो। पीडित परिवारले रम्मापुर ब्यारेकमा गएर बुझ्दा राजबहादुरलाई नल्याइएको जानकारी दिइएको थियो। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१०) **धनीराम थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३८ भदौ १० गते/२० वर्षीय |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ चैत २७ गते |
| घटनास्थल | : धधवार गाविस-७ |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : धधवार गाविस-७ दूधा |
| बाबुको नाम | : रामलौटन थारू |
| आमाको नाम | : फूलमति थारू |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : अर्को विवाह गरेको |
| छोरा/छोरी सङ्ख्या | : ०/१ जना |
| अन्य आश्रित सङ्ख्या | : ५ |

**विवरण**



धधवार गाविस-७ दूधाका २० वर्षीय धनीराम थारूलाई २०५८ चैत २७ गते मगरागढी गाविस रम्मापुर ब्यारेकबाट आएको सेनाको टोलीले एक छिन सोधपुछ गर्नु छ भन्दै घरबाटै लिएर गएका थिए। भोलिपल्ट रम्मापुर ब्यारेकमा बुझ्न जाँदा परिवारजनलाई नल्याएको जबाफ दिइएको थियो।२०५९ भदौ २४ गते परिवारका सदस्यले चिसापानी ब्यारेकका क्याप्टेन रमेश स्वाँरलाई फोनमा सोद्धा उनले धनीरामलाई सोधपुछ गरेर रिहा गरिएको बताएको परिवारको भनाइ छ। पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(११) **भीमबहादुर थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०१८ साल/४१ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ वैशाख ४ गते |
| घटनास्थल | : धधवार गाविस-३, बर्दिया |
| पेशा | : शिक्षण |
| स्थायी ठेगाना | : धधवार गाविस-३ कतर्निया |
| बाबुको नाम | : लालू थारू |
| आमाको नाम | : झुठरमुन्डी थारू |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : सोनापति थारू |
| छोरा/छोरी सङ्ख्या | : २/१ जना |

**विवरण**



धधवार गाविस-३ कतर्नियाका ४१ वर्षीय भीमबहादुर थारूलाई मगरागढी गाविसको रम्मापुर ब्यारेकबाट आएको गस्ती टोलीले २०५९ वैशाख ४ गते गाडीमा हालेर लगेका थिए।भोलिपल्ट उनकी पत्नी रम्मापुर ब्यारेकमा गएर सोधपुछ गर्न जाँदा उल्टै धम्की दिइएको थियो।पीडित परिवारलाई सरकारले राहत स्वरूप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१२) **राजकुमार थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३७ पुस ५ गते २२ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ साउन ३१ |
| घटनास्थल | : धधवार गाविस |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : धधवार गाविस-४ गुमस्ता |
| बाबुको नाम | : जुगलाल थारू |
| आमाको नाम | : जुगमानि थारू |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : अनीता थारू |

छोरा/छोरी सङ्ख्या : ०/२ जना
अन्य आश्रित सङ्ख्या : २

**विवरण**



धधवार गाविस-४का गुमस्ताका २२ वर्षीय राजकुमार थारूलाई२०५९ साउन ३१ मेतिपुर गाविसको बासगढीबाट घरतर्फ फर्कँदै गर्दा धधवार गविस-३ कतर्नियाबाट मगरागडी गाविस रम्मापुरबाट आएको सैनिक गस्ती टोलीले गाडीमा हालेर लगेका देखेर लम्कीफाटाका एक महिलाले परिवारलाई जानकारी गराएकी थिइन्। भोलिपल्ट रम्मापुर ब्यारेकमा सोध्न जाँदा नल्याएको जबाफ दिइएको थियो। राजकुमारको अवस्था अज्ञात छ। पीडितका परिवारलाई सरकारले राहतस्वरुप कुनै सहायोग उपलब्ध गराएको छैन।

(१३) **भोकरा थारू**

जन्म मिति/उमेर : २०२७/३२वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ २५ गते
घटनास्थल : मगरागरढी गाविस-४, बर्दिया
पेशा : कृषि
स्थायी ठेगाना : नेउलापुर गाविस-१, बलाती
बाबुको नाम : दुवारी थारू
आमाको नाम : रनिया थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : रामकुमारी थारू
छोरा/छोरी सङ्ख्या : ३/जना



**विवरण**

नेउलापुर गाविस-१ बलाती का ३२वर्षीय भोकरा थारूलाई२०५९ जेठ २५ गते मगरागरढी गाविस-४मनिकापुर गएका बेला रम्मापुरबाट गएको शाही नेपाली सेनाको टोलीले कब्जामा लिएर ठाकुरद्वारास्थित ब्यारेकमा लगेपछि उनको अवस्था अज्ञात छ।पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१४) **लल्लू थारू**

जन्म मिति/उमेर : २०४२ जेठ २५/१६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन ७ गते
घटनास्थल : ठाकुरद्वाारा गाविस-६, बर्दिया
पेशा : विद्यार्थी
स्थायी ठेगाना : नेउलापुर गाविस-४ सुजनपुर
बाबुको नाम : धर्म थारू
आमाको नाम : समप्ति थारू
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



नेउलापुर गाविस-४ सुजनपुरका १६ वर्षीय लल्लू थारूलाई २०५८ फागुन ७ गते ठाकुरद्वाारा गाविस-६ स्थित शाही नेपाली सेनाको ब्यारेकमा तारेख लिन गएकोमा फागुन १५ गतेदेखि उनको अवस्था अज्ञात छ। फागुन ४ गते गिरफ्तार गरिएका थारूलाई फागुन ६ गते तारेखमा रिहा गरिएको थियो। फागनु ७ गते उनी तारेख लिन जाँदा हिरासतमा राखियो। फागनु ११ र १५ गते परिवारका सदस्यले उनलाई ब्यारेकमा भेटेका थिए। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१५) **साइते थारू**

जन्म मिति/उमेर : २०३५ /२४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ २१ गते
घटनास्थल : बगनाहा गाविस-१, बर्दिया
पेशा : रानजनीति , नेकपा माओवादी कार्यकर्ता

स्थायी ठेगाना : नेउलापुर गाविस-८, तीनधरुवा
बाबुको नाम : बाँधु थारू
आमाको नाम : फूलबसिया थारू
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



नेउलापुर गाविस-८, तीनधरुवा निवासी नेकपा माओवादीका कार्यकर्ता २४ वर्षीय साइते थारूलाई २०५९ जेठ २१ गते ढोढरी गाविस-७ स्थित प्रहरी चौकीबाट आएको प्रहरी टोलीले बगनाहा गाविस-१ शाहीपुरमा गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१६) **शोभाराम थारू**

जन्म मिति/उमेर : २०४२ जेठ २०
१७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ ११ गते
घटनास्थल : ढोढरी गाविस-२,
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : ढोढरी गाविस-८ मधुवन
बाबुको नाम : भिखू थारू
आमाको नाम : टेगनी थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : कमला थारू
छोरा/छोरी सङ्ख्या : १/१ जना



**विवरण**

ढोढरी गाविस-८ मधुवन निवासी माओवादी कार्यकर्ता १७ वर्षीय शोभाराम थारूलाई २०५९ जेठ ११ गते ढोढरी गाविस-२ बाँदरभरियाबाट ढोढरी इलाका प्रहरी कार्यालयको टोलीले गिरफ्तार गरी त्यसदिन ढोढरीमा राखेका थिए। त्यसपछि उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१७) **चन्द्रबहादुर थारू**

जन्म मिति/उमेर : २०३३ कात्तिक २५/२५वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ चैत ३१ गते
घटनास्थल : शिवपुर गाविस-९, बर्दिया
पेशा : कृषि
स्थायी ठेगाना : ठाकुरद्वारा गाविस-१ भुडकइया
बाबुको नाम : हिरासिंह थारू
आमाको नाम : लौटी थारू
वैवाहिक स्थिति: विवाहित
पति/पत्नीको नाम : रेशमा थारू
छोरा/छोरी सङ्ख्या : २/२ जना

**विवरण** :

ठाकुरद्वारा गाविस-१ भुडकइयाका २५ वर्षीय चन्द्रबहादुर थारूलाई २०५८ चैत ३१ गते शिवपुर गाविस-९ मा काम गरिरहेको बेला ठाकुरद्वाराबाट आएको सैनिक गस्ती टोलीले नियन्त्रणमा लिएर गाडीमा हालेर लगेका थिए। त्यसपछि उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१८) **आशारानी थारू**

जन्म मिति/उमेर : २०३८ साल /२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० फागुन १६ गते
घटनास्थल : शिवपुर गाविस-८
पेशा : राजनीति, नेकपा माओवादी सेना
स्थायी ठेगाना : नेउलापुर गाविस -९ नेउलापुर
बाबुको नाम : भीमलाल थारू
आमाको नाम : प्रभी थारू
वैवाहिक स्थिति : अविवाहित
अन्य आश्रित सङ्ख्या : ६

**विवरण**



नेउलापुर गाविस -९ नेउलापुर २२ वर्ष आशारानी थारू लाई शिवपुर गाविस-८ मोहनपुरबाट २०६० फागुन १६ गते ठाकुरद्वाराबाट आएको सेनाको टोलीले कब्जामा लिएर गाडीमा लगेपछि उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१९) **लौटन थारू**

जन्म मिति/उमेर : २०४० पुस ९ गते/१९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ कात्तिक ३ गते
घटनास्थल : बदालपुर गाविस-९
पेशा : कृषि
स्थायी ठेगाना : बदालपुर गाविस-९ जयपुर
बाबुको नाम : किशनलाल थारू
आमाको नाम : कैया थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : सावित्रा थारु

**विवरण**



बदालपुर गाविस-९ जयपुरका १९ वर्षीय लौटन थारूलाई२०५९ कात्तिक ३ गते : राति शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरी टपरा स्कूलमा रहेको अस्थायी क्याम्पमा राखेको थियो। हालसम्म उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२०) **महेश चौधरी**

जन्म मिति/उमेर : २०३६ मङ्सिर २६ गते २३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ कात्तिक ३ गते
घटनास्थल : बदालपुर गाविस-९ जयपुर
पेशा : कृषि
स्थायी ठेगाना : बदालपुर गाविस-९ जयपुर
बाबुको नाम : सहनलाल साह
आमाको नाम : खुन्डलिया थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : पुष्पा चौधरी
छोरा/छोरी सङ्ख्या : १/जना

**विवरण**



बदालपुर गाविस-९ जयपुरका २३ वर्षीय महेश चौधरीलाई २०५९ कात्तिक ३ गते बदालपुर गाविस-९ मा अवस्थित टपरा अस्थायी क्याम्पबाट गएको शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२१) **मोतिलाल थारू**

जन्म मिति/उमेर : २०२० कात्तिक १९ ३८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ कात्तिक १५
घटनास्थल : बदालपुर गाविस-३, बर्दिया
पेशा : कृषि
स्थायी ठेगाना : बदालपुर गाविस-३ पहाडीपुर
बाबुको नाम : हिन्डलाल थारू
आमाको नाम : सोनचिरिया थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : भोजिया थारू
छोरा/छोरी सङ्ख्या : २/२जना

**विवरण**

बदालपुर गाविस-३ पहाडीपुरका ३८ वर्षीय मोतिलाल थारूलाई२०५८ कात्तिक १५ गते खेतमा



काम गरिरहेको बेला बदालपुर गाविस-९ मा अवस्थित टपरा अस्थायी क्याम्पबाट गएको शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२२) **मङ्गरू थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३० भदौ ६/२९वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ कात्तिक ४ गते |
| घटनास्थल | : | बलापुर गाविस-४ बर्दिया |
| पेशा | : | व्यापार |
| स्थायी ठेगाना | : | बदालपुर गाविस-४ झप्टी |
| बाबुको नाम | : | मानबहादुर थारू |
| आमाको नाम | : | फक्ली थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | अनन्त थारू |
| छोरा/छोरी सङ्ख्या | : | ०/२ जना |

**विवरण**



बदालपुर गाविस-४ झप्टीका २९ वर्षीय मङ्गरू थारूलाई २०५९ कात्तिक ४ गते राति आफ्नै घरमा बसिरहेको बेला बदालपुर गाविस-९ मा अवस्थित टपरा अस्थायी क्याम्पबाट गएको शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ । उनलाई चार दिनसम्म क्याम्पमा स्थानीय बासिन्दा र आफन्तले देखेका थिए। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२३) **गोपाल थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४४ /१५ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ कात्तिक ४ गते |
| घटनास्थल | : | मानपुर टपरा गाविस-९ |
| स्थायी ठेगाना | : | बदालपुर गाविस-४ झप्टी |
| बाबुको नाम | : | पवन थारू |
| आमाको नाम | : | राजकुमारी थारू |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**



बदालपुर गाविस-४ झप्टीका १५ वर्षीय गोपाल थारूलाई२०५९ कात्तिक ४ गते राति आफ्नै घरमा बसिरहेको बेला बदालपुर गाविस-९ मा अवस्थित टपरा अस्थायी क्याम्पबाट गएको शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ । उनलाई सात दिनसम्म क्याम्पमा स्थानीय बासिन्दा र आफन्तले देखेका थिए। पीडितका परिवार उनको बारेमा सोधपुछ गर्न जादा नराखेको बताएका थिए।पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२४) **पतिराम थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२३ वैशाख ३० ३६ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ चैत २९ गते |
| घटनास्थल | : | खैरी चन्दनपुर गाविस-२ |
| पेशा | : | व्यापार |
| स्थायी ठेगाना | : | खैरी चन्दनपुर गाविस-२ मङ्गलपुर |
| बाबुको नाम | : | हिउटलाल थारू |
| आमाको नाम | : | निङ्गाली थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | फक्ली थारू र लौटन थारू |
| छोरा/छोरी सङ्ख्या | : | २/२ जना |

**विवरण**




खैरी चन्दनपुर गाविस-२ मङ्गलपुरका ३६ वर्षीय पतिराम थारूलाई२०५८ चैत २९ गते राति उनकै घरबाट ठाकुरद्वाराबाट गएको शाही नेपाली सेनको टोलीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२५) **भगौतीप्रसाद थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१६ भदौ १२ /४२वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ चैत २९ गते |
| घटनास्थल | : | खैरी चन्दनपुर गाविस-२, बर्दिया |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | खैरी चन्दनपुर गाविस-२ मङ्गलपुर |
| बाबुको नाम | : | केवलराम थारू |
| आमाको नाम | : | मङ्गरी थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | गङ्गा थारू |
| छोरा/छोरी सङ्ख्या | : | २/२ जना |

**विवरण**



खैरी चन्दनपुर गाविस-२ मङ्गलपुरका ४२ वर्षीय भगौतीप्रसाद थारूलाई २०५८ चैत २९ गते राति घरबाटै ठाकुरद्वाराबाट गएको शाही नेपाली सेनको टोलीले गिरफ्तार गरी लगेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२६) **मोहन थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४० फागुन २ /१८ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ चैत २९ |
| घटनास्थल | : | मनाउ गाविस-८, बर्दिया |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | मनाउ गाविस-८ नौरङ्गा |
| बाबुको नाम | : | प्रेमकुमारी थारू |
| आमाको नाम | : | परमेश्वरी थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | प्रेमकुमारी थारू |
| छोरा/छोरी सङ्ख्या | : | १/ जना |

**विवरण**



मनाउ गाविस-८ नौरङ्गाका १८ वर्षीयमोहन थारूलाई २०५८ चैत २९ राति टीकापुरबाट आएको नेपाली सेना र राजापुर प्रहरी चौकीको संयुक्त टोलीले घरमा सुतिरहेका बेला गिरफ्तार गरी लगेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२७) **सोनुराम थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४५ पुस ११/१४वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ चैत २९ |
| घटनास्थल | : | मनाउ गाविस-८, बर्दिया |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | मनाउ गाविस-८ नौरङ्गा |
| बाबुको नाम | : | छेदू थारू |
| आमाको नाम | : | कुकन्या थारू |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

मनाउ गाविस-८ नौरङ्गाका १४ वर्षीय सोनुराम थारूलाई २०५९ चैत २९ गते राति टीकापुरबाट आएको नेपाली सेना र राजापुर प्रहरी चौकीको



संयुक्त टोलीले घरमा सुतिरहेका बेला गिरफ्तार गरी लगेकोमा उनको अवस्था अज्ञात छ।पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२८) **राघुलाल थारू**

जन्म मिति/उमेर : २०३९ फागुन १/१९ वर्ष
लिङ्ग : पुरुष

| | |
|---|---|
| घटना मिति | : २०५८ चैत २९ |
| घटनास्थल | : मनाउ गाविस-८ |
| पेशा | : मजदूरी |
| स्थायी ठेगाना | : मनाउ गाविस-८ नौरङ्गा |
| बाबुको नाम | : पदम थारू |
| आमाको नाम | : सोनचरिया थारू |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : अर्को विवाह गरेको |

**विवरण**



मनाउ गाविस-८ नौरङ्गाका १९ वर्षीय राघुलाल थारू२०५८ चैत २९राति टीकापुरबाट आएको नेपाली सेना र राजापुर प्रहरी चौकीको संयुक्त टोलीले घरमा सुतिरहेका बेला गिरफ्तार गरी लगेकोमा उनको अवस्था अज्ञात छ।पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२९) **रामकरण थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३८ असोज २३<br>२१ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ कात्तिक ३ गते |
| घटनास्थल | : मानपुर टपरा गाविस-८, बर्दिया |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : मानपुर टपरा गाविस-८ जमुनाबोभ्ती |
| बाबुको नाम | : बिसराम थारू |
| आमाको नाम | : अमित्री थारू |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



मानपुर टपरा गाविस-८ जमुनाबोभ्तीका २१ वर्षीय रामकरण थारूलाई२०५९ कात्तिक ३ गते राति घरमा सुतिरहेका बेला मानपुर टपरा स्कूलमा रहेको संयुक्त सुरक्षाकर्मीको क्याम्पबाट आएको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(३०) **फक्लू थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३६/२३ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ कात्तिक ७ गते |
| घटनास्थल | : मानपुर टपरा गाविस-२ |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : मानपुर टपरा गाविस-२ महुवा |
| बाबुको नाम | : पेपवा थारू |
| आमाको नाम | : बोतिया थारू |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : बेदी थारू |
| छोरा/छोरी सङ्ख्या | : २/ जना |

**विवरण**

मानपुर टपरा गाविस-२ महुवा २३ वर्ष फक्लू थारू२०५९ कात्तिक ७ गते राति संयुक्त सुरक्षाफौजले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(३१) **फूलाराम चौधरी**

जन्म मिति/उमेर : २०३९ भदौ १२/२०वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ कात्तिक ३
घटनास्थल : मानपुर टपरा गाविस-८
पेशा : कृषि
स्थायी ठेगाना : मानपुर टपरा गाविस-८ जमुनाबोझी
बाबुको नाम : चिन्ताराम थारू
आमाको नाम : लहानी थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : शिवा थारू
अन्य आश्रित सङ्ख्या : ५

**विवरण**

मानपुर टपरा गाविस-८ जमुनाबोझीका २० वर्षीय फूलाराम चौधरीलाई २०५९ कात्तिक ३ गते राति उनकै घरबाट मानपुर टपरास्थित क्याम्पबाट आएको सुरक्षाकर्मीको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। उनलाई स्कूलमा रहेको अस्थायी सुरक्षा क्याम्पमा चार दिनसम्म राखेको पीडित परिवारले बताए। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(३२) **राजकुमार थारू**

जन्म मिति/उमेर : २०२८ जेठ ४ गते ३१वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ कात्तिक ३
घटनास्थल : मानपुर टपरा गाविस-८, बर्दिया
पेशा : कृषि
स्थायी ठेगाना : मानपुर टपरा गविस-८ विक्रमपुर
बाबुको नाम : गङ्गाधर थारू
आमाको नाम : पुन्या थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : हिराकुमारी थारू

**विवरण**



मानपुर टपरा गविस-८ विक्रमपुरका ३१ वर्षीय राजकुमार थारूलाई २०५९ कात्तिक ३ गते उनकै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(३३) **राधेश्याम थारू**

जन्म मिति/उमेर : २०१९ असार ३ गते ४० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ कात्तिक ३
घटनास्थल : मानपुर टपरा गाविस-८, बर्दिया
पेशा : कृषि
स्थायी ठेगाना : मानपुर टपरा गाविस-८ विक्रमपुर
बाबुको नाम : छविलाल थारू
आमाको नाम : मनबुझाउनी थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : जगरानी थारू

**विवरण**




मानपुर टपरा गाविस-८ विक्रमपुरका ४० वर्षीय राधेश्याम थारूलाई२०५९ कात्तिक ३ गते राति टपरा स्कूलमा रहेका अस्थायी सुरक्षा क्याम्पबाट आएको टोलीले घरबाटै गिरफ्तार गरकोमा उनको अवस्था अज्ञात छ। उनलाई चार दिनसम्म क्याम्पमा राखेको परिवारजनले बताए। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(३४) **अन्तराम थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२४ मङ्सिर १ गते ३५ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ कात्तिक ३ गते |
| घटनास्थल | : | मानपुर टपरा गाविस-१ |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | मानपुर टपरा गाविस- ९ जोगिपुर |
| बाबुको नाम | : | वासुदेव थारू |
| आमाको नाम | : | आशी थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | लक्ष्मी थारू |
| छोरा/छोरी सङ्ख्या | : | २/२जना |

**विवरण**



मानपुर टपरा गाविस- ९ जोगिपुरका अन्तराम थारूलाई२०५९ कात्तिक ३ गते राति टपरा स्कूलमा रहेका अस्थायी सुरक्षा क्याम्पबाट आएको टोलीले घरबाटै गिरफ्तार गरकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(३५) **कमला चौधरी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४० मङ्सिर ११ गते १८ वर्ष |
| लिङ्ग | : | महिला |
| घटना मिति | : | २०५८ चैत २९ गते |
| घटनास्थल | : | मनाउ गाविस-८, बर्दिया |
| पेशा | : | विद्यार्थी |
| स्थायी ठेगाना | : | मनाउ गाविस-८ नौरङ्गा |
| बाबुको नाम | : | तुलसीराम थारू |
| आमाको नाम | : | फगन्या थारू |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**



मनाउ गाविस-८ नौरङ्गाकी १८ वर्षीया कमला चौधरीलाई २०५८ चैत २९ गते राति टीकापुरबाट आएको शाही नेपाली सेना र राजापुर स्थित इलाका प्रहरी कार्यालयबाट आएको प्रहरीको संयुक्त टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ।पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(३६) **निर्मला योगी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३७ साउन २० २३ वर्ष |
| लिङ्ग | : | महिला |
| घटना मिति | : | २०५९ असोज १४ |
| घटनास्थल | : | नेउलापुर गाविस-२ बर्दिया |
| पेशा | : | राजनीति, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | सूर्यपटुवा गाविस-४ डल्ला |
| बाबुको नाम | : | माधिराम थारू |
| आमाको नाम | : | सहेबी थारू योगी |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | अजीत शाह |
| छोरा/छोरी सङ्ख्या | : | २/ जना |
| अन्य आश्रित सङ्ख्या | : | ४ |

**विवरण**



सूर्यपटुवा गाविस-४ डल्ला निवासी नेकपा माओवादी कार्यकर्ता २३ वर्षीया निर्मला योगीलाई २०५९ असोज १४ गते नेउलापुर गाविस-२ पेरहनीस्थित कुन्तलवा थारूको घरबाट सोही गाविसमा रहेको इलाका प्रहरी कार्यालय

भुरिगाउबाट १२ जनाको सङ्ख्यामा आएको प्रहरीले गिरफ्तार गरी ठाकुरद्वाराबाट आएको सैनिक टोलीलाई हस्तान्तरण गरेको थियो। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(३७) **बन्धुराम थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३२ कात्तिक २० २७ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ जेठ २० |
| घटनास्थल | : | बगनाहा गाविस-१, बर्दिया |
| पेशा | : | राजनीति नेकपा माओवादी कायकर्ता |
| स्थायी ठेगाना | : | नेउलापुर गाविस-४ |
| बाबुको नाम | : | इनद्रलाल थारू |
| आमाको नाम | : | छप्ली थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | शान्ति थारू |
| अन्य आश्रित सङ्ख्या | : | १५ |

**विवरण**



नेउलापुर गाविस-४ निवासी नेकपा माओवादी कायकर्ता २७ वर्षीय बन्धुराम थारूलाई २०५९ जेठ २० ढोढरी गाविसमा रशेको संयुक्त सुरक्षाकर्मीको टोलीले बगनाहा गाविस-१ शाहीपुरमा पार्टीको काम गरिरहेका बेला गिरफ्तार गरी लगेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(३८) **पूर्णी थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४० मङ्सिर २ १९ वर्ष |
| लिङ्ग | : | महिला |
| घटना मिति | : | २०५९ जेठ ४ |
| घटनास्थल | : | महमदपुर गाविस |
| पेशा | : | राजनीति, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | बनियाभार गाविस-९ मुराहा |
| बाबुको नाम | : | मोलदा थारू |
| आमाको नाम | : | जुगरानी थारू |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**



बनियाभार गाविस-९ मुराहाका १९ वर्षीय पूर्णी थारूलाई२०५९ जेठ ४ गते गुलरियाबाट आएको संयुक्त सुरक्षाकर्मीको टोलीले महम्मदपुर गाविस-६ दूद्धामा मिलमा काम गरिरहेको अवस्थामा गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। त्यस दिन उनलाई जिल्ला प्रहरी कार्यालय गुलरियामा राखिएको थियो। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(३९) **हिम्मतकुमार चौधरी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३७ असार १०/ २२ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ जेठ ४ |
| घटनास्थल | : | महम्मदपुर गाविस |
| पेशा | : | राजनीति नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | गुलरिया नगरपालिका -३ बालापुर |
| बाबुको नाम | : | पुनाराम थारू |
| आमाको नाम | : | कान्छी थारू |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

गुलरिया नगरपालिका -३ बालापुर निवासी नेकपा माओवादी कार्यकर्ता २२ वर्षीय हिम्मतकुमार चौधरीलाई २०५९ जेठ ४ महम्मदपुर गाविस-६ दूद्धाबाट गुलरियाबाट आएको संयुक्त सुरक्षाकर्मीको



टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ।उनलाई जेठ ७ गतेसम्म जिल्ला प्रहरी कार्यालयमा राखिएको थियो। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(४०) **राममती थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४८ मङ्सिर ८ /११ वर्ष |
| लिङ्ग | : | महिला |
| घटना मिति | : | २०५९ जेठ ४ |
| घटनास्थल | : | महम्मदपुर गाविस-६ |
| पेशा | : | राजनीति नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | गुलरिया नगरपालिका-६ बर्दिया |
| बाबुको नाम | : | लालबहादुर थारू |
| आमाको नाम | : | सुगुनी थारू |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**



गुलरिया नगरपालिका-६ निवासी नेकपा माओवादी कार्यकर्ता ११ वर्षीय राममती थारूलाई २०५९ जेठ ४ महम्मदपुर गविस-६ दूद्धा लालपुरबाट सुरक्षकर्मीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ । पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(४१) **धनीराम थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४३ मङ्सिर ९ १५ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ चैत २९ |
| घटनास्थल | : | मनाउ गाविस-८ |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | मनाउ गाविस-८ |
| बाबुको नाम | : | छेदू थारू |
| आमाको नाम | : | कुकन्या थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | अर्को विवाह गरेको |

**विवरण**

मनाउ गाविस-८ का १५वर्षीय धनीराम थारूलाई२०५८ चैत २९ गते राति घरमा सुतिरहेको अवस्थामा संयुक्त सुरक्षाकर्मीको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ।पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(४२) **जगतराम थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३५ फागुन १० २४ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ माघ ५ |
| घटनास्थल | : | कोहलपुर गाविस-३ बाँके |
| पेशा | : | राजनीति नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | मोतिपुर गाविस-७ अतघरुवा |
| बाबुको नाम | : | कर्णबहादुर चौधरी |
| आमाको नाम | : | बेलमतिया थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | पुष्पा अधिकारी थारू |
| अन्य आश्रित सङ्ख्या | : | १४ |

**विवरण**



मोतिपुर गाविस-७ अतघरुवाका नेकपा माओवादी कार्यकर्ता २४वर्षीय जगतराम थारूलाई बाँके जिल्लाको कोहलपुरस्थित मेडिकल कलेजबाट उपचार गराइ फर्कदैं गर्दा २०५८ माघ ५ गते शाही नेपाली सेनाको टोलीले गिरफ्तार

गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

## पीडक पक्ष शाही नेपाली सेना

(४३) **रूपलाल थारू**

जन्म मिति/उमेर : २०१७ साल भदौ १२ गते ४१वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ पुस २१ गते
घटनास्थल : धधवार गाविस-७ बर्दिया
पेशा : शिक्षण, नेपाल राष्ट्रिय युवक प्रावि
स्थायी ठेगाना : धधवार गाविस-६
बाबुको नाम : महङ्गा थारू
आमाको नाम : ददी थारू
वैवाहिक स्थिति : ववाहित
पति/पत्नीको नाम : हिङ्गिया थारू
छोरा/छोरी सङ्ख्या : १/३ जना

**विवरण**



धधवार गाविस-६ का ४१वर्षीय रूपलाल थारूलाई२०५८ पुस २१ गते साँझ चिसापानी ब्यारेकबाट आएको शाही नेपाली सेनाको टोलीले घरबाटै गिरफ्तार गरी आफैसँग लगेका थिए।उनीसँगै लगिएका फूलराम थारू, इनद्रकुमारी थारू र ओमप्रकाश थारूलाई पुस २५ गते रिहा गरिएको थियो।उनीहरुले रुपलाललाई चिसापानी ब्यारेकमै राखिएको जानकारी दिएका थिए।२०५८ माघमा उनको दोहोरो भिडन्तमा मृत्यु भएको समाचार रेडियो नेपालले प्रसारण गरेको थियो। तत्कालीन अवस्थामा मानवअधिकारकर्मीको अनुगमनले थारुको हत्या भएको निष्कर्ष निकालेकोले इन्सेकका प्रकाशनमा सुरक्षाकर्मीले रुपलालको हत्या गरिएको उल्लेख गरिएको थियो। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(४४) **जिल्ला सन्देश थारु**

जन्म मिति/उमेर : २०३५ माघ ५ गते २४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ भदौ १ गते
घटनास्थल : बर्दिया जिल्ला मगरागाडी गाविस-१, सदासी
पेशा : कृषि
स्थायी ठेगाना : बर्दिया जिल्ला मगरागाडी गाविस-१, सदासी
बाबुको नाम : कालु थारु
आमाको नाम : रामकली थारु
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : रामकुमारी थारु, सीता थारु
छोरा/छोरी सङ्ख्या : १/३

**विवरण**



मगरागाडी गाविस-१ सदासीका २४ वर्षीय जिल्ला सन्देश थारुलाई २०५९ भदौ १ गते सोही गाविसको रम्भापुरमा रहेको सेनाको ब्यारेकबाट आएको टोलीले घरबाटै गिरफ्तार गरी ब्यारेकमा लग्यो। पीडित परिवारका अनुसार थारुलाई ठाकुरद्वारा, बाँकेको राझा र बर्दिया राष्ट्रिय निकुञ्जको पूर्वी चिसापानीमा रहेको सेनाको ब्यारेकमा राखिएको थियो। उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(४५) **वीरबल थारु**

जन्म मिति/उमेर : २०३५ भदौ ३१ गते २३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ चैत २२ गते
घटनास्थल : बाँके जिल्ला शम्शेरगञ्ज गाविस-१, अकलघरुवा

| | | |
|---|---|---|
| पेशा | : | राजनीति, नेकपा माओवादी सेना |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला मगरागाडी गाविस-२, जयनगर |
| बाबुको नाम | : | विष्णुलाल थारु |
| आमाको नाम | : | लालमोती थारु |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | मनफुली थारु |
| छोरा/छोरी सङ्ख्या | : | ०/२ |

**विवरण**



मगरागाडी गाविस-२ जयनगर निवासी माओवादी सेना २३ वर्षीय वीरबल थारुलाई २०५८ चैत २२ गते सेनाको टोलीले बाँके जिल्ला शम्शेरगञ्ज गाविस-१, अकलघरुवा गाँउबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। माओवादी कार्यकर्ताले जानकारी दिएपछि मात्र थारुको परिवारले घटनाबारे थाहा पाएका थिए। जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(४६) **रामकिसन थारु**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३७ माघ ५ गते/२२ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ असोज १४ गते |
| घटनास्थल | : | बर्दिया जिल्ला मगारागाडी गाविस-१, तर्कापुर |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला मगारागाडी गाविस-१, तर्कापुर |
| बाबुको नाम | : | सुइनारायण थारु |
| आमाको नाम | : | रामदुलारी थारु |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | गोमा चौधरी |
| छोरा/छोरी सङ्ख्या | : | २/० |

**विवरण**



मगारागाडी गाविस-१, तर्कापुरका २२ वर्षीय रामकिसन थारुलाई २०५९ असोज १४ गते राति सेनाको टोलीले घरमा सुतिरहेको बेला "एकछिन उता हिड" भनी रम्मापुरमा रहेको ब्यारेकमा लगे। एक महिनापछि रामकिसनसँगै गिरफ्तार गरिएका सोही ठाँउका जगतराम थारुले बर्दिया राष्ट्रिय निकुञ्जको पूर्वी चिसापानीमा रहेको सेनाको ब्यारेकमा देखेको पीडित परिवारलाई बताए। हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(४७) **राजदेव मण्डल**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१९/४० वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ असोज १४ गते |
| घटनास्थल | : | बर्दिया जिल्ला मगरागाडी गाविस-१, मगरागाडी |
| पेशा | : | शिक्षक, श्री अंशुवर्मा मावि मगरागाडी |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला मगरागाडी गाविस-१, मगरागाडी |
| बाबुको नाम | : | राजेन्द्र मण्डल |
| आमाको नाम | : | मनतोरिया मण्डल |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | सोनापति मण्डल |
| छोरा/छोरी सङ्ख्या | : | ०/३ |

**विवरण**



मगरागाडी गाविस-१ मगरागाडीका ४० वर्षीय राजदेव मण्डललाई २०५९ असोज १४ गते सोही गाविसको रम्मापुरमा रहेको ब्यारेकबाट आएको ५० जना जति सेनाले

अंशुवर्मा माविको प्रधानाध्यापकको घर देखाउन भनी उनलाई ब्यारेमा लगे। एक महिनापछि सेनाले रिहा गरी गाँउ फर्केका गाँउकै चौकीदारले मण्डललाई बर्दियाको पूर्वी चिसापानीमा रहेको सेनाको ब्यारेकमा देखेको पीडित परिवारलाई बताए। उनको हालसम्म अवस्था अज्ञात छ।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(४८) नरबहादुर रानामगर**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१९ भदौ १८ गते ४० वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ असोज १४ गते |
| घटनास्थल | : | बर्दिया जिल्ला मगरागाडी गाविस-२, गिरीटोल |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला मगरागाडी गाविस-२, गिरीटोल |
| बाबुको नाम | : | वीरबहादुर रानामगर |
| आमाको नाम | : | छलकुमारी रानामगर |
| वैवाहिक स्थिति | : | अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : | ४ |

**विवरण**



मगरागाडी गाविस-२ गिरीटोलका ४० वर्षीय नरबहादुर रानामगरलाई २०५९ असोज १४ गते सेनाले घरमै सुतिरहेको बेला उठाएर "एकै छिनमै फर्काइदिन्छौं" भनी लगे। रानामगरलाई बर्दिया राष्ट्रिय निकुञ्जको पूर्वी चिसापानीमा रहेको सेनाको ब्यारेकमा देखेको एक जना सोही ठाँउबाट छुटेर आएका व्यक्तिले बताएको पीडित परिवारले बताए। हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(४९) जीतबहादुर थारु**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३६ असार १० गते २४ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० असोज १७ गते |
| घटनास्थल | : | बर्दिया जिल्ला मगरागाडी गाविस-८, रम्मापुर |
| पेशा | : | राजनीति, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला मगरागाडी गाविस-८, रम्मापुर |
| बाबुको नाम | : | चुल्हवा थारु |
| आमाको नाम | : | छेडन्या थारु |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | रत्नी थारु |
| छोरा/छोरी सङ्ख्या | : | १/१ |

**विवरण**



मगरागाडी गाविस-८, रम्मापुरका माओवादी कार्यकर्ता २४ वर्षीय जीतबहादुर थारुलाई २०६० असोज १७ गते आफ्नै घरमा सुतिरहेको बेला सोही गाविसको रम्मापुरमा रहेको ब्यारेकबाट आएको सेनाले लछारपछार गर्दै आँखामा पट्टीमा बाँधेर लगे।उनको अवस्था हालसम्मअज्ञात छ।

**(५०) मानबहादुर साउद**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१३ चैत २२ गते ४५ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ भदौ १६ गते |
| घटनास्थल | : | बर्दिया जिल्ला मगरागाडी गाविस-९, अउरी |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला मगरागाडी गाविस-९, अउरी |
| बाबुको नाम | : | सालिमाने साउद |
| वैवाहिक स्थिति | : | विवाहित |

पति/पत्नीको नाम : बुढिसरा साउद
छोरा/छोरी सङ्ख्या : ३/१

**विवरण**



मगरागाडी गाविस-९ का ४५ वर्षीय मानबहादुर साउदलाई २०५८ भदौ १६ गते सोही गाविसको रम्मापुरमा रहेको ब्यारेकबाट आएको ५० जना सेनाले घरमै काम गरिरहेको बेला घरा हाली पछाडि हात बाँधेर लगे। मानबहादुरलाई रम्मापुरबाट ठाकुरद्वारामा रहेको सेनाको ब्यारेकमा पछि लगेको थाहा पाएको पीडित परिवारले बतायो। उनको हालसम्म अवस्था अज्ञात छ।

(५१) **रामभरोसे थारु**

जन्म मिति/उमेर : २०३० वैशाख ३ गते २९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ साउन २६ गते
घटनास्थल : बर्दिया जिल्ला मगरागाडी गाविस-५, सोनपुर
पेशा : कृषि
स्थायी ठेगाना : बर्दिया जिल्ला मगरागाडी गाविस-५, सोनपुर
बाबुको नाम : राजाराम थारु
आमाको नाम : असर्फी थारु
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : सुमतरानी थारु
छोरा/छोरी सङ्ख्या : १/२

**विवरण**



मगरागाडी गाविस-५ सोनपुरका २९ वर्षीय रामभरोसे थारुलाई २०५९ साउन २६ गते राति सोही गाविसको रम्मापुरमा रहेको ब्यारेकबाट आएको सेनाले घरमा सुतिरहेको बेला पक्राउ गरी ब्यारेक लगे। पीडित परिवारले साउन २७ गते सो ब्यारेकमा रामभरोसेबारे सोध्न जाँदा सेनाले उनलाई नल्याएको बतायो। उनको अवस्था हालसम्म अज्ञात छ।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(५२) **हरिराम थारु**

जन्म मिति/उमेर : २०३५ असोज २४ गते २४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ साउन २४ गते
घटनास्थल : बर्दिया जिल्ला मगरागाडी गाविस-५, सोनपुर
पेशा : कृषि
स्थायी ठेगाना : बर्दिया जिल्ला मगरागाडी गाविस-५, सोनपुर
बाबुको नाम : भोकारी थारु
आमाको नाम : लौटी थारु
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : फूलकुमारी थारु
छोरा/छोरी सङ्ख्या : १/१
अन्य आश्रित सङ्ख्या : ३

**विवरण**



मगरागाडी गाविस-५, सोनपुरका २४ वर्षीय हरिराम थारुलाई २०५९ साउन २४ गते सोही गाविसको रम्मापुरमा रहेको ब्यारेकबाट आएको सेनाले टोलीले सुतिरहेको अवस्थामा उठाएर आँगनमा लठ्ठी र बन्दुकको कुन्दाले कुटपिट गरे। हरिराम र उनका काका रामवली थारुलाई सँगै रम्मापुर ब्यारेकमा लगे पनि रामवलीलाई सेनाले लगेकै दिन जङ्गलमा छाड्यो। सेनाले हरिरामसँगै लगेका गाँउका अन्य व्यक्तिलाई शौचालयमा थुनेर राख्ने गरेको छुटेर आएका गाँउलेले बताएको पीडित परिवारले बताए। हरिरामको अवस्था हालसम्म

अज्ञात छ।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(५३) टाटेराम थारु**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२१ साउन ५ गते ३८ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ साउन २४ गते |
| घटनास्थल | : बर्दिया जिल्ला मगरागाडी गाविस-५, सोनपुर |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : बर्दिया जिल्ला मगरागाडी गाविस-५, सोनपुर |
| बाबुको नाम | : चिगौ थारु |
| आमाको नाम | : धिम्या थारु |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : जनगी थारु, रामदुलारी थारु |
| छोरा/छोरी सङ्ख्या | : २/४ |

**विवरण**



मगरागाडी गाविस-५ सोनपुरका ३८ वर्षीय टाटेराम थारुलाई २०५९ साउन २४ गते सोही गाविसको रम्मापुरमा रहेको ब्यारेकबाट आएको सेनाले सुतिरहेको बेला उठाएर तीन घण्टाभित्र फर्काइदिने भनी लगे। सेनाले लगेका हरिरामसँगै उनलाई पनि शौचालयमा राख्ने गरिएको छुटेर आएका व्यक्तिले बताएको पीडित परिवारले बताए। यस घटनामा २०६४ जेठ १८ गते अदालतमा मुद्दा दर्ता गरे पनि खारेज गरिएको छ। हालसम्म टाटेरामको अवस्था अज्ञात छ।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(५४) बालकिसुन थारु**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२३ कात्तिक २० गते ३५ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ फागुन १२ गते |
| घटनास्थल | : बर्दिया जिल्ला मगरागाडी गाविस-९, अउरी |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : बर्दिया जिल्ला मगरागाडी गाविस-९, अउरी |
| बाबुको नाम | : द्वारिका थारु |
| आमाको नाम | : जोधनी थारु |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : मन्तुर्नी थारु |
| छोरा/छोरी सङ्ख्या | : १/३ |

**विवरण**



मगरागाडी गाविस-९ अउरीका बालकिसुन थारुलाई २०५८ फागुन १२ गते सोही गाविसको रम्मापुरमा रहेको ब्यारेकबाट सेनाले गाँउमा केयर नेपालको बैठक बसिरहेको बेला घेरा हाली पछाडि हात बाँधेर ब्यारेक लगे। पीडित परिवारले फागुन १३ गते सो ब्यारेकमा बालकिसुनबारे सोध्दा सेनाले उनलाई नल्याएको बताए। तीन महिलनापछि रम्मापुर ब्यारेकबाट छुटेका धनीराम थारुले बालकिसुनलाई ब्यारेकमै देखेको बताए। उनको हालसम्म अवस्था अज्ञात छ।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(५५) जगतराम थारु**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२५ भदौ ८ गते ३४ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ साउन २६ गते |

घटनास्थल : बर्दिया जिल्ला मगरागाडी गाविस-५, सोनपुर
पेशा : कृषि
स्थायी ठेगाना : बर्दिया जिल्ला मगरागाडी गाविस-५, सोनपुर
बाबुको नाम : मोसु थारु
आमाको नाम : बन्धिया थारु
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : पौती थारु
छोरा/छोरी सङ्ख्या : १/२

**विवरण**



मगरागाडी गाविस-५ सोनपुरका जगतराम थारुलाई २०५९ साउन २६ गते सोही गाविसको रम्मापुरमा रहेको ब्यारेकबाट आएको सेनाले घरमा सुतिरहेको बेला भोलि फर्काइदिने भनी लगे। पीडित परिवारले त्यसबेला डरत्रासका कारण सो ब्यारेकमा उनको खोजी गर्न गएनन्। उनको हालसम्म अवस्था अज्ञात छ।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(५६) रामप्रसाद थारु**

जन्म मिति/उमेर : २०३४ चैत ११ गते २५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ भदौ १७ गते
घटनास्थल : बर्दिया जिल्ला मगरागाडी गाविस-१, मगरागाडी
पेशा : कृषि
स्थायी ठेगाना : बर्दिया जिल्ला मगरागाडी गाविस-१, मगरागाडी
बाबुको नाम : बासुदेव थारु
आमाको नाम : सुदी थारु
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : संगीता थारु
छोरा/छोरी सङ्ख्या : ०/३

**विवरण**



मगरागाडी गाविस-१ मगरागाडीका २५ वर्षीय रामप्रसाद थारुलाई २०५९ भदौ १७ गते सोही गाविसको रम्मापुरमा रहेको ब्यारेकबाट आएको सेनाले घरमा सुतिरहेको बेला लगे। घटना हुँदा उनी आरआरएनले सञ्चालन गरेको बाल शिक्षा कक्षाको शिक्षक थिए। डरका कारण उनको कही खोजी गर्न नसकेको पीडितकी पत्नीले बताए।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(५७) जगना थारु**

जन्म मिति/उमेर : २०२८ वैशाख ४ गते ३१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ साउन २६ गते
घटनास्थल : बर्दिया जिल्ला मगरागाडी गाविस-५, सोनपुर
पेशा : कृषि
स्थायी ठेगाना : बर्दिया जिल्ला मगरागाडी गाविस-५, सोनपुर
बाबुको नाम : चिन्का थारु
आमाको नाम : दशनी थारु
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : मनतुरनी थारु
छोरा/छोरी सङ्ख्या : २/१

**विवरण**



मगरागाडी गाविस-५ सोनपुरका ३१ वर्षीय जगना थारुलाई २०५९ साउन २६ गते सोही गाविसको रम्मापुरमा रहेको ब्यारेकबाट आएको सेनाले घरमा सुतिरहेको बेला उठाएर अन्य तीनजनासँगै लगे। उनीहरुलाई रम्मापुरमा रहेको

सेनाको ब्यारेकमा राखेको थाहा पाएको पीडित परिवारले बतायो। उनको अवस्था हालसम्म अज्ञात छ।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(५८) जग्गु थारु**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२४/३५ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ साउन २६ गते |
| घटनास्थल | : | बर्दिया जिल्ला मगरागाडी गाविस-५, सोनपुर |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला मगरागाडी गाविस-५, सोनपुर |
| बाबुको नाम | : | घिरौ थारु |
| आमाको नाम | : | अखिया थारु |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | फिरिया थारु, रामदुलारी थारु |
| छोरा/छोरी सङ्ख्या | : | ४/३ |
| अन्य आश्रित सङ्ख्या | : | ३ |

**विवरण**



मगरागाडी गाविस-५ सोनपुरका ३५ वर्षीय जग्गु थारुलाई २०५९ साउन २६ गते सोही गाविसको रम्मापुरमा रहेको ब्यारेकबाट आएको सेनाले घरमा सुतिरहेको बेला उठाएर ब्यारेक लगे। जग्गुसँगै सो गाँउबाट अन्य तीनजनालाई रम्मापुर ब्यारेकमा लगेको थाहा भएपनि उनीहरुको अवस्था हालसम्म अज्ञात छ। सेनाले भने आफूले उनीहरुलाई नल्याएको बतायो।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(५९) बसन्तप्रसाद थारु**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२८ जेठ २४ गते ३१ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ भदौ १ गते |
| घटनास्थल | : | बर्दिया जिल्ला मगरागाडी गाविस-४, मानपुर |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला मगरागाडी गाविस-४, मानपुर |
| बाबुको नाम | : | डोङला थारु |
| आमाको नाम | : | फकिया थार |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | अर्को विवाह गरेको |
| छोरा/छोरी सङ्ख्या | : | १/१ |

**विवरण**



मगरागाडी गाविस-४ मानपुरका ३० वर्षीय वसन्तप्रसाद थारुलाई २०५९ भदौ १ गते सोही गाविसको रम्मापुरमा रहेको ब्यारेकबाट आएको सेनाले घरबाटै गिरफ्तार गरी ब्यारेकमा लग्यो।सेनाले वसन्तसँगै सोही ठाँउका राजु थारुलाई पनि लगेको थियो।पीडित परिवारले भदौ २ गते रम्मापुर र चिसापानीमा रहेको सेनाको ब्यारेकमा सोध्न जाँदा सेनाले नल्याएको जवाफ दिएको पीडित परिवारले बताए। उनको अवस्था हालसम्म अज्ञात छ।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(६०) राजु थारु**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३८ जेठ १० गते २४ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ भदौ १ गते |
| घटनास्थल | : | बर्दिया जिल्ला मगरागाडी गाविस-४, मानपुर |

पेशा : कृषि
स्थायी ठेगाना : बर्दिया जिल्ला मगरागाडी गाविस-४, मानपुर
बाबुको नाम : मड्तु थारु
आमाको नाम : दुर्जनी थारु
वैवाहिक स्थिति : अविवाहित
अन्य आश्रित सङ्ख्या : १

**विवरण**



मगरागाडी गाविस-४ मानपुरका २४ वर्षीय राजु थारुलाई २०५९ भदौ १ गते सोही गाविसको रम्मापुरमा रहेको ब्यारेकबाट आएको सेनाले घरबाटै गिरफ्तार गरी ब्यारेकमा लग्यो। सेनाले राजुसँगै सोही ठाँउका बसन्तप्रसाद थारुलाई पनि लगेको थियो। पीडित परिवारले भदौ २ गते रम्मापुर र चिसापानीमा रहेको सेनाको ब्यारेकमा सोध्न जाँदा सेनाले नल्याएको जवाफ दिएको पीडित परिवारले बताए। उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(६१) **सीताराम थारु**

जन्म मिति/उमेर : २०२३/३६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ पुस १ गते
घटनास्थल : बर्दिया जिल्ला मगरागाडी गाविस-४, मानपुर
पेशा : कृषि
स्थायी ठेगाना : बर्दिया जिल्ला मगरागाडी गाविस-४, मानपुर
बाबुको नाम : मङ्नु थारु
आमाको नाम : दुर्जनी थारु
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : रामजानकी थारु
छोरा/छोरी सङ्ख्या : १/१

**विवरण**

मगरागाडी गाविस-४ मानपुरका ३६ वर्षीय सीताराम थारुलाई २०५८ पुस १ गते सोही गाविसको रम्मापुरमा रहेको ब्यारेकबाट आएको सेनाले ब्यारेकमा लग्यो। सीतारामसँगै उनकी बहिनी शर्मिला र रेनुलाई पनि सेनाले ब्यारेक लगेकोमा रेनुलाई पुस २ गते रिहा गरियो भने शर्मिला एक महिनापछि रिहा भइन्। शर्मिलाले दाई सीतारामलाई सेनाको चिसापानी ब्यारेकमा देखेको बताइन्। उनको हालसम्म अवस्था अज्ञात छ।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(६२) **चुल्वा थारु**

जन्म मिति/उमेर : २०२३ माघ ४ गते ३६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ भदौ १ गते
घटनास्थल : बर्दिया जिल्ला मगरागाडी गाविस-१, सदासी
पेशा : कृषि
स्थायी ठेगाना : बर्दिया जिल्ला मगरागाडी गाविस-१, सदासी
बाबुको नाम : तिलकराम थारु
आमाको नाम : सर्लजुल थारु
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : सोन्या थारु
छोरा/छोरी सङ्ख्या : १/१

**विवरण**



मगरागाडी गाविस-१ सदासीका ३६ वर्षीय चुल्वा थारुलाई २०५९ भदौ १ गते मगरागाडीको रम्मापुरस्थित ब्यारेकबाट आएको सेनाले घरमा सुतिरहेको बेला ब्यारेकमा लगे। पीडित परिवारका अनुसार चुल्वालाई रम्मापुरबाट बर्दियाको बेलवा गाविसको चिसापानीमा रहेको सैनिक ब्यारेकमा लगिएको र कात्तिक ३ गते ठाकुरद्वारामा रहेको

सैनिक ब्यारेकमा लगिएको थियो। चुल्वासँगै सेनाले अन्य तीनजनालाई पनि पक्राउ गरेको पीडित परिवारले बताए।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(६३) **तीर्थबहादुर थापा**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३८ असार १ गते २१ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ जेठ ९ गते |
| घटनास्थल | : | बर्दिया जिल्ला डेउढकला गाविस-३, माछागढ |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला डेउढकला गाविस-३, माछागढ |
| बाबुको नाम | : | खडकबहादुर थापा |
| आमाको नाम | : | विष्णुमाया थापा |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | मिना थापा |
| छोरा/छोरी सङ्ख्या | : | २/० |

**विवरण**



डेउढकला गाविस-३ माछागढका २१ वर्षीय तिर्थबहादुर थापालाई २०५९ जेठ ९ गते बिहान सेनाले उठाएर लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। सेनाको टोलीले थापालाई कहाँ लगेको केही थाहा नभएको पीडितकी आमा विष्णुमायाले बताइन्। जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(६४) **हिरासिंह वाठामगर**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३८ चैत ३० गते २१ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ जेठ ८ गते |
| घटनास्थल | : | बर्दिया जिल्ला डेउढकला गाविस-३, माछागढ |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला डेउढकला गाविस-३, माछागढ |
| बाबुको नाम | : | आसे वाठामगर |
| आमाको नाम | : | नुकी वाठामगर |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | खुशीला वाठामगर |
| छोरा/छोरी सङ्ख्या | : | ०/१ |

**विवरण**



डेउढकला गाविस-३ माछागढका २१ वर्षीय हिरासिंह वाठामगरलाई २०५९ जेठ ९ गते राति सेनाको टोलीले घरमा सुतिरहेको बेला उठाएर लछारपछार पार्दै लगे। हिरासिंह सँगै सेनाले लगेका पाँचजनाको अवस्था पनि हालसम्म अज्ञात छ। सेनाको टोली कहाँबाट आएको र सेनाले उनीहरुलाई कहाँ लगेको भन्नेबारे केही जानकारी नभएको पीडित परिवारले बताए। हिरासिंहलाई लैजाँदा बोल्न खोज्दा सेनाले बन्दुकको नाल उनको मुखमा राखी बोल्न धम्की दिइएको पीडित परिवारले बताए। पीडित परिवारले उनलाई रम्मापुर, चिसापानी ठाकुरद्वारा ब्यारेकमा खोजी गरेपनि उनको पत्तो नलागेको उनीहरुले बताए।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(६५) **वीरबहादुर भण्डारी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१८/४१ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ जेठ २५ |
| घटनास्थल | : | बर्दिया जिल्ला सानाश्री गाविस-२, इन्द्रपुर |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला सानाश्री गाविस-२, इन्द्रपुर |

बाबुको नाम : कालु भण्डारी
आमाको नाम : देवीसरा भण्डारी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : पुष्पा भण्डारी
छोरा/छोरी सङ्ख्या : २/१
अन्य आश्रित सङ्ख्या : २

**विवरण**



सानाश्री गाविस-२ इन्द्रपुरका ४१ वर्षीय वीरबहादुर भण्डारीलाई २०५९ जेठ २५ गते राति घरमा सुतिरहेको बेला घेरा हालेर कुटपिट गर्दै लगे। भण्डारीसँगै पक्राउ परी पछि रिहा भएका एकजनाले भण्डारीलाई बर्दियाको पूर्वी चिसापानी ब्यारेकमा देखेको बताएको पीडित परिवारले बताए। पीडित परिवारले १५ दिनपछि चिसापानीस्थित सैनिक ब्यारेकमा भेट्न जाँदा सेनाले भण्डारीलाई नल्याएको बतायो।

(६६) **सीताजानकी थारु**

जन्म मिति/उमेर : २०३६/२३ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५९ पुस ५ गते
घटनास्थल : बर्दिया जिल्ला मगरागाडी गाविस-३, जब्दहवा
पेशा : राजनीति, नेकपा माओवादी सेना
स्थायी ठेगाना : बर्दिया जिल्ला महमदपुर गाविस-९, बिक्रि
बाबुको नाम : कुलप्रसाद थारु
आमाको नाम : जगनी थारु
वैवाहिक स्थिति : विवाहित

**विवरण**

महमदपुर गाविस-९, बिक्रिकी सीताजानकी थारुलाई २०५९ पुस ५ गते रम्मापुर सैनिक पोष्टबाट आएको सेनाको गस्ती टोलीले मगरागाडी गाविस-३, जब्दहवाबाट पक्राउ गरी लगे। उनलाई बर्दिया



राष्ट्रिय निकुञ्जको पूर्वी चिसापानीमा रहेको सेनाको ब्यारेकमा राखिएको सो ब्यारेकबाट रिहा भएका मगरागाडी गाविस-४, मानपुर गाँउकी दुईजना महिलाले बताएको पीडित परिवारले बताए। उनको अवस्था हालसम्म अज्ञात छ।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(६७) **चिल्लु थारु**

जन्म मिति/उमेर : २०४२ पुस २७ गते १६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ चैत २९ गते
घटनास्थल : बर्दिया जिल्ला मनाउ गाविस-९, नौरंगा
पेशा : विद्यार्थी
स्थायी ठेगाना : बर्दिया जिल्ला धधवार गाविस-८, विजयनगर
बाबुको नाम : गरिवा थारु
आमाको नाम : विचन्या थारु
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



धधवार गाविस-८ विजय( नगरका १६ वर्षीय चिल्लु थारुलाई २०५८ चैत २९ गते मनाउ गाविस-९ नौरंगामा मामाघर गएको अवस्थामा सेनाको गस्ती टोलीले गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(६८) **यज्ञबहादुर रावल**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३५ असार १६ गते २४ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ चैत ३० गते |
| घटनास्थल | : | बर्दिया जिल्ला नेउलापुर गाविस-५ भुरीगाँउ |
| पेशा | : | फोटोग्राफर |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला बेलवा गाविस-३ शान्तिपुर |
| बाबुको नाम | : | जयबहादुर रावल |
| आमाको नाम | : | रामकुमारी रावल |
| वैवाहिक अवस्था | : | विवाहित |
| पत्नीको नाम | : | लक्ष्मी रावल |
| छोरा/छोरी सङ्ख्या | : | २/० |

**विवरण**

बेलवा गाविस-३ शान्तिपुरका२४ वर्षीय यज्ञबहादुर रावललाई माओवादीको फोटो खिचेको आरोपमा २०५९ चैत ३० गते ठाकुरद्वारामा रहेको सेनाको टोलीले उनको फोटो स्टुडियोबाटै गाडिमा हाली लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। पीडित परिवारले डरत्रासका कारण कतै खोजीगर्न नसकेको बताए।

(६९) **कल्लु थारु**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२० असोज १२ गते ३८ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ चैत २९ गते |
| घटनास्थल | : | बर्दिया जिल्ला बगनाहा गाविस-७, बगनाहा |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला बगनाहा गाविस-७, बगनाहा |
| बाबुको नाम | : | ठग्गा थारु |
| आमाको नाम | : | कमला थारु |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | दशनी थारु |
| छोरा/छोरी सङ्ख्या | : | १/२ |

**विवरण**

बगनाहा गाविस-७, बगनाहाका ३८ वर्षीय कल्लु थारुलाई माओवादी भएको आरोपमा २०५८ चैत २९ गते ठाकुरद्वाराबाट आएको सेनाको टोलीले घरमै सुतिरहेको अवस्थामा गाडिमा हाली लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरुप उपलब्ध गराएको छ।

(७०) **तेजबहादुर थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४४ चैत २७/१४ वर्ष |
| घटना मिति | : | २०५८ चैत २७ |
| घटनास्थल | : | धधवार गाविस -७, दूधथानफेना, बर्दिया |
| लिङ्ग | : | पुरुष |
| स्थायी ठेगाना | : | धधवार गाविस -७, दूधथानफेना, बर्दिया |
| बाबुको नाम | : | रामदुलारे थारू |
| आमाको नाम | : | जागी थारू |
| वैवाहिक स्थिति | : | अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : | ४ |

**विवरण**



धधवार गाविस- ७का तेजबहादुर थारूलाई २०५८ चैत २७ गते उनकै गाँउबाट सेनाले गिरफ्तार गरी मगरागाडी गाविसस्थित सेनाको क्याम्पमा लगेको थियो। गिरफ्तार गरेपश्चात् उनको दुवै हात पछाडि बाँधेर क्याम्पमा लगेको सोही गाविसका धनीराम थारू, प्रभात थारूलगायत छ जनाले देखेका थिए। भोलिपल्ट क्याम्पमा बुझ्न जाँदा त्यहाँ नल्याइएको बताउँदै आफूहरुलाई धम्क्याएको पीडितका परिवाले बताए। उनको परिवारलाई जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(७१) लक्ष्मीप्रसाद अधिकारी**

जन्म मिति/उमेर : २०३४ मङ्सिर ८<br>२४ वर्ष
घटना मिति : २०५८ चैत७
घटनास्थल : धधवार गाविस -७<br>धानफेना, बर्दिया
लिङ्ग : पुरुष
स्थायी ठेगाना : धधवार गाविस -७<br>धानफेना, बर्दिया
बाबुको नाम : प्रभाकर अधिकारी
आमाको नाम : पवित्रा अधिकारी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



धधवार गाविसका लक्ष्मीप्रसाद अधिकारी नेपाल प्रहरीको सेवामा कार्यरत थिए। कालीकोटमा दरबन्दी भएका अधिकारीलाई घर बिदामा आएका बेला २०५८ चैत ७ गते रम्भापुरको सैनिक टोलीले गिरफ्तार गरेर बेपत्ता पारेको थियो।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरुप उपलब्ध गराएको छ।

**(७२) सीताकुमारी थारू**

जन्म मिति/उमेर : २०४०/१८ वर्ष
घटना मिति : २०५८ मङ्सिर २४ गते
घटनास्थल : बनकटुवा गाविस-९<br>लालपुर,बाँके
लिङ्ग : महिला
स्थायी ठेगाना : बर्दिया जिल्ला मोतिपुर<br>गाविस-७ सतरिया
बाबुको नाम : करमलाल थारू
आमाको नाम : पहरी थारू
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

मोतिपुर गाविस -७ की माओवादी कार्यकर्ता १८ वर्षीया सीताकुमारी थारूलाई २०५८ मङ्सिर २४



गते बाँके जिल्लाको बनकटुवा गाविस-९ लालपुरबाट चिसापानीबाट आएको सैनिक टोलीले गिरफ्तार गरी बेपत्ता पारेको थियो।पीडित परिवारलाई जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(७३) सगुनलाल चौधरी**

जन्म मिति/उमेर : २००९ माघ २९<br>४९ वर्ष
घटना मिति : २०५८पुस १२ गते
घटनास्थल : धधवार गाविस-९,<br>बर्दिया
लिङ्ग : पुरुष
स्थायी ठेगाना : धधवार गाविस-९<br>सिमरहवा, बर्दिया
बाबुको नाम : आशाराम चौधरी
आमाको नाम : गुइती थारू
वैवाहिक स्थिति : विवाहित
पति वा पत्नीको नाम : जगमोहिनी चौधरी
छोरा/छोरी सङ्ख्या : ४/१
अन्य आश्रित सङ्ख्या : ९

**विवरण**



धधवार गाविस ९ का ४९ वर्षिय सगुनलाल चौधरीलाई २०५८पुस १२ गते सेनाको चिसापानी ब्यारेकबाट क्याप्टेज रमेश स्वारको नेतृत्वमा आएको टोलीले नियन्त्रणमा लिएर बेपत्ता पारेको थियो।जनसेवा उच्च माविका शिक्षक चौधरी विद्यालयबाट घर फर्किरहेको अवस्थामा सेनाले नियन्त्रणमा लिएको थियो। उनी शिक्षक सङ्गठन, थारु कल्याणकारी सभा तथा रेडक्रस सोसाइटीसँग आवद्ध थिए।

(७४) **पदमबहादुर दर्लामी**

जन्म मिति/उमेर : २०३६ मङ्सिर १२/२३वर्ष
घटना मिति : २०५९ जेठ २४ गते
घटनास्थल : नेउलापुर गाविस-१अम्रेनी
लिङ्ग : पुरुष
स्थायी ठेगाना : नेउलापुर गाविस-१अम्रेनी ,बर्दिया
बाबुको नाम : कविराम दर्लामी
आमाको नाम : बसन्दारी दर्लामी
वैवाहिक स्थिति : विवाहित
पति वा पत्नीको नाम : अर्को विवाह गरिसकेको
छोरा/छोरी सङ्ख्या : १/०
अन्य आश्रित सङ्ख्या : ६

**विवरण**



नेउलापुर गाविस-१का २३ वर्षीय पदमबहादुर दर्लामीलाई२०५९ जेठ २४ गते भीमकाली गणबाट आएका सेनाको टोलीले साँझ ७ बजेतिर घरमा बसिरहेको बेला नियन्त्रणमा लिएर बेपत्ता पारे।उनका परिवारले राहतस्वरुप कुनै सहयोग सरकारबाट पाएका छैनन्।

(७५) **रुन्च्या थारू (रामलाल)**

जन्म मिति/उमेर : २०२८ पुस १०गते ३१वर्ष
घटना मिति : २०५९ कात्तिक ३ गत
घटनास्थल : मानपुर टपरा गाविस -८ जमुनाबोझी
लिङ्ग : पुरुष
स्थायी ठेगाना : मानपुर टपरागाविस -८ जमुनाबोझी, बर्दिया
बाबुको नाम : लोहनी थारू
आमाको नाम : बाँधी थारू
वैवाहिक स्थिति : विवाहित
पति वा पत्नीको नाम : गर्भी थारू
छोरा/छोरी सङ्ख्या : १/३
अन्य आश्रित सङ्ख्या : ४

**विवरण**



मानपुर टपरा गाविस -८ का ३१ वर्षीय रामलाल भनिने रुन्च्या थारूलाई २०५९ कात्तिक ३ गते आफ्नै घरमा सुतिरहेको अवस्थामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलिले गिरफ्तार गरी नजिकैको मानपुरटपरा विद्यालयको केठामा थुनेर राखे।उनीलगायत अन्य १०-१२ जनालाई पनि उक्त विद्यालयमा सात दिनसम्म थुनेर राखेको उनका परिवारजनले बताए। पीडित परिवारलाई जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(७६) **जनकबहादुर शाही**

जन्म मिति/उमेर : २०१३ भदौ २ गते/४६
घटना मिति : २०५९ जेठ २४ गते
घटनास्थल : नेउलापुर गाविस-१ अम्रेनी, बर्दिया
लिङ्ग : पुरुष
स्थायी ठेगाना : नेउलापुर गाविस-१ अम्रेनी
बाबुको नाम : बीरबहादुर शाही
आमाको नाम : जैसरा शाही
वैवाहिक स्थिति : विवाहित
पति वा पत्नीको नाम : राजकुमारी शाही
छोरा/छोरी सङ्ख्या : ३/१
अन्य आश्रित सङ्ख्या : ४

**विवरण**



नेउलापुर गाविस -१ का ४६ वर्षीय जनकबहादुर शाहीलाइ २०५९ जेठ २४ गते राति घरमै बसिरहेका बेला भीमकाली गण चिसापानी ब्यारेकबाट आएको सेनाको टोलीले गिरफ्तार गरी नियन्त्रणमा लिएर बेपत्ता पारे। उनी मारिएको जानकारी गराउँदै

एक वर्षपछि ठाकुरद्वारा व्यारेकबाट पत्र प्राप्त भए पनि विश्वास नभएको पीडित परिवारले जनाएको छ।पीडित परिवारले राहत स्वरुप कुनै सहयोग प्राप्त गरेको छैन।

(७७) **वासुदेव शर्मा**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१९ चैत १२ गते ४० वर्ष |
| घटना मिति | : | २०५९ असार ११ गते |
| घटनास्थल | : | सेजवालटाकुरा गाविस-८, सल्यान |
| लिङ्ग | : | पुरुष |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला मगरागडी गाविस-६ सिउनिया टोल |
| बाबुको नाम | : | वेदप्रसाद शर्मा |
| आमाको नाम | : | छुनुमादेवी शर्मा |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति वा पत्नीको नाम | : | हीराकुमारी शर्मा |
| छोरा/छोरी सङ्ख्या | : | २/० |

**विवरण**

मगरागडी गाविस-६का ४० वर्षीय वासुदेव शर्मालाई २०५९ असार ११ गते विद्यालय जाँदै गर्दा गस्तीमा गएको सेनाको टोलीले सल्यान जिल्लाको सेजवालटाकुरा गाविस-८बाट गिरफ्तार गरी बेपत्ता पारेको थियो।उनी सल्यानमा शिक्षण गर्दै आएका थिए।पीडित परिवारलाई कुनै राहत उपलब्ध गराइएको छैन।

(७८) **जङ्गबहादुर वली**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०१५फागुन १५गते ४४ वर्ष |
| घटना मिति | : | २०५९ जेठ २४ गते |
| घटनास्थल | : | मगरागडी गाविस-८, बर्दिया |
| लिङ्ग | : | पुरुष |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला सानोश्री गाविस |
| बाबुको नाम | : | बलबहादुर वली |
| आमाको नाम | : | रत्नाकली वली |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति वा पत्नीको नाम | : | मतिकला वली |
| अन्य आश्रित सङ्ख्या | : | १० |

**विवरण**



बर्दिया जिल्ला सानोश्री गाविस का जङ्गबहादुर वलीलाई २०५९ जेठ २४ गते मगरागडी गाविस-८ स्थित आफन्त कहाँ गएका बेला सोही ठाउँमा रहेको व्यारेकबाट आएको टोलीले गिरफ्तार गरी बेपत्ता पारेको थियो।उनलाई चिसापानी व्यारेक लगिएको थाहा पाएर त्याहाँ सोधपुछ गर्न गएका परिवारका सदस्यलाई त्याहाँ नल्याइएको जानकारी गराइएको थियो।

(७९) **प्रेमप्रकाश थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३५ असार १४ गते २३ |
| घटना मिति | : | २०५८ फागुन १३ गते |
| घटनास्थल | : | मनाउ गाविस-८ नौरङ्गा, बर्दिया |
| लिङ्ग | : | पुरुष |
| स्थायी ठेगाना | : | मनाउ गाविस-८ नौरङ्गा |
| बाबुको नाम | : | वीरबल थारू |
| आमाको नाम | : | ठगनी थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति वा पत्नीको नाम | : | अर्को विवाह गरेको |
| छोरा/छोरी सङ्ख्या | : | १/० |

**विवरण**

मनाउ गाविस-८ नौरङ्गाका २३ वर्षीय प्रेमप्रकाश थारूलाई २०५८ फागुन १३ गते घरमा सुतिरहेको अवस्थामा सेनाको टोलीले गिरफ्तार गरी बेपत्ता पारेको थियो। प्रत्यक्षदर्शीहरुले उनलाई राजापुरतर्फ लगिरहेको बताए।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई १ लाख रुपियाँ राहतस्वरुप उपलब्ध गराएको छ।

(८०) **राजेन्द्रराज भारती**

जन्म मिति/उमेर : २०२७ चैत २ गते/३२
घटना मिति : २०५९ जेठ २४ गते
घटनास्थल : मगरागढडी गाविस-८
लिङ्ग : पुरुष
स्थायी ठेगाना : बर्दिया जिल्ला सानोश्री गाविस -७ गाउँ नम्बर २
बाबुको नाम : चन्द्रदेव भारती
आमाको नाम : हिला भारती
वैवाहिक स्थिति : विवाहित
पति वा पत्नीको नाम : विमला भारती
छोरा/छोरी सङ्ख्या : १/०

**विवरण**



सानोश्री गाविस -७ गाउँ नम्बर २का ३२ वर्षीय राजेन्द्रराज भारतीलाई २०५९ जेठ २४ गते मगरागढडी गाविस-८ मा आफ्ना आफन्त कहाँ गएका बेला सोही ठाउँमा रहेको सेनाको ब्यारेकबाट आएको टोलीले गिरफ्तार गरी बेपत्ता पारेका थिए। उनलाई चिसापानी ब्यारेक लगिएको जानकारी पाएर त्याहाँ सोधपुछ गन जाँदा सेनाले नल्याएको जनाएको पीडित परिवारले बताए।पीडितका परिवारलाई राहत स्वरुप कुनै सहयोग जिल्ला प्रशासनले उपलब्ध गराएको छैन।

(८१) **बुधनी थारू (उमा)**

जन्म मिति/उमेर : २०४०/१८
घटना मिति : २०५८ चैत १८ गत
घटनास्थल : सूर्यपटुवा गाविस-९ सोनाहा
लिङ्ग : महिला
स्थायी ठेगाना : सूर्यपटुवा गाविस-९ सोनाहा, बर्दिया
बाबुको नाम : लौटन थारू
आमाको नाम : जोखनी थारू
वैवाहिक स्थिति : विवाहित
अन्य आश्रित सङ्ख्या: ६

**विवरण**



सूर्यपटुवा गाविस-९ सोनाहा की माओवादी कार्यकर्ता १८ वर्षीया उमा भनिने बुधनी थारूलाई २०५८ चैत १८ गते आफ्नै खेतमा मुसुरो काटिरहेका बेला ठाकुरद्वाराबाट आएको सेनाको गस्ती टोलीले गिरफ्तार गरी बेपत्ता पारेको थियो। उनलाई चैत २६ गते रिहा गरिदिने भनेर परिवारका मानिसलाई ब्यारेकमा बोलाइए ता पनि उनलाई रिहा नगरिएको पीडित परिवारले जानकारी गराए।पीडित परिवारले राहत पाएका छैनन्।

(८२) **जयराम थारू**

जन्म मिति/उमेर : २०३८ कात्तिक १५गते २१ वर्ष
घटना मिति : २ ०५९ का त्तिक ४ गते
घटनास्थल : नयाँगाउँ गाविस-१ नयाँगाउँ, बर्दिया
लिङ्ग : पुरुष
स्थायी ठेगाना : नयाँगाउँ गाविस-१ नयाँगाउँ
बाबुको नाम : गहनू थारू
आमाको नाम : अमौती थारू
वैवाहिक स्थिति : विवाहित
पति वा पत्नीको नाम : अर्को विवाह गरेको
छोरा/छोरी सङ्ख्या : १/०
अन्य आश्रित सङ्ख्या :२

**विवरण**



नयाँगाउँ गाविस-१ का माओवादी कार्यकर्ता २१ वर्षीय जयराम थारूलाई २०५९ कात्तिक ४ गते बिहान ७ बजेतिर सेनाको टोलीले घरबाटै गिरफ्तार गरी कुटपिट गर्दै गाडीमा हालेर लगेका थिए। पीडित

परिवारले रम्भापुर,ठाकुरद्वारा चिसापानीलगायतका ब्यारेकमा सोधपुछ गर्दा नल्याएको जानकारी गराइएको थियो।पीडित परिवारलाई जिल्ला प्रशासन कार्यालय बर्दियाले १ लाख रुपियाँ राहतस्वरुप उपलब्ध गराएको छ।

**(८३) कालुराम थारू**

जन्म मिति/उमेर : २०४० भदौ / १९
घटना मिति : २०५९ कात्तिक ४ गत
घटनास्थल : नयागाउँ गाविस-१ नयाँगाउँ, बर्दिया
लिङ्ग : पुरुष
स्थायी ठेगाना : बर्दिया जिल्ला नयागाउँ गाविस-१ नयाँगाउँ
बाबुको नाम : हरिप्रसाद थारू
आमाको नाम : भिखनी थारू
वैवाहिक स्थिति : विवाहित
पति वा पत्नीको नाम : अर्को विवाह गरेको
अन्य आश्रित सङ्ख्या : १० जना

**विवरण**



नयागाउँ गाविस-१ नयाँगाउँका १९ वर्षीय कालुराम थारूलाई २०५९ कात्तिक ४ गते उनकै घरबाट सेनाको टोलीले गिरफ्तार गरी बेपत्ता पारे।जिल्ला प्रशासन कार्यालय बर्दियाले पीडित परिवारलाई राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(८४) फूलाप्रसाद थारू**

जन्म मिति/उमेर : २०२८ माघ १२ गते ३० वर्ष
घटना मिति : २०५८ चैत ६ गत
घटनास्थल : पाताभार गाविस-९ बनकट्टी,बर्दिया
लिङ्ग : पुरुष
स्थायी ठेगाना : पाताभार गाविस-९ बनकट्टी
बाबुको नाम : कुकरी थारू
आमाको नाम : अङ्गनी थारू
वैवाहिक स्थिति : विवाहित
पति वा पत्नीको नाम : रामजानकी थारू
छोरा/छोरी सङ्ख्या : २/०
अन्य आश्रित सङ्ख्या : १

**विवरण**



पाताभार गाविस-९ बनकट्टीका शिक्षक प्रेम भनिने ३० वर्षीय फूलाप्रसाद थारूलाई २०५८ चैत ६ गते उनकै घरबाट सेनाको टोलीले गिरफ्तार गरी बेपत्ता बनायो।उनी पशुपति इङ्लिश बोर्डिङ्ग स्कूलका शिक्षक थिए।

**(८५) रामनारायण थारू**

जन्म मिति/उमेर : २०४२ जेठ १५गते/१६
घटना मिति : २०५८ पुस ७ गते
घटनास्थल : राजापुर गाविस, धोविनपुर
लिङ्ग : पुरुष
स्थायी ठेगाना : बर्दिया जिल्ला पशुपतिनगर गाविस-८ पथरैया
बाबुको नाम : कूलवीर थारू
आमाको नाम : रामप्यारी थारू
वैवाहिक स्थिति : विवाहित
पति वा पत्नीको नाम : रामकुमारी थारू
छोरा/छोरी सङ्ख्या : ०/१

**विवरण**



पशुपतिनगर गाविस-८ पथरैयाका १६ वर्षीय रामनारायण थारूलाई २०५८ पुस ७ गते राजापुर गाविसको धोविनपुरमा सुतिरहेको अवस्थामा इलाका प्रहरी कार्यालय राजापुरबाट आएको टोलीले गिरफ्तार गरेर बेपत्ता पारेको थियो।

उनीसँग पीडितका परिवारले २०५८ माघ ५ गते जिल्ला प्रहरी कार्यालय गुलरिया र त्यसको केही समयपछि कारागारमा भेट गरेको थियो। पछिल्लो पटक २०५९ सालमा कारागारमा जाँदा त्याहाँ नभएको जानकारी गराइएको थियो।पीडित परिवारलाई जिल्ला प्रशासन कार्यालय बर्दियले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(८६) **लौटी थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४० जेठ २१गते १८ वर्ष |
| घटना मिति | : | २०५८ चैत २९ गते |
| घटनास्थल | : | मनाउ गाविस-८,नौरङ्गा |
| लिङ्ग | : | महिला |
| स्थायी ठेगाना | : | मनाउ गाविस-८,नौरङ्गा |
| बाबुको नाम | : | जग्गू थारू |
| आमाको नाम | : | दुलारी थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति वा पत्नीको नाम | : | अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : | ७ |

**विवरण**



मनाउ गाविस-८,नौरङ्गा की २१ वर्षीया लौटी थारूलाईलाई २०५८ चैत २९ गते राति उनकै घरबाट सेनाको टोलीले गिरफ्तार गरी बेपत्ता पारेको थियो।पीडित परिवारलाई जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(८७) **बगाले थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४१ भदौ ५ गते १८ |
| घटना मिति | : | २०५९ कात्तिक ३ गते |
| घटनास्थल | : | बदालपुर गाविस ९ जयपुर,बर्दिया |
| लिङ्ग | : | पुरुष |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला बदालपुर गाविस ९ जयपुर |
| बाबुको नाम | : | धनवीर थारू |
| आमाको नाम | : | चुल्हिया थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति वा पत्नीको नाम | : | अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : | २ |

**विवरण**



बदालपुर गाविस ९ जयपुरका १८ वर्षीय बगाले थारूलाई २०५९ कात्तिक ३ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा सेना र सशस्त्र प्रहरीको संयुक्त टोलीले नियन्त्रणमा लिएर मानपुर टपरास्थित विद्यालयमा राखेको थिए। उनका परिवारले कात्तिक ५ गतेसम्म उनलाई विद्यालयमा देखेका थिए।तर सेनाले उनलाई नल्याएको बताएको थियो। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(८८) **कालीराम थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३२/२७ वर्ष |
| घटना मिति | : | २०५९ असोज १६ |
| घटनास्थल | : | मोतिपुर गाविस-२ ,लवादा,बर्दिया |
| लिङ्ग | : | पुरुष |
| स्थायी ठेगाना | : | मोतिपुर गाविस-२ ,लवादा |
| बाबुको नाम | : | कल्चू थारू |
| आमाको नाम | : | बेली थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति वा पत्नीको नाम | : | रसैली थारू |
| छोरा/छोरी सङ्ख्या | : | १/१ |



**विवरण**

मोतिपुर गाविस-२ लवा( दाका २७ वर्षीय कालीराम थारूलाइ २०५९ असोज १६ गते राति उनकै घरबाट सेनाको टोलीले गिरफ्तार गरी बेपत्ता पारेको थियो। जिल्ला

प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(८९) **श्रीराम थारू**

जन्म मिति/उमेर : २०४६ भदौ १ गते १३ वर्ष

घटना मिति : २०५९ भदौ १ गते

घटनास्थल : मगरागडी गाविस-१ तर्कापुर, बर्दिया

लिङ्ग : पुरुष

स्थायी ठेगाना : मगरागडी गाविस-१ तर्कापुर

बाबुको नाम : कोठारी थारू

आमाको नाम : मखुनी थारू

वैवाहिक स्थिति : अविवाहित

अन्य आश्रित सङ्ख्या : १६

**विवरण**



मगरागडी गाविस-१ तर्कापुरका १३ वर्षीय श्रीराम थारूलाइ २०५९ भदौ १ गते राति आफ्नो घरमा सुतिरहेको अवस्थामा मगरागडी गाविस-८ रम्भापुरमा रहेको सेनाको टोलीले घरबाटै गिरफ्तार गरी बेपत्ता पारेको थियो। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(९०) **महेश थारू**

जन्म मिति/उमेर : २०४० साउन २४ गते/१९

घटना मिति :२०५९ भदौ १० गते

घटनास्थल : ठाकुरद्वारा गाविस-३ चिटकैया, बर्दिया

लिङ्ग : पुरुष

स्थायी ठेगाना : ठाकुरद्वारा गाविस-३ चिटकैया

बाबुको नाम : कुलवीर थारू

आमाको नाम : गर्भी थारू

वैवाहिक स्थिति : अविवाहित

अन्य आश्रित सङ्ख्या :४

**विवरण**



ठाकुरद्वारा गाविस-३ चिटकैयाका १९ वर्षीय महेश थारूलाई २०५९ भदौ १० गते राति १२ बजेतिर ठाकुरद्वाराको सेनाको टोलीले घरबाटै नियन्त्रणमा लिएर बेपत्ता पारेका थिए। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(९१) **हरिचरण थारू**

जन्म मिति/उमेर : २००८ साल गते ५१ वर्ष

घटना मिति : २०५९ भदौ ६ गते

घटनास्थल : मोतिपुर गाविस-२ लवदा, बर्दिया

लिङ्ग : पुरुष

स्थायी ठेगाना : मोतिपुर गाविस-२ लवदा

बाबुको नाम : शिवप्रसाद थारू

आमाको नाम : ताँठी थारू

वैवाहिक स्थिति : विवाहित

पति वा पत्नीको नाम : असर्फी थारू

अन्य आश्रित सङ्ख्या : १४

**विवरण**



मोतिपुर गाविस-२ लवदाका ५१ वर्षीय हरिचरण थारूलाई २०५९ भदौ ६ गते राति ५० जना जतिको सङ्ख्यामा आएको सेनाको टोलीले घरबाटै नियन्त्रणमा लिएर बेपत्ता पारेको थियो। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(९२) **लालबिहारी थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३८ कात्तिक १५ गते २१ वर्ष |
| घटना मिति | : २०५९ भदौ ६ गते |
| घटनास्थल | : मोतिपुर गाविस-२ नेवदा, बर्दिया |
| लिङ्ग | : पुरुष |
| स्थायी ठेगाना | : बर्दिया जिल्ला मोतिपुर गाविस-२ नेवदा |
| बाबुको नाम | : चिन्कू थारू |
| आमाको नाम | : भुरी थारू |
| वैवाहिक स्थिति | : विवाहित |
| पति वा पत्नीको नाम | : जिरिया थारू |
| छोरा/छोरी सङ्ख्या | : २/० |

**विवरण**



मोतिपुर गाविस-२ नेवदाका २१ वर्षीय लाल( बिहारी थारूलाई २०५९ भदौ ६ गते राति शाही नेपाली सेनाको टोलीले घर घेरा हालेर घरका अन्य सबैलाइ घरमा थुनेर उनलाइ मात्र नियन्त्रणमा लिएर लगेका थिए। उनको अवस्था हालसम्म अज्ञात छ।। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(९३) **फिरु थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३६ जेठ १७ गते २३ वर्ष |
| घटना मिति | : २०५९ जेठ ६ गत |
| घटनास्थल | : डेउढकला गाविस-९ ककौरा, बर्दिया |
| लिङ्ग | : पुरुष |
| स्थायी ठेगाना | : डेउढकला गाविस-९ ककौरा |
| बाबुको नाम | : बादल थारू |
| आमाको नाम | : साउनी थारू |
| वैवाहिक स्थिति | : विवाहित |
| पति वा पत्नीको नाम | : अको विवाह गरिसकेको |

**विवरण**



डेउढकला गाविस-९ ककौराका २३ वर्षीय फिरु थारूलाई २०५९ जेठ ६ गते राति घरमा सुतिरहेको अवस्थामा गिरफ्तार गरी बेपत्ता पारेको थियो।त्यसै दिन गिरफ्तार गरिएका सोही गाविसका रमेश थारु सात महिनापछि रिहा भएर आएपछि उनले फिरूलाई आँखामा पट्टी बाँधेर राखेको अवस्थामा चिसापानी ब्यारेकमा देखेको बताए। फिरुको अवस्था हालसम्म अज्ञात छ।उनको परिवारले कुनै राहत पाएका छैनन्।

(९४) **बमबहादुर शाही**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३५ कात्तिक २ गते २४ वर्ष |
| घटना मिति | : २०५९ जेठ ८ गते |
| घटनास्थल | : डेउढाकला गाविस-३ माछागढ, बर्दिया |
| लिङ्ग | : पुरुष |
| स्थायी ठेगाना | : बर्दिया जिल्ला डेउढाकला गाविस-३ माछागढ |
| बाबुको नाम | : भीमबहादुर शाही |
| आमाको नाम | : हरिकला शाही |
| वैवाहिक स्थिति | : विवाहित |
| पति वा पत्नीको नाम | : सरीता शाही |
| छोरा/छोरी सङ्ख्या | : ०/३ |

**विवरण**



डेउढाकला गाविस-३ माछागढका २४ वर्षीय बमबहादुर शाहीलाई २०५९ जेठ ८ गते कब्जामा लिएर एकै छिनमा पठाइदिन्छौं भन्दै सेनाको एक टोलीले लगेकोमा उनको हालसम्म अवस्था अज्ञात छ। पीडित परिवारले हालसम्म कुनै राहत सहयोग पाएका छैनन्।

**(९५) श्रीराम थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३४ जेठ १६<br>२५ वर्ष |
| घटना मिति | : २०५९ जेठ ८ गते |
| घटनास्थल | : डेउढाकला गाविस-३<br>माछागढ, बर्दिया |
| लिङ्ग | : पुरुष |
| स्थायी ठेगाना | : डेउढाकला गाविस-३<br>माछागढ |
| बाबुको नाम | : किरिम थारू |
| आमाको नाम | : बेतुली थारू |
| वैवाहिक स्थिति | : विवाहित |
| पति वा पत्नीको नाम | : गौरी थारू |
| छोरा/छोरी सङ्ख्या | : १/१ |

**विवरण**



डेउढाकला गाविस-३ माछागढका २५ वर्षीय श्रीराम थारूलाई २०५९ जेठ ८ गते घरमा सुतिरहेको अवस्थामा उठाएर सेनको एक टोलीले लिएर गएकोमा उनको अवस्था अझै अज्ञात छ। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ पीडित परिवारलाई उपलब्ध गराएको छ।

**(९६) श्रीराम थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३५ फागुन १७ गते<br>२४ वर्ष |
| घटना मिति | : २०५९ जेठ ८ गते |
| घटनास्थल | : डेउढाकला गाविस-३<br>माछागढ, बर्दिया |
| लिङ्ग | : पुरुष |
| स्थायी ठेगाना | : डेउढाकला गाविस-३<br>माछागढ |
| बाबुको नाम | : बाबुराम थारू |
| आमाको नाम | : परवी थारू |
| वैवाहिक स्थिति | : विवाहित |
| पति वा पत्नीको नाम | : अनीता थारू |
| छोरा/छोरी सङ्ख्या | : १/१ |

**विवरण**



डेउढाकला गाविस-३ माछागढका २४ वर्षीय श्रीराम थारूलाई २०५९ जेठ ८ गते घरमा सुतिरहेको अवस्थामा ५ सय भन्दा बढी सङ्ख्यामा आएको सेनाको एक टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडितका परिवारलाई कुनै राहत उपलब्ध गराइएको छैन।

**(९७) जनकबहादुर चौधरी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४० माघ ११ गते<br>१८ वर्ष |
| घटना मिति | : २०५८ फागुन २३ गते |
| घटनास्थल | : पाताभार गाविस-२ गणेशपुर,<br>बर्दिया |
| लिङ्ग | : पुरुष |
| स्थायी ठेगाना | : पाताभार गाविस-२ गणेशपुर |
| बाबुको नाम | : गोपाल थारू |
| आमाको नाम | : भरथरनिया थारू |
| वैवाहिक स्थिति | : विवाहित |

**विवरण**



पाताभार गाविस-२ गणेशपुरका १८ वर्षीय जनकबहादुर चौधरीलाई २०५८ फागुन २३ गते घरमा सुतिरहेको अवस्थामा उठाएर सेनाको एक टोलीले घरबाहिर ल्याएर मरणासन्न हुने गरी कुटपिट गरेपछि गणेशबाबा चोकमा रोकेर राखेको सेनाको गाडीमा हालेर लगेकोमा उनको अवस्था अज्ञात छ।उनीसँगै उनका दाजु गणेशबहादुरलाई पनि सेनाले लगेको थियो। पीडितका परिवारलाई कुनै राहत उपलब्ध गराइएको छैन।

(९८) **गणेशबहादुर चौधरी**

जन्म मिति/उमेर : २०३८ चैत २९गते २० वर्ष
घटना मिति : २०५८ फागुन २३ गते
घटनास्थल : पाताभार गाविस-२ गणेशपुर, बर्दिया
लिङ्ग : पुरुष
स्थायी ठेगाना : बर्दिया जिल्ला पाताभार गाविस-२ गणेशपुर
बाबुको नाम : गोपाल थारू
आमाको नाम : भरथरनिया थारू
वैवाहिक स्थिति : विवाहित

**विवरण**



पाताभार गाविस-२ गणेशपुरका २० वर्षीय गणेशबहादुर चौधरीलाई २०५८ फागुन २३ गते घरमा सुतिरहेको अवस्थामा उठाएर सेनाको एक टोलीले घरबाहिर ल्याएर मरणासन्न हुने गरी कुटपिट गरेपछि गणेशबाबा चोकमा रोकेर राखेको सेनाको गाडीमा हालेर लगेकोमा उनको अवस्था अज्ञात छ।उनीसँगै उनका भाइ जनकबहादुरलाई पनि सेनाले लगेको थियो। पीडितका परिवारलाई कुनै राहत उपलब्ध गराइएको छैन।

(९९) **डिलराम बन**

जन्म मिति/उमेर : २०२३गते भदौ ९ ३५ वर्ष
घटना मिति : २०५८ चैत २४ गते
घटनास्थल : पाताभार गाविस-६ जनकनगर, बर्दिया
लिङ्ग : पुरुष
स्थायी ठेगाना : बर्दिया जिल्ला पाताभार गाविस-६ जनकनगर
बाबुको नाम : जोगेश्वर बन
आमाको नाम : ललिता बन
वैवाहिक स्थिति : विवाहित
पति वा पत्नीको नाम : हिरा शाही
छोरा/छोरी सङ्ख्या : १/०
अन्य आश्रित सङ्ख्या : ५

**विवरण**



पाताभार गाविस-६ जनकनगरका ३५ वर्षीय डिलराम बनलाई २०५८ चैत २४ गते ठाकुरद्वारामा रहेको सेनाको ब्यारेकबाट आएको टोलीले राति घरमा सुतिरहेको अवस्थामा उठाएर लगेकोमा उनको अवस्था अज्ञात छ।ठाकुरद्वारा ब्यारेकमा खोजी गर्न जाँदा सेनाले आफूहरुलाई धम्की दिएको परिवारजनले बताए। पीडितका परिवारलाई सरकारकोतर्फबाट कुनै राहत उपलब्ध भएको छैन।

(१००) **सोमप्रसाद थारू**

जन्म मिति/उमेर : २०३६ वैशाख १ गते २३ वर्ष
घटना मिति : २०५९ मङ्सिर १९ गते
घटनास्थल : पाताभार गाविस-६, बर्दिया
लिङ्ग : पुरुष
स्थायी ठेगाना : पाताभार गाविस-६
बाबुको नाम : रुन्चे थारू
आमाको नाम : खिडिया थारू
वैवाहिक स्थिति : विवाहित
पति वा पत्नीको नाम : अर्को विवाह भएको
अन्य आश्रित सङ्ख्या : ५ जना

**विवरण**



पाताभार गाविस-६ का २३ वर्षीय सोमप्रसाद थारूलाई २०५९ मङ्सिर १९ गते गते ५ सयको सङ्ख्यामा आएको सैनिक टोलीले घरबाटै नियन्त्रणमा लिएर लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १

लाख रुपियाँ पीडित परिवारलाई उपलब्ध गराएको छ।

(१०१) **युवराज भण्डारी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३९गते मङ्सिर ३ गते १९ वर्ष |
| घटना मिति | : | २०५८ फागुन २३ गते |
| घटनास्थल | : | गोला गाविस-७ तीनघरुवा, बर्दिया |
| लिङ्ग | : | पुरुष |
| स्थायी ठेगाना | : | गोला गाविस-७ तीनघरुवा |
| बाबुको नाम | : | बाले भण्डारी |
| आमाको नाम | : | बेलपुरा भण्डारी |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति वा पत्नीको नाम | : | अविवाहित |

**विवरण**



गोला गाविस-७ तीनघरुवा १९ वर्षीय युवराज भण्डारीलाई २०५८ फागुन २३ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा ठाकुरद्वाराबाट आएको सेनाको गस्ती टोलीले गिरफ्तार गरी बेपत्ता पारेको थियो। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ पीडित परिवारलाई उपलब्ध गराएको छ।

(१०२) **सरस्वती चौधरी(तारा)**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४० साउन /१९ वर्ष |
| घटना मिति | : | २०५८ पुस ८ गते |
| घटनास्थल | : | भीमापुर गाविस-७ वेलासाबाट,बर्दिया |
| लिङ्ग | : | महिला |
| स्थायी ठेगाना | : | गोला गाविस-८ दक्षीण गोला |
| बाबुको नाम | : | धानुराम थारु |
| आमाको नाम | : | सुरभी थारू |
| वैवाहिक स्थिति | : | अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : | ८ |

**विवरण**



गोला गाविस-८ दक्षीण गोलाकी तारा भनिने १९ वर्षीया सरस्वती चौधरीलाई २०५८ पुस ८ गते भीमापुर गाविस-७ वेलासाबाट राजापुर प्रहरीले गिरफ्तार गरी एक महिनासम्म राजापुर प्रहरी चौंकीमा राखेको थियो।त्यसपछि उनलाई एक महिनासम्म जिल्ला प्रहरी कार्यालय गुलरियामा राखेको थियो जहाँ उनका परिवारले दुईपटक सम्म भेटेका थिए। अन्तिम पटक २०५९ जेठ महिनामा भेटेपछि सरस्वतीको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ पीडित परिवारलाई उपलब्ध गराएको छ।

(१०३) **चैनराम थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३२ साले/२७ वर्ष |
| घटना मिति | : | २०५९ भदौ १० गते |
| घटनास्थल | : | नेपालगञ्ज नगरपालिका, बाँके |
| लिङ्ग | : | पुरुष |
| स्थायी ठेगाना | : | गोला गाविस-१ शान्तिपुर |
| बाबुको नाम | : | शिवराज थारू |
| आमाको नाम | : | मेडीकुमारी थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति वा पत्नीको नाम | : | अको विवाह गरेको |
| छोरा/छोरी सङ्ख्या | : | १/० |

**विवरण**



गोला गाविस-१ शान्तिपुरका चैनराम थारूलाई २०५९ भदौ १० गते बाँके जिल्ला नेपालगञ्ज नपाबाट सोही ठाउँको ब्यारेकका सेनाले गिरफ्तार गरी बेपत्ता पारेको थियो।उनी जल तथा मौसम विभाग नेपालगञ्ज शाखामा सहायक

पदमा कार्यरत थिए।जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ पीडित परिवारलाई उपलब्ध गराएको छ।

(१०४) **प्रदेशिनी थारू**

जन्म मिति/उमेर : २०४३ पुस १६ गते
१६ वर्ष
घटना मिति : २०५९ जेठ २५ गते
घटनास्थल : ठाकुरद्वारा गाविस-१ भुडइया, बर्दिया
लिङ्ग : महिला
स्थायी ठेगाना : ठाकुरद्वारा गाविस-१ भुडइया
बाबुको नाम : बगारू थारू
आमाको नाम : श्यानी थारू
वैवाहिक स्थिति : विवाहित
अन्य आश्रित सङ्ख्या : ८

**विवरण**



ठाकुरद्वारा गाविस-१ भुडइयाकी १६ वर्षीया प्रदर्शनी थारूलाई २०५९ जेठ २५ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा सेनाको टोलीले उठाएर आफ्नो गाडीमा हालेर लगेकोमा उनको अवस्था अज्ञात छ। उनलाई सोही गाविस-४ स्थित जङ्गलमा हत्या गरेको सुनिए ता पनि पुष्टि नभएको पीडित परिवारले जनायो। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ पीडित परिवारलाई उपलब्ध गराएको छ।

(१०५) **जनकबहादुर उपाध्याय**

जन्म मिति/उमेर : २०३१ कात्तिक ९गते
२८ वर्ष
घटना मिति : २०५९ असार ४ गते
घटनास्थल : डेउढकला गाविस-३ माछागढ, बर्दिया
लिङ्ग : पुरुष
स्थायी ठेगाना : डेउढकला गाविस-३ माछागढ
बाबुको नाम : धर्म उपाध्याय
आमाको नाम : शितला उपाध्याय
वैवाहिक स्थिति : विवाहित
पति वा पत्नीको नाम : सुशीला उपाध्याय
छोरा/छोरी सङ्ख्या : २/०

**विवरण**



डेउढकला गाविस-३ माछागढका २८ वर्षीय जनकबहादुर उपाध्यायलाई २०५९ असार ४ गते राति आफ्नै घरमा सुतिरहेको बेला सम्मापुरबाट सैनिक टोलीले एकै छिनमा फर्काइदिने भनेर लगेकोमा उनको अवस्था अज्ञात छ।उनलाई तीन महिनासम्म चिसापानी ब्यारेकमा राखेको जानकारी भएको पीडित परिवारले बताए। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ पीडित परिवारलाई उपलब्ध गराएको छ।

(१०६) **सुशीला चौधरी**

जन्म मिति/उमेर : २०४१ मघ १२ गते
१८ वर्ष
घटना मिति : २०५९जेठ २५ गते
घटनास्थल : ठाकुरद्वारा गाविस-१ भुरकुइया, बर्दिया
लिङ्ग : महिला
स्थायी ठेगाना : बर्दिया जिल्ला ठाकुरद्वारा गाविस-१ भुरकुइया
बाबुको नाम : जङ्गीलाल चौधरी
आमाको नाम : कुर्ली थारू
वैवाहिक स्थिति : अविवाहित
अन्य आश्रित सङ्ख्या : ८

**विवरण**

ठाकुरद्वारा गाविस-१ भुरकुइयाकी १८ वर्षीया सुशीला चौधरीलाई २०५९जेठ २५ गते आफ्नै घरमा सुतिरहेको बेला ठाकुरद्वाराबाट आएको सेनाको गस्ती टोलीले गाडीमा हालेर लगेको थियो। सोही गाविस-४ स्थित सुतैयाको जङ्गलमा पुऱ्याएर



उनको हत्या गरिएको भन्ने सुनिए ता पनि पुष्टि नभएको पीडित परिवारले बताए। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ पीडित परिवारलाई उपलब्ध गराएको छ।

(१०७) **कलपति थारू**

जन्म मिति/उमेर : २०१९/४० वर्ष
घटना मिति : २०५९ भदौ ६ गते
घटनास्थल : मोतिपुर गाविस-२ नेवदा, बर्दिया
लिङ्ग : महिला
स्थायी ठेगाना : मोतिपुर गाविस-२ नेवदा
बाबुको नाम : चमारी थारू
आमाको नाम : ठगनीया थारू
वैवाहिक स्थिति : अविवाहित
पति वा पत्नीको नाम : जनक थारू
छोरा/छोरी सङ्ख्या : २/०

**विवरण**



मोतिपुर गाविस-२ नेवदाकी ४० वर्षीया कलपति थारूलाई २०५९ भदौ ६ गते आफ्नै घरमा सुतिरहेको अवस्थामा रम्मापुरबाट आएको सेनाको गस्ती टोलीले गाडीमा हालेर लगकोमा उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ पीडित परिवारलाई उपलब्ध गराएको छ।

(१०८) **भगराम थारू**

जन्म मिति/उमेर : २०३८ जेठ ५ गते २१ वर्ष
घटना मिति : २०५९ भदौ ६ गत
घटनास्थल : मोतिपुर गाविस-२ लवादा, बर्दिया
लिङ्ग : पुरुष
स्थायी ठेगाना : मोतिपुर गाविस-२ लवादा
बाबुको नाम : वासुदेव थारू
आमाको नाम : बदली थारू
वैवाहिक स्थिति : अविवाहित
पति वा पत्नीको नाम : नखुलेको
छोरा/छोरी सङ्ख्या : १/०
अन्य आश्रित सङ्ख्या :३

**विवरण**



मोतिपुर गाविस-२ लवा( दाका २१ वर्षीय भगराम थारूलाई २०५९ भदौ ६ गते राति घरमा सुतिरहेको अवस्थामा सेनाको टोलीले गाडीमा हालेर लगेकोमा उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ पीडित परिवारलाई उपलब्ध गराएको छ।

(१०९) **हिरामणि थारू**

जन्म मिति/उमेर : २०३६ फागुन १५ गते २२ वर्ष
घटना मिति : २०५८ चैत ३१
घटनास्थल :ठाकुरद्वारा गाविस-१, भुरकइया, बर्दिया
लिङ्ग : पुरुष
स्थायी ठेगाना : बर्दिया जिल्ला ठाकुरद्वारा गाविस-१, भुरकइया
बाबुको नाम : चिन्कू थारू
आमाको नाम : कान्छी थारू
वैवाहिक स्थिति : विवाहित
पति वा पत्नीको नाम : मञ्जू थारू
छोरा/छोरी सङ्ख्या : ०/१

**विवरण**

ठाकुरद्वारा गाविस-१, भुरकइयाका २२ वर्षीय हिरामणि थारूलाई २०५८ चैत ३१ गते गाउँमै सिकर्मी काम गरिरहेको अवस्थामा ठाकुरद्वारा स्थित



बरखदल गुल्मबाट आएको सेनाको टोलीले गाडीमा हालेर लगेकोमा उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ पीडित परिवारलाई उपलब्ध गराएको छ।

(११०) **रामबहादुर थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४० जेठ २६ गते १९ वर्ष |
| घटना मिति | : | २०५९ जेठ २५ |
| घटनास्थल | : | ठाकुरद्वारा गाविस-१, भुरकइया, बर्दिया |
| लिङ्ग | : | पुरुष |
| स्थायी ठेगाना | : | ठाकुरद्वारा गाविस-१, भुरकइया |
| बाबुको नाम | : | चिन्कू थारू |
| आमाको नाम | : | कान्छी थारू |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**



ठाकुरद्वारा गाविस-१, भुरकइयाका १९ वर्षीय रामबहादुर थारूलाई २०५९ जेठ २५ गते ठाकुरद्वाराबाट आएको सेनाको टोलीले गाडीमा हालेर लगेकोमा उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ पीडित परिवारलाई उपलब्ध गराएको छ

(१११) **कलापति चौधरी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४१ वैशाख १२ गते १८ वर्ष |
| घटना मिति | : | २०५९ जेठ २५ गते |
| घटनास्थल | : | ठाकुरद्वारा गाविस-१,भुरकइया, बर्दिया |
| लिङ्ग | : | महिला |
| स्थायी ठेगाना | : | ठाकुरद्वारा गाविस-१,भुरकइया |
| बाबुको नाम | : | खुशिया थारू |
| आमाको नाम | : | फिरिया थारू |
| वैवाहिक स्थिति | : | अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : | १ |

**विवरण**



ठाकुरद्वारा गाविस-१, भुरकइयाकी १८ वर्षीया कलापति थारूलाई २०५९ जेठ २५ गते राति ठाकुरद्वाराबाट आएको सेनाको टोलीले घर घेरा हालेर नियन्त्रणम लिएर लगेकोमा उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ पीडित परिवारलाई उपलब्ध गराएको छ।

(११२) **सन्चूराम थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३५ वैशाख ८ गते २५ वर्ष |
| घटना मिति | : | २०५९ जेठ २८ गत |
| घटनास्थल | : | ठाकुरद्वारा गाविस-१ भुरकइया, बर्दिया |
| लिङ्ग | : | पुरुष |
| स्थायी ठेगाना | : | ठाकुरद्वारा गाविस-१ भुरकइया |
| बाबुको नाम | : | खुशीराम थारू |
| आमाको नाम | : | भुखली थारू |
| वैवाहिक स्थिति | : | अविवाहित |
| पति वा पत्नीको नाम | : | पुनस्या थारू |
| छोरा/छोरी सङ्ख्या | : | १/१ |

**विवरण**

ठाकुरद्वारा गाविस-१ भुरकइयाका २५ वर्षीय सन्चूराम थारूलाई २०५९ जेठ २८ गते राति ठाकुरद्वाराबाट आएको रणशेर गणको सैनिक गस्ती टोलीले घर घेरा हालेर नियन्त्रणमा लिएर गएकोमा



उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय बर्दियाले राहत स्वरुप १ लाख रुपियाँ पीडित परिवारलाई उपलब्ध गराएको छ।

घटनास्थल : नयागाउँ गाविस-१
पेशा : कृषि
स्थायी ठेगाना : नयाँगाउँ गाविस-१ नयागाउँ
बाबुको नाम : ठाकुरराम थारू
आमाको नाम : लराइनी थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : जवमणि थारू
छोरा/छोरी सङ्ख्या : २/२

**विवरण**



नयाँगाउँ गाविस-१ नयागाउँका २४ वर्षीय लौटन थारूलाई२०५९ कात्तिक ४ गते धान काटिरहेको अवस्थामा शाही नेपाली सेनाको टोलीले केही बेर नियन्त्रणमा लिएर पुन १० बजेतिर गिरफ्तार गरी लगेकोमा उनको अवस्था अज्ञात छ।पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(१८५) बाबुराम थारू**

जन्म मिति/उमेर : २०३२ भदौ ८/ २७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ असोज १६
घटनास्थल : मोतिपुर गाविस-५
पेशा : कृषि
स्थायी ठेगाना : मोतिपुर गाविस-५ मदाहा
बाबुको नाम : प्रसाद थारू
आमाको नाम : रत्नी थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : शोभारानी थारू
अन्य आश्रित सङ्ख्या : १

**विवरण**

मोतिपुर गाविस-५ मदाहाका २७ वर्षीय बाबुराम



थारूलाई २०५९ असोज १६ रम्मापुरबाट आएको शाही नेपाली सेनाको टोलीले घरबाटै गिरफ्तार गरेको थियो। उनीसँगै गिरफ्तार भएका पाँच दिनपछि तारेखमा रिहा भएका ठग्गा थारूले आफू तारेख लिन जाँदा कपडा र खान ल्याइदिनका लागि परिवारलाई खबर गरिदिन भनेका थिए।बाबुरामका परिवारलाई भने भेटघाट गर्न दिइएन। बाबुरामको अवस्था हालसम्म अज्ञात छ।पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(१८६) कृष्ण चौधरी**

जन्म मिति/उमेर : २०३६ भदौ १०/ २३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख १०
घटनास्थल : टिटिहिरिया गाविस, बाँके
पेशा : राजनीति नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : मोतिपुर गाविस-७ सतरिया
बाबुको नाम : गोपाल थारू
आमाको नाम : फूदिया थारू
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



मोतिपुर गाविस-७ सतरियाका २३ वर्षीय कृष्ण चौधरीलाई २०५९ वैशाख १० गते बाँके जिल्लाको टिटिहिरिया गाविस-७ थपुवा गाउँबाट शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। उनीसँगै गिरफ्तार भएका कोहलपुरका एक व्यक्तिका अनुसार कृष्णलाई पाँच दिनसम्म चिसापानी ब्यारेकमा राखिएको थियो।पीडित परिवारलाई सरकारले राहत स्वरुप कुनै सहयोग उपलब्ध गराएको छैन ।

**(१८७) गीता थारू**

जन्म मिति/उमेर : २०२७ मङ्सिर २० ३२वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५९ भदौ १९ गते
घटनास्थल : मोतिपुर गाविस-७ बर्दिया
पेशा : राजनीति नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : मोतिपुर गाविस-७ अतघरुवा
बाबुको नाम : धनीराम थारू
आमाको नाम : तुलसी थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : भुवन थारू
छोरा/छोरी सङ्ख्या : १ /१ जना

**विवरण**



मोतिपुर गाविस-७ अतघरुवा निवासी माओवादी कार्यकर्ता ३२वर्षीया गीता थारूलाई२०५९ भदौ १९ गते मोतिपुर गाविस-७ दमौली मा गउँकै एक व्यक्तिको घरमा सुतिरहेको बेला रम्मापुरबाट शाही नेपाली सेनाको टोलीले घर घेरा हालेर गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(१८८) कालीप्रसाद थारू**

जन्म मिति/उमेर : २०४५ पुस/ १३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ मङ्सिर ५ गते
घटनास्थल : मगरागडी गाविस-३ बर्दिया
पेशा : राजनीति , नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : बनियाभार गाविस-७
बाबुको नाम : रामकिसुन थारू
आमाको नाम : रामपति थारू
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

बनियाभार गाविस-७ का १३ वर्षीय कालीप्रसाद थारूलाई२०५८ मङ्सिर ५ गते : मगरागडी गाविस-३ जब्दहवामा बाटोमा हिडिरहेको अवस्थामा रम्मापुरबाट आएको शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ।पीडित परिवारलाई सरकारले राहत स्वरुप कुनै सहयोग उपलब्ध गराएको छैन ।

**(१८९) जनक थारू**

जन्म मिति/उमेर : २०३९ जेठ ५/ २० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ पुस ५
घटनास्थल : मगरागडी गाविस-३
पेशा : राजनीति नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : बनियाभार गाविस-५
बाबुको नाम : खुशीराम थारू
आमाको नाम : चुज्मानी थारू
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



बनियाभार गाविस-५ का नेकपा माओवादी कार्यकर्ता जनक थारूलाई २०५९ पुस ५ गते रम्मापुरबाट गस्तीमा आएको शाही नेपाली सेनाको टोलीले मगरागडी गाविस-३ जब्दहवाबाट उनीसहित पाँच जना माओवादी कायकर्तालाई गिरफ्तार गरी चिसापानी ब्यारेक लगेकोमा उनको अवस्था अज्ञात छ।पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(१९०) रामकरण चौधरी**

जन्म मिति/उमेर : २०२३ साउन ७ /३६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ पुस २०
घटनास्थल : भीम्मापुर गाविस-७
पेशा : कृषि

स्थायी ठेगाना : भीम्मापुर गाविस-७ बेलासा
बाबुको नाम : दोरे थारू
आमाको नाम : चेचिया थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : लौटी थारू
छोरा/छोरी सङ्ख्या : २/२

**विवरण**



भीम्मापुर गाविस-७ बेलासाका ३६ वर्षीय रामकरण चौधरीलाई २०५९ पुस २० शाही नेपली सेनाको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ।पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ ।

(१९१) **नेपाली चौधरी**
जन्म मिति/उमेर : २०४३ भदौ १० /१७ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५९ पुस २०
घटनास्थल : मानपुर टपरा गविस-१
पेशा : विद्यार्थी
स्थायी ठेगाना : भीम्मापुर गविस-७
बाबुको नाम : जग्गू थारू
आमाको नाम : जसी थारू
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



भीम्मापुर गविस-७ की १५ वर्षीया नेपाली चौधरीलाई२०६० पुस २० गते राति उनकै घरबाट टपरा अस्थायी क्याम्पबाट आएको शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ।परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ ।

(१९२) **प्रेमबहादुर थारू**
जन्म मिति/उमेर : २०३८ साल/ २२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० चैत ४ गते
घटनास्थल : डेउढकला गाविस-९
पेशा : कृषि
स्थायी ठेगाना : डेउढकला गाविस-९ ककौरा
बाबुको नाम : बोटना थारू
आमाको नाम : दशनी थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : प्रेमकुमारी थारू
छोरा/छोरी सङ्ख्या : १/ १जना

**विवरण**



डेउढकला गाविस-९ ककौराका २२ वर्षीय प्रेमबहादुर थारूलाई२०६० चैत ४ गते घरबाटै माओवादी कार्यकर्ताले अपहरण गरी बेपत्ता पारे। पीडित परिवारलाई सरकारले राहत स्वरुप कुनै सहयोग उपलब्ध गराएको छैन ।

(१९३) **जानकी थारू**
जन्म मिति/उमेर : २०३८ कात्तिक १/ २१ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५९ वैशाख १०
घटनास्थल : कोहलपुर गाविस-३
पेशा : राजनीति नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : महम्मदपुर गाविस-८ बिकी
बाबुको नाम : कृष्णप्रसाद थारू
आमाको नाम : गुल्यानी थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : लक्ष्मीनारायण शर्मा

**विवरण**

महम्मदपुर गाविस-८ बिकीकी माओवादी कार्यकर्ता २१ वर्षीया जानकी थारूलाई २०५९ वैशाख १० गते



चिसापानीबाट आएका शाही नेपाली सेनाको टोलीले बाकेको कोहलपुर अस्पताल परिसरबाट गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। उनी कोहलपुरस्थित मेडिकल कलेजमा उपचार गराउन आएकी थिइन्।परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ ।

(१९४) **बलिराम थारू**

जन्म मिति/उमेर : २०३८ माघ ४/ २१वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ ४ गते
घटनास्थल : महम्मदपुर गविस-६
पेशा : कृषि, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : महम्मदपुर गाविस-८ भैसाही
बाबुको नाम : फटटू थारू
आमाको नाम : धनस्या थारू
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



महम्मदपुर गाविस-८ भैसाहीका २१वर्षीय बलिराम थारूलाई २०५९ जेठ ४ गते सोही गाविस-६ दूधामा धान कुटाउन गएका बेला जिल्ला प्रहरी कार्यालयबाट आएको संयुक्त सुरक्षाकर्मीको टोलीले गिरफ्तार गरी गाडीमा हालेर जिल्ला प्रहरी कार्यालय लगेकोमा उनको अवस्था अज्ञात छ।परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ ।

(१९५) **प्रेमलाल थारू**

जन्म मिति/उमेर : २०४० असार १३/ १९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख १२
घटनास्थल : महम्मदपुर गाविस-८
पेशा : विद्यार्थी
स्थायी ठेगाना : महम्मदपुर गाविस-८
बाबुको नाम : रहमान थारू
आमाको नाम : पहरी थारू
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



महम्मदपुर गाविस-८का १९ वर्षीय प्रेमलाल थारूलाई२०५९ वैशाख १२ गते खेतमा काम गरिरहेका बेला संयुक्त सुरक्षाकर्मीको टोलीले धानखेतमा मुसा मार्न खनिरहेको बेला गिरफ्तार गरी आफैसँग लगेका थिए। भोलिपल्ट प्रेमलालसहित केही व्यक्ति मारिएको समाचार सुने पनि हत्याको पुष्टि हुनु पर्ने परिवारको भनाइ रहेको छ। परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ ।

**नेपाल प्रहरीबाट**

(१९६) **कालीराम थारू**

जन्म मिति/उमेर : २०४३ माघ १ गते/१६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख १२ गते
घटनास्थल : महम्मदपुर गाविस
पेशा : विद्यार्थी
स्थायी ठेगाना : महम्मदपुर गाविस-८ भैसाही
बाबुको नाम : धनीराम थारु
आमाको नाम : मन्तुरिया थारू
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

महम्मदपुर गाविस-८ भैसाहीका १६ वर्ष कालीराम थारूलाई २०५९ वैशाख १२ गते साँझ उनीसँगै अन्य केही व्यक्तिसँगै प्रहरीको गाडीमा राखेर जिल्ला प्रहरी कार्यालयको गाडीमा लगेकोमा उनको अवस्था



अज्ञात छ। भोलिपल्ट बिहान रेडियो नेपालले उनी गुलेरिया नगरपालिकामा भएको भिडन्तमा मारिएको समाचार प्रसारण गरेको थियो। तत्कालीन अवस्थामा मानवअधिकारकर्मीको अनुगमनले थारुको हत्या भएको निष्कर्ष निकालेकोले इन्सेकका प्रकाशनमा सुरक्षाकर्मीले कालीरामको हत्या गरी लास आफैसँग लिएर गएको उल्लेख भएको छ।पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१९७) **त्रिभुवन गिरी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३६ जेठ १९ गते<br>२२ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ पुस २ गते |
| घटनास्थल | : | बाँके जिल्ला, कोहलपुर गाविस-३, पिपल चौतारा |
| पेशा | : | विद्यार्थी, अनेरास्वियु क्रान्तिकारी जिल्ला सदस्य |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला, मोतीपुर गाविस-८, बाँसगढी |
| बाबुको नाम | : | लक्ष्मण गिरी |
| आमाको नाम | : | पशादेवी गिरी |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | पार्वती गिरी |

**विवरण**



मोतीपुर गाविस-८, बाँसगढी २२ वर्षीय त्रिभुवन गिरीलाई माओवादीको आरोपमा २०५८ पुस २ गते बिहान ७ बजे इलाका प्रहरी कार्यालय, कोहलपुरका प्रहरीले कोहलपुर गाविस-३, पिपलचौताराबाट गिरफ्तार गरी बेपत्ता गरे। गिरीलाई गिरफ्तारीपश्चात् २०५९ वैशाख १९ गतेसम्म बर्दिया जिल्ला कारागारमा राखिएको थियो। त्रिभुवनसहित अन्य ९ जना व्यक्तिलाई २०५९ वैशाख १९ गते बर्दिया जिल्ला कारागारबाट सेनाले बुझेर लगेपछि उनी बेपत्ता भए। पीडित पक्ष घटनाका बारेमा २०५९ वैशाख २० गते बर्दिया कारागारमा रहेका तत्कालीन जेलरलाई भेटी सोध्दा उनी कारागारबाट मुक्त भएको बताइयो। यसअघि लक्ष्मण गिरीले बर्दिया कारागारमा गई पटकपटक भेटेका थिए। बर्दिया कारागारमा त्रिभुवनका आमा र बुवाले २०५९ वैशाख १५ गते भेटेका थिए। घटनापछि उनको परिवार बर्दिया मोतीपुर गाविस-८ बाँसगढी बस्ने यस परिवार घटनापछि बाँके जिल्ला बनकटुवा गाविस-७ वनकटुवामा विस्थापित भई हाल पुरानै स्थानमा फर्केको छ।

(१९८) **शाकुराम थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २००६/५० वर्ष |
| घटना मिति | : | २०५६ मङ्सिर ६ गते |
| घटनास्थल | : | ठाकुरद्वारा गाविस-७, खुसलपटुवा,बर्दिया |
| लिङ्ग | : | पुरुष |
| स्थायी ठेगाना | : | ठाकुरद्वारा गाविस-७, खुसलपटुवा |
| बाबुको नाम | : | जुगराम थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति वा पत्नीको नाम | : | पुनिया थारू |
| छोरा/छोरी सङ्ख्या | : | २/५ |
| अन्य आश्रित सङ्ख्या | : | ४ |

**विवरण**




ठाकुरद्वारा गाविस-७, खुसलपटुवाका ५० वर्षीय शाकुराम थारूलाई २०५६ मङ्सिर ६ गते प्रहरी कार्यालय भुरिगाउँकाट आएको ५० जना जति रहेको प्रहरी टोलीले गिरफ्तार गरी बेपत्ता पारेका थिए। पीडित परिवारलाई कुनै क्षतिपूर्ति उपलब्ध गराइएको छैन।

(१९९) **लछिमन थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२५ मङ्सिर १६ गते ३३ वर्ष |
| घटना मिति | : | २०५८ माघ १२ गते |
| घटनास्थल | : | बासँगढी, बर्दिया |
| लिङ्ग | : | पुरुष |
| स्थायी ठेगाना | : | मोतिपुर गाविस-५ मदाहा |
| बाबुको नाम | : | पँचराम थारू |
| आमाको नाम | : | ठगिया थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति वा पत्नीको नाम | : | मेनरानी थारू |
| छोरा/छोरी सङ्ख्या | : | १/२ |

**विवरण**



मोतिपुर गाविस-५ मदाहाका ३३ वषीय लछिमन थारूलाइ २०५८ माघ १२ गते बासँगढी बजारमा काम गर्न जाँदा इलाका प्रहरी कार्यालयको टोलीले गिरफ्तार गरेको थियो।पाँच दिनसम्म त्याहाँ राखेर उनलाई जिल्ला प्रहरी कार्यालय गुलरिया लगियो। जिल्ला प्रहरी कार्यालयमा खाना र कपडा पुऱ्याउन जाँदा परिवारका सदस्यहरुले लछिमनसँग भेट भएको थियो। प्रहरीले वैशाख २० गते लछिमनलाइ रिहा गरेको बताए पनि उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले कुनै राहत उपलब्ध गराएको छैन।

(२००) **तुलसीराम थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३७ असोज २८ गते २१ वर्ष |
| घटना मिति | : | २०५८ माघ १० गते |
| घटनास्थल | : | बासँगढी, बर्दिया |
| लिङ्ग | : | पुरुष |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला मोतिपुर गाविस- ५ मदाहा |
| बाबुको नाम | : | नेपाली थारू |
| आमाको नाम | : | गोहनी थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति वा पत्नीको नाम | : | अनीता थारू |
| छोरा/छोरी सङ्ख्या | : | १/० |
| अन्य आश्रित सङ्ख्या | : | ३ |

**विवरण**

मोतिपुर गाविस- ५ मदाहाका २१ वर्षीय तुलसीराम थारूलाई २०५८ माघ १० गते बासँगढी बजारमा काम गर्न जाँदा इलाका प्रहरी कार्यालयको टोलीले गिरफ्तार गरेको थियो।पाँच दिनसम्म त्याहाँ राखेर उनलाई जिल्ला प्रहरी कार्यालय गुलरिया लगियो। उनीसँग उनका परिवारले २०५९ वैशाखको पहिलो हप्ता त्यहाँ भेट पनि गरेका थिए।उनीसँगै गिरफ्तार भएका साधु भनिने मङ्गल थारू रिहा भए भने अन्य तीनजनालाइ राति प्रहरी कार्यालयबाट बाहिर निकाले पछि फिर्ता नल्याएको उनले बताए। पीडित परिवारलाई सरकारले कुनै राहत उपलब्ध गराएको छैन।

(२०१) **दरबारी थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३४ साल पुस १० गते २४ वर्ष |
| घटना मिति | : | २०५८ माघ १२ गते |
| घटनास्थल | : | बासँगढी, बर्दिया |
| लिङ्ग | : | पुरुष |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला मोतिपुर गाविस-५ मदाहा |
| बाबुको नाम | : | प्यारे थारू |
| आमाको नाम | : | बुधनिया थारू |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति वा पत्नीको नाम | : | रामप्यारी थारू |
| छोरा/छोरी सङ्ख्या | : | ०/३ |

**विवरण**



मोतिपुर गाविस-५ मदाहाका २४ वर्षीय दरबारी थारूलाई २०५८ माघ १२ गते बासँगढी बजारमा काम गर्न जाँदा इलाका प्रहरी कार्यालयको टोलीले गिरफ्तार गरेको

थियो। पाँच दिनसम्म त्याहाँ राखेर उनलाई जिल्ला प्रहरी कार्यालय गुलरिया लगियो। त्याहाँ २० दिनसम्म राखेर उनलाइ बेपत्ता पारियो। पीडित परिवारलाई सरकारले कुनै राहत उपलब्ध गराएको छैन।

(२०२) **सीता जानकी थारू**

जन्म मिति/उमेर : २०२१ वैशाख १ ३८ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५८ असोज १६
घटनास्थल : ढोढरी गाविस-७ बर्दिया
पेशा : कृषि
स्थायी ठेगाना : मानपुर टपरा गाविस-२ महुवा
आमाको नाम : छुनिया थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : लक्ष्मीनारायण थारू
छोरा/छोरी सङ्ख्या : २/ १जना

**विवरण**



मानपुर टपरा गाविस-२ महुवा ३८ वर्षीय सीता जानकी थारूलाई २०५८ असोज १६ गते नेपालगञ्ज जान लाग्दा ढोढरी चोकमा प्रहरीले गिरफ्तार गरी चार दिनसम्म गुलरिया जिल्ला प्रहरी कार्यालयमा राखेपश्चात् उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२०३) **वेदप्रसाद योगी**

जन्म मिति/उमेर : २०१३ भदौ १८/४२वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ भदौ ८ गते
घटनास्थल : शिवपुर गाविस-८, बर्दिया
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : सूर्यपटुवा गाविस-४ डल्ला
बाबुको नाम : कालीराम थारू योगी
आमाको नाम : श्यामकुमारी थारू योगी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : भिखनी थारू योगी
छोरा/छोरी सङ्ख्या : २/ २ जना

**विवरण**



सूर्यपटुवा गाविस-४ डल्लाका४२वर्ष वेदप्रसाद योगीलाई २०५५ भदौ ८ गते नेउलापुर गाविसमा रहेको इलाका प्रहरी कार्यालय भुरिगाउँबाट गोपाल केसीको नेतृत्वमा आएको प्रहरी टोलीले शिवपुर गाविस-३ गिरफ्तार गरी लगेको थियो२०५५ भदौ १० गते पुनरावेदन अदालत बाँकेमा पीडित परिवारले बन्दी प्रत्यक्षीकरण मुद्दा दायर गरेकोमा प्रहरीले द र त शब्द नमिलेको भन्दै वेदप्रसादलाई गिरफ्तार नगरेको जनाएको थियो। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२०४) **शिवप्रसाद थारू**

जन्म मिति/उमेर : २०३८ साउन ११ /२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख १२
घटनास्थल : महमदपुर गाविस-८, बर्दिया
पेशा : कृषि
स्थायी ठेगाना : महमदपुर गाविस-४ भैसाही
बाबुको नाम : गोहराम थारू
आमाको नाम : ठग्नी थारू
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



महमदपुर गाविस-४ भैसाहीका २१ वर्षीय शिवप्रसाद थारूलाई२०५९ वैशाख १२ महमदपुर गाविस-८ बाट प्रहरीले गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। वैशाख

१६ गते आफ्ना छोराको खोजी गर्न गएका गोहराम थारूलाई जिल्ला प्रहरी कार्यालयले छोरा त्याहाँ भएको तर भेटन नपाउने बताएर फर्काएको थियो। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२०५) **दशराम थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४० कात्तिक ३ गते १८ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ मङ्सिर १६ |
| घटनास्थल | : मोतिपुर गाविस-८, बर्दिया |
| पेशा | : राजनीति ,नेकपा माओवादी सेना |
| स्थायी ठेगाना | : मोतिपुर गाविस-८ |
| बाबुको नाम | : कनै थारू |
| आमाको नाम | : टीकिया थारू |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



मोतिपुर गाविस-८ निवासी नेकपा माओवादी सेना १८ वर्षीय दशराम थारूलाई२०५८ मङ्सिर १६ गते प्रहरीको एक टोलीले मोतिपुर गाविस-८ बासगढीबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय गुलरिया लगेका थिए। उनका परिवारका सदस्यले २०५९ पुस ७ गते जिल्ला प्रहरी कार्यालयमा भेट गरेका थिए।त्यसपछि उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२०६) **सुरेश वली**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२८ वैशाख ५/३१ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ पुस ७ |
| घटनास्थल | : नेउलापुर गाविस-५ बर्दिया |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : बनियाभार गाविस-१ राजीपुर |
| बाबुको नाम | : पदमबहादुर वली |
| आमाको नाम | : हरिमाया वली |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : देवीसरा वली |
| छोरा/छोरी सङ्ख्या | : ०/३जना |

**विवरण**



बनियाभार गाविस-१ राजीपुरका ३१ वर्षीय सुरेश वलीलाई २०५९ पुस ७ गते नेउलापुर गाविस-५ को भुरिगाउँमा किनमेल गर्न गएको बेला इलाका प्रहरी कार्यालय नेउलापुरबाट प्रहरी निरीक्षाक यमबहादुर गैरेको नेतृत्वमा आएको प्रहरी टोलीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय लग्यो । उनीसँगै गिरफ्तार गरिएका उनका बाबु पदम वलीलाई पुस ११ गते रिहा गरिएको थियो। सुरेशसँग अन्तिम पटक जिल्ला प्रहरी कार्यालयमा परिवारजनले भेट गरेका थिए। प्रहरीले सुरेश भाग्ने क्रममा प्रहरीले हानेको गोली लागेर मारिएको जनाए पनि लासको बारेमा केही बताएन। त्यतिखेर जिल्ला प्रहरी कार्यालय बर्दियामा एसपी रविप्रताप राणा ,डिएसपी रणबहादुर गौतम र प्रहरी निरीषक केदार कोइराला नियुक्त थिए।पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२०७) **शिवचरण थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२४ साल/ ३४ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ मङ्सिर २७ |
| घटनास्थल | : मोतिपुर गाविस-८ |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : सोरहवा गाविस-२ जगतिया |
| बाबुको नाम | : लक्षीराम थारू |
| आमाको नाम | : ठग्नी थारू |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : मङ्गती थारू |
| छोरा/छोरी सङ्ख्या | : १/ १ जना |

**विवरण**



सोरहवा गाविस-२ जगतियाका ३४ वर्षीय शिवचरण थारू२०५८ मङ्सिर २७ गते मोतिपुर इलाका प्रहरी चौकीबाट आएको प्रहरी टोलीले मोतिपुर गाविस-८ बाँसगढी बजारबाट गिरफ्तार गरी तीन दिनसम्म इलाका प्रहरी कार्यालयमा राख्यो। त्यसपछि जगतिया गाउँ ल्याएर घुमाएपछि तीन दिनसम्म मैनापोखर इलाका प्रहरीमा राखेको थियो। त्यसपछि ९० दिनसम्म जिल्ल प्रहरी कार्यालय गुलरियामा राखेको थियो।२०५९ वैशाख १६ गते परिवारजनले उनीसँग जिल्ला प्रहरी कार्यालयमा भेट गरेका थिए तर वैशाख २१ गते भेट गर्न दिएनन्।शिवचरणको अवस्था हालसम्म अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२०८) **रोइना थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३१ कात्तिक /२७ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ पुस १४ गते |
| घटनास्थल | : | कोहलपुर गाविस-३ बाँके |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | बेलवा गाविस-७ बेतहनी |
| बाबुको नाम | : | भगन थारू |
| आमाको नाम | : | बतासिया थारू |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**



बेलवा गाविस-७ बेतहनीका २७ वर्षीय रोइना थारूलाई२०५८ पुस १४ गते बाँके जिल्लाको कोहलपुर गाविस-३ मा मजदूरी गरिरहेको बेला इलाका प्रहरी कार्यालयबाट आएको टोलीले प्रहरी चौकीमा लगेर राखेको थियो।त्यसै दिन उनको घरबाट रोइनाका भाइलाई पनि शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरी लगेको थियो। दुवै दाजु भाइको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

## पीडक पक्ष नेकपा माओवादीबाट

(२०९) **अनीता विक**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४२/१९ वर्ष |
| लिङ्ग | : | महिला |
| घटना मिति | : | २०६१ कात्तिक ५ गते |
| घटनास्थल | : | बर्दिया जिल्ला ताराताल गाविस-५ |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | बर्दिया जिल्ला ताराताल गाविस-५ |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | राजु विक |
| छोरा/छोरी सङ्ख्या | : | १/० |
| अन्य आश्रित सङ्ख्या | : | ९ |

**विवरण**



ताराताल गाविस-५ की १९ वर्षीया अनीता विकलाई माओवादीको नाममा चन्दा संकलन गरेको आरोपमा अनुसन्धान गरी फर्काउने भनी २०६१ कात्तिक ५ गते घरैबाट अपहरण गरे। उनका ४ महिने नाबालक छोरालाई माओवादीले उनको सासुको जिम्मा लगाइ लगेका थिए। माओवादीले उनलाई मृत्युदण्ड दिने निर्णय गरी मारिएको जानकारी दिएपनि हालसम्म उनको अवस्था अज्ञात छ।

(२१०) **लालबहादुर थारू**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२७ साल/५२ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ असार १३ गते |
| घटनास्थल | : | ढोढरी गाविस-३, बर्दिया |

पेशा : कृषि
स्थायी ठेगाना : ढोढरी गाविस-३, बर्दिया
बाबुको नाम : अगानू थारू
आमाको नाम : भोजसनी थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : दशनी थारू
छोरा/छोरी सङ्ख्या : ०/२

**विवरण**

ढोढरी गाविस-३का ५२ वर्षीय लालबहादुर थारूलाई२०५९ असार १३ गते राति घरमै बसिरहेको बेला माओवादीको एक समूहले लिएर गएकोमा उनको अवस्था अज्ञात छ।पीडित परिवारका अनुसार लालबहादुरलाई पदनाहा गाविससम्म पुऱ्याइएको जानकारी उनीहरुले पाएका थिए। पीडित परिवारलाई सरकारले राहत स्वरूप कुनै सहयोग उपलब्ध गराएको छैन।

(२११) **कन्हैया थारू**

जन्म मिति/उमेर : २०३८ भदौ ८ गते
२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० साउन २८ गते
घटनास्थल : पदनाहा गाविस-३ बर्दिया
पेशा : राजनीति नेकपा माओवादी कायकर्ता
स्थायी ठेगाना : बगनाहा गाविस-६ तकिया
बाबुको नाम : फूलराम थारू
आमाको नाम : लौटी थारू
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : इन्द्राणी थारू
छोरा/छोरी सङ्ख्या : १/१जना

**विवरण**



बगनाहा गाविस-६ तकियो टोल निवासी नेकपा माओवादीका कायकर्ता २२ वर्षीय कन्हैया थारूलाई पार्टीसँग गद्दारी गरेको आरोपमा माओवादीका तत्कालीन इन्चार्ज रामबहादुर थारूले २०६० साउन २८ गते पदनाहा गाविस-३ बाट अपहरण गरेको मा उनको अवस्था अज्ञात छ।पीडित परिवारलाई सरकारले कुनै राहत सहयोग उपलब्ध गराएको छैन।

(२१२) **रमेशबहादुर यादव (नीरज)**

जन्म मिति/उमेर : २०४० मङ्सिर ६/ २० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ कात्तिक १२
घटनास्थल : गुलरिया नगरपालिका-२
पेशा : विद्यार्थी
स्थायी ठेगाना : गुलरिया नगरपालिका -२ जयपुर
बाबुको नाम : समशेर यादव
आमाको नाम : सर्वेश यादव
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



गुलरिया नगरपालिका -२ जयपुरका २० वर्ष रमेशबहादुर यादव ( नीरज)लाई २०६१ कात्तिक १२ गते गुलरिया नगरपालिका-२बाट पदम रिजालको नेतृत्वमा आएको माओवादीको टोलीले अपहरण गरी लगेकोमा उनको अवस्था अज्ञात छ। पीडितका परिवारलाई सरकारले राहतस्वरुप कुनै सहयोग उपलब्ध गराएको छैन।

(२१३) **भीमबहादुर विष्ट**

जन्म मिति/उमेर : २०३४ मङ्सिर २१/२६वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० असार ४
घटनास्थल : बेलवा गाविस-७ बर्दिया
पेशा : कृषि
स्थायी ठेगाना : बेलवा गाविस-७ बेतहनी
बाबुको नाम : कालीबहादुर विष्ट
आमाको नाम : पिमाकली विष्ट
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : पिवली विष्ट
छोरा/छोरी सङ्ख्या : १/ जना

**विवरण**



बेलवा गाविस-७ बेतहनीका २६वर्षीय भीमबहादुर विष्टलाई २०६० असार ४ गते राति आफ्नै घरमा सुतिरहेका बेला ५० जना जतिको सङ्ख्यामा आफूहरुलाई माओवादी बताउँदै अपहरण गरेकोमा उनको अवस्था अज्ञात छ। उनीसँगै उनका बुबालाई पनि अपहरण गरिएको थियो। रुकुममा मुद्दा परेकाले त्यसै विषयमा सोधपुछ गर्न भनी उनको अपहरण गरिएको थियो।

(२१४) **सागर गौतम**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३७/२२वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ मङ्सिर १० |
| घटनास्थल | : बनियाभार गाविस-५ |
| पेशा | : कुनाथरी |
| स्थायी ठेगाना | : सानोश्री गाविस-९ बर्दिया |
| बाबुको नाम | : बाबुराम गौतम |
| आमाको नाम | : मीना गौतम |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : लीला र निर्मला गौतम |
| छोरा/छोरी सङ्ख्या | : २/ जना |

**विवरण**

बनियाभार गाविस-५का २२वर्षीय सागर गौतमलाई



२०५९ मङ्सिर १० बनिय(ाभार गाविस-५बाट माओवादी कार्यकर्ताले अपहरण गरी लगेकोमा उनको अवस्था अझै अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप कुनै सहयोग उपलब्ध गराएको छैन।

(२१५) **भीमराज श्रीवास्तव**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०१२ साल/ ४८ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० चैत १९ |
| घटनास्थल | : जमुनी गाविस-४ |
| पेशा | : राजनीति ने पाली काङ्ग्रेस कार्यकर्ता |
| स्थायी ठेगाना | : जमुनी गाीवस-४ जमुनी |
| बाबुको नाम | : महाराजबक्स श्रीवास्तव |
| आमाको नाम | : मालतीदेवी श्रीवास्तव |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : राजकुमारी श्रीवास्तव र सुरजमोति थारु श्रीवास्तव |
| छोरा/छोरी सङ्ख्या | : ३/१ जना |
| अन्य आश्रित सङ्ख्या | :२ |

**विवरण**



जमुनी गाीवस-४ जमुनीका नेपाली काङ्ग्रेस कार्यकर्ता ४८ वर्षीय भीमराज श्रीवास्तवलाई २०६० चैत १९ गते राति करिब १ सय जना माओवादी कार्यकर्ताको समूहले अपहरण गरेकोमा उनको अवस्था अज्ञात छ। बेपत्ता पारिएको एक महिनापछि माओवादीले सफाया गरेको भने ता पनि कहिले कुन ठाउँमा सफाया गरिएको हो त्यो भने जनाइएन। परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ ।

(२१६) **कृष्णराज अधिकारी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३५ वैशाख १५/ २६ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ साउन ३ |
| घटनास्थल | : डेउढकला गाविस |
| पेशा | : सैनिक जवान ,शाही नेपाली सेना |
| स्थायी ठेगाना | : डेउढकला गाविस-९ |
| बाबुको नाम | : चेतनारायण अधिकारी |

आमाको नाम : सावित्रीदेवी अधिकारी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



डेउढकला गाविस-९का २६ वर्षीय कृष्णराज अधिकारीलाई २०६१ साउन ३ गते डेउढकला गाविस-९ लक्ष्मणाचोकबाट माओवादी कार्यकर्ताले अपहरण गरी बेपत्ता पारे। सैनिक जवान अधिकारी घरविदामा आएका बेला अपहरित भएका थिए। पीडित परिवारलाई सरकारले राहत स्वरुप कुनै सहयोग उपलब्ध गराएको छैन।

(२१७) **रोजन अली**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२५ साल/ ३४ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ कात्तिक २४ |
| घटनास्थल | : डेउढकला गाविस-७ |
| पेशा | : व्यापार |
| स्थायी ठेगाना | : डेउढकला गाविस-७ रेशमपुर |
| बाबुको नाम | : इब्राहिम अली |
| आमाको नाम | : गपुरा अली |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : जयनक अली जागा |
| छोरा/छोरी सङ्ख्या | : ५/जना |

**विवरण**



डेउढकला गाविस-७ रेशमपुरका ३४ वर्षीय रोजन अलीलाई २०५९ कात्तिक २४ गते राति घरमा बसिरहेका बेला माओवादीले अपहरण गरी बेपत्ता पारे।परिवारलाई सरकारले राहत स्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ ।

(२१८) **उत्तम थारू**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३८ चैत ३०/ २२ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० चैत ४ |
| घटनास्थल | : डेउढकला गाविस-९ |
| पेशा | : सैनिक जवान सिद्धिबक्स गुल्म |
| स्थायी ठेगाना | : डेउढकला गाविस-९ ककौरा |
| बाबुको नाम | : मनमाया थारू |
| आमाको नाम | : तिलकरानी थारू |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : मनमाया थारू |
| छोरा/छोरी सङ्ख्या | : ०/१जना |

**विवरण**



डेउढकला गाविस-९ ककौराका २२ वर्षीय उत्तम थारूलाई२०६० चैत ४ गते माओवादी कार्यकर्ताले अपहरण गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित परिवारलाई सरकारले राहत स्वरुप कुनै सहयोग उपलब्ध गराएको छैन ।

(२१९) **राजेन्द्र चौधरी**

| | |
|---|---|
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ माघ ४ |
| घटनास्थल | : धधवार गाविस-४ |
| पेशा | : प्रहरी |
| स्थायी ठेगाना | : धधवार गाविस-४ बैदी |
| बाबुको नाम | : रुपलाल थारू |
| आमाको नाम | : तेजुली थारू |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : उर्मिला थारू |
| छोरा/छोरी सङ्ख्या | : ०/१ जना |

**विवरण**



धधवार गाविस-४ बैदीका २२ वर्षीय राजेन्द्र चौधरीलाई २०५९ माघ ४ गते राति अपहरण गरेकोमा उनको अवस्था अज्ञात छ।पीडित परिवारलाई सरकारले राहत स्वरुप ८ लाख ५० हजार रुपियाँ उपलब्ध गराएको छ ।

# ४.८ सुर्खेत


## पीडक राज्यपक्षबाट (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी)

(१) **मदनराज खनाल**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३४ भदौ ५ ७ गते / २६ |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० फागुन १३ गते |
| घटनास्थल | : वीरेन्द्रनगर नगरपालिका-५ |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : वावियाचौर-८, बरैचे |
| बाबुको नाम | : लक्ष्मीप्रसाद खनाल |
| आमाको नाम | : देवकी खनाल |

**विवरण**



वावियाचौर गाविस-८ घर भई अनेरास्ववियु क्रान्तिकारी सुर्खेतका सदस्य २६ वर्षीय मदनराज खनाललाई सुरक्षाकर्मीले २०६० फागुन १३ गते वीरेन्द्रनगर नपा-५ बाट गिरफ्तार गरी वेपत्ता पारे। पीडितको अवस्था हालसम्म अज्ञात छ।

### पीडक पक्ष (शाही नेपाली सेना)

(२) **देवीराम रोकामगर**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३९ असोज १० गते / २० |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ असार १५ गते |
| घटनास्थल | : वीरेन्द्रनगर नगरपालिका-५ |
| पेशा | : ज्यालादारी |
| स्थायी ठेगाना | : गढी-५ वयलकोड |
| बाबुको नाम | : बलमबहादुर रोकामगर |
| आमाको नाम | : पदमकली रोका मगर |




**विवरण**

गढी गाविस-५ घर भइ कञ्चनपुर जिल्ला महेन्द्रनगर नपामा ज्याला मजदुरी गर्दै जीवनयापन गरिरहेका देवीराम रोकामगरलाई २०५९ असार १५ गते शाही नेपाली सेनाले माओवादीको आरोपमा गिरफ्तार गरी वेपत्ता पारे।

(३) **दीपा वली**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४२ चेत १९ गते / १८ |
| लिङ्ग | : महिला |
| घटना मिति | : २०६० साउन २१ गते |
| घटनास्थल | : रामघाट-५, सुर्खेत |
| पेशा | : ज्यालादारी |
| स्थायी ठेगाना | : लाटीकोइली-९, सुर्खेत |
| बाबुको नाम | : पूर्णसिंह ओली |
| आमाको नाम | : सुशीला ओली |




**विवरण**

लाटीकोइली गाविस-५ निवासी माओवादी कार्यकर्ता १८ वर्षीय दीपा वलीलाई गस्तीमा गउका शाही नेपाली सेनाले २०६० साउन २१ गते

माओवादीको आरोपमा रामघाट गाविसबाठ गिरफ्तार गरी वेपत्ता पारे। उनको अवस्था हालसम्म अज्ञात छ।

**(४) गङ्गाराम वली**

जन्म मिति/उमेर : २०३० साल / २९
लिङ्ग : पुरुष
घटना मिति : २०५९ असोज १२ गते
घटनास्थल : छिन्चु-१, गेरुवानी बबइ
पेशा : ज्यालादारी
स्थायी ठेगाना : लाटीकोइली-९, सुर्खेत
बाबुको नाम : देवराम वली
आमाको नाम : पवी वली
पत्नीको नाम : तिलसरी वली
छोरा/छोरी सङ्ख्या : २ जना



**विवरण**

छिन्चु गाविस-१ निवासी २९ वर्षीय गङ्गाराम वलीलाई माओवादीको आरोपमा २०५९ असोज १२ गते गस्ती खटेर गएका शाही नेपाली सेनाले घरबाटै गिरफ्तार गरी लगेकोमा हालसम्म उनको अवस्था अज्ञात छ।

**(५) चन्द्रबहादुर दमाइ**

जन्म मिति/उमेर : २०३९ साल / २७
लिङ्ग : पुरुष
घटना मिति : २०५९ असार १४ गते
घटनास्थल : कोहलपुर-५, बाँके
पेशा : राजनीति
स्थायी ठेगाना : दहचौर-७, सुर्खेत
बाबुको नाम : कविराम दमाइ
आमाको नाम : मनकुमारी दमाइ
पत्नीको नाम : कौशिला दमाइ
छोरा/छोरी सङ्ख्या : २ जना

**विवरण**



दहचौर गाविस-७ निवासी माओवादी कार्यकर्ता २७ वर्षीय चन्द्रबहादुर दमाइलाई शाही नेपाली सेनाले बाँके जिल्लाको कोहलपुर चौराहबाट गिरफ्तार गरी वेपत्ता बनायो।

**(६) गीता बोहेरा**

जन्म मिति/उमेर : २०४६ चैत १६ गते/ १४
लिङ्ग : महिला
घटना मिति : २०६० असोज २ गते
घटनास्थल : दशरथपुर-५, तल्लोघुम्ने,सुर्खेत
पेशा : राजनीति
स्थायी ठेगाना : दशरथपुर-५, सुर्खेत
बाबुको नाम : गगनबहादुर बोहेरा

**विवरण**

दशरथपुर गाविस-५ निवासी माओवादी कार्यकर्ता १४ वर्षीय गीता बोहेरालाई २०६० असोज २ गते सेनाले दशरथपुरबाट माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता पार्‍यो। उनको अवस्था हालसम्म्म अज्ञात छ।

**(७) जगतबहादुर चुनारा**

जन्म मिति/उमेर : २०४० पुष / १८
लिङ्ग : पुरुष
घटना मिति : २०५८ माघ २०
घटनास्थल : साटाखानी-८, सुर्खेत
पेशा : राजनीति
स्थायी ठेगाना : पाम्का-४, सुर्खेत
बाबुको नाम : गगनबहादुर बोहेरा
आमाको नाम : जुमना चुनारा



**विवरण**

पाम्का गाविस-४ निवासी माओवादी कार्यकर्ता १८ वर्षीय जगत चुनारालाई २०५८ माघ २० गते

गस्तीमा गएका शाही नेपाली सेनाले २०५८ माघ २० गते माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता पाऱ्यो। उनको अवस्था हालसम्म्म अज्ञात छ।

## पीडक पक्ष (प्रहरी)

**(८) शान्ता पोखरेल**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३६ फागुन ११ २० वर्ष |
| लिङ्ग | : | महिला |
| घटना मिति | : | २०५६ फागुन ३ गते |
| घटनास्थल | : | वीरेन्द्रनगर नगरपालिका-१२ |
| पेशा | : | राजनीति ( अखिल नेपाल महिला सङ्घ सुर्खेत, सदस्य) |
| स्थायी ठेगाना | : | वीरेन्द्रनगर नगरपालिका-११ |
| बाबुको नाम | : | मित्रलाल पोखरेल |
| आमाको नाम | : | नन्दकला पोखरेल |
| पतीको नाम | : | ऋषि पोखरेल |
| छोरा/छोरी सङ्ख्या | : | १ जना |

**विवरण**



वीरेन्द्रनपा-११ निवासी अखिल नेपाल महिला सङ्घ सुर्खेत, सदस्य २० वर्षीया शान्ता पोखरेललाई माओवादीको आरोपमा २०५६ फागुन ३ गते प्रहरीले वीरेन्द्रनगर नगरपालिका-१२ बाट गिरफ्तार गरी बेपत्ता बनाएकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

**(९) शरण थापा**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३६ भदौ ५ गते २२ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ जेठ १३ गते |
| घटनास्थल | : पार्वतीपुर गाविस, बाँके |
| पेशा | : ज्यालादारी |
| स्थायी ठेगाना | : दहचौर- ५ पिप्ले |
| बाबुको नाम | : सेते थापा |
| आमाको नाम | : सुमिला थापा |
| पतीको नाम | : मनकुमारी थापा |
| छोरा/छोरी सङ्ख्या | : १ जना |

**विवरण**



दहचौर गाविस-५ घर भइ बाँकेको पार्वतीपुर गाविसमा रहेको एक कारखानामा काम गर्ने शरण थापालाई २०५८ जेठ १३ गते प्रहरीले बाँके जिल्लाको पार्वतीपुरबाट गिरफ्तार गरी बेपत्ता पाऱ्यो। उनी घटना हुनु भन्दा केही महिना अघि माओवादी पार्टी परित्याग गरी कामका लागि बाँके गएका थिए।

**(१०) धीरबहादुर थापा**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४० असार १२ गते २० वर्ष |
| लिङ्ग | : महिला |
| घटना मिति | : २०६० असार १८ गते |
| घटनास्थल | : नेपालगञ्ज नपा, बाँके |
| पेशा | : राजनीति |
| स्थायी ठेगाना | : दशरथपुर-२, सुर्खेत |
| बाबुको नाम | : बीरबहादुर थापा |

**विवरण**

दशरथपुर गाविस-२ निवासी माओवादी कार्यकर्ता २० वर्षीय धीरबहादुर थापालाई माओवादीको आरोपमा प्रहरीले बाँकेको नेपालगञ्जबाट २०६० वैशाख १८ गते गिरफ्तार गरी वेपत्ता पाऱ्यो। पीडितको अवस्था हालसम्म अज्ञात छ।

**(११) प्रेमबहादुर रसाइली**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३३ पुष ७ गते / २५ |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ चैत ०७ गते |

घटनास्थल : लेखपराजुल गाविस-६, सुर्खेत
पेशा : राजनीति
स्थायी ठेगाना : रामघाट-७, सुर्खेत
बाबुको नाम : जसवीर रसाइली
आमाको नाम : चन्द्रकला रसाइली

**विवरण**
रामघाट गाविस-७ निवासी माओवादी जनसेना २५ वर्षीय प्रेमबहादुर रसाइलीलाई माओवादीको आरोपमा प्रहरीले लेखपराजुल गाविस-५ बाट पक्राउ गरी बेपत्ता पार्‍यो। पीडितको अवस्था हालसम्म अज्ञात छ।

**पीडक पक्ष (नेकपा माओवादी)**

(१२) **प्रेमबहादुर कार्की**
जन्म मिति/उमेर : २०३२ साउन ४ गते २८
लिङ्ग : पुरुष
घटना मिति : २०६० पुष २३ गते
घटनास्थल : पाताभार-७ बर्दिया
पेशा : सशस्त्र प्रहरी जवान
स्थायी ठेगाना : विजौरा- ५, सुर्खेत
बाबुको नाम : बाला कार्की
आमाको नाम : थोली कार्की
पति/पत्नीको नाम : नन्दा कार्की

**विवरण**

विजौरा गाविस-५ घर भइ सशस्त्र प्रहरीका जवान २८ वर्षीय प्रेमबहादुर कार्कीलाई माओवादीका कार्यकर्ताहरुले बर्दिया जिल्लाको पाताभार गाविसबाट २०६० पुष २३ गते अपहरण गरी बेपत्ताा पारे पीडितको अवस्था हालसम्म अज्ञात छ।

(१३) **मानबहादुर खड्का**
जन्म मिति/उमेर : २०३२ मंसिर ८ गते/ ३०
लिङ्ग : पुरुष
घटना मिति : २०६० मंसिर ५ गते
घटनास्थल : लेखपराजुरल- १, सुर्खेत
पेशा : सर्वसाधारण
स्थायी ठेगाना : लेखपराजुरल- १, सुर्खेत
बाबुको नाम : गोपाल खड्का
आमाको नाम : चन्द्रकला खड्का
पति/पत्नीको नाम : अविसरा खड्का
छोरा/छोरी सङ्ख्या : २ / १

**विवरण**
लेखपराजुर गाविस-१ निवासी ३० वर्षीय मानवहादुर खड्कालाई फरक मत राखेको आरोपमा माओवादी कार्यकर्ताहरुले २०६२ मंसिर ५ गते गाउँबाटै अपहरण गरी बेपत्ता पारे। पीडितको परिवार लेखपराजुर गाविस-८ ढुङ्ग्रीखोलामा ऐलानी जग्गा फाँडेर जीवन गुजारा गरिरहेका छन्। तर स्थानीय माओवादी कार्यकर्ता एवम् एकीकृत माओवादी जिल्ला कमिटी सदस्य नरेन्द्र कार्कीले भने खड्का अपहरणमा परेको लगत्तै मुक्त भई भारतमा गएको र सशस्त्र द्वन्द्वको अन्त्यपछि लेखपराजुल गाविसमा भएको सर्वदलीय बैठक समक्ष मानबहादुर खड्काका पत्नि बिना खड्काले मेरा पति मानबहादुरले हामीलाई छिन्चुमा बोलाई भेटघाट पछि भारत गएको कुरालाई स्वीकार गरेको दावी गर्दै आएका छन्। सर्वदलीय बैठकमा गरेको कागज भने कार्कीले उपलब्ध गराएका छैनन्। मानबहादुरका पत्नि बीनाले भने माओवादीको दवावमा आफुले यस्तो कागजमा सही गरेको बताउँदै आएकी छन्।

(१४) **यामबहादुर खत्री**
जन्म मिति/उमेर : २०३७ वैशाख २१ गते २१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० मंसिर ५ गते
घटनास्थल : खानीखोला- ७, सुर्खेत
पेशा : कृषि
स्थायी ठेगाना : खानीखोला- ७, सुर्खेत
बाबुको नाम : टकरबहादुर खत्री
आमाको नाम : धनसरी खत्री

**विवरण**



खानीखोला-७ निवासी माओवादीका पूर्व कार्यकर्ता यानबहादुर खत्रीलाई सुराकीको आरोपमा २०५८ मंसिर १ गते माओवादीका कार्यकर्ताहरुले घरबाटै अपहरण गरेका थिए। पीडितको अवस्था त्यसदिनदेखि अज्ञात छ।

# ४.९ जाजरकोट

## पीडक राज्यपक्षबाट (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

## पीडक पक्ष (शाही नेपाली सेना)

(१) **वीरेन्द्रप्रसाद केसी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३५ जेठ १६ गते/२५ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० पुस ७ गते |
| घटनास्थल | : | सुर्खेत जिल्ला राकम गाविस-२, राकम |
| पेशा | : | राजनीति, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | जाजरकोट जिल्ला सुवानाउली गाविस-४, सुवानाउली |
| बाबुको नाम | : | लालबहादुर केसी |
| आमाको नाम | : | मिना केसी |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

सुवानाउली गाविस-४ निवासी माओवादी कार्यकर्ता २५ वर्षीय वीरेन्द्रप्रसाद केसीलाई २०६० पुस ७ गते सुर्खेत जिल्लाको राकम गाविस-२ बाट शाही नेपाली सेनाको टोलीले गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

(२) **चन्द्रा रोकाया**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३६ कात्तिक १५ गते २२ वर्ष |
| लिङ्ग | : | महिला |
| घटना मिति | : | २०५८ माघ १२ गते |
| घटनास्थल | : | सुर्खेत जिल्ला वीरेन्द्रनगर नपा-७, कपासे ब्यारेक |
| पेशा | : | राजनीति, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | जाजरकोट जिल्ला थालारैकर गाविस-९ |
| बाबुको नाम | : | गगनसिंह रोकाया |
| आमाको नाम | : | लाली रोकाया |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

थालारैकर गाविस-९ निवासी माओवादी कार्यकर्ता २२ वर्षीया चन्द्रा रोकायालाई २०५८ माघ १२ गते बिहान सुर्खेत जिल्लाबाट आएको सेनाको गस्ती टोलीले घरमा बसिरहेको बेला गिरफ्तार गरी सेनाको हेलीकप्टरमा सुर्खेतको वीरेन्द्रनगर नपा-७ तिर लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

(३) **लक्ष्मीप्रसाद अधिकारी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४० असोज २७ गते २० वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०६० वैशाख १७ गते |
| घटनास्थल | : | बाँके जिल्ला चिसापानी गाविस-१, चिसापानी |
| पेशा | : | राजनीति, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | जाजरकोट जिल्ला दशेरा गाविस -१, हाडेतोला |
| बाबुको नाम | : | ज्ञानीप्रसाद अधिकारी |
| आमाको नाम | : | हरिकला अधिकारी |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

दशेरा गाविस -१ हाडेतोला निवासी २० वर्षीय लक्ष्मीप्रसाद अधिकारीलाई भारततर्फ जान लाग्दा

माओवादी भएको आरोपमा २०६० वैशाख १७ गते सेनाले गिरफ्तार गरी बाँके जिल्ला चिसापानी गाविस-१ स्थित ब्यारेकमा लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

(४) **कर्ण बस्नेत**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२४ भदौ १९ गते ३२ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५६ असोज २३ गते |
| घटनास्थल | : | जाजरकोट जिल्ला गर्खाकोट गाविस-२, गर्खाकोट |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | जाजरकोट जिल्ला कोर्ताङ गाविस-६, नेटा |
| बाबुको नाम | : | अमर बस्नेत |
| आमाको नाम | : | रुपा बस्नेत |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | विमला बस्नेत |
| छोरा/छोरी सङ्ख्या | : | २/२ |
| अन्य आश्रित सङ्ख्या | : | १ |

**विवरण**

कोर्ताङ गाविस-६, नेटाका ३२ वर्षीय कर्ण बस्नेतलाई माओवादी भएको आरोपमा २०५६ असोज २३ गते व्यापारको सिलसिलामा गर्खाकोट गाविस-२ गएको बेला प्रहरीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय गर्खाकोट लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। प्रहरीले उनलाई सोही दिन रिहा गरेको बतायो। जिल्ला प्रशासन कार्यालय जाजरकोटले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

## पीडक पक्ष (प्रहरी)

(५) **कुसबहादुर शाही**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३१ भदौ १७ गते २६ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५७ भदौ १३ गते |
| घटनास्थल | : | बाँके जिल्ला जैसपुर गाविस-१, जमुनाहचौकी |
| पेशा | : | कृषि, नेकपा माओवादी |
| स्थायी ठेगाना | : | जाजरकोट जिल्ला लहँ गाविस-८, एरारी |
| बाबुको नाम | : | दलबहादुर शाही |
| आमाको नाम | : | पार्वती शाही |
| वैवाहिक स्थिति | : | अविवाहित |
| अन्य आश्रित सङ्ख्या | : | २ |

**विवरण**

लहँ गाविस-८ एरारी निवासी माओवादी कार्यकर्ता २६ वर्षीय कुसबहादुर शाहीलाई २०५७ भदौ १३ गते बिहान ११ बजेतिर भारततर्फ जानलाग्दा बाँके जिल्लाको जैसपुर गाविस-१ जमुनाह स्थित चेकपोष्टमा कार्यरत प्रहरीले गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

(६) **भूपलाल गौतम**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३० कात्तिक १३ गते २५ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५५ चैत २८ गते |
| घटनास्थल | : | जाजरकोट जिल्ला लहँ गाविस-४, खलचौर |
| पेशा | : | विद्यार्थी |
| स्थायी ठेगाना | : | जाजरकोट जिल्ला डाँडागाउँ गाविस-५, डाँडागाँउ |
| बाबुको नाम | : | शिवलाल गौतम |
| आमाको नाम | : | पार्वती गौतम |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

डाँडागाउँ गाविस -५ डाँडागाउँ निवासी २५ वर्षीय भूपलाल गौतमलाई माओवादी भएको आरोपमा २०५५ चैत २८ गते इलाका प्रहरी कार्यालय लह खालचौरबाट खटिएको प्रहरी गस्ती टोलीले घरबाटै गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

(७) **केशव खड्का**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३१ जेठ २१ गते<br>२४ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५५ साउन १४ गते |
| घटनास्थल | : | जाजरकोट जिल्ला सक्ला गाविस-३, सेपुखोला |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | जाजरकोट जिल्ला लहँ गाविस-८, लविसा |
| बाबुको नाम | : | दत्ते खड्का |
| आमाको नाम | : | लालु खड्का |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

लहँ गाविस-८ लविसा निवासी २४ वर्षीय केशव खड्कालाई माओवादी भएको आरोपमा २०५५ साउन १४ गते बिहान घरमै बसिरहेको अवस्थामा इलाका प्रहरी कार्यालय सेपुखोला र इलाका प्रहरी कार्यालय रमीडाँडाबाट आएको प्रहरी गस्ती टोलीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय सेपुखोलामा लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय जाजरकोटले पीडित परिवारलाई १ लाख रुपिया राहत स्वरूप उपलब्ध गराएको छ।

(८) **लालु बुढा**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३० भदौ १९ गते<br>२५ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५५ कात्तिक २७ गते |
| घटनास्थल | : | जाजरकोट जिल्ला मजकोट गाविस-७, भालुकुइया |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | जाजरकोट जिल्ला दह गाविस-२, जुर्क |
| बाबुको नाम | : | लिले बुढा |
| आमाको नाम | : | फिस्टी बुढा |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

दह गाविस-२ जुर्क निवासी २५ वर्षीय लालु बुढालाई २०५५ कात्तिक २७ गते बिहान इलाका प्रहरी कार्यालयबाट आएको प्रहरी गस्ती टोलीले छानबिन गरी पठाइदिने भन्दै गिरफ्तार गरी दशेरा प्रहरी चौकी लाने क्रममा बीच बाटोमा पर्ने मजकोट गाविस-७ भालुकुइया लेखसम्म पुऱ्याएपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय जाजरकोटले पीडित परिवारलाई १ लाख रुपिया राहत स्वरूप उपलब्ध गराएको छ।

(९) **खिमबहादुर विक**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२२ जेठ १५ गते<br>३३ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५५ चैत १६ गते |
| घटनास्थल | : | जाजरकोट जिल्ला खलंगा गाविस-१, भगवतीटोल |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | जाजरकोट जिल्ला खलंगा गाविस-९, कोलचौर |
| बाबुको नाम | : | हाउरो कामी |
| आमाको नाम | : | काली कमेनी |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | दिपा विक |
| छोरा/छोरी सङ्ख्या | : | ३/० |
| अन्य आश्रित सङ्ख्या | : | १ |

**विवरण**



खलंगा गाविस-९ कोलचौर निवासी ३३ वर्षीय खिमबहादुर विकलाई २०५५ चैत १६ गते बिहान घरबाटै प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। प्रहरीले भने कसैलाई गिरफ्तार नगरेको बतायो। जिल्ला प्रशासन कार्यालय जाजरकोटले पीडित परिवारलाई १ लाख रुपिया राहतस्वरूप उपलब्ध गराएको छ।

(१०) **गुमानसिंह राना**

जन्म मिति/उमेर : २०२९ मङ्सिर १३ गते/२६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ वैशाख १ गते
घटनास्थल : जाजरकोट जिल्ला खलंगा गाविस-१, भगवतीटोल
पेशा : राजनीति, नेकपा माओवादी सेना
स्थायी ठेगाना : जाजरकोट जिल्ला खलंगा गाविस-८, पिपे
बाबुको नाम : टकविर राना
आमाको नाम : धनी राना
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

खलंगा गाविस-८ पिपे निवासी माओवादी सेना २६ वर्षीय गुमानसिंह रानालाई २०५४ चैत १० गते प्रहरीले सुर्खेत जिल्लाको राकमबाट गिरफ्तार गरी हेलिकोप्टरमार्फत जिल्ला प्रहरी कार्यालय जाजरकोटमा बुझाइएको थियो। पीडित २०५५ वैशाख १ गते सम्म जिल्ला प्रहरी कार्यालय जाजरकोटमा हिरासतमा रहेकोमा हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय जाजरकोटले पीडित परिवारलाई १ लाख रुपिया राहत स्वरूप उपलब्ध गराएको छ।

(११) **मानबहादुर कार्की**

जन्म मिति/उमेर : २०३४ कात्तिक ७ गते २१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ माघ २६ गते
घटनास्थल : जाजरकोट जिल्ला खलंगा गाविस-१, भगवतीटोल
पेशा : विद्यार्थी
स्थायी ठेगाना : जाजरकोट जिल्ला खलंगा गाविस-६, रिसाङ्गा
बाबुको नाम : धुलेश्वर कार्की
आमाको नाम : धनी कार्की
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



खलंगा गाविस-६, रिसाङ्गाका २१ वर्षीय मानबहादुर कार्कीलाई २०५५ माघ २६ गते नेपाल प्रहरीले घरबाटै गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रहरी कार्यालयमा पीडित परिवारले माघ २७ गते सोध्दा डिएसपीले कार्कीलाई रिहा गरिसकेको जवाफ दिएका थिए। जिल्ला प्रशासन कार्यालय जाजरकोटले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(१२) **केसे बस्नेत**

जन्म मिति/उमेर : २०३६ जेठ १८ गते २० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५६ असोज २३ गते
घटनास्थल : जाजरकोट जिल्ला गर्खाकोट गाविस-२, गर्खाकोट
पेशा : कृषि
स्थायी ठेगाना : जाजरकोट जिल्ला कोर्ताङ गाविस-६, नेटा
बाबुको नाम : दलबहादुर बस्नेत
आमाको नाम : काली बस्नेत
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

कोर्ताङ गाविस-६, नेटाका २० वर्षीय केसे बस्नेतलाई माओवादी भएको आरोपमा २०५६ असोज २३ गते व्यापारको सिलसिलामा गर्खाकोट गाविस-२ गएको बेला प्रहरीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय गर्खाकोट लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। प्रहरीले उनलाई सोही दिन रिहा गरेको बतायो। जिल्ला प्रशासन कार्यालय जाजरकोटले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(१३) **शिवप्रसाद शर्मा**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०२४ कात्तिक ९ गते ३३ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५७ मंसिर १३ गते |
| घटनास्थल | : | बाँके जिल्ला नेपालगञ्ज नपा-१, धम्बोभी |
| पेशा | : | विद्यार्थी |
| स्थायी ठेगाना | : | जाजरकोट खलंगा गाविस-६, रिसाङ |
| बाबुको नाम | : | चुडामणी शर्मा |
| आमाको नाम | : | मोहनकुमारी शर्मा |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | प्रेमकला शर्मा |
| छोरा/छोरी सङ्ख्या | : | ०/२ |
| अन्य आश्रित सङ्ख्या | : | १ |

**विवरण**

खलंगा गाविस-६, रिसाङका ३३ वर्षीय शिवप्रसाद शर्मालाई माओवादी भएको आरोपमा २०५७ मंसिर १३ गते दिउँसो प्रहरीले बाँके जिल्ला नेपालगञ्ज नपा-१, धम्बोभीबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय जाजरकोटले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(१४) **कालीबहादुर विक**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३१ साउन २६ गते २४ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५५ पुस १४ गते |
| घटनास्थल | : | जाजरकोट जिल्ला खलंगा गाविस-१, कोटखोला |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | जाजरकोट जिल्ला खलंगा गाविस-५, पोर्खा |
| बाबुको नाम | : | अमृत कामी |
| आमाको नाम | : | काली कामी |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

खलंगा गाविस-५, पोर्खाका २४ वर्षीय कालीबहादुर विकलाई माओवादी भएको आरोपमा २०५५ पुस १४ गते बिहान घरमै बसिरहेको बेला जिल्ला प्रहरी कार्यालयबाट गएको प्रहरी टोलीले गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय जाजरकोटले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(१५) **रतिवन विक**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३१ कात्तिक २ गते २४ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५५ मंसिर १० गते |
| घटनास्थल | : | जाजरकोट जिल्ला खलंगा गाविस-१, कोटखोला |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | जाजरकोट जिल्ला खलंगा गाविस-६, दारनेटा |
| बाबुको नाम | : | चोचे कामी |
| आमाको नाम | : | नोटी कामी |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | अर्को विवाह गरेको |
| छोरा/छोरी सङ्ख्या | : | १/२ |
| अन्य आश्रित सङ्ख्या | : | ३ |

**विवरण**

खलंगा गाविस-६, दारनेटाका २४ वर्षीय रतिवन विकलाई माओवादी भएको आरोपमा २०५५ मंसिर १० गते प्रहरीले घरमै बसिरहेको अवस्थामा गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय जाजरकोटले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(१६) **दलवीर परियार**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३१ पुस ५ गते/२४ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५५ मंसिर १० गते |
| घटनास्थल | : | जाजरकोट जिल्ला खलंगा |

गाविस-१, कोटखोला
पेशा : कृषि
स्थायी ठेगाना : जाजरकोट जिल्ला खलंगा गाविस-६, दारनेटा
बाबुको नाम : रुद्रबहादुर परियार
आमाको नाम : अमृता परियार
वैवाहिक स्थिति : अविवहित

**विवरण**

खलंगा गाविस-६, दारनेटाका २४ वर्षीय दलविर परियारलाई माओवादी भएको आरोपमा २०५५ मंसिर १० गते प्रहरीले घरमै बसिरहेको अवस्थामा गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय जाजरकोटले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(१७) **मकदल कामी**

जन्म मिति/उमेर : २०३३ असोज १३ गते २२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ पुस १७ गते
घटनास्थल : जाजरकोट जिल्ला खलंगा गाविस-१, कोटखोला
पेशा : विद्यार्थी
स्थायी ठेगाना : जाजरकोट जिल्ला खलंगा गाविस-५, पोर्खा
बाबुको नाम : धनवीर कामी
आमाको नाम : जयशिला कामी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

खलंगा गाविस-५, पोर्खाका २२ वर्षीय मकदल कामीलाई माओवादी भएको आरोपमा २०५५ पुस १७ गते जिल्ला प्रहरी कार्यालयबाट गएको प्रहरी टोलीले घरमै बसिरहेको अवस्थामा गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय जाजरकोटले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(१८) **अर्जुन राना**

जन्म मिति/उमेर : २०४० भदौ ३ गते १५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ मंसिर ४ गते
घटनास्थल : जाजरकोट जिल्ला खलंगा गाविस-८, रिम्ना
पेशा : विद्यार्थी
स्थायी ठेगाना : जाजरकोट जिल्ला खलंगा गाविस-८, रिम्ना
बाबुको नाम : जयबहादुर राना
आमाको नाम : विष्णी राना
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

खलंगा गाविस-८, रिम्नाका १५ वर्षीय अर्जुन रानालाई माओवादी भएको आरोपमा २०५५ मंसिर ४ गते प्रहरीले गिरफ्तार गरी रिम्ना प्रहरी चौकीमा लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। पीडित परिवारले २०५५ मंसिर ६ गते प्रहरी चौकीमा सोधपुछ गर्दा जिल्ला प्रहरी कार्यालयमा छानबिनका लागि पठाएको जानकारी दिएपनि जिल्ला प्रहरी कार्यालयले भने मंसिर ७ गते कोही पनि नपठाइएको बतायो। जिल्ला प्रशासन कार्यालय जाजरकोटले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

## पीडक पक्ष (नेकपा माओवादी)

(१९) **आइते राना**

जन्म मिति/उमेर : २०३१ साउन २२ गते २६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५७ वैशाख १९ गते
घटनास्थल : जाजरकोट जिल्ला खलंगा गाविस-८, पिपे
पेशा : राजनीति, नेपाली काँग्रस सदस्य
स्थायी ठेगाना : जाजरकोट जिल्ला खलंगा गाविस-८, पिपे
बाबुको नाम : टीकाराम राना

आमाको नाम : भविसरा राना
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : अर्को विवाह गरेको
छोरा/छोरी सङ्ख्या : ३/१

**विवरण**

खलंगा गाविस -८ पिपे निवासी नेपाली काँग्रेसका सक्रिय सदस्य २६ वर्षीय आइते रानालाई माओवादी विरुद्ध सुराकी गरेको आरोपमा २०५७ वैशाख १९ गते माओवादीले सोही गाविसबाट लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय जाजरकोटले पीडित परिवारलाई १ लाख रुपिया राहत स्वरूप उपलब्ध गराएको छ।

(२०) **जयप्रसाद जैसी**

जन्म मिति/उमेर : २०३६ साउन १९ गते २३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ असोज २७ गते
घटनास्थल : जाजरकोट जिल्ला दशेरा गाविस-२, चुवादेउली
पेशा : राजनीति, नेकपा माओवादी सेना
स्थायी ठेगाना : जाजरकोट जिल्ला पजारु गाविस-७, भिङ्ग्री
बाबुको नाम : लालप्रसाद जैसी
आमाको नाम : पानसरी जैसी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

पजारु गाविस-७ भिङ्ग्री निवासी माओवादी सेना २३ वर्षीय जयप्रसाद जैसीलाई माओवादी जनमुक्ति सेनाको आचारसंहिता विपरित कार्य गर्दै हिंडेको आरोपमा २०५९ असोज २७ गते माओवादी सेनाले अपहरण गरेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय जाजरकोटले पीडित परिवारलाई १ लाख रुपिया राहत स्वरूप उपलब्ध गराएको छ।

(२१) **विरबल पुन**

जन्म मिति/उमेर : २०३३ पुस ५ गते/१८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५५ वैशाख २० गते
घटनास्थल : जाजरकोट जिल्ला खलंगा गाविस-५, पोर्खा जंगल
पेशा : राजनीति
स्थायी ठेगाना : जाजरकोट जिल्ला खलंगा गाविस-५, पोर्खा
बाबुको नाम : नरविर पुन
आमाको नाम : कलौटी पुन
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

खलंगा गाविस-५, पोर्खा निवासी माओवादी सेना १८ वर्षीय बिरबल पुनलाई माओवादी निर्देशनविपरीत काम गरेको आरोपमा २०५५ वैशाख २० गते माओवादी सेनाले नियन्त्रणमा लिएर गएपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय जाजरकोटले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

# ४.१० दैलेख

## पीडक राज्यपक्षबाट (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

## पीडक पक्ष (नेकपा माओवादी पक्ष)

**(१) बालाराम विष्ट**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०१२ भदौ १२ गते<br>४८ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० भदौ १२ गते |
| घटनास्थल | : रामकर्णाली-४ , दैलेख |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : रावतकोट-४, दैलेख |
| बाबुको नाम | : रामबहादुर विष्ट |
| पत्नीको नाम | : इन्द्रकला विष्ट |

**विवरण**

रावतकोट गाविस-४ का ४८ वर्षीय बालाराम विष्टलाई २०६० भदौ १२ गते माओवादी कार्यकर्ताले सुराकीको आरोपमा घर नजिकैबाट अपहरण गरी बेपत्ता बनाए।

# ४.११ डोल्पा

## पीडक राज्यपक्षबाट (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

## पीडक पक्ष (शाही नेपाली सेना)

**(१) मनबहादुर सार्की**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३९ फागुन २ गते / १९ |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ मंसिर ३० गते |
| घटनास्थल | : कालिका-७,डोल्पा |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : सर्मी-७, डोल्पा |
| बाबुको नाम | : लगुने सार्की |
| आमाको नाम | : कलधरी सार्की |

**विवरण**

सर्मी गाविस-७ निवासी १९ वर्षीय मनबहादुर सार्कीलाई ०५८ पुस ३० गते कालिका गाविसबाट शाही नेपाली सेनाले गिरफ्तार गरी बेपत्ता बनाए। पीडित सर्वसाधारण थिए।

**(२) रामबहादुर बोहोरा**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२५ फागुन ११ गते/ ३३ |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ फागुन २ गते |
| घटनास्थल | : कालिका-७,डोल्पा |
| पेशा | : राजनीति |
| स्थायी ठेगाना | : कालीका-२, डोल्पा |
| बाबुको नाम | : पैइले बोहोरा |
| आमाको नाम | : साउनी बोहोरा |
| पत्नीको नाम | : धुपकुमारी बोहोरा |
| छोराछारीको सङ्ख्या | : २ |

**विवरण**

कालीका गाविस-२ निवासी माओवादी कार्यकर्ता रामबहादुर बोहोरालाई २०५८ फागुन २ गते नेपाली सेनाले सोही गाविस-७, कालीका माविबाट गिरफ्तार गरी बेपत्ता बनाए।

# ४.१२ जुम्ला


## पीडक राज्यपक्षबाट (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### पीडक पक्ष (शाही नेपाली सेना)

**(१) धनजीत कामी**

जन्म मिति/उमेर : २०३६ असोज ८ गते
२३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ कार्तिक २८ गते
घटनास्थल : चन्दननाथ-६, जुम्ला
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कुँडारी-४, जुम्ला
बाबुको नाम : बलरुप कामी
आमाको नाम : विष्णु कामी
पत्नीको नाम : गहुँकला कामी
छोराछारीको सङ्ख्या : २

**विवरण**



कुँडारी गाविस-४, सापुल्ली निवासी २३ वर्षीय धनजित कामीलाई २०५९ कार्तिक २८ गते माओवादीको सामान बोकेर गर्ज्याङ्कोट जाँदै गर्दा बाटोमा भेटिएको शाही नेपाली सेनाको गस्ती टोलीले गिरफ्तार गरी वेपत्ता बनायो।

### पीडक पक्ष (प्रहरी)

**(२) पूर्णबहादुर भण्डारी**

जन्म मिति/उमेर : नखुलेको
लिङ्ग : पुरुष
घटना मिति : २०५६ असार ३ गते
घटनास्थल : गुठीचौर, जुम्ला
स्थायी ठेगाना : गर्ज्याङकोट-९, जुम्ला
बाबुको नाम : अपुरे भण्डारी
आमाको नाम : नखुलेको
पत्नीको नाम : अम्मकली भण्डारी
छोराछारीको सङ्ख्या : ३

**विवरण**

गर्ज्याङ्कोट-९ का पूर्णबहादुर भण्डारीलाई २०५६ आसर ३ गते सोही गाविसको मुनीसाँगुस्थित प्रहरी कार्यालयले माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता पार्‍यो।

# ४.१३ कालीकोट

## पीडक राज्यपक्षबाट (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### पीडक पक्ष (सुरक्षाकर्मी)

**(१) राजु परियार**

जन्म मिति/उमेर : २०४३ फागुन २८ गते
२८ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०६१ साउन ५ गते
घटनास्थल : जुम्ला जिल्ला तातोपानी गाविस
पेशा : राजनीति, माओवादी कार्यकर्ता
स्थायी ठेगाना : कालीकोट जिल्ला छाप्रे गाविस-६
बाबुको नाम : रगे परियार
आमाको नाम : पुल्ती परियार
वैवाहिक स्थिति : अविवाहित
अन्य आश्रित सङ्ख्या : १०

**विवरण**



छाप्रे गाविस-६ निवासी माओवादी कार्यकर्ता राजु परियार २०५९ कात्तिक २८ जुम्ला आक्रमण गर्ने क्रममा सुरक्षाकर्मीसँग भएको भिडन्तपश्चात हालसम्म अज्ञात छिन्।

(२) **किस्मताकुमारी शाही**

जन्म मिति/उमेर : २०४१ पुस ५ गते
१९ वर्ष

लिङ्ग : महिला

घटना मिति : २०६० साउन १ गते

घटनास्थल : डडेलधुरा जिल्ला
आलिताल गाविस

पेशा : राजनीति, नेकपा माओवादी सेना

स्थायी ठेगाना : कालीकोट जिल्ला
बदालकोट गाविस-२,रेगील

बाबुको नाम : कुलबहादुर शाही

आमाको नाम : शारदा शाही

वैवाहिक स्थिति : अविवाहित

**विवरण**



दालकोट गाविस-२ रेगीलकी माओवादी सेना २० वर्षीया किस्मताकुमारी शाहीलाई २०६० साउन १ गते डडेलधुराबाट आएको सुरक्षाकर्मीले गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कालीकोटले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(३) **रघुधन शाही**

जन्म मिति/उमेर : २०२९ जेठ ६ गते/३० वर्ष

लिङ्ग : पुरुष

घटना मिति : २०५९ जेठ १२ गते

घटनास्थल : कालीकोट जिल्ला
मान्माखाडाचक्र गाविस-५,
खडाचक्र बजार

पेशा : कृषि

स्थायी ठेगाना : कालीकोट जिल्ला
राम्नाकोट गाविस-४,
बच्कोट

बाबुको नाम : पदमबहादुर शाही

आमाको नाम : लक्ष्मी शाही

वैवाहिक स्थिति : विवाहित

पति/पत्नीको नाम : सवला शाही

छोरा/छोरी सङ्ख्या: १/०

**विवरण**

राम्नाकोट गाविस-४ बच्कोट का ३० वर्षीय रघुधन



शाहीलाई २०५९ जेठ १२ गते सुरक्षाकर्मीले मान्माखाडाचक्र गाविस-५ खडाचक्र बजारबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कालीकोटले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(४) **हर्के सार्की**

जन्म मिति/उमेर : २०४१ माघ १५ गते
२० वर्ष

लिङ्ग : पुरुष

घटना मिति : २०६१ माघ १० गते

घटनास्थल : जाजरकोट जिल्ला जुँगा
थापाचौर गाविस-६

पेशा : राजनीति, नेकपा माओवादी सेना

स्थायी ठेगाना : कालीकोट जिल्ला पाँखा
गाविस-४

बाबुको नाम : मने सार्की

आमाको नाम : रुपदरा सार्की

वैवाहिक स्थिति : विवाहित

पति/पत्नीको नाम : ईशवरा सार्की

अन्य आश्रित सङ्ख्या : ६

**विवरण**



पाँखा गाविस-४ निवासी माओवादी सेना २० वर्षीय हर्के सार्कीलाई २०६१ माघ १० गते जाजरकोट जिल्ला जुँगा थापाचौर गाविस-६ मा हवाई फायरिङ्गपछि आएका सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा हालसम्म उनको अवस्था अज्ञात छ।

**(५) राजेन्द्र केसी**

जन्म मिति/उमेर : २०४१ जेठ २२ गते २० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ फागुन ९ गते
घटनास्थल : बझाङ जिल्ला खिरातडी गाविस
पेशा : राजनीति, नेकपा माओवादी साँस्कृति कलाकार
स्थायी ठेगाना : कालीकोट जिल्ला मुम्रा गाविस-४, परघर
बाबुको नाम : लालमन खत्री केसी
आमाको नाम : धनी खत्री केसी
वैवाहिक स्थिति : अविवाहित
अन्य आश्रित सङ्ख्या : ५

**विवरण**

मुम्रा गाविस-४ परघर निवासी माओवादी कार्यकर्ता राजेन्द्र केसीलाई २०६१ फागुन ९ गते सुरक्षाकर्मीले बझाङ जिल्लाको खिराताडी गाविसबाट अपरहण गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

**(६) जनमबहादुर शाही (निर्दोश)**

जन्म मिति/उमेर : २०३९ चैत २४ गते २७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ चैत २४ गते
घटनास्थल : रुकुम जिल्ला खारा गाविस-२
पेशा : राजनीति, नेकपा माओवादी सेना
स्थायी ठेगाना : कालीकोट जिल्ला जुविथा गाविस-९, मनु
बाबुको नाम : पदमबहादुर शाही
आमाको नाम : लाइसरी शाही
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

जुविथा गाविस-९ मनु निवासी माओवादी सेना छैठौं डिभिजन बटालियन सदस्य २७ वर्षीय जनमबहादुर




शाही (निर्दोश) लाई २०६१ चैत २४ गते सुरक्षाकर्मीले रुकुम जिल्ला खारा चौकीमा भएको भिडन्तपश्चात कब्जामा लिएपछि हालसम्म उनको अवस्था अज्ञात छ।

**(७) भद्रबहादुर बोगटी**

जन्म मिति/उमेर : २०२६ असार २९ गते ३२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन २५ गते
घटनास्थल : कालिकोट जिल्ला मान्माखाडाचक्र गाविस-५, बजार
पेशा : शिक्षक
स्थायी ठेगाना : कालीकोट जिल्ला मान्माखाडाचक्र गाविस-५, गैरागाउ
बाबुको नाम : नन्दराम बोगटी
आमाको नाम : सर्केनी बोगटी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : अविसरा बोगटी
छोरा/छोरी सङ्ख्या : २/२
अन्य आश्रित सङ्ख्या : ६

**विवरण**



मान्माखाडाचक्र गाविस-५ गैरागाँउका ३२ वर्षीय निर्मलराज बोगटीलाई माओवादी भएको आरोपमा २०५८ फागुन २५ गते जिल्ला प्रहरी कार्यालयबाट आएको प्रहरी र सेनाको समूहले गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

**(८) निर्मलराज बोगटी**

जन्म मिति/उमेर : २०४२ वैशाख ८ गते १७ वर्ष

लिङ्ग : पुरुष
घटना मिति : २०५९ असोज २० गते
घटनास्थल : कालीकोट जिल्ला मान्माखाडाचक्र गाविस-१, गैरागाँउ
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कालीकोट जिल्ला मान्माखाडाचक्र गाविस-१, गैरागाँउ
बाबुको नाम : बलबहादुर बोगटी
आमाको नाम : जीरा बोगटी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : सुर्वी बोगटी
छोरा/छोरी सङ्ख्या : ०/१
अन्य आश्रित सङ्ख्या : १३

**विवरण**



मान्माखाडाचक्र गाविस-१ गैरागाँउका १७ वर्षीय निर्मलराज बोगटीलाई २०५९ असोज २० गते जिल्ला प्रहरी कार्यालयबाट आएको प्रहरी र भैरवदल गुल्मका सेनाले घरबाटै गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

(९) **विष्णुनाथ योगी**
जन्म मिति/उमेर : २०२६ असार १५ गते ३२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन १५ गते
घटनास्थल : बैतडी जिल्ला, झुलागाड
पेशा : कृषि
स्थायी ठेगाना : कालीकोट जिल्ला सिप्खाना गाविस-७, कोलीगाडा
बाबुको नाम : दर्पणनाथ योगी
आमाको नाम : पम्यनाथ योगी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : मडेनाथ योगी
छोरा/छोरी सङ्ख्या : १/२
अन्य आश्रित सङ्ख्या : ४

**विवरण**



सिप्खाना गाविस-७ कोलीगाडा निवासी ३२ वर्षीय विष्णुनाथ योगीलाई भारतबाट फर्किने क्रममा माओवादी भएको आरोपमा २०५८ चैत १५ गते सुरक्षाकर्मीले बैतडीको झुलागाडबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

**पीडक पक्ष (शाही नेपाली सेना)**

(१०) **पञ्चे सार्की**
जन्म मिति/उमेर : २०३८ पुस १४ गते २० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन १७ गते
घटनास्थल : कालीकोट जिल्ला मेहलमुडि गाविस-७
पेशा : कृषि
स्थायी ठेगाना : कालीकोट जिल्ला मेहलमुडि गाविस-७
बाबुको नाम : नन्दे सार्की
आमाको नाम : मागी सार्की
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : अर्को विवाह गरेको
छोरा/छोरी सङ्ख्या : ०/१
अन्य आश्रित सङ्ख्या : ८

**विवरण**

मेहलमुडि गाविस-७ का २० वर्षीय पञ्चे सार्कीलाई माओवादीको आरोपमा २०५८ फागुन १७ गते सदरमुकाम मान्मस्थित भैरवदल गुल्मबाट गस्तीमा आएको सेनाले घरबाटै गिरफ्तार गरी हेलिकप्टरमा लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। सोही दिन गाँउका अन्य तीनजनालाई पनि सेनाले लगेकोमा उनीहरूको अवस्था पनि अज्ञात छ।

(११) **धनसुरे दमाई**

जन्म मिति/उमेर : २०३६ साउन १८ गते
२२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन १७ गते
घटनास्थल : कालीकोट जिल्ला
मेहलमुडि गाविस-७
पेशा : कृषि
स्थायी ठेगाना : कालीकोट जिल्ला
मेहलमुडि गाविस-७
बाबुको नाम : नर दमाई
आमाको नाम : चैती दमाई
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : मिमा दमाई
छोरा/छोरी सङ्ख्या : ०/२
अन्य आश्रित सङ्ख्या : ७

**विवरण**

मेहलमुडि गाविस-७ का २२ वर्षीय धनसुरे दमाईलाई माओवादीको आरोपमा २०५८ फागुन १७ गते सदरमुकाम मान्मस्थित भैरवदल गुल्मबाट गस्तीमा आएको सेनाले घरबाटै गिरफ्तार गरी हेलिकप्टरमा लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। सोही दिन गाँउका अन्य तीनजनालाई पनि सेनाले लगेकोमा उनीहरूको अवस्था पनि अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कालीकोटले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

(१२) **दले सार्की**

जन्म मिति/उमेर : २०४३ असार ११ गते
१३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन १७ गते
घटनास्थल : कालीकोट जिल्ला मेहलमुडि
गाविस-७
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कालीकोट जिल्ला मेहलमुडि
गाविस-७
बाबुको नाम : नन्दे सार्की
आमाको नाम : मागी सार्की
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

मेहलमुडि गाविस-७ का १३ वर्षीय दले सार्कीलाई माओवादीको आरोपमा २०५८ फागुन १७ गते सदरमुकाम मान्मस्थित भैरवदल गुल्मबाट गस्तीमा आएको सेनाले घरबाटै गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

(१३) **दानबहादुर सहकारी**

जन्म मिति/उमेर : २०४४ माघ ११ गते
१४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन १६ गते
घटनास्थल : कालीकोट जिल्ला रुपसा
गाविस-४
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कालीकोट जिल्ला रुपसा
गाविस-३
बाबुको नाम : डण्ड सहकारी
आमाको नाम : प्याउका सहकारी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

रुपसा गाविस-३ का १४ वर्षीय दानबहादुर सहकारीलाई माओवादी भएको आरोपमा २०५८ फागुन १६ गते माओवादी र सेनाको अछामको मंगलसेनमा भिडन्तपछि सदरमुकाम मान्मबाट गस्तीमा गएको सेनाले घरबाटै गिरफ्तार गरेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

(१४) **अमर सहकारी**

जन्म मिति/उमेर : २०३९ फागुन २५ गते
१९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन १६ गते
घटनास्थल : कालीकोट जिल्ला रुपसा
गाविस-४
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कालीकोट जिल्ला रुपसा
गाविस-६
बाबुको नाम : जसे सहकारी
आमाको नाम : झुप्री सहकारी

**विवरण**

रुपसा गाविस-६ का अमर सहकारीलाई माओवादी भएको आरोपमा २०५८ फागुन २६ गते अछामको मंगलसेनबाट गस्तीमा आएको सेनाको समूहले घरबाटै गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कालीकोटले पीडित परिवारलाई १ लाख रुपिया राहतस्वरुप उपलब्ध गराएको छ।

**(१५) गणेशबहादुर शाही**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०१८ भदौ ७ गते ४० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ चैत १८ गते |
| घटनास्थल | : कालीकोट जिल्ला मान्माखाडाचक्र गाविस-५, बजार |
| पेशा | : शिक्षक, राइछुङ्गा प्रावि धाम्कोट, सिप्खाना |
| स्थायी ठेगाना | : कालीकाट जिल्ला सिप्खाना गाविस-९ |
| बाबुको नाम | : कम्मरबहादुर शाही |
| आमाको नाम | : बेल्कोसा शाही |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : सावित्री शाही |
| छोरा/छोरी सङ्ख्या | : १/२ |
| अन्य आश्रित सङ्ख्या | : ५ |

**विवरण**



सिप्खाना गाविस-९ निवासी राछुङ्गा प्रावि सिप्खानाका शिक्षक ४० वर्षीय गणेशबहादुर शाहीलाई माओवादी भएको आरोपमा सदरमुकाममा तलब लिन गएको बेला २०५८ चैत १७ गते भैरवदल गुल्म कालीकोटबाट आएको सेनाको टोलीले गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

**(१६) हरि चौलागाई**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२१ वैशाख ५ गते ४८ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५८ मंसिर ११ गते |
| घटनास्थल | : कालीकोट जिल्ला सिप्खाना गाविस-६, बुडीसिनी |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : कालीकोट जिल्ला सिप्खाना गाविस-६, बादु |
| बाबुको नाम | : नन्दलाल चौलागाई |
| आमाको नाम | : विस चौलागाई |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : झाउरी चौलागाई |
| छोरा/छोरी सङ्ख्या | : २/० |
| अन्य आश्रित सङ्ख्या | : ५ |

**विवरण**

सिप्खाना गाविस-६ बादुका हरि चौलागाईलाई २०५८ मंसिर ११ गते सेनाले सोही गाविसबाट लगेर गएपछि भैरवदल गुल्म आरुपात कालीकोटमा राखेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

**(१७) हरिचन्द्र न्यौपाने**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३१ मंसिर २२ गते २८ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ चैत १५ गते |
| घटनास्थल | : कैलाली जिल्ला बलिया गाविस, चिसापानी |
| पेशा | : राजनीति, नेकपा माओवादी जिल्ला कमिटी सदस्य |
| स्थायी ठेगाना | : कालीकोट जिल्ला फुकोट गाविस-२, चुतिकोट |
| बाबुको नाम | : प्रवानन्द न्यौपाने |
| आमाको नाम | : सुर्जी न्यौपाने |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : पूरा न्यौपाने |
| छोरा/छोरी सङ्ख्या | : १/१ |
| अन्य आश्रित सङ्ख्या | : ३ |

**विवरण**



फुकोट गाविस-२ चुतिकोट निवासी माओवादी जिल्ला कमिटी कार्यालय हुम्लाका सदस्य हरिचन्द्र न्यौपानेलाई २०५९ चैत १५ गते हुम्लादेखि आफ्नो परिवार भेट्न जाँदा कैलाली जिल्लाको सदरमुकामबाट आएको सेनाको गस्तीले कैलालीको चिसापानीमा गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

(१८) **राम लुहार**

जन्म मिति/उमेर : २०३५ मंसिर १४ गते २३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन १७ गते
घटनास्थल : कालीकोट जिल्ला मेहलमुडि गाविस-७, माथिल्लो टोल
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कालीकोट जिल्ला मेहलमुडि गाविस-७, माथिल्लो टोल
बाबुको नाम : देउमले लुहार
आमाको नाम : सौरी लुहार
वैवाहिक स्थिति : विवाहित
छोरा/छोरी सङ्ख्या : ०/१
अन्य आश्रित सङ्ख्या : १

**विवरण**




मेहलमुडि गाविस-७ माथिल्लो टोलका २३ वर्षीय रामबहादुर लुहारलाई माओवादी भएको आरोपमा २०५८ फागुन १७ गते भैरवदल गुल्म मान्मबाट आएको सेनाले घरबाटै गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

**पीडक पक्ष (प्रहरी)**

(१९) **पर्वुलाल धमला**

जन्म मिति/उमेर : २०३३ जेठ २४ गते २५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ कात्तिक ९ गते
घटनास्थल : बाँके जिल्ला नेपालगञ्ज नपा
पेशा : राजनीति, नेकपा माओवादी सेना
स्थायी ठेगाना : कालीकोट जिल्ला फुकोट गाविस-४, थानवाडा
बाबुको नाम : जया धमला
आमाको नाम : हासी धमला
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : अर्को विवाह गरेको
छोरा/छोरी सङ्ख्या : ०/१
अन्य आश्रित सङ्ख्या : ८

**विवरण**



फुकोट गाविस-४ थानवाडा निवासी माओवादी सेना २५ वर्षीय पर्वुलाल धमलालाई २०५८ कात्तिक ९ गते जिल्ला प्रहरी कार्यालयबाट आएको टोलीले बाँके जिल्लाको नेपालगञ्जस्थित सेती होटलबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कालीकोटले पीडित परिवारलाई १ लाख रुपिया राहतस्वरुप उपलब्ध गराएको छ।

(२०) **हस्तबहादुर शाही**

जन्म मिति/उमेर : २०३९ वैशाख ५ गते २० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ असार १० गते
घटनास्थल : सुर्खेत जिल्ला छिन्चु गाविस

पेशा : राजनीति, नेकपा माओवादी जिल्ला कमिटी सदस्य
स्थायी ठेगाना : कालीकोट जिल्ला नानीकोट गाविस-८, कोटीला
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : बिमला शाही
अन्य आश्रित सङ्ख्या : १६

**विवरण**

नानीकोट गाविस-८ कोटीलाका माओवादी छैठौं डिभिजन कार्यालयका जिल्ला कमिटी सदस्य २० वर्षीय हस्तबहादुर शाहीलाई २०५९ असार १० गते छिन्चु बेसक्याम्पका सशस्त्र प्रहरीले गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कालीकोटले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपिया उपलब्ध गराएको छ।

## पीडक पक्ष (नेकपा माओवादी)

(२१) **पूर्णा शाही**

जन्म मिति/उमेर : २०२९ कात्तिक १८ गते ३२ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०६१ असार १४ गते
घटनास्थल : कालिकोट जिल्ला जुविथा गाविस-८, पुनेरी वाडा
पेशा : अन्य
स्थायी ठेगाना : कालिकोट जिल्ला जुविथा गाविस-८, पुनेरी वाडा
बाबुको नाम : मनबहादुर शाही
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : बिरजीत शाही
छोरा/छोरी सङ्ख्या : ०/१
अन्य आश्रित सङ्ख्या : ६

**विवरण**

जुविथा गाविस-८, पुनेरी वाडाका ३२ वर्षीया पूर्ण शाहीलाई २०६१ असार १४ गते सोही ठाँउका माओवादी कार्यकर्ताले अपहरण गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

(२२) **महेन्द्रबहादुर शाही**

जन्म मिति/उमेर : २०३७ कात्तिक १० गते २२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ जेठ २१ गते
घटनास्थल : कालीकोट जिल्ला दाहाफटगाँउ गाविस-७, पिली
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कालीकोट जिल्ला दाहाफटगाँउ गाविस-३, घोडेना
बाबुको नाम : बिर्खबहादुर शाही
आमाको नाम : पंचा शाही
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

दाहाफटगाँउ गाविस-३ घोडेनाका २२ वर्षीय महेन्द्रबहादुर शाहीलाई २०५९ जेठ २१ गते माओवादी कायकर्ताले अपहरण गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

(२३) **खडानन्द चौलागाई**

जन्म मिति/उमेर : २०२८ वैशाख १७ गते २१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५७ कात्तिक ६ गते
घटनास्थल : कालीकोट सुकाटिया गाविस-२
पेशा : राजनीति, नेकपा एमाले गाँउ कमिटी सदस्य
स्थायी ठेगाना : कालीकोट सुकाटिया गाविस-२
बाबुको नाम : विष्णुप्रसाद चौलागाई
आमाको नाम : बाँचु चौलागाई
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

सुकाटिया गाविस-२ निवासी नेकपा एमाले गाँउ कमिटी सदस्य २१ वर्षीय खडानन्द चौलागाईलाई



२०५७ कात्तिक ६ गते घरायसी झगडामा माओवादी कार्यकर्ताले घरैबाट अपहरण गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

**(२४) हंसबहादुर बम**

जन्म मिति/उमेर : २०३६ कात्तिक १६ गते २३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ माघ २१ गते
घटनास्थल : कालीकोट जिल्ला थिर्पु गाविस-४
पेशा : कृषि
स्थायी ठेगाना : कालीकोट जिल्ला थिर्पु गाविस-२
बाबुको नाम : जनकबहादुर बम
आमाको नाम : ललीता बम
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : हिउचुली बम
छोरा/छोरी सङ्ख्या : १/१
अन्य आश्रित सङ्ख्या : ११

**विवरण**

थिर्पु गाविस-२ का २३ वर्षीय हंसबहादुर बमलाई २०५९ माघ २१ गते माओवादीले आफ्नो पार्टीमा आबद्ध नभएको भन्दै थिर्पु गाविस-४ बाट अपहरण गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

**(२५) तिलकबहादुर रोकाय**

जन्म मिति/उमेर : २०२३ असोज ६ गते/३७
लिङ्ग : पुरुष
घटना मिति : २०६० जेठ २ गते
घटनास्थल : कालीकोट जिल्ला भर्ता गाविस-३, धोलुवाडा
पेशा : जागीर, जिल्ला कृषि विकास बैंक उपशाखा कार्यालय कालीकोट ओभरसियर
स्थायी ठेगाना : कालीकोट जिल्ला भर्ता गाविस-३
बाबुको नाम : कलबहादुर रोकाय
आमाको नाम : टुल्की रोकाय
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : राधिका रोकाय
छोरा/छोरी सङ्ख्या : २/२

**विवरण**



भर्ता गाविस-३ निवासी जिल्ला कृषि विकास बैंकका प्राविधिक ३७ वर्षीय तिलकबहादुर रोकायलाई २०६० जेठ १९ गते माओवादीले मान्मबाट घर जाने क्रममा घरनजिकैबाट अपरहण गरी लगेकोमा हालसम्म उनको अवस्था अज्ञात छ।

# ४.१४ मुगु

## पीडक राज्यपक्षबाट (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)


**पीडक पक्ष (शाही नेपाली सेना)**

**(१) दङ्गाली रोकाया**

जन्म मिति/उमेर : २०३४ मंसिर १२ गते २७ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ साल मंसिर
घटनास्थल : चिसापानी, बाँके
पेशा : ज्यालादारी
स्थायी ठेगाना : रारा-८, चिसापनी
बाबुको नाम : रामबहादुर रोकाया
आमाको नाम : सहनी रोकाय

**विवरण**

रारा गाविस-८ का २७ वर्षीय दङ्गाली रोकायको २०६१ मंसिर ६ गते सोही स्थानमा भएको दोहोरो



भिडन्तमा गोली लाग्दा देब्रे खुट्टा भाँचियो। स्थानीय अस्पतालमा प्राथमिक उपचारपछि थप उपचारका लागि नेपालगञ्ज ल्याउँदै गर्दा बाँकेको चिसापानी व्यारेकले उनलाई गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ। पीडित सर्वसाधारण थिए।

## पीडक पक्ष (नेकपा माओवादी)

### (२) कर्मसिंह बुढा

| | |
|---|---|
| जन्म मिति/उमेर | : ०३८ माघ साउन १० /२३ |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ पुस ५ |
| घटनास्थल | : शेरी गाविस-३, मुगू |
| स्थायी ठेगाना | : शेरी गाविस-३ |
| बाबुको नाम | : रामे बुढा |
| आमाको नाम | : ओसरा बुढा |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**

शेरी गाविस-३ का २३ वर्षीय कर्मसिंह बुढा सुरकी भएको आरोपमा ०६१ पुस ४ गते नेकपा माओवादी कार्यकर्ताले अपहरण गरेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडित परिवारालाई सरकारले राहत स्वरूप कुनै सहयोग उपलब्ध गराएको छैन।

# सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ

५.६ कञ्चनपुर

५.७ डडेल्धुरा

५.८ बैतडी

५.९ दार्चुला

# ५.१ कैलाली

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

**(१) करणसिंह घर्तीमगर**

जन्म मिति/उमेर : २००९/५० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० वैशाख २३ गते
घटनास्थल : कैलाली जिल्ला मोहन्याल गाविस-५, जिमिट्टे
पेशा : राजनीति
स्थायी ठेगाना : कैलाली जिल्ला मोहन्याल गाविस-५, जिमिट्टे
बाबुको नाम : रामपति घर्तीमगर
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : रमितादेवी घर्तीमगर

**विवरण**

मोहन्याल गाविस-५, जिमिट्टे निवासी माओवादी कार्यकर्ता ५० वर्षीय करणसिंह घर्तीमगरलाई ०६० वैशाख २३ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

**(२) भीम गिरी**

जन्म मिति/उमेर : २०२५/३५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० मङ्सिर १७ गते
घटनास्थल : काठमाडौं मनपा-१६, स्वयम्भु
पेशा : राजनीति (माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : कैलाली फुलबारी गाविस-७
बाबुको नाम : धनी गिरी
आमाको नाम : हर्कमती गिरी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

फुलबारी गाविस-७ निवासी माओवादी कार्यकर्ता ३५ वर्षीय भीम गिरीलाई ०६० मंसिर १७ गते सादा पोशासका सुरक्षाकर्मीले काठमाडौं मनपा-१६, स्वयम्भुबाट नियन्त्रणमा लिएपछि हालसम्म उनको अवस्था अज्ञात छ।

**(३) बिनोदकुमार चौधरी**

जन्म मिति/उमेर : २०२८ असोज ६ गते/३० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन २७ गते
घटनास्थल : कैलाली जिल्ला रामशिखर झाला गाविस-७, रतिपुर
पेशा : राजनीति (माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : कैलाली जिल्ला उदासीपुर गाविस-७
बाबुको नाम : भागुरामदत्त चौधरी
आमाको नाम : पार्वतीदेवी चौधरी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : कृष्णदेवी चौधरी
छोरा/छोरी सङ्ख्या : १



**विवरण**

उदासीपुर गाविस-७ निवासी ३० वर्षीय माओवादी कार्यकर्ता बिनोदबहादुर चौधरीलाई माओवादी पार्टीको प्रशिक्षण कार्यक्रममा सहभागी हुने क्रममा संयुक्त सुरक्षाकर्मीले ०५८ फागुन २७ गते रामशिखरझाला गाविस-७, रतिपुरबाट गिरफ्तार गरेकोमा हालसम्म उनको अवस्था अज्ञात छ।

**(४) जानकी चौधरी**

जन्म मिति/उमेर : २०३८ मङ्सिर १७ गते/२० वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५८ चैत ९ गते
घटनास्थल : कैलाली जिल्ला नारायणपुर गाविस-८, पदमपुर

पेशा : राजनीति
स्थायी ठेगाना : कैलाली जिल्ला नारायणपुर गाविस-८, पदमपुर
बाबुको नाम : गुरहा चौधरी
आमाको नाम : सेतीदेवी चौधरी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



नारायणपुर गाविस-८, पदमपुर निवासी माओवादी कार्यकर्ता २० वर्षीया जानकी चौधरीलाई ०५८ चैत ९ गते संयुक्त सुरक्षाफौजले घरबाटै गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। सुरक्षाकर्मीले गिरफ्तार गरी उनको हत्या गरिसकेको भन्दै पीडित परिवारले मृत्यु दर्ता गराई जिल्ला प्रशासन कार्यालयबाट राहतस्वरुप १ लाख रुपियाँ लिएका छन्।

**(५) बाधुराम डगौरा**

जन्म मिति/उमेर : २०२८/३१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ भदौ १३ गते
घटनास्थल : कैलाली जिल्ला दरख गाविस-५
पेशा : कृषि
स्थायी ठेगाना : कैलाली जिल्ला कोटातुल्सीपुर गाविस-७, सुवरखाल
बाबुको नाम : सोहनलाल डगौरा
आमाको नाम : सनमी डगौरा
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : बेलौतीदेवी डगौरा
छोरा/छोरी सङ्ख्या : २/१
अन्य आश्रित सङ्ख्या : ४

**विवरण**

कोटातुल्सीपुर गाविस-७, सुवरखालका ३१ वर्षीय बाधुराम डगौरालाई ०५९ भदौ १३ गते प्रहरीले



गिरफ्तार गरी सुख्खड ब्यारेकमा लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। गिरफ्तार गरेको केही दिनपछि दरख गाविस-५ को जंगलमा लगी हत्या गरेको बाधुरामकी पत्नीले बताएपनि उनको लास फेला परेको छैन। पीडित परिवारले बाधुरामको मृत्यु दर्ता गरी राहतस्वरुप जिल्ला प्रशासन कार्यालयबाट १ लाख रुपियाँ लिएका छन्

## शाही नेपाली सेनाबाट

**(६) आशाराम चौधरी**

जन्म मिति/उमेर : २०४२ वैशाख ११ गते/१८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० भदौ २५ गते
घटनास्थल : कैलाली जिल्ला मालाखेती गाविस-८
पेशा : राजनीति (माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : कैलाली जिल्ला पबेरा गाविस-६
बाबुको नाम : हेलुराम चौधरी
आमाको नाम : सोमती चौधरी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



पबेरा गाविस-६ निवासी १८ वर्षीय माओवादी कार्यकर्ता आशाराम चौधरीलाई अत्तरिया बजारमा घुमिरहेको अवस्थामा ०६० भदौ २५ गते तेघरी ब्यारेकबाट आएको सेनाले गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

**(७) कुसुमकुमारी चौधरी**

जन्म मिति/उमेर : २०४१/१८ वर्ष

लिङ्ग : पुरुष
घटना मिति : २०५९ कात्तिक २७ गते
घटनास्थल : कैलाली जिल्ला भजनी गाविस-८, काढा
पेशा : राजनीति
स्थायी ठेगाना : कैलाली जिल्ला भजनी गाविस-८, काढा
बाबुको नाम : महेशराम डगौरा
आमाको नाम : रपादेवी डगौरा
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



भजनी गाविस-८, काढा निवासी माओवादी कार्यकर्ता १८ वर्षीया कुसुमकुमारी चौधरीलाई घरमा बसिरहेको अवस्थामा ०५९ कात्तिक २७ गते सेनाले गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

(८) **कुमारी दमाई**
जन्म मिति/उमेर : २०४६ असोज ६ गते/१३ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५९ असोज ८ गते
घटनास्थल : कैलाली जिल्ला मसुरिया गाविस-१, अण्डैया
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कैलाली जिल्ला मसुरिया गाविस-१, अण्डैया
बाबुको नाम : गंगन दमाई
आमाको नाम : बाटी दमाई
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

मसुरिया गाविस-१, अण्डैयाकी १३ वर्षीया कुमारी दमाईलाई घरमा खाना पकाइरहेको अवस्थामा माओवादीको आरोपमा सेनाले ०५९ असोज ८ गते घरबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

(९) **प्रसादी डगौरा**
जन्म मिति/उमेर : २०१०/४९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ पुस २० गते
घटनास्थल : कैलाली जिल्ला भजनी गाविस-३
पेशा : कृषि
स्थायी ठेगाना : कैलाली जिल्ला भजनी गाविस-७
आमाको नाम : बुझाउनी चौधरी
वैवाहिक स्थिति : विवाहित

**विवरण**

भजनी गाविस-७ का ४९ वर्षीय प्रसादी डगौरालाई माओवादी भएको आरोपमा ०५९ पुस २० गते भजनी ब्यारेकबाट गस्तीमा आएको सेनाले भजनी गाविस-७ बाट गिरफ्तार गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

## पीडक पक्ष नेकपा माओवादीबाट

(१०) **गणेशबहादुर बम**
जन्म मिति/उमेर : २०२८/३२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० जेठ ५ गते
घटनास्थल : कैलाली जिल्ला निगाली गाविस-७
पेशा : राजनीति (एमाले गाउँ कमिटी सचिव)
स्थायी ठेगाना : कैलाली गाविस निगाली गाविस-७
बाबुको नाम : तारासिंह बम
आमाको नाम : धारुदेवी बम
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : पद्मादेवी बम
छोरा/छोरी सङ्ख्या : १/१

**विवरण**

निगाली गाविस-७ निवासी एमाले गाउँ कमिटी सचिव ३२ वर्षीय गणेशबहादुर बमलाई ०६० जेठ ५ गते माओवादी पार्टीमा नलागेको आरोपमा

माओवादीले घरबाट अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ।

(११) **लक्ष्मीप्रसाद चौधरी**

जन्म मिति/उमेर : २०४० असोज १५ गते/२० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० चैत २४ गते
घटनास्थल : कैलाली जिल्ला मसुरिया गाविस-५
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कैलाली जिल्ला हसुलिया गाविस-६, सेमरीपुर
बाबुको नाम : मनिराम थारु
आमाको नाम : शिलाकुमारीदेवी चौधरी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



हसुलिया गाविस-६ का २० वर्षीय लक्ष्मीप्रसाद चौधरीलाई माओवादी कार्यकर्ताले मसुरियामा काम छ भनी ०६० चैत २४ गते लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

(१२) **मानबहादुर बम**

जन्म मिति/उमेर : २०३९ माघ २५ गते/१९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६० असार २१ गते
घटनास्थल : कैलाली जिल्ला रामशिखर झाला गाविस-८
पेशा : प्रहरी जवान, जिल्ला प्रहरी कार्यालय बाजुर
स्थायी ठेगाना : कैलाली जिल्ला रामशिखर झाला गाविस-८
बाबुको नाम : दिपबहादुर बम
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

रामशिखरझाला गाविस-८ निवासी जिल्ला प्रहरी



कार्यालय बाजुरामा कार्यरत प्रहरी जवान १९ वर्षीय मानबहादुर बमलाई ०६० असार २१ गते माओवादीले घरबाटै अपहरण गरी लगेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। युनिफाइड कमाण्डको तालिम लिनका लागि कैलालीस्थित तेघरी व्यारेकमा आएका बेला उनी परिवारलाई भेट्न घर आएका थिए। नेपाल सरकारले पीडित परिवारलाई ७ लाख ५० हजार राहतस्वरुप उपलब्ध गराएको छ।

# ५.२ अछाम

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### शाही नेपाली सेनाबाट

(१) **चन्द्रराज पाण्डेय**

जन्म मिति/उमेर : २०३१ वैशाख १ गते/३० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ चैत ३० गते
घटनास्थल : डोटी जिल्ला छतिवन गाविस-२
पेशा : कृषि
स्थायी ठेगाना : अछाम जिल्ला लुङ्गा गाविस-३
वैवाहिक स्थिति : विवाहित
छोरा/छोरी सङ्ख्या : १/१

**विवरण**



लुङ्गा गाविस-३ का चन्द्रराज पाण्डेयलाई भारतबाट घर फर्किरहेको अवस्थामा ०६१ चैत ३० गते डोटी जिल्लाको छतिवन गाविस-२ स्थित बुडर

ब्यारेकमा चेकचाँजका लागि लाइन बस्दा सेनाले गिरफ्तार गरी लगेकोमा हालसम्म उनको अवस्था अज्ञात छ। नेपाल रेडक्रसले पीडित परिवारलाई राहतस्वरुप ७ हजार रुपियाँ उपलब्ध गराएको छ।

(२) **भोज मिजार**

जन्म मिति/उमेर : २०२९ असार ४ गते/३२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०६१ असोज ७ गते
घटनास्थल : डोटी जिल्ला दिपायल सिलगढी नपा-७
पेशा : कृषि
स्थायी ठेगाना : अछाम जिल्ला तिमिल्सेन गाविस-४
बाबुको नाम : भैरे मिजार
आमाको नाम : कौशिला मिजार
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : अमृता मिजार
छोरा/छोरी सङ्ख्या : २/२
अन्य आश्रित सङ्ख्या : १५

**विवरण**



तिमिल्सेन गाविस-४ का ३२ वर्षीय भोज मिजारलाई भारतबाट घर फर्किरहेको अवस्थामा ०६१ असोज ७ गते डोटी जिल्लाको दिपायल सिलगढी नपा-७ पिपल्ला बजारबाट सेनाले गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

(३) **अम्मर रोकाया**

जन्म मिति/उमेर : २०१२ साउन ५ गते/४६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन ६ गते
घटनास्थल : कैलाली जिल्ला मालाखेती गाविस-८
पेशा : कृषि
स्थायी ठेगाना : अछाम जिल्ला रामारोशन गाविस-९, पातल
बाबुको नाम : मनरोम रोकाया
वैवाहिक स्थिति : विवाहित

**विवरण**

रामारोशन गाविस-९, पातलका ४६ वर्षीय अम्मर रोकायालाई ०५८ फागुन ६ गते बसबाट कैलाली गइरहेको अवस्थामा कैलाली जिल्लाको मालाखेती गाविस-८ स्थित तेघरी ब्यारेकमा सेनाले चेकजाँचको क्रममा गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

# ५.३ डोटी

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

(१) **गङ्गाराम सार्की**

जन्म मिति/उमेर : २०२३/३६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ वैशाख १९ गते
घटनास्थल : डोटी जिल्ला वर्छेन गाविस-८
पेशा : कृषि
स्थायी ठेगाना : डोटी जिल्ला घाङ्गल गाविस-५, मुलेचौर
बाबुको नाम : बलबहादुर सार्की
वैवाहिक स्थिति : विवाहित
छोरा/छोरी सङ्ख्या : ४/७
अन्य आश्रित सङ्ख्या : ५

**विवरण**



घाङ्गल गाविस-५, मुलेचौर का ३६ वर्षीय गङ्गाराम सार्कीलाई घरमा काम गरिरहेको समयमा ०५९ वैशाख १९ गते सुरक्षाकर्मीले

गिरफ्तार गरी लगेकोमा हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय डोटीले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२) **देवीकुमारी आचार्य**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०२२ भदौ २६ गते/३७ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ वैशाख १९ गते |
| घटनास्थल | : डोटी जिल्ला घोड्गल गाविस-५ |
| पेशा | : कृषि |
| स्थायी ठेगाना | : डोटी जिल्ला घोड्गल गाविस-५ |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : टेकराज आचार्य |
| छोरा/छोरी सङ्ख्या | : २/५ |
| अन्य आश्रित सङ्ख्या | : ८ |

**विवरण**


घाड्गल गाविस-५ की ३७ वर्षीया देवीकुमारी आचार्यलाई ०५९ वैशाख १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा हालसम्म उनको अवस्था अज्ञात छ।

## पीडक पक्ष नेकपा माओवादीबाट

(३) **तेजराज बिनाडी**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३५ भदौ २५ गते/२४ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ मङ्सिर २६ गते |
| घटनास्थल | : कैलाली जिल्ला रामशिखर झाला गाविस-७ |
| पेशा | : अध्ययन |
| स्थायी ठेगाना | : डोटी जिल्ला सातफेरी गाविस-७, जोराघाट |
| बाबुको नाम | : पदमराज बिनाडी |
| आमाको नाम | : लक्ष्मीदेवी बिनाडी |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



सातफेरी गाविस-७, जोराघाट का २४ वर्षीय तेजराज बिनाडीलाई कैलाली जिल्ला रामशिखरझाला गाविस-७ घरमा बसिरहेको अवस्थामा ०५९ मङ्सिर २६ गते माओवादी कार्यकर्ताहरूले काम छ भनी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

# ५.४ बाजुरा

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

## शाही नेपाली सेनाबाट

(१) **हरि विक**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४० साउन ५ गते/२० वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६० मङ्सिर ९ गते |
| घटनास्थल | : दार्चुल |
| पेशा | : राजनीति (नेकपा माओवादी सेना, सेक्सन कमाण्डर) |
| स्थायी ठेगाना | : बाजुरा जिल्ला साप्पाटा गाविस-९, मुक्तिकोट |
| बाबुको नाम | : गरे विक |
| आमाको नाम | : लालसरा विक |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**

साप्पाटा गाविस-९, मुक्तिकोट निवासी माओवादी सेना सेक्सन कमाण्डर २० वर्षीय हरि विकलाई ०६० मङ्सिर ९ गते सेनाले दार्चुला जिल्लाबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

# ५.६ कञ्चनपुर

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

**(१) सर्जुन राना**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३६ चैत ५ गते/२३ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ असोज १० गते |
| घटनास्थल | : | कञ्चनपुर जिल्ला दैजी गाविस-९, रानादैजी |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | कञ्चनपुर जिल्ला दैजी गाविस-९, रानादैजी |
| बाबुको नाम | : | रामनाथ राना |
| आमाको नाम | : | बिल्ला राना |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | धुमनी राना |

**विवरण**



दैजी गाविस-९, रानादैजीका २३ वर्षीय सर्जुन रानालाई ०५९ असोज १० गते संयुक्त सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(२) धनीराम चौधरी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४५ साउन २१ गते/१४ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ मङ्सिर २६ गते |
| घटनास्थल | : | कञ्चनपुर जिल्ला श्रीपुर गाविस-२ |
| पेशा | : | ज्यालादारी |
| स्थायी ठेगाना | : | कञ्चनपुर जिल्ला श्रीपुर गाविस-४, मोतीपुर |
| बाबुको नाम | : | चिल्लुराम चौधरी |
| आमाको नाम | : | रामकली चौधरी |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**



श्रीपुर गाविस-४ मोतीपुरका १४ वर्षीय धनीराम चौधरीलाई ०५९ मङ्सिर २६ गते सेनाले श्रीपुर गाविस-२ भकुण्डा कोलुमा काम गरिरहेको अवस्थामा गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

**(३) कृष्णबहादुर चौधरी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३८ भदौ २३ गते/२० वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ फागुन १० गते |
| घटनास्थल | : | कञ्चनपुर जिल्ला शंकरपुर गाविस-१ |
| पेशा | : | राजनीति (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : | कञ्चनपुर जिल्ला देखतभुली गाविस-६, सिकलपट्टी |
| बाबुको नाम | : | रामबहादुर चौधरी |
| आमाको नाम | : | नोहरी चौधरी |
| वैवाहिक स्थिति | : | अविवाहित |

**विवरण**

देखतभुली गाविस-६, सिकलपट्टी निवासी माओवादी कार्यकर्ता २० वर्षीय कृष्णबहादुर चौधरीलाई २०५८ फागुन १० गते संयुक्त सुरक्षाकर्मीले शंकरपुर गाविस-१ कञ्जमा बाटोबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन

कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(४) **सुरेश राना**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३२ भदौ १० गते/२२ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ असोज १० गते |
| घटनास्थल | : | कञ्चनपुर जिल्ला दैजी गाविस-९, रानादैजी |
| पेशा | : | शिक्षण, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : | कञ्चनपुर जिल्ला दैजी गाविस-९, रानादैजी |
| बाबुको नाम | : | अनिरुद्र राना |
| आमाको नाम | : | नन्दकली राना |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | फुलदेवी राना |
| छोरा/छोरी सङ्ख्या | : | २ |

**विवरण**

दैजी गाविस-९, रानादैजी निवासी माओवादी कार्यकर्ता २२ वर्षीय सुरेश रानालाई ०५९ असोज १० गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

## शाही नेपाली सेनाबाट

(५) **राजकुमार चौधरी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०३८ मङ्सिर ३ गते/२० वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५८ चैत १६ गते |
| घटनास्थल | : | कञ्चनपुर जिल्ला शंकरपुर गाविस-८, दुङ्गा |
| पेशा | : | कृषि |
| स्थायी ठेगाना | : | कञ्चनपुर जिल्ला शंकरपुर गाविस-८, दुङ्गा |
| बाबुको नाम | : | सघनबहादुर चौधरी |
| आमाको नाम | : | रामकुमारी चौधरी |
| वैवाहिक स्थिति | : | विवाहित |
| पति/पत्नीको नाम | : | अनिता चोधरी |
| छोरा/छोरी सङ्ख्या | : | १/१ |

**विवरण**



शंकरपुर गाविस-८, दुङ्गाका २० वर्षीय राजकुमार चौधरीलाई ०५८ चैत १६ गते सेनाले घरबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(६) **ज्ञानुसिंह चौधरी**

| | | |
|---|---|---|
| जन्म मिति/उमेर | : | २०४१ भदौ १२ गते/१८ वर्ष |
| लिङ्ग | : | पुरुष |
| घटना मिति | : | २०५९ मङ्सिर ५ गते |
| घटनास्थल | : | कञ्चनपुर जिल्ला देखतभुली गाविस-९, कटान |
| पेशा | : | राजनीति (नेकपा माओवादी कार्यकर्ता) |
| स्थायी ठेगाना | : | कञ्चनपुर जिल्ला देखतभुली गाविस-९, कटान |
| बाबुको नाम | : | जगतराम चौधरी |
| आमाको नाम | : | जोखनी चौधरी |
| वैवाहिक स्थिति | : | अविवाहित |
| पति/पत्नीको नाम | : | अविवाहित |

**विवरण**



देखतभुली गाविस-९, कटान निवासी १८ वर्षीय माओवादी कार्यकर्ता ज्ञानुसिंह चौधरीलाई ०५९ मङ्सिर ५ गते सेनाले घरबाटै गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(७) **राजु राना**

जन्म मिति/उमेर : २०४० वैशाख १२ गते/१९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ मङ्सिर ५ गते
घटनास्थल : कञ्चनपुर जिल्ला देखतभुली गाविस-८, भुली
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला देखतभुली गाविस-८, भुली
बाबुको नाम : चमरु राना
आमाको नाम : घुम्नीदेवी रानावैवाहिक
स्थिति : अविवाहित

**विवरण**



देखतभुली गाविस-८, भुली निवासी माओवादी कार्यकर्ता १९ वर्षीय राजु रानालाई ०५९ मङ्सिर ५ गते सेनाले घरबाटै गिरफ्ता गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(८) **श्यामराज राना**

जन्म मिति/उमेर : २०३८ जेठ १५ गते/२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ भदौ १२ गते
घटनास्थल : कञ्चनपुर जिल्ला शंकरपुर गाविस-१
पेशा : कृषि
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला देखतभुली गाविस-८, भुली
बाबुको नाम : भादु राना
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : पार्वती रानाछोरा/छोरी
सङ्ख्या : १/१

**विवरण**



देखतभुली गाविस-८ का २१ वर्षीय श्यामराज रानालाई ०५९ भदौ १२ गते उनको घर जाने बाटोबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(९) **परमलौटी कुमारी चौधरी**

जन्म मिति/उमेर : २०४३ कात्तिक १३ गते/१५ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५८ फागुन १३ गते
घटनास्थल : कञ्चनपुर जिल्ला देखतभुली गाविस-९, वैवाहपट्टी
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला देखतभुली गाविस-९, कटान
बाबुको नाम : सुन्दरप्रसाद चौधरी
आमाको नाम : लक्ष्मी चौधरी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



देखतभुली गाविस-९, कटान निवासी माओवादी कार्यकर्ता १५ वर्षीय परमलौटी कुमारी चौधरीलाई ०५८ फागुन १३ गते सेनाले सोही गाविसस्थित वैवाहपट्टीबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१०) **भागीराम चौधरी**

जन्म मिति/उमेर : २०४१ भदौ ५ गते/१८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ मङ्सिर २६ गते
घटनास्थल : कञ्चनपुर जिल्ला श्रीपुर गाविस-५
पेशा : कृषि
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला श्रीपुर गाविस-५, मोतीपुर
बाबुको नाम : चिन्तुराम चौधरी
आमाको नाम : रामदुलारी चौधरी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

श्रीपुर गाविस-५, मोतीपुरका १८ वर्षीय भागीराम चौधरीलाई ०५९ मङ्सिर २६ गते घरमा सुतिरहेको बेला गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(११) **सुन्दर चौधरी**

जन्म मिति/उमेर : २०४५ कात्तिक २१ गते/१४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ भदौ २९ गते
घटनास्थल : कञ्चनपुर जिल्ला पिपलाडी गाविस-६, पिपलाडी
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला पिपलाडी गाविस-६, पिपलाडी
बाबुको नाम : कलङ्गबहादुर चौधरी
आमाको नाम : रिसिया चौधरी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

पिपलाडी गाविस-६ पिलाडीका १४ वर्षीय सुन्दर चौधरीलाई माओवादी भएको आरोपमा ०५९ भदौ २९ गते उनकै घरबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१२) **प्रकाश चौधरी**

जन्म मिति/उमेर : २०४६ माघ २२ गते/१३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ भदौ २९
घटनास्थल : कञ्चनपुर जिल्ला पिपलाडी गाविस-६, पिपलाडी
पेशा : अध्ययन (राष्ट्रिय उच्च मावि, पिपलाडी)
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला पिपलाडी गाविस-६, पिपलाडी
बाबुको नाम : सुरत चौधरी
आमाको नाम : बेफनिया चौधरी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



पिपलाडी गाविस-६, पिपलाडीका १३ वर्षीय प्रकाश चौधरीलाई माओवादी भएको आरोपमा ०५९ भदौ २९ गते सेनाले घरबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१३) **मिलाप राना**

जन्म मिति/उमेर : २०३० जेठ १४ गते/२९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ कात्तिक १५ गते
घटनास्थल : कञ्चनपुर जिल्ला देखतभुली गाविस-२
पेशा : शिक्षण, नेकपा माओवादी एरिया कमिटी सदस्य
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला दैजी गाविस-९, रानादैजी
बाबुको नाम : रंगनन्दन राना
आमाको नाम : सिलोचना राना

वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : कमला राना
छोरा/छोरी सङ्ख्या : ०/२

**विवरण**

दैजी गाविस-९, रानादैजी निवासी माओवादी कार्यकर्ता २९ वर्षीय मिलाप रानालाई सेनाले ०५९ कात्तिक १५ गते देखतभुली गाविस-२ पर्सियास्थित सेल्टरबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१४) **भुवन विष्ट**

जन्म मिति/उमेर : २०४६ असोज २३ गते/१२ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ चैत २ गते
घटनास्थल : कञ्चनपुर जिल्ला बेलडाँडी गाविस-४, रतनपुर
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला बेलडाँडी गाविस-४, रतनपुर
बाबुको नाम : केशव विष्ट
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

बेलडाँडी गाविस-४, रतनपुरका १२ वर्षीय भुवन विष्टलाई ०५८ चैत २ गते सेनाले घरबाटै गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१५) **बहादुर चौधरी**

जन्म मिति/उमेर : २०२४/३४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन २२ गते
घटनास्थल : कञ्चनपुर जिल्ला रामपुर विलासपुर गाविस-१
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला वेलडाँडी गाविस-२, बैवाह
बाबुको नाम : विजल्या चौधरी
आमाको नाम : तहिया चौधरी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : जयमती चौधरी
छोरा/छोरी सङ्ख्या : २/२

**विवरण**

वेलडाँडी गाविस-२, बैवाह निवासी माओवादी कार्यकर्ता बहादुर चौधरीलाई भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले गिरफ्तार गरी सेनालाई सुपुर्दगी गरेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१६) **जिउधन चौधरी**

जन्म मिति/उमेर : २०३३ वैशाख १०/२५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन २२ गते
घटनास्थल : कञ्चनपुर जिल्ला रामपुर विलासपुर गाविस-१
पेशा : राजनीति (नेकपा माओवादी कार्यकर्ता)
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला वेलडाँडी गाविस-२, बैवाह
बाबुको नाम : बुद्धिराम चौधरी
आमाको नाम : भेठनी चौधरी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : भठनिया चौधरी
छोरा/छोरी सङ्ख्या : २/१

**विवरण**

वेलडाँडी गाविस-२, बैवाह निवासी माओवादी कार्यकर्ता २५ वर्षीय जिउधन चौधरीलार्य ०५८ फागुन २२ गते भारतीय सीमा सुरक्षा बल ( एसएसबी) ले गिरफ्तार गरी सेनालाई सुपुर्दगी गरेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१७) **अर्जुन धामी**

जन्म मिति/उमेर : २०३८ साउन २२ गते/२१ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ माघ २७ गते
घटनास्थल : बाँके जिल्ला नेपालगञ्ज नपा
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला झलारी गाविस-२, जुडा
बाबुको नाम : जयदेव धामी
आमाको नाम : शान्ति धामी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

झलारी गाविस-२, जुडा निवासी माओवादी कार्यकर्ता २१ वर्षीय अर्जुन धामीलाई ०५९ माघ २७ गते सेनाले बाँके जिल्लाको नेपालञ्जबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१८) **लल्टु चौधरी**

जन्म मिति/उमेर : २०३९ मङ्सिर २२ गते/१९ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन १२ गते
घटनास्थल : कञ्चनपुर जिल्ला कृष्णपुर गाविस-९, बलेवाफाँटा
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला कृष्णपुर गाविस-६
बाबुको नाम : लबरु चौधरी
आमाको नाम : शोभामती चौधरी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

कृष्णपुर गाविस-६ निवासी माओवादी कार्यकर्ता १९ वर्षीय लल्टु चौधरीलाई ०५९ फागुन १२ गते सेनलो कृष्णपुर गाविस-९, बलेवाफाँटामा बाटोबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(१९) **किसन चौधरी**

जन्म मिति/उमेर : २०४४ मङ्सिर १५ गते/१४ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन १३ गते
घटनास्थल : कञ्चनपुर जिल्ला कृष्णपुर गाविस-१, सुन्दरीफाँटा
पेशा : विद्यार्थी, अनुरास्ववियु क्रान्तिकारी
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला कृष्णपुर गाविस-९
बाबुको नाम : चन्द्रलाल चौधरी
आमाको नाम : चम्फी चौधरी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



कृष्णपुर गाविस-९ निवासी अनेरास्ववियु क्रान्तिकारी कार्यकर्ता १४ वर्षीय किसन चौधरीलाई ०५८ फागुन १३ गते सेनाले कृष्णपुर गाविस-१, सुन्दरीफाँटाबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२०) **सिताराम चौधरी**

जन्म मिति/उमेर : २०४१ जेठ २२ गते/१८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ असोज ३ गते
घटनास्थल : कञ्चनपुर जिल्ला झलारी गाविस-४, नौखरी
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला झलारी गाविस-४, नौखरी
बाबुको नाम : बाबुराम चौधरी

आमाको नाम : आशी चौधरी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

झलारी गाविस-४, नौखरी निवासी माओवादी कार्यकर्ता १८ वर्षीय सिताराम चौधरीलाई ०५९ असोज ३ गते सेनाले घरबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२१) **हिरमान चौधरी**

जन्म मिति/उमेर : २०२५ कात्तिक २७ गते/३३ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन १३ गते
घटनास्थल : कञ्चनपुर जिल्ला देखतभुली गाविस-९, वैवाहपट्टी
पेशा : शिक्षक, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला कृष्णपुर गाविस-६, मौवाफाँटा
बाबुको नाम : दुवाली चौधरी
आमाको नाम : सन्तोली चौधरी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : निर्मला चौधरीछोरा/छोरी सङ्ख्या : २/२

**विवरण**



कृष्णपुर गाविस-६, मौवाफाँटा निवासी माओवादी कार्यकर्ता ३३ वर्षीय हिरमान चौधरीलाई ०५९ फागुन १३ गते सेनाले देखतभुली गाविस-९, वैवाहपट्टी स्थित सेल्टरबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२२) **हरिसिंह चौधरी**

जन्म मिति/उमेर : २०४०/१८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ कात्तिक २२ गते
घटनास्थल : कञ्चनपुर जिल्ला देखतभुली गाविस-९, कटान
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला कृष्णपुर गाविस-९, बन्जरिया
बाबुको नाम : धनजीउ चौधरी
आमाको नाम : पुन्यादेवी चौधरी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



कृष्णपुर गाविस-९, बन्जरियाका १८ वर्षीय हरिसिंह चौधरीलाई ०५८ कात्तिक २२ गते सेनाले देखतभुली गाविस-९, कटानमा काम गरिरहेको अवस्थामा गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२३) **पुनाराम चौधरी**

जन्म मिति/उमेर : २०३० साउन २७ गते/२८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५८ फागुन २१ गते
घटनास्थल : कञ्चनपुर जिल्ला पिपलाडी गाविस-२, पडाव
पेशा : राजनीति, नेकपा माओवादी एरिया कमिटी सदस्य
ठेगाना : कञ्चनपुर जिल्ला पिपलाडी गाविस-९, बलुवाफाँटा
बाबुको नाम : मनबुझौना चौधरी
आमाको नाम : भोजली चौधरी
वैवाहिक स्थिति : विवाहित

पति/पत्नीको नाम : फगुनीदेवी चौधरी
छोरा/छोरी सङ्ख्या : १/२

**विवरण**



पिपलाडी गाविस-९, बलुवाफाँटा निवासी माओवादी एरिया कमिटी सदस्य २८ वर्षीय पुनाराम चौधरीलाई सेनाले ०५८ फागुन २१ गते पिपलाडी गाविस-२, पडावस्थित सेल्टरबाट गिरफ्तार गरपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२४) **तारानाथ चौधरी**

जन्म मिति/उमेर : २०३३ जेठ ५ गते/२६ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ मङ्सिर ५ गते
घटनास्थल : कञ्चनपुर जिल्ला कृष्णपुर गाविस-९, बलुवाफाँटा
पेशा : राजनीति, नेकपा माओवादी एरिया कमिटी सदस्य
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला कृष्णपुर गाविस-९, बलुवाफाँटा
बाबुको नाम : तनकराम चौधरी
आमाको नाम : अंगनिया चौधरी
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : विदेशनीदेवी चौधरी
छोरा/छोरी सङ्ख्या : ३/०

**विवरण**

कृष्णपुर गाविस-९, बलुवाफाँटा निवासी माओवादी एरिया कमिटी सदस्य २६ वर्षीय तारानाथ चौधरीलाई ०५९ मङ्सिर ५ गते सेनाले घरबाटै गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२५) **जुगराम चौधरी**

जन्म मिति/उमेर : २०२१ साउन २० गते/३८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ मङ्सिर ५ गते
घटनास्थल : कञ्चनपुर जिल्ला कृष्णपुर गाविस-९, बलुवाफाँटा
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला कृष्णपुर गाविस-९, बलुवाफाँटा
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : परमेश्वरी चौधरी
छोरा/छोरी सङ्ख्या : २/०

**विवरण**

कृष्णपुर गाविस-९, बलुवाफाँटा निवासी माओवादी कार्यकर्ता ३८ वर्षीय जुगराम चौधरीलाई ०५९ मङ्सिर ५ गते सेनाले घरमा सुतिरहेको बेला गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले पीडित परिवारलाई राहतस्वरुप १ लाख रुपियाँ उपलब्ध गराएको छ।

(२६) **मधुकुमारी चौधरी**

जन्म मिति/उमेर : २०४५ जेठ २३ गते/१४ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५९ भदौ २९ गते
घटनास्थल : कञ्चनपुर जिल्ला पिपलाडी गाविस-६, पिपलाडी
पेशा : विद्यार्थी
स्थायी ठेगाना : कञ्चनपुर जिल्ला पिपलाडी गाविस-६, पिपलाडी
बाबुको नाम : छेदुलाल चौधरी
आमाको नाम : अस्तुरिया चौधरी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**



पिपलाडी गाविस-६ पिपलाडीका १४ वर्षीया मधुकुमारी चौधरीलाई माओवादी भएको आरोपमा

०५९ भदौ २९ गते सेनाले घरैबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ ।

# ५.७ डडेल्धुरा

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### संयुक्त सुरक्षाकर्मीबाट

**(१) हर्कबहादुर बुढामगर**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३६ कात्तिक १० गते/२५ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०६१ जेठ १० गते |
| घटनास्थल | : कञ्चनपुर जिल्ला दोधारा गाविस-१ |
| पेशा | : राजनीति, नेकपा माओवादी कार्यकर्ता |
| स्थायी ठेगाना | : डडेलधुरा जिल्ला शिर्ष गाविस-२ |
| बाबुको नाम | : कमान बुढामगर |
| आमाको नाम | : धनसरी बुढामगर |
| वैवाहिक स्थिति | : विवाहित |
| पति/पत्नीको नाम | : रुपादेवी बुढामगर |
| छोरा/छोरी सङ्ख्या | : ३/१ |

**विवरण**

शिर्ष गाविस-२ निवासी माओवादी कार्यकर्ता २५ वर्षीय हर्कबहादुर बुढामगरलाई ०६१ जेठ १० गते सुरक्षाकर्मीले कञ्चनपुर जिल्लाको दोधारा गाविस-१ बाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

## पीडक पक्ष नेकपा माओवादीबाट

**(२) भीमबहादुर डाङा**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०४२ साउन २६ गते/१७ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ वैशाख १० |
| घटनास्थल | : डडेलधुरा जिल्ला बगरकोट गाविस-७, बगरकोट |
| पेशा | : विद्यार्थी |
| स्थायी ठेगाना | : डडेलधुरा जिल्ला बगरकोट गाविस-४, सेला |
| बाबुको नाम | : दानसिंह डाङा |
| आमाको नाम | : हरूदेवी डाङा |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**



बगरकोट गाविस-४, सेलाका १७ वर्षीय भीमबहादुर डाङालाई ०५९ वैशाख १० गते माओवादी इलाका इन्चार्जले सरस्वती मावि बगरकोटबाट लगेदेखि हालसम्म उनको अवस्था अज्ञात छ। माओवादी नेताहरूको भनाइअनुसार मकवानपुरको फापरबारीमा सामान किन्न गएका बेला त्यहीँबाट उनी नफर्केका हुन्।

**(३) मानबहादुर साउद**

| | |
|---|---|
| जन्म मिति/उमेर | : २०३५ माघ १८ गते/२४ वर्ष |
| लिङ्ग | : पुरुष |
| घटना मिति | : २०५९ जेठ २९ गते |
| घटनास्थल | : सल्यान जिल्ला दामाचौर गाविस-९ |
| पेशा | : प्रहरी जवान |
| स्थायी ठेगाना | : डडेलधुरा जिल्ला शिर्ष गाविस-७, कटाल |
| बाबुको नाम | : लालबहादुर साउद |
| वैवाहिक स्थिति | : अविवाहित |

**विवरण**

शिर्ष गाविस-७, कटालका २४ वर्षीय मानबहादुर साउदलाई ०५९ जेठ २९ गते सल्यान जिल्ला दामाचौर गाविस-९ मा संयुक्त सुरक्षाकर्मी र माओवादीबिच भएको भिडन्तपछि माओवादीले बेपत्ता पारे।

(४) **मदनबहादुर बोहरा**

**जन्म मिति/उमेर : २०३४ फागुन २७ गते/२७ वर्ष**
लिङ्ग : पुरुष
घटना मिति : २०६१ पुस २७ गते
घटनास्थल : डडेलधुरा जिल्ला जोगबुडा गाविस-९, दोबाटो
पेशा : राजनीति, नेकपा माओवादी सेना प्लाटुन कमाण्डर
स्थायी ठेगाना : डडेलधुरा जिल्ला जोगबुडा गाविस-६, जफती
बाबुको नाम : गगनसिंह बोहरा
आमाको नाम : चम्फादेवी बोहरा
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

जोगबुडा गाविस-६, जफती निवासी माओवादी सेना प्लाटुन कमाण्डर २७ वर्षीय मदनबहादुर बोहरालाई ०६१ पुस २७ गते माओवादीले नै कारबाही गरी जोगबुढा गाविस-९, दोबाटो श्रमशिविरबाट लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। उनलाई माओवादीले यौन दुर्व्यवहारको आरोपमा श्रमशिविरमा राखेको थियो।

# ५.८ बैतडी

## पीडक पक्ष (संयुक्त सुरक्षाकर्मी, शाही नेपाली सेना र नेपाल प्रहरी)

### शाही नेपाली सेनाबाट

(१) **रमेशबहादुर चन्द**

जन्म मिति/उमेर : २०३९ मङ्सिर २५ गते/२० वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ कात्तिक ४ गते
घटनास्थल : बैतडी जिल्ला महाकाली गाविस-६, मटेला
पेशा : राजनीति, नेकपा माओवादी कार्यकर्ता
स्थायी ठेगाना : बैतडी जिल्ला महाकाली गाविस-६, मटेला
बाबुको नाम : मदनबहादुर चन्द
आमाको नाम : जयन्तीदेवी चन्द
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

महाकाली गाविस-६, मटेलाका २७ वर्षीय रमेशबहादुर चन्दलाई माओवादी भएको आरोपमा ०५९ कात्तिक ४ गते घरैबाट गिरफ्तार गरी लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

### पीडक पक्ष नेकपा माओवादीबाट

(२) **कविराज भट्ट**

जन्म मिति/उमेर : २०२८ जेठ ८ गते/२८ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५६ जेठ २२ गते
घटनास्थल : बैतडी जिल्ला भौनेली गाविस-९, बिजुला
पेशा : कृषि
स्थायी ठेगाना : बैतडी जिल्ला भौनेली गाविस-९, बिजुला
बाबुको नाम : गंगादत्त भट्ट
आमाको नाम : कोशिला भट्ट
वैवाहिक स्थिति : विवाहित
पति/पत्नीको नाम : पार्वती भट्ट
अन्य आश्रित सङ्ख्या : ४

**विवरण**

भौनेली गाविस-९, बिजुलाका २८ वर्षीय कविराज भट्टलाई ज्योतिषी काम गरेको आरोपमा ०५६ जेठ २२ गते माओवादीले घरैबाट लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ।

(३) **चन्द्रा बोगटी**

जन्म मिति/उमेर : २०४६ असार ७ गते/१३ वर्ष
लिङ्ग : महिला
घटना मिति : २०५९ साउन ३ गते
घटनास्थल : डडेलधुरा जिल्ला जोगबुडा गाविस-१, जोगबुडा
पेशा : विद्यार्थी

स्थायी ठेगाना : बैतडी जिल्ला दशरथचन्द नपा-२, भूलगाँउ
बाबुको नाम : रामप्रसाद बोगटी
आमाको नाम : तुलसी बोगटी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

दशरथचन्द नपा-२, भूलगाँउकी १३ वर्षीया चन्द्रा बोगटीलाई ०५९ साउन ३ गते डडेलधुरा जिल्ला जोगबुडा गाविस-१ स्थित सिद्धनाथ उमावि जयपुरबाट माओवादीले अभियानमा लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। स्थानीय शान्ति समिति बैतडीले उनलाई बेपत्ता भएको ठहर गरी राहतका लागि सिफारिस गरेको छ।

(४) **मनोज बोगटी**

जन्म मिति/उमेर : २०४४ साउन ८ गते/१५ वर्ष
लिङ्ग : पुरुष
घटना मिति : २०५९ साउन ३ गते
घटनास्थल : डडेलधुरा जिल्ला जोगबुडा गाविस-१, जोगबुडा
पेशा : विद्यार्थी
स्थायी ठेगाना : बैतडी जिल्ला दशरथचन्द नपा-२, भूलगाँउ
बाबुको नाम : रामप्रसाद बोगटी
आमाको नाम : तुलसी बोगटी
वैवाहिक स्थिति : अविवाहित

**विवरण**

दशरथचन्द नपा-२, भूलगाँउका १५ वर्षीय मनोज बोगटीलाई ०५९ साउन ३ गते डडेलधुरा जिल्ला जोगबुडा गाविस-१ स्थित सिद्धनाथ उमावि जयपुरबाट माओवादीले अभियानमा लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। स्थानीय शान्ति समिति बैतडीले उनलाई बेपत्ता भएको ठहर गरी राहतका लागि सिफारिस गरेको छ।

# अनुसूची : १

# सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता भएकाहरूको नामावली

सशस्त्र द्वन्द्वका समयमा राज्य वा गैरराज्य पक्ष भन्ने नखुलेको र अज्ञात समूह आदीद्वारा बेपत्ता पारिएका तथा भएको भनी इन्सेक जिल्ला प्रतिनिधिबाट अभिलेख भई आएका व्यक्तिहरूको पूर्ण विवरण प्राप्त नभएकोले पाएसम्मको विवरण सूचिकृत गरी समावेश गरिएको छ।

## पूर्वाञ्चल क्षेत्र

**इलाम**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| १ | डिल्लीराम मादेन | २५ वर्ष | इलाम | बाँझो गाविस-८ | आफ्नै घरबाट | २०५८ फागुन १० गते |
| २ | नीरबहादुर रिजाल | ३४ वर्ष | इलाम | जिरमले गाविस-४ | आफ्नै घरबाट | २०६१ फागुन १४ गते |

**पाँचथर**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ३ | निसन राई | ७ वर्ष | पाँचथर | आरुबोटे गाविस-२ | आफ्नै घरबाट | २०६० वैशाख २ गते |

**मोरङ**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ४ | शिवनारायण गनगाइं | ४४ वर्ष | मोरङ | विनीजहदा गाविस-५ | विनीजहदा गाविस-५, मोरङ | २०६० फागुन ११ गते |

**धनकुटा**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ५ | दीलबहादुर मखरा | | धनकुटा | डाँडागाउँ गाविस-९ | चैनपुर गाविस, संखुवाभा | २०५९ माघ २९ गते |
| ६ | बमबहादुर मगर | ४८ वर्ष | धनकुटा | भेडेटार गाविस-९ | काठमाण्डौ | २०६१ साल |

**भोजपुर**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ७ | जगन्नाथ पराजुली | २८ वर्ष | भोजपुर | आङतेप गाविस, मुलावारी | चरम्बी गाविस-५ भोजपुर | २०५७ असार १ गते |
| ८ | लोकेन्द्र दाहाल | २७ वर्ष | भोजपुर | गुप्तेश्वर गाविस-९ | फत्तेपुर गाविस-७, सतरी | २०६० जेठ २१ गते |

सप्तरी

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ९ | रामअबतार यादव | ४२ वर्ष | सप्तरी | फकिरा गाविस-८ | राजविराज नपा-५, सप्तरी | २०६३ असार १३ गते |

उदयपुर

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| १० | टीकाबहादुर बस्नेत | ३९ वर्ष | उदयपुर | वाहा गाविस-१ | वाह गाविस-९, उदयपुर | २०५८ माघ ९ गते |

सोलुखुम्बु

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ११ | रामकुमार कार्की | | सोलुखुम्बु | नेले गाविस-४ | जुमिङ गवि-३ सोलुखुम्बु | २०५८ जेठ २२ गते |
| १२ | सीताराम राइ | २७ वष | सोलुखुम्बु | देउसा गाविस-५ | आफ्नै घरबाट | २०५९ वैशाख २७ गते |

## मध्यमाञ्चल क्षेत्र

रामेछाप

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| १३ | शंकर बुढाथोकी | | रामेछाप | गेलु गाविस-१, भोले | गेलु गाविस-१, रामेछाप | २०६२ साउन २१ गते |
| १४ | रोललबहादुर खड्का | २७ वर्ष | रामेछाप | चुचुरे गाविस-४ | गोरखा जिल्ला | २०५९ साल |
| १५ | विपीनकुमार केसी | २३ वर्ष | रामेछाप | बेताली गाविस-८ | काठमाण्डौ मनपा-३४, सिनामंगल | २०६० असार १४ गते |
| १६ | ओमबहादुर विश्वकर्मा | २४ वर्ष | रामेछाप | हिमगंगा गाविस-७ | स्याङ्जा जिल्ला | २०५९ असोज ३ गते |
| १७ | रेशम खडका (सुब्बा) | २४ वर्ष | रामेछाप | नामाडी गाविस-५ | फपु गाविस, रामेछाप | २०६१ असोज २६ गते |
| १८ | थमकुमारी विश्वकर्मा | १२ वर्ष | रामेछाप | नामाडी गाविस-३ | आफ्नै घरबाट | २०५८ असोज १५ गते |
| १९ | लोकबहादुर खड्का | ३७ वर्ष | रामेछाप | नामाडी गाविस-७ | खिम्ती गाविस-२, रामेछाप | २०६० भदौ १८ गते |
| २० | रामजी खडका (हक) | ४४ वर्ष | रामेछाप | नामाडी गाविस-५ | भरतपुर नपा, चितवन | २०५९ असार ६ गते |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | जमुना कार्की | ३७ वर्ष | रामेछाप | गोठगाउँ गाविस-७ | आफ्नै घरबाट | २०५९ कार्तिक ११ गते |
| २२ | हर्कबहादुर तामाङ | १९ वर्ष | रामेछाप | नागदह गाविस-८ | दाङ जिल्ला | २०५७ माघ १२ गते |

**बारा**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| २३ | सन्तोषप्राद साह | २१ वर्ष | बारा | तेलकुवा गाविस-१ | वीरगञ्ज उपमनपा, पर्सा | २०६१ साल |

**चितवन**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| २४ | गिरेन्द्रकुमार श्रेष्ठ | २१ वर्ष | चितवन | मंगलपुर गाविस-३ | बेशीहर गाविस-१, लमजुङ | २०६१ असोज १४ गते |
| २५ | दीपक थिङ | २४ वर्ष | चितवन | जुटपानी गाविस-३ | आफ्नै घरबाट | २०६२ वैशाख १७ गते |

**काभ्रे**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| २६ | अच्युतप्रसाद पाडेल | ३९ वर्ष | काभ्रे | शारदाबतासे गाविस-८ | विदुर नपा, नुवाकोट | २०६० साउन २८ गते |
| २७ | प्रेमप्रसाद गौतम | ३२ वर्ष | काभ्रे | पोखरीचौरी गाविस-७ | आफ्नै घरबाट | २०५३ साउन २३ गते |
| २८ | रामप्रसाद दाहाल | ३४ वर्ष | काभ्रे | काभ्रे गाविस गाविस-६ | पाँचखाल गाविस, काभ्रे | २०५३ भदौ ५ गते |
| २९ | विदुरराज लिवाल | १९ वर्ष | काभ्रे | मेथिनकोट गाविस-२ | काठमाडौ | २०५९ भदौ १८ गते |
| ३० | देववहादुर श्रेष्ठ | २६ वर्ष | काभ्रे | सल्लेभुम्लु गाविस-७ | स्वयम्भू, काठमाडौ | २०६२ मंसिर १४ गते |
| ३१ | सन्तोष लामा | २२ वर्ष | काभ्रे | बोल्देफेदिचे गाविस-४ | लाजिम्पाट, काठमाडौ | २०६१ असोज २१ गते |
| ३२ | राजकुमार कार्की | ३८ वर्ष | काभ्रे | चलाल गणेशस्थान-५ | आफ्नै घरबाट | २०५७ साउन १८ गते |
| ३३ | सानुकाजी श्रेष्ठ | ३९ वर्ष | काभ्रे | पाँचखाल गाविस-९ | पाँचखाल गाविस-१ काभ्रे | २०५९ मंसिर ३ गते |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३४ | नरेन्द्रबहादुर खड्का | ५९ वर्ष | काभ्रे | चलाल गणेशस्थान गाविस-६ | आफ्नै घरबाट | २०५४ कार्तिक २९ गते |
| ३५ | काजीबाबु चौहान | ३२ वर्ष | काभ्रे | चलाल गणेशस्थान गाविस-६ | पनौती नपा-१० काभ्रे | २०५३ असार २० गते |
| ३६ | रघुनाथ बडाल | २४ वर्ष | काभ्रे | मंगलटार गाविस-५ | काठमाडौ, कोटेश्वर | २०५९ वैशाख २२ गते |

धादिङ

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ३७ | पेम्बा तामाङ | ३७ वर्ष | धादिङ | मार्पाक गाविस-१ | कीतिपुर नपा, काठमाण्डौ | २०५९ असार १३ गते |
| ३८ | सीताराम बराल (किरण) | २६ वर्ष | धादिङ | किरानचोक गाविस-१ | कविलास गाविस, चितवन | २०६२ फागुन ७ गते |

सिन्धुपाल्चोक

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ३९ | पासाङ तामाङ (कुमार) | १९ वर्ष | सिन्धुपाल्चोक | राम्चे गाविस-२ | काठमाण्डौ मनपा-३१ बागबजार | नखुलेको |
| ४० | सीताराम नेपाल | | सिन्धुपाल्चोक | फुलपिङकोट गाविस-३ | रुपन्देही | २०५९ वैशाख १४ गते |
| ४१ | विनोद भट्टराई | | सिन्धुपाल्चोक | बोडेगाउँ गाविस-३ | कामनपा-३४, सिनामंगल | २०५६ वैशाख ९ गते |

## पश्चिमाञ्चल क्षेत्र

तनहुँ

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ४२ | दिलीपचन्द्र हडखले | २१ वर्ष | तनहुँ | व्यास नपा-१ | सामाखुी, काठमाण्डौ | २०६० माघ ७ गते |

स्याङ्जा

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ४३ | डासीराम शर्मा | २२ वर्ष | स्याङ्जा | भाटखोला गाविस-६ | पोखरा उपमनपा-१, कास्की | २०५६ भदौ १९ गते |

**कास्की**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ४४ | रामचन्द्र गिरी | ४४ वर्ष | कास्की | कास्कीकोट गाविस-६ | पोखरा | २०६० माघ २१ गते |

**नवलपरासी**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ४५ | वैजनाथ चौधरी | २४ वर्ष | नवलपरासी | अमराङ गाविस-७ | मकर गाविस-७, नवलपरासी | २०६२ वैशाख ८ गते |
| ४६ | रामलाल भट्टराई | २८ वर्ष | नवलपरासी | शिवमन्दिर गाविस-८ | आफ्नै घरबाट | २०५५ कार्तिक ३ गते |
| ४७ | नवरत्न सिंह | २४ वर्ष | नवलपरासी | त्रिवेणीसुस्ता गाविस-७ | आफ्नै घरबाट | २०६२ असोज १७ गते |

**पाल्पा**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ४८ | शिवबहादुर गोदार | ३२ वर्ष | पाल्पा | बन्दीपोखरा गाविस-५ | देउराली गाविस, पाल्पा | २०५५ फागुन १५ गते |

**गुल्मी**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ४९ | वीरेन्द्र केसी | ३८ वर्ष | गुल्मी | भनभने गाविस-७ | कीर्तिपुर, काठमाडौं | २०६१ वैशाख २८ गते |
| ५० | नवराज पन्थी | २८ वर्ष | गुल्मी | तम्खास गाविस | भिडगिठे गाविस, बाग्लुङ | २०५६ असोज ६ गते |

**पर्वत**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ५१ | सूर्यप्रसाद पौडेल | २२ वर्ष | पर्वत | काकिनेटा गाविस-३ | पोखरा उपमनपा-३, कास्की | २०६२ साउन २ गते |
| ५२ | श्याम प्रसाद पौडेल | २६ वर्ष | पर्वत | लिमिठाना गाविस-४ | गोगँबु, काठमाडौं | २०६० असार ६ गते |

**म्याग्दी**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ५३ | गैसरी विक | १५ वर्ष | म्याग्दी | बेवाङ गाविस-९ | अर्थुङगे गाविस-१, म्याग्दी | २०६० चैत ७ गते |

## मध्यपश्चिमाञ्चल क्षेत्र

### दाङ

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ५४ | लिलम चौधरी | २२ वर्ष | दाङ | फुलवारी गाविस-५ | माके गाविस-७, सल्यान | २०६२ पुस १२ गते |
| ५५ | हरिलाल चौधरी | ३३ वर्ष | दाङ | फूलवारी गाविस-७ | आफ्नै घरबाट | २०६२ भदौ १ गते |

### प्युठान

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ५६ | कुमारी विक | | प्युठान | गोठीवाङ गाविस-३ | | |
| ५७ | कोशल गिरी | | प्युठान | तोरवाङ गाविस-१ | | |
| ५८ | गिरबहादुर के.सी | | प्युठान | मरण्ठाना गाविस-६ | | |

### रोल्पा

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ५९ | दलबहादुर बुढामगर | ४८ वर्ष | रोल्पा | कोचावाङ गाविस-७ | कोचावाङ गाविस-१, रोल्पा | २०५९ वैशाख ३१ गते |

### बर्दिया

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ६० | महंगु थारू | ५२ वर्ष | बर्दिया | बगनाहा गाविस-९ | आफ्नै घरबाट | २०६० असोज २१ गते |
| ६१ | धमराज रिजाल | २० वर्ष | बर्दिया | धधवार गाविस-२ | आफ्नै घरबाट | २०५९ भदौ ९ गते |
| ६२ | मानबहादुर वली | ४४ वर्ष | बर्दिया | कालिका गाविस-८ | कोहलपुर गाविस-३, बाँके | २०६२ असार ९ गते |
| ६३ | मानबहादुर बुढा | ३४ वर्ष | बर्दिया | नेउलापुर गाविस-५ | नराकोट गाविस-९, जुम्ला | २०६१ वैशाख १० गते |

### जुम्ला

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ६४ | रामबहादुर शाही | | जुम्ला | कालिकाखेतु गाविस | कालिकाखेतु गाविस, जुम्ला | |
| ६५ | हरिप्रसाद पाण्डे | ३८ वर्ष | जुम्ला | गर्ज्याङकोट गाविस | कालिकाखेतु गाविस, जुम्ला | २०५५ माघ |

## सुदूरपश्चिमाञ्चल क्षेत्र

**कैलाली**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ६६ | कर्णबहादुर सिंह | ५६ वर्ष | कैलाली | मुरिया गाविस-९ | मुरिया गाविस-९ कैलाली | २०५८ पुस २१ गते |

**अछाम**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ६७ | हिरा परियार | १९ वर्ष | अछाम | जाल्पादेवी गाविस-५ | आफ्नै घरबाट | २०६२ कार्तिक १० गते |
| ६८ | मदनबहादुर शाह | ३४ वर्ष | अछाम | वजनाथ गाविस-६ | आफ्नै घरबाट | २०५८ चैत १७ गते |

**बाजुरा**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ६९ | जनकबहादुर सिंह | ३७ वर्ष | बाजुरा | ब्रम्हतोला गाविस-३ | आफ्नै घरबाट | २०५८ माघ ४ गते |

**कञ्चनपुर**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ७० | रायभान धामी | २१ वर्ष | कञ्चनपुर | सुडा गावि-६ | आफ्नै घरबाट | २०५८ असोज २७ गते |

**डडेल्धुरा**

| क्र.सं | नाम | उमेर | जिल्ला | स्थायी ठेगाना | बेपत्ता भएको स्थान | बेपत्ता मिति |
|---|---|---|---|---|---|---|
| ७१ | प्रेमबहादुर विक | १४ वर्ष | डडेल्धुरा | जोगबुढा गाविस-५ | आफ्नै घरबाट | २०६० असार १५ गते |

# अनुसूची : २

## बेपत्ता पारिने कार्यविरूद्ध र बेपत्ता पारिनबाट नागरिकलाई संरक्षण प्रदान गर्ने अन्तर्राष्ट्रिय मापदण्डहरू

### जबर्जस्ती बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६

जबरजस्ती बेपत्ताबाट सबै व्यक्तिको बचाउ गर्ने अन्तर्राष्ट्रिय महासन्धि
महासभाको प्रस्ताव ६१/१७७ द्वारा २० डिसेम्बर २००६ मा जारी

**प्रस्तावना**

यस महासन्धिका राज्यपक्षहरू,

मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको विश्वव्यापी सम्मान र पालना प्रवर्द्धन गर्ने राज्यहरूको संयुक्त राष्ट्रसङ्घको बडापत्रअन्तर्गतको दायित्वलाई विचार गर्दै,

मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई आदर गर्दै,

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र मानवअधिकार, मानवीय कानुन र अन्तर्राष्ट्रिय फौजदारी कानुनको क्षेत्रका अन्य सान्दर्भिक अन्तर्राष्ट्रिय अध्यालेखहरूको पुनःस्मरण गर्दै,

संयुक्त राष्ट्रसङ्घको महासभाबाट यसको १९९२ डिसेम्बर १८ को प्रस्ताव ४७/१३३ द्वारा जारी जबर्जस्त बेपत्ताबाट सबै व्यक्तिको बचाउ गर्नेसम्बन्धी घोषणापत्रलाई पनि पुनःस्मरण गर्दै,

अपराध, र खास परिस्थितिमा अन्तर्राष्ट्रिय कानुनद्वारा परिभाषित मानवता विरुद्धको अपराध, कायम हुने जबर्जस्त बेपत्ताको चरम गम्भीरताप्रति सचेत रहँदै,

जबर्जस्त बेपत्ताको रोकथाम र जबर्जस्त बेपत्ताको अपराधको अदण्डतालाई परास्त गर्न कृत-सङ्कल्पित भएर,

कुनै पनि व्यक्तिको जबर्जस्त बेपत्ताको भागीदार बन्न नपर्ने अधिकार, पीडितहरूको न्याय तथा परिपूरणको अधिकारलाई ख्याल राख्दै,

जोसुकैको जबर्जस्त बेपत्ताको परिस्थिति, बेपत्ताकृत व्यक्तिको अवस्थाबारे सत्यता जान्न पाउने अधिकार र यसका खातिर जानकारी खोज्न, लिन र बाँड्ने स्वतन्त्रताको अधिकारको पक्कापक्की गर्दै,

निम्न धाराहरूमा सहमत छन् :

**खण्ड १**

**धारा १**

१. कसैलाई पनि जबर्जस्त बेपत्ताको भागीदार बनाइने छैन।

२. युद्धको अवस्था वा युद्धको त्रास, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य सार्वजनिक सङ्कट जेसुकै भए पनि कुनै अपवादजनक परिस्थितिलाई जबर्जस्त बेपत्ताको पुस्ट्याइँका रूपमा याचना गर्न सकिने छैन।

**धारा २**

यस महासन्धिको प्रयोजनका लागि "जबर्जस्त बेपत्ता भन्नाले प्रकारान्तर त्यस्तो व्यक्तिलाई कानुनको संरक्षणबाट बाहिर पार्ने गरी स्वतन्त्रताको हरण गरेको सकार्नमा नामन्जुरी वा बेपत्ता व्यक्तिको अवस्था वा अत्तोपत्तोको दपोट गर्ने हिसाबले राज्यका एजेन्टहरू वा राज्यको अख्तियारी, समर्थन वा सम्मतिसाथ काम गर्ने व्यक्तिहरू वा व्यक्तिहरूका समूहहरूद्वारा गरिने पक्राउ, थुनछेक, अपहरण वा स्वतन्त्रताबाट वञ्चित गर्ने अन्य स्वरूपलाई मानिनेछ।

**धारा ३**

राज्यको अख्तियारी, समर्थन वा सम्मति प्राप्त नगरेका व्यक्तिहरू वा व्यक्तिहरूका समूहहरूबाट गरिएका धारा २ मा परिभाषित कार्यहरूको अनुसन्धान गर्न र त्यसका लागि जिम्मेवार रहेकाहरूलाई न्यायसमक्ष ल्याउनका लागि हरेक राज्यपक्षले उपयुक्त उपायहरू अपनाउनेछन्।

**धारा ४**

हरेक राज्यपक्षले जबर्जस्त बेपत्तालाई आफ्नो फौजदारी कानुनमा अपराध कायम गर्ने कुरा निश्चित गर्नका लागि आवश्यक उपायहरू अपनाउनेछन्।

**धारा ५**

जबर्जस्त बेपत्ताको व्यापक र सुनियोजित अभ्यास सम्बद्ध अन्तर्राष्ट्रिय कानुनले परिभाषा गरेअनुसार मानवता विरुद्धको अपराध हुन्छ र त्यस्तो सम्बद्ध अन्तर्राष्ट्रिय कानुनमा व्यवस्था भएअनुसारको परिणाम आकर्षित हुनेछ।

**धारा ६**

१. हरेक राज्यपक्षले फौजदारी रूपमा उत्तरदायी बनाउनका लागि आवश्यक उपायहरू अपनाउनेछन्, कम्तीमा :

(क) जबर्जस्त बेपत्ता पार्ने, पार्न आदेश दिने, पुनरावृत्ति गर्ने वा उक्साउने, बेपत्ता पार्न उद्योग गर्ने, मतियार रहने वा सहभागी हुने जुनसुकै व्यक्तिलाई,

(ख) तालुकवाला व्यक्तिलाई, जसले:

(१) आफ्नो प्रभावकारी अख्तियारी वा नियन्त्रणमा रहेका मातहतवालाले जबर्जस्त बेपत्ता पार्ने अपराध गर्दै गरेको वा गर्न लागेको कुरा स्पष्ट सङ्केत गर्ने सूचना थाहा पाएको वा जानाजान अनादर गरेको थियो,

(२) जबर्जस्त बेपत्ता पार्ने अपराधसँग सम्बन्धित क्रियाकलाप उपरको प्रभावकारी उत्तरदायित्व र नियन्त्रणको अधिकार प्रयोग गरेको थियो, र

(३) आफ्नो अख्तियारभित्र जबरजस्त बेपत्ता पार्ने कार्यको रोक्न वा वशमा लिन वा यस्तो कुराको अनुसन्धान र अभियोजनका लागि सक्षम अधिकारीहरू समक्ष प्रस्तुत गर्न सबै आवश्यक र उचित उपायहरू नअपनाएको,

(ग) माथिल्लो उप-अनुच्छेद (ख) सैनिक समादेशक वा सैनिक समादेशकसरह काम गर्ने कुनै व्यक्तिलाई लागू हुने सम्बद्ध अन्तर्राष्ट्रिय कानुनअन्तर्गतको उत्तरदायित्वका उच्च मापदण्डहरूसँग पूर्वाग्रहरहित छ।

२. कुनै पनि गैरसैनिक, सैनिक वा अन्य सार्वजनिक अधिकारीको आदेश वा निर्देशन जबर्जस्त बेपत्ताको कसूरको औचित्य पुष्टिका निमित्त याचन हुन सक्नेछैन।

**धारा ७**

१. हरेक राज्यपक्षले जबर्जस्त बेपत्ताको कसूरलाई यसको चरम गम्भीरतालाई ख्याल राख्ने हिसाबको उपयुक्त सजायहरूद्वारा दण्डनीय बनाउनेछन्।

२. हरेक राज्यपक्षले व्यवस्थित गर्न सक्नेछन् :

(क) शमनकारी परिस्थिति, खासगरी बेपत्ता पारिएको व्यक्तिलाई जीवितै अगाडि ल्याउन वा जबर्जस्ती बेपत्ताको घटनाबारे स्पष्ट पार्न सम्भव बनाएको वा जबर्जस्त बेपत्ताका कसूरदार (पीडक) पहिचान गर्नमा प्रभावकारी तरिकाले सहयोग गर्ने पार्ने, पार्न आदेश दिने, पुनरावृत्ति गर्ने वा बहकाउने, बेपत्ता पार्न उद्योग गर्ने, मतियार रहने वा सहभागी हुने व्यक्तिका निमित्त,

(ख) अन्य फौजदारी कार्यविधिसित पूर्वाग्रहयुक्त नहुने गरी, उत्तेजक परिस्थिति, खासगरी बेपत्ता पारिएको व्यक्तिको मृत्यु वा गर्भवती महिला, नाबालक, अक्षमतायुक्त व्यक्ति वा अन्य खास किसिमका निम्छरा व्यक्तिहरूको जबर्जस्त बेपत्ता पार्ने कार्य गरिएको कुरामा।

**धारा ८**

धारा ५ प्रति पूर्वाग्रह नराखी,

१. जबर्जस्त बेपत्ताका सम्बन्धमा हदम्यादको कानुनी व्यवस्था राख्ने राज्यपक्षले फौजदारी कारबाहीको हदम्याद:

(क) लामो र यस कसूरको चरम गम्भीरतासँग समानुपातिक हुने गरी,

(ख) अटुट प्रकृतिलाई ख्याल राखी जबरजस्त

बेपत्ताको कसूर पूरा भएको क्षणबाट प्रारम्भ हुने गरी निश्चित पार्नका लागि आवश्यक उपायहरू अपनाउनेछन्।

२. हरेक राज्यपक्षले जबर्जस्त बेपत्ताका पीडितहरूको हदम्यादभित्र प्रभावकारी उपचारका अधिकार प्रत्याभूत गर्नेछन्।

**धारा ९**

१. हरेक राज्यपक्षहरूले जबर्जस्त बेपत्ताको कसूरउपर क्षेत्राधिकार प्रयोग गर्ने तिनको सक्षमता स्थापना गर्नमा आवश्यक उपायहरू अपनाउनेछन् :

(क) आफ्नो क्षेत्राधिकारको कुनै भू-भाग वा सो राज्यमा दर्ता भएको पानीजहाज वा हवाईजहाजमा यस्तो कसूर गरिएमा,

(ख) आरोपित कसूरदार आफ्नो नागरिक भएमा,

(ग) बेपत्ता पारिएको व्यक्ति आफ्नो नागरिक भएको र राज्यपक्षले उपयुक्त ठानेमा।

२. राज्यपक्षहरूले यसैगरी, अन्तर्राष्ट्रिय दायित्वअनुसार निजलाई अर्को राज्यमा सुपुर्द वा समर्पित गरेमा वा क्षेत्राधिकारको मान्यताप्राप्त अन्तर्राष्ट्रिय फौजदारी न्यायाधिकरणसमक्ष निजलाई समर्पित गरिएमा बाहेक, आरोपित कसूरदार आफ्नो क्षेत्राधिकारको भू-भागमा रहेको अवस्थामा आवश्यकता अनुसार जबर्जस्त बेपत्ताको कसूरउपर क्षेत्राधिकार प्रयोग गर्ने आफ्नो सक्षमता स्थापित गर्न सक्नेछन्।

३. यो महासन्धिले राष्ट्रिय कानुनअनुसार प्रचलित अन्य अतिरिक्त फौजदारी क्षेत्राधिकारलाई बाहेक गर्दैन।

**धारा १०**

१. आफूलाई प्राप्त जानकारीको जाँचबुझपछि सन्तुष्ट भई परिस्थितिले आवश्यक भएमा, आफ्नो भू-भागमा जबर्जस्त बेपत्ताको कसूर गरेको आशङ्का गरिएको व्यक्ति रहेमा जुनसुकै राज्यपक्षले निजलाई हिरासतमा लिने वा निजको उपस्थिति निश्चित गर्न आवश्यक हुने अन्य कानुनी उपाय अपनाउनेछ। हिरासत र अन्य कानुनी उपाय सो राज्यपक्षको कानुनले व्यवस्था गरेअनुसार हुनेछ र फौजदारी, समर्पण वा सुपुर्दगीको कारबाहीमा सो व्यक्तिको उपस्थिति निश्चित पार्न आवश्यक समयका लागि मात्र कायम रहन सक्नेछ।

२. अनुच्छेद १ मा उल्लेख भएअनुसारको उपाय अपनाउने राज्यले तथ्य स्थापित गर्नका लागि तत्कालै प्रारम्भिक छानबिन वा अनुसन्धान गर्नेछ। सो राज्यपक्षले आफूले क्षेत्राधिकार प्रयोग गर्न चाहे-नचाहेको कुरा दर्साई, धारा ९ को अनुच्छेद १ मा उल्लिखित राज्यपक्षहरूलाई थुनछेक, थुनछेक गर्नै पर्ने परिस्थिति, र आफ्नो प्रारम्भिक छानबिन वा अनुसन्धानका प्राप्त तथ्यसमेत यस धाराको अनुच्छेद १ अनुसार अपनाएका उपायहरूको बारेमा जनाउ दिनेछ।

३. अनुच्छेद १ अनुसार हिरासतमा रहेको कुनै पनि व्यक्तिले आफू नागरिक रहेको राज्यको निकटस्थ उपयुक्त प्रतिनिधिसँग, वा निज राज्यविहीन व्यक्ति भएमा निजले सामान्यतया बसोबास गरेको राज्यको प्रतिनिधिसँग तत्कालै कुराकानी गर्न सक्नेछ।

**धारा ११**

१. जबर्जस्त बेपत्ताको कसूर गरेको आरोपित व्यक्ति फेला परेको भू-भागको क्षेत्राधिकार रहेको राज्यले आफ्नो अन्तर्राष्ट्रिय दायित्वअनुसार अर्को राज्यसमक्ष निजलाई सुपुर्दगी वा समर्पण नगरेमा वा क्षेत्राधिकारको मान्यताप्राप्त अन्तर्राष्ट्रिय न्यायाधिकरणसमक्ष निजलाई समर्पण नगरेमा अभियोजनको प्रयोजनका लागि सक्षम अधिकारीहरू समक्ष प्रस्तुत गर्नेछ।

२. यी अधिकारीहरूले सो राज्यपक्षको कानुनअन्तर्गत गम्भीर प्रकृतिका साधारण अपराधको मामिलासरह समान तरिकाले तिनको निर्णय गर्नेछन्। धारा ९ को अनुच्छेद २ मा उल्लिखित मामिलाहरूमा अनुसन्धान र सजाय निर्धारणका लागि चाहिने मापदण्ड कुनै पनि हालतमा धारा ९ को अनुच्छेद १ मा उल्लिखित मामिलाहरूमा लागू हुनेभन्दा कुनै पनि हिसाबले कमसल हुनेछैन।

३. जबर्जस्त बेपत्ताको कसूरको सिलसिलामा कारबाहीमा ल्याइएको व्यक्तिलाई कारबाहीका सबै चरणमा स्वच्छ व्यवहारको प्रत्याभूति रहनेछ। जबर्जस्त बेपत्ताको कसूरमा पुर्पक्षमा

राखिएको जुनसुकै व्यक्तिले कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष अदालत वा न्यायाधिकरणसमक्ष स्वच्छ पुर्पक्षबाट लाभान्वित हुनेछ।

**धारा १२**

१. कुनै व्यक्तिलाई जबर्जस्त बेपत्ताको भागीदार बनाइएको आरोप लगाउने जुनसुकै व्यक्ति-विशेषलाई यस्तो आरोपको तत्काल र निष्पक्ष जाँचबुझ गर्ने, र आवश्यक भएमा अविलम्ब पूर्ण र निष्पक्ष अनुसन्धान गर्ने सक्षम अधिकारीहरू समक्ष त्यसका तथ्यहरूको प्रतिवेदन गर्ने अधिकार रहने कुरा हरेक राज्यपक्षले सुनिश्चित गर्नेछ। आवश्यकता भएअनुसार उजुरकर्ता, साक्षी, बेपत्ता व्यक्तिका नातेदारहरू र तिनको प्रतिरक्षा सल्लाहकार साथ-साथै अनुसन्धानमा सहभागी रहने व्यक्तिहरूलाई उजुर वा कुनै प्रमाण दिएको परिणामस्वरूपका सबै दुर्व्यवहार र त्रासहरू विरुद्ध संरक्षण गर्ने उचित पाइला चालिनेछन्।

२. कुनै व्यक्तिलाई जबरजस्त बेपत्ता बनाइएको विश्वास गर्नुपर्ने मनासिब आधार भएमा यस धाराको अनुच्छेद १ मा उल्लिखित अधिकारीहरूले औपचारिक रूपमा कुनै उजुर नै नपरेको भए पनि अनुसन्धान अघि बढाउनेछन्।

३. हरेक राज्यपक्षले यो धाराको अनुच्छेद १ मा उल्लिखित अधिकारीहरूलाई :

(क) तिनको अनुसन्धानसँग सान्दर्भिक अभिलेखीकरण र अन्य जानकारीको पहुँचलगायत प्रभावकारी अनुसन्धान गर्नका लागि आवश्यक अधिकार तथा स्रोत-साधन हुने,

(ख) बेपत्ता पारिएको व्यक्ति रहेको विश्वास गर्ने मनासिब आधार भएको थुनछेकको कुनै स्थान वा अन्य स्थानमा आवश्यक भए तत् विषयको रोहमा न्यायिक अधिकारीको पूर्व अख्तियारीसाथ पहुँच हुने, कुरा सुनिश्चित पार्नेछन्।

४. अनुसन्धानको कार्यलाई बाधा गर्ने कार्यलाई रोक्ने र दण्डित गर्नका लागि हरेक राज्यपक्षले आवश्यक उपायहरू अपनाउनेछन्। तिनले खासगरी जबरजस्त बेपत्ताको कसूर गरेको आशङ्का गरिएका व्यक्तिहरू दाबी वा उजुरकर्ता, साक्षी, गायब पारिएको व्यक्तिका नातेदारहरू वा तिनका प्रतिरक्षा सल्लाहकार वा अनुसन्धानमा सहभागी व्यक्तिहरूमा लक्षित त्रास वा प्रतिशोधका माध्यमबाट अनुसन्धानको प्रगतिलाई प्रभावित पार्ने हैसियतमा छैनन् भन्ने कुरा निश्चित पार्नेछन्।

**धारा १३**

१. राज्यपक्षहरू बीचको सुपुर्दगीको प्रयोजनका लागि जबरजस्त बेपत्ताको कसूरलाई राजनीतिक कसूर वा राजनीतिक कसूरसँग सम्बद्ध कसूर वा राजनीतिक आशयबाट प्रेरित कसूर मानिनेछैन। यसैगरी यस्तो कसूरमा आधारित सुपुर्दगीको मागलाई यिनै आधारहरूबाट मात्र अस्वीकार गर्न सकिनेछैन।

२. जबरजस्त बेपत्ताको कसूर यो महासन्धि लागू हुनुभन्दा अगाडि राज्यपक्षहरू बीच रहेका कुनै पनि सुपुर्दगी सन्धिमा सुपुर्दगीयोग्य कसूरका रूपमा समावेश रहेको मानिनेछ।

३. राज्यपक्षहरूले तिनीहरूबीच पछि सम्पन्न हुने सुपुर्दगी सन्धिमा जबरजस्त बेपत्ताको कसूरलाई सुपुर्दगीयोग्य कसूरका रूपमा समावेश गर्नेछन्।

४. सन्धिको अस्तित्वमै सुपुर्दगीलाई शर्तमूलक बनाउने कुनै राज्यपक्षले सोसँग सुपुर्दगी सन्धि नभएको अर्को राज्यपक्षले सुपुर्दगीका लागि अनुरोध गरेमा जबरजस्त बेपत्ताको कसूरको हकमा यो महासन्धिलाई सुपुर्दगीको आवश्यक कानुनी आधारका रूपमा विचार गर्न सक्नेछ।

५. सन्धिको अस्तित्वमै सुपुर्दगीलाई शर्तमूलक नबनाउने राज्यपक्षहरूले जबरजस्त बेपत्ताको कसूरलाई उनीहरूका बीचमा सुपुर्दगीयोग्य कसूरको रूपमा मान्यता दिनेछन्।

६. सुपुर्दगी, सबै मामिलामा, खासगरी सुपुर्दगीका लागि न्यूनतम सजायको खाँचो र अनुरोध गरिएको राज्यले सुपुर्दगी इन्कार गर्न सक्ने वा सोलाई खास शर्तको विषय बनाउने कुरा लगायतका अनुरोध गरिएको राज्यको कानुनद्वारा व्यवस्था गरिएका शर्तको विषय बनाइएको कुरा वा लागू हुने सुपुर्दगी सन्धिहरूका आधारमा हुनेछ।

७. सुपुर्दगीका लागि गरिएको अनुरोध सो व्यक्तिको लिङ्ग, जाति, धर्म, राष्ट्रियता, जातीय उत्पत्ति, राजनीतिक मत वा खास सामाजिक समूहको सदस्यताका आधारमा निजलाई अभियोजन वा सजाय गराउने प्रयोजनका लागि वा अनुरोधको परिपूर्तिले सो व्यक्तिउपर यीमध्ये कुनै कारणले क्षति पुऱ्याउने कुराका लागि भएको विश्वास गर्नुपर्ने पर्याप्त आधार अनुरोध गरिएको राज्यसँग हुँदा पनि सुपुर्दगी गर्ने दायित्व रहने अर्थमा यो महासन्धिको कुनै कुराको व्याख्या गरिनेछैन।

**धारा १४**

१. राज्यपक्षहरूले कारबाहीका लागि आवश्यक तिनका अधीनमा रहेका सबै प्रमाणको आपूर्तिलगायत जबर्जस्त बेपत्ताको कसूरउपर गरिएका फौजदारी कारबाहीका सिलसिलामा पारस्परिक कानुनी सहायताका सर्वोत्तम उपाय एक-आपसमा उपलब्ध गराउनेछन्।

२. यस्तो पारस्परिक कानुनी सहायता अनुरोध गरिएको राज्यपक्षको राष्ट्रिय कानुन वा खासगरी अनुरोध गरिएको राज्यले पारस्परिक कानुनी सहायता दिन इन्कार गर्न सक्ने आधारहरूका सम्बन्धका शर्तहरू वा शर्तको विषय बनाउन सक्ने कुरालगायतको परास्परिक कानुनी सहायतासम्बन्धी लागू हुन सक्ने सन्धिहरू अनुसार हुनेछ।

**धारा १५**

राज्यपक्षहरूले जबर्जस्त बेपत्ताका पीडितहरूलाई सहयोग गर्ने दृष्टिले बेपत्ता पारिएका व्यक्तिहरूको खोजतलास गर्ने, रहे भएको ठाउँ ठम्याउने र छुटकारा गराउने, र मृत्यु भएको मामिलामा तिनको रहलपहल वा शेषहरू खोतल्ने, पहिचान गर्ने र फर्काउने कुरामा एक-अर्कामा सहयोग आदानप्रदान र पारस्परिक सहायताका सर्वोत्तम उपाय एक-आपसमा उपलब्ध गराउनेछन्।

**धारा १६**

१. जबर्जस्त बेपत्ताको विषय बनाइनसक्ने खतरा निजविरुद्ध रहेको विश्वास गर्नुपर्ने पर्याप्त आधार भएका अवस्थामा कुनै पनि राज्यले कुनै व्यक्तिलाई अर्को राज्यमा निष्कासन गर्ने, फिर्ता पठाउने, समर्पण वा सुपुर्द गर्नेछैनन्।

२. यस्तो आधारहरू भए-नभएको निर्धारण गर्ने प्रयोजनका लागि, सक्षम अधिकारीहरूले, उपयुक्त भएसम्म, सम्बन्धित राज्यका मानव अधिकारको सघन, नग्न वा व्यापक उल्लङ्घन वा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनका स्थिर स्वरूपको उपस्थितिलगायत, सबै सान्दर्भिक विचारणीय विषयहरूलाई ध्यान दिनेछन्।

**धारा १७**

१. कसैलाई पनि गोप्य थुनामा राखिनेछैन।

२. स्वतन्त्रताको वञ्चनाका सन्दर्भमा राज्यपक्षका अन्य अन्तर्राष्ट्रिय दायित्वहरूप्रति पूर्वाग्रह नराखी, हरेक राज्यपक्षले आफ्ना विधायनमा:

(क) स्वतन्त्रताको वञ्चनाका आदेश दिने शर्तावस्थाहरू स्थापित गर्नेछन्,

(ख) स्वतन्त्रताको वञ्चनाको आदेश दिने अधिकारप्राप्त अधिकारीहरू तोक्नेछन्,

(ग) स्वतन्त्रताबाट वञ्चित गरिएको व्यक्तिलाई औपचारिक मान्यताप्राप्त र सुपरिवेक्षित स्वतन्त्रताको वञ्चना स्थानमा राखिने ग्यारेन्टी गर्नेछन्।

(घ) स्वतन्त्रताबाट वञ्चित कुनै पनि व्यक्तिलाई निजको परिवार, सल्लाहकार वा निजले इच्छाएको अन्य कुनै व्यक्तिसँग कानुनद्वारा स्थापित शर्तावस्थामा रही भेटघाट तथा सञ्चार-सम्पर्क/कुराकानी गर्ने, वा, निज विदेशी भएमा लागू हुने अन्तर्राष्ट्रिय कानुनअनुसार निजको कूटनीतिक अधिकारीहरू समक्ष सञ्चार-सम्पर्क गर्ने अधिकार हुने कुराको ग्यारेन्टी गर्नेछन्।

(ङ) सक्षम र कानुनी अधिकारीहरू तथा निकायहरूलाई, आवश्यक भए न्यायिक अधिकारीको पूर्वअख्तियारीसहित, व्यक्तिहरूको स्वतन्त्रता वञ्चित गरिएको स्थानमा पहुँचको प्रत्याभूति गर्नेछन्।

(च) स्वतन्त्रता वञ्चित गरिएको व्यक्ति वा, जबरजस्त बेपत्ता पारिएको आशङ्का गरिएको

व्यक्तिका हकमा, यस्तो स्वतन्त्रता वञ्चित व्यक्ति स्वयम्ले यो अधिकारको प्रचलन गर्न नसक्ने हुनाले, स्वतन्त्रताबाट वञ्चित व्यक्तिका नातेदारहरू, तिनका प्रतिनिधि वा तिनका सल्लाहकारजस्ता वैधानिक चासो रहेका जुनसुकै व्यक्तिले, सबै अवस्थामा, अदालतबाट स्वतन्त्रताको वञ्चनाको न्यायसङ्गतता उपर अविलम्ब निर्णय लिन र यस्तो स्वतन्त्रताको वञ्चना गैरकानुनी ठहरे व्यक्तिको छुटकाराको आदेशका लागि, अदालतसमक्ष कारबाही चलाउन पाउने हक प्रत्याभूति गर्नेछन्।

३. हरेक राज्यपक्षले स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको एक वा बढी औपचारिक अद्यावधिक पञ्जिका वा अभिलेखको सङ्ग्रह र व्यवस्था निश्चित पार्नेछन्, जुन यस प्रयोजनका लागि सम्बन्धित राज्यपक्षको कानुन वा राज्यपक्ष पक्ष रहेको सान्दर्भिक अन्तर्राष्ट्रिय कानुनी अध्यालेखद्वारा अख्तियारप्राप्त कुनै न्यायिक वा अन्य सक्षम अधिकारी वा निकायलाई, मागिएको अवस्थामा, यथाशीघ्र उपलब्ध गराइनेछ। त्यसमा रहने जानकारी न्यूनतम :

(क) स्वतन्त्रताबाट वञ्चित व्यक्तिको पहिचान,

(ख) सो व्यक्तिलाई स्वतन्त्रताबाट वञ्चित गरिएको मिति, समय र स्थान तथा सो व्यक्तिको स्वतन्त्रता वञ्चित गर्ने अधिकारीको पहिचान,

(ग) स्वतन्त्रताको वञ्चनाको आदेश दिने अधिकारी र स्वतन्त्रता-वञ्चनाका आधारहरू,

(घ) स्वतन्त्रताको वञ्चनाउपर सुपरिवेक्षण गर्ने जिम्मेवारी रहेको अधिकारी,

(ङ) स्वतन्त्रताको वञ्चनाको स्थान, स्वतन्त्रताको वञ्चनाको स्थानमा प्रवेश गराइएको मिति र समय र सो स्वतन्त्रता वञ्चनाको स्थानको जिम्मेवार अधिकारी,

(च) स्वतन्त्रताबाट वञ्चित व्यक्तिको स्वास्थ्यस्थिति-सम्बद्ध कुराहरू,

(छ) स्वतन्त्रताको वञ्चनामै मृत्यु भएको अवस्थामा परिस्थिति, मृत्युको कारण र शवाशेषको गन्तव्य,

(ज) छुटकारा वा थुनछेकको अन्य स्थानमा सरुवा गरिएको मिति र समय, गन्तव्य र सरुवा गर्ने जिम्मेवार अधिकारी समावेश रहनेछ।

**धारा १८**

१. धारा १९ र २० का अधीनमा रही हरेक राज्यले स्वतन्त्रताबाट वञ्चितका नातेदार, तिनका प्रतिनिधि वा सल्लाहकारजस्ता यो जानकारीप्रति वैधानिक सरोकार भएका व्यक्तिलाई कम्तीमा निम्नानुसारको सूचनाको पहुँचको प्रत्याभूति गर्नेछन्:

(क) स्वतन्त्रताको वञ्चना गर्ने आदेश गर्ने अधिकारी,

(ख) सो व्यक्तिको स्वतन्त्रता हरण गरिएको तथा स्वतन्त्रताको वञ्चनाको स्थानमा प्रवेश गराइएको मिति, समय र स्थान,

(ग) स्वतन्त्रताको वञ्चनाउपर सुपरिवेक्षण गर्ने जिम्मेवारी रहेको अधिकारी,

(घ) स्वतन्त्रताको वञ्चनाको अर्को स्थानमा सरुवा गरिएको भए गन्तव्य र सरुवा गर्ने जिम्मेवार अधिकारीलगायतको स्वतन्त्रताबाट वञ्चित व्यक्तिको अत्तोपत्तोको जानकारी,

(ङ) छुटकारा गरिएको मिति, समय र स्थान,

(च) स्वतन्त्रताबाट वञ्चित व्यक्तिको स्वास्थ्यस्थिति-सम्बद्ध कुराहरू,

(छ) स्वतन्त्रताको वञ्चनामै मृत्यु भएको अवस्थामा परिस्थिति, मृत्युको कारण र शवाशेषको गन्तव्य।

२. यस धाराको अनुच्छेद १ मा उल्लिखित व्यक्तिहरू साथ-साथै अनुसन्धानमा सहभागी व्यक्तिहरूलाई स्वतन्त्रताबाट वञ्चित व्यक्तिको जानकारीको खोजतलास गरेको परिणामस्वरूपको कुनै पनि दुर्व्यवहार, डर-त्रास वा अनुशास्तिबाट बचाउनका लागि, आवश्यक भएका अवस्थामा उपयुक्त उपायहरू अपनाइनेछन्।

**धारा १९**

१. बेपत्ता भएको व्यक्तिको खोजतलासको ढाँचाभित्र सङ्कलित र/वा आदानप्रदान गरिएका चिकित्सा तथा आनुवांशिक तथ्य-तथ्याङ्कलगायत व्यक्तिगत विवरण बेपत्ता पारिएको व्यक्तिको खोजतलासीबाहेक अन्य प्रयोजनका लागि प्रयोग गरिने वा उपलब्ध गराइनेछैन। जबर्जस्त बेपत्ताको

कसूरसम्बन्धी फौजदारी कारबाही वा परिपूरण वा क्षतिपूर्ति प्राप्त गर्नका लागि त्यस्तो जानकारी वा विवरणको प्रयोगमा यो कुराको पूर्वाग्रह रहनेछैन।

२. चिकित्सा तथा आनुवांशिक तथ्य-तथ्याङ्कलगायत व्यक्तिगत विवरणको सङ्कलन, प्रक्रियाकरण, प्रयोग वा भण्डारणले कुनै पनि व्यक्तिको मानवअधिकार, मौलिक स्वतन्त्रता वा मानव-मर्यादालाई दखल गर्ने वा दखल पार्ने गरी असर पुऱ्याउनेछैन।

**धारा २०**

१. कुनै पनि व्यक्ति कानुनको संरक्षणअन्तर्गत राखिएको र स्वतन्त्रताको वञ्चना न्यायिक नियन्त्रणको विषय रहेको अवस्थामा मात्र धारा १८ मा उल्लिखित सूचनाको अधिकार, कानुनले व्यवस्था गरेको र हँदै आवश्यक भएको अवस्थामा, र सो जानकारी/सूचनाको आदानप्रदानले सो व्यक्तिको व्यक्तिगत गोपनीयता वा सुरक्षालाई प्रतिकूल प्रभाव पार्न सक्ने, फौजदारी अनुसन्धानलाई व्यवधान गर्न सक्ने, वा कानुनबमोजिमको समान कारणका लागि, र लागू हुने अन्तर्राष्ट्रिय कानुनसङ्गत हुने गरी र यस महासन्धिको उद्देश्य अनुरूप, अपवादजनक आधारमा मात्र नियन्त्रित हुन सक्नेछ। धारा १८ मा उल्लिखित सूचनाको अधिकार उपर, धारा २ मा परिभाषित कार्य हुने गरी वा धारा १७ अनुच्छेद १ को उल्लङ्घन हुने गरी, कुनै पनि हालतमा रोकटोक वा नियन्त्रण हुनेछैन।

२. व्यक्तिको व्यक्तिगत स्वतन्त्रताको वञ्चनाको न्यायसङ्गतता विचार गर्ने कुराप्रति पूर्वाग्रह नराखी, राज्यपक्षहरूले धारा १८ अनुच्छेद १ मा उल्लिखित व्यक्तिहरूलाई धारा १८, अनुच्छेद १ मा उल्लिखित जानकारी अविलम्ब पाउने माध्यमका रूपमा चुस्त र प्रभावकारी न्यायिक उपचारको प्रत्याभूति गर्नेछन्। उपचारको यो अधिकार कुनै पनि स्थितिमा निलम्बित वा नियन्त्रित हुन सक्नेछैन।

**धारा २१**

स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरू तिनीहरू वास्तविक रूपमा मुक्त भएको विश्वसनीय आधिकारिक पुष्टियुक्त तरिकाबाट छुटकारा हुने कुरा सुनिश्चित पार्नका लागि हरेक राज्यपक्षले आवश्यक उपायहरू अवलम्बन गर्नेछन्। हरेक राज्यपक्षले यस्ता व्यक्तिहरूको शारीरिक परिपूर्णता र राष्ट्रिय कानुनको अधीनमा रही यस्ता व्यक्तिहरूको कुनै दायित्वप्रति पूर्वाग्रह नराखी, छुटकाराका समयमा तिनका अधिकारहरूको भरपूर प्रयोग गर्ने तिनको सक्षमताको निश्चितता दिन पनि आवश्यक उपायहरू अपनाउनेछन्।

**धारा २२**

धारा ६ प्रति पूर्वाग्रह नराखी, हरेक राज्यपक्षले देहायका कार्यको रोकथाम गर्न र अनुशास्ति लगाउनका लागि आवश्यक उपायहरू अपनाउनेछन्:

(क) धारा १७, अनुच्छेद २ (च), र धारा २०, अनुच्छेद २ मा उल्लिखित उपचारहरूलाई विलम्बित गर्ने वा व्यवधान गर्ने,

(ख) कुनै पनि व्यक्तिको स्वतन्त्रताको वञ्चना अभिलेख नगर्ने, वा औपचारिक दर्ता गर्ने जिम्मेवारी रहेको कर्मचारीले सो सूचना गलत हो भन्ने जानेरै वा थाहा हुँदा-हुँदै त्यस्तो जानकारी अभिलेख गर्ने,

(ग) व्यक्तिको स्वतन्त्रताको वञ्चनाको सूचना वा जानकारी दिन इन्कार गर्ने वा यस्तो सूचना वा जानकारी दिनुपर्ने कानुनी रीत पूरा भएको भए पनि गलत जानकारी वा सूचना दिने।

**धारा २३**

१. हरेक राज्यपक्षले कानुन कार्यान्वयन गर्ने अधिकारी, निजामती वा सैनिक, स्वास्थ्य अधिकारी, सार्वजनिक पदाधकारी र हिरासत वा स्वतन्त्रताबाट वञ्चित व्यक्तिलाई हेर्ने वा व्यवहार गर्ने काममा सामेल हुन सक्ने अन्य व्यक्तिहरूको तालिममा यो महासन्धिको सम्बन्धित प्रावधानका बारेमा आवश्यक शिक्षा र जानकारी :

(क) जबरजस्त बेपत्ता पार्ने कुरामा यस्ता पदाधिकारीहरूको संलग्नता रोक्न,

(ख) जबर्जस्त बेपत्ताको सम्बन्धमा रोकथाम र

अनुसन्धानको महत्वलाई जोड दिन,

(ग) जबर्जस्त बेपत्ताका मामिलाहरूको समाधान गर्ने शीघ्र खाँचोलाई मान्यता दिलाउनका लागि समावेश गर्ने कुरा सुनिश्चित पार्नेछन्।

२. हरेक राज्यपक्षले जबर्जस्त बेपत्ता पार्ने कार्य गर्न अह्राउने, अख्तियारी दिने वा प्रोत्साहित गर्ने आदेश वा निर्देशनको निषिद्धता सुनिश्चित पार्नेछन्। हरेक राज्यले यस्तो आदेश मान्न अस्वीकार गर्ने व्यक्तिलाई सजाय नहुने कुरा प्रत्याभूति गर्नेछन्।

३. हरेक राज्यपक्षले जबर्जस्त बेपत्ता पार्ने कार्य भएको वा योजना बनाएको विश्वास गर्नुपर्ने कारण रहे-भएका यस धाराको अनुच्छेद १ मा उल्लिखित व्यक्तिहरूले तिनका तालुकवालासमक्ष र आवश्यक भएमा, पुनरावलोकन वा उपचारको अधिकार रहेका उपयुक्त अधिकारीहरू वा निकायहरूमा प्रतिवेदन गर्ने कुरा निश्चित पार्नका लागि आवश्यक उपायहरूको अवलम्बन गर्नेछन्।

**धारा २४**

१. यस महासन्धिको प्रयोजनका लागि "पीडित" भन्नाले बेपत्ता भएको व्यक्ति र जबर्जस्त बेपत्ताको प्रत्यक्ष परिणामस्वरूपको क्षतिबाट सताइएको जुनसुकै व्यक्ति-विशेष सम्झनुपर्छ।

२. हरेक पीडितलाई जबर्जस्त बेपत्ताको परिस्थितिका बारेमा सत्य, अनुसन्धानको प्रगति र नतिजा एवम् बेपत्ता व्यक्तिको लेखा थाहा पाउने अधिकार छ। यसबारेमा हरेक राज्यपक्षले उपयुक्त उपायहरू अपनाउनेछन्।

३. हरेक राज्यपक्षले बेपत्ता पारिएका व्यक्तिहरूको खोजतलास, भएको स्थान ठम्याउने तथा मुक्त गर्नका लागि, र मृत्यु भएको घटनामा तिनको शवाशेष ठम्याउन, त्यसको सम्मान गर्न र फिर्ता गर्नका लागि उपयुक्त उपायहरू अपनाउनेछन्।

४. हरेक राज्यपक्षले आफ्नो कानुनी प्रणालीमा जबर्जस्त बेपत्ताका पीडितहरूलाई परिपूरण प्राप्त गर्ने तथा शीघ्र, स्वच्छ र पर्याप्त क्षतिपूर्ति पाउने अधिकारको सुनिश्चय गर्नेछन्।

५. यस धाराको अनुच्छेद ४ मा उल्लिखित परिपूरण प्राप्त गर्ने अधिकारले भौतिक र मानसिक क्षति एवम्, उपयुक्त भएसम्म, परिपूरणका अन्य स्वरूपहरूलाई समेट्छ, जस्तो कि :

(क) सम्पत्ति पुन:र्स्थापना,

(ख) पुनर्वास,

(ग) मर्यादा र ख्यातिको पुन:स्थापना लगायतको सन्तुष्टि,

(घ) पुनरावृत्ति नहुने प्रत्याभूतिहरू।

६. बेपत्ता व्यक्तिको अवस्था स्पष्ट नभएसम्म अनुसन्धान निरन्तर गर्ने दायित्वप्रति पूर्वाग्रह नराखी, हरेक राज्यपक्षले अवस्था स्पष्ट नभएको बेपत्ता व्यक्तिको कानुनी स्थितिबारेमा र तिनका नातेदारहरूको सामाजिक भलाइ, आर्थिक मामिला, पारिवारिक कानुन र सम्पत्तिको अधिकारका क्षेत्रमा उपयुक्त पाइला चाल्नेछन्।

७. हरेक राज्यपक्षले जबर्जस्त बेपत्ताको परिस्थिति र बेपत्ता व्यक्तिको अवस्था स्थापना गर्न प्रयास गर्ने तथा जबर्जस्त बेपत्ताका पीडितहरूलाई सहायता गर्ने कुरासँग सरोकार रहेका सङ्गठन तथा सङ्घ-संस्था स्वतन्त्रतापूर्वक गठन गर्ने र तिनमा भाग लिने अधिकारको प्रत्याभूति गर्नेछन्।

**धारा २५**

१. हरेक राज्यपक्षले आफ्नो फौजदारी कानुनअन्तर्गत निम्न कुराको रोकथाम र सजाय गर्न आवश्यक उपाय अपनाउनेछन् :

(क) जबर्जस्त बेपत्ताको विषय बनाइएका बालबालिका, बाबु, आमा वा कानुनी संरक्षक जबर्जस्त बेपत्ताको विषय बनाइएका बालबालिका वा जबर्जस्त बेपत्ताको विषय बनाइएकी आमाबाट थुनामा रहेका बेला जन्माइएको बालबालिकाको अपराधपूर्ण निष्कासन,

(ख) माथि उप-अनुच्छेद (क) मा उल्लिखित बालबालिकाको सही पहिचान प्रमाणित गर्ने अभिलेखहरूको मिथ्याकरण, दपोट वा विनाश,

२. हरेक राज्यपक्षले यो धाराको अनुच्छेद १ (क) मा उल्लिखित बालबालिकाको खोजतलास तथा पहिचान गर्न साथै कानुनी कार्यविधि र लागू

हुने अन्तर्राष्ट्रिय सम्झौताहरूअनुसार तिनलाई उत्पत्तिको परिवारमा फर्काउन आवश्यक उपायहरू अपनाउनेछन्।

३. राज्यपक्षहरूले अनुच्छेद १(क)मा उल्लिखित बालबालिकाको खोजतलास, पहिचान गराई र रहेको स्थान ठम्याउने कार्यमा एक-अर्कामा सघाउ पुऱ्याउनेछन्।

४. यस धाराको अनुच्छेद १ (क) मा उल्लिखित बालबालिकाको सर्वोत्तम् हित, तिनको स्याहार-सम्भार वा राज्यको कानुनले मान्यता दिनुपर्ने तिनको नागरिकता, नाम र पारिवारिक सम्बन्धलगायत तिनको पहिचानको पुनर्बहाली प्राप्तिको अधिकारलाई ध्यानमा लिई, बालबालिकालाई दत्तक राख्ने वा अन्य स्वरूपमा स्थापन गर्ने प्रणाली मान्यता प्रदान गरेका राज्यपक्षहरूले यस्तो दत्तक वा स्थापनको कार्यविधिको पुनरावलोकन गर्ने र उपयुक्त भएमा, जबर्जस्त बेपत्ताबाट उत्पन्न कुनै पनि दत्तक-रखाइ वा स्थापन खारेज गर्ने कानुनी कार्यविधिलाई व्यवस्थित गर्नेछन्।

५. सबै मामिलामा, र, खासगरी यो धारासँग सम्बन्धित सबै कुरामा बालबालिकाको सर्वोत्तम् हित प्रारम्भिक विचारणीय विषय हुने, र निजको आफ्नै दृष्टिकोण बनाउन सक्षम बालक वा बालिकालाई, निजले दिएको दृष्टिकोणउपर बालकको उमेर र परिपक्वताअनुसार तिनको भार मानिने गरी, त्यस्ता दृष्टिकोण वा विचारहरू स्वतन्त्रतापूर्वक व्यक्त गर्ने अधिकार हुनेछ।

## खण्ड २

### धारा २६

१. यस महासन्धिअन्तर्गत व्यवस्था गरिएका कार्यहरू सम्पन्न गर्नका लागि जबर्जस्त बेपत्तासम्बन्धी एक समिति (यसपछि ...समिति भनिएको) को स्थापना गरिनेछ। सो समितिमा उच्च नैतिक चरित्र र मानवअधिकारका क्षेत्रमा ख्यातिप्राप्त दस जना विशेषज्ञ रहनेछन्, जसले व्यक्तिगतरूपमा कार्य गर्नेछन् एवम् स्वतन्त्र र निष्पक्ष रहनेछन्। समितिका सदस्यहरू समतामूलक भौगोलिक वितरणका आधारमा राज्यपक्षबाट चुनिनेछन्। सम्बन्धित कानुनी अनुभव र सन्तुलित लैङ्गिक प्रतिनिधित्वलाई समितिको कामको संलग्नतामा आवश्यक ध्यान दिइनेछ।

२. समितिका सदस्यहरू राज्यपक्षले मनोनित गरेका आफ्ना नागरिकहरूमध्ये गोप्य मतदानद्वारा संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा सोही प्रयोजनका लागि बोलाइएको राज्यपक्षहरूको द्वैवार्षिक बैठकबाट चुनिनेछन्। राज्यपक्षहरूको सम्पूर्ण सङ्ख्याको दुई-तिहाइ सदस्य गणपूरक रहने बैठकमा उपस्थित भई मतदान गरेका राज्यपक्षका प्रतिनिधिहरूको पूर्ण बहुमत पाई सबैभन्दा बढी मत प्राप्त गर्ने व्यक्तिहरू निर्वाचित हुनेछन् ।

३. सुरुको निर्वाचन यो महासन्धि लागू भएको मितिको ६ महिनाभन्दा ढिलो गरिनेछैन। प्रत्येक निर्वाचनको मितिभन्दा चार महिनाअगावै संयुक्त राष्ट्रसङ्घका महासचिवले राज्यपक्षहरूलाई तीन महिनाभित्र मनोनयन दाखिला गर्न आमन्त्रण गर्दै पत्र पठाउनेछन्। महासचिवले यस प्रक्रिया अनुरूप मनोनयन गरिएका सबै व्यक्तिहरूको वर्णानुक्रम-सूची तयार गर्नेछन् र मनोनयन गर्ने राष्ट्रहरूको नाम उल्लेख गर्दै त्यस्तो सूची सबै राज्यपक्षहरूलाई उपलब्ध गराउनेछन्।

४. समितिका सदस्यहरू चार वर्षका लागि निर्वाचित हुनेछन् जो अर्को एक पटकका लागि पुनः निर्वाचनयोग्य मानिनेछन्। तथापि, पहिलो निर्वाचनमा निर्वाचित पाँचजना सदस्यहरूको समयावधि दुई वर्ष पुगेपछि अन्त्य हुनेछ, पहिलो निर्वाचन सकिएलगत्तै ती पाँचजना सदस्यको नाम यस धाराको अनुच्छेद–२ ले निर्देश गरेबमोजिम बैठकको अध्यक्षले छान्नेछन्।

५. समितिको कुनै सदस्यको मृत्यु भएमा, उसले राजीनामा दिएमा वा अन्य कुनै कारणले आफ्नो कर्तव्य पूरा गर्न असमर्थ भएमा यस धाराको अनुच्छेद- १ ले निर्धारण गरेको प्रक्रियाको आधारमा जुन राज्यपक्षले उसलाई मनोनीत गरेको हो सो राज्यपक्षले आफ्ना नागरिकहरू मध्येबाट अर्को सदस्यलाई उक्त पदमा नियुक्त गर्नेछ र सो नियुक्तिलाई

राज्यपक्षहरूको बहुमतले अनुमोदन गर्नुपर्नेछ। संयुक्त राष्ट्रसङ्घका महासचिवले प्रस्तावित नियुक्तिको सूचना गरेको छ हप्ताभित्र आधा वा सोभन्दा बढी राज्यपक्षहरूले नकारात्मक प्रतिक्रिया व्यक्त नगरेमा मात्र त्यस्तो नियुक्तिले अनुमोदन प्राप्त गरेको मानिनेछ।

६. समितिले कार्यविधि नियमित गर्ने आफ्नै नियमावली बनाउनेछ।

७. संयुक्त राष्ट्रसङ्घका महासचिवले समितिको कार्यप्रणालीलाई प्रभावकारी बनाउनका लागि समितिलाई आवश्यक साधन, सुविधा र कर्मचारी प्रदान गर्नेछन्। समितिको प्रारम्भिक बैठकको अध्यक्षता संयुक्त राष्ट्रसङ्घका महासचिवले गर्नेछन्।

८. समितिका सदस्यहरूलाई राष्ट्रसङ्घीय काम-कारबाहीका सिलसिलामा संयुक्त राष्ट्रसङ्घको विशेषाधिकार एवम् छुटकारासम्बन्धी महासन्धिसँग सम्बद्ध भागले प्रदान गरेको सुविधा, विशेषाधिकार एवम् उन्मुक्ति प्रदान गरिनेछ।

९. प्रत्येक राज्यपक्षले आफूले स्वीकार गरेको समितिको कार्यहरूको हदसम्म समितिलाई सहयोग र सदस्यहरूलाई उनीहरूको आफ्नो जिम्मेवारी पूरा गर्नमा सहायता गर्नेछन्।

**धारा २७**

यो महासन्धि लागू भएको कम्तीमा चार वर्षदेखि र बढीमा छ वर्षभित्र समितिका कार्यहरूको मूल्याङ्कन गर्न र धारा ४४ को अनुच्छेद- २ को प्रक्रिया अनुरूप, कुनै पनि सम्भावनालाई अस्वीकार नगर्दै, धारा २८–३६ सम्मले परिभाषित गरेका कार्य अनुरूप यस महासन्धिको अनुगमन गर्ने कार्य कुनै अर्को अङ्कलाई हस्तान्तरण गर्न उपयुक्त छ वा छैन भन्ने निर्णय गर्नका लागि राज्यपक्षहरूको एक सम्मेलन आयोजना हुनेछ।

**धारा २८**

१. यस महासन्धिले प्रदान गरेका कार्यक्षमताका आधारमा समितिले सम्बद्ध निकायहरू, कार्यालयहरू, राष्ट्रसङ्घका विशेषीकृत नियोगहरू र कोषलाई सहयोग गर्नुका साथै अन्तर्राष्ट्रिय कानुनले स्थापना गरेका सन्धि-सम्झौताद्वारा स्थापित अङ्गहरू, संयुक्त राष्ट्रसङ्घका विशेष प्रक्रियाहरू, सम्बद्ध क्षेत्रीय, अन्तर-सरकारी सङ्गठन एवम् अङ्गहरूका साथै जबर्जस्त बेपत्ता गर्ने कार्यका विरूद्ध व्यक्तिहरूको सुरक्षामा कार्य गरिरहेका सम्बद्ध राष्ट्रिय संस्थाहरू, निकायहरू र कार्यालयहरूलाई पनि सहयोग गर्नेछ।

२. आफूलाई प्राप्त जिम्मेवारी पूरा गर्ने क्रममा समितिले सम्बद्ध अन्तर्राष्ट्रिय मानवअधिकार कानुनद्वारा स्थापित अङ्गहरू, खासगरी नागरिक एवम् राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धद्वारा स्थापित मानवअधिकार समितिसँग, तिनीहरूको अवलोकन र सिफारिसहरूको नियमितता सुनिश्चित गर्न परामर्श गर्नेछ।

**धारा २९**

१. प्रत्येक राज्यपक्षले आफ्नो लागि यो महासन्धि लागू भएको दुई वर्षभित्र यस महासन्धि अन्तर्गतका दायित्वहरूलाई प्रभावकारी बनाउन अवलम्बन गरिएका उपायसम्बन्धी प्रतिवेदन संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत् समितिलाई बुझाउनेछ।

२. संयुक्त राष्ट्रसङ्घका महासचिवले सो प्रतिवेदन सम्पूर्ण राज्यपक्षहरूलाई उपलब्ध गराउनेछन्।

३. प्रत्येक प्रतिवेदनलाई समितिले विचार गर्नेछ र उपयुक्त ठानेको टिप्पणी, समीक्षा र सुझाव प्रस्तुत गर्नेछ। उक्त टिप्पणी, समीक्षा र सुझावलाई सम्बद्ध राज्यपक्षसमक्ष राखिनेछ र त्यसको उत्तर उनीहरूले आफ्नै तदारूकतामा वा समितिको अनुरोधमा प्रदान गर्नेछन्।

४. यस महासन्धिको कार्यान्वयनका सम्बन्धमा थप सूचना प्रदान गर्न समितिले राज्यपक्षहरूलाई अनुरोध गर्न सक्नेछ।

**धारा ३०**

१. बेपत्ता पारिएको व्यक्तिको खोजतलास गरियोस् वा पत्ता लगाइयोस् भन्ने अनुरोध बेपत्ता भएको व्यक्तिको नातेदार वा तिनका कानुनी प्रतिनिधि, वकिल वा तिनले अख्तियार गरेको कुनै पनि

व्यक्ति र वैधानिक सरोकार राख्ने जुनसुकै व्यक्तिले समितिसमक्ष जरुरी सवालका रूपमा प्रस्तुत गर्न सक्नेछ।

२. यस धाराको अनुच्छेद- १ अनुसार तत्काल कारबाही प्रक्रिया अगाडि बढाउन प्रस्तुत गरिएको अनुरोधलाई समितिले :

क) स्पष्टरूपमा तथ्यहीन छैन भन्ने ठानेमा,

ख) त्यस्तो अनुरोध दायर गर्न सक्ने अधिकारको उल्लङ्घन नहुने भएमा,

ग) सम्बन्धित राज्यपक्षका आधिकारिक निकाय, उदाहरणका लागि अधिकारप्राप्त अनुसन्धान निकायमा छानबिनका लागि जान सक्ने सम्भाव्यता रहेको अवस्थामा त्यस्ता निकायमा समयमै अनुरोध प्रस्तुत गरिएको पाइएमा,

घ) यस महासन्धिका प्रावधानहरूसँग बेमेल हुने नभएमा, र

ङ) अन्तर्राष्ट्रिय वा सोही प्रकृतिको प्रक्रिया अन्तर्गत अन्य कुनै जाँचबुझद्वारा सो घटनाको जाँच भइरहेको नभएमा,

च) समितिले आफूले तोकेको समयभित्र बेपत्ता पारिएको व्यक्तिको खोजीका विषयमा आफूलाई जानकारी प्रदान गर्न सम्बन्धित राज्यपक्षलाई अनुरोध गर्नेछ।

३. सम्बन्धित राज्यपक्षले यस धाराको अनुच्छेद २ अनुसार प्रदान गरेको सूचनालाई ध्यानमा राखी समितिले सम्बन्धित राज्यपक्षलाई बेपत्ता पारिएको व्यक्तिलाई यस महासन्धिअनुसार राख्न र सुरक्षा दिन, त्यसका लागि अन्तरकालीन लगायत अन्य सबै आवश्यक उपायहरू अवलम्बन गर्न र स्थितिको गम्भीरतालाई ध्यानमा राखी अवलम्बन गरिएका उपायहरूको बारेमा तोकिएको समयभित्र समितिलाई सूचना दिन सिफारिस गर्न सक्नेछ। बेपत्ता पारिएको व्यक्तिलाई खोज्न तत्काल कारबाही अगाडि बढाउन समितिसमक्ष अनुरोध गर्ने व्यक्तिलाई समितिले आफूले राज्यलाई दिएका सुझावहरू र राज्यपक्षले आफूलाई उपलब्ध गराएको सूचनाको जानकारी उपलब्ध हुनासाथ प्रदान गर्नेछ।

४. बेपत्ता पारिएको व्यक्तिको अवस्थाबारे पत्ता नलागेसम्म समितिले राज्यपक्षसँग कार्य गर्ने आफ्नो प्रयत्नलाई निरन्तरता दिनेछ र सम्बन्धित अनुरोधकर्तालाई लगातारूपमा सूचित गर्नेछ।

**धारा ३१**

१. कुनै राज्यपक्षले यस महासन्धिको अनुमोदनका बखत वा सोपश्चात्को कुनै पनि बखत राज्यले गरेको कानुन उल्लङ्घनको घटनामा उक्त घटनाको शिकार भएको दाबी गर्ने व्यक्ति वा उसका तर्फबाट अन्य कुनै व्यक्तिसँग पत्राचार गर्ने र उसबाट जानकारी लिने क्षेत्राधिकारका सम्बन्धमा समिति समर्थ रहेको घोषणा गर्न सक्नेछ। यस्तो घोषणा नगर्ने कुनै पनि राज्यपक्षका घटनाका सम्बन्धमा यस समितिले सञ्चार-सम्पर्क गर्ने वा घटनाको छानबिन गर्नेछैन।

२. निम्न अवस्थामा समितिले सञ्चार-सम्पर्क ग्रहण गर्नेछैन :

क) उक्त सञ्चार-सम्पर्क अज्ञात भएमा,

ख) सो सञ्चार-सम्पर्कबाट सञ्चार-सम्पर्क गर्न पाउने अधिकारको उल्लङ्घन भएमा वा उक्त सञ्चारण यस महासन्धिको प्रावधानसँग मेल खाने नभएमा,

ग) सोही घटनाको जाँच अन्तर्राष्ट्रिय जाँचबुझ वा अन्य कुनै सोही प्रकृतिको प्रक्रियाअन्तर्गत भइरहेको भएमा, वा

घ) सबै उपलब्ध राष्ट्रिय उपचार व्यवस्था पूर्णतया समाप्त भइसकेका छैनन्। उपचार अवलम्बन कार्य बिनाकारण लम्ब्याइएको अवस्थामा यो नियम लागू हुने छैन।

३. समितिले सो सञ्चार-सम्पर्क यस धाराको अनुच्छेद-२ मा उल्लेखित व्यवस्थाहरूसँग मेल खाने देखेमा, समितिले तोकेको समयावधिभित्र आफ्नो राय, टिप्पणी पठाउन अनुरोध गर्दै सम्बन्धित राज्यपक्षलाई सञ्चार-सम्पर्क गर्नेछ।

४. सञ्चार-सम्पर्क प्राप्त भएपछिको र सो सञ्चार-सम्पर्कमाथि कुनै निर्णयमा पुग्नुभन्दा अघिको कुनै पनि समयमा समितिले सम्बन्धित राज्यपक्षलाई आरोपित उल्लङ्घनका पीडितहरूलाई सम्भाव्य अपूरणीय क्षति हुनबाट रोक्न आवश्यक अन्तरिम उपायहरू अवलम्बन

गर्न अनुरोध गर्न सक्नेछ। समितिले यस्तो स्वविवेकाधिकारको अभ्यास गर्नुको अर्थ निवेदनको ग्राह्यतासम्बन्धी वा अन्तर्निहित विषयसम्बन्धी निर्णय भन्ने हुँदैन।

५. वर्तमान धारा अन्तर्गत सञ्चार-सम्पर्कको जाँच गर्दाका बखत समितिले गोप्य बैठकको आयोजना गर्नेछ। सम्बन्धित राज्यपक्षले दिएका जवाफहरूको जानकारी समितिले सञ्चार-सम्पर्ककर्तालाई दिनेछ। जब समितिले प्रक्रियालाई अन्तिम रूप दिने निर्णय गर्दछ तब यसले आफ्नो दृष्टिकोणका बारेमा राज्यपक्ष र सञ्चार-सम्पर्ककर्तालाई जानकारी गराउनेछ।

**धारा ३२**

यस महासन्धिको कुनै एक राज्यपक्षले कुनै पनि समय अर्को राज्यपक्षले यस महासन्धि अन्तर्गतको दायित्व पूरा नगरेको दाबी गरिएको सञ्चार-सम्पर्क ग्रहण गर्न र त्यसमाथि विचार गर्न समिति समर्थ भएको घोषणा गर्न सक्नेछ। यस्तो घोषणा नगरिएको राज्यपक्षसँग सम्बन्धित र यस्तो घोषणा नगर्ने राज्यपक्षबाट समितिले निवेदन लिने छैन।

**धारा ३३**

१. कुनै राज्यपक्षले यस महासन्धिका प्रावधानहरूको गम्भीर उल्लङ्घन गरिरहेको छ भन्ने विश्वसनीय सूचना यस समितिलाई प्राप्त भएमा समितिले सम्बन्धित राज्यपक्षसँग परामर्श गरेपछि यस समितिका एक वा सो भन्दा बढी सदस्यहरूलाई सम्बन्धित राष्ट्रको भ्रमण गरी ढिलाइ नगरीकन समितिलाई प्रतिवेदन बुझाउन अनुरोध गर्न सक्नेछ।

२. समितिले सम्बन्धित राज्यपक्षलाई भ्रमण आयोजना गर्नुको आफ्नो मनसाय, भ्रमणदलको बनावट र भ्रमणको उद्देश्य लिखित रूपमा सूचित गर्नेछ। राज्यपक्षले ठीक समयभित्र त्यसको जवाफ समितिलाई पठाउनेछ।

३. राज्यपक्षको प्रमाणित अनुरोधलाई दृष्टिगत गरी समितिले भ्रमण स्थगित गर्न वा रद्द गर्न सक्नेछ।

४. राज्यपक्ष भ्रमणका लागि राजी भएमा समिति र राज्यपक्ष दुवैले मिलेर भ्रमणको तरिका कस्तो हुने भन्ने परिभाषित गर्नेछन् र राज्यपक्षले भ्रमण सफलतापूर्वक सम्पन्न गर्नका लागि समितिलाई आवश्यक सुविधाहरू प्रदान गर्नेछ।

५. भ्रमणपश्चात्, समितिले सम्बन्धित राज्यपक्षलाई आफ्नो अभिमत र सुझावहरूका सम्बन्धमा सञ्चार गर्नेछ।

**धारा ३४**

कुनै राज्यपक्षको अधिकारक्षेत्रमा पर्ने सीमाभित्र सुनियोजित ढङ्गले जबर्जस्ती बेपत्ता पार्ने कार्य प्रक्रियाबद्ध एवं बृहत्‌रूपमा भइरहेको छ भन्ने जानकारी समितिलाई प्राप्त भएमा सम्बन्धित राज्यपक्षबाट त्यस्तो अवस्थासँग सम्बन्धित सम्पूर्ण सम्बद्ध सूचनाहरूको मागपश्चात् समितिले संयुक्त राष्ट्रसङ्घका महासचिवका माध्यमबाट संयुक्त राष्ट्रसङ्घको साधारणसभालाई तुरून्त त्यस विषयमा ध्यानाकर्षण गराउन सक्नेछ।

**धारा ३५**

१. समिति यस महासन्धि लागू भएपछि सुरु भएका जबर्जस्ती बेपत्ता पार्ने कार्यको छानबिनमा मात्र समर्थ रहनेछ।

२. यो महासन्धि लागू भएपश्चात् कुनै राष्ट्र यस महासन्धिको पक्ष बनेमा, समितिका सम्बन्धमा उक्त राष्ट्रको दायित्व सो सम्बन्धित राष्ट्रका लागि यो महासन्धि लागू भएपछि प्रारम्भ भएका जबर्जस्त बेपत्ता पार्ने कार्यप्रति मात्र रहन्छ।

**धारा ३६**

१. समितिले यस महासन्धिअन्तर्गत आफ्ना कियाकलापहरूको वार्षिक प्रतिवेदन राज्यपक्षहरूलाई र संयुक्त राष्ट्रसङ्घको साधारणसभालाई प्रस्तुत गर्नेछ।

२. कुनै राज्यपक्षमाथिको अभिमत वार्षिक प्रतिवेदनमा प्रकाशित हुनुपूर्व सम्बन्धित राज्यपक्षलाई अग्रिम सूचना प्रदान गरिनेछ। उक्त राज्यपक्षले प्रतिवेदनमा आफ्नो मत र राय प्रकाशित गर्न अनुरोध गर्न सक्नेछ।

**खण्ड ३**

**धारा ३७**

यस महासन्धिमा उल्लेखित कुनै पनि कुराले जबर्जस्त बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिलाई बचाउने कुनै पनि अन्य अनुकूल प्रावधानहरूलाई प्रभावित पार्ने छैन र जसमा रहन सक्नेछन् :

क) राज्यपक्षको कानुन,

ख) कुनै राज्यमा लागू गरिएको अन्तर्राष्ट्रिय कानुन।

**धारा ३८**

१. यो महासन्धि संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण सदस्य-राष्ट्रहरूको हस्ताक्षरका लागि खुला छ।

२. यो महासन्धि संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण सदस्यहरूबाट अनुमोदनको विषय रहेको छ। अनुमोदन-लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसँग रहनेछ।

३. यो महासन्धि सम्मिलनका लागि संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण सदस्यहरूलाई खुला छ। सम्मिलन-लिखत महासचिवसँग रहनेछ।

**धारा ३९**

१. यो महासन्धि सदस्य राज्यपक्षहरूले अनुमोदन वा सम्मिलन गरेको बीसौं लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवलाई बुझाएको तीस दिनपछि लागू हुनेछ।

२. हरेक राज्यले अनुमोदन वा सम्मिलन लिखत बुझाइसकेपछि अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राज्यपक्षका लागि यो महासन्धि त्यस राष्ट्रले अनुमोदन वा सम्मिलन गरेको लिखत बुझाएको तीस दिनपश्चात् लागू हुनेछ।

**धारा ४०**

संयुक्त राष्ट्रसङ्घका महासचिवले संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण सदस्य राष्ट्रहरू र यस महासन्धिमा हस्ताक्षर वा सम्मिलन गरेका सबै राष्ट्रहरूलाई निम्नलिखित कुराको सूचना दिनेछन्:

क) धारा ३८ अन्तर्गत हस्ताक्षर, अनुमोदन र सम्मिलन।

ख) धारा ३९ अन्तर्गत महासन्धि लागू भएको मिति।

**धारा ४१**

यस महासन्धिका प्रावधानहरू सङ्घीय राज्यका सम्पूर्ण भागहरूमा सीमा तथा अपवादरहित रूपमा लागू हुनेछ।

**धारा ४२**

१. दुई वा सोभन्दा बढी राज्यपक्षहरूका बीच यस महासन्धिको व्याख्या र प्रयोगका सम्बन्धमा विवाद भएमा र सो विवाद समझदारी एवम् महासन्धिमा स्पष्ट रूपमा व्यवस्था गरिएका प्रक्रियाद्वारा समाधान नभएमा विवादमा रहेका मध्ये कुनै एक राष्ट्रको अनुरोधमा मध्यस्थताका लागि बुझाइनेछ। मध्यस्थताका लागि अनुरोध गरिएको मितिले छ महिनाभित्र ती राज्यपक्षहरू मध्यस्थतामा सहमत हुन सकेनन् भने तीमध्ये कुनै एक राष्ट्रले उक्त विवादलाई न्यायालयको नियमअनुसार अन्तर्राष्ट्रिय न्यायालयमा उठाउन सक्नेछ।

२. यस महासन्धिमा हस्ताक्षर वा अनुमोदनका बखत वा यसलाई सम्मिलन गर्दाका बखत कुनै राष्ट्रले यस धाराको अनुच्छेद १ द्वारा आफू बाँधिएको ठानेको छैन भन्ने घोषणा गर्न सक्नेछ। यस्तो घोषणा गर्ने कुनै पनि राज्यपक्षका सम्बन्धमा अन्य राज्यपक्षहरू यस धाराको अनुच्छेद १ द्वारा बाँधिने छैनन्।

३. यस धाराको अनुच्छेद २ अनुसार घोषणा गर्ने कुनै पनि राज्यपक्षले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई सूचना दिएर कुनै पनि बेला सो घोषणा फिर्ता लिन सक्नेछन्।

**धारा ४३**

यो महासन्धि १२ अगस्त १९४९ को चारवटा जेनेभा महासन्धि र तिनका ८ जुन १९७७ का दुईवटा अतिरिक्त प्रलेखमा उल्लेखित सम्झौता गर्ने पक्षको उत्तरदायित्वसहितको अन्तर्राष्ट्रिय मानवीय कानुन वा अन्तर्राष्ट्रिय मानवीय कानुनले नसमेटेको अवस्थामा रेडक्रसको अन्तर्राष्ट्रिय समितिलाई कुनै राज्यपक्षले थुनास्थलको भ्रमण गर्ने अनुमतिको अवसरप्रति पूर्वाग्रही छैन।

**धारा ४४**

१. कुनै पनि राज्यपक्षले यस महासन्धिमा संशोधनको प्रस्ताव गर्न, र सो प्रस्ताव संयुक्त राष्ट्रसङ्घका महासचिव समक्ष दर्ता गर्न सक्छ। महासचिवले यस महासन्धिका राज्यपक्षहरूलाई प्रस्तावित संशोधनका बारेमा सुचित गर्दै उक्त प्रस्तावमाथि छलफल गर्न र मतदान गर्न सम्मेलन आयोजना गर्ने विषयमा उनीहरूको धारणा सूचित गर्न अनुरोध गर्नेछन्। यस किसिमको सञ्चार भएको चार महिनाभित्र कम्तीमा एक-तिहाइ राज्यपक्षहरू त्यस्तो सम्मेलनको पक्ष लिएमा महासचिवले संयुक्त राष्ट्रसङ्घको आयोजनामा उक्त सम्मेलन गर्नेछन्।

२. सम्मेलनमा उपस्थित एवम् मतदानमा भाग लिएका राज्यपक्षहरूको दुई-तिहाइ बहुमतको संशोधनलाई संयुक्त राष्ट्रसङ्घका महासचिवले समर्थनका लागि सम्पूर्ण राज्यपक्षका सामु प्रस्तुत गर्नेछन्।

३. यस धाराको अनुच्छेद १ अनुसार ग्रहण गरिएको संशोधन यस महासन्धिका दुई-तिहाई राज्यपक्षहरूले आ-आफ्ना संवैधानिक प्रक्रियाका साथ स्वीकार गरेपछि लागू हुनेछ।

४. संशोधन प्रभावमा आएपछि सो स्वीकार गरेका राज्यपक्षहरूका हकमा बन्धनकारी हुनेछ, महासन्धिका प्रावधान र पूर्ववर्ती संशोधनहरू अन्य राज्यपक्षहरूका हकमा पनि बन्धनकारी हुनेछन्।

**धारा ४५**

१. अङ्ग्रेजी, अरबी, चिनियाँ, फ्रान्सेली, रसियाली र स्पेनिस भाषाका पाठ समान आधिकारिक रहेको यो महासन्धि संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष रहनेछन्।

२. संयुक्त राष्ट्रसङ्घका महासचिवले यस महासन्धिका प्रमाणित प्रतिहरू धारा ३८ मा उल्लेखित सम्पूर्ण राष्ट्रहरूलाई पठाउनेछन्।

## जबर्जस्ती बेपत्ता पारिनबाट नागरिकहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्र, १९९२

संयुक्त राष्ट्रसङ्घीय आयोगद्वारा २८ फेब्रुअरी १९९२ को प्रस्ताव नं. ई/सी एन ४/१९९२/२९ अनुसार जबर्जस्ती बेपत्ता पार्ने कामबाट सम्पूर्ण व्यक्तिहरूलाई सुरक्षा प्रदान गर्ने सम्बन्धी मस्यौदा घोषणापत्र संयुक्त, राष्ट्रसङ्घको साधारणा सभामा संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद् (समिति) मार्फत् अनुमोदनको लागि प्रस्तुत भयो। संयुक्त राष्ट्रसङ्घ साधारणसभाले उक्त घोषणापत्र प्रस्ताव नं. ४७/१३३ मिति १८ डिसेम्बर १९९२ मा "सम्पूर्ण राष्ट्रहरूको लागि निर्देशक सिद्धान्तका रूपमा स्वीकार गऱ्यो र "यस घोषणापत्रबारे सर्वसाधारणको समेत जानकारी हुने र पालना हुने अवस्थाको सृजना गर्न हरसम्भव उपायहरू अवलम्बन गर्ने" कुरामा विशेष जोड दियो। यस सिद्धान्तको मूलपाठ (विषयवस्तु) तल दिइएको छ।

यो संयुक्त राष्ट्रसङ्घको वडापत्रको उद्देश्यको निषेध एवम् मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा यससम्बन्धी अन्य अन्तर्राष्ट्रिय प्रावधान (संयन्त्र) मा उल्लेखित मानवअधिकार र आधारभूत स्वतन्त्रताको गम्भीर एवम् लज्जाजनक हनन हो भनी निन्दा गरिन्छ।

**धारा १**

१. बेपत्ता पारिने कुनै पनि काम मानव गरिमाप्रतिको खुल्ला अपराध हो। यसलाई संयुक्त राष्ट्रसङ्घका "चार्टरहरूको उद्देश्य एवम् मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उद्घोषित आधारभूत स्वतन्त्रता र मानवअधिकारको गम्भीर एवम् लज्जाजनक उल्लङ्घन" को रूपमा अस्वीकृत र आलोचना गरिएको छ। साथै यससँग सम्बद्ध अन्तर्राष्ट्रिय उपायहरूका रूपमा स्वीकार गरी विकसित गरिएको छ।

२. यस किसिमको जबर्जस्ती बेपत्ता पारिने कामबाट बेपत्ता पारिएका व्यक्तिहरू कानुनको

सुरक्षा रेखाभन्दा बाहिर पर्दछन्। उनीहरू तथा उनीहरूका परिवारहरूले अमानवीय यातना भोग्नु पर्दछ। यसले ती अन्तर्राष्ट्रिय कानुनहरूको उल्लङ्घन गर्दछ जसले अन्य कुराका साथसाथै कानुनका दृष्टिमा एउटा कानुनहरूको उल्लङ्घन गर्दछ जसले अन्य कुराका साथसाथै कानुनका दृष्टिमा एउटा व्यक्तिका रूपमा परिचित हुन पाउने हक, व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको हक, तथा यातना र अन्य निर्दयी अमानवीय अथवा निम्नस्तरको व्यवहार वा सजाय विरूद्धको हकलाई ग्यारेण्टी गर्ने अन्तर्राष्ट्रिय कानुनहरूको उल्लङ्घन गर्दछ। यो मानिसको बाँच्न पाउने अधिकारको उल्लङ्घनका साथै यसप्रतिको गम्भीर चुनौती पनि हो।

**धारा २**

१. कुनै पनि मुलुकले जबर्जस्ती बेपत्ता पार्ने काम ग र्ने छैन, गर्ने अनुमति दिने छैन र यस्ता कामलाई सहन पनि गर्ने छैन।
२. राज्यहरूले राष्ट्रिय र क्षेत्रीय स्तरमा र संयुक्त राष्ट्रसङ्घसँग मिलेर जबर्जस्ती बेपत्ता पार्ने कामको उन्मूलन र रोकथामको लागि हरसम्भव उपायबाट योगदान पुऱ्याउने काम गर्ने छन्।

**धारा ३**

प्रत्येक राष्ट्रले आफ्नो अधिकार क्षेत्रभित्रको कनै पनि भू-भागमा जबर्जस्ती बेपत्ता पार्ने कामको रोकथाम र समाप्तिका लागि प्रभावकारी न्यायिक, प्रशासनिक, कानुनी व्यवस्थालगायत अन्य हरसम्भव उपायहरू अवलम्बन गर्नेछ।

**धारा ४**

१. सबै किसिमका जबर्जस्ती बेपत्ता पार्ने कामलाई गैरकानुनी ठहर गरी अपराध ऐनअन्तर्गत अत्यन्त गम्भीर अपराधको रूपमा लिई उचित दण्ड सजाय दिइनेछ।
२. राष्ट्रिय न्याय व्यवस्थामा ती व्यक्तिहरूको लागि सजाय कम गर्ने परिस्थितिको स्थापना गर्न सकिनेछ। जसले जबर्जस्ती बेपत्ता पार्ने काममा सरिक भए तापनि अभियुक्तलाई जिउँदै फिर्ता बुझाउन सहयोग गर्दछन् वा स्वेच्छाले त्यस्ता सूचना (जानकारी दिन्छन् जसको सहयोगबाट जबर्जस्ती बेपत्ता पारिएकाको मुद्दालाई स्पष्ट गर्न योगदान पुऱ्याउँछ।

**धारा ५**

यस्ता अपराधिक सजायलाई व्यवहारमा उतार्नुका अतिरिक्त, जबर्जस्ती बेपत्ता पर्ने काम गर्ने अपराधीहरूलाई र राज्य वा राज्य सङ्गठनप्रति उत्तरदायी अधिकारीहरू जसले यस्ता बेपत्ता पार्ने व्यवस्था मिलाउँछन्, मौन सहमति दिन्छन् वा विरोध गर्दैनन् यी सबैलाई अन्तर्राष्ट्रिय कानुनको सिद्धान्त मुताविक सम्बन्धित राष्ट्रको अन्तर्राष्ट्रिय दायित्वप्रति कुनै प्रतिकूल प्रभाव नपर्ने गरी नागरिक अदालतसमक्ष पेश गरिनुपर्छ।

**धारा ६**

१. कुनै पनि निर्वाचित जनप्रतिनिधि, नागरिक, सैनिक वा अरू कसेको आदेश वा निर्देशन जबर्जस्ती बेपत्ता पार्ने कामलाई उचित सावित गर्ने कारण हुन सक्दैन। कुनै पनि व्यक्ति जसले यस्ता आदेश वा निर्देशन पाउँछ, ती आदेश वा निर्देशनको अवज्ञा गर्नु उसको अधिकार र कर्तव्य पनि हुनेछ।
२. प्रत्येक राष्ट्रले यो कुराको सुनिश्चितता प्रदान गर्नुपर्छ कि कुनै आदेश वा निर्देशनलाई जसले जबर्जस्ती बेपत्ता पार्ने अधिकार प्रत्यायोजन गर्छ वा प्रोत्साहित गर्छ, पूर्णत: निषेध गरिनेछ।

**धारा ७**

जुनसुकै असाधारण अवस्था चाहे त्यो युद्धको धम्की, युद्धको अवस्था, आन्तरिक राजनीतिक अस्थिरता वा सार्वजनिक सङ्कटकालीन अवस्था नै किन नहोस् जबर्जस्ती बेपत्ता पार्ने कामलाई उचित सावित गर्नमा प्रयोग गर्न पाइने छैन।

**धारा ८**

१. कुनै पनि राष्ट्रले त्यस्तो व्यक्ति अर्को राष्ट्रलाई फिर्ता गर्नु, निर्वासित गर्नु अथवा वारदात भएको मुलुकमा फिर्ता गर्नुहुँदैन जसलाई जबर्जस्ती बेपत्ता पारिने खतरा भएको कुरा विश्वास गर्नका लागि भरपर्दा आधारहरू छन्।

२. यस्तो स्थिति कुनै मुलुकमा छ वा छैन भन्ने कुरा निश्चित गर्नका लागि सम्बद्ध सक्षम अधिकारीहरूले व्यवहारिक भएसम्म सम्बन्धित मुलुकमा मानवअधिकार उल्लङ्घनको सामूहिक, अत्यन्त खराव, ठूलो रूपलगायत कस्तो खालको ढाँचा रहेको छ भन्ने विषयमा विचार पुऱ्याउने छन्।

**धारा ९**

१. जस्तोसुकै अवस्थामा पनि जबर्जस्ती बेपत्ता पार्ने काम रोक्नका लागि स्वतन्त्रताको हक खोसिएका व्यक्तिहरूको स्वास्थ्यको अवस्था र उनीहरू कहाँ छन् र यो स्वतन्त्रता हनन गर्ने वा रोक्न आदेश दिने अधिकारीहरू पत्ता लगाउन तत्काल प्रभावकारी कानुनी उपचारका हक आवश्यक छ। (धारा ७ मा उल्लेख गरिएको लगायत)

२. यस्ता कानुनहरूका सक्षम राष्ट्रिय नियोगहरूको पहुँच ती सबै स्थानहरूमा हुनेछ जहाँ स्वतन्त्रता हनन गरिएका व्यक्तिहरू राखिएका हुन्छन् र त्यस्तो प्रत्येक ठाउँहरूमा पनि जहाँसम्म यस्ता व्यक्तिहरू पाउन सकिन्छ भन्ने विश्वास गर्ने आधारहरू छन्।

३. अरू कुनै सक्षम नियोगहरू जसलाई राज्यको कानुनले अथवा कुनै अन्तर्राष्ट्रिय न्यायिक अनुबन्धले जसमा त्यो राष्ट्र पनि सहभागी हुन्छ, अधिकार दिएको हुन्छ, उनीहरूको पनि त्यस ठाउँमा पहुँच हुनेछ।

**धारा १०**

१. स्वतन्त्रताको हक खोसिएको कुनै पनि व्यक्तिलाई आधिकारिक रूपमा मान्यताप्राप्त ठाउँमा मात्र हिरासतमा राखिनेछ र हिरासतमा राख्नासाथ त्यस राष्ट्रको मुलुकी ऐन बमोजिम न्यायिक अधिकारीसमक्ष पेश गरिने छ।

२. त्यस्ता व्यक्तिलाई हिरासतमा राखिएको बारेमा र हिरासतमा राखिएको ठाउँ र स्थानान्तरणका बारेमा समेत उनीहरूको परिवारका सदस्यहरू, सल्लाहकारहरू अथवा अरू व्यक्तिहरू जसलाई न्यायिक जानकारी हासिल गर्ने अभिरूचि छ, सबैलाई सही जानकारी तत्कालै उपलब्ध गराइनु पर्छ। (सरोकारवाला व्यक्तिहरूले यी जानकारीहरू उपलब्ध नगराउन अनुरोध गरेको अवस्थामा बाहेक)

३. स्वतन्त्रताको हक खोसिएका सबै व्यक्तिहरूको आधिकारिक र अद्यावधिक अभिलेख सबै हिरासत स्थलमा राखिनेछ। यस अतिरिक्त प्रत्येक राष्ट्रहरूले यस्तै अभिलेखहरू केन्द्रीय रजिष्टारमा राख्ने व्यवस्थ मिलाउने छन्। यी रजिष्ट्रारहरूमा सङ्कलित जानकारी माथिल्लो अनुच्छेदमा उल्लेख गरिएका सबै मानिसहरूलाई उपलब्ध गराइनेछ साथै कुनै पनि न्यायिक वा अरू कुनै सक्षम र स्वतन्त्र राष्ट्रिय नियोग, कुनै पनि योगय नियोग जसलाई सम्बन्धित राष्ट्रको कानुनले अधिकार दिएको छ वा सम्बन्धित राष्ट्र सदस्य रहेकोले अन्तर्राष्ट्रिय न्यायिक अनुबन्धले अधिकार दिएको छ, उनीहरूलाई उपलब्ध गराइने छ जो हिरासतमा राखिएको कुनै व्यक्ति कहाँ छ भन्ने कुरा पत्ता लगाउने काममा सरिक रहेका हुन्छन्।

**धारा ११**

स्वतन्त्रताको हकबाट वञ्चित गरिएका व्यक्तिहरूलाई आफ्ना अधिकारलाई सुरक्षित रूपमा प्रयोग गर्न सक्ने शारीरिक अवस्था र क्षमतामा छुटकारा पाएका छन् छैनन् त्यसमा पनि भरपर्दो जाँच पड्ताल गर्ने अनुमतिसहित छुटकारा दिइनुपर्छ। उनीहरू साँच्चै नै छुटेका हुन् वा होइनन् यसको पनि स्पष्ट जानकारी दिइनुपर्छ।

**धारा १२**

१. प्रत्येक राष्ट्रले आफ्नो मुलुकी ऐनअन्तर्गत त्यस्ता नियमहरू स्थापित गर्नेछन् जसबाट ती अधिकारीहरूलाई स्वतन्त्रताको हक खोस्ने अधिकार दिइएको हुन्छ, उनीहरूले यस्ता आदेशहरू दिन सकिने विशेष अवस्थाहरू तय गर्नेछन्। ती अधिकारीहरू जसले स्पष्ट कानुनी आधार विना हिरासतमा राखिएका व्यक्तिका बारेमा जानकारी दिन अस्वीकार गर्छन्, उनीहरूलाई स्पष्ट र कडा दण्ड सजायको व्यवस्था गर्ने ऐन बनाउने छन्।

२. त्यस्तै प्रकारले प्रत्येक राष्ट्रले, सबै कानुन लागू गराउने जिम्मेवार अधिकृतहरू जो पक्राउ गर्ने, हिरासतमा राख्ने, सरूवा र कैद गर्ने र अरू कानुनले दिएको अधिकार प्रयोग गरी सैन्य र हातहतियार समेत प्रयोग गर्नका लागि जिम्मेवार छन्, उनीहरूले आदेशको पूर्णत: पालन गरेका छन् र उनीहरूमाथि कडा निरीक्षण व्यवस्था लागू गरिएको छ भन्ने कुराको विश्वास दिलाउनु पर्छ।

**धारा १३**

१. प्रत्येक राष्ट्रहरूले यो कुराको सुनिश्चितता प्रदान गर्ने छन् कि कानुनी ज्ञान वा अभिरूचि भएको कुनै व्यक्ति जबर्जस्ती बेपत्ता पारिएको छ भन्ने कुराको दावी गर्दछ भने उसले सक्षम र निष्पक्ष राष्ट्रिय नियोगसँग उजुरी गर्न सक्तछ। उक्त उजुरीमाथि सो नियोगले सम्पूर्ण कुराहरूलाई केलाएर तुरून्तै निष्पक्ष ढङ्गले छानविनको कार्यवाही गर्नुपर्छ। जबर्जस्ती बेपत्ता पार्ने काम भएको छ भन्ने कुराका विश्वसनीय आधार भएमा कुनै पनि उजुरी बेगर राज्यले उक्त मुद्दा पुर्पक्षका लागि तुरून्त सम्बन्धित निकायमा पठाउनुपर्छ। त्यो छानविनको कामममा कुनै पनि किसिमको बाधा अवरोध, ढिलासुस्ती वा कमी आउन दिनुहुँदैन।

२. प्रत्येक राष्ट्रले यो कुराको सुनिश्चितता प्रदान गर्नुपर्छ कि त्यो सक्षम नियोगसँग प्रभावकारी ढङ्गले छानविन कार्य सम्पन्न गर्ने सिलसिलामा साक्षीहरूलाई उपस्थित हुन बाध्य गर्ने, सम्बन्धित दस्तावेज तयार गर्ने तथा तुरून्त घटनास्थल निरीक्षण गर्ने लगायत अन्य आवश्यक अधिकार र स्रोतसाधन उपलब्ध छ।

३ छानविन कार्यमा सङ्लग्न वादी, कानुनी सल्लाहकार, साक्षी र छानविनकर्ता लगायत छानविन कार्यमा सङ्लग्न सबै व्यक्तिहरू दुर्व्यवहार, आक्रमण र धाक-धम्कीको शिकार हुनु नपरोस् भन्ने सुनिश्चित गर्न आवश्यक कदम चालिनेछ।

४. यस्ता छानविनबाट प्राप्त निष्कर्ष पाउन अनुरोध गर्ने अधिकार सम्बन्धित सबैलाई उपलब्ध ग राइनेछ, तर यसो  गर्दा अपराध छानविनको कार्यमा कुनै विघ्न भने पर्न दिनुहुन्न।

५. वादी दर्ता गर्ने क्रममा अथवा छानविन प्रक्रियाका क्रममा हुने कुनै पनि किसिमका दुर्व्यवहार, आक्रमण र धाक-धम्की अथवा अन्य किसिमका बाधा व्यवधानका विरूद्ध उचित दण्ड सजाय दिन आवश्यक कदम चालिने कुरा सुनिश्चित हुनेछ।

६. जबर्जस्ती बेपत्ता पार्ने कामका शिकार भएकाहरूको भविष्य निर्णय जबसम्म अस्पष्ट रहन्छ तबसम्म माथि वर्णन गरिएका प्रक्रियाहरूका आधारमा खोजविन कार्य जारी रहनेछ।

**धारा १४**

कुनै पनि व्यक्ति जसमाथि कुनै खास राष्ट्रमा जबर्जस्ती बेपत्ता पार्ने अपराध गरेको अभियोग लागेको छ भने उसलाई कुनै सरकारी छानविनबाट प्राप्त तथ्यका आधारमा वारेण्ट गरिन्छ तब उसलाई त्यस राष्ट्रको सक्षम नागरिक आयोग समक्ष अपराधीबाट रूपमा पुर्पक्षको लागि पेश गरिनेछ। यदि उक्त व्यक्तिलाई अर्को राष्ट्रले यस्तो किसिमको कार्यान्वयन भइरहेको अन्तर्राष्ट्रिय समझदारी अनुरूप कानुनी अभयासका लागि प्रस्तुत गर्ने कार्यक्रम राखेको रहनेछ भने राष्ट्रहरूले जबर्जस्ती बेपत्ता पार्ने कामप्रति उत्तरदायी हुने सम्भव ( अभियुक्तहरू) सबै व्यक्तिहरूलाई उनीहरूको न्यायिक आयोगसमक्ष अथवा आफ्नो नियन्त्रणमा अदालतसमक्ष पेश गर्न उपयुक्त कानुनी कार्यवाही गर्नुपर्नेछ।

**धारा १५**

यदि कुनै व्यक्तिले धारा ४ अनुच्छेद १ मा उल्लेख गरिए जस्ता अत्यन्त गम्भीर प्रकृतिको क्रियाकलापमा भाग लिएको छ भन्ने तथ्य विश्वास गर्न सकिने बलिया आधारहरू छन् भने राष्ट्रका सक्षम निकायहरूले राजनीतिक शरण दिने कि नदिने भन्ने विषयमा निर्णय गर्दा उद्देश्यप्रति विल्कुलै वास्ता नराखिकन यी सबै कुराको लेखाजोखा गरिनेछ।

**धारा १६**

१. ती व्यक्तिहरू जसले धारा ४ अनुच्छेद १ मा उल्लेख गरिएका कार्यहरू गरेका छन् भन्ने

अभियोग लागेको छ, उनीहरूलाई धारा १३ मा उल्लेख गरिएअनुसार हुने छानविन कार्यविविध भरी सबै सरकारी कामबाट निलम्बन गरिनेछ।

२. ती मुद्दाहरूको सुनुवाई कुनै पनि राष्ट्रको सक्षम साधारण अदालतमा हुनेछ, विशेष ट्रिब्युनल खासगरी सैनिक अदालतबाट हुने छैन।

३. यस्ता खालका कानुनी कार्यवाहीहरूमा कुटनीतिक सम्बन्धबारे भियना अभिसन्धिमा उल्लेखित "पक्षपातको पूर्वसङ्केत" बाहेक अरू कुनै सुविधा सहुलियत अथवा विशेष छुट दिइने छैन।

४. यस्ता क्रियाकलापको लागि उत्तरदायी ठानिएका व्यक्तिहरूमाथि मानवअधिकारको सार्वभौम घोषणापत्र र अरू सम्बद्ध क्रियाशील अन्तर्राष्ट्रिय अभिसन्धिहरूद्वारा छानविनको प्रत्येक चरणमा र अभियुक्तलाई अदालतसमक्ष अपराध अभियोग लगाउने र कानुनी कार्यवाही गर्ने क्रममा उचित व्यवहार गरिने कुराको ग्यारेण्टी प्रदान गरिनेछ।

**धारा १७**

१. जबर्जस्ती बेपत्ता पार्ने कामलाई जघन्य अपराध ठान्ने कानुनी व्यवस्था त्यतिन्जेलसम्म कायम रहनेछ जबसम्म अपराधीहरूले बेपत्ता भएका व्यक्तिहरू कहाँ छन् भन्ने तथ्य र उनीहरूको स्थितिबारे अस्पष्टता रहन्छ।

२. जब नागरिक र राजनीतिक हक बारेको अन्तर्राष्ट्रिय अनुबन्धको धारा सीमितताको ऐनहरू पनि निलम्बित हुनेछन् (जबसम्म यी दायित्वहरू पुनर्बहाली हुने छैनन् तबसम्मका लागि)।

३. जबर्जस्ती बेपत्ता पारिने कामसँग सम्बन्धित कानुनी बन्देजहरू छन् भने ती अपराध कार्यको अत्यधिक गम्भीरता अनुरूप सारपूर्ण र उचित हुनेछन्।

**धारा १८**

१. ती व्यक्तिहरू जसले धारा ४ अनुच्छेद १ मा उल्लेखित अपराध गरेका छन् वा अभियोग लगाइएका छन् उनीहरूले कुनै विशेष क्षमादान कानुन वा त्यससँग मिल्दाजुल्दा नियमहरूमार्फत् अपराधको सजायबाट उम्कने कुनै पनि नाजायज लाभ उठाउन पाउने छैनन्।

२. क्षमादान दिन पाउने अधिकारको प्रयोग गर्दा पनि जबर्जस्ती बेपत्ता पार्ने कामको अत्यधिक गम्भीरतालाई ध्यान दिइनेछ।

**धारा १९**

जबर्जस्ती बेपत्ता पारिने कामबाट प्रभावित हुनेहरू र उनीहरूका परिवारले क्षतिपूर्ति पाउने छन् र उनीहरूलाई हुनसक्ने सम्पूर्ण पुनर्व्यव्यवस्थापनका उपायहरूलगायत समुचित क्षतिपूर्ति पाउने अधिकार हुनेछ।

**धारा २०**

१. राज्यहरूले जबर्जस्ती बेपत्ता पारिएका आमाबाबुका केटाकेटीहरू र सो अवस्थाका आमाबाट जन्मेका सन्तानहरूको अपरण रोक्ने र यस्ता कार्यलाई दबाउने छ साथै यस्ता केटाकेटीहरूको पहिचान, खोजतलास र उनीहरूलानई पुन: आफ्नै आमाबाबु, घरपरिवारमा फिर्ता पठाउने व्यवस्था मिलाउन दृढतापूर्वक लाग्नेछन्।

२. अघिल्लो अनुच्छेदमा उल्लेखित केटाकेटीहरूको अत्यधिक अभिरूचिलाई सुरक्षा दिने कुरालाई ध्यानमा राख्दा, ती राष्ट्रहरू जहाँ धर्मपुत्र/पुत्री राख्न पाउने प्रावधान छ- त्यहाँ यस्ता केटाकेटीलाई धर्मपुत्र राख्ने कुरामा पुनर्विचार गर्नु उपयुक्त हुनेछ। खास गरेर जबर्जस्ती बेपत्ता पारिएका अवस्थामा जन्मिएका केटाकेटीलाई धर्मपुत्र राख्ने कामलाई अवैध घोषित गर्नुपर्छ। केटाकेटीका सबभन्दा नजिकका नातेदारहरूले स्वीकृति दिएमा यस्ता धर्मपुत्र राख्ने कामहरू माथि उल्लेख गरिएझैं पुनर्विचार गर्ने अवस्थामा पनि जारी रहन सक्नेछ।

३. जबर्जस्ती बेपत्ता पारिएका आमाबाबुका केटाकेटीहरू वा जबर्जस्ती बेपत्ता पारिएका अवस्थाकी आमाबाट जन्मिएका केटाकेटीको अपहरण र लिङ्ग बदल्ने काम वा उनीहरूको उही पहिचान दिने कागजात नष्ट गर्ने कामलाई पनि उत्तिकै गम्भीर अपराधको रूपमा लिइनेछ र जबर्जस्ती बेपत्ता पार्ने काम गर्नेलाई झैं सजाय दिइनेछ।

४. यी उद्देश्यहरू पूरा गर्न राज्यहरूले औचित्य हेरी द्विपक्षीय वा बहुपक्षीय सम्झौताहरू गर्नेछन्।

**धारा २१**

वर्तमान घोषणापत्रका प्रावधानहरूले मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा स्पष्ट अभिव्यक्त अवधारणा अथवा अरू कुनै अन्तर्राष्ट्रिय प्रावधानहरूमा व्यक्त विचारहरूलाई कुनै बाधा पुऱ्याएको ठानिनु हुँदैन। यसबाट ती घोषणापत्रहरूमा समाविष्ट प्रावधानहरूलाई होच्याइएको अथवा बाधा पुऱ्याइएको अर्थ लगाइनु हुन्न।

## मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

**धारा ३**

प्रत्येक व्यक्तिलाई वैयक्तिक स्वतन्त्रता र आत्मसुरक्षाको अधिकार हुनेछ।

**धारा ५**

कुनै पनि व्यक्तिलाई शारीरिक यातना दिइने छैन तथा निर्दयी, अमानुषिक वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन।

**धारा ९**

कसैलाई पनि मनोमानी ढङ्गले देश निकाला वा गिरफ्तार वा नजरबन्द गरिने छैन।

**धारा १०**

कुनै व्यक्तिउपर लागाइएको फौजदारी आरोपको विरूद्ध निजको अधिकार र दायित्व निरोपण गर्दै स्वतन्त्र र न्याययुक्त अदालतबाट सुनुवाईको हक प्रत्येक व्यक्तिलाई समानरूपले हुनेछ।

## नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

**धारा १**

(१) सम्पूर्ण जनतालाई आत्मनिर्णयको अधिकार छ। त्यस अधिकारको कारणबाट नै उनीहरू स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक हैसियत निर्धारण गर्दछन् तथा स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा लाग्दछन्।

**धारा ६**

(१) प्रत्येक व्यक्तिमा जीवनको अन्तरनिहीत अधिकार छ। कानुनद्वारा यो अधिकारको संरक्षण गरिनेछ। स्वेच्छाचारीरूपले कसैको पनि जीवन हरण गरिने छैन।

**धारा ७**

कसैलाई पनि यातना दिइने वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन। विशेष गरी कसैलाई पनि निजको स्वतन्त्र मञ्जुरी विना चिकित्सकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन।

**धारा ९**

(१) प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार छ। कसैलाई पनि स्वेच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न पाइने छैन। कानुनबाट निर्धारित आधारमा वा कार्यविधि बमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण गरिने छैन।

(२) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा निजलाई पक्राउ गरेको कारणको सूचना दिइनेछ तथा निज विरूद्ध लगाइएको आरोपको तुरून्त जानकारी दिइनेछ।

(४) पक्राउ वा थुनाबाट स्वतन्त्रता अपहरण गरिएको कुनै पनि व्यक्तिले कुनै अदालतसमक्ष कारवाही थालनी गर्न पाउनेछ ताकि सो अदालतले विलम्ब नगरी निजको थुनाको वैधताको सम्बन्धमा निर्णय गर्न तथा थुनाई कानुनी नभएमा निजलाई रिहाई गर्न आदेश दिन सक्नेछ।

(५) गैरकानुनी पक्राउ वा थुनाबाट पीडित भएको कुनै पनि व्यक्तिलाई क्षतिपूर्तिका कार्यान्वयन गर्न सकिने अधिकार हुनेछ।

**धारा १४**

(१) सबै व्यक्तिहरू अदालत तथा न्यायाधिकरणहरूको अगाडि समान हुनेछन्। आफू विरूद्धको कुनै फौजदारी अभियोग

निर्धारण गर्दा वा कुनै कानुनी मुद्दामा निजको अधिकार तथा कर्तव्यहरूको निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणबाट समाजमा नैतिकता, सार्वजनिक व्यवस्था वा राष्ट्रिय सुरक्षाको कारणले वा पक्षहरूको व्यक्तिगत जीवनको हितमा त्यसो गर्नुपर्ने भएमा वा विशेष परिस्थितिमा सार्वजनिक गर्दा न्यायको हितमा प्रतिकूल प्रभाव पर्नसक्छ भन्ने कुरा अदालतलाई लागेको अवस्थामा अत्यावश्यक भएको हदसम्म सम्पूर्ण सुनुवाई वा त्यसको कुनै अंशबाट पत्रकार (प्रेस) तथा जनतालाई पृथक राख्न सकिनेछ, तर तरूणहरूको हितको रक्षा गर्न अन्यथा गर्नुपर्ने भएको वा कारवाहीहरू वैवाहिक विवाद वा बालबालिकाको संरक्षकत्वसँग सम्बन्धित भएको अवस्थामा बाहेक कुनै फौजदारी मुद्दामा वा कानुनी मुद्दामा गरिएका फैसलाहरू सार्वजनिक गरिनेछ।

**धारा २६**

सबै व्यक्तिहरू कानुनको दृष्टिमा समान छन् र कुने भेदभाव विना कानुनको समान संरक्षणका हकदार छन्। यस सम्बन्धमा कानुनले कुनै भेदभावलाई निषेध गर्नेछ र सबै व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि भेदभाव विरूद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति दिनेछ।

## यातनाविरूद्धको महासन्धि, १९८४

धारा २

(१) प्रत्येक पक्षराष्ट्रले आफ्नो क्षेत्राधिकार अन्तर्गतको कुनै इलाकामा यातनाका कार्यहरूको रोकथाम गर्नका लागि प्रभावकारी व्यवस्थापकीय, प्रशासनिक, न्यायिक वा अन्य उपायहरू अपनाउनेछ।

(२) युद्धको स्थिति वा धम्की वा युद्ध होस् वा जस्तोसुकै अपवादजनक परिस्थितिहरू, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक सङ्कट होस्, लाई यातनाको औचित्यताको रूपमा स्वीकार गर्न सकिने छैन।

(३) माथिल्लो तहको अधिकृत वा सार्वजनिक निकायको आदेशलाई यातनाको औचित्यताको रूपमा स्वीकार गर्न सकिने छैन।

धारा १४

(१) प्रत्येक पक्षराष्ट्रले यातनाको कार्यबाट पीडित व्यक्तिले उद्धार पाउने तथा संभव भएसम्म पूर्ण सो व्यक्तिको पुनर्स्थापनाको उपायहरू लगायत उचित तथा पर्याप्त क्षतिपूर्ति प्राप्त गर्न लागू लगाउन सकिने अधिकार प्राप्त गर्छ भन्ने कुरा आफ्नो कानुनी प्रणालीमा सुनिश्चित गर्नेछन्। यातनाको फलस्वरूप पीडित भएको व्यक्तिको मृत्यु भएमा उसका आश्रितहरूलाई क्षतिपूर्ति पाउने अधिकार हुनेछ।

**जेनेभा महासन्धिहरूको साझा धारा ३**

उच्च संविदाकारी पक्षहरूमध्ये कुनै एउटा शक्तिको भू-भागमा भएको गैरअन्तर्राष्ट्रिय प्रकृतिको सशस्त्र सङ्घर्षको अवस्थामा, सङ्घर्षको कुनै पनि पक्ष, देहायबमोजिमका व्यवस्थाहरू न्यूनतम रूपमा लागू गर्न बाध्य हुनेछः-

१. शत्रुतापूर्ण कारवाहीमा सक्रियरूपमा भाग नलिने सशस्त्र बलका हतियार त्यागेका व्यक्ति र बिरामी, घाइते भई वा थुनामा परी वा अन्य कुनै कारणबाट युद्ध लड्न नसक्ने भएका व्यक्तिहरूलाई जाति, वर्ण, धर्म वा आस्था, लिंग, जन्म वा धन सम्पत्ति वा अन्य त्यस्तै प्रकृतिका मापदण्डका आधारमा, सबै परिस्थितिमा भेदभाव नगरी मानवीय व्यवहार गरिनेछ। यसका निम्ति देहायबमोजिमका कार्यहरू जुनसुकै ठाउँ र समयमा, माथि उल्लिखित जोसुकै व्यक्तिहरूका सम्बन्धमा प्रतिबन्धित छन् र रहनेछन्ः-

क) जीउ-ज्यान विरूद्धको हिंसा, विशेषगरी सबै किसिमका हत्या, अंगभंग, क्रूर व्यवहार र यातना,

ख) व्यक्तिलाई बन्धक बनाउने कार्य,

ग) व्यक्तिगत मर्यादामा आघात पुऱ्याउनु,

विशेषगरी अपमानजनक र तिरस्कारपूर्वक व्यवहार गर्नु,

घ) सभ्य समाजले अत्यावश्यक ठानेका सम्पूर्ण न्यायिक प्रत्याभूति भएको नियमित रूपमा गठित अदालतको निर्णय विना दण्ड सुनाउनु र त्यसलाई कार्यान्वयन गर्नु।

२. घाइते र बिरामीहरूलाई जम्मा गरिनेछ र तिनलाई हेरविचार गरिनेछ।

रेडक्रसको अन्तर्राष्ट्रिय समितिजस्तो कुनै निष्पक्ष मानवीय संस्थाले सङ्घर्षका पक्षहरूलाई आफ्नो सेवा प्रदान गर्न सक्नेछ।

सङ्घर्षका पक्षहरूले यस महासन्धिका सम्पूर्ण प्रावधानहरू वा केही प्रावधानहरूलाई विशेष सम्झौतको माध्यमद्वारा लागू गराउन थप प्रयास गर्नुपर्दछ। पहिलेका प्रावधानहरूको प्रयोगले सङ्घर्षका पक्षहरूको कानुनी हैसियतमा कुनै असर पुऱ्याउने छैन।

# अनुसूची: ३

## बेपत्ता पारिने कार्यविरुद्ध र बेपत्ता पारिनबाट नागरिकलाई संरक्षण प्रदान गर्ने राष्ट्रिय मापदण्डहरू

**नेपालको अन्तरिम संविधान, २०६३**

**भाग ३: मौलिक हक**

१२. **स्वतन्त्रताको हक**

(१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र मृत्यु दण्डको सजाय हुने गरी कुनै कानुन बनाइने छैन।

(२) कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन।

(३) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ:

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

(ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

(ग) राजनैतिक दल खोल्ने स्वतन्त्रता,

(घ) सङ्घ र संस्था खोल्ने स्वतन्त्रता,

(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता,

(च) कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता।

२४. **न्यायसम्बन्धी हक :**

(१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयमा नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानुन व्यवसायीद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन।

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन।

(५) कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन।

(८) प्रत्येक व्यक्तिलाई निज विरूद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ।

(९) कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ।

२५. **निवारक नजरबन्द विरूद्धको हक :**

(१) नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निबारक नजरबन्दमा राखिने छैन।

(२) निवारक नजरबन्द राख्ने अधिकारीले कानुन विपरीत वा वदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले कानुनद्वारा तोकिएबमोजिम क्षतिपूर्ति पाउनेछ।

२६. **यातना विरूद्धको हक :**

(१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन।

(२) उपधारा (१) बमोजिमको कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइनेछ।

**भाग ४: राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू**

३३. **राज्यको दायित्वः**

राज्यको दायित्व देहायबमोजिम हुनेछ :-

(थ) सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने।

**भाग १९: सङ्कटकालीन अधिकार**

१४३. **सङ्कटकालीन अधिकार :**

(७) ....... तर धारा १२ को उपधारा (१), (२), र उपधारा (३) को खण्ड (ग) र (घ), धारा १३ र १४, धारा १५ को उपधारा (२) र (३), धारा १६, १७, १८, २०, २१, २२, २३, २४, २६, २९, ३० र ३१ तथा त्यस्ता धारासँग सम्बन्धित धारा ३२ बमोजिम संवैधानिक उपचारको हक र बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिने छैन।

## नागरिक अधिकार ऐन, २०१२

३. **कानुनको दृष्टिमा समानता :**

प्रचलित नेपाल कानुनको अधीनमा रही कानुनको अगाडि समानता र कानुनको समान संरक्षण कुनै नागरिकलाई पनि इन्कार गरिने छैन।

११. **अपराध ठहर भएमा हुने सजायबारे :**

(१) कुनै व्यक्तिलाई पनि तत्काल प्रचलित नेपाल कानुनले सजाय नहुने कुनै काम गरे वापत कुनै सजाय हुने छैन र कसूर गर्दाकौ अवस्थामा प्रचलित नेपाल कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन।

(२) कुनै व्यक्तिउपर एकै अपराधमा एकपटकभन्दा बढ्ता मुद्दा चलाइने र दण्ड सजाय गरिने छैन।

(३) कुनै अपराधको बात लागेको मानिसलाई आफ्नो विरूद्ध साक्षी हुन कर लाग्ने छैन।

१२. **वैयक्तिक स्वतन्त्रता :**

प्रचलित नेपाल कानुन बमोजिम बाहेक कसैले कुनै मानिसलाई उसको इच्छा विरूद्ध काम गराउनु हुँदैन।

१५. **गिरफ्तारीका सम्बन्धमा बचाउ :**

(१) प्रचलित नेपाल कानुनले अन्यथा हुनेमा बाहेक गिरफ्तार भएको व्यक्तिलाई :-

(क) गिरफ्तारीका कारण सहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा राखिने छैन।

(ख) आफूले रोजेको कानुन व्यवसायी वा कानुन बमोजिमको वारिससँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने अधिकारबाट वञ्चित गरिने छैन।

(२) प्रचलित नेपाल कानुनले अन्यथा हुनेमा बाहेक गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ र कुनै पनि व्यक्तिलाई त्यस्तौ अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राख्नु हुँदैन।

## यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३

**प्रस्तावना** : अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिए वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरेवापत क्षतिपूर्ति दिने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

३. **यातना दिन नहुने** :

(१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिनु हुँदैन

(२) कुनै पनि व्यक्तिलाई थुनामा राख्दा वा छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैले निजको शारीरिक स्थितिको जाँच गराई सोको अभिलेख खडा गरी राख्नु पर्नेछ।

## केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७

३. **पक्राउ गर्ने अधिकार** :

(२) पक्राउ गरिएको व्यक्तिलाई बाटोको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनुपर्छ र त्यस्तो व्यक्तिलाई त्यस्तो मुद्दा हेर्ने अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राख्नु हुँदैन।

## सैनिक ऐन, २०६३

६१. **अनियमित गिरफ्तार वा थुनछेकको कसूर** : देहायको कुनै कार्य गरेमा अनियमित गिरफ्तार वा थुनछेकको कसूर गरेको मानिनेछ :-

(क) कुनै व्यक्तिलाई गिरफ्तार गरी वा थुनामा राखी तहकिकातको निमित्त सम्बद्ध अधिकारीसमक्ष मुद्दा पेश नगरेमा वा विना कारण मुद्दाको पुर्पक्ष नगरी ढिलो गरेमा,

(ख) कुनै व्यक्तिलाई सैनिक हिरासतमा राख्न लगाउने व्यक्तिले सैनिक हिरासतमा राख्न पाउने अधिकार भएको अधिकारी तथा प्राड विवाकलाई मनासिब माफिकको कारणले बाहेक उसैबखत वा सकेसम्म चाँडो र जुनसुकै अवस्थामा पनि चौबीस घण्टाभित्र हिरासतमा राख्नु पर्नाको उचित कारण खोली विवरण पेश नगरेमा।

६२. **भ्रष्टाचार, चोरी, यातना र बेपत्ताको कसूरसम्बन्धी विशेष व्यवस्था** :

(१) प्रचलित कानुनबमोजिम भ्रष्टाचार, चोरी, यातना र बेपत्ता गरेको ठहरिने कार्य गरेमा भ्रष्टाचार, चौरी, यातना र बेपत्तासम्बन्धी कसूर गरेको मानिनेछ।

(२) उपदफा (१) अन्तर्गतका कसूरको अनुसन्धान तथा तहकिकात गरी मुद्दा दायर गर्ने प्रयोजनका लागि देहाय बमोजिमको समिति रहनेछ :-

(क) नेपाल सरकारले तोकेको नायव महान्यायाधिवक्ता - अध्यक्ष

(ख) रक्षा मन्त्रालयको कानुन शाखा प्रमुख - सदस्य

(ग) प्राड विवाकको कम्तिमा सेनानीस्तरको प्रतिनिधि - सदस्य

(३) उपदफा (२) को खण्ड (ग) मा उल्लिखित प्रतिनिधि सम्बन्धित मुद्दाको सैनिक अदालतसँग सम्बद्ध नभएको व्यक्ति हुनु पर्नेछ।

(४) उपदफा (१) अन्तर्गतका मुद्दाको शुरू कारवाही र किनारा गर्ने अधिकार दफा ११९ को उपदफा (१) बमोजिम गठित सैनिक विशेष अदालतलाई हुनेछ।

(५) उपदफा (२) बमोजिमको समितिलाई प्रचलित कानुनबमोजिम तत् तत् मुद्दाको सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीलाई भएसरहको अधिकार हुनेछ।

## बेपत्ता नागरिकहरूको अवस्था सार्वजनिक गर्ने सम्बन्धमा भएका सम्झौताहरू

**युद्धविराम आचारसंहिता, २०६३**

नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ जेठ १२ गते काठमाडौँको गोकर्णमा सहमति भई लागू गरिएको युद्धविराम आचारसंहिताको बुँदा नं. १७ मा बेपत्ता नागरिकहरूको स्थिति यथाशीघ्र सार्वजनिक गर्ने उल्लेख गरिएको छ।

**सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकको निर्णय, २०६३**

सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको ०६३ कार्तिक २२ गते सम्पन्न बैठकको निर्णय नं. १ (ख) र ४ (२) मा विगतमा राज्य र माओवादी दुवै पक्षबाट बेपत्ता पारिएका भनिएका नागरिकहरूका सम्बन्धमा छानबिन गरी स्थिति सार्वजनिक गर्न उच्चस्तरीय छानबिन आयोग गठन गर्ने र सो छानबिन आयोगको प्रतिवेदनको आधारमा बेपत्ता भएकाहरूका पीडित परिवारलाई राहत उपलब्ध गराउने उल्लेख गरिएको छ।

**विस्तृत शान्ति सम्झौता, २०६३**

नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ मङ्सिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौताको बुँदा नं. ५.२.२ मा आफ्नो कब्जामा रहेका मानिसहरूका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मञ्जुर गर्दछन् भनिएको छ। बुँदा नं. ५.२.३ मा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन् भनी सहमति भएको उल्लेख गरिएको छ। सम्झौताको बुँदा नं. ७.३.१ मा बेपत्ता पारिएका नागरिकहरू गरिमाको रक्षाका लागि प्रतिबद्धता व्यक्त गरिएको छ। त्यसैगरी बुँदा नं. ७.३.२ मा दुवै पक्षले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकारको पूर्ण सम्मान गर्दै कसैलाई पनि स्वेच्छाचारी वा गैरकानुनी थुनामा राख्ने अपहरण गर्ने वा बन्धक बनाउने छैनन् भन्ने उल्लेख छ। सोही बुँदामा दुवै पक्षले बेपत्ता पारेका र कब्जामा राखेका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्न र तिनीहरूका परिवारजन, कानुनी सल्लाहकार र अन्य आधिकारिक व्यक्तिलाई यससँग सम्बन्धित जानकारी दिन सहमति जनाएका छन्। सम्झौताको बुँदा नं. ७.५.४ मा दुवै पक्षले शिक्षक-विद्यार्थीहरूलाई बेपत्ता पार्ने वा कब्जा वा अपहरण गर्ने कार्य तत्काल रोक्न सहमति व्यक्त गरेका छन्।

**अन्तरिम सरकारको साझा सहमतिको न्यूनतम कार्यक्रम, २०६३**

तत्कालीन अन्तरिम सरकारको साझा सहमतिको न्यूनतम कार्यक्रम, चैत २०६३ को बुँदा ( ख) ३ मा द्वन्द्वका क्रममा बेपत्ता पारिएका भनिएका नागरिकहरूको सम्बन्धमा खोजी र छानबिन गरिने उल्लेख छ।

**नेकपा (माओवादी) र छ राजनीतिक दलबीच भएको २३-बुँदे समझदारी, २०६४**

नेकपा (माओवादी) र छ राजनीतिक दलबीच भएको २३-बुँदे समझदारी, पौष  २०६४ को बुँदा ६ (क) मा वेपत्ता पारिएकाहरूबारे छानविन आयोग सरकारले सहमतिको आधारमा एक महिनाभित्र गठन गरिने उल्लेख छ।

## सर्वोच्च अदालतको निर्देशनात्मक आदेशको सारसङ्क्षेप

बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा विशेष रूपले व्यवस्था गर्नु वाञ्छनीय भएकाले निवेदकहरूको मागका सम्बन्धमा निम्नबमोजिमको व्यवस्था गरी सम्बोधन गर्नु भनी विपक्षी नेपाल सरकारका नाममा सर्वोच्च अदालतले जारी गरेको निर्देशनात्मक आदेशको सारसङ्क्षेप :

(क) निवेदनमा बेपत्ता गरिएका भनिएकामध्ये चक्रबहादुर कटुवाल, राजेन्द्रप्रसाद ढकाल, दिलबहादुर राई र विपीन भण्डारीका सम्बन्धमा यस अदालतले गठन गरेको बन्दी अनुसन्धान टोलीको छानबिनबाट निजहरूमध्ये चक्रबहादुर कटुवालको हिरासतमा यातनाका कारणबाट मरेको भन्ने र अन्यको हकमा माथि उल्लेख भएझैं सुरक्षा निकायमा पक्राउ गरी लगिएकोसम्म स्थिति बुझिन आएको र तदोपरान्तको स्थिति अद्यापि अस्पष्ट देखिन आएको छ। यसरी हिरासतमा मृत्यु हुन गएका चक्रबहादुर कटुवालको हकमा निजको मृत्यु सम्बन्धमा अब प्रचलित कानुनबमोजिम अपराध अनुसन्धान गरी अभियोगको उचित प्रक्रिया अवलम्बन गर्नुपर्ने देखिएकाले तत्काल त्यस प्रक्रियामा कुनै रूपमा संलग्न भएका निकाय, पदाधिकारी वा कर्मचारी र सो प्रक्रियामा साथ दिने

अन्य सम्बन्धित व्यक्तिको हकमा अपराध अनुसन्धान गरी मुद्दा चलाउने र सम्बन्धित कार्यालय प्रमुख तथा कर्मचारीलगायत्लाई विभागीय कारवाही र सजायको प्रक्रिया चलाई टुङ्गो लगाइदिनू भनी विपक्षी गृह मन्त्रालय तथा नेपाल सरकारका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। सो कार्यान्वयनको सिलसिलामा आवश्यक र सम्बन्धित देखिन आउने सम्बन्धित निकाय वा सोअन्तर्गत काम गर्ने कर्मचारीहरूलाई आवश्यक निर्देशन दिनसमेत यो आदेश जारी गरी दिएको छ।

न्यायिक अनुसन्धान टोलीले सुरक्षा बलले पक्राउ गरी लगेको तर हालसम्म स्थिति अज्ञात रहेको भनी पहिचान गरिएका राजेन्द्र ढकाल, विपीन भण्डारी र दिलबहादुर राईको हकमा पनि सो प्रक्रियामा संलग्न पदाधिकारी वा व्यक्तिहरूको हकमा पूरा गर्नुपर्ने थप अनुसन्धान पूरा गरी कानुनबमोजिम मुद्दा चलाई पीडितलाई न्याय दिनुपर्ने स्थिति देखिन आएको छ। तर, सोबमोजिम तत्काल मुद्दा चलाउनलाई बेपत्ता पार्ने कार्य अपराधको रूपमा परिभाषित गर्ने तथा सजाय तोक्ने र क्षतिपूर्तिलगायत्को पर्याप्त व्यवस्था सुनिश्चित नगरीकन प्रचलित कानुनअन्तर्गत नै समाधान खोज्ने हो भने पूर्ण रूपमा न्याय प्राप्त गर्न सक्ने सम्भावना नदेखिएको हुनाले निजहरूको हकमा प्रकरण "ख" बमोजिमको कानुन निर्माण भएपछि यस अदालतबाट गठित बन्दी अनुसन्धान कार्यटोलीको प्रतिवेदनका आधारमा आवश्यकताअनुसार जो चाहिने थप अनुसन्धान पूरा गरी बेपत्ता पार्ने कार्य गर्न जिम्मेवार देखिएका तत्कालीन सम्बन्धित सुरक्षा निकायका प्रमुख तथा अनय कर्मचारीहरूउपर समेत मुद्दा चलाउने र सम्बन्धित व्यक्ति तथा पीडित परिवारलाई कानुनबमोजिमको क्षतिपूर्ति दिनेलगायत्को व्यवस्था गर्नु भनी विपक्षीका नाममा आदेश जारी गरिएको छ।

साथै, निजहरूलाई सुरक्षा बलले पक्राउ गरी एक विन्दुसम्म पुऱ्याएको भन्ने बन्दी अनुसन्धान कार्यटोलीको निष्कर्ष रहेको र तदोपरान्त निजहरूको स्थिति अज्ञात देखिएकाले पक्राउ गरी पछि अज्ञात अवस्थामा पुऱ्याउने कार्यमा संलग्न सम्बन्धित निकायको प्रमुख तथा अन्य कर्मचारीहरूलाई यथास्थितिमा गैरजिम्मेवार रूपमा दण्डहीन रूपमा छाडी राख्न मनासिब नहुने हुनाले निजहरूको हकमा तत्कालै विभागीय कारवाही एवम् सजाय गर्नुपर्ने देखिएको बन्दी अनुसन्धानको कार्यटोलीको प्रतिवेदन पहिचान गरेका व्यक्ति तथा थप जाँचबुझबाट जिम्मेवार देखिन आएका अन्य कर्मचारीसमेतलाई विभागीय कारवाही गरी सजायसमेत गर्नू भनी विपक्षी नेपाल सरकार तथा गृह मन्त्रालयसमेतका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ।

(ख) यस अदालतबाट न्यायिक छानबिन गर्न बाँकी रहेको निवेदन लेखनाथ न्यौपानेसमेत भएको परमादेशको आदेश जारी गरी पाऊँ भन्ने मुद्दा र अन्य बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी पाऊँ भन्ने मुद्दामा उल्लेखित थप अनुसन्धान हुनुपर्ने अवस्था बाँकी रहेको र त्यस्तै अवस्थाका बेपत्ता पारिएका भनी उजुरी पर्नसक्ने अन्य व्यक्तिहरूको हकमा समेत निवेदकहरूले विशेष व्यवस्थाहरूको माग गर्नुभएको सम्बन्धमा यस अदालतले विचार गरेको छ।

बेपत्ता पारिएको भनेको व्यक्तिहरूका हकमा प्राप्त लिखित जवाफले निजहरूको स्थिति यकिन गर्न मद्दत नगरेको र औपचारिक अनुसन्धान कतैबाट भए गरेको पनि नदेखिएकाले अनुसन्धान नै बाँकी रहेको स्थितिमा निश्चित राय बनाउन सहज भएन। त्यसमा पनि बेपत्ता पारिएको भनेको व्यक्तिहरू र तिनको परिवारजनलाई पर्न गएको असरलाई विशेष रूपले सम्बोधन गर्ने गरी कानुनी, संरचनात्मक तथा उपचारात्मक व्यवस्थाहरू नै पर्याप्त नरहेको अवस्थामा भइरहेको कानुनी व्यवस्थाले समस्याहरूलाई सम्बोधन गर्न सक्ने सम्भावना पनि देखिन आएन। तसर्थ, निम्नबमोजिमको व्यवस्था गरी निजहरूको समस्यालाई सम्बोधन गर्न विपक्षी नेपाल सरकारलाई निर्देशनात्मक आदेश जारी गरिएको छ।

(१) द्वन्द्वका क्रममा भएको व्यापक प्रकृतिको बेपत्ता पारिएका घटनाहरू र अन्य अवस्थामा पनि बेपत्ता पारिएका अवस्थामा पक्रने, थुन्ने, बन्धक राख्ने, थुन्दाको वापतमा अपनाउनु पर्ने सतर्कता र व्यवस्था पीडित व्यक्ति तथा निजको परिवारजनको अधिकार, निजहरूले प्राप्त गर्न सक्ने उपचार, निजहरूको सम्बन्धमा गरिने प्रभावकारी अनुसन्धानजस्ता विषयहरूमा सम्बोधन गरिएको हामीकहाँ कानुनकै अभाव देखियो। सार्वजनिक

महत्वको कुनै प्रश्नमा जाँचबुझ गर्ने ऐनसम्मको व्यवस्था भए पनि बेपत्ता पारिएका व्यक्तिहरूका सन्दर्भमा सो प्रयोजनका लागि जाँचबुझ गर्न बनेको ऐन नै नहुनाले त्यस्तो ऐनविना वास्तविक, व्यवहारिक र प्रभावकारी जाँचबुझ हुन नसक्ने देखियो। साथै, विद्यमान फौजदारी कानुनभित्र पनि यससँग सम्बन्धित प्रश्नहरूलाई सम्बोधन गर्ने कानुनी र संरचनात्मक व्यवस्था गरिएको पाइएन। तसर्थ, यो समस्याको प्रभावकारी सम्बोधन गर्नका लागि बेपत्ता पार्ने कार्यलाई कसूर कायम गर्ने, बलपूर्वक बेपत्ता पारिएको कुरालाई बेपत्ता पारिएकाहरू संरक्षणसम्बन्धी महासन्धि, २००६ मा समावेश गरिएको परिभाषाअनुरूप परिभाषित गर्ने, थुनुवाको अधिकार, थुनामा राख्नेको दायित्व, थुनामा राख्ने ठाउँको किटान र थुनामा रहनेसँग निजको वकिल र परिवारजनको सम्बन्ध र पहुँचको व्यवस्था, थुनुवालाई थुनाको कारणको सूचनाको हक, थुनुवाको न्यायिक उपचारको हक, अनुसन्धान प्रक्रियालाई प्रभावहीन हुन नपाउने गरी ललिचलो हदम्यादसम्बन्धी व्यवस्था, गैरकानुनी थुनामा राखेको वा बेपत्ता गर्‍यो भन्नेसम्बन्धी उजुरी सुन्ने निकाय र तिनको उत्तरदायित्व, थुनामा राख्दा थुनुवाको प्रयोजनका लागि औपचारिक बन्दीगृहको व्यवस्था गरी त्यस्तोमा मात्रै थुनामा राख्ने, थुनामा राख्दा मानवीय व्यवहार गर्ने, थुनुवाका लागि थुनामा राख्दाको समय, अवस्था, थुनामा राख्न आदेश दिने अधिकारीको नाम-नामेसी र ठेगानालगायत्का प्रासंगिक विवरणहरू र थुना हस्तान्तरण गर्दा पनि तदनुरूपको व्यवस्था गर्नुपर्ने दायित्व, थुनुवाका सबै अवस्थाबारे परिवारजनले थाहा पाउने अधिकार र सो सहज साध्य गर्ने प्रक्रियाको विकास, थुनाबाट मुक्त गर्दा पनि वास्तवमा मुक्ति पाएको स्थिति झल्किने सर्तहरूको व्यवस्था र निजको शारीरिक एवम् मानसिक अवस्थाको अभिलेख राख्नेजस्ता व्यवस्थाहरू समेटिएको कानुनको निर्माण प्राथमिकताका साथ गर्नुपर्ने आवश्यकता महसुस भएको छ। बेपत्ता पार्ने कार्यमा संलग्न भई मुद्दा चलाइएको अवस्थामा वा सजाय तोकिएका व्यक्तिहरूलाई माफी दिन नमिल्नेजस्ता अन्तर्राष्ट्रिय मापदण्डका सम्बन्धमा पनि ध्यानाकर्षण गरी उचित व्यवस्था गर्नु उत्तिकै महत्वपूर्ण छ। यस प्रयोजनका लागि बलपूर्वक बेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (International Convention for the Protection of All Persons from Enforced Disappearance) लाई मार्गनिर्देशकका रूपमा ग्रहण गर्न वाञ्छनीय हुन्छ।

(२) उपरोक्त बमोजिम बलपूर्वक बेपत्ता बनाइएका व्यक्तिहरूको संरक्षणसम्बन्धी ऐन कार्यान्वयनका लागि सोही ऐनमा वा छुट्टै रूपमा त्यस्ता बलपूर्वक बेपत्ता बनाइएका व्यक्तिहरूका सम्बन्धमा छुट्टै जाँचबुझ आयोग गठन गर्ने व्यवस्था समेत समावेश गर्न वाञ्छनीय हुन्छ। यस किसिमको समस्याको जाँचबुझ गर्न छुट्टै अधिकार, सीप र प्रक्रियाको आवश्यकता हुने हुनाले संयुक्त राष्ट्रसङ्घको मानवअधिकार उच्चायुक्तको कार्यालयको तत्वावधानमा विकसित बलपूर्वक बेपत्ता पारिएको व्यक्तिहरूको सम्बन्धमा जाँचबुझ गर्ने आयोगका आधारहरू (Criteria for Commission on Enforced Disappearance) लाई मार्गनिर्देशकका रूपमा सर्तहरू किटान गर्न उपयुक्त हुने देखिन्छ।

यसअन्तर्गत अन्य कुराका अतिरिक्त प्रस्तुत विषयसँग सम्बन्धित सबै घटनाहरूको जाँचबुझ गर्ने, आयोगको कार्यक्षेत्र स्पष्ट गर्ने, त्यस्तो जाँचबुझले अदालतको प्रतिस्थापन नगर्ने, आयोगमा मनोनित व्यक्ति सो कामका लागि उपयुक्त र दक्ष हुनुपर्ने, निजहरू स्वतन्त्र र निष्पक्ष हुनुपर्ने, सोका लागि आवश्यक सेवाशर्त र सुविधाको व्यवस्था गर्नुपर्ने, त्यसमा महिला वा अन्य जाति वा समुदायको प्रतिनिधित्व हुनुपर्ने, आयोगको काम, कर्तव्य र अधिकार ऐनमा नै तोकिनुपर्ने, समस्याका प्रकृतिअनुसार कुनै पनि स्रोतबाट प्राप्त जानकारीका आधारमा जाँचबुझ गर्न सक्ने, स्थिति स्पष्ट नभएसम्म जाँचबुझ निरन्तर गर्नुपर्ने व्यवस्था, जाँचबुझका लागि महत्वपूर्ण पीडित, साक्षी, उजुरवाला, वकिल र अनुसन्धानकर्ता सबैलाई अनुसन्धानमा सहयोगी बनिरहनका लागि निजहरूको सुरक्षाको व्यवस्था गर्ने, पीडितहरूले आफ्नो सरोकार र भनाइ राख्न पाउने अधिकार र अवसरको व्यवस्था, निजहरूको भनाइ गोप्य राख्न सकिने व्यवस्था गर्न जरूरी हुन्छ भने त्यस्ता आयोगलाई आवश्यक ठाउँ, कार्यालय आदिको निरीक्षण गर्ने, बुझ्न पर्ने देखिएका व्यक्तिहरू बुझ्नेलगायत्को सबै

अधिकार दिन आवश्यक हुन्छ। त्यस्ता आयोगलाई आफ्नो तोकिएको कार्य सम्पन्न गर्न आवश्यक स्रोतसाधन उपलब्ध गराउने व्यवस्था पनि सुनिश्चित गर्न जरूरी हुन्छ। यी सबै कुराहरू विधि निर्माणका क्रममा विचार गरिन वाञ्छनीय हुन्छ।

कानुन बनाउने कुरामा सार्वभौम नेपाली जनताले सुम्पेको विधायिकी अधिकारअन्तर्गत बुद्धिमानीपूर्वक विधिनिर्माण गर्ने सिलसिलामा उपरोक्त कुराहरूलाई वाञ्छित स्थान दिएमा यस किसिमको समस्या भोगेका जनता कुनै न कुनै हदसम्म लाभान्वित हुन सक्ने आशा गर्न सकिन्छ।

(ग) यसरी बेपत्ता पारिएको व्यक्तिहरूको संरक्षणसम्बन्धी ऐन, तिनीहरूलाई बेपत्ता पारिएको कारण र अवस्थाबारे जाँचबुझ आयोगको व्यवस्था कानुनबाटै गरी व्यापकरूपमा छानबिन गर्न अधिकारसम्पन्न उपयुक्त आयोग गठन गरी निवेदनमा उल्लिखित व्यक्तिहरूको हकमा छानबिन गरी प्रतिवेदन प्रस्तुत गर्न लगाउने र सो आधारमा फौजदारी अनुसन्धान पूरा गरी आवश्यकता र उपयुक्तताअनुसार सम्बन्धित व्यक्तिको हकमा अभियोजनलगायत्को निर्णय गर्नू/गराउनू भनी विपक्षी नेपाल सरकार तथा गृह मन्त्रालय तथा महान्यायाधिवक्ताको कार्यालयको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

(घ) उपरोक्तानुसार सम्बन्धित कानुन बनाउने, जाँचबुझ आयोग गठन गर्ने, त्यसबाट प्रतिवेदन लिने र सो आधारमा अभियोजन गर्नेसम्मका काम गर्दाको चरणहरू पार गर्दा लामो समय लाग्ने कुरा निश्चित छ। तर, समस्याको जटिलता र छिटो समाधान गर्नुपर्ने अनिवार्यतालाई विचार गरी यसलाई कार्यपालिका एवम् विधायिकाले अति प्राथमिकता दिएमा मात्रै यो समस्या समाधान गर्नमा सघाउ पुग्ने देखिन्छ। बेपत्ता पारिएका व्यक्तिहरूलाई संरक्षण गर्नु र न्याय दिलाइदिनु राज्यको सम्पूर्ण अङ्गको उत्तरदायित्व रहने हुनाले जिम्मेवार अङ्गसँग संविधानसम्मत कार्यमा सकारात्मक भूमिकाको आशा एवम् विश्वास गर्नु प्रस्तुत मुद्दाको रोहमा स्वाभाविक र वैध अपेक्षा हो भन्ने हामीलाई लागेको छ। यस क्रममा नेपाल सरकारले कानुन निर्माणको प्रक्रियामा विशेष पहल गर्नु जरूरी देखिन आउँछ।

उपरोक्त चरणहरू पूरा गरेर मात्रै निवेदनमा उल्लिखित व्यक्तिहरू र तिनीहरूको परिवारले न्यायको अनुभूति लिन सक्ने हुनाले वाञ्छित प्राथमिकताको साथ यससम्बन्धी कारवाही अघि बढाउन अनिवार्य देखिन आएको छ।

(ङ) माथि प्रकरण (घ) मा उल्लेख भएझैं यस मुद्दामा निवेदकहरूले लामो समयदेखि (कतिपय २०५५ सालदेखि) अदालतबाट विभिन्न किसिमको उपचार मागी प्रतीक्षारत अवस्थामा बसेको पाइन्छ भने माथि उल्लेख गरिएको प्रक्रिया पूरा गरी प्रभावकारी उपचारका लागि अझै केही समय लाग्ने देखिएको छ। बेपत्ता भएको कारणले सम्बन्धित व्यक्तिले भोगेको असरको अतिरिक्त परिवारजन बेपत्ता भएको कारणले परिवारले विभिन्न सामाजिक, आर्थिक एवम् मानसिक क्षति निरन्तर रूपमा भोग्नु परिरहेको हुन्छ। बेपत्ता भएको मानिसको खोजबिन गर्नका लागि लाग्ने समय, श्रम र व्यय अनि सो सिलसिलामा आफूले गुमाएको शान्ति र बेहोरेको भारका साथै बेपत्ता पारिएको भनेको व्यक्तिको अनुपस्थितिले श्रम उत्पादकत्व तथा सुरक्षालगायत्मा परेको असरको मूल्याङ्कन गरियो भने यसको दूरगामी सामाजिक तथा आर्थिक परिणामहरू देखिन आउँछन्। राज्यले एकातिर बेपत्ता पारिएको भनिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्न नसकेको र अर्कोतिर परिवारजनले सो सिलसिलामा निरन्तर क्षति र दायित्व बेहोर्नु परिरहेको हुँदा बेपत्ता पारिएको भनेको व्यक्तिहरूको स्थिति निर्णायक रूपमा स्पष्ट नभएसम्म यसबाट सृजित पीडा निरन्तर हुने हुनाले यसको सम्बोधन पनि कुनै रूपमा गर्न अनिवार्य देखिन्छ।

उपरोक्त उल्लेख भएअनुसार ऐन बनाई कार्यान्वयन गराउने सिलसिलामा अन्तिम रूपमा नतिजा हासिल भई जो स्थिति स्पष्ट हुन्छ, सोबाट नै निवेदकहरूको मागका सम्बन्धमा यथोचित रूपमा सम्बोधन हुनसक्ने देखिन्छ। अर्को शब्दमा सम्बन्धित व्यक्तिको स्थिति प्रष्ट भई दोषीसमेत किटान भएमा निजहरूले कानुनले निर्धारित दण्ड प्राप्त गर्ने तथा कानुनबमोजिम क्षतिपूर्तिको व्यवस्था भएमा सोहीबमोजिम पीडितले सो प्राप्त गर्ने अवस्था त्यही प्रक्रियामा निर्धारित हुनसक्ने देखिन्छ। तथापि, त्यतिञ्जेल आफ्नो मानिस खोजी बसेका परिवारजनले न्यायको यो लामो बाटो तय गर्नका

लागि आफ्नो मात्रै सीमित साधन र बेचैन अवस्थाले सम्भव देखि आउँदैन। स्वजनको खोजी गर्ने यो प्रक्रियामा निराश भई न्यायको बाटोबाटै पलायन हुनबाट बचाउन, आफ्नो स्वजन खोजी गर्ने वैधानिक मार्ग अवलम्बन गर्न सहयोग र समर्थन दिन र आंशिक रूपमा भए पनि तात्कालिक राहतको रूपमा कुनै सहयोग दिनुपर्ने कुरामा यो इजलास विश्वस्त छ।

बन्दीको यथार्थ अवस्था स्पष्ट नभएको अवस्थामा दण्ड वा क्षतिपूर्तिजस्तो खास कानुनी उपचार दिन सम्भव नभए पनि पछि अनुसन्धानबाट पत्ता लाग्न आई कानुनबमोजिम दिइने उपचारको मात्रा र किसिमको समेत कुनै गणना वा असर नहुने गरी हाललाई पीडित परिवारलाई न्यायमा पहुँच खोज्दा बेहोर्नु परेको दायित्व वहन गर्न सघाउने सीमित उद्देश्यले यो मुद्दाको निर्णय गर्दाको अवस्था विचार गरी साङ्केतिक रूपमा भए पनि अनुदानस्वरूप राहत दिनु वाञ्छनीय देखिन आएको छ।

जीवनको सुरक्षा र स्वतन्त्रताको अधिकार उल्लङ्घनको घटनालाई कुनै मौद्रिक वा आर्थिक रूपमा क्षतिपूर्ति हुन सक्ने अवस्था नै रहन्न। त्यसो भए पनि पीडितको परिवारलाई किञ्चित भए पनि सहयोग गर्न राज्यको उत्तरदायित्व भएको र अधिकारहरू उपचारको प्रभावकारी व्यवस्थाविना अर्थहीन हुने हुनाले उपचार खोज्ने पीडितको परिवारको हकलाई सम्मान गर्न पनि अन्तरिम प्रकृतिको तात्कालिक राहतस्वरूप सहायता दिनुपर्ने आवश्यकतालाई यो इजलासले हार्दिक रूपमा हृदयंगम गरेको छ।

सो सिलसिलामा माथि प्रकरण १ मा उल्लिखित यस अदालतको आदेशबाट गठित कार्यटोलीको अनुसन्धानबाट समेत मृत्यु भइसकेको पुष्टि भएको भनिएका व्यक्ति चक्रबहादुर कटुवालको हकमा तात्कालिक राहतको रूपमा तिनको नजिकको हकवालालाई र अन्य मृत घोषित भएका परिवारलाई जनही दुई लाख रुपैयाँ क्षतिपूर्ति दिने, यस अदालतको अनुसन्धान टोलीबाट छानबिन गरिसकिएको सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारिएको निष्कर्ष निकालिएको राजेन्द्रप्रसाद ढकाल, विपीन भण्डारी र दिलबहादुर राईको हकमा जनही १ लाख ५० हजार र बाँकी निवेदनमा उल्लिखित स्थिति प्रष्ट नभएका व्यक्तिहरूको हकमा जनही १ लाख रुपैयाँ तात्कालिक राहतस्वरूप अविलम्ब उपलब्ध गराइदिनू भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०० र १०७ (२) अनुसार यो आदेश जारी गरिदिएको छ।

साथै, माथि विभिन्न प्रकरणमा उल्लिखित कुराहरूमा प्रतिकूल असर नपर्ने गरी हालसम्मको पीडितहरूको अवस्था र यसपछि पनि बेपत्ता भएका कारणले निरन्तर भोग्नुपरेको क्षति र असुविधालाई विचार गरी आर्थिक, शैक्षिक, रोजगारलगायत्को विभिन्न पक्षहरू विचार गरी उपयुक्त राहत कार्यक्रम तर्जुमा गरी लागू गर्नू भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ।

# अनुसूची : ४

## उनीहरू कहाँ छन् ? भाग ३
## तयारीका क्रममा संलग्न व्यक्तिहरू

### १. पूर्वाञ्चल

| | | |
|---|---|---|
| १.१ | झापा | - अर्जुनकुमार बस्नेत |
| १.२ | इलाम | - अशोककुमार राई |
| १.३ | पाँचथर | - कृष्ण ओझा |
| १.४ | ताप्लेजुङ | - चन्द्रप्रकाश भट्टराई |
| १.५ | मोरङ | - दीपेन नेउपाने |
| १.६ | सुनसरी | - शुकदेव चौधरी |
| १.७ | धनकुटा | - गीता अधिकारी |
| १.८ | तेह्रथुम | - छत्र रिमाल |
| १.९ | भोजपुर | - ज्ञानेन्द्र खड्का |
| १.१० | संखुवासभा | - लीलाप्रसाद श्रेष्ठ/किशोर बुढाथोकी |
| १.११ | सप्तरी | - प्रकाश खतिवडा |
| १.१२ | सिरहा | - देवराज पोखेल/गुरुशरण सदा |
| १.१३ | उदयपुर | - कुशलबाबु बस्नेत |
| १.१४ | खोटाङ | - लोकनाथ घिमिरे |
| १.१५ | ओखलढुंगा | - गुरूबहादुर बस्नेत |
| १.१६ | सोलुखुम्बु | - वेदप्रसाद राई |

### २. मध्यमाञ्चल

| | | |
|---|---|---|
| २.१ | धनुषा | - रोशनदीप ढकाल |
| २.२ | महोत्तरी | - ईश्वरी काफ्ले |
| २.३ | सर्लाही | - विदुर प्याकुरेल |
| २.४ | सिन्धुली | - आनन्दप्रसाद दाहाल |
| २.५ | रामेछाप | - नवराज पथिक |
| २.६ | दोलखा | - उद्धव पोखरेल |
| २.७ | रौतहट | - विपीन गौतम |
| २.८ | बारा | - रोशनराज अर्याल |
| २.९ | पर्सा | - निरज साह |
| २.१० | चितवन | - मुकुन्द दहाल |
| २.११ | मकवानपुर | - प्रताप विष्ट |
| २.१२ | ललितपुर | - गोपीकृष्ण भट्टराई |
| २.१३ | काभ्रेपलान्चोक | - भोजराज तिमल्सिना |
| २.१४ | भक्तपुर | - अकुर न्यौपाने |
| २.१५ | काठमाडौं | - राजु पासवान |
| २.१६ | धादिङ | - सीताराम अधिकारी |
| २.१७ | सिन्धुपाल्चोक | - नातिबाबु धिताल |
| २.१८ | नुवाकोट | - केशव मिश्र |
| २.१९ | रसुवा | - हेमनाथ खतिवडा |

### ३. पश्चिमाञ्चल

| | | |
|---|---|---|
| ३.१ | तनहुँ | - प्रकाशचन्द्र भट्टराई |
| ३.२ | गोरखा | - भीमलाल श्रेष्ठ |
| ३.३ | लमजुङ | - कृष्ण अधिकारी |
| ३.४ | स्याङ्जा | - निर्मला तिवारी |
| ३.५ | कास्की | - सनबहादुर थापा |
| ३.६ | मनाङ | - कमानबहादुर गुरुङ |
| ३.७ | नवलपरासी | - नारायण पराजुली |
| ३.८ | रुपन्देही | - अमृत गिरी |
| ३.९ | पाल्पा | - दुर्गा न्यौपाने |
| ३.१० | कपिलवस्तु | - नन्दराम पौडेल |
| ३.११ | अर्घाखाँची | - खिमप्रसाद मरासिनी |
| ३.१२ | गुल्मी | - हीरा कुँवर |
| ३.१३ | वाग्लुङ | - रामबहादुर जिसी |
| ३.१४ | पर्वत | - माधवराज पाण्डेय |
| ३.१५ | म्याग्दी | - घनश्याम खड्का |
| ३.१६ | मुस्ताङ | - शर्मिला गुरुङ |

### ४. मध्यपश्चिमाञ्चल

| | | |
|---|---|---|
| ४.१ | दाङ | - विमलकुमार अधिकारी<br>शालिकराम मुसाफिर |
| ४.२ | प्यूठान | - महेन्द्रप्रसाद श्रेष्ठ/रविन्द्र पाण्डे |
| ४.३ | रोल्पा | - घनश्याम आचार्य/धरेन्द्र डाँगी |
| ४.४ | सल्यान | - रोमप्रकाश थापा |
| ४.५ | रुकुम | - जीवन खड्का |
| ४.६ | बाँके | - नारायण सुवेदी |
| ४.७ | बर्दिया | - मानबहादुर चौधरी |
| ४.८ | सुर्खेत | - दुर्गा थापा |
| ४.९ | जाजरकोट | - राजुकुमार शाक्य |
| ४.१० | दैलेख | - नमनकुमार शाही/यज्ञराज थापा |

४.११ डोल्पा - विष्णुदत्त देवकोटा
४.१२ जुम्ला - राजेन्द्र न्यौपाने/मानदत्त रावल
४.१३ कालीकोट - कालीबहादुर मल्ल
४.१४ मुगु - कालीबहादुर नेपाली/लोकेन्द्र हितान
४.१५ हुम्ला - रमेश ऐडी

**५. सुदूर पश्चिमाञ्चल**

५.१ कैलाली - सुरबहादुर परियार
५.२ अछाम - रतनबहादुर रावल
५.३ डोटी - लवदेव भट्ट
५.४ बाजुरा - अर्जुन शाह
५.५ बझाङ - प्रकाश विक
५.६ कञ्चनपुर - कोमलनिरञ्जन भाट
५.७ डडेलधुरा - केशव बोहरा
५.८ बैतडी - शेरबहादुर चन्द
५.९ दार्चुला - मदनसिंह धामी

**क्षेत्रीय कार्यालयमा संलग्न**

**पूर्वाञ्चल**
१. सोमराज थापा २. भुवन अधिकारी

**मध्यमाञ्चल**
१. कृष्ण गौतम २. गणेश भण्डारी

**पश्चिमाञ्चल**
१. शिव खकुरेल २. टङ्क खनाल

**मध्य पश्चिमाञ्चल**
१. भोला महत २. बालकृष्ण बस्नेत

**सुदूर पश्चिमाञ्चल**
१. खड्कराज जोशी २. कृष्ण विक

**सन्दर्भ सामग्री स्रोत**
इन्सेक पुस्तकालय

**फोटो स्रोत**
इन्सेक जिल्ला प्रतिनिधिहरू
सहिद पुस्तक - एनेकपा (माओवादी)

